कार्यमूलक लेखापरीक्षण प्रतिवेदन २०८१

(महालेखापरीक्षकको एकसट्ठिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित)



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

प्राक्कथन



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ। यस कार्यालयले सम्वत् २०२७ देखि कार्यमूलक लेखापरीक्षण, सम्वत् २०६८ देखि सूचना प्रविधिको लेखापरीक्षण र सम्वत् २०६९ देखि वातावरणीय लेखापरीक्षण समेत गर्दै आएको छ। कार्यमूलक लेखापरीक्षणबाट सार्वजनिक स्रोतको प्राप्तिदेखि प्रयोगसम्मका क्रियाकलापहरूको मूल्याङ्कन गरी लक्ष्य र उपलब्धिबीच विश्लेषणात्मक लेखाजोखा गरिन्छ। यसमा स्रोत साधनको प्राप्ति र उपयोगमा मितव्ययिता, कार्यदक्षता र आयोजना/कार्यक्रमको प्रभावकारिता विचार गरी प्रतिवेदन गरिन्छ। न्युनतम लागत र समयमा तोकिएको गुणस्तरको वस्तु वा सेवा प्राप्त भएको, निश्चित स्रोत साधनको उपयोगबाट अधिकतम उपलब्धी हासिल भएको र निर्धारित उद्देश्य र नतिजा हासिल भएको सुनिश्चित गर्ने आयोजनाको प्रभावको कार्य पनि कार्यमूलक लेखापरीक्षणबाट गरिन्छ।

महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८० मा समावेश गरिएका ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय र १ विषयको सूचना प्रविधि लेखापरीक्षणको अन्तिम प्रतिवेदनहरू यसमा समावेश गरिएको छ। सरकारको प्राथमिकता क्षेत्र,, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्बजनिक सरोकार र जनचासोको विषय, सञ्चार माध्यममा आएका विषय, नेपाल सरकार र द्विपक्षीय/बहुपक्षीय साझेदारबीच भएका सम्झौता र सरोकारवालाले देखाएको चासोलाई महत्व दिई प्राथमिकताका आधारमा विषय छनौट गरी कार्यमूलक लेखापरीक्षण सम्पन्न गरिएको छ। यस वर्ष राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम, सुनसरी मोरङ सिँचाइ आयोजनाको कार्यान्वयन, नेपाली नियोगबाट भएको वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाह (मलेशिया र साउदी अरेबिया), खाद्य सुरक्षा कार्यक्रम तथा सो को कार्यान्वयन, तराई मधेश समद्धि कार्यक्रम, उत्तर दक्षिण लोकमार्गको कार्यसम्पादन अवस्था, स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता, कारागार पूर्वाधार व्यवस्थापन, संघीय भवन निर्माण आयोजनाको कार्यान्वयन, स्वास्थ्य सेवाजन्य फोहोर व्यवस्थापन, विपद व्यवस्थापनमा सेन्डाइ फ्रेमवर्कको कार्यान्वयन र नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था सम्बन्धमा देखिएका व्यहोराहरु उजागर गरी समाधानका लागि व्यवहारिक सुझाव समेत प्रस्तुत गरिएको छ। यो प्रतिवेदनमा समावेश गरिएका मुख्य बेहोरालाई महालेखापरीक्षकको ६१औं प्रतिवेदनको सम्बन्धित मन्त्रालय खण्डमा समेत समावेश गरिएको छ। कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनबाट स्रोत र साधनको कुशल व्यवस्थापन भई निकायहरूको कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि हुनुका साथै सम्बन्धित क्षेत्रमा सकारात्मक प्रभाव पर्ने विश्वास लिएको छु।

कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षण गर्न प्राविधिक ज्ञान, विश्लेषणात्मक क्षमता, पर्याप्त समय तथा स्रोत साधनको आवश्यकता पर्दछ। यसका साथै लेखापरीक्षणमा तथ्याङ्कको विश्लेषण, प्रश्नावली, सर्वेक्षण, स्थलगत निरीक्षण, सरोकारवालासँग सामूहिक छलफल, अन्तरवार्ता जस्ता विधिको प्रयोग गरिएको छ। साथै तीन विषयमा नागरिक समाजका संस्थाहरुलाई समेत संलग्न गराइएको छ। लेखापरीक्षण कार्यान्वयनमा सहयोग गर्नुहुने सम्बन्धित निकायका पदाधिकारीहरू, नागरिक समाजका प्रतिनिधिहरू, लेखापरीक्षण कार्यमा संलग्न हुने कार्यालयका कर्मचारी, विषयविज्ञ परामर्शदाता तथा सम्बद्ध सबैमा धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

मितिः २०८१।२।१३

विषय-सूची

क्र.स.	विषय	पेज नं.
खण्ड (क) कार्यमूलक तथा विशेष लेखापरीक्षणको आधार, उद्देश्य, क्षेत्र तथा विधि		**i-vii**
खण्ड (ख) कार्यमूलक लेखापरीक्षण		
१.	राष्ट्रपति महिला सशक्तीकरण परियोजना कार्यान्वयनको अवस्था	१-२९
२.	सुनसरी मोरङ सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था	३०-५५
३.	उत्तर दक्षिण लोकमार्गको कार्यसम्पादन अवस्था (कालीगण्डकी करिडोर)	५६-७१
४.	स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन स्थिति	७२-१०२
५.	वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति	१०३-१३१
६.	तराई मधेश समृद्धि कार्यक्रम कार्यान्वयन	१३२-१४७
७.	कारागार पूर्वाधार व्यवस्थापन	१४८-१८०
८.	विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था	१८१-२०२
९.	नेपालको खाद्य सुरक्षा स्थिति	२०३-२४८
खण्ड (ग) वातावरणीय लेखापरीक्षण		
१०.	विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको कार्यान्वयन अवस्था	२४९-२६४
११.	स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन	२६५-२८४
खण्ड (घ) सूचना प्रविधि लेखापरीक्षण		
१२.	नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था	२८५-३००

खण्ड (क)

महालेखापरीक्षकको एकसट्ठिऔं वार्षिक प्रतिवेदनसँग सम्बन्धित कार्यमूलक तथा विशेष लेखापरीक्षण

१. **कानूनी आधार** - नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकले संघ, प्रदेश र स्थानीय तह तथा कानूनद्वारा तोकिएका अन्य संस्थाको नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेत विचार गरी लेखापरीक्षण गर्ने र धारा २९४ बमोजिम राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। २०२७ देखि महालेखापरीक्षकको कार्यालयबाट कार्यमूलक लेखापरीक्षण हुँदै आएको छ। कार्यमूलक लेखापरीक्षणको विधि तथा पद्धति अपनाई सम्वत् २०६८ देखि सूचना प्रविधि लेखापरीक्षण र सम्वत् २०६९ देखि वातावरणीय लेखापरीक्षण सुरु गरी निरन्तरता दिइएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले विषय छनौटको आधारमा कार्यमूलक, वातावरणीय र सूचना प्रविधि विषयको लेखापरीक्षण गर्ने व्यवस्था उल्लेख छ। सोही ऐनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू उल्लेख गरेको छ। उक्त व्यवस्था बमोजिम यो वर्ष ९ विषयको कार्यमूलक, २ विषयको वातावरणीय, १ विषयको सूचना प्रविधि तथा १२ विषयको लेखापरीक्षण प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाइएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरालाई महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा सम्बन्धित मन्त्रालय समेत समावेश गरिएको छ। कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणका पूर्ण प्रतिवेदनहरूलाई समेटी यो संगालो तयार गरिएको छ।

२. **लेखापरीक्षणको उद्देश्य** - कार्यालयबाट सञ्चालन गरिने कार्यमूलक तथा विशेष लेखापरीक्षण, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको समग्र उद्देश्य देहाय बमोजिम रहेको छः

कार्यमूलक	वातावरणीय	सूचना प्रविधि
सार्वजनिक निकायहरु र सो बाट सञ्चालन गरिने योजना, कार्यक्रम र क्रियाकलापहरुमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता सम्बन्धमा स्वतन्त्र र वस्तुनिष्ठ परीक्षण गरी सुशासन, जवाफदेहिता र पारदर्शीता प्रबर्द्धनमा योगदान पुऱ्याउनु कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहको छ।	विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको कार्यान्वयनको लागि र स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनसम्बन्धी विद्यमान नीतिगत, कानूनी, संरचनागत र सञ्चालनगत व्यवस्थाहरु भए नभएको सम्बन्धमा परीक्षण गरी सुधारका क्षेत्रहरु समेटिएको लेखापरीक्षण प्रतिवेदन दिनु यस लेखापरीक्षणको प्रमुख उद्देश्य हो।	छनौट भएको विषयसम्बन्धी सूचना प्रविधिसम्बन्धी पूर्वाधार, सूचना प्रविधि नीति, सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सफ्टवेयरको पर्याप्तता, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्क व्यवस्थापन प्रक्रियामा प्रचलित कानूनको पालनाको परीक्षण एवं मूल्याङ्कन गर्नु सूचना प्रविधि लेखापरीक्षनको उद्देश्य रहेको छ।

३. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको लागि मूलतः ३ देखि ५ वर्षको विषयसँग सम्बन्धित सूचना एवं तथ्याङ्क विश्लेषण गरिएको छ। लेखापरीक्षण गर्दा निकाय, आयोजना, कार्यक्रम र विषयसँग सम्बन्धित क्रियाकलापहरुको गहनता, कार्य प्रकृति, जोखिम र लेखापरीक्षणबाट योगदान पुर्‍याउन सकिने सम्भावनालाई

दृष्टिगत गरी कार्यालयबाट गरिने कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष लेखापरीक्षणमा देहायका क्षेत्रहरू समेटिने गरेको छ :

कार्यमूलक तथा विशेष	वातावरणीय	सूचना प्रविधि
• कार्यालय/निकायहरूको उद्देश्य र कार्यक्रम अनुसारको लक्ष्य र उपलब्धि, • कार्यालयको उद्देश्य, नीति र सो अनुरुपको कार्य, • कार्यालयको कार्य प्रकृति अनुसार सेवा प्रवाहको उपयुक्तता र प्रभावकारिता, • कार्यक्रम अनुसार निर्धारित समयभित्र प्रगति हासिलको अवस्था, • कार्यक्रम कार्यान्वयनमा लागत, लाभ स्थितिको प्रभावकारिता, • निर्धारित समयमा कार्यक्रम / आयोजना सम्पन्न भई प्रतिफल प्राप्तिको अवस्था, • भौतिक, वित्तीय, एवं जनशक्ति स्रोतको अधिकतम परिचालन, • स्रोतको प्राप्ति एवं उपयोगमा मितव्ययिता, • निकाय, कार्यक्रम तथा योजनाको दिगो सञ्चालन, • दिगो विकासका लक्ष्यहरु कार्यान्वयन र प्राप्तिमा योगदान, • अनुगमन एवं मूल्याङ्कन प्रणाली, • अपेक्षित उपलब्धी र परिणाम।	• वातावरणसम्बन्धी नीति, ऐन, नियमको पालना, • वातावरण सरंक्षण, सम्बर्धनसम्बन्धी कार्यक्रम, योजना, क्रियाकलापहरुको कार्यान्वयन, • सार्वजनिक निकायहरुले काम कारबाही, कार्यक्रम, क्रियाकलाप, योजनाहरु सञ्चालन गर्दा परेको वातावरणीय प्रभाव, • नकारात्मक प्रभावलाई न्युन गर्ने उपायको अवलम्बन • सेन्डाइ फ्रेमवर्कको कार्यान्वयन, • विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाको कार्यान्वयन अवस्था • राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिकाको अध्ययन • स्वास्थ्य संस्थाबाट निस्कने फोहर व्यवस्थापनमा राष्ट्रिय मापदण्डको पालना।	• सूचना प्रणाली नीति, • सूचना प्रणालीको सञ्चालन एवं तथ्याङ्क व्यवस्थापन, • एप्लीकेशन प्रणालीको उपयुक्तता, • सूचना प्रविधि पूर्वाधार • जनशक्ति व्यवस्थापन • सूचना प्रणालीको गोप्यता सफ्टवेयरको प्रभावकारिता • उपयोग प्रणालीको दक्षता • जनशक्तिको दक्षता, जागरुकता, • सूचना प्रविधि पूर्वाधारको स्थिति र निकायले प्रयोग गरेको सफ्टवेयरको उपयोगले सेवा प्रवाहमा परेको प्रभाव र सूचनाको सुरक्षा व्यवस्था।

४. **लेखापरीक्षणको पद्धति** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर प्रमुख रुपले प्रक्रियामूलक र नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। कार्यालयहरुबाट सूचना सङ्कलन गर्न प्रश्नावली,अन्तर्वार्ता, लक्षित वर्ग तथा छलफल लगायतका विधि मार्फत सूचना विवरण सङ्कलन गरिएको छ। नागरिक समाजसँगको संलग्नतामा अभिवृद्धि गर्ने कार्यलाई समेत प्राथमिकता दिइएको छ। लेखापरीक्षणको विषयगत उद्देश्य र क्षेत्र समेतलाई विचार गरी मूल्याङ्कनका लागि आवश्यक सूचना, निकायहरुबाट प्रकाशित विभिन्न प्रतिवेदन, विवरण आदिको माध्यमबाट जानकारी तथा तथ्याङ्क सङ्कलन गरी

विश्लेषण गरिएको छ। प्राप्त सूचना, तथ्याङ्क, जानकारी र छलफलको आधारमा जोखिमको मूल्याङ्कन गर्ने र सोबाट तात्त्विक महत्वका विषयहरु पहिचान गरी त्यसको पर्याप्तता, सान्दर्भिकता, तात्त्विकता एवं विश्वसनीयताको परीक्षण गर्न अवलोकन, प्रश्नावली, सोधपुछ, सरोकारवालासँग छलफल, अन्तरवार्ता, विशेषज्ञको राय परामर्श समेतको आधार लिइएको छ। निकायको कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवं मूल्याङ्कन गरी सोही आधारमा सुधारका लागि सुझाव प्रस्तुत गरिएको छ। यसका लागि निम्नानुसारका प्रमाण सङ्कलनका विधि समेत प्रयोग गरिएको छ।

- प्राथमिक तथा द्वितीय स्रोतबाट सूचना सङ्कलन र विश्लेषण,
- विद्यमान कानून र नीतिगत
- व्यवस्था, नियन्त्रण प्रणाली तथा कार्ययोजनाको विश्लेषण,
- प्रश्नावली मार्फत सूचना सङ्कलन, अन्तरक्रिया, सरोकार समूह छलफल, अन्तरवार्ता, स्थलगत निरीक्षण, प्रतिवेदनहरुको अध्ययन, तथ्याङ्क, नीति तथा कार्य प्रगति विश्लेषण,
- साझेदार संस्था र निकायहरुसँग भएको सम्झौता र कार्यान्वयन,
- सरोकारवालासँगको छलफल र अन्तरक्रिया,
- स्थलगत अवलोकन र प्राविधिक विषयमा सम्बन्धित विशेषज्ञसँग परामर्श,
- छनौट भएका विषयमा विशेषज्ञबाट प्राप्त राय, सुझाव तथा प्रतिक्रिया,
- नागरिक समाजसँगको सहकार्य र पृष्ठपोषण।

५. **लेखापरीक्षणको प्रक्रिया** - कार्यालयले कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षण गर्दा मुलभूत रूपमा लेखापरीक्षण योजना तयारी, लेखापरीक्षण कार्यान्वयन, प्रतिवेदन र अनुगमन समेतका चरणहरू सम्पन्न गर्ने गरिएको छ।

कार्यालयले उपरोक्त चरणहरूमा कार्यहरू गर्दा छनौट गरिएका विषयसँग सम्बन्धित सूचनाहरू सङ्कलन, सूचनाहरूको अध्ययन, विश्लेषण, जोखिम क्षेत्र पहिचान, लेखापरीक्षण योजना तयारी, प्रवेश बैठक, प्रश्नावली, अन्तरवार्ताबाट सूचना एवं सङ्कलित विवरणको अध्ययन विश्लेषण, मस्यौदा प्रतिवेदन तयारी, मस्यौदा उपर बहिर्गमन बैठकमा दफावार छलफल, प्रतिवेदन जारी र प्रतिवेदनमा उल्लेख भएका सुझाव कार्यान्वयन गर्न प्राप्त कार्ययोजना समेतलाई विचार गरी आवश्यक कार्य गरिएको छ। कार्यमूलक लेखापरीक्षणको समग्र प्रक्रियालाई देहायको चित्रमा दर्शाइएको छ।



५.१. **विषय छनौट** - कार्यालयले कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षणको विषय छनौटका लागि सरकारको प्राथमिकता क्षेत्र, विषयको गाम्भीर्यता, बजेटको आकार, सार्वजनिक सरोकार वा जनचासो, सञ्चार माध्यममा आएका विषय, नेपाल सरकार र विकास साझेदारबीच भएका सम्झौता, विकास साझेदारको अनुरोध, नागरिक समाजको सुझाव समेतलाई दृष्टिगत गरी उपयुक्त विषयहरुको सूची तयार गर्ने गरिएको छ। तयार गरिएका सूचीहरुलाई तात्त्विकता, विषयको महत्व, व्यवस्थापकीय कमजोरीहरु, लेखापरीक्षण कार्यान्वयनको सम्भाव्यता र प्रभाव आँकलन गरी अङ्क गणना गर्दा उच्च प्राथमिकता प्राप्त गर्ने विषयलाई स्रोत साधनको र आवश्यक हुनसक्ने स्वतन्त्र विज्ञ सेवाको उपलब्धता जस्ता तत्वहरुको वस्तुपरक मूल्याङ्कन गरी निकाय वा विषय छनौट गर्ने गरिएको छ।

५.२. **जोखिम विश्लेषण तथा योजना तयारी** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षणका लागि निकायको संगठन संरचना तथा कार्यप्रक्रियासम्बन्धी जानकारी लिई अन्तर्निहित जोखिम पहिचान, नियन्त्रण वातावरण अध्ययन, कार्यविधिको जानकारी, सूचना सङ्कलन तथा विश्लेषण, जोखिम क्षेत्र पहिचान, सोको आधारमा लेखापरीक्षणको उद्देश्य र क्षेत्र निर्धारण त्यस अनुरूप लेखापरीक्षण प्रश्नावली तयार गरी प्रमाण सङ्कलनका विधि र पद्धति निर्धारण गरिएको छ। लेखापरीक्षण कार्यान्वयनलाई व्यवस्थित गर्न लेखापरीक्षण योजना र लेखापरीक्षण कार्यक्रम (अडिट डिजाईन म्याट्रिक्स) तयार गरिएको छ।

५.३. **लेखापरीक्षण कार्यान्वयन** - लेखापरीक्षण कार्यान्वयनको सन्दर्भमा सम्बद्ध पक्षसँगको प्रवेश बैठक, सरोकारवालासँग छलफल, अन्तरवार्ता, स्थलगत अवलोकन र भौतिक परीक्षण गरी प्रमाण सङ्कलन गर्ने, प्रमाणको विश्लेषण गरी कमीकमजोरी त्यसका कारण र परेको असर विश्लेषण गरी यथार्थपरक र सान्दर्भिक सुझाव समेत तयार पारिएको मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी व्यवस्थापनको सुझाव प्रतिक्रिया लिने कार्य गर्ने गरिएको छ।

५.४. **प्रतिवेदन** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि र विशेष विषयको लेखापरीक्षण मस्यौदा प्रतिवेदन उपर सम्बन्धित निकायका पदाधिकारीसँग बर्हिगमन बैठक गरी व्यवस्थापनको सुझाव तथा प्रतिक्रिया प्राप्त गरी त्यसको आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा लेखापरीक्षणबाट देखिएको व्यहोरामा आधार (Criteria), अवस्था (Condition), कारण (Cause), प्रभाव (Consequence) र देखिएका कमी कमजोरीमा आगामी दिनमा सुधारका लागि व्यावहारिक सुझाव (Corrective Action) उल्लेख गरिएको छ।

५.५. **अनुगमन परीक्षण** – कार्यालयले कार्यमूलक लेखापरीक्षण प्रतिवेदन निकायलाई जारी गरे पश्चात निकायको कार्य प्रकृति र सुझावमा उल्लेखित विषयवस्तु समेतलाई दृष्टिगत गरी प्रतिवेदनले उठाएका विषयहरू र प्रतिवेदनका सुझावहरू कार्यान्वयनका लागि सम्बन्धित निकायबाट सुधार योजना माग गर्ने र सो उपर उपयुक्त समयमा अनुगमन गर्ने गरिएको छ।

६. **मानदण्डको प्रयोग** - लेखापरीक्षणमा कार्यालयले जारी गरेको नेपाल सरकारी लेखापरीक्षणमान तथा कार्यमूलक, वातावरणीय लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित विधि र पद्धति अनुरुप कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०७९ प्रयोग गरिएको छ। साथै लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन इन्टोसाई (INTOSAI) ले जारी गरेको कार्यमूलक लेखापरीक्षणको सिद्धान्तहरु इसाई ३००, कार्यमूलक लेखापरीक्षण मानदण्ड इसाई ३०००, वातावरणीय लेखापरीक्षण र सूचना व्यवस्थासम्बन्धी इण्टोसाई मार्गदर्शन बमोजिम गरिएको छ। कार्यमूलक लेखापरीक्षण गर्दा सरोकारवालाहरूको संलग्नता (Stakeholder's Engagement) लाई निरन्तरता दिइएको छ।

७. **लेखापरीक्षणको आधार -** कार्यमूलक लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले योजना वा कार्यक्रम वा क्रियाकलाप सञ्चालनमा मितव्ययीता, कार्यदक्षता, प्रभावकारिताको सिद्धान्तको पालनाको मूल्याङ्कन, सूचना प्रविधि लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायको सूचना प्रविधिसम्बन्धी पूर्वाधार तथा सूचना प्रविधि प्रणाली र यसको सुरक्षा जोखिम, सूचना प्रविधिसम्बन्धी सम्पत्तिको सुरक्षा, नियन्त्रण व्यवस्थाको परीक्षण एवं मूल्याङ्कन र वातावरणीय लेखापरीक्षणको सन्दर्भमा सार्वजनिक निकायले अपनाउनु पर्ने वातावरणीय सुरक्षा व्यवस्था, वातावरणीय जोखिमहरुको व्यवस्थापन, वातावरणीय सुरक्षा व्यवस्थाको कार्यान्वयन, वातावरणमा परेको प्रभाव न्यूनीकरण गर्दा लिइने मापदण्डनै लेखापरीक्षणको आधार हो। लेखापरीक्षणको आधारको रुपमा लिईएका विषयहरु बारे लेखापरीक्षण प्रवेश बैठकमा सम्बन्धित पक्षसँग छलफल गरिएको छ। लेखापरीक्षणमा प्रमुख रुपले देहायका आधार लिईएको थियो।

- विषयका सम्बन्धमा भएका कानूनी, संगठनात्मक, नीतिगत, सञ्चालनगत व्यवस्थाहरु र आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रममा उल्लेख भएका विषयहरु,
- कार्यालयले विगतमा त्यस्तै लेखापरीक्षणमा प्रयोग गरेका आधार,
- अन्तर्राष्ट्रिय असल अभ्यास र आधार,
- लेखापरीक्षण गरिने निकायसँग मिल्दोजुल्दो प्रकृतिका क्रियाकलाप, कार्यक्रम सञ्चालन गर्ने स्थानीय एवं वैदेशिक संस्थाहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्ड,
- पेशागत निकायहरु र मापदण्ड निर्धारण गर्ने निकायहरुले प्रयोगमा ल्याएका कार्यसम्पादन मापदण्डहरु,
- सम्बन्धित कानून, निकायको कार्य सञ्चालन र कार्यविधि दिग्दर्शन र
- केन्द्रीय स्तरको निकायका नीति, मापदण्ड, आदेश र मार्गदर्शन।

८. **कार्यालयबाट सञ्चालित लेखापरीक्षणको स्थिति -** लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा कार्यमूलक, वातावरण, सूचना प्रविधि र विविध विषयको विशेष लेखापरीक्षण गर्नसक्ने व्यवस्था अनुरूप यस वर्ष कार्यालयबाट कार्यमूलक ९, वातावरणीय २ र सूचना प्रविधि १ विषयको लेखापरीक्षण सञ्चालन गरिएको छ। यस वर्ष सञ्चालित लेखापरीक्षणको स्थिति देहाय बमोजिम छः

८.१. **कार्यमूलक** - यो वर्ष कार्यालयबाट महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत १, उर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालय अन्तर्गत १, परराष्ट्र मन्त्रालय अन्तर्गत १, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत १, संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत १, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत १, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १, गृह मन्त्रालय अन्तर्गत १, र शहरी विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत १ विषयहरूको कार्यमूलक लेखापरीक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षण विवरण अनुसूची-१ मा संलग्न गरिएको छ।

८.२. **वातावरणीय लेखापरीक्षण -** विगत वर्षहरुमा जस्तै यस वर्षपनि वातावरणीय लेखापरीक्षणलाई निरन्तरता दिइएको छ। यस वर्ष गृह मन्त्रालय अन्तर्गत १ र स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १ विषयको वातावरणीय लेखापरीक्षण सम्पन्न गरिएको छ।

८.३. **सूचना प्रविधि लेखापरीक्षण -** यस वर्ष अर्थ मन्त्रालय अन्तर्गत एकद्वार प्रणाली कार्यन्वयन अवस्था विषयमा सूचना प्रविधिको लेखापरीक्षण सम्पन्न गरिएको छ।

९. **लेखापरीक्षणमा नागरिक सहभागिता -** लेखापरीक्षणलाई पारदर्शी बनाउन र लेखापरीक्षणको प्रभावलाई बढाउन लेखापरीक्षणको विषय छनौटदेखि स्थलगत अवलोकन, लक्षित समूह छलफल, प्रमाण सङ्कलन कार्यहरूमा नागरिक संस्थाका प्रतिनिधिहरूलाई सहभागि गराउने कार्यलाई यो वर्ष पनि निरन्तरता दिइएको

छ। यो वर्ष राष्ट्रपति महिला सशक्तीकरण कार्यक्रम, तराई - मधेश समृद्धि कार्यक्रम, स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारिता र विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको कार्यान्वयन अवस्था विषयको लेखापरीक्षण कार्यान्वयनमा नागरिक समाजका प्रतिनिधीहरूलाई सहभागी गराइएको छ। कार्यमूलक लेखापरीक्षणमा नागरिक समाजको सहभागिता गराउन सहभागितात्मक लेखापरीक्षण कार्यविधि, २०७९ मा उल्लेखित प्रक्रिया अवलम्बन गरी सुशासन, वित्तीय अनुशासन, सशक्तीकरण अभियान लगायतका क्षेत्रमा कार्यरत नागरिक तथा संस्थाहरु छनौट गरिएको थियो। लेखापरीक्षणमा नागरिक सहभागिताले जोखिम क्षेत्र पहिचान गर्न तथा प्रतिवेदनको पैरवी तथा सोको कार्यान्वयनमा सहयोग पुगी लेखापरीक्षणको प्रभाव अभिवृद्धिमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

१०. **जनशक्ति परिचालन -** कार्यालयमा कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालय अन्तर्गत कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको समन्वय एवं सञ्चालन गर्ने गरेको छ। यी लेखापरीक्षणहरूमा संलग्न हुने कर्मचारीमा सो कार्य उचित तबरबाट सम्पादन गर्न सक्ने उपयुक्त सीप र सक्षमता हुनुपर्दछ। उपयुक्त प्राविधिक तालिम, अनुभव प्राप्त एवं उपयुक्तस्तरको पेशागत सीप र दक्षता प्राप्त व्यक्तिहरुबाट उपरोक्त लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण टोलीको गठन गर्दा उपलब्ध जनशक्तिको सीप, क्षमता, संख्या, कार्यबोझ र विशेषज्ञता जस्ता विषयहरुका आधारमा निर्देशकको नेतृत्वमा रहने गरी लेखापरीक्षण अधिकारी, लेखापरीक्षण अधिक्षक कर्मचारीहरुको टोली बनाई नायब महालेखापरीक्षक तहबाट सुपरिवेक्षण गरिएको छ। कार्यमूलक लेखापरीक्षणमा संलग्न जनशक्तिको विवरण अनुसूची-२ मा संलग्न गरिएको छ।

११. **लेखापरीक्षणको सीमा** - आवश्यक सूचना, अभिलेख, विवरणको लागि निकायसँगको निर्भरता, कतिपय विषयहरुको लागि समय पर्याप्त नहुनु, लेखापरीक्षणको लागि उपलब्ध समयसीमा, जनशक्ति, छोटो स्थलगत अवलोकन भ्रमण, सीमित स्रोत साधन समेतले लेखापरीक्षणको विषय छनौट देखि लेखापरीक्षणको विधि एवं पद्धति छनौटको दायरालाई सीमित गरेको छ।

१२. **गुणस्तर नियन्त्रण र आश्वस्तता** - कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षणको गुणस्तर कायम गर्न लेखापरीक्षणको प्रत्येक चरणहरु योजना तर्जुमा, योजना कार्यान्वयन र प्रतिवेदन तयारीको उच्च तहबाट सुपरीवेक्षण गरिएको छ। त्यसैगरी लेखापरीक्षण योजना र लेखापरीक्षणका प्रतिवेदन जारी गर्नुपूर्व सम्बन्धित मानदण्डको पालना सम्बन्धमा पुनरावलोकन गरिएको छ। लेखापरीक्षण प्रतिवेदन जारी भएपछि लेखापरीक्षण गुणस्तर आश्वस्तता निर्देशिका बमोजिम माननीय महालेखापरीक्षकबाट गठन गरिने स्वतन्त्र समितिबाट लेखापरीक्षण गुणस्तर आश्वस्तता मूल्याङ्कन गरिने व्यवस्था छ।

१३. **सुझाउ कार्यान्वयनको अनुगमन** - अनुगमन लेखापरीक्षण लेखापरीक्षणको अभिन्न अङ्गको रुपमा रहेकोले विषयवस्तुको महत्व, गाम्भिर्यता र उपलब्ध साधन तथा स्रोतलाई विचार गरी दिइएका सुझावको अनुगमन लेखापरीक्षण समेत गर्ने गरिएको छ।

१४. **कार्यमूलक लेखापरीक्षणका चुनौती** - कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षण कार्यान्वयनमा देहायका विषयहरू समस्या एवं चुनौतीका रुपमा रहेका छन:

१४.१. कार्यमूलक, वातावरणीय र सूचना प्रविधि लेखापरीक्षण प्राविधिक प्रकृतिको भएकोले परीक्षणमा संलग्न हुने जनशक्तिको योग्यता, सीप, दक्षता, रचनात्मक प्रतिभाका साथै प्रविधिक ज्ञानको अभिवृद्धिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम, अध्ययन एवं क्षमता विकास कार्यक्रमको लागि स्रोतको कमी रहेको छ।

१४.२. कार्यमूलक लेखापरीक्षणका लागि अन्य लेखापरीक्षणभन्दा थप परिश्रम, अध्ययन, लगनशीलता आवश्यक पर्ने भएकोले पर्याप्त उत्प्रेरणासम्बन्धी व्यवस्था हुन आवश्यक छ।

१४.३. निकायहरूमा पुराना सूचना, अभिलेख तथा अद्यावधिक डेटाबेस नहुँदा लेखापरीक्षणको लागि उपयुक्त, पर्याप्त र सम्बन्धित सूचना र जानकारी प्राप्त नभएबाट तत् सम्बन्धी व्यहोराहरुको यथार्थ अवस्था चित्रण गर्न चुनौती रहेको छ।

१४.४. निकायहरूमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता सम्बन्धी सूचकहरू नहुँदा स्रोतको प्राप्ति, उपयोग र उपलब्धिमा उपर्युक्त सिद्धान्तको पालना सम्बन्धमा मूल्याङ्कनमा कठिनाइ भएको छ।

१४.५. लेखापरीक्षणलाई पारदर्शी बनाउन र लेखापरीक्षणको प्रभावलाई बढाउन लेखापरीक्षणको विषय छनौट देखि प्रतिवेदन तयारी सम्मका क्रियाकलापहरूमा नागरिक संस्थाका प्रतिनिधिहरूलाई सहभागि गराउदै लगिएको भए तापनि उत्प्रेरणासम्बन्धी व्यवस्था नहुँदा नागरिक संस्थाहरू लेखापरीक्षणमा सहभागिताका लागि प्रेरित नहुने अवस्था छ।

१५. **सुधारका कार्यदिशा -** विगत केही वर्षदेखि लेखापरीक्षण गरिने विषयको संख्याभन्दा पनि गुणात्मक पक्षलाई प्राथमिकता दिइएको छ। यसको लागि लेखापरीक्षण कार्यमा बाह्य विशेषज्ञहरु समेतको सेवा लिईएको छ। कार्यमूलक लेखापरीक्षणका सन्दर्भमा देखिएको चुनौती, समस्या र जटिलताहरुलाई सम्बोधन गर्न अपनाउनु पर्ने कार्यदिशा देहायमा प्रस्तुत गरिएको छः

१५.१. लेखापरीक्षणलाई स्रोत साधनयुक्त बनाई संलग्न लेखापरीक्षक र नागरिक संस्थाहरूलाई उत्प्रेरित गर्न कार्यमूलक, वातावरणीय, सूचना प्रविधि लेखापरीक्षण गरिने प्रत्येक विषयहरुको लागि आवश्यक मानवीय वित्तीय तथा लाजिस्टिक सहितको व्यवस्था गरी आयोजनाको अवधारणाको रुपमा सञ्चालन गर्नु पर्दछ।

१५.२. लेखापरीक्षण प्रतिवेदनले सुधारका लागि सुझाव प्रस्तुत गरेको छ। सुझावहरुको कार्यान्वयन गर्ने दायित्व सम्बन्धित निकायको हो। व्यवस्थापन पक्षसँगको छलफल, अन्तरक्रियाबाट तयार गरिएको सुझावहरुको कार्यान्वयनबाट कार्यसम्पादनमा सकारात्मक प्रभाव पर्ने भएकोले सम्बन्धित निकायहरूबाट प्रतिवेदनले औल्याएका सुझावहरू कार्यान्वयन गर्नुपर्दछ।

१५.३. अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय र विश्वसनीय लेखापरीक्षण सम्पन्न गर्न कार्यरत जनशक्तिको सीप, क्षमता, विकास गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) र एशियाली संगठन (ASOSAI) का सदस्य राष्ट्रहरुबीच अनुभव आदानप्रदान गर्न, राष्ट्रिय, अन्तर्राष्ट्रिय तालिम तथा अवलोकनको व्यवस्थाका लागि नियमित रूपमा स्रोतको व्यवस्था गर्नु पर्दछ।

१५.४. निकायहरूले कार्यप्रकृति अनुरूप मितव्ययिता, कार्यदक्षता र प्रभावकारितासँग सम्बन्धित कार्यसम्पादन सूचकाङ्कको निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ।

संघीय संसदको प्रतिनिधि सभा र प्रदेश सभाको सार्वजनिक लेखा समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, प्रदेश सरकार र स्थानीय तह समेतको सहयोगमा माथि उल्लेखित कार्यदिशा कार्यान्वयन हुनसकेमा सार्वजनिक निकायहरूमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्तको पालना हुन र सोबाट पारदर्शीता र जवाफदेहिता अभिवृद्धि भई सार्वजनिक निकायहरुबाट सेवा प्रवाह लगायतका विषय क्षेत्रगत दायित्व निर्वाह गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ।

खण्ड (ख)

राष्ट्रपति महिला सशक्तीकरण परियोजना

परिच्छेद - १

परिचय

१ **पृष्ठभूमि** - नेपालको संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प सहित महिलालाई समान वंशीय हक, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक र राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको सुनिश्चितता गरेको छ । समाजमा विद्यमान सबै प्रकारका विभेद, कुरीति र शोषणको अन्त्यका लागि उद्यमशीलताको विकास, समाजिक रुपान्तणका माध्यमबाट महिलाहरुको आर्थिक सामाजिक सशक्तीकरण र दिगो विकासको लक्ष्य हासिल गर्ने उद्देश्यले पन्ध्रौं योजनामा रुपान्तरणकारी योजनाको रुपमा राष्ट्रपति महिला सशक्तीकरण परियोजना समावेश गरिएको छ।

आर्थिक वर्ष २०७३/७४ देखि मानव विकास सूचकाङ्कमा पछाडि परेका ३० जिल्ला र सवैभन्दा बढी अनौपचारिक श्रममा आवद्ध महिला भएका १० जिल्ला गरी जम्मा ४० जिल्लाका अति विपन्न, दलित, पिछडिएको वर्ग जनजाती, मधेसी, मुस्लिम महिलालाई उद्यमशीलता विकास रोजगारीमूलक सीप तथा क्षमता अभिवृद्धि र टेवा पूँजी सहितको राष्ट्रपति महिला उत्थान कार्यक्रमको रुपमा सञ्चालन गरिएको देखिन्छ। सोही कार्यक्रमलाई ७ प्रदेशका ५५ जिल्ला तथा तोकिएका स्थानीय तह मार्फत महिला उद्यमशितला विकास सहभागिता अभिवृद्धि लैङ्गिक समानता र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यमा सुधार गर्ने उद्देश्य सहित पन्ध्रौं पञ्चवर्षिय योजनामा राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको रुपमा समावेश गरिएको छ। यस परियोजनाले उद्यमशीलताको विकास लगायतका महिला सशक्तीकरण को माध्यमबाट आर्थिक रुपमा विपन्न महिलाहरुको जिबनस्तर उकास्दै महिलाहरुको आर्थिक सशक्तिकरण, प्रजनन तथा मातृ स्वास्थ्यमा सुधार गर्दै सिमान्तकृत मधेसी मुस्लिम र पिछडिएको वर्ग समुदाय भित्रका विपन्न महिलाहरुको संरक्षण उत्थान र सामाजिक रुपान्तरण तथा सबै प्रकारका लैङ्गिक हिंसा र कुरीतिको अन्त्य गर्ने, दुर्गम क्षेत्रमा गर्भवती तथा सुत्केरी महिलाहरुको उद्धार तथा संरक्षण लगायतको प्रमुख तिन आयाम समेटेको छ। सङ्घीय, प्रादेशिक तथा स्थानीय तिनै तहका निकायबाट कार्यक्रम सञ्चालन गरिएपनि परियोजना कार्यान्वयन, समन्वय, सुपरिवेक्षण तथा अनुगमन गर्ने मुख्य जिम्मेवार निकायको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ ।

२ **संवैधानिक, कानूनी तथा नीतिगत व्यवस्थाः**

२.१ **संवैधानिक व्यवस्था** - नेपालको संविधानको धारा ३८ मा महिलाको हकको व्यवस्था, प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक र सुरक्षित मातृत्व, प्रजनन र स्वास्थ्यसम्बन्धी हक हुने, महिला विरुद्ध कुनै आधारमा कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने र राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजागरी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने र सम्पति तथा पारिवारिक मामिलामा दम्पतिको समान हक हुने र धारा ४२ मा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा

यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने तथा आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने व्यवस्था गरेको छ।

२.२ **नीतिगत तथा कानुनी व्यवस्था** - यस परियोजना सम्बन्धमा निम्न नीतिगत तथा कानुनी व्यवस्था गरिएको छ।

- राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७
- महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनको लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना,२०६८ र यसको कार्यान्वयन योजना, २०७१
- लैङ्गिक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय कार्ययोजना, २०६१
- राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७
- राष्ट्रपति महिला उत्थान कार्यक्रम बहुआयामिक नमूना ग्राम अवधारणापत्र, २०७७
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड, २०७७
- महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७
- महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०७७
- राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार छनौट मापदण्ड, २०७७
- महिलाद्वारा उत्पादित सामग्रीको प्रदर्शनीसम्बन्धी मापदण्ड, २०७७

२.३ **अन्तर्राष्ट्रिय प्रतिबद्धता** - नेपालले महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्नेसम्बन्धी महासन्धि मिति २०४८ चैत्र ५ मा अनुमोदन गरेको साथै दिगो विकास लक्ष्य २०१६-३० अनुसार लक्ष्य १ मा हरेक क्षेत्रमा रहेको सबै स्वरुपहरुको गरिवीको अन्त्य गर्ने, लक्ष्य ४ मा समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै समृद्ध जीवनस्तर प्रबर्द्धन गर्ने लक्ष्य ५ मा महिला विरुद्ध हुने सबै प्रकारका विभेद अन्त्य गरी लैङ्गिक समानता कायम गर्ने र महिला सशक्तीकरण सुनिश्चित गर्ने जस्ता विषयहरु समावेश रहेका छन् ।

२.४ **पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६।७७-८०।८१)** - पन्ध्रौं पञ्चवर्षीय योजनाले महिलाको आर्थिक सामाजिक सशक्तीकरण र उद्यमशीलता विकास तथा प्रबर्द्धन गर्दै लैङ्गिक उत्तरदायी शासन पद्धति र न्यायपूर्ण समाजको स्थापना गर्न राज्यका सबै तह र क्षेत्रले लैङ्गिक समानतासम्बन्धी क्षेत्रगत नीति कानुन तथा कार्यक्रम तर्जुमा गर्ने, राज्यका सबै तहको सरकार, क्षेत्र तथा निकायहरुमा लैङ्गिक उत्तरदायी शासन पद्धति अवलम्बन गर्ने, लैङ्गिक समानता तथा सशक्तीकरण मापन गर्ने तथ्याङ्क प्रणालीको विकास गर्ने, राज्यका सबै तहको सरकारमा लैङ्गिक उत्तरदायी बजेट विनियोजन पद्धतिलाई संस्थागत गर्ने, आर्थिक रुपले विपन्न र सामाजिक रुपले पछाडि परेका महिलालाई विशेष प्राथमिकता दिँदै आर्थिक सशक्तीकरण र सामाजिक रुपान्तरण गर्ने, महिला विरुद्ध हुने सबै प्रकारका

हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गर्ने कार्यनीति अवलम्बन गरेको छ।

३ **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्य** - विभिन्न वर्षको बजेटमा महिला सशक्तीकरण सम्बन्धमा उल्लेख भएका महत्वपूर्ण व्यहोराहरु देहाय बमोजिम छन्।

३.१ **आर्थिक वर्ष २०७९।८० बजेट वक्तव्य** - राष्ट्रपति महिला उत्थान कार्यक्रमलाई सुधार एवं परिमार्जन गरिने र दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइने, महिला पहिला कार्यक्रम अन्तर्गत महिलाको नेतृत्व विकास, आर्थिक आत्मनिर्भरता तथा क्षमता अभिवृद्धि र महिला सशक्तीकरण का लागि संघ, प्रदेश र स्थानीय तह मार्फत विभिन्न कार्यक्रम गरिने, लैङ्गिक बजेट प्रभावकारी रुपमा कार्यान्वयन गरिने र लैङ्गिक असमानता सूचकाङ्कमा सुधार ल्याउन लैङ्गिक मूल प्रवाहीकरणका कार्यक्रमहरु सञ्चालन गरीने उल्लेख छ।

३.२ **आर्थिक वर्ष २०७८।७९ बजेट वक्तव्य** - राष्ट्रपति महिला उत्थान कार्यक्रमको माध्यमबाट महिला उद्यमशीलता विकास गरिने र सबै स्थानीय तहमा महिला उद्यमशिलता सहजीकरण केन्द्र स्थापना गरिने, दुर्गम क्षेत्रमा ज्यान जोखीममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार कार्यलाई थप प्रभावकारी बनाइने, महिलाहरुको क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम सञ्चालन गरिने उल्लेख छ।

३.३ **आर्थिक वर्ष २०७७।७८ बजेट वक्तव्य** - महिलाको सामाजिक आर्थिक अधिकार हासिल हुने गरी महिला लक्षित कार्यक्रम सञ्चालन गरीने राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत मूलुकभरका विपन्न र वन्चितिमा परेका महिलाको सीप तथा उद्यमशीलता विकास गरी रोजगारीका अवसर प्रदान गरीने स्वास्थ्य जोखिममा परेका दुर्गम क्षेत्रका गर्भवती र सुत्केरी महिलाको हवाई उद्धार गर्ने कार्यलाई निरन्तरता दिइने सबै स्थानीय तहमा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना गरीने, महिला विरुद्ध हुने सबै किसिमका सामाजिक भेदभाव शोषण र हिंसा अन्त्य गरिने, लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई प्रदेश र स्थानीय तहको बजेट प्रणालीमा समेत समावेश गरिने उल्लेख छ।

४ **सङ्गठन संरचना** - पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१)मा रुपान्तरणकारी परियोजनाको रुपमा रहेको यस परियोजनाको कार्यान्वयन, समन्वय, सुपरीवेक्षण, नियमन तथा अनुगमन गर्ने मूख्य जिम्मेवार निकायको रुपमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ। सो परियोजना अन्तर्गतका विभिन्न क्रियाकलापहरु सङ्घीय, प्रादेशिक तथा स्थानीय निकायबाट कार्यान्वयन भएका छन् । महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा रहेको महिला सशक्तीकरण महाशाखाबाट यस परियोजनासँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन, समन्वय, नियमन, सुपरीवेक्षण तथा अनुगमन गरिन्छ। परियोजना अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयनमा संलग्न निका यहरु निम्नानुसार छन्:

- महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
- प्रदेशका सामाजिक विकास मन्त्रालयहरु तथा स्थानीय तहहरु
- नेपाली सेना
- निजीक्षेत्र

५ **बजेट व्यवस्था** - पन्ध्रौं पञ्चवर्षिय योजना (२०७६।७७-२०८०।८१) ले आर्थिक वर्ष २०७६।७७ देखि २०८०।८१ सम्मको लागि रु २१ अर्ब १७ करोड ५० लाख आवश्यक पर्ने उल्लेख गरेको छ। आर्थिक वर्ष २०७७।७८ देखि २०८०।८१ सम्ममा राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको कार्यक्रमहरुमा विनियोजित बजेट तथा खर्चको अवस्था देहाय बमोजिम रहेको छ।

आर्थिक वर्षको बजेट तथा खर्चको विवरण

आर्थिक वर्ष	वार्षिक बजेट (रु.लाख)	खर्च (रु.लाख)	प्रतिशत
२०७६।७७	१२००	७००	५८
२०७७।७८	२५००	१६९६	६८
२०७८।७९	८३५	७०७	८५
२०७९।८०	२३२२	२१३१	९२
जम्माः	**६८५७**	**५२३४**	

६ **परियोजनाले समेटेको क्षेत्र र क्रियाकलाप** - राष्ट्रपति महिला उत्थान परियोजना मार्फत मानव विकास सूचकाङ्कमा पछाडि परेका ३० जिल्ला र सबैभन्दा बढी अनौपचारिक श्रममा आवद्ध महिला भएका १० जिल्ला गरी जम्मा ४० जिल्लाबाट सुरु कार्यक्रमलाई २०७६ मा यस परियोजनाको रुपमा घोषणा गरी ७ प्रदेशका ५५ जिल्ला तथा तोकिएका स्थानीय तह मार्फत महिला उद्यमशीलता विकास सहभागिता अभिवृद्धि लैङ्गिक समानता र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यमा सुधार गर्ने उद्देश्य सहित विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।यस परियोजनाले जीविकोपार्जन सुधार वित्तीय पहुँच तथा उद्यमशीलताको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तीकरण गर्दै दिगो विकास हाँसिल गर्ने लैङ्गिक विभेद हिंसा र सबै प्रकारका कुरीती अन्त्यका लागि सामाजिक रुपान्तरणको अभियान सञ्चालन गर्ने हिंसा पीडित तथा प्रभावितहरुको लागि राहत उद्धार र पुनःस्थापन सेवा उपलब्ध गराउने गरी आर्थिक सशक्तीकरण , सामाजिक रुपान्तरण र राहत तथा उद्धार गरी मूख्य ३ आयाम समावेश गरेको छ।

पन्ध्रौं पञ्चवर्षीय योजनाले राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत निम्न कार्यक्रम तथा क्रियाकलापहरु परियोजना अवधि (२०७६।७७-२०८०।८१) भित्र सम्पन्न गर्ने उल्लेख गरेको छ। यस परियोजनामा समावेश मूख्य कार्यक्रमहरु देहाय बमोजिम छन्:

- **राष्ट्रपति महिला जीविकोपार्जन सुधार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत मानव विकास सूचकाङ्कमा पछाडि परेका ५५ जिल्लाका १११ स्थानीय तहमा महिला उद्यमीलाई सीप विकास तालिम सञ्चालन गर्ने तथा व्यवसाय स्थापना र सञ्चालन खर्च अनुदान प्रदान गर्ने क्रियाकलापहरु समावेश छन् ।
- **उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत प्रत्येक प्रदेशका १ महिला उद्यमी समूह तथा २० जना महिला उद्यमीलाई आवश्यक टेवा पूँजी र उपयुक्त प्रविधि अनुदान वितरण गर्ने तथा छनौटमा परेका महिला उद्यमीलाई वित्तीय पहुँचसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्ने लगायतका क्रियाकलापहरु समावेश छन् ।

- **महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापनाः** संघीय मन्त्रालय र १०० स्थानीय तह बीच आपसी समझदारी (MOU) गरी स्थानीय तहमा रहेको महिला तथा बालबालिका शाखामा सहजिकरण केन्द्र स्थापना गरी उद्यमसम्बन्धी आवश्यक प्राविधिक सेवा उपलब्ध गराउने क्रियाकलाप समावेश छ।
- **राष्ट्रपति समुन्नती पुरस्कारः** उद्यमशीलता हाँसिल गरी आर्थिक सशक्तीकरण मा योगदान पुर्याएका ७ प्रदेशका एक एक महिला उद्यमीलाई प्रति व्यक्ति रु १ लाखका दरले पुरस्कार प्रदान गर्ने ।
- **हातैमा मोवाईल एपः** मोवाईल एप निर्माण तथा सञ्चालन गरी देशव्यापी रुपमा महिला उद्यमी सञ्जाल निर्माण गर्ने।
- **बहुआयामिक नमुना ग्रामः** ७ वटा प्रदेशको १/१ स्थानीय तहका तोकिएका वडाहरुका तोकिएका समुदायहरुको पहुँच विस्तार गर्न पूर्वाधार, शिक्षा,स्वास्थ्य , रोजगारी विकासका हरेक आयाममा लैङ्गिक मैत्री वनाई बहुआयामिक नमूना ग्राम स्थापना तथा सञ्चालन गर्ने।
- **सामाजिक रुपान्तरणका लागि चेतनामूलक कार्यक्रमः** लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणका चेतनामूलक कार्यक्रम टेलिभिजनबाट प्रशारण गर्ने साथै कुरीति अन्त्यका लागि अभिमूखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने क्रियाकलाप समावेश छन्।
- **गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारः** नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्र (पूर्ण रुपमा लागु भएका १९ जिल्ला र आशिंक रुपमा लागु भएका २९ जिल्ला) का ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार सेवा सञ्चालन तथा सेवाग्राहीलाई यातायात खर्च रु २० हजार उपलब्ध गराउने क्रियाकलाप समावेश छन्।
- **महिलाद्वारा उत्पादित सामाग्री प्रदर्शनीः** यस कार्यक्रम अन्तर्गत मन्त्रालय आफैले प्रदेश, अन्य सङ्घीय मन्त्रालय, विभिन्न सरकारी र गैर सरकारी संघ संस्था उद्यमी संजाल महासंघको सहकार्यमा उत्पादित सामाग्री प्रदर्शनी गर्ने।
- **अन्य कार्यक्रमः** आवधिक योजना, सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटमा घोषणा भएका समावेश अन्य कार्यक्रमहरु समेत यस परियोजनाका क्रियाकलापका रुपमा समावेश छन्।

७ **विषय छनोटको औचित्य** - संविधानले महिलालाई लैङ्गिक भेदभाव विना समान वंशीय हक सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक र राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको सुनिश्चितता गरेको छ। यसका लागि नेपालले अन्तर्राष्ट्रियस्तरमा समेत प्रतिवद्धता जनाएको तथा सो सम्बन्धमा क्षेत्रगत कार्यक्रम समेत सञ्चालन गर्दै आइरहेको छ। महिला समानता तथा सशक्तीकरणको विषयसँग सम्बन्धित दिगो विकास लक्ष्यमा नेपालले आन्तरिकीकरण गरी उच्च प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको छ। साथै अन्तर्राष्ट्रिय समुदाय तथा ईन्टोसाईले समेत महिला समानता तथा सशक्तीकरण को विषयको

लेखापरीक्षणलाई महत्व दिएको छ। महिला उद्यमशीलता विकास सहभागिता अभिवृद्धि, लैङ्गिक समानता र सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यमा सुधार गर्ने उद्देश्यले पन्ध्रौं पञ्चवर्षीय योजना (२०७६।७७-०८०।८१) मा रुपान्तरणकारी परियोजनाको रुपमा समावेश गरेको सन्दर्भमा यस परियोजना अन्तर्गत समावेश क्रियाकलापहरुको कार्यान्वयन र सो को प्रभावकारिता सम्बन्धमा अध्ययन, परीक्षण तथा विश्लेषण गरी देखिएका समस्या समाधानका लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन दिने उद्देश्यले कार्यमूलक लेखापरीक्षणका लागि यस **राष्ट्रपति महिला सशक्तीकरण परियोजना** छनोट गरिएको छ।

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

८ **लेखापरीक्षणको उद्देश्य** - राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत सञ्चालित क्रियाकलाप सञ्चालनमा मितव्ययीता, कार्यदक्षता र प्रभावकारिता पक्षको अध्ययन, परीक्षण तथा विश्लेषण गरी देखिएका समस्या समाधानको लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। थप उद्देश्य देहाय बमोजिम रहेका छन्:

- सङ्घ, प्रदेश तथा स्थानीय तह मार्फत लक्षित समुदायका महिलाको क्षमता विकास तथा उद्यमशीलता प्रबर्द्धन एवं जीविकोपार्जन सुधार कार्यक्रमको माध्यमबाट आर्थिक सशक्तीकरण का लागि भएका क्रियाकलापहरुको प्रभावकारिता अध्ययन विश्लेषण गर्ने।
- लैङ्गिक विभेद हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सञ्चालित कार्यक्रम तथा हिंसा पिडित र प्रभावितहरुको लागि राहत तथा उद्धार र पुनःस्थापना कार्यक्रम मार्फत सामाजिक रुपान्तरणको प्रभावकारिता अध्ययन विश्लेषण गर्ने।
- दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार सेवाको प्रभावकारीता अध्ययन विश्लेषण गर्ने।

९ **लेखापरीक्षणको क्षेत्र** - महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, प्रदेश र स्थानीय तहलाई लेखापरीक्षणको क्षेत्रमा समाबेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। समयावधिको सन्दर्भमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्मका क्रियाकलापहरु लेखापरीक्षणमा समावेश गरिएको छ। यसका लागि प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन भईरहेका कार्यक्रमहरुमा राष्ट्रपति जिविकोपार्जन सुधार, उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम तथा महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना कार्यक्रम सञ्चालन भएका कालिकोट, हुम्ला, दैलेख र दार्चुला जिल्ला स्थित ११ स्थानीय तहमा नागरिक समाजका संस्था मार्फत नागरिक सहभागितामा आधारित लेखापरीक्षण सम्पन्न गरिएको छ।

१० **लेखापरीक्षण पद्धति** - लेखापरीक्षणको उद्धेश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुख लगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्यांक सङ्कलन गरिएको छ। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, कार्यक्रम सञ्चालन भएका सङ्घीय, प्रदेश र स्थानीय तहबाट महिला सशक्तीकरण कार्यक्रमको कार्यान्वयनको अवस्था र कार्यक्रमको प्रभावकारिताका लागि विभिन्न प्रश्नावली र विवरण मार्फत सूचना सङ्कलन तथा विश्लेषणका साथै छनौट भएका अन्य निकायको स्थलगत अवलोकन मार्फत जानकारी हासिल गर्ने, सोसम्बन्धी कागजात तथा फाईल अध्ययन गर्ने, सम्बन्धित पक्षसँग छलफल लगायतका लेखापरीक्षण विधि अवलम्वन गरी प्रतिवेदन तयार गरिएको छ। साथै नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (ईसाइ ३०००), लेखापरीक्षणको मानदण्ड (ईसाइ ३०००), कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०८० बमोजिम लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण समिक्षापत्र, लेखापरीक्षण योजना र लेखापरीक्षणका मानदण्ड तथा

निर्देशिका लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका व्यहोरा उपर छलफल गरी सम्बन्धित निकायको प्रतिकृयाको आधारमा प्रतिवेदन तयार गरिएको छ।

११ **लेखापरीक्षण सीमितता** - लेखापरीक्षणका लागि उपलब्ध श्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नहुने भएको हुँदा लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। सम्बन्धित निकायहरुबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणमा प्रश्नावली तथा सम्बन्धित आधिकारिक निकायबाट प्राप्त द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध भएका स्रोत साधन आदि यसका सीमा रहेका छन्। साथै नमुनाको रुपमा छनौट भएका संघीय, प्रादेशिक तथा स्थानीय तहमा सञ्चालित कार्यक्रम मूल्याङ्कन नतिजाको आधारमा प्रतिवेदनको समग्र निष्कर्ष निर्धारण गरिएको छ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका बेहोरा

संविधानले महिलालाई लैङ्गिक भेदभाव बिना समान वंशीय हक सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यसम्बन्धी हक र राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको सुनिश्चितता गरेको छ। सबै प्रकारका लैङ्गिक हिंसा र कुरीतिको अन्त्य गर्न, दूर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरूको उद्धार, सीप तथा उद्यमशीलताको विकास लगायतका महिला सशक्तीकरणको माध्यमबाट महिलाहरूको हक, अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता पुर्‍याउन, आर्थिक रुपमा कमजोर र विपन्न महिलाहरूको जीवनस्तर उकास्दै सीप तथा क्षमताबाट उत्पादित तथा प्रवर्द्धित सामग्रीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा पहिचान गराउन, प्रजनन् तथा मातृ स्वास्थ्यमा सुधार गर्न, सिमान्तकृत, मधेसी, मुस्लिम, पिछडा वर्ग र समूदाय भित्रका विपन्न महिलाहरूको संरक्षण, उत्थान, सशक्तीकरण, सामाजिक सुरक्षा मार्फत राष्ट्रिय विकासमा मूल प्रवाहीकरण गर्न राष्ट्रपति महिला सशक्तीकरण परियोजनालाई रुपान्तरणकारी योजनाको रुपमा कार्यान्वयनमा ल्याईएको छ।

राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको कार्यमूलक लेखापरीक्षणमा देखिएका सकारात्मक व्यहोराहरु देहाय बमोजिम छन्।

क) **राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गतका** कार्यक्रम सञ्चालनसम्बन्धी निम्न कार्यविधि तथा मापदण्ड तयार भई कार्यान्वयन भएको छ।

- राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७
- राष्ट्रपति महिला उत्थान कार्यक्रम बहुआयामिक नमूना ग्राम अवधारणापत्र, २०७७
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड, २०७७
- महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७
- महिला उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०७७

ख) मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका विपन्न र एकल महिलालाई सीप क्षमता र योग्यताको आधारमा रोजगारीमा प्राथमिकता दिन, आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न, साथै महिलाको उत्थान तथा सशक्तीकरण गर्ने उद्देश्यसहित २०७७।७८ देखि २०७९।८० सम्म सङ्घीय सशर्त अनुदान मार्फत जिविकोपार्जन सुधार कार्यक्रम कार्यान्वयनका लागि १११ स्थानीयतह छनोट गरिएको छ।

ग) महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यक्रम सञ्चालनका लागि २०७७।७८ बाट ७० स्थानीय तह छनोट भएको र २०७९।८० सम्ममा सो कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका स्थानीय तहको सङ्ख्या १०० पुगेको छ।

घ) उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम मार्फत ७ प्रदेशका विभिन्न महिला उद्यमी तथा महिला उद्यमी समुहले टेवा पूँजी तथा प्रविधि प्राप्त गरेको उल्लेख छ।

ङ) स्थानीय श्रोत, साधन ,सिर्जना र सीपको उपयोग गर्दै परम्परागतरुपमा गदै आएका सीपमूलक कार्यलाई व्यवसायीक बनाउदै उद्यमशील संस्कृतिको विकास गरी कृषि तथा गैरकृषि र पर्यटनको क्षेत्रमा रोजगारी सृजना गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरिरहेका महिला उद्यमीलाई प्रोत्साहन, सम्मान र कदर स्वरुप आत्मगौरवको अनुभूति दिलाउने उद्देश्यले हाल सम्म १६ महिला उद्यमीलाई पुरस्कृत गरेको छ।

च) लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणका अभियान कार्यक्रम सम्पन्न भएको छ।

छ) दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम मार्फत पूर्ण रुपमा लागु भएका १९ जिल्ला र आशिंक रुपमा लागु भएका २९ जिल्लाबाट आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्म ५५२ सेवाग्राहीलाई सेवा प्रदान गरेको छ।

सुधार गर्नुपर्ने देखिएका बेहोराः

पन्ध्रौं पञ्चवर्षीय योजनाले रुपान्तरणकारी आयोजनाको रुपमा उल्लेख गरेको राष्ट्रपति महिला सशक्तीकरण परियोजनामार्फत महिला उद्यमशीलता तथा सशक्तीकरणको क्षेत्रमा उपरोक्त सुधारात्मक प्रयास भएता पनि अपेक्षित उपलब्धि हाँसिल गर्न नसकेको अवस्था छ। परियोजनाको प्रभावकारीता अभिवृद्धिका लागि सुधार गर्नुपर्ने देखिएका व्यहोराहरु निम्नानुसार उल्लेख गरिएको छ।

१२ **परियोजना कार्यान्वयन** - यस परियोजनाका कार्यक्रमहरु संघीय निकाय, प्रदेश निकाय तथा स्थानीय तह गरी तिनै तहका सरकारबाट सञ्चालित छन्। कार्यक्रम कार्यान्वयनमा मूख्य जिम्मेवार निकायको रुपमा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय रहेको छ तथा सहयोगी निकायमा ७ प्रदेशका सामाजिक विकास मन्त्रालय तथा सो अन्तर्गत तोकिएको स्थानीय तहहरु रहेका छन्। दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम, लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणका कार्यक्रमहरु, महिलाद्वारा उत्पादित सामाग्री प्रदर्शनी कार्यक्रम समेत विभिन्न ४ प्रकारका कार्यक्रमहरु संघीय मन्त्रालयबाट कार्यान्वयनमा रहेका छन्। राष्ट्रपति समुन्नती पुरस्कार र उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम सम्बन्धित प्रदेशका प्रदेश मन्त्रालयबाट सञ्चालित छन्। राष्ट्रपति महिला जीविकोपार्जन सुधार कार्यक्रम, महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना, बहुआयामिक नमुना ग्राम कार्यक्रम स्थानीय तहबाट सञ्चालित छन्। त्यस्तै दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धार कार्यक्रम मानव विकास सूचकांकमा पछाडि परेका ५५ जिल्लामा सञ्चालित छ। उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा

पूँजी र प्रविधि सहयोग कार्यक्रम ७ प्रदेशका १०० स्थानीय तहमा सञ्चालित छन्। राष्ट्रपति महिला जीविकोपार्जन सुधार कार्यक्रम १११ र महिला उद्यमशीलता सहजीकरण केन्द्र स्थापना कार्यक्रम १०० स्थानीय तहमा सञ्चालित छन्।

रुपान्तरणकारी परियोजनाको रुपमा सञ्चालित कार्यक्रमको स्पष्ट कार्यदिशा, कार्यान्वयन संयन्त्र तथा छुट्टै कार्यक्रम तथा बजेट हुनुपर्नेमा मन्त्रालय अन्तर्गतका तहगत संरचना, प्रदेश अन्तर्गतका संरचना र स्थानीय तह मार्फत छरिएर बजेट खर्च हुने गरेकोले घोषित लक्ष्य र उद्देश्य बमोजिमको नतिजा प्राप्ति एवं सोको एकीकृत अभिलेखन व्यवस्थापन तथा प्रभावकारी अनुगमन तथा मूल्याङ्कनमा समस्या देखिएको छ। तसर्थ रुपान्तरणकारी आयोजनाको रुपमा राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रम भनिएता पनि छुट्टै कार्यक्रम बजेट तथा कार्यान्वयन संयन्त्र नहुँदा अन्य कार्यक्रमभन्दा भिन्न र प्रभावकारी हुन सकेको छैन। निश्चित सूचक र छुट्टै कार्यक्रम बजेट तथा कार्यान्वयन संयन्त्र तोकेर यस्ता परियोजना सञ्चालन गर्नुपर्दछ।

१३ **परियोजनाको पहिचान, विकास र छनौट तयारी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १० (ख) अनुसार नयाँ योजना तथा कार्यक्रम प्रस्तावित गर्दा कार्यक्रम स्वीकृत गर्नुभन्दा अगाडी कार्यक्रम सञ्चालनको ढाँचा तथा स्वरुप, सञ्चालन अवधि, बजेट तथा अपेक्षित प्रतिफल लगायतका विषयहरु खुलाई सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गर्नुपर्नेमा आयोजना छनौट पूर्वका तयारी सम्बन्धमा देखिएका केही व्यहोरा निम्न छन्।

१३.१ आयोजको पहिचान, छनौट तथा प्राथमिकीकरण प्रक्रियालाई वस्तुगत मापदण्डमा आधारित बनाउन आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ मा पहिचान तथा छनोट भएका कार्यक्रमलाई सम्बन्धित आयोजनामा प्रबिष्टि गराउनुपर्ने व्यवस्था गरेको छ। राष्ट्रपति महिला सशक्तीकरण परियोजनाका कार्यक्रमहरु पहिचान, विकास तथा छनौट चरणमा आवश्यक पर्ने पूर्व अवधारणापत्र सम्भाव्यता अध्ययन, विस्तृत सर्वेक्षण, लाभ लागत विश्लेषण, स्पष्ट क्रियाकलाप तथा सो क्रियाकलाप कार्यान्वयन गर्न लाग्ने समय अवधिको स्पष्ट किटान, तथा सो को उपलब्धि सूचक सहितको परियोजना अवधारणापत्र तयार तथा स्वीकृत गरेको देखिएन। तसर्थ परियोजनाको स्वीकृत अवधारणापत्र, सम्भाव्यताको अध्ययन, विस्तृत अध्ययन प्रतिवेदन पश्चातमात्र परियोजनाको क्रियाकलापहरु कार्यान्वयनमा लानुपर्ने व्यवस्थालाई पूर्णरुपमा पालना गर्नुपर्दछ।

१३.२ यस कार्यक्रम कार्यान्वयनमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, ७ वटै प्रदेशका सामाजिक विकास मन्त्रालय तथा स्थानीय तहसमेत तिनै तहको सरकारको भूमिका रहेको छ। साथै अन्य बाह्य सरोकारवालाको रुपमा उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, स्थानीय स्वास्थ्य संस्था, हवाई सेवा प्रदायक संस्था, कृषि तथा पशुपालन क्षेत्र, पर्यटन क्षेत्र, गैहकृषि क्षेत्र सँग सम्बन्धित सीप तथा व्यवसायीक तालिम प्रदायक संस्थाहरु, विभिन्न गैर सरकारी संघ संस्था, उद्यमी सञ्जाल, उद्यमी महासंघ तथा मिडिया रहेका छन्। कार्यक्रमको तर्जुमा तथा कार्यान्वयन पूर्व नै यस परियोजना अन्तर्गतका कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष सरोकार राख्ने सरोकारवाला तथा कार्यक्रमा लक्षित वर्गसँग छलफल तथा अन्तरक्रिया गर्नुपर्नेमा कार्यक्रम कार्यान्वयनमा संलग्न निकाय तथा लक्षित वर्ग एवं सरोकारवाला निकायसँगको छलफल तथा अन्तरक्रियाको अभिलेख राखेको देखिएन। परियोजना अन्तर्गत सञ्चालित क्रियाकलापहरुको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि हाँसिल गर्नको लागि सरोकारवाला पक्षसँगको पर्याप्त छलफल पश्चात मात्र कार्यक्रम कार्यान्वयनमा लानु पर्दछ।

पूर्व तयारी र सरोकारवाला सबै पक्षहरु बीचको छलफल र समन्वय बेगर कार्यक्रम सुरुवात गरेकोले कार्यक्रम कार्यान्वयनको २०७७।७८-२०७९।८० सम्म पनि सबै नीतिगत तथा कानूनी व्यवस्था बनिसकेको अवस्था नरहेको तथा नीतिगत व्यवस्था समेत परिवर्तन तथा परिमार्जन कार्यक्रम सञ्चालन ढाँचा तथा स्वरुप परिवर्तन नागरिकमा कार्यक्रमको उद्देश्य सम्बन्धमा प्रष्ट जानकारीको अभाव सरोकारवाला पक्षले कार्यक्रम क्रियाकलाप सम्बन्धमा प्रष्ट जानकारी भएको देखिँदैन। तसर्थ परियोजनाको स्वीकृत अवधारणापत्र, सम्भाव्यताको अध्ययन, विस्तृत अध्ययन प्रतिवेदन समेत सरोकारवालासँगको पर्याप्त छलफल पश्चातमात्र परियोजना तथा कार्यक्रम कार्यान्वयनमा लानु पर्ने व्यवस्थालाई पूर्णरुपमा पालना गर्नुपर्दछ।

१३.३ पन्ध्रौं पञ्चवर्षिय योजनाको दीर्घकालीन सोच र राष्ट्रिय लक्ष्य हासिल गर्न बृहत् प्रभाव पार्ने र विशिष्ट प्रकृतिका आयोजनालाई रूपान्तरणकारी आयोजनाका रूपमा पहिचान गरेको छ । साथै, स्थानीय तहदेखि नै सबल अर्थतन्त्रको आधार सिर्जना गर्न र प्रादेशिक सन्तुलन कायम गर्दै योजनाले लिएको दुई अंकको आर्थिक वृद्धि गर्न यी आयोजनाको महत्त्वपूर्ण भूमिका रहने साथै आयोजना कार्यान्वयनबाट विषय क्षेत्रगत विद्यमान अवस्थामा सारभूत परिवर्तन हुने उल्लेख गरेको छ। योजनाले लिएका राष्ट्रिय तथा विषय क्षेत्रगत लक्ष्य तथा उद्देश्य हाँसिल हुने गरी कुल गार्हस्थ्य उत्पादनमा योगदान पुग्ने, सम्बन्धित विषय क्षेत्रको प्रमुख उपलब्धि हासिल गर्न कम्तीमा २० प्रतिशत योगदान पुग्ने, कम्तीमा २० हजार रोजगारी सिर्जना गर्ने, कम्तीमा २० लाख जनसङ्ख्या लाभान्वित हुने, विकासका सूचकमा पछि परेका विषय क्षेत्र र प्रदेशलाई प्राथमिकता दिई विकासमा विषय क्षेत्रगत र प्रादेशिक सन्तुलन कायम हुने जस्ता आधार लिई रुपान्तरणकारी योजनाको रुपमा समावेश गर्ने उल्लेख छ। राष्ट्रिय महत्वको आयोजना घोषणा गर्दा पुर्व तयारी तथा आयोजना छनोटमा आवश्यक स्वीकृत कागजात समेतको अभावमा यस परियोजनाले माथि उल्लेखित आर्थिक वृद्धिमा पर्ने असर तथा प्रभाव सम्बन्धमा विश्लेषण गरेको देखिएन। आयोजनाको लक्षित सूचकहरु निर्धारण गरेर रुपान्तरणकारी आयोजनाको पहिचान तथा छनौट प्रक्रियालाई वस्तुगत मापदण्डमा आधारित बनाई कार्यान्वयनमा लानु पर्दछ ।

१४ **कार्यक्रम** - आयोजनाले प्राथमिकतामा राखी उद्घोषण गरिएका कार्यक्रमहरुमध्ये निम्न कार्यक्रमहरु सञ्चालान भएको देखिएन।

१४.१ उद्यमशीलता विकास, वित्तीय पहुँच, टेवा पूँजी, प्रविधि सम्बन्धमा जानकारी उपलब्ध गराउने साथै उत्पादक र उपभोक्ता बीच सम्बन्ध विकास गर्ने उद्धेश्यले "हातैमा उद्यम मोवाइल एप्स" भनी घोषणा भएको कार्यक्रम ३ वर्ष वितिसकेको अवस्थामा समेत कार्यान्वयनमा ल्याएको छैन । नेपाल सरकारको नागरिक एप्ससँग अन्तर आवद्द हुने र महिला उद्यमीहरुको देशव्यापी संजालीकरण निर्माण भएको हुने उल्लेख भएको यो कार्यक्रम नै कार्यान्वयन नहुँदा स्थानीय स्रोत साधन तथा कच्चा पदार्थको समुचित उपयोगबाट स्वदेशी घरेलु उद्योगको स्थापना भई महिला उद्यमीहरूको स्वरोजगार र उद्यमशीलताको प्रवर्द्धन हुन सक्ने अवस्था देखिदैन।

१४.२ गरिब तथा विपन्न दलित, आदिवासी जनजाति, एकल तथा अपाङ्गता भएका महिला, वादी, मुसहर, कमलरी, कमैया, चेपाङ्ग जस्ता वञ्चितिमा परेका समुदायका महिला तथा किशोरीको आय आर्जन क्षमता विकास र सशक्तीकरण गर्ने गरी आर्थिक सामाजिक विकासका कार्यक्रम अन्तर्गत बहुआयामिक नमुना ग्राम कार्यक्रम अगाडि सारिएको देखिन्छ। समुदायको पहुँच विस्तार गर्न पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारी विकासका हरेक आयाममा लैङ्गिक मैत्री बनाई बहुआयामिक नमूना ग्रामको रुपमा स्थापना गर्ने उद्देश्य सहित मानव विकास सूचकांङ्कमा पछाडि परेका स्थानीय

तह अन्तर्गत विपन्न, सिमान्तकृत समुदायलाई समेटेर समानता उन्मुख नमूना गाउँ स्थापना गर्दै लैजाने उद्देश्यले पहिलो चरणमा सात प्रदेशका ७ स्थानीय तहको लक्षित समूदाय रहेको बस्तीलाई नमूना बहुआयामिक ग्रामको रुपमा स्थापना गर्न विस्तृत अध्ययन प्रतिवेदन तयार गरेको देखिन्छ।

प्रस्तावित बहु आयामिक नमूना ग्रामहरु

सि. न.	प्रदेश	समुदाय	स्थान	लक्षित समुदाय	
				घर धुरी	जनसंख्या
१.	कोशी	सन्थाल लोपोन्मुख	उर्लावारी नगरपालिका,वडा नं . ८ बहादुर बाबा मोरङ	९९	४३३
२.	मधेस	मुसहर/डोम (अति विपन्न दलित)	गोलबजार नगरपालिका वडा न ११ र वलकावा वस्ती सिराहा	५५२	३२३०
३.	बाग्मती	चेपाङ/लोपोन्मुख आदिवासी	राप्ती नगरपालिका वडा न १० वडा न ११ वडा न १२ र १३ को चौधारा थाकलटार चितवन	१७२७	८६३५
४.	गण्डकी	दलित, जनजाति	रघुगंगा गाउँपालिका वडा न ७ चिमखोला म्याग्दी	३०३	१२९४
५.	लुम्बिनी	विपन्न मुस्लिम	नेपालगञ्ज नगरपालिका वडा न ६ र फुलटेक्रा वस्ती बाँके	२५९	१४६०
६.	कर्णाली	विपन्न ब्राम्हण/क्षेत्री	नारायण नगरपालिका वडा न १६ वडा न १२ को हिम्मतपुर बस्ती र वडा न १७ धुरजन्ना र कैलाली	५६४	२८९४
७.	सुदुरपश्चिम	विपन्न मुक्त कमैया/कमलरी	धनगढी उपमहानगरपालिका, वडा नं. १६, वडा नं. १२ को हिम्मतपुर बस्ती र वडा नं. १७ धुरजन्ना र, कैलाली	२८६७	१८८६

माथि उल्लेखित स्थानीय तह छनौट गरेपनि नमूना बस्तीको रुपमा विकास गर्ने प्रक्रिया अगाडि बढेको छैन।

१४.३ भौतिक पूर्वाधार, शिक्षा, स्वास्थ्य, रोजगारीका अवसर तथा राजनैतिक, आर्थिक, सामाजिक, तथा साँस्कृतिक क्षेत्रको प्रतिनिधित्व र व्यवहारमा समेत महिला र पुरुष समानता हुने गरी लैङ्गिक मैत्री नमूना समुदाय निमार्ण गर्ने तथा मानव अधिकारसँग सम्बन्धित विषयहरूका साथै मानव, विकासका सूचकहरूमा र विकासका विभिन्न आयामहरूमा महिला पुरुषको अवस्थामा सुधार गरी सामाजिक रुपान्तरणमा टेवा पुऱ्याउने र महिला, बालबालिका, अपांगता भएका व्यक्ति तथा जेष्ठ नागरिकको संरक्षण, विकास र सशक्तीकरण गर्दै हिंसा मुक्त समाज निमार्ण गर्ने उद्देश्यका साथ सामाजिक रुपान्तरणमा महत्वपूर्ण भुमिका निर्वाह गर्ने यस कार्यक्रममा हाल सम्म विस्तृत अध्ययन सर्वेक्षण तथा अवधारणापत्र तयार भएको छ भने कार्यक्रम के कसरी सञ्चालन गर्ने सो सम्बन्धमा छुट्टै मापदण्ड बनाई लागु गर्ने उल्लेख भएता पनि सो मापदण्ड तयार भएको देखिएन। साथै कार्यक्रम अन्तर्गत के कस्ता क्रियाकलाप सञ्चालन गर्ने सो समेत स्पष्ट किटान भएको छैन।

तसर्थ परियोजनाको महत्वपूर्ण कार्यक्रमको रुपमा रहेको बहुआयामिक नमूना ग्रामका मुख्य मुख्य क्रियाकलाप पहिचान, लागत व्यहोर्ने श्रोत सुनिश्चितता एवं निर्माण पश्चात सञ्चालन विधि समेतको स्पष्ट व्यवस्था सहित कार्यक्रम कार्यान्वयनमा लैजानु आवश्यक देखिन्छ।

१५ **योजना कार्यान्वयन** - राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको अवधि आर्थिक वर्ष २०७७।७८ देखि २०८०।८१ सम्म रहेको अवस्थामा पन्ध्रौं पञ्चवर्षीय योजनामा यस परियोजना अन्तर्गतका समावेश विभिन्न क्रियाकलाप मध्ये केही क्रियाकलापहरु सुरुनै नभएको तथा केही क्रियाकलापहरु आंशिक रुपमा कार्यान्वयनमा रहेको साथै केही क्रियाकलापहरु कार्यान्वयन ढाँचा सम्बन्धमा स्पष्टता नरहेको जस्ता समस्याहरु विद्यमान देखिन्छन् । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छन्;

१५.१ महिलाले गर्ने घरेलु तथा हेरचाह कार्यको सर्वेक्षण तथा मौद्रिक मुल्य निर्धारण सम्बन्धमा हालसम्म कुनै कार्यक्रम तयार गरी लागु गरिएको छैन। साथै सो क्रियाकलाप के कसरी सम्पन्न गर्ने सो सम्बन्धमा कुनै स्पष्ट खाका तयार गरिएको छैन।

१५.२ लैङ्गिक हिंसाको अवस्थाको सर्वेक्षण मार्फत लैङ्गिक रुपले खण्डिकृत तथ्याङ्क उपलब्ध हुने गरी व्यवस्थापन सूचना प्रणाली विकास गर्ने उल्लेख भएता पनि सो खण्डिकृत तथ्याङ्क उपलब्ध हुने गरी व्यवस्थापन प्रणाली विकास गर्न स्पष्ट कार्यक्रम कार्यान्वयनमा रहेको देखिएन।

१५.३ सरकारका तीनै तहमा लैङ्गिक उत्तरदायी बजेट प्रणाली स्थापना गर्ने क्रियाकलाप उल्लेख गरेकोमा उक्त क्रियाकलापको दायराको व्यापकता तथा सो क्रियाकलाप सम्पन्न गर्न नेपाल सरकारको समग्र नीति तथा कार्यक्रम एवं बजेट व्यवस्थापन प्रणाली र बजेट कार्यान्वयन गर्ने सम्पूर्ण निकायको सहकार्य तथा समन्वय आवश्यक भएपनि सो क्रियाकलापलाई लक्षित गरी कुनै पनि कार्यक्रम सञ्चालनमा रहेको देखिदैन।

१५.४ पन्ध्रौं पञ्चवर्षिय योजनाले यस परियोजनामार्फत सञ्चालन गर्ने क्रियाकलापमा लैङ्गिकमैत्री भौतिक संरचना निर्माण गर्ने उल्लेख गरेको छ। सो क्रियाकलाप सञ्चालनको लागि यसको उपलब्धी सूचक सहितको स्पष्ट कार्यक्रम तयार गरी लागु गरेको देखिएन।

उपरोक्त क्रियाकलाप कार्यान्वयन गर्नका लागि नीतिगत विषयको व्यवस्था तथा बहुनिकायको समन्वयकारी भूमिका अपरिहार्य रहन्छ ।यसले पूर्वतयारी विना महत्वाकांक्षी क्रियाकलाप समावेश गर्ने तर उक्त क्रियाकलापको कार्यान्वयन पाटो फितलो देखिएको छ। पन्ध्रौं योजनामा समावेश उपरोक्त क्रियाकलापलाई कार्यान्वयनमा लैजान पर्याप्त नीतिगत, कानूनी, भौतिक तथा वित्तीय श्रोत साधनको व्यवस्था सहित कार्यान्वयनको स्पष्ट कार्ययोजना तयार गरी लागु गर्नु आवश्यक छ।

१६ **राष्ट्रपति महिला सशक्तीकरण जीविकोपार्जन कार्यक्रम** - यस परियोजना अन्तर्गत मानव विकास सूचकाङ्कमा पछि परेका ५५ जिल्लाहरु मध्येबाट द्वन्द पिडित, अति विपन्न दलित, पिछडा बर्ग, जनजाति, मधेसी, खस, आर्य तथा मुस्लिम वर्गका महिला लक्षित जीविकोपार्जन कार्यक्रम कार्यान्वयनमा रहेको छ। राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रमले विपन्न महिलाहरुको जीवनस्तरमा वढोत्तरी गर्दै स्थानीय श्रोत साधन समेतको समुचित प्रयोग गर्दै उद्यमशीलता विकासको माध्यमबाट महिलाहरुको आर्थिक सशक्तीकरण गर्ने एवं आय आर्जन तथा जीविकोपार्जन सुधारका माध्यमबाट महिला सशक्तीकरण र महिलाद्वारा स्थापित संस्थाको क्षमता अभिवृद्धि गर्ने उद्देश्य सहित वित्तीय हस्तान्तरण मार्फत नेपाल मानव विकास सुचकांकमा पछाडि परेका जिल्लाका १११ स्थानीय तह कार्यक्रम सञ्चालनका लागि छनोट गरेको देखिन्छ।यस कार्यक्रममा देखिएका व्यहोराहरु देहाय बमोजिम उल्लेख गरिएको छ।

१६.१ महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विवरण अनुसार उपरोक्त कार्यक्रम सञ्चालनको लागि छनौट भएका १११ स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान बजेट व्यवस्थापन गरिएको जनाएता पनि स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली अनुसार प्राप्त विवरण निम्नानुसार छ।

जीविकोपार्जन सुधार कार्यक्रम प्रगति विवरण

आर्थिक वर्ष	बजेट विनियोजित स्थानीय तह	बजेट रकम (रु हजार)	कार्यक्रम सञ्चालित स्थानीय तह	बजेट खर्च (रु हजार)
२०७७।७८	१००	९००००	२१	१६६४८
२०७८।७९	१११	१०००००	४२	३५२९७
२०७९।८०	१११	१०००००	३६	२९९६०
	जम्माः	**२९०००० **	**९९**	**८१९०५**

मन्त्रालय अनुसार आर्थिक वर्ष २०७७।७८ मा १०० स्थानीय तह र २०७८।७९ देखि १११ स्थानीय तह कार्यक्रम सञ्चालनका लागि छनोट गरि बजेट विनियोजन भएकोमा स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीको विवरण अनुसार २०७७।७८ मा २१ स्थानीय तहमा मात्र उक्त कार्यक्रम सञ्चालन भई रु १ करोड ६६ लाख ४८ हजार खर्च भएको छ। आर्थिक वर्ष २०७८।७९ मा ४२ स्थानीय तहमा कार्यक्रम सञ्चालन भई रु ३ करोड ५२ लाख ९७ हजार खर्च भएको र २०७९।८० मा ३६ स्थानीय तहमा मात्र उक्त कार्यक्रम सञ्चालन भई रु २ करोड ९९ लाख ६० हजार खर्च भएको छ।

तोकिएबमोजिम कार्यक्रम सञ्चालन हुन नसक्नुमा राष्ट्रपति महिला सशक्तीकरण परियोजनामा समावेश जिविकोपार्जन सुधार कार्यक्रम सम्बन्धमा पालिकालाई पूर्णरुपमा जानकारी नभएको तथा कार्यक्रम सञ्चालनको लागि संस्था छनोट प्रक्रियामा नआएको तथा जनशक्तिको अभाव रहेको जस्ता कारण उल्लेख गरेको देखियो। तसर्थ यस कार्यक्रममा छनोट भएका १११ स्थानीय तहमा हस्तान्तरित भएको रकमको उपयोग र सो बाट अपेक्षित उपलब्धी हाँसिल भए नभएको सुनिश्चित गर्न सो कार्यक्रमबाट भएका क्रियाकलापको अभिलेख, प्रतिवेदन ,अनुगमन र विश्लेषण गर्ने गराउने व्यवस्था गर्नु पर्दछ।

१६.२ नागरिक सहभागितामा लेखापरीक्षण सञ्चालन गरिएको ४ जिल्लाको जिविकोपार्जन कार्यक्रम सञ्चालन भएका ९ स्थानीय तहबाट प्राप्त विवरण निम्नानुसार रहेको छ।

(रु हजारमा)

जिल्ला	स्थानीय तह	२०७७।७८			२०७८।७९			२०७९।८०		
		विनियोजित बजेट	खर्च	खर्च प्रतिशत	विनियोजित बजेट	खर्च	खर्च प्रतिशत	विनियोजित बजेट	खर्च	खर्च प्रतिशत
हुम्ला	**नाम्खा**	८९०	०	०	८९०	०	०	८९०	८९०	१००
	ताजकोट	८९०	०	०	८९०	०	०	८९०	८९०	१००
दार्चुला	दुहुँ	८९०	०	०	८९०	८९०	१००	८९०	०	०
	नौगाड	८९०	०	०	८९०	८९०	१००	८९०	८८९	१००
दैलेख	आठबिस	८९०	०	०	८९०	८७४	९८	८९०	०	०
	ठाँटीकाँध	८९०	८०३	९०	८९०	८९०	१००	८९०	०	०
कालिकोट	पचाल झरना	८९०	८१०	९१	८९०	०	०	८९०	८३५	९३
	पलता	०	०	०	८९०	८९०	१००	८९०	०	०

उपरोक्त तालिका अनुसार हुम्ला जिल्लाको नाम्खा गाउँपालिका र ताजकोट गाउँपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा प्रत्येक वर्ष रु ८ लाख ९० हजार बजेट विनियोजन भएकोमा २०७७।७८ र २०७८।७९ मा खर्च नभएको र २०७९।८० मा मात्र

खर्च प्रगति १०० प्रतिशत भएको छ। दार्चुला जिल्लाको दुहु गाउँपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा प्रत्येक वर्ष रु.८ लाख ९० हजार बजेट विनियोजन भएकोमा २०७७।७८ र २०७९।८० मा खर्च शून्य रहेको र २०७८।७९ मा १०० प्रतिशत खर्च प्रगति रहेको छ। दार्चुला जिल्लाको नौगाढ गाउँपालिका मा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा प्रत्येक वर्ष रु.८ लाख ९० हजार बजेट विनियोजन भएकोमा २०७७।७८ मा खर्च भएको छैन र २०७८।७९ र २०७९।८० मा १०० प्रतिशत खर्च गरेको छ। दैलेख जिल्लाको आठविस नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा हरेक वर्ष रु.८ लाख ९० हजार बजेट विनियोजन भएकोमा २०७८।७९ मा ९८ प्रतिशत खर्च भएको तर २०७७।७८ र २०७९।८० मा बजेट खर्च भएको छैन। दैलेखको ठाँटीकाँध गाउँपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा प्रत्येक वर्ष रु ८ लाख ९० हजार बजेट विनियोजन भएकोमा ७७।७८ मा रु ८ लाख ३ हजार, २०७८।७९ मा रु ८ लाख ९० हजार खर्च भएको र २०७९।८० मा बजेट खर्च प्रगति शून्य देखिन्छ। कालिकोट जिल्लाको पचाल झरना गाउँपालिकामा २०७७।७८ मा रु ८ लाख १० हजार खर्च भएको र २०७९।८० मा रु ८ लाख ३५ हजार खर्च भएको देखिन्छ भने २०७८।७९ मा बजेट खर्च भएको छैन। कालिकोट जिल्लाको पलता गाउँपालिकामा आर्थिक वर्ष २०७८।७९ मा खर्च प्रगति १०० प्रतिशत र २०७७।७८ र २०७९।८० मा खर्च शून्य देखिएको छ।

१६.३ महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को दफा ५ मा स्थानीय तहले सूचना प्रकाशन गरी सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको संस्था छनौट गर्ने र सो मार्फत लाभग्राहीलाई तालिम तथा अभिमुखीकरण प्रदान गर्ने र तालिम कार्यक्रममा सहभागि भएका मध्ये २५ जनालाई प्रशासनिक एव व्यवस्थापन खर्च स्वरुप अनुदान रकम रु २६ हजारका दरले वितरण गर्ने उल्लेख छ। नमुनाको रुपमा अध्ययन छनोटमा परेका स्थानीय तह मध्ये दैलेखको नारायण नगरपालिकाबाट प्राप्त विवरण अनुसार उक्त पालिकाबाट कार्यक्रम सञ्चालनको लागि संस्था आह्वानको सूचना प्रकाशन गर्दा कुनै पनि संस्थाबाट निवेदन नपरेको हुँदा नगरपालिकाले आफ्नै जनशक्ति प्रयोग गरी कार्यक्रम सञ्चालन गरेको जानकारी प्राप्त भएको छ। तसर्थ मापदण्डमा भएको कार्यक्रम सञ्चालनसम्बन्धी व्यवस्थालाई समेत समिक्षा गरी पुनरावलोकन गर्नु आवश्यक देखिन्छ।

१६.४ महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ को दफा ५ मा नेपाल मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्ला अन्तर्गतको स्थानीय तहको छनोट संघीय मन्त्रालयले गर्ने उल्लेख छ। सोहि व्यवस्था अनुसार जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत ५५ जिल्लाका १११ वटा स्थानीय तह छनौट भएका छन्। स्थानीय तह छनौट गर्दा मानव विकास सूचकांकमा पछाडि परेका स्थानीय तह छनौट गर्नुपर्नेमा सो नभई मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका कुनै एक स्थानीय तह छनौट गरी कार्यक्रम सञ्चालन गरेको पाइयो। कार्यक्रमको लागि स्थानीय तह छनोट गर्दा उक्त स्थानीय तहको मानव विकास सूचकाङ्कको अवस्था तथा आवश्यकता समेतलाई आधार लिई स्थानीय तह छनोट गर्नु पर्दछ।

१७ **उद्यमशीलता विकास वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम** - राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गतको उद्यमशीलता विकास वित्तीय पहुँच, टेवा पूँजी र प्रविधि सहयोग कार्यक्रम महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, ७ प्रदेशको सामाजिक विकास मन्त्रालय र १०० स्थानीय तहको समन्वय र सहकार्यमा सञ्चालन तथा कार्यन्वयनमा रहेको छ। यस कार्यक्रमले नवप्रवर्द्धनकारी उद्यम व्यवसाय सञ्चालन गरेका, मौसमी तथा बेमौसमी तरकारी तथा

फलफुल खेती, होजरी, कुखुरापालन, पशुपालन, अल्लो तथा ढाका बुनाई होटल व्यवसाय, मौरीपालन, माछापालन, होमस्टे तथा परम्परागत सीप र प्रविधिमा आधारित महिला वा महिला समूहबाट सञ्चालन गरिरहेका वा गर्न चाहने महिला उद्यमी तथा उद्यमी समूहलाई प्रदेश मन्त्रालयमार्फत टेवा पूँजी प्रविधि सहयोग तथा अभिमूखीकरण तालिम सञ्चालन गर्ने उल्लेख छ। यस कार्यक्रम सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्।

टेवा पूँजी र प्रविधि सहयोग प्राप्त गरेका उद्यमी तथा उद्यमी समूह विवरण

क्र.सं.	प्रदेश मन्त्रालयबाट उपलब्ध विवरण अनुसार छनोट उद्यमी तथा समूह				
	प्रदेश	आर्थिक वर्ष	उद्यमी समुह	उद्यमी	बजेट खर्च
१.	कोशी	२०७७।०७८	१	१९	४३००
		२०७८।०७९	०	५	१०००
		२०७९।०८०	१	२०	४५००
२.	बागमति	२०७७।०७८	१	१९	४३००
		२०७८।०७९	१	५	१५००
		२०७९।०८०	१	१९	४३००
३.	गण्डकी	२०७७।०७८	०	८	१६००
		२०७८।०७९	०	२०	४०००
		२०७९।०८०	०	११	२२००
४.	लुम्बिनी	२०७७।०७८	०	८	१६००
		२०७८।०७९	०	०	०
		२०७९।०८०	०	०	०
५.	कर्णाली	२०७७।०७८	०	७	१४००
		२०७८।०७९	१	१५	३५००
		२०७९।०८०	०	१९	३८००
६.	सुदुरपश्चिम	२०७७।०७८	०	०	०
		२०७८।०७९	०	२	४००
		२०७९।०८०	१	१३	३१००
			७	१९०	४१५००
मधेश प्रदेशबाट यससम्बन्धी ३ वर्षको विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन।					

१७.१ यस कार्यक्रमले आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा प्रत्येक वर्ष हरेक प्रदेशका १ महिला उद्यमी समूह तथा २० महिला उद्यमीलाई टेवा पूँजी अनुदान उपलब्ध गराउने उल्लेख गरेता पनि हालसम्म ७ महिला उद्यमी समूहलाई ३५ लाख र १९० उद्यमीलाई ३ करोड ८० लाख गरी जम्मा रु ४ करोड १५ लाख अनुदान वितरण गरेको छ।कोशी प्रदेशमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा २ महिला उद्यमी समूह तथा ४४ महिला उद्यमीले मात्र यस कार्यक्रमबाट प्रदान गरिने टेवा पूँजी प्राप्त गरेको देखियो। बागमती प्रदेशमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा ३ महिला उद्यमी समूह तथा ४३ महिला उद्यमीले मात्र यस कार्यक्रमबाट प्रदान गरिने टेवा पूँजी प्राप्त गरेको देखियो। गण्डकी प्रदेशमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा ३९ महिला उद्यमीले मात्र यस कार्यक्रमबाट प्रदान गरिने टेवा पूँजी प्राप्त गरेको तथा महिला उद्यमी समूह तर्फ कुनैपनि समुहले प्राप्त नगरेको देखियो।

लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा ८ महिला उद्यमीले मात्र यस कार्यक्रमबाट प्रदान गरिने टेवा पूँजी प्राप्त गरेको तथा महिला उद्यमी समूह तर्फ कुनै पनि महिला उद्यमी समूहले प्राप्त गर्न सकेको छैन। कर्णाली प्रदेशमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा १ महिला उद्यमी समूह तथा ४१ महिला उद्यमीले मात्र यस कार्यक्रमबाट प्रदान गरिने टेवा पूँजी प्राप्त गरेको देखियो। सुदुरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा १ महिला उद्यमी समूह तथा १५ महिला उद्यमीले मात्र यस कार्यक्रमबाट प्रदान गरिने टेवा पूँजी प्राप्त गरेको देखियो।

कार्यक्रमले पूर्वनिर्धारित लक्ष्य अनुसारको प्रगति हाँसिल गर्न नसक्दा लक्षित वर्गले सेवा प्राप्त गर्न नसकेको, तथा समग्र परियोजनाको आर्थिक सशक्तीकरणको उपलब्धी प्राप्त गर्न कठिनाई हुने देखिन्छ। तसर्थ पूर्वनिर्धारित लक्ष्य अनुरुप प्रगति प्राप्त गर्न कार्यक्रम कार्यान्वयन निकाय सक्रिय हुनु पर्ने तथा सुपरीवेक्षण तथा अनुगमनलाई प्रभावकारी बनाउनु पर्दछ।

१७.२ यस कार्यक्रम सञ्चालनका लागि वित्तीय हस्तान्तरण मार्फत सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयलाई सशर्त अनुदान प्रदान गरी बजेट व्यवस्थापन गरेको देखिन्छ। यस सन्दर्भमा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट सोही वित्तीय हस्तान्तरण भई प्रदेश मन्त्रालयलाई गएको रकमलाई नै प्रगति विबरणको रुपमा उल्लेख गरेको देखिन्छ। प्रदेश मन्त्रालयबाट प्राप्त विवरण अनुसार लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०७७।७८ मा बाहेक अन्य आर्थिक वर्षमा कार्यक्रम कार्यान्वयन नभएको देखियो। त्यस्तै सुदुरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०७७।७८ मा कार्यक्रम सञ्चालन नभएको र २०७८।७९ मा कुनै पनि महिला समुहले टेवा पूँजी प्राप्त नगरेको र २ उद्यमीले मात्र टेवा पूँजी प्राप्त गरेको देखियो।तर संघीय मन्त्रालयले देखाएको प्रगति विवरणमा वित्तीय हस्तान्तरणको बजेटलाई प्रगति उल्लेख गरेको पाइयो। हस्तान्तरण भएको रकमको उपयोग र सो बाट अपेक्षित उपलब्धी हाँसिल भयो भन्ने सुनिश्चित गर्न सो कार्यक्रमबाट भएका क्रियाकलापको अभिलेख, प्रतिवेदन, अनुगमन, विश्लेषण गर्ने गराउने व्यवस्था गर्नु पर्ने देखिन्छ।

१८ **महिला उद्यमशीलता सहजीकरण केन्द्र** - यस परियोजना अन्तर्गत स्थानीय तहमा महिला उद्यमीको सूचनामा पहुँच, सीप तथा सिर्जनाको उपयोग, वजार प्रबर्द्धन र वित्तीय पहुँच प्रविधि उपयोग तथा प्राविधिक पक्षमा सहजीकरण गर्नका लागि ७ प्रदेशको १०० स्थानीय तहमा सहजीकरण केन्द्र सञ्चालन गर्ने कार्यक्रम कार्यान्वयनमा ल्याएको देखिन्छ। सो कार्यक्रमलाई व्यवस्थित गर्न महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७ तर्जुमा तथा कार्यान्वयनमा रहेको छ। सो कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

१८.१ महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विवरण अनुसार उपरोक्त कार्यक्रम सञ्चालनको लागि छनौट भएका १०० स्थानीय तहमा वित्तीय हस्तान्तरण मार्फत सशर्त अनुदान बजेट व्यवस्थापन गरिएको जनाएता पनि स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणाली अनुसार प्राप्त विवरण निम्नानुसार छ।

सहजीकरण केन्द्र कार्यक्रम प्रगति विवरण

आर्थिक वर्ष	मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन अनुसारको विवरण			
	बजेट विनियोजित स्थानीय तह (सङ्ख्या)	बजेट रकम (रु हजारमा)	कार्यक्रम सञ्चालन स्थानीय तह	बजेट खर्च (रु हजारमा)
२०७७।७८	७०	३५०००	११	३८८८
२०७८।७९	१००	२००००	२४	४५०५
२०७९।८०	१००	२००००	२७	५२४१

मन्त्रालय अनुसार आर्थिक वर्ष २०७७।७८ मा ७० स्थानीय तह र २०७८।७९ देखि १०० स्थानीय तह कार्यक्रम सञ्चालनका लागि छनोट गरेको विवरण प्राप्त भएता पनि स्थानीय सञ्चितकोष व्यवस्थापन प्रणालीको विवरण अनुसार २०७७।७८ मा ११ स्थानीय तहमा मात्र उक्त कार्यक्रम सञ्चालन गरी रु ३८ लाख ८८ हजार खर्च भएको छ। आर्थिक वर्ष २०७८।७९ मा २४ स्थानीय तहमा मात्र उक्त कार्यक्रम सञ्चालन गरी रु ४५ लाख ५ हजार र २०७९।८० मा २७ स्थानीय तहमा मात्र उक्त कार्यक्रम सञ्चालन गरी रु ५२ लाख ४१ हजार खर्च भएको छ।

१८.२ यसरी कार्यक्रम सञ्चालन हुन नसक्नुमा राष्ट्रपति महिला सशक्तीकरण परियोजनामा समावेश महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यक्रम सम्बन्धमा पालिकालाई पूर्णरुपमा जानकारी नभएको तथा कार्यक्रम सञ्चालनको लागि जनशक्तिको अभाव रहेको, सहजकर्ताको पारिश्रमिक व्यवस्थापनमा कठिनाई रहेको जस्ता कारण उल्लेख गरेको देखियो। यसरी संघीय मन्त्रालयले उल्लेख गरेको महिला उद्यमशीलता सहजीकरण केन्द्र कार्यक्रम तर्फको सशर्त अनुदान बजेट रकमलाई प्रगति सूचकको रुपमा उल्लेख गरेको अवस्थामा संघीय मन्त्रालयबाट तयार भएको कार्यक्रम प्रगति विवरणले सो कार्यक्रमको खर्चको यथार्थ चित्रण गर्दैन ।यसरी हस्तान्तरित भएको रकमको उपयोगको अवस्था सम्बन्धमा प्रतिवेदन गर्ने, गर्न लगाउने र सो को विश्लेषण गरी सुधार गर्न लगाउने लगायतका कार्यहरु व्यवस्थित रुपमा हुने गर्नु पर्दछ।

१८.३ नागरिक सहभागितामा लेखापरीक्षण सञ्चालन गरिएको ४ जिल्लाको सहजीकरण केन्द्र कार्यक्रम सञ्चालन भएका ९ स्थानीय तहबाट प्राप्त विवरण निम्नानुसार रहेको छ।

(रु.हजार)

जिल्ला	स्थानीय तह	२०७७।७८		२०७८।७९		२०७९।८०	
		बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
हुम्ला	सिमिकोट गाउँपालिका	५००	०	२००	०	२००	०
दार्चुला	महाकाली नगरपालिका	५००	०	२००	०	२००	०
दैलेख	दुल्लु नगरपालिका	५००	०	२००	२००	२००	०
	नारायण नगरपालिका	५००	०	२००	२००	२००	२००
कालिकोट	खाँडाचक्र नगरपालिका	५००	०	२००	०	२००	०
	रास्कोट नगरपालिका	५००	०	२००	०	२००	२००

उपरोक्त तालिका अनुसार हुम्ला जिल्लाको सिमिकोट गाउँपालिका र दार्चुला जिल्लाको महाकाली नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्म जम्मा रु ९/९ लाख सशर्त अनुदान बजेट विनियोजन भएकोमा दुवै पालिकमा खर्च प्रगति शून्य रहेको छ। दैलेख जिल्लाको दुल्लु नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ मा सो कार्यक्रममा रु ५ लाख बजेट विनियोजन भएकोमा कार्यक्रम प्रगति शून्य रहेको तथा २०७८।७९ र २०७९।८० मा प्रत्येक वर्ष रु २ लाखका दरले बजेट विनियोजन भएकोमा २०७८।७९ मा १०० प्रतिशत खर्च प्रगति हाँसिल भएको तर २०७९।८० मा कार्यक्रम प्रगति शून्य रहेको देखिन्छ। दैलेख जिल्लाको नारायण नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा जम्मा रु ९ लाख बजेट विनियोजन भएकोमा २०७७।७८ मा शून्य प्रगति रहेको छ। कालिकोट जिल्लाको खाँडाचक्र नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा रु ९ लाख बजेट विनियोजन भएकोमा सबै आर्थिक वर्षमा कार्यक्रम प्रगति शून्य रहेको छ। कालिकोट जिल्लाको रास्कोट नगरपालिकामा आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्ममा रु ९ लाख बजेट विनियोजन भएकोमा २०७७।७८ र २०७८।७९ मा खर्च प्रगति शून्य रहेको र २०७९।८० मा खर्च प्रगति १०० प्रतिशत रहेको देखिएको छ।

१८.४ महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७ को दफा ५(४) मा महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले कार्यक्रम कार्यान्वयनमा लागि छनोट भएका १०० पालिका बिच समझदारीपत्रमा हस्ताक्षर गर्ने उल्लेख भएकोमा हालसम्म कुनै पनि स्थानीय तहसँग समझदारीपत्रमा हस्ताक्षर भएको छैन। यसरी केन्द्र सञ्चालन सम्बन्धमा पालिका र मन्त्रालयको जिम्मेवारी स्पष्ट हुने गरी समझदारीपत्रमा हस्ताक्षर हुन नसक्दा केन्द्र सञ्चालनमा दक्षता र प्रभावकारिता हाँसिल हुन सक्ने देखिदैन।

१८.५ महिला उद्यमशीलता सहजिकरण केन्द्र सञ्चालन कार्यविधि, २०७७ को दफा ५ मा केन्द्र सञ्चालनको लागि सम्बन्धित स्थानीय तहको महिला तथा बालबालिका शाखा प्रमुखलाई सम्पर्क व्यक्तिको रुपमा तोकी कार्यसञ्चालन गर्ने व्यवस्था रहेको तथा महिला उद्यमशीलता सहजीकरण केन्द्र सञ्चालन कार्यविधि २०७७ को ११(६)अनुसार आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा महिला सहजकर्ताको परिश्रमिक सम्बन्धित स्थानीय तहलेनै व्यवस्था गर्नु पर्ने उल्लेख छ। महिला उद्यमीलाई उद्यमशीलता विकास तथा उद्यमसँग सम्बन्धित आवश्यक सेवा सुविधाका विषयमा सहजीकरण र प्राविधिक सहयोग गर्न मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण गरेको, उद्यम विकाससम्बन्धी तालिम लिएका वा सीप परीक्षण गरेका, उद्यमशीलता विकास, सिप विकास, व्यवसाय प्रवर्द्धन वस्तुको गुणस्तर निर्धारण र मान्यता जस्ता विषयमा कम्तीमा १ महिनाको प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त गरेका एक जना महिला उद्यमी सहजकर्ता समेत रहने व्यवस्था छ। यस कार्यक्रमको मूख्य जिम्मेवार निकायको रुपमा रहेको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा १०० स्थानीयतह अन्तर्गत रहेका सहजकर्ता दरबन्दीको पदपूर्तिको अवस्था सम्बन्धमा तथ्याङ्क अद्यावधिक भएको देखिएन।

स्थानीय तहमा जनशक्ति अभाव रहिरहेको अवस्थामा महिला सहजिकरणकेन्द्रमा समेत जनशक्ति व्यवस्थापन गर्न कठिनाई भएको पालिकाको भनाई छ। साथै स्थानीय तह सङ्घीय तथा प्रादेशिक अनुदानमा निर्भर रहेको विद्यमान अवस्थामा सङ्घीय कार्यक्रममा स्थानीय निकायबाट सहजकर्ताको पारिश्रमिक व्यवस्था गर्नु पर्ने अवस्थाले सहजकर्ता नियुक्ति, पदपूर्ति तथा निरन्तरतामा स्थानीय तहलाई अनिवार्य गर्न सक्ने अवस्था देखिदैन। सहजीकरणकेन्द्रको सहजकर्ताको पदपूर्ति सम्बन्धमा स्पष्ट नीतिगत, कानुनी तथा पर्याप्त बजेटको व्यवस्था गरी सहजकर्ताको पदपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१९ **महिलाद्वारा उत्पादित सामाग्री प्रदर्शनी कार्यक्रम** - राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को दफा ८.१ को उपदफा ५ बमोजिम महिला उद्यमीद्वारा उत्पादित सामाग्रीलाई प्रतिस्पर्धी वनाउन र वजार पहुँच विस्तार गर्न संघ तथा प्रदेशमा स्टल स्थापना गरी राष्ट्रिय तथा प्रदेश स्तरीय कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने उद्देश्यले महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयद्वारा महिलाद्वारा उत्पादित सामाग्री प्रदर्शनी कार्यक्रम कार्यान्वयन गरिएको छ।यस अन्तर्गत हरेक वर्ष एक राष्ट्रिय स्तरको प्रदर्शनी कार्यक्रम तथा सातै प्रदेशमा प्रदेश स्तरीय प्रदर्शनी कार्यक्रम आयोजना गर्ने लक्ष्य राखिएकोमा लक्ष्य अनुरुप कार्यक्रम सञ्चालन हुन सकेको देखिँदैन।

प्रदर्शनी कार्यक्रम सञ्चालनको अवस्था

(रु.हजारमा)

आर्थिक वर्ष	प्रदेश स्तरीय प्रदर्शनी कार्यक्रम सञ्चालन अवस्था		राष्ट्रिय प्रदर्शनी कार्यक्रम सञ्चालन अवस्था	विनियोजित बजेट	खर्च
	कार्यक्रम भएको	कार्यक्रम नभएको			
२०७७।७८	मधेस	कोशी, गण्डकी, बागमती, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम	कार्यक्रम नभएको	३०००	६२९
२०७८।७९	मधेश, गण्डकी, कर्णाली	कोशी, बागमती लुम्बिनी र सुदुरपश्चिम	चितवनमा कार्यक्रम सम्पन्न भएको	१८३१	१८३०
२०७९।८०	कार्यक्रम नभएको	कार्यक्रम नभएको	कार्यक्रम नभएको	१०००	०

१९.१ मन्त्रालयबाट प्राप्त विवरणअनुसार आर्थिक वर्ष २०७७।७८ मा ३०० जनाको सहभागीतामा रु.६ लाख २९ हजार बजेट खर्च भई मधेस प्रदेशमा प्रदेश स्तरीय प्रदर्शनी कार्यक्रम सञ्चालन भएको तथा सो वर्ष अन्य कुनै प्रदेशमा सो कार्यक्रम सञ्चालन नभएको र राष्ट्रिय स्तरको प्रदर्शनी कार्यक्रम समेत सम्पन्न नभएको देखियो। आर्थिक वर्ष २०७८।७९ मा राष्ट्रियस्तरको प्रदर्शनी चितवनमा भएको तथा प्रदेश स्तरीय प्रदर्शनी मधेस प्रदेशको जनकपुरमा, गण्डकी प्रदेशको कास्कीमा र कर्णाली प्रदेशको सुर्खेतमा गरी जम्मा ३ प्रदेशमा सम्पन्न भई रु.१८ लाख ३० हजार खर्च भएकोमा अन्य प्रदेशमा सो कार्यक्रम सम्पन्न भएको देखिएन। आर्थिक वर्ष २०७९।८० मा राष्ट्रिय स्तरीय तथा प्रदेश स्तरीय कुनै पनि कार्यक्रम सम्पन्न भएको देखिएन।

१९.२ साथै सोही प्रदर्शनी कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७।७८ मा पूँजीगत बजेट शीर्षक अन्तर्गत महिला उद्यमीद्वारा उत्पादित सामाग्रीहरुको स्थायी स्टल वा बिक्रीकेन्द्र निर्माणको लागि रु. १ करोड तथा भूकुटिमण्डपमा राष्ट्रिय स्तरको प्रदर्शनी कार्यक्रम सञ्चालनका लागि रु ५ लाख समेतको बजेट विनियोजन भएकोमा सो कार्यक्रम समेत भएको देखिएन।

रुपान्तरणकारी परियोजना अन्तर्गत समावेश भएको यस कार्यक्रममा विनियोजित बजेट खर्च हुन नसक्दा कार्यक्रमले लक्ष्य अनुरुप प्रगति प्राप्त गर्न नसकेको तथा लक्षित वर्गले सेवा प्राप्त गर्न नसकेको देखिएकोले समग्र परियोजनाको अपेक्षित प्रतिफल प्राप्त गर्न सक्ने अवस्था देखिदैन। तसर्थ यस कार्यक्रम सञ्चालनमा मुख्य भूमिका निर्वाह गरेको महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले लक्ष्य अनुरुपको समग्र क्रियाकलाप सञ्चलन गर्न सक्रिय हुनु पर्दछ।

२० **राष्ट्रपति महिला समुन्नती पुरस्कार** - कार्यक्रमले स्थानीय श्रोत साधन, सिर्जना र सीपको उपयोग गर्दै परम्परागत रुपमा गर्दै आएका सीपमूलक कार्यलाई व्यवसायिक वनाउदै उद्यमशील संस्कृतिको विकास गरी कृषि, गैरकृषि र पर्यटन क्षेत्रमा रोजगारी श्रृजना गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गरिरहेका महिला उद्यमीलाई पुरस्कृत गर्ने गरेको छ। मूख्य रुपमा आर्थिक सशक्तीकरण मा योगदान पुर्याएका महिला उद्यमीलाई राज्यले प्रोत्साहन स्वरुप कदर गर्ने सम्मान प्रदान गर्ने स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने तथा उद्यमी महिलाहरुको योगदान प्रति आत्मगौरवको अनुभूति दिलाउन सहयोग गर्ने उद्देश्य सहित आ. ब. २०७७।७८ देखि ७ प्रदेशका सामाजिक विकास मन्त्रालय मार्फत कार्यान्वयनमा रहेको छ। यस कार्यक्रमबाट हालसम्म निम्न उद्यम तथा व्यवसायसँग सम्बन्धित उद्यमी पुरस्कृत भएका छन्।

राष्ट्रपति महिला समुन्नति पुरस्कार प्राप्त गरेका महिला उद्यमी विवरण

क्र. स.	प्रदेश	२०७७।७८		२०७८।७९		२०७९।८०	
		पुरस्कृत उद्यमी	उद्यमको नाम र स्थान	पुरस्कृत उद्यमी	उद्यमको नाम र स्थान	पुरस्कृत उद्यमी	उद्यमको नाम र स्थान
१.	कोशी	दिपा गुरुङ्ग	ग्रिन सिटी ललिपप उद्योग, इलाम न.पा-८	सिता राई	लुमा घरेलु कपडा उद्योग एण्ड ट्रेनिङ्ग सेन्टर सुन्दरहरैचा न.पा-१२, विराटचौक, मोरङ	भूमिका देवी दाहाल	भूमिका सीपमूलक तालिम केन्द्र दमक न.पा-८, झापा
२.	मधेस	सरीता देवी मण्डल	मिथिला नारी हस्तकला सेन्टर, जनकपुर	यसोदा गजुरेल	यसोदा व्याग तथा रेडिमेड उद्योग,बिरगञ्ज महानगरपालिका -१० पर्सा	ज्योती श्रेष्ठ	करसिभ क्रियशन सिलाई तथा टेलर्स व्यवसाय, बिरगञ्ज महानगरपालिका बारा पर्सा
३.	वागमती	कल्पना लिम्बु	हाईल्याण्ड आर्ट फेसन डिजाईनिङ्ग एण्ड ट्रेनिङ्ग, काठमाण्डौ	सविता सिं महर्जन	सविता कपडा उद्योग, महालक्ष्मी नगरपालिका-६ ललितपुर	कमला सुवेदी	श्रृजनशिल कृष्टल हस्तकला उद्योग, काठमाण्डौ महानगरपालिका-१४
४.	गण्डकी	बिष्णुकुमारी गुरुङ्ग	गुरुङ्ग अल्लो कपडा उद्योग, बेनी	लक्ष्मी पोखरेल	सभ्यता हेन्डीक्राफ्ट एण्ड हाते ढाका पसल, पोखरा महानगरपालिका-१७ कास्की	चिनु कुमारी गुरुङ्ग	गूरुङ्ग व्यूटी पार्लर,पोखरा महानगरपालिका-८ कास्की
५.	लुम्बिनी	चित्रकली बुढा	अल्लो कपडा उद्योग, प्युठान	०	०	नीरु चौधरी	पञ्चशील हस्तकला केन्द्र, नेपालगञ्ज उपमहानगरपालिका-५ बाँके
६.	कर्णाली	निर्मला आचार्य	निलम उनी तथा ढाका कपडा उद्योग, सुर्खेत	लक्ष्मी कुमारी उपाध्याय	लक्ष्मी होजियारी तथा गार्मेन्ट उद्योग, वीरेन्द्रनगर नगरपालिका-११ सुर्खेत	हिम कुमारी उपाध्याय	भवानी छापाखाना, बीरेन्द्रनगर नगरपालिका-६ सुर्खेत
७.	सुदुरपश्चिम	लक्ष्मी देवी विष्ट	सिद्धवावा गाईभैंसी पालन तथा दाना उद्योग, कञ्चनपुर	रुकमणी देवकोटा	रुपक होजियारी उद्योग, धनगढी उपमहानगरपालिका-४ कैलाली	०	०

२०.१ परियोजनाको मूख्य लक्षित वर्गमा मानव विकास सूचकांकमा पछाडि परेका स्थानीय तहका विपन्न महिला उद्यमी उल्लेख गरेता पनि सोहि परियोजनाको एक क्रियाकलापको रुपमा रहेको यस कार्यक्रमबाट पुरस्कृत अधिकांश उद्यमीहरुको प्रदेश राजधानी तथा सुगम स्थानमा उद्योग सञ्चालनमा रहेको देखिन्छ। राष्ट्रपति महिला समुन्नति पुरस्कार छनोट मापदण्ड को दफा ५ मा पुरस्कार प्राप्त गर्न उद्यमी महिलाहरुको आवश्यक योग्यतासम्बन्धी व्यवस्था गरिएको र सो दफामा यथेष्ट मात्रामा लगानी गर्ने श्रोत भएको जस्ता आधारहरु हुनु पर्ने व्यवस्था समावेश गरिएको छ। दफा ५मा उल्लेखित यथेष्ट मात्रामा लगानी गर्ने श्रोत भएको जस्ता आधारहरु हुनु पर्ने व्यवस्थाले विपन्न महिला तथा सानो पूँजीमा उद्यम सञ्चालन गरिरहेका महिला उद्यमीलाई पुरस्कारको लागि संभावित योग्यको सूचिमा समावेश हुनबाट बञ्चित गरेको छ। पुरस्कार छनोट तथा वितरण प्रक्रिया परिमार्जन गरी साना तथा न्युन पूँजीमा उद्यम तथा व्यवसाय सञ्चालन गरिरहेका महिला उद्यमीवर्गलाई समेत पुरस्कार छनोटमा सहभागी हुन पाउने समान अवसर प्रदान गर्नुपर्दछ।

२०.२ कार्यक्रमबाट पुरस्कृत महिला उद्यमीले आत्मगौरवको अनुभूती गरे नगरेको तथा सो पुरस्कार रकम सम्बन्धित कार्यमा उपयोग गरे नगरेको सम्बन्धमा अनुगमन मूल्याङ्कन गर्ने व्यवस्था गरेको छैन। जसले गर्दा कार्यक्रम कार्यान्वयनबाट कार्यक्रमले निर्दिष्ट गरेको लक्ष्य प्राप्त भयो वा भएन सो सम्बन्धमा यकिन हुनसक्ने अवस्था देखिदैन। कार्यक्रमको प्रभावकरिता अभिवृद्धि गर्न पुरस्कृत महिला उद्यमीबाट सुझाव प्राप्त गरी पृष्ठपोषणको रुपमा उपयोग गर्ने प्रणालीको विकास गर्नु पर्दछ।

२१ **सामाजिक रुपान्तरण कार्यक्रम** - महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट प्राप्त विवरण अनुसार मन्त्रालयले अन्य महाशाखा तथा शाखा मार्फत सञ्चालित निम्न कार्यक्रमहरु राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको सामाजिक रुपान्तरण आयाम अन्तर्गत सञ्चालित कार्यक्रमहरुसँग समानता भएको देखिन्छ ।

क्र. सं.	कार्यान्वयन गर्ने निकाय	कार्यक्रम तथा क्रियाकलापहरु	राष्ट्रपति महिला सशक्तीकरण परियोजनाबाट सञ्चालित कार्यक्रम
१	महिला तथा बालबालिका शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ।	७ वटै प्रदेशमा सामाजिक कुरिति हिंसा र हानिकारक अभ्यास विरुद्धको सचेतना कार्यक्रम	सामाजिक कुरिति हिंसा विरुद्धको सचेतना कार्यक्रम
२	लैङ्गिक हिंसा निवारण शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ।	७ वटै प्रदेशमा लैङ्गिक सहिष्णुता तथा लैङ्गिक हिंसा निवारणसम्बन्धी अन्तरक्रिया कार्यक्रम	सामाजिक कुरिति हिंसा विरुद्धको सचेतना कार्यक्रम
३	लैङ्गिक हिंसा निवारण शाखा, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ।	लैङ्गिक हिंसासम्बन्धी सचेतनामूलक कार्यक्रम उत्पादन तथा प्रशारण (हिमालयन टेलिभिजनबाट उत्पादन तथा प्रशारण)	लैङ्गिक हिंसासम्बन्धी सचेतनामूलक कार्यक्रम उत्पादन तथा प्रशारण (नेपाल टेलिभिजनबाट उत्पादन तथा प्रशारण)

२१.१ राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको सामाजिक रुपान्तरण अन्तर्गत सञ्चालित लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सामाजिक रुपान्तरणका लागि चेतनामूलक कार्यक्रम नेपाल टेलिभिजनबाट पाक्षिक रुपमा प्रशारण हुदै आएको छ। त्यस्तै महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका अन्य शाखाबाट सञ्चालित लैङ्गिक हिंसा तथा सहिष्णुतासम्बन्धी टेलिभिजनबाट प्रसारित सचेतनामूलक कार्यक्रमहरु तुलनात्मकरुपमा यस परियोजनामा समावेश कार्यक्रमसँग समान देखिएका छन्।

२१.२ यस परियोजना अन्तर्गत सङ्घीय मन्त्रालयबाट आर्थिक वर्ष २०७९।८० मा २०० जनाको सहभागितामा सामाजिक कुरिति हिंसा मानव वेचविखन विरुद्धको अभियान कार्यक्रम अन्तर्गत दैलेख र कञ्चनपुरमा सञ्चालन गरिएको देखियो। महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका अन्य शाखाबाट सञ्चालित लैङ्गिक सहिष्णुता तथा लैङ्गिक हिंसा निवारणसम्बन्धी अन्तरक्रिया कार्यक्रम तुलनात्मकरुपमा यस परियोजनामा समावेश कार्यक्रम सँग समान देखिएका छन्।

एकै प्रकारका कार्यक्रमहरु विभिन्न शाखा तथा महाशाखाबाट सञ्चालन भईरहेको देखिन्छ। उस्तै प्रकृतीका कार्यक्रमलाई सुदृढ सवल र प्रभावकारी बनाउनुको साटो नयाँ ढाँचा र नामबाट त्यस्तै प्रकारका अन्य कार्यक्रम समेत समानान्तररुपले सञ्चालन भईरहेको हुँदा कार्यक्रम कार्यान्वयनमा द्विविधा उत्पन्न हुने तथा जिम्मेवारीको अस्पष्टता हुने र कार्यक्रमको क्षेत्र तथा लाभग्राही दोहोरिने देखिन्छ। मन्त्रालयले विगतदेखि सञ्चालित कार्यक्रमलाई सुदृढ र प्रभावकारी बनाउनुको साथै क्रियाकलाप दोहोरो नपर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ।

२२ **राहत तथा उद्धार कार्यक्रम** - राष्ट्रपति महिला उत्थान कार्यक्रम मार्फत दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरी मातृमृत्यु दर, बालमृत्यु दर घटाउन दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धारसम्बन्धी कार्यकम कार्यन्वयनमा ल्याईएको र सोहि कार्यक्रमलाई राष्ट्रपति महिला सशक्तीकरण परियोजनामा समेत समावेश गरिएको छ। महिलाको सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यसम्बन्धी हकको कार्यान्वयन गर्ने, नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने महिलाको गर्भवती तथा सुत्केरी अवस्थाको कारणबाट हुने संभावित मृत्यु वा जोखिमबाट बचाउने, महिलालाई सुरक्षित प्रसूति सेवा उपलब्ध गराउने, नवजात शिशुलाई सुरक्षित मातृत्व सेवा उपलब्ध गराउने उद्देश्यले यस कार्यक्रम पूर्ण रुपमा १९ जिल्लामा र आंशिक रुपमा २९ जिल्लामा लागु भएको देखिन्छ।

दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ को दफा ३ मा नियमित यातायात सेवा नपुगेका दुर्गम हिमाली तथा पहाडी क्षेत्रमा बसोबास गर्ने गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी उद्धार तथा संरक्षण कार्यक्रम सञ्चाल गर्ने उल्लेख छ। सोही कार्यविधिले दुर्गम क्षेत्र भन्नाले सडक यातायातको पहुँच नपुगेका जिल्ला भनि परिभाषित गरेको छ। कार्यविधिको अनुसूची ४ मा कार्यक्रम लागु भएका जिल्लामा सडक यातायातको नियमित पहुँच पुगेको जिल्ला समेत छनोट भएको साथै कार्यक्रम समेत सोही आधारमा कार्यान्वयन भएको देखिएको हुँदा यस सम्बन्धमा दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ मा स्पष्ट व्यवस्था हुनु पर्दछ।साथै गर्भवती तथा सुत्केरी महिलालाई लक्षित गरी उद्धार तथा संरक्षण कार्यक्रम मार्फत हालसम्म ५५२ जनाले सेवा प्राप्त गरेको देखिन्छ। उद्धार तथा संरक्षण कार्यक्रम सञ्चालनको आवश्यकता तथा अवस्था समीक्षा गरी कार्यक्रम सञ्चालन हुने स्थान तथा कार्यक्रमले समेटेको क्षेत्र सम्बन्धमा पुनरावलोकन हुनु पर्दछ।

२३ **कार्यक्रमको निरन्तरता र दिगोपना** - रुपान्तरणकारी परियोजना अन्तर्गत सञ्चालित कार्यक्रम तोकिएको अवधि सम्म निरन्तर रुपमा तोकिए बमोजिम सञ्चालन भई कार्यक्रमबाट अपेक्षित नतिजा अनुरुप प्राप्त प्रतिफल तथा नतिजाको दिगो व्यवस्थापन हुनु पर्दछ। राष्ट्रपति महिला उत्थान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ को परिच्छेद ३(८.१) मा राष्ट्रपति महिला उत्थान कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरु उल्लेख गरिएको भएता पनि यस परियोजनाबाट सञ्चालित कार्यक्रमहरु उक्त्त कार्यविधिमा उल्लेखित भन्दा फरक कार्यक्रम तथा क्रियाकलाप समेत परियोजना अन्तर्गत समावेश गरी सम्पन्न भएको देखिन्छ। साथै रुपान्तरणकारी परियोजना नेपाल सरकारको उच्च प्राथमिकता प्राप्त परियोजना भएता पनि यस परियोजना अन्तर्गत सञ्चालित केहि क्रियाकलापहरु स्पष्ट किटान भई हरेक वर्ष निरन्तर सञ्चालनमा रहेका छन् भने केही क्रियाकलापहरु सरकारको हरेक वर्षको नीति तथा कार्यक्रम अनुसार थप घट हुने गरेका छन्। परियोजनाको समग्र प्रयासलाई नतिजामूखि बनाउन र परियोजनाले निर्दिष्ट गरेको पूर्वनिर्धारित लक्ष्य माईलस्टोन पूरा गर्नको लागि यसले समेटेको क्षेत्र तथा आयाम अन्तर्गत के के क्रियाकलापहरु सञ्चालन हुने सम्बन्धमा स्पष्टता हुन आवश्यक छ साथै परियोजनाबाट हरेक वर्ष सम्पादन हुने क्रियाकलापहरुमा एकरुपता तथा निरन्तरता हुनुपर्दछ।

२४ **बजेट व्यवस्थापन -** वि. स. २०७३ सालदेखि केही क्रियाकलापहरु सुरु भएता पनि पन्ध्रौं पञ्चवर्षिय योजनाले रुपान्तरणकारी परियोजनाको रुपमा घोषणा गरे पश्चात आर्थिक वर्ष २०७७।७८ देखि २०८०।८१ सम्म यस परियोजनाको अवधी तोकिएको छ ।यस परियोजना अन्तर्गत आर्थिक सशक्तीकरण सामाजिक रुपान्तरण र राहत तथा उद्धार गरी विभिन्न कार्यक्रम सञ्चालनमा रहेकोमा लागत अनुमान तयार तथा परियोजनाको बजेट प्रस्तावको आधार तय गरेको देखिएन। परियोजना अन्तर्गतका कार्यक्रमले लक्ष्यका आधारमा बजेटको विनियोजन नभई अर्थ मन्त्रालयबाट प्राप्त बजेट सिलिङ्गको सीमाभित्र रहेर विनियोजित बजेटको आधारमा कार्यक्रमको वार्षिक लक्ष्य तय गर्ने गरेको पाइयो। सवै कार्यक्रममा बजेट विनियोजन नहुनु तथ्यमा आधारित बजेट विनियोजन नहुनु, परियोजना लक्ष्य प्राप्तिका लागि क्रियाकलापहरु स्पष्ट रुपमा उल्लेख नहुनु तथा भएका क्रियाकलापले समग्र लक्ष्य सँग तादम्यता कायम नहुनु जस्ता कारणले परियोजनाले अपेक्षा गरेका लक्ष्य तोकिएको अवधिमा प्राप्त हुन सक्ने अवस्था देखिदैन।

२५ **समान प्रकृतिका कार्यक्रम** - राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरुमा समावेश गरेका मूख्य मूख्य कार्यक्रम सँग समानता हुने गरी प्रदेश मन्त्रालयबाट समेत कार्यक्रम सञ्चालनमा रहेका देखिन्छन्। यस सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम छन्।

सि. नं.	प्रदेश	प्रदेश सरकारबाट सञ्चालित कार्यक्रम	राष्ट्रपति महिला सशक्तीकरण अन्तर्गतका समान प्रकृतिका कार्यक्रम
१	कोशी प्रदेश सरकार	विपन्न एकल महिलाको लागि आयआर्जन क्षमता विकास र सशक्तीकरणको कार्यक्रम	जीविकोपार्जन र उद्यमशीलता टेवा पूँजी कार्यक्रम
		महिलाहरुको सीप विकास कार्यक्रम	जीविकोपार्जन र उद्यमशीलता टेवा पूँजी कार्यक्रम
२	मधेस प्रदेश सरकार	महिला हिंसा विरुद्ध अभिमूखीकरण कार्यक्रम	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी सचेतना कार्यक्रम
		आदीवासी जनजाती उत्थान	राष्ट्रपति महिला उत्थान बहुआयामिक नमूना ग्राम
३	वागमती प्रदेश सरकार	विपन्न दलित सशक्तीकरण कार्यक्रम	राष्ट्रपति महिला उत्थान बहुआयामिक नमूना ग्राम नमूना ग्राम कार्यक्रम
		महिला सशक्तीकरण कार्यक्रम	महिला पहिला सामाजिक सुरक्षा जीविकोपार्जन तथा महिला उद्यमशीलता वित्तिय पहुँच तथा टेवा पूँजी कार्यक्रम
		चेपाङ्ग समुदियको उत्थान कार्यक्रम	राष्ट्रपति महिला उत्थान बहुआयामिक नमूना ग्राम
		सीमान्तकृत महिला सशक्तीकरण कार्यक्रम	जीविकोपार्जन र महिला उद्यमशीलता वित्तिय पहुँच तथा टेवा पूँजी कार्यक्रम
		सीपमूलक तालीम र व्यवसाय सञ्चालनका लागि वीउ पूँजी कार्यक्रम	जीविकोपार्जन र टेवा पूँजी कार्यक्रम
४	गण्डकी प्रदेश सरकार	सक्षम महिला समानान्तर पाईला कार्यक्रम मार्फत महिलाको क्षमता विकास तथा आर्थिक सशक्तीकरण	महिला पहिला कार्यक्रम
		दलित बस्तीको विकास गरिबीको निकास नमुना आदर्श वस्ती	राष्ट्रपति महिला उत्थान बहुआयामिक नमूना ग्राम
		महिलाको रोजगारी	जीविकोपार्जन र टेवा पूँजी कार्यक्रम
		विपन्न वस्तीमा मूख्यमन्त्री कार्यक्रम तुलनात्मक रुपले पछाडि परेको समुदाय लक्षित	राष्ट्रपति महिला उत्थान बहुआयामिक नमूना ग्राम
५	लुम्बिनि प्रदेश सरकार	महिला सशक्तीकरण अभियान	राष्ट्रपति महिला उत्थान कार्यक्रम
		महिला नेतृत्व तथा सिप विकास कार्यक्रम	महिला पहिला कार्यक्रम
६	कर्णाली प्रदेश सरकार	महिला उद्यमशीलतासम्बन्धी क्षमता विकास तालिम	जीविकोपार्जन र उद्यमशीलता टेवा पूँजी कार्यक्रम
		लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी सरोकारवाला माझ अभिमुखीकरण	लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसम्बन्धी सचेतना कार्यक्रम
		सामाजिक बिकृती न्यूनीकरण का लागि सचेतनामूलक कार्यक्रम	सामाजिक बिकृती न्यूनीकरण का लागि सचेतनामूलक कार्यक्रम
		अपाङ्गता महिला लोपोन्मुख दलित जनजातिहरुका लागि क्षमता विकास	राष्ट्रपति महिला उत्थान बहुआयामिक नमूना ग्राम
७	सुदुरपश्चिम प्रदेश सरकार	उद्यमशीलता तथा वित्तिय साक्षरता विकास तालिम	जीविकोपार्जन कार्यक्रम
		महिला समुत्थान कार्यक्रम	उद्यमशीलता टेवा पूँजी कार्यक्रम
		महिलाहरुको लागि नेतृत्व र सीप विकास अनुदान	महिला पहिला कार्यक्रम

प्रदेश सरकारबाट सञ्चालित कार्यक्रमहरु र यस परियोजनाका कार्यक्रमबीच तुलना गर्दा कतिपय कार्यक्रमले ओगटेको क्षेत्र, प्रकृति, उद्देश्य र क्रियाकलापहरु तथा लक्षित वर्ग समेतमा समानता देखिन्छ। उस्तै प्रकृतिका कार्यक्रमलाई सुदृढ, सवल र प्रभावकारी वनाउनुको साटो नयाँ ढाँचा र नामबाट त्यस्तै प्रकारका अन्य कार्यक्रम समेत समानान्तररुपले सञ्चालन भईरहेको हुँदा कार्यक्रम कार्यान्वयनमा द्विविधा उत्पन्न हुने तथा जिम्मेवारीको अस्पष्टता हुने र कार्यक्रमको क्षेत्र तथा लाभग्राही दोहोरिने जोखिम देखिन्छ। राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको कार्यक्रमहरु अन्य निकायवाट सचालन भईरहेका कार्यक्रमसँग दोहोरो नपर्ने गरी सञ्चालन गर्नु पर्दछ।

परिच्छेद - ४

निष्कर्ष तथा सुझाव

महिलाको सामाजिक तथा आर्थिक सशक्तीकरण गर्दै लैङ्गिक उत्तरदायी शासन पद्धतिको स्थापना गरी समतामुलक समाज निर्माणमा योगदान पुऱ्याउने लक्ष्य सहित आर्थिक सशक्तीकरण , सामाजिक रुपान्तरण र उद्धार तथा संरक्षणका विभिन्न कार्यक्रम सहित राष्ट्रपति महिला सशक्तीकरण परियोजना कार्यान्वयनमा रहेको छ। समाजमा सबै प्रकारका लैङ्गिक हिंसा र कुरीतिको अन्त्य गर्न, दुर्गम क्षेत्रका गर्भवती तथा सुत्केरी महिलाहरुको उद्धार सीप तथा उद्यमशीलताको विकास लगायतका महिला सशक्तीकरण कको माध्यमबाट महिलाहरुको हक अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समान सहभागिता पुऱ्याउन आर्थिक रुपमा कमजोर र विपन्न महिलाहरुको जीवनस्तर उकास्दै सीप तथा क्षमताबाट उत्पादित तथा प्रवर्द्धित सामाग्रीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउन प्रजनन तथा मातृ स्वास्थ्यमा सुधार गर्न सिमान्तकृत, मधेसी, मुस्लिम, पिछडा वर्ग र समूदाय भित्रका विपन्न महिलाहरुको संरक्षण, उत्थान र सशक्तीकरण मार्फत राष्ट्रिय विकासमा मूल प्रवाहिकरण गर्नको लागि यस परियोजनामा समावेश क्रियाकलापहरुले महत्वपूर्ण भूमिका निर्बाह गर्ने अपेक्षा रहेता पनि कार्यान्वयन पक्ष कमजोर देखिएको छ।

सङ्घ, प्रदेश तथा स्थानीय तह मार्फत लक्षित समुदायका महिलाको क्षमता विकास तथा उद्यमशीलता प्रबर्द्धन एवं आर्थिक सशक्तीकरण , लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीति अन्त्यका लागि सञ्चालित कार्यक्रम तथा हिंसा पिडित र प्रभावितहरुको लागि राहत तथा उद्धार र पुनस्थापना कार्यक्रम मार्फत सामाजिक रुपान्तरण तथा दुर्गम क्षेत्रमा गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार जस्ता क्रियाकलाप समेटेको यस राष्ट्रपति महिला सशक्तीकरण परियोजनाको कार्यक्रम कार्यान्वयनमा पूर्व तयारी वेगर परियोजना सुरु गर्नाले परियोजनाको धेरै अवधी तयारीकै क्रममा बितेको, सरोकारवाला तथा कार्यक्रमा लक्षित वर्गसँग आवश्यक पर्याप्त छलफल तथा अन्तरक्रियाको अभाव, कार्यक्रम कार्यान्वयनको छुट्टै संरचनाको अभाव, कार्यक्रम कार्यान्वयन ढाँचाको अस्पष्टता रहेको, जनशक्ति व्यवस्थापनमा कठिनाई रहेको जस्ता समस्याहरुले कार्यक्रमले अपेक्षा गरेको उपलब्धि प्राप्त गर्न नसकेको अवस्था छ। कार्यक्रमको कार्यान्वयन पक्षलाई सुदृढ बनाई लक्षित प्रतिफल प्राप्त गर्नको लागि यस प्रतिवेदमा उल्लेखित समस्याको सम्वोधन गरी परियोजनाको प्रभावकारिता बढाउनु पर्दछ।

कार्यमूलक लेखापरीक्षणबाट देखिएका परिच्छेद ३ मा उल्लेखित व्यहोरा सम्बन्धमा गर्नु पर्ने आवश्यक सुधारका लागि देहाय बमोजिमको सुझाव प्रस्तुत गरिएको छ।

- रुपान्तरणकारी परियोजनाको सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन, स्वीकृत अवधारणापत्र तयार गरी श्रोत सुनिश्चितता सहित पूर्वतयारी पश्चातमात्र परियोजनाको क्रियाकलापहरु कार्यान्वयनमा लानुपर्ने व्यवस्थालाई पूर्णरुपमा पालना गर्नुपर्दछ।
- परियोजना अन्तर्गत समावेश कार्यक्रमहरु सञ्चालन सम्बन्धमा स्पष्ट मापदण्ड तयार गरी कार्यक्रम कार्यान्वयन कार्ययोजना मार्फत अनिवार्य कार्यान्वयनमा लैजानु पर्दछ।
- सङ्घीय, प्रादेशिक तथा स्थानीय तहबाट सञ्चालित न्युन प्रगति कार्यक्रम तथा सम्पन्न हुन नसक्नुका कारण समिक्षा गरी लक्ष्य अनुसारको कार्यक्रम सञ्चालन गर्नु पर्दछ।
- महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले कार्यक्रमको प्रगति मूल्याङ्कन गर्दा सम्बन्धित प्रादेशिक तथा स्थानीय तहले सम्पन्न गरेको कार्यक्रम बजेट खर्चलाई आधार लिई यथार्थ विवरण प्रस्तुत गर्नु पर्दछ। साथै सशर्त अनुदान तर्फको कार्यक्रममा हस्तान्तरित भएको रकमको उपयोग

सम्बन्धमा प्रतिवेदन गर्ने, गर्न लगाउने सो को विश्लेषण गरी सुधार गर्न लगाउने लगायतका कार्यहरु व्यवस्थित रुपमा गर्नु पर्दछ।

- स्थानीय तहको आवश्यकता, उपलब्ध जनशक्ति तथा श्रोत साधनको अवस्था समेतलाई विश्लेषण गरी कार्यक्रम सञ्चालनकालागि स्थानीय तह छनोट गर्नु पर्दछ। साथै कार्यविधिमा उल्लेख भएबमोजिम स्थानीय तहसँग समझदारीपत्रमा हस्ताक्षर गरि पालिका र मन्त्रालयको जिम्मेवारी स्पष्ट गरी संलग्न निकायलाई जिम्मेवार र उत्तरदायी बनाई कार्यक्रम कार्यान्वयन गर्नु पर्दछ।
- कार्यक्रमको लागि स्थानीय तह छनोट गर्दा स्थानीय तहको मानव विकास सूचकांकको अवस्था तथा आवश्यकता समेतलाई आधार लिई स्थानीय तह छनोट गर्नु पर्छ।
- सहजीकरणकेन्द्रको सहजकर्ताको पदपूर्ति सम्बन्धमा स्पष्ट नीतिगत कानुनी तथा पर्याप्त बजेटको व्यवस्था गरी सहजकर्ताको पदपूर्ति गर्ने व्यवस्था मिलाउनु पर्दछ।
- राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालनसम्बन्धी मापदण्ड, २०७७ मा कार्यक्रम सञ्चालनमा प्रस्ताव आह्वान गर्दा संस्थाबाट निवेदन नपरेको अवस्थामा सो कार्यक्रम के कसरी सञ्चालन गर्ने सो सम्बन्धमा समेत थप व्यवस्था गर्नु आवश्यक छ। तसर्थ मापदण्डमा आधारित सो कार्यक्रम सञ्चालनसम्बन्धी ढाँचा सम्बन्धमा समिक्षा गरी पुनरावलोकन गर्नु आवश्यक देखिन्छ।
- राष्ट्रपति महिला समुन्नति पुरस्कार छनोट मापदण्ड, २०७७ मा समग्र बिपन्न महिला उद्यमीलाई पुरस्कारको लागि संभावित योग्यको सूचिमा समावेश हुने गरी पुरस्कारको दायरा फराकिलो वनाउनु पर्दछ।
- राष्ट्रपति महिला उद्यमी समुन्नति पुरस्कार कार्यक्रमको उद्देश्य प्राप्तिका लागि लक्षित वर्गको अधिकाधिक सहभागिता कायम गर्न, सर्वोत्कृष्ट महिला उद्यमी छनौटमा पारदर्शिता तथा पूर्ण सहभागिता कायम गर्न कार्यक्रम सम्वन्धमा सूचना प्रकाशन गर्नु पर्दछ। कार्यक्रमको प्रभावकरिता अभिवृद्धि गर्न पुरस्कृत महिला उद्यमीबाट सुझाव प्राप्त गरी पृष्ठपोषणको रुपमा उपयोग गर्ने प्रणालीको विकास गर्नु पर्दछ।
- उस्तै प्रकृतीका कार्यक्रमलाई सुदृढ, सवल र प्रभावकारी वनाउनुको साटो नयाँ ढाँचा र नामबाट त्यस्तै प्रकारका अन्य कार्यक्रम समेत समानान्तररुपले सञ्चालन भईरहेको हुँदा कार्यक्रम कार्यान्वयनमा द्विविधा उत्पन्न हुने तथा जिम्मेवारीको अस्पष्टता हुने र कार्यक्रमको क्षेत्र तथा लाभग्राही दोहोरिने जोखिमलाई न्यूनीकरण गर्न मन्त्रालयले विगतदेखि सञ्चालित कार्यक्रमलाई सुदृढ र प्रभावकारी बनाउनुको साथै क्रियाकलापहरु दोहोरो नपर्ने गरी कार्यक्रम तयार गरी श्रोतको बुद्धिमत्तापूर्ण उपयोग गर्नु पर्दछ।
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाका लागि हवाई उद्धारसम्बन्धी कार्यविधि, २०७७ मा कार्यक्रम सञ्चालनमा जिल्ला छनोटका आधार सम्बन्धमा भएको व्यवस्था तथा उक्त आपतकालीन उद्धार कार्यक्रमको आवश्यकता सम्बन्धमा बिस्तृत अध्ययन तथा समिक्षा गरी पुनरावलोकन गर्नु पर्दछ।
- पन्ध्रौं पञ्चवर्षीय योजनामा यस परियोजना अन्तर्गत समावेश क्रियाकलापहरु मध्ये केही क्रियाकलापहरु सुरु नभएको तथा केही क्रियाकलापहरु आशिंक रुपमा कार्यान्वयनमा रहेको साथै केही क्रियाकलापहरुको कार्यान्वयन ढाँचा सम्बन्धमा स्पष्टता नरहेको जस्ता समस्याहरु देखिएकोले

महत्वाकांक्षी कार्यक्रम तथा क्रियाकलाप समेट्नु भन्दा तथ्यपरक र वस्तुगत आधारमा कार्यान्वयन योग्य कार्यक्रम तथा क्रियाकलाप समावेश गर्नुपर्दछ।

- रुपान्तरणकारी आयोजनाको रुपमा राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको हकमा छुट्टै कार्यक्रम बजेट, निश्चित सूचक र कार्यान्वयन गर्ने संयन्त्रको व्यवस्था सहित परियोजना कार्यान्वयनमा लानुपर्दछ।
- नेपाल सरकारको उच्च प्राथमिकता प्राप्त परियोजनामा पूर्वनिर्धारित लक्ष्य तथा माईलस्टोन पूरा गर्नको लागि परियोजनाबाट हरेक वर्ष सम्पादन हुने क्रियाकलापहरुमा एकरुपता तथा निरन्तरता हुनुपर्दछ।

सुनसरी मोरङ सिँचाइ आयोजनाको कार्यान्वयन अवस्था

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** देशको कुल क्षेत्रफलमध्ये कुल कृषि योग्य क्षेत्रफल २६ लाख ४१ हजार हेक्टर अर्थात १७.९५ प्रतिशत रहेकोमा कुल सिँचाइ योग्य जमीन करिव २२ लाख ६५ हजार हेक्टर मात्र रहेको छ। हालसम्म कुल १४ लाख ७३ हजार हेक्टर जमिनमा सिँचाइ संरचनाहरु निर्माण भई सिँचाइ सुविधा पुर्याइएको छ। कुल सिंचित क्षेत्रफल मध्ये भूमिगत सिँचाइबाट भएको सिँचित क्षेत्रफल ४ लाख ४३ हजार ३६५ हेक्टर, कृषक व्यवस्थित सिँचाइ प्रणालीबाट भएको सिँचित क्षेत्रफल १ लाख ६७ हजार ९२५ हेक्टर तथा सतह सिँचाइबाट सिंचित भएको क्षेत्रफल ८ लाख १३ हजार हेक्टर छ। नेपालको कुल सिँचित क्षेत्रमध्ये करिब एक तिहाइ भूभागमा मात्र वर्षै भरी सिँचाइ सुविधा पुगेको छ। सुनसरी र मोरङ जिल्लाको करिव ६८ हजार हेक्टर कृषि योग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्यले वि.स. २०२७ देखि सुनसरी मोरङ सिँचाइ आयोजना (कोशी प्रोजेक्ट) सञ्चालनमा रहेको छ।

चतरा मूल नहरमा शाखा तथा माइनरहरु क्रमशः सुन्दर गुन्दर माइनर, सुखसेना शाखा, रामधुनी उपशाखा, मानिकचौरी उपशाखा, सिङ्गिया माइनर, शंकरपुर शाखा, एसएसजे झुम्का उपशाखा, विश्रामपुर माइनर, सीतागंज शाखा, रामगंज शाखा, दुहबी माइनर, विराटनगर शाखा, हरिनगरा शाखा, महादेव कोल शाखा, हुहुरिया शाखा, बरियाती शाखा, नयाँपट्टी शाखा, आमझोरा शाखा, रञ्जनी माइनर, चिसाङ्ग माइनर तथा झमनपुर शाखा निर्माण भएका छन्।

२. **आयोजनाको परिचय -** यस आयोजनाले कोशी नदीको चतरा स्थानबाट पानी ल्याई सुनसरी जिल्लाको ४० हजार र मोरङ जिल्लाको २८ हजार हेक्टर गरी कुल ६८ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ। नेपाल सरकार र भारत सरकारबीच वि.सं.२०११ (सन् १९५४) मा भएको कोशी सम्झौता अन्तर्गत वि.सं. २०२१ (सन् १९६४) मा निर्माण कार्य सुरु गरी वि.सं.२०२७ (सन् १९७०) मा भौतिक निर्माण कार्य सम्पन्न गरी ५ वर्षको परीक्षण सञ्चालन पश्चात वि.सं.२०३२ (सन् १९७५) मा भारत सरकारबाट नेपाल सरकारलाई आयोजना हस्तान्तरण भएको थियो। हस्तान्तरणको समयमा हस्तान्तरित मुख्य संरचनाहरु निम्न बमोजिम थिए।

- कोशी नदीको बाँया किनारामा चतरामा एक साइड इन्टेक,
- ५३ किलोमिटर लामो चतरा मूल नहर,
- २०३ किलोमिटर जम्मा लम्बाईका १९ वटा शाखा र विवतरण नहरहरु,
- २३४ किलोमिटर जम्मा लम्बाईका माइनर नहरहरु र आउटलेटहरु जसले २०० देखि ५०० हेक्टरसम्मका ब्लकमा सिँचाइ सुविधा प्रदान गर्दथे।

हन्तान्तरण पश्चातका प्रारम्भिक दिनहरुमा नहर प्रणालीमा अत्याधिक वालुवा पस्ने, कृषि योग्य भूमिको सम्भावित मरुभूमिकरण, न्युन सिँचाइ दक्षता, अप्रभावकारी वितरण प्रणाली, नहरमा अपुग पानी, परिवर्तित कृषि प्रणाली आदि समस्याहरु देखिन थाले। यी समस्याहरु निराकरणका लागि अन्तराष्ट्रिय विकास संस्थाको सहुलियतपूर्ण ऋण सहयोगबाट सुनसरी मोरङ सिँचाइ आयोजनाको विकासका लागि गुरुयोजना तयार गरियो। वि.स. २०३५ बाट यसको कार्यान्वयन प्रक्रिया अगाडि बढ्यो। यस गुरुयोजना अनुरुप आयोजनालाई तीन चरणमा विभाजित गरियो। जस अनुरुप हालसम्म प्रथम चरण (वि.स. २०३५ देखि २०४३ सम्म), दोस्रो चरण (वि.स. २०४५

देखि २०५२ सम्म), तेस्रो चरण पहिलो फेजको कार्य वि.स. २०५४ बाट सुरु गरी वि.सं. २०६० सम्पन्न भइसकेको अवस्था छ। यसका साथै प्रथम र द्वितीय चरण पश्चात चतरा नहरमा देखिएको अत्याधिक बालुवा पस्ने समस्या तथा आवश्यकता अनुरुपको पानी नहरमा फर्काउन वि.स. २०४९ बाट सुरु गरी वि.स.२०५४ मा सुनसरी मोरङ हेडवर्क्स आयोजना सम्पन्न गरियो। यस अन्तर्गत साविक साइड इन्टेकलाई १३०० मिटर माथि सार्नुका साथै २ वटा ड्रेजर, desilting basin ३.२ मेगावाट क्षमताको हाइड्रो युनिट, १५ किलोमिटर लामो ३३ केभी ट्रान्समिसन लाइन आदिको व्यवस्था गरियो।

२.१. आयोजनाको प्रमुख विशेषताहरुः

चतरा मुल नहर	शाखा नहर	मुल नहरको हेड रिचको क्षमता
लम्बाई —५३ कि.मि. सूपरपैसेजको संख्या —८ एक्वाडक्टको संख्या ३६ साईफनको संख्या—२ कन्ट्रोल क्रस रेगूलेटरको संख्या —१६	लम्बाई — ३३२ कि.मि.। शाखा नहरको संख्या —१२ सेकेण्डरी नहर — २२२ कि.मि.। टर्सरी नहर — १८५ कि.मि.। ड्रेनेज — ८२५ कि.मि. Drop Structure- १८५ Drop Structure with bridge – ७४ पुल संख्या — ३२ एक्वाडक — ३६	शूरुको — ४५.३ क्यूमेक्स। हालको — ६०.० क्यूमेक्स। ४ वटा Gate भएको Flushing Sluice – १ Pre-settling Basin को लम्बाई — ३०० मिटर। Regulating Structure – १ Settling Basin – ९५० मि. ह ६० मि. सेडिमेन्ट डिस्चाज गर्ने ड्रेजर – २ ३.२ मेगावाट क्षमताको जलविधूत प्लान्ट – १ ६० मिटर चौडाई भएको नयां इन्टेक – १

२.२. हालसम्मको चरणगत प्रगति स्थिति देहाय बमोजिम तालिकामा पेश गरिएको छ।

आयोजना	कमान्ड एरिया (हेक्टर)	अवधि	कुल खर्च	प्रमुख कार्यहरु
प्रथम चरण	९७५०	२०३५/०३६ देखि २०४२/०४३	क) **विश्व बैंकः** ३ करोड अमेरिकन डलर ख) ई.ई.सी.४० लाख अमेरिकी डलर ग) नेपाल सरकार २५ लाख अमेरिकी डलर	• ९७५० हे. जमिनमा कमाण्ड क्षेत्र विकास • कोशी नदी नियन्त्रण कार्य • मूल नहरको सुधार तथा ड्रेनेजको काम • कृषि सेवा विस्तार र मेशिनरी औजारको व्यवस्था
दोस्रो चरण	१६७००	२०४५/४६ देखि २०५१/५२	क) **विश्व बैंकः** ४ करोड अमेरिकी डलर ख) नेपाल सरकार ९९ लाख अमेरिकी डलर	• १६७०० हे. क्षेत्रमा कमाण्ड एरिया विकास • मूल नहरको सुधार • De-silting basin / flushing structure सहितको नयाँ intake निर्माण • दोश्रो De-silting basin मा विद्युत सञ्चालित २ ड्रेजर मेसिन जडान • 3.2 MW को micro hydropower station स्थापना
तेस्रो चरण १	१३६११	२०५४/०५५ देखि २०५९/६० सम्म	क) **विश्व बैंकः** २९४ करोड अमेरिकी डलर ख) नेपाल सरकार ९८ लाख अमेरिकन डलर	• १३६११ हे. क्षेत्रमा कमाण्ड एरिया विकासको काम • कोशी नदीको ५.५ कि.मि. लामो वायाँ तटबन्ध निर्माण • बुढी एक्वाडक्टको मर्मत सुधार • चतरा मूलनहरको सुढृढीकरण
सुनसरी मोरङ हेडवक्स योजना		सन् १९९२ देखि १९९७ सम्म	क) **विश्व बैंकः** २.८० करोड अमेरिकी डलर ख) नेपाल सरकार १६.८०	• नहरको पुरानो इन्टेक देखि १३०० मिटर upstream मा ६० क्यूमेक्स क्षमताको नयाँ इन्टेकको निर्माण

			लाख अमेरिकी डलर	• ३ व्यारेलको १००० मी. लामो RCC कल्भर्ट । • ३०० मी. लम्बाईको pre-settling basin । • ४ गेटहरु जडान भएको Flushing sluice • पुरानो इन्टेकमा Regulating structure • गेटहरु operate को लागि Water power drive का लागि water supply system (WSS)
तेस्रो चरण दोस्रो	२७६५० हे		सालबसाली बजेट	• बाँकी कमाण्ड क्षेत्रको विकास

३. **आयोजनाको उद्देश्य तथा लक्ष्यहरु -** सुनसरी मोरङ सिँचाइ आयोजनाको मुख्य उद्देश्यमा नहर संरचनाहरुको नियमित मर्मत संभार र सञ्चालन कार्यका साथै क्षतिग्रस्त/जीर्ण संरचनाहरुको मर्मत, पुनः निर्माण कार्य गर्ने रहेको छ। आयोजनाको लक्ष्यहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

- माग बमोजिम पानी उपलब्ध गराउने,
- सिँचाइ नीति अनुसार व्यवस्थापन पक्ष क्रमिक रुपमा उपभोक्ताहरुलाई हस्तान्तरण गर्दै जाने,
- नहरमा पानीको बहाब बढाउने, सिल्ट हटाउने,
- कोशी नदी चतरामा स्पर, रिभेटमेन्ट तथा ब्यारेजको निर्माण गर्ने,
- बाली उत्पादन तथा लागतसम्बन्धी तथ्याङ्क र अभिलेख सङ्कलन गरी व्यवस्थित रुपमा राख्ने,
- पुरानो संरचना मर्मत सुधारसम्बन्धी कार्य गर्ने।

४. **कानूनी तथा नीतिगत व्यवस्था -** आयोजनासँग सम्बन्धित नीतिगत व्यवस्था निम्नानुसार रहेको छ।

४.१. विषयसँग सम्बन्धित कानुनी व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्।

- जग्गा प्राप्ति ऐन, २०३४
- जलस्रोत ऐन, २०४९
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७
- जलस्रोत नियमावली, २०५०
- सिँचाइ नियमावली, २०५६
- राष्ट्रिय जल योजना, सन २००५
- सिँचाइ नीति, २०७०
- राष्ट्रिय जलस्रोत नीति, २०७७
- सिँचाइ विभागको कार्यविधि, २०६१
- कृषि विकास रणनीति (२०१५-२०३५)

४.२. चालु आवधिक योजना (पन्ध्रौं)मा निकायसँग सम्बन्धित प्रमुख व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्।

उद्देश्यः सम्पन्न सिँचाइ प्रणालीको मर्मत सम्भार एवं व्यवस्थापनलाई सुदृढ तुल्याई दिगो बनाउनु।

रणनीतिः

- सिँचाइ प्रणालीको मर्मत सम्भार एवं दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने।

- नीतिगत सुधार एवं विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने।

कार्यनीतिः

- संघीय संरचना अनुरुप संस्थागत विकास तथा जनशक्तिको क्षमता अभिवृद्धि गरिने।
- सहकारी तथा समुदायको सहभागितामा सिँचाइ प्रणालीको व्यवस्थापन गरिने।
- सिँचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको स्रोत सहितको सहभागितामा सोको नियमित मर्मत सम्भार, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिने।
- संघीयता अनुकूलको सिँचाइ नीति, रणनीति, प्राथमिकता, कार्यसूची र मापदण्ड बनाई तीन तहका सरकारको कार्य जिम्मेवारी निर्धारण गरिने।
- सिँचाइ आयोजनाको स्वीकृत सिँचित क्षेत्रमा हुनसक्ने अतिक्रमण रोक्न विद्यमान कानूनमा आवश्यक परिमार्जन गरी कृषियोग्य भूमिको संरक्षण गरिने।

समग्रमा, पन्ध्रौं योजनाले थप ३ लाख हेक्टर भूमिमा सिँचाइ सुविधा पुगेको हुने, सिँचाइ सेवाका लागि पूर्वाधार विकास भएको क्षेत्रमध्ये करिब ५० प्रतिशत क्षेत्रमा बर्षैभरि सिँचाइ सुविधा उपलब्ध भएको हुने र सिँचाइ सुविधा पुगेको विद्यमान सिँचाइ प्रणाली मध्ये ९८५०० हेक्टरमा पुनर्स्थापना तथा दिगो व्यवस्थापन भएको हुने गरी अपेक्षित उपलब्धी राखेको छ।

४.३. **निकायसँगसम्बन्धी नीतिगत व्यवस्था** (सिँचाइ नीति २०७०)

उद्देश्यः सिँचाइ संरचनाहरुको उचित मर्मत सम्भार प्रभावकारी जल व्यवस्थापन आधुनिकीकरण गर्ने तथा नयाँ सिँचाइ योजनाहरुको निर्माण गरी वर्षैभरि भरपर्दो सिँचाइ सेवा पुऱ्याउने।

नीतिहरुः

- सिँचाइ सुविधा प्राप्त क्षेत्रमा कृषि उत्पादन बढाउनको लागि सरोकारवालासँग आवश्यक सहकार्य र साझेदारी गरिने।
- सिँचित क्षेत्रमा जम्मा हुने पानीको समुचित निकासको व्यवस्था गरिने।
- सिँचाइसम्बन्धी सूचना व्यवस्थापन प्रणालीको सुदृढिकरण गरिने।
- सिँचित क्षेत्रमा लैङ्गिक समानता, सकारात्मक विभेद तथा सामाजिक समावेशीकरण सुनिश्चित गरिने।
- सिंचित क्षेत्रको विकासबाट गरिवी न्यूनीकरण गर्न जोड दिइने।
- सिँचित क्षेत्रमा अनुसन्धान तथा विकास क्षमता अभिवृद्धि गरिने।
- जलवायु जोखिम व्यवस्थापन एवं प्रकोप जोखिम व्यवस्थापनसम्बन्धी कार्यक्रम सञ्चालनमा जोड दिइने।

४.४. **सिँचाइ नियमावली, २०५६** मा निम्नलिखित विषयहरु छन्:

- सिँचाइ योजनाको निर्माणदेखि मर्मत संभार तथा सञ्चालन कार्यमा स्थानीय उपभोक्ताहरुलाई सहभागी गराउन प्रोत्साहन गर्ने।
- उपभोक्ता कृषकहरुलाई संगठित गरी संस्थागत विकास गर्दै लैजाने।
- निर्मित सिँचाइ प्रणालीहरुको क्रमशः उपभोक्ता संस्थालाई हस्तान्तरण गर्दै लैजाने।
- मर्मत संभार कोष व्यवस्थित गरी उपभोक्ता संस्थालाई आत्मनिर्भर बनाउँदै लैजाने।
- निर्माण सम्पन्न भइ हस्तान्तरण भइसकेपछि जल उपभोक्ता संस्थाका गतिविधि तथा सिँचाइ प्रणालीको अवस्थाको नियमित अनुगमन, मूल्याङ्कन गर्ने कार्यलाई जोड दिने।

४.५. **बजेटमा व्यवस्थाः** आ.व. २०७९।८० को बजेटको बुँदा नं. २६९ मा करिव २ लाख ५० हजार सिञ्चित क्षेत्र भएका सुनसरी मोरङ जस्ता ठूला सिँचाइ प्रणालीहरुलाई पूर्ण क्षमतामा सञ्चालन गर्न मर्मत सम्भार तथा पुनर्स्थापना कार्यलाई आवश्यक रकम विनियोजन गरिने व्यवस्था उल्लेख छ।

५. **संगठन संरचना तथा जनशक्ति -** आयोजनाको कार्यक्षेत्र सुनसरी र मोरङ जिल्ला रहेको एवं विराटनगरमा मुख्य कार्यालय रहेको छ। आयोजनाको साइटहरुको प्राविधिक व्यवस्थापन र अनुगमनको लागि आयोजना निर्देशक अन्तर्गत रहने गरी ५ वटा शाखाहरुको व्यवस्था गरी कार्य विभाजन समेत गरेको छ। आयोजनाको कार्यसम्पादनलाई नतिजामुखी बनाउन कर्मचारीको स्वीकृत दरबन्दी ५६ रहेको छ। आयोजनाको दैनिक क्रियाकलाप सञ्चालन गर्न राजपत्राङ्कित प्रथम श्रेणीको आयोजना निर्देशकको मातहतमा स्थायी पदपूर्ति ३२ रहेको र करारमा १६ पदपूर्ति भई ८ जना दरबन्दी रिक्त रहेको छ।

सिंचित क्षेत्र विकास गर्ने एवं सिंचित क्षेत्रको विकास भएका सिँचाइ प्रणालीहरुको मर्मत सम्भार एवं व्यवस्थापन गरि सिँचाइ सुविधा उपलब्ध गराउने र कृषकहरुलाई सिँचाइसम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध गराउने कार्य आयोजनाको प्रमुख सेवा भित्र पर्दछन्। आयोजनाको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम रहेका छन्।

- सम्बन्धित क्षेत्रमा भएका नहर बाँध तथा अन्य संरचनाहरुको रेखदेख तथा हेरबिचार गर्ने।
- जल उपभोक्ता कृषकहरुको माग बमोजिम पानी उपलब्ध गराउन सिँचाइ प्रणालीको सञ्चालन तालिका अद्यावधिक राख्ने र सो बमोजिम नहर सञ्चालन गर्ने।
- नहर सञ्चालनको प्रक्रियामा मुल नहर, शाखा नहर तथा प्रशाखा नहरहरुमा पानीको बहाबको लगत राख्ने र आवश्यकता अनुसार विभाग, मन्त्रालय तथा अन्य निकायमा उपलब्ध गराउने।
- सिँचाइ प्रणाली सञ्चालनमा सम्बन्धित जल उपभोक्ता संस्थाहरुको सहभागिता क्रमिक रुपमा बढाउँदै लैजाने र सिँचाइ नीति अनुसार व्यवस्थापन पक्ष क्रमिक रुपमा सम्बन्धित उपभोक्ताहरुलाई हस्तान्तरण गर्दै जाने।
- आयोजना अन्तर्गत रहेका जल उपभोक्ता संस्थाहरुको लगत अद्यावधिक गरी उनीहरुको संस्थागत विकासमा सहयोग गर्ने।
- सिँचाइ सेवा शुल्कको लगत अद्यावधिक राख्ने र जल उपभोक्ता संस्थाहरुलाई सिँचाइ सेवा शुल्क उठाउन सहयोग गर्ने।
- नियमित मर्मत गर्नु पर्ने संरचनाहरुको लगत अद्यावधिक गरी प्राथमिकताको आधारमा सम्बन्धित जल उपभोक्ता संस्थाको समन्वयमा मर्मत संभार गर्ने गराउने।
- सिँचाइ र यसको उपयोगसम्बन्धी अध्ययन, अनुसन्धान तथा सर्वेक्षण गर्ने।
- पर्याप्त सिँचाइको लागि कमाण्ड क्षेत्र विकास गर्ने।
- सिंचित क्षेत्रमा बाहै महिना सिँचाइ सुनिश्चिता गराउन नहरमा पानीको बहाब बढाउने, सिल्ट हटाउने, स्पर तथा ब्यारेजको निर्माण गर्ने।
- आयोजना क्षेत्रका जल उपभोक्ता कृषकको बाली उत्पादन तथा लागत सम्वन्धी बिवरण, तथ्याङ्क र अभिलेख सङ्कलन गरी व्यवस्थित रुपमा राख्ने र प्रतिफलको अनुगमन तथा मूल्याङ्कन गर्न प्रभाब अध्ययन गराउने।

६. **कार्यक्रम र प्रगतिः यस आयोजनाको विगत ५ वर्षको प्रमुख क्रियाकलापहरु देहाय बमोजिम रहेका छन्।**

- नहरको नियमित मर्मत संभार र सञ्चालन तथा रेखदेख गर्ने कार्यका साथै क्षतिग्रस्त जीर्ण संरचनाहरुको मर्मत, पुनः निर्माण कार्य लागयत तेस्रो चरण अन्तर्गत कार्यहरु भईरहेको।
- कोशी नदीमा ६ वटा स्पर निर्माण कार्य सम्पन्न भएको।
- कोशी नदीमा व्यारेज निर्माणको अध्ययन कार्यसम्पन्न भएको।
- लोहन्द्रा साइफनको निर्माण कार्य सम्पन्न भएको।
- तेस्रो चरणअन्तर्गत रहेका सुन्दर गुन्दर, शुखसेना तथा हुर्हुरिया शाखाको विस्तृत अध्ययन सर्वेक्षण कार्य भई कमाण्ड क्षेत्र विकास अन्तर्गतका कार्यहरु सुरुवात भइरहेको।

७. **वित्तीय व्यवस्था -** सुनसरी मोरङ सिँचाइ आयोजना कार्यालयको विनियोजन र खर्चको स्थिति देहाय बमोजिम रहेको छः

आर्थिक वर्ष	सुनसरी मोरङ सिँचाइ आयोजना		
	अवधि सन्	अमेरिकी डलर	ने.रु
भारत सरकार	१९६४-१९७५	१६,०००,०००	२०,००,००,०००
प्रथम चरण	१९७८-८५	३७,५००,०००	५७,९१,३०,५८७
द्वितीय चरण	१९८६-१९९७	४९,९००,०००	१,९२,६०,७६,१६१
तेस्रो चरण	१९९७-२००१	३९,२००,०००	२,२३,४४,००,०००
सुनसरी मोरङ हेडवक्स योजना	१९९२-१९९७	२९,६००,०००	१,४४,१०,७३,२९३
जम्मा		**१७२,२००,०००**	**६,३८,०६,८०,०४१**
सालबसाली	**बजेट (रु. हजारमा)**	**खर्च (रु. हजारमा)**	**खर्च प्रतिशत**
२०७५।७६	८२१४६६	७५८४५७	९२.३३
२०७६।७७	४००१००	३४५३४७	८६.३२
२०७७।७८	६७९७०७	६५१६७७	९५.८८
२०७८।७९	१६५३८४५	१६३२७८८	९८.७३
२०७९।८०	१३१७६४२	१३११३८१	९९.५२

८. **लेखापरीक्षणको लागि आयोजना छनौटको औचित्य -** नेपाल कृषि प्रधान देश भएको र कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुर्याइ कृषिको उत्पादकत्व बढाउने र कृषकको जीवनस्तरमा स्तरोन्नती गर्न दिगो सिँचाइ व्यवस्थापन हुन जरुरी छ। नेपालको अधिकांश सिँचाइ योजना प्राकृतिक नदी प्रणाली (रन अफ द रिभर) अवधारणामा निर्माण गरिएको छ। सुनसरी मोरङ सिँचाइ आयोजना नेपालकै ठूलो सिँचाइ आयोजना हो। यस आयोजनाले कोशी नदीको चतरा स्थानबाट पानी ल्याई सुनसरी जिल्लाको ४० हजार र मोरङ जिल्लाको २८ हजार हेक्टर गरी कुल ६८ हजार हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ। सन् १९५४ को नेपाल भारत विचका कोशी सम्झौता अन्तर्गत सन् १९५४ मा निर्माण कार्य सुरु गरी सन् १९७० मा भौतिक निर्माण कार्य सम्पन्न गरी ५ वर्षको परीक्षण सञ्चालन पश्चात सन् १९७५ मा भारत सरकारबाट नेपाल सरकारलाई आयोजना हस्तान्तरण गरिएको थियो। सुनसरी मोरङ सिँचाइ आयोजनाबाट वर्षैभरि सिँचाइको उपलब्धता, सिँचाइ प्रणालीको पर्याप्त मर्मत-सम्भार, कमाण्ड क्षेत्रमा भूमिमा खण्डीकरण र अव्यवस्थित शहरीकरण, उपलब्ध पानी माथिको चाप, नदीको बेड लेवलको घट्दो अवस्था र आयोजनामा भएको लगानी र स्रोतसाधनको प्राप्ति र उपयोगमा मितव्ययिता र कार्यदक्षता हासिल गरी लक्षित समूह अपेक्षित ढंगबाट लाभान्वित भई प्रभावकारिता अभिवृद्धि सम्बन्धमा स्वतन्त्र एवं वस्तुगत अध्ययन विश्लेषण गर्ने अभिप्रायले कार्यमूलक लेखापरीक्षणका लागि यो विषयको छनौट भएको हो।

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

९. **लेखापरीक्षण उद्देश्य -** आयोजनाको काम र कर्तव्यहरु मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी रुपमा सञ्चालन भए/नभएको बारे अध्ययन, मूल्याङ्कन र विश्लेषण गरी देखिएका समस्याको समाधानका लागि सुझाव प्रस्तुत गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। साथै, लेखापरीक्षणको थप उद्देश्य देहाय बमोजिम रहेका छन्:

- आयोजनाको सञ्चालन कार्यपद्धति तथा कार्यसम्पादन अवस्थाको अध्ययन गर्ने,
- आयोजनाको मर्मत कार्यमा अवलम्बन गरिएका नीति तथा तिनको उपयुक्तता विश्लेषण गर्ने,
- कमाण्ड क्षेत्रमा पानीको पहुँच र उत्पादकत्व अवस्था मूल्यांकन गर्ने,
- नीतिगत एवं कानूनी व्यवस्थाबारे विश्लेषण गर्नु,
- जनशक्ति व्यवस्थापनको कार्यदक्षता र मितव्ययीता मूल्याङकन गर्नु,
- लक्ष्य एवं प्रगतिको विश्लेषण गर्नु,
- खरिद व्यवस्थापनको विश्लेषण गर्नु,
- आयोजनाको दिगोपनाको सुनिश्चितताका लागि सुझाव प्रदान गर्नु,
- आयोजना सञ्चालन भए पश्चात नागरिकको जीवनस्तरमा परेको प्रभाव विश्लेषण गर्नु,
- अनुगमन तथा मूल्याङकनको प्रभावकारिता विश्लेषण गर्नु ।

१०. **लेखापरीक्षण क्षेत्र -** लेखापरीक्षणमा आयोजनाको सञ्चालन स्थिति, बजेट व्यवस्थापन, खरिद व्यवस्थापन, निर्माण कार्यको गुणस्तर, आयोजनाको प्रभावकारिता र दिगोपना जस्ता पक्षहरुलाई अध्ययनको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षण मुलत ५ वर्षको (२०७५/७६-२०७९/८०) तथ्याङ्क र सूचनाहरुमा आधारित रहेको छ।

११. **लेखापरीक्षण पद्धति तथा आधार -** यस लेखापरीक्षण कार्यालयबाट जारी कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०७९ तथा कार्यमूलक लेखापरीक्षणसँग सम्बन्धित नेपाल सरकारी लेखापरीक्षण मानदण्ड बमोजिम सम्पन्न गरिएको छ।

लेखापरीक्षणका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुख लगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्यांक सङ्कलन प्रयोग गरिएको छ। आयोजनाको कार्यान्वयनको अवस्था र यसको प्रभावकारिताका लागि विभिन्न प्रश्नावली र विवरण मार्फत सूचना सङ्कलन तथा विश्लेषणका साथै निकायको स्थलगत अवलोकन मार्फत जानकारी हासिल गर्ने, सोसम्बन्धी कागजात तथा फाईल अध्ययन गर्ने, सम्बन्धित पक्षसँग छलफल लगायतका लेखापरीक्षण पद्धतिको अवलम्वन गरी प्रतिवेदन तयार गरिएको छ।

लेखापरीक्षण कार्य पद्धतिमूलक प्रक्रिया तथा नतिजामूलक प्रक्रिया अपनाई गरिने छ। लेखापरीक्षण आधारको रुपमा नेपालको संविधान, प्रचलित ऐन, कानून, नीतिमा उल्लेख भएका विषयलाई अपनाइएको छ। साथै, लेखापरीक्षणका प्रक्रिया र आधार लेखापरीक्षणका उद्देश्य, क्षेत्र, पद्धति र आधार सम्बन्धित पदाधिकारीसँग छलफल समेत गरिएको छ। लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएको व्यहोरा उपर छलफल गरी प्राप्त प्रतिकृयालाई समेटेर यो प्रतिवेदन तयार गरिएको छ।

१२. **सीमा -** लेखापरीक्षण योजना मुताविक सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको, आयोजनासँग सम्बन्धित निकायबाट लेखापरीक्षणार्थ उपलब्ध हुने विवरण, तथ्याङ्क, सूचनाको सीमित उपलब्धता, लेखापरीक्षण कार्यमा संलग्न जनशक्तिको ज्ञान, सीप र अनुभवको सीमितता, समयको अन्तरालका कारण आन्तरिक नियन्त्रण व्यवस्थाको अन्तरनिहित सीमाका कारण विवरणमा हुने गलत आँकडा, कार्यमूलक लेखापरीक्षणका क्रममा तथ्याङ्कहरु माग भएअनुसारको पूर्णरुपमा नआउनु, अपुरा र अधुरा सूचना तथा तथ्याङ्क प्राप्त हुनु जस्ता समस्यहारू रहेका छन्।

परिच्छेद- ३
लेखापरीक्षणबाट देखिएका बेहोरा

१३. **सकारात्मक पक्षहरु -** सुनसरी मोरङ सिँचाइ आयोजनाबाट परेका मुख्य सकारात्मक प्रभावलाई देहाय बमोजिम रहेका छन्।

- आयोजनाको मर्मत सम्मार नियमित रुपमा गरिदै आएको र आयोजनाको निर्माणसंगै कमाण्ड क्षेत्रको विस्तार कार्य पनि हरेक वर्ष नै चलिरहेको,
- मूल नहरको शाखा नहरहरुको विस्तारमा आयोजना कार्यालयले लगानी गर्ने गरेको छ भने प्रशाखाहरुको विस्तार तथा मर्मत सम्भार समेत स्थानीय उपभोक्ता समिति मार्फत हुँदै आएको,
- आयोजनाको मूख्य नहर सहित सहायक संरचनाहरुको विस्तारसंगै कृषिसम्बन्धी क्रियाकलापमा वृद्धि भएको,
- स्थानीय कूलोहरु व्यवस्थित भई दिगो सिँचाइ प्रणालीको विकासमा सहयोग पुगेको,
- कमाण्ड क्षेत्रमा नहर निर्माण, मर्मत, जीर्णोद्धार कार्यमा उपभोक्ता समितिको समेत संलग्नताले जनसहभागितामूलक विकासमा योगदान र रोजगारी सिर्जना भएको,
- आयोजना क्षेत्रमा सिँचाइ जलउपभोक्ता समितिको गठन, सञ्चालन भएको जसको पदाधिकारीमा सबै समूदायको सहभागिता रहन पुगेको र आयोजनाबाट समेत मर्मत तथा संस्थागत क्षमता वृद्धि तालिम प्रदान भइरहको,
- स्थानीय कृषि उत्पादनमा वृद्धि भएको र निर्वाहमूखी कृषि प्रणालीमा सुधार भई व्यवसायिकता तर्फ उन्मुख भएको,

१४. **सिँचाइसम्बन्धी आवधिक योजनाको लक्ष्य र रणनीति -** चालू आवधिक योजना (पन्ध्रौं योजना) ले सिँचाइ विकासको गुरुयोजना तयार भई सतह, भूमिगत तथा अन्तर जलाधार आयोजनाको कार्यान्वयनबाट सतह, भूमिगत र नयाँ प्रविधिमा आधारित सिंचित क्षेत्रको विस्तार भई थप ३ लाख हेक्टर भूमिमा सिँचाइ सुविधा पुगेको हुने, सिँचाइ सेवाका लागि पूर्वाधार विकास भएको क्षेत्रमध्ये करिब ५०% क्षेत्रमा वर्षै भरी सिँचाइ सेवा उपलब्ध हुने, सिँचाइ सुविधा पुगेको विद्यमान सिँचाइ प्रणालीमध्ये ९८००० हेक्टरमा पुनर्स्थापना तथा दीगो व्यवस्थापन भएको हुने लगायतका अपेक्षित उपलब्धीहरु निर्धारण गरिएको छ। सुनसरी मोरङ सिँचाइ आयोजनाको स्थापनाको उद्देश्य कमाण्ड क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराई कृषिको उत्पादन र उत्पादकत्व बढाउनु, सिँचाइ दक्षता वृद्धि गर्नु लगायत रहेको र चालु आवधिक योजनाले वृहत सिँचाइ प्रणालीको मर्मत-सम्भार एवं दिगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने रणनीति राखेको छ।

राष्ट्रिय योजना आयोगले जारी गरेको (२०७६/७७-२०७८/७९) पन्ध्रौं योजनाको मध्यवधि समिक्षामा सिँचाइ सुविधा पुगेको विद्यमान सिँचाइ प्रणालीमध्ये ९८५०० हेक्टरमा पुनर्स्थापना तथा दिगो व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा समिक्षा अवधिमा जम्मा १६०० हेक्टरमा मात्र सो अनुरुपको व्यवस्थापन भएको उल्लेख छ। करिब ५० प्रतिशत क्षेत्रमा बर्षैभरि सिँचाइ सुविधा उपलब्ध हुने लक्ष्य रहेकोमा समिक्षा अवधिमा ३५ प्रतिशत मात्रै उपलब्धी हासिल भएको छ। न्युन उपलब्धि हासिल हुनुमा सिँचाइमा जलवायु परिवर्तनबाट हुने प्रभावको अध्ययन विना कार्य सुचारु हुनु, कृषिलाई प्रोत्साहन गर्नका लागि सौर्य उर्जा एवं अन्य प्रविधिलाई सिँचाइ प्रणालीमा समाहित नहुनु, सहभागितामूलक सिँचाइ प्रणालीको व्यवस्थापन नहुनु, सिँचाइ आयोजनाहरु तोकिएकोमा समय र लागतमा सम्पन्न नहुनु लगायतका कारणहरु रहेका छन्। पर्याप्त सिँचाइ सुविधा नहुँदा खाद्यान्न उत्पादनमा कमी हुन गई कृषकको जीवनस्तरमा असर पुग्ने हुँदा लक्ष्य बमोजिमको सिँचाइ सुविधा पुऱ्याउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

१५. **सिँचाइ नीतिको कार्यान्वयन -** सिँचाइ नीति, २०७० ले निर्दिष्ट गरेका उद्देश्यहरुमा कृषिको उत्पादकत्व अभिवृद्धि गरी सिँचाइ क्षेत्रको दिगो विकास एवं विस्तार गर्ने, बर्षैभरि भरपर्दो सिँचाइ सेवा पुऱ्याउने, सिँचाइका लागि सतह तथा भूमिगत जलस्रोतको विकासमा जोड दिएको छ। साथै, यो नीतिले सिँचाइ प्रणालीको विकास एवं व्यवस्थापनमा जनसहभागितामूलक पद्धतिलाई प्रभावकारी बनाउने, संस्थागत सुदृढीकरण तथा जनशक्ति विकास र परिचालन गर्ने, अन्तर जलाधार जल स्थानान्तरण (Inter Basin Water Transfer) र एकीकृत जलस्रोत व्यवस्थापनका सिद्धान्त अवलम्बन गर्ने कुरामा जोड दिएको छ। उक्त नीतिले निर्दिष्ट गरेका उद्देश्यहरु परिपूर्तिका लागि सुनसरी मोरङ सिँचाइ आयोजनाको निर्माणले सार्थकता पाएको देखिन्छ। नीति बन्नु पूर्व नै आयोजना निर्माण भैसकेको हुनाले केही नीतिगत व्यवस्थाहरुको कार्यान्वयन भने यस आयोजनामा भएको देखिदैन।

- सरोकारवालासँग समन्वय र सहकार्यः नीतिको १.५.३ बमोजिम आयोजनाले हालको दिनमा सरोकारवाला सरकारी/गैरसरकारी तथा स्थानीय निकायहरुसँग प्रभावकारी रुपमा समन्वय र सहकार्य गर्न सकेको छैन।
- श्रोत व्यवस्थापनः नीतिको १.५.९ बमोजिम राष्ट्रिय महत्वका आयोजनाहरुमा आन्तरिक तथा वाह्य स्रोत परिचालन गर्ने उल्लेख भएको र यो नीति अनुसार सुनसरी मोरङ सिँचाइ आयोजनाको क्षेत्रफल ५००० हेक्टरभन्दा बढी भएकोले यसलाई बृहत सिँचाइ आयोजना अन्तर्गत परिभाषित गरिएको भएतापनि हाल यस आयोजनामा बजेट स्रोतको अभाव भएको र नहर संरचना ५५ वर्षभन्दा बढी भई धेरै जसो संरचना जीर्ण अवस्थामा रहेको हुँदा संरचनाको वृहत सुढृढीकरण (Major Rehabitation) को जरुरी रहेको छ।
- उपभोक्ता समिति परिचालनः नीतिको १.६.१४ बमोजिम उपभोक्तालाई संगठित गर्ने कुरा उल्लेख भएकोमा यस आयोजनामा २१ उपभोक्ता समिति/उपसमितिहरु गठन भई सञ्चालन भई आएको, नियमित पुनर्गठन र निर्वाचन भइरहेको, आयोजनाबाट समयसमयमा विभिन्न क्षमता विकास, तालिम कार्यक्रम सञ्चालन गरेको भएतापनि सोबाट पर्याप्त मात्रामा क्षमता विकास, संस्थागत सुधार हुन नसकेको अवस्था छ।
- प्रणाली हस्तान्तरणः नीतिको १.६.१५ बमोजिम प्रणाली र सोको व्यवस्थापन उपभोक्ता समितिलाई हस्तान्तरण गर्दै लैजाने उल्लेख भएबमोजिम यस आयोजनाले २ वटा उपभोक्ता समितिलाई परियोजना हस्तान्तरण गरेको पाइयो। हस्तान्तरित परियोजनाको अनुगमन र मूल्यांकन भएको छैन।
- शुल्क असूलीः नीतिको १.६.४२ बमोजिम सिँचाइ सेवा शुल्क सङ्कलनको व्यवस्था भएकोमा २१ वटा आयोजनाका जलउपभोक्ता समितिबाट समेत सिँचाइ शुल्क सङ्कलन हुँदै आएकोमा सबै रकम सङ्कलन नभएको र धेरै समय देखि बक्यौता रही उठाउनका लागि सम्बन्धित पक्षको ध्यान पुग्न सकेको छैन।

यसका साथै, सिँचाइ प्रणालीको पानी माथिको अग्राधिकार (Prior Water Right), उपभोक्ता संस्था गठन गर्दा महिला सहभागिता कम्तिमा ३३ प्रतिशत, प्रणालीको सम्पत्ती व्यवस्थापन योजना (Asset Management Plan), आयोजनाको लगानीमा उपभोक्ताहरुको अनिवार्य सहभागिता, सिँचाइ शुल्ककको व्यवस्था, मर्मत सम्भार कोषको व्यवस्था, सिंचित क्षेत्रमा एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमको प्राथमिकता आदि जस्ता नीतिगत प्रावधानहरु यस आयोजनामा अवलम्बन गरिएको पाईएन। सिँचाइ नीतिमा उल्लेखित कुराहरुलाई आयोजनाले सम्बोधन गर्नुपर्ने देखिन्छ।

१६. **राष्ट्रिय जलस्रोत योजना सन् २००५** - राष्ट्रिय जलस्रोत योजनाले सिँचाइसम्बन्धी राखेको समग्र लक्ष्य देहाय बमोजिम रहेको छ।

लक्ष्यहरु	साल (सन्)		
	२००७	२०१७	२०२७
सम्पूर्ण सिंचित क्षेत्रमा बर्षै भरी सिँचाइ सुविधा पुऱ्याउने	४९%	६४%	६७%
सन् २००१ को तुलनमा सम्पूर्ण सिंचित क्षेत्रमा अन्न बाली उत्पादनमा वृद्धि गर्ने।	१५%	२८%	४४%
बर्षैभरी सिँचाइ सुविधा पुगेको क्षेत्रमा बालीको सघनतामा वृद्धि गर्ने।	१४०%	१६४%	१९३%
अन्न बालीको औषत बाली सघनतामा वृद्धि गर्ने।	१२६%	१३४%	१४३%
कुल बाली सघनतामा वृद्धि गर्ने।	१६०%	१७०%	२००%
सम्भावित सिञ्चित क्षेत्रफलमा सिँचाइ सेवा विस्तार गर्ने।	७१%	८५%	९७%
सिँचाइ कार्य प्रभावकारिता बढाउने।	३५%	४५%	५०%
मर्मत सम्भार तथा सञ्चालन खर्चको लागि सिँचाइ सेवा शुल्कको योगदान बढाउने।	३०%	४५%	७५%

उपरोक्त योजनाले राखेका समग्र लक्ष्य प्राप्ती अवस्था र सोमा यस सुनसरी मोरङ सिँचाइ आयोजनाले पुर्याएको योगदान बारेमा विश्लेषण गरेर तथ्याङ्क अद्यावधिक गरेको छैन। अभिलेख अद्यावधिक गरी लक्ष्य र प्रगतिको विश्लेषण गर्दै सुधारका क्षेत्र पहिचान गरेर कार्यान्वयन गर्नुपर्दछ।

१७. **नीति तथा रणनीतिको कार्यान्वयन -** सिँचाइको अवस्था विश्लेषण गर्दै कृषि विकासको क्षेत्रमा ल्याइएका नीतिहरुको अवस्था निम्न छः

१७.१ नागरिकका आवश्यकता परिपूर्तिका लागि जलस्रोतजन्य सेवा सुविधा सहज सुलभ तवरले उपलब्ध गर्नु, आर्थिक सामाजिक तथा वातावरणीय पक्षमा नकारात्मक प्रभाव न्युन हुनेगरी जलस्रोतको विकास र उपयोग गर्नु र जलउत्पन्न विपद्को न्यूनीकरण एवं प्रभावकारी व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्नु लगायतमा राष्ट्रिय जलस्रोत नीति, २०७७ ले जोड दिएको छ। नीतिमा जलस्रोत उपयोगको लगत, जल बाँडफाँट प्रणाली एवं अनुपालन प्रणाली, जलजन्य विपद्हरुको नियन्त्रण एवं व्यवस्थापन योजना, जोखिम क्षेत्र पहिचान गर्ने जस्ता कार्य गरिने उल्लेख भएका छन् तर यस आयोजनाबाट यी कार्यसँग सम्बन्धित क्रियाकलाप सम्पादन गरेको देखिएन।

१७.२ सिँचाइ क्षेत्रमा जलवायु परिवर्तनको प्रभाव उल्लेखनीय रहने कुरामा जलवायु परिवर्तन नीति, २०७६ ले जोड दिएको छ। जलवायु परिवर्तनका कारण नै अतिवृष्टि, अनावृष्टी, बाढी, मनसुनमा अनियमितता, खडेरी र जलस्रोतको मात्रा घट्दै गरेको जस्ता प्रभावहरु देखिएको छ। जनसंख्या वृद्धिसंगै कृषिजन्य उत्पादनको खपतमा वृद्धि, कृषियोग्य जमिन खण्डिकरण तथा ह्रास तथा सिँचाइका स्रोतमा पानीको मात्रा घट्न जानु जस्ता जलवायु परिवर्तनका प्रत्यक्ष असरका रुपमा लिन सकिन्छ। हाल नेपालमा राष्ट्रिय अनुकूलन योजना (NAPA), स्थानीय अनुकूलन कार्ययोजना (LAPA) लागु गरिएको छ। यस आयोजनाको पूर्व सम्भाव्यता देखि कार्यान्वयन चरणमा जलवायु परिवर्तनको सामना गर्ने खालका रणनीतिहरु बनाएको पाइएन। तथापी, स्थानीय अनुकूलन कार्ययोजना (LAPA) कार्यान्वयनले यस आयोजना क्षेत्रका कृषिमा संलग्न घरपरिवारमा भने योगदान पुग्न सक्ने देखिन्छ।

१७.३ समतामूलक र दिगोहिसावले विस्तारित सिञ्चित क्षेत्र र सुदृढ सिँचाइ प्रभावकारिता एवं व्यवस्थापन गर्ने लक्ष्य कृषि विकास रणनीति (२०१५-२०३५) ले राखेको छ। तर बर्षैभरि सिँचाइको उपलब्धता हुन नसक्नु, मल सिँचाइ र यान्त्रिकरणको लागतलाई बढाउँदै अन्ततः मूल्य वृद्धिले गर्दा लक्ष्य बमोजिमको उपलब्धी हासिल हुन सकेको छैन। नीति तथा रणनीतिको व्यवस्था र कार्यान्वयन पक्ष विश्लेषण गरेर कमशः सुधार गर्दै जानुपर्दछ।

१८. **भौतिक लक्ष्य र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ मा स्वीकृत बजेट तथा कार्यक्रमको अनुगमन गरी भौतिक र वित्तीय प्रगति भए नभएको सम्बन्धमा

समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजनाको विगत ३ वर्षको भौतिक प्रगति प्रतिवेदन अनुसार क्रियाकलापगत प्रगति देहाय बमोजिम रहेको छ।

कार्यक्रम/क्रियाकलाप		२०७९/८०			२०७८/७९			२०७७/७८		
	इकाइ	लक्ष्य	प्रगति	प्रगति %	लक्ष्य	प्रगति	प्रगति %	लक्ष्य	प्रगति	प्रगति %
जग्गा अधिग्रहण	हेक्टर	५	२	४०	५	३	६०	३	०.१	३.३३
स्पर निर्माण	वटा	१	१	१००	२	२	१००	०.२	०.२	१००
नहर रेखाङ्कन गर्ने कार्य	किमि	४०	२४	६०	६५	६५	१००	२५	२५	१००
गेट निर्माण/जडान तथा मर्मत सम्भार	वटा	१०	१०	१००	१०	१०	१००	१०	१०	१००
नहर सञ्चालन जनशक्ति	संख्या	३६००	३६००	१००	३६००	३६००	१००	३६००	३६००	१००
जल उपभोक्ता संस्थाको संस्थागत विकास कार्य	संख्या	८	८	१००	६	६	१००	४	४	१००
विस्तृत सर्वेक्षण डिजाइन लागत अनुमान तथा एप्राइजल रिपोर्ट कार्य	वटा	२	०	०	३	३	१००	२	२	१००
विस्तृत सर्वेक्षण तथा अध्ययन कार्य	वटा	२	०	०	१	१	१००	०.२५	०.२५	१००
पुरानो संरचना मर्मत सुधार कार्य (बुढी खोला एक्वेडक्ट संरक्षण कार्य)	वटा	०.८	०.८	१००	१	१	१००	-	-	-
शाखा नहर (बिकसित)										
नहर डिसील्टीङ्ग कार्य	कि.मि	१५	१५	१००	२०	२०	१००	२५	२५	१००
शाखा नहर (अविकसित)										
नहर डिसील्टीङ्ग कार्य	कि.मि	१५	१५	१००	१८	१८	१००	२०	२०	१००
मूल नहर										
नहर डिसील्टीङ्ग कार्य	कि.मि	१२.५	१२.५	१००	१०	१०	१००	५	५	१००

माथिको तालिकामा प्रस्तुत विवरण अनुसार विगत ३ वटा आर्थिक वर्षमा भौतिक प्रगति तुलनात्मक रुपमा उच्च नै रहेको देखिएतापनि पछिल्लो आवमा विस्तृत सर्वेक्षण डिजाइन लागत अनुमान तथा एप्राइजल रिपोर्ट कार्य, विस्तृत सर्वेक्षण तथा अध्ययन कार्यमा शून्य प्रगति देखिन्छ। साथै, जग्गा अधिग्रहणमा ५० प्रतिशत भन्दा कम प्रगति भएको अवस्था छ। तोकिएको लक्ष्य प्राप्त गर्न कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

१९. **जनशक्ति व्यवस्थापन -** आयोजनाको उद्देश्य हासिल गर्नका लागि आवश्यक मानव स्रोतसहितको संगठनात्मक संरचना हुनुपर्दछ। संगठन संरचनाका आधारमा आवश्यकतानुसार दरबन्दी स्वीकृत गरिनुपर्दछ। आयोजनाको कार्यसम्पादनलाई नतिजामुखी बनाउन ५६ कर्मचारीको दरबन्दी स्वीकृत रहेको छ। आयोजनाको दैनिक क्रियाकलाप सञ्चालन गर्न राजपत्राङ्कित प्रथम श्रेणीको आयोजना निर्देशकको मातहतमा स्थायी पदपूर्ति ३२ रहेको र करारमा १६ पदपूर्ति भई ८ जना दरबन्दी रिक्त रहेको छ। नियमित नहर सञ्चालन तथा मर्मत सम्भार लगायत नयाँ संरचनाको डिजाइन तथा लागत अनुमान तयार गर्ने सम्मको कार्य आयोजनाकै प्राविधिक जनशक्तिबाटै हुंदै आएको छ। कार्यबोझका कारण सम्भव नहुंदाको अवस्थामा र बिशिष्टिकृत प्रकारका डिजाइन आवश्यक पर्ने संरचनाको डिजाइन तथा लागत अनुमान गर्नका लागि समय समयमा परामर्शदाताको समेत सहयोग लिने गरेको र कन्टिन्जेन्सी मार्फत सुपरभाइजर, चौकीदार, ज्यामीका लागि खर्च लेखेको पाइयो।

१९.१ सुनसरी मोरङ सिँचाइ आयोजना अन्तरगत मुल नहर तथा अन्य नहरको सञ्चालन मर्मत तथा व्यवस्थापनको लागि क्षेत्र तोकी विभिन्न पदमा कर्मचारीहरु गत विगतदेखि धेरै सख्यामा करारमा नियुक्त गरी खर्च लेख्दै आएको छ। आयोजनाले २०७९/८० मा करिब २८३ जना अस्थाइ

ज्यालादारी कर्मचारीहरुको ज्यालामा रु.९ करोड ३४ लाख ६१ हजार खर्च लेखेको छ। विगत वर्षको अवस्था समेत निम्न अनुसार छ ।

आर्थिक वर्ष	अस्थायी कर्मचारी संख्या	कुल खर्च रु.हजारमा
२०७५/७६	२८३	६९१२०
२०७६/७७	२८३	७४०९९
२०७७/७८	२८३	७४६३६
२०७८/७९	२८९	७९९४४
२०७९/८०	२८३	९३४६१

आयोजनाको उद्देश्य प्राप्तिका लागि आवश्यक जनशक्ति सहितको उचित संगठनात्मक संरचना तयार गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ।

२०. **निर्मित संरचनाको अवस्था -** जल उपभोक्ताहरुका अनुसार आयोजनाको कुल क्षेत्रमा सिँचाइ सुविधा उपलब्ध गराउनको लागि मूल नहर पर्याप्त भए पनि शाखा तथा प्रशाखा नहरहरु पर्याप्त नभएको कारणले गर्दा लक्षित सिञ्चित क्षेत्रमा पूर्ण रुपले पानी पुर्याउन सकेको छैन। विभिन्न शाखा तथा प्रशाखाहरु अन्तर्गतका सिञ्चित क्षेत्रको अनुपातमा सोही अनुसारको सिँचाइको आवश्यकता र माग अनुसार पानी सञ्चालन, वितरण तथा नियन्त्रण गर्न सक्ने संरचना हेड रेगुलेटर (Head Regulator) तथा क्रस रेगुलेटर (Cross Regulator) हरु पुरानो, मर्मत वा पुनर्निर्माण गर्नुपर्ने अवस्थामा रहेको देखियो। करिब ५५ वर्ष पहिले निर्मित मूल नहर र केही शाखा नहर समेतको आयु समाप्त भइसकेको र अवलोकन गर्दा साइफन एक्यूडक्ट ब्रिज आदि भत्किसकेको र भत्किने क्रममा रहेका छन्। स्थलगत अवलोकनका क्रममा आयोजनाको मुख्य नहरमा ठाउँ ठाउँमा बेड फुटेको, सर्भिस रोड भत्किएको, नहरको स्लोप फुटेको र भत्किएको देखिएको छ। धेरै पुरानो संरचनाको नियमित र आवधिक रुपमा मर्मत तथा पुनःनिर्माण गर्नुपर्ने देखिन्छ।





तस्वीरः हेड रेगुलेटर र क्रस रेगुलेटर मर्मत गर्नुपर्ने अवस्थामा रहेको

निर्मित संरचना तथा नहरलाई नियमित रुपमा मर्मत सम्भार गर्न सकेको खण्डमा मात्र दीर्घकालसम्म सिँचाइ सुविधा पुर्याउन सकिन्छ। आयोजनाका अनुसार सालबसाली मर्मत सम्भार गरी निर्मित संरचनाहरुको दिगोपनाको प्रयास भएपनि पर्याप्त बजेट व्यवस्था हुन नसकेको अवस्था विद्यमान रहेको छ। आयोजनाले नहरको कार्यक्षमता बढाउन वार्षिकरुपमा मर्मत सम्भारको आवश्यकता पहिचान गरी वार्षिक मर्मत सम्भार कार्ययोजना तयार गर्ने गरेको छैन। नियमित रुपमा गर्नुपर्ने मर्मत कामको प्राथमिकता निर्धारण गरी वार्षिक मर्मत सम्भार कार्ययोजना बनाई मर्मत गर्नुपर्ने देखिन्छ।

२१. **ड्रेजर मेसिन -** यस नहर प्रणालीमा कोशी नदीबाट अत्याधिक बालुवा मिश्रित पानी आउने र कृषियोग्यभूमिको सम्भावित मरुभूमिकरणलाई रोकि पानीसँग मिसिएर आउने बालुवा पुनः नहर बाहिर फाल्नको लागि मूल नहरको ८.५ आर.डी.को अपस्टिम मा ९५० मिटर लम्बाईको सेटलिङ्ग बेसिनको निर्माण भएको छ। त्यहाँ जम्मा भएको बालुवालाई पुनः कोशी नदीमा वालुवा फाल्ने कार्य फ्रान्समा बनेको २ ड्रेजर मेसिनको सहायताले (आ.व. २०५१/५२ मा खरिद भएको) विगत ३० वर्ष देखि हुने गर्छ। बालुवा फाल्ने कार्य व्यवस्थित रुपले सञ्चालन हुन नसके नहरमा पानी प्रवाहमा नै असर पर्ने देखिन्छ। प्राविधिकहरुका अनुसार दुइटै ड्रेजर मेसिनहरुमा जडित पार्टपुर्जा पुरानो मोडेलको भएको कारण नेपाली तथा भारतीय बजारमा समेत पाउन कठिनाई पर्नुको साथै बिग्रने सम्भावना समेत बढी रहेको, सञ्चालन एवं मर्मतमा लागत बढी लाग्ने र जम्मा भएको बालुवा समयमा बाहिर फाल्न नसकिएको र हाल एउटा मात्र सञ्चालनमा रहेको भनाई छ। आयोजनाबाट प्राप्त जानकारी अनुसार ड्रेजर मेसिनको मर्मत सम्भार तथा खरिदमा आ.व.२०७९/८० मा रु.६४ लाख २१ हजार खर्च भएको छ।



तस्वीरः साइटमा एउटामात्र ड्रेजर मेसिन सञ्चालनमा रहेको

मेसिन जति पुरानो भयो त्यति नै बढी मर्मत खर्च लाग्ने र मेसिनको कार्यशक्ति समेत घट्ने भएकोले दुवै मेसिनहरु प्रतिस्थापन गरी नयाँ खरिद गर्नुपर्ने आवश्यकता रहेको कुरा प्राविधिकहरुले बताएका छन्। यसमा आयोजनाले नयाँ मेसिन खरिद कार्यका लागि लागत अनुमान अद्यावधिक गरी विभागमा फाइल पेश गरेको छ। नदीबाट सिँचाइ प्रणालीमा मिसिन आउने बालुवाको उचित, किफायति र दक्ष व्यवस्थापन गर्न आवश्यक कार्यसम्पन्न गर्नुपर्ने देखिन्छ।

२२. **सञ्चालन खर्च -** आयोजनाको सञ्चालन तथा मर्मतसम्भार कार्यअन्तर्गत क्षतिग्रस्त मुख्य तथा शाखा कुलोहरु मर्मत, प्रयोग भएका सामाग्रीहरुको नियमित तथा आवधिक मर्मत तथा परिवर्तनका साथै महशुल, भाडा, वीमा लगायतका कार्य पर्दछन्। गत ५ वर्षमा सञ्चालन तथा मर्मतसम्भार शीर्षकको खर्चको स्थिति हेर्दा २०७५/७६ मा कुल रु.२८ लाख ४२ हजार खर्च भएकोमा २०७९/८० मा कुल रु.२८ लाख २० हजार खर्च भएको छ।

शीर्षकहरु	आर्थिक वर्ष (रु.हजारमा)				
	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
पानी तथा विजुली	४१९	३००	९००	५००	६४२
सञ्चार महसुल	१९९	२००	३६३	१४०	२००
सवारी साधन मर्मत खर्च	२९९	२००	२००	१९९	१७५
अनुगमन खर्च	२००	१९८	२००	२००	२००
भ्रमण खर्च	१९८	२००	१९८	२००	१५९

विविध	१००	१००	१००	१००	६२
इन्धन	६६६	७००	६००	५९९	५१४
मसलन्द तथा कार्यालय सामग्री	७००	७००	७००	६००	४९६
सेवा तथा परामर्श	६१	३६६	३३२	४००	३७२
जम्माः	**२८४२**	**२९६४**	**३५९३**	**२९३८**	**२८२०**

यस्तै प्रकृतिका खर्चहरु कन्टिन्जेन्सीबाट समेत हुने भएकोले सञ्चालन खर्चलाई आयोजनाको आयोजनाको नियमित मर्मत सम्भार र सञ्चालन खर्चलाई कार्यदक्षतासँग मूल्याङ्कन गरी मितव्ययिता अपनाउनुपर्दछ।

२३. **कन्टिन्जेन्सी खर्च -** उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट जारी कन्टिन्जेन्सी रकम खर्च गर्नेसम्बन्धी निर्देशिका, २०७६ मा कन्टिन्जेन्सी खर्चको सीमा र खर्चको मापदण्ड तोकेको छ। आयोजनाको विगत ५ वर्षको कन्टिन्जेन्सी खर्च विवरण देहाय बमोजिम रहेको छ।

विवरण	**आर्थिक वर्ष (रु. हजारमा)**				
	२०७५/७६	**२०७६/७७**	**२०७७/७८**	**२०७८/७९**	**२०७९/८०**
पूँजीगत खर्च	३९१६८३	३०९२०३	६१४९३९	१५९६६२७	१२७४१०१
कन्टिन्जेन्सी खर्च	७८७२	६४१४	८०३०	३३९६७	१७४२५
खर्च प्रतिशत	२.०१	२.०७	१.३१	२.१३	१.३७

इन्धन, कार्यालयसम्बन्धी खर्च लगायत शीर्षकमा चालू खर्च शीर्षकबाट समेत विनियोजन भई निकासा लिई खर्च गरेकोमा कन्टीन्जेन्सीबाट समेत खर्च गरेको अवस्था छ। कन्टिन्जेन्सी रकमबाट कार्यालय सामान लगायतको खर्च गर्दा सोझै खरिदविधि प्रयोग गरी खर्च लेखेको देखिएको छ। उक्त खर्चलाई समेत वार्षिक खरिद योजनामा समावेश गरी नियमको व्यवस्था अनुसार खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२४. **नर्म्स सुधार -** सिँचाइ विभागले मातहतका निकायबाट हुने निर्माण कार्यमा प्रयोग हुने नर्म्स २००२ मा स्वीकृत गरेको थियो। निर्माण गर्ने प्रविधि र उपकरणमा १८ वर्षको अवधिमा विभिन्न परिवर्तन भै सकेको छ। तर विभागले स्वीकृत गरेको नर्म्समा सिमेन्ट, गिट्टी र बालुवा प्रयोग गरी तयार गर्ने एम १०, १५, २०, २५ लगायतमा ज्यामीद्वारा सिमेन्ट मसला बनाउने गरी ज्यामी ज्यालाको परिमाण राखिएको छ। सडक विभागले सन् २०१७ मा नर्म्स संशोधन गरी यी आइटममा ज्यामी ज्यालाको इन्पुट ५० प्रतिशतले कम गराएको छ। नर्म्स संसोधन नभएको अवस्थामा ठेक्का व्यवस्थापनमा वास्तविक प्रतिस्पर्धा नहुँदा एवं उपभोक्ता समितिबाट कार्य गराउँदाको कारणले सिँचाइ आयोजनाको लागत अनुमान र वास्तविक लागत दुवै वृद्धि भएको छ। ठूला आयोजनाहरूमा प्रयोग हुने रेडिमिक्स तथा हेभी इक्विप्मेन्ट तटवन्धमा प्रयोग हुने जियो व्याग, क्रिजमर तथा बाँध बनाउँदा प्रयोग हुने हेभी रोलरको नर्म्स निर्धारण गरेको छैन। तसर्थ, विभागले यथाशीघ्र नर्म्समा पुनरावलोकन गरी मितव्ययी, प्रभावकारी र कार्यदक्षतापूर्वक साथ आयोजना सञ्चालन गर्न व्यवस्था गर्नुपर्दछ।

२५. **सिंचित क्षेत्रफल -** कृषियोग्य भूमिमा बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याई कृषिको उत्पादकत्व बढाउन सिँचाइको दिगो व्यवस्था गर्न आवश्यक छ। पन्ध्रौं आवधिक योजनाअनुसार कुल २६ लाख ४१ हजार हेक्टर कृषियोग्य जमिन मध्ये २२ लाख ६५ हजार हेक्टर सिँचाइयोग्य जमिन रहेको छ। सुनसरी र मोरङ जिल्लामा कुल २ लाख ३० हजार हेक्टर सिँचाइयोग्य जमिन रहेकोमा आयोजनाको कुल कमाण्ड एरिया ६८ हजार हेक्टर पुरै क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेको देखिन्छ। आयोजनाले अन्य शाखामा २८००० हेक्टर जग्गामा सिंचित क्षेत्र विकास कार्य

हुन बाँकी रहेको पाइयो। कार्यालयबाट प्राप्त विवरण अनुसार सुनसरी तथा मोरङ जिल्लाको कृषि योग्य जमिन र सिंचित क्षेत्रफल निम्नानुसार रहेको छ।

जिल्ला	कूल कृषि योग्य भूमी (हेक्टर)	हाल यो योजनाले ओगटेको क्षेत्रफल (हेक्टर)	प्रतिशत	आयोजनाले गरेको सिंचित क्षेत्र हेक्टरमा			
				विकसित	प्रतिशत	अविकसित	प्रतिशत
सुनसरी	१२५७००	४००००	३२	२५०००	६३	१५०००	३८
मोरङ	१०५२७०	२८०००	२७	१५०००	५४	१३०००	४६
जम्मा	२३०९७०	६८०००	२९	४००००	५९	२८०००	४१

माथिको विवरण अनुसार सुनसरी तथा मोरङ जिल्लामा यस आयोजनाले कुल कृषि योग्य भूमिको करिव २९ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य राखेको छ। तथापि आयोजनाले राखेको उक्त लक्ष्यको पनि ५९ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा विकसित भएको छ। आयोजनाले राखेको लक्ष्य पुरा गर्न अझै ४१% क्षेत्रमा सिँचाइ प्रणाली विकास गर्नुपर्ने देखिन्छ। आयोजनाको हेडवर्क साइड इन्टेक मात्र भएको, नदी गहिरियर हिउँदमा पानीको लेबल घटी नहरमा पूर्ण क्षमताको पानी सञ्चालन गर्न कठिन लगायतको कारणबाट लक्ष्य अनुसारको क्षेत्रफलमा सिँचाइ सुविधा पुग्न नसेकेको देखिन्छ। यसको लागि आयोजनाको ठोस कार्ययोजना बनाई उपलब्धि हासिल गर्न प्रभावकारी कदम चाल्नुपर्ने देखियो।

२६. **पानीको डिस्चार्ज -** सुनसरी जिल्लाका ४० हजार हेक्टर र मोरङ जिल्लाका २८ हजार हेक्टर समेत जम्मा ६८ हजार हेक्टर जमिनमा सिँचाइ सेवा पुऱ्याउने उद्देश्यले सुनसरी जिल्लाको चतरा भएर वग्ने कोशी नदीमा ६० क्यूमेक्स प्रति सेकेन्ड क्षमताको विश्व बैङ्क समेतको वित्तीय सहयोगमा इन्टेक निर्माण गरी मूल नहरमा पानी प्रवाह हुने व्यवस्था रहेको छ। इन्टेकमा रहेको मिटर रिडीङ्ग (गज रिडीङ्ग) रजिष्टर अनुसार प्रत्येक महिनाको पानीको डिस्चार्ज अङ्क देहाय अनुसार रहेको देखियो।

महिना	पानी डिष्चार्ज (क्यूमेक्स)	महिना	पानी डिष्चार्ज(क्यूमेक्स)
श्रावण	५६.०२	माघ	२६.२४
भाद्र	५५.४४	फाल्गुण	३३.२४
असोज	३५.९	चैत्र	३०.६
कार्तिक	२८.८७	बैशाख	बन्द
मंसिर	२९.५३	ज्येष्ठ	३८.४५
पुष	३३.३२	असार	४३.२२

माथिको तालिका अनुसार वर्षायाममा मूल नहरमा २८.८७ देखि ५६.०२ क्यूमेक्स पानी डिस्चार्ज भएको देखिन्छ भने हिउँद र सुख्खायाममा पानीको डिष्चार्ज घट्दै मंसिर, पुष, माघ, फाल्गुण, चैत्र, बैशाख र ज्येष्ठमा २६.२४ देखि ३८.४५ क्यूमेक्स पानी डिष्चार्ज भएको देखिन्छ। इन्टेकको डिस्चार्ज क्षमता ६० क्यूमेक्स भएता पनि मंसिर, पौष, माघ, फाल्गुण, चैत्र, बैशाख र ज्येष्ठमा कुल क्षमताको औषत ४६.५८ प्रतिशत मात्र पानी डिस्चार्ज भएको छ। सुनसरी र मोरङमा ६८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्य रहेको योजनाबाट सो डिष्चार्ज परिमाणले तोकिएभन्दा घटी हेक्टरमा मात्र सिँचाइ पुग्न सक्ने देखियो।

लक्ष्यअनुरुप सिँचाइ सुविधा विस्तार गर्न नसक्दा कृषि बाली उत्पादन र उत्पादकत्व वृद्धिको लक्ष्य हासिल नहुने, मर्मत सम्भार खर्चको लागत बढ्ने र जनताको जीवनस्तर माथि नउठ्ने जस्ता समस्या यथावत रहने देखिन्छ। अतः आयोजनाको लक्ष्यअनुरुप सिँचाइ सुविधा पुऱ्याउन

जीर्ण अवस्थामा रहेको संरचनाको नियमित मर्मत सम्भारको साथै आवश्यकतानुसार शाखा प्रशाखा नहर, कुलो निर्माण गरी वर्षेभरि सिँचाइ सुविधा उपलब्ध गराउनुपर्छ।

२७. **पानीको प्रवाह -** आयोजनाको ६८ हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पुर्‍याउन ६० क्यूमेक्स पानीको आवश्यकता पर्ने उल्लेख छ। बालीचक्र अनुसार धानका लागि ५५-६० क्यूमेक्स, मकैका लागि ४-७ क्यूमेक्स, तोरीका लागि ५ क्यूमेक्स, गहुँका लागि १५-२५ क्यूमेक्स तथा अन्य बालीलाई ५-१० क्यूमेक्स पानी आवश्यक पर्ने भए तापनि हिउँदमा २०-२५ क्यूमेक्समात्र पानी प्रवाह हुने गरेको विवरण प्राप्त भएको छ। मकै, गहुँ, तोरी लगायतका बालीलाई सिँचाइ सुविधा पुगेको भए तापनि हिउँदमा लगाइने धानबालीलाई माग अनुरुप पानी पुग्ने स्थिति देखिएन। न्युन पानी प्रवाह हुनुमा ओपन इन्टेक हुनु एवं कोशी नदीको बहाव इन्टेकको ठीक विपरीत पश्चिम साइडतर्फ ढल्केको कारण रहेको जानकारी आयोजनाले दिएको छ। यसबाट हिउँदयाममा अपेक्षित रुपमा पानी उपलब्ध हुनसक्ने स्थिति नदेखिएकोले हेड रिचको पानीको सतह संरक्षण व्यवस्थापन गरी लक्ष्य अनुरुप पानी प्रवाह हुने व्यवस्था मिलाउनुपर्दछ।

तालिकाः चौमासिक सिँचाइ सुविधा अवस्था

विवरण	कमाण्ड क्षेत्रफल हेक्टर	आषाढ-कार्तिक	मंसिर-फागुन	चैत्र-जेठ
सिंचित क्षेत्रफल हेक्टर	६८०००	६१२००	२७०००	२००००
सिंचित क्षेत्रफल प्रतिशतमा	१००	९०	४०	३०

माथि उल्लेखित विवरण अनुसार वर्षा तथा हिउँद याम कुनैमा पनि शत प्रतिशत कमाण्ड एरियामा सिँचाइ भएको देखिदैन। चैत्र देखि ज्येष्ठ महिनामा कुल कमाण्ड क्षेत्रफलमध्ये ३० प्रतिशत मात्र सिंचित क्षेत्रफल रहेको देखिन्छ। कृषि प्रधान देश नेपालमा वर्षायाममा मात्र लगाइने वालीको अतिरिक्त वर्षैभरी विभिन्न प्रकारका वालीनाली (हिउँदे तथा वर्षे) लगाउने कार्यमा प्रोत्साहित गरी सिंचित क्षेत्रफल विस्तार गरी कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्नुपर्ने देखिन्छ। ६८००० हेक्टर कमाण्ड एरिया भएको आयोजनाबाट कृषिको उत्पादनमा आमूल वृद्धि गर्न सकिने अवस्था भएको अवस्थामा समेत सिँचाइ सुविधाको पुर्णरुपमा उपयोग गरेको देखिदैन। तसर्थ अन्तर निकायगत समन्वय गरी विभिन्न कृषि कार्यक्रमहरु सञ्चालन गरि उत्पादकत्वमा वृद्धि गरी आयात प्रतिस्थापन गर्नुपर्ने देखिन्छ।

२८.१ नहरबाट कृषकहरुको आवश्यकताअनुसार चाहिने परिमाणमा पानी सबै ठाउँमा उपलब्ध गराई उत्पादकत्व बढाउने आयोजनाको उद्देश्य रहेको छ। वर्षायाममा पर्याप्त पानी उपलब्ध हुने भएकोले कमाण्ड क्षेत्रमा धान खेतीलाई चाहिने आवश्यकताअनुसार पानी वितरण गरिने तर अन्य समयमा कमाण्ड क्षेत्रको बालीलाई चाहिने पानी आलो पालो प्रणालीबाट वितरण गरिने व्यहोरा आयोजनाले जनाएको छ। वर्षायाममा नदीमा आवश्यकताभन्दा बढी पानी प्रवाह हुँदा नहर तथा बालीनाली क्षति हुने तर हिउँद महिनामा शाखा, प्रशाखा नहरको पुछारतिर पानी नपुग्ने, नहरमा सिल्ट जमेको र सफा गर्दै सिँचाइ गर्नुपर्ने अवस्था उपभोक्ता कृषकहरुको रहेको पाइयो। यसले गर्दा पानीको विषयमा उपभोक्ताहरुबीच बेलाबेला विवाद हुने गरेको कुरा उपभोक्ता समितिका पदाधिकारी र उपभोक्ता कृषकले समेत जनाएका छन्। नहरको निरीक्षण गर्दा समेत पुछारतिरका प्रशाखामा पानी प्रवाह कम भएको पाइयो भने नहरको सरसफाइ नभई नहर थिग्रेको बालुवाले पुरिएको तथा झारपातले छोपिएर पानी नपुगेको अवस्था देखियो। समयमा नहर सफा गरी पानी वितरणको आधार समेत तयार गरी उचितरुपमा आलोपालो प्रणालीलाई व्यवस्थित बनाई विवाद नआउने गरी पानी उपलब्ध गराई नहर सञ्चालन गर्नुपर्ने देखिन्छ।

२८.२ अनावश्यक ठाउँमा पानीको चुहावट भएमा आवश्यक पर्ने उपभोक्ता कृषकले पानी सिँचाइ गर्न नपाउने हुन्छन्। केही स्थानहरुमा पानी चुहावट हुने अवस्था पनि रहेको छ। पानी कम चाहिने ठाउँमा पनि कृषकले बढी पानी प्रयोग गर्ने वा गेट बढी खोलेर धेरै पानी लगाउने गर्नाले त्यो भन्दा तल (पुछार) का वा अर्को कुलोका उपभोक्ताले पानी प्रयोग गर्न नपाउने अवस्थाको सिर्जना हुन्छ। चुहावट हुने स्थानमा चौकिदार र जल उपभोक्ता समितिलाई सक्रिय बनाई आपसी छलफलबाट गेट बन्द गरिने कुरा आयोजनाले जनाएको छ। चुहावट नियन्त्रणको यस कार्यलाई अझ प्रभावकारी बनाउनुपर्ने देखिन्छ।

२८. **हाइड्रोमा पानीको प्रवाह -** यस आयोजनाको चतरा मूल नहर क्षेत्रको ८.५ आर.डि. मा ३.२ मेगावाट क्षमताको विद्युत उत्पादन गर्ने गरी चतरा हाइड्रोपावर स्टेशन स्थापना गरिएको छ। हाल २ मध्ये १ वटा टर्वाइनबाट मात्र उत्पादन भइरहेको अवस्था छ। साथै विद्युत उत्पादनका लागि पानी पर्याप्तता र पुर्ण क्षमतामा सञ्चालन गर्नका लागि गर्नुपर्ने कार्यहरुको विषयमा आयोजनाले विश्लेषण गरेको देखिएन। पानीको प्रवाह विश्लेषण गरेर विद्युत गृह पूर्ण क्षमतामा सञ्चालन गर्नुपर्दछ।

२९. **गैरकृषि कार्यमा प्रयोग -** भूउपयोग नीति, २०७२ मा सिँचाइ प्रभाव क्षेत्रभित्रको जग्गालाई कृषिमा वर्गीकरण गरी उपयोग गर्नुपर्ने उल्लेख छ। सिँचित क्षेत्रमा उद्योग स्थापना, वस्ती विकास, जग्गा प्लटिङ्ग हुँदा सिँचित क्षेत्र घट्दो छ । कमाण्ड क्षेत्रका कतिपय सिँचाइ सुविधा पुगेका जमिनहरु घर घडेरी तथा खेती बाहेकका अन्य प्रयोजनमा समेत प्रयोग भई रहेको अवस्था देखिन्छ। सुनसरी-मोरङको ५,१४५ हेक्टर जमिन गैरकृषि कार्यमा उपयोग भएकोले सिँचाइबाट उचित प्रतिफल प्राप्त हुने अवस्था देखिएन। आयोजनाले सुविधा भएका जमिन खेती बाहेक अन्य प्रयोजनमा प्रयोग भएको सम्बन्धमा अध्ययन नगरेको स्थिति छ। बढ्दो शहरीकरणको कारण सिंचित क्षेत्रमा दवाव हुँदा भूउपयोगको क्षेत्र निर्धारण गरी जमिनको उपयोगबाट उत्पादन र उत्पादकत्व बढाउनु पर्छ।

आयोजनाको २० शाखा नहरहरु मध्ये विराटनगर शाखा नहरले बुधनगर माईनर, पोखरिया माईनर, जोगबनी माईनर शाखालाई समेटेको छ। ५९०० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने क्षमता रहेता पनि बढदो शहरीकरण कारण यस क्षेत्रको २०६५ हेक्टर कृषि भुमीमा शहरी अतिक्रमण भएकोले कृषि उब्जनी हुने गरेको छैन। कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष मोरङ जिल्लाको विराटनगर शाखा नहरबाट खेतीपाती हुने र सिँचाइ पुगेको क्षेत्र ३८३५ हेक्टर रहेतापनि ती सबै भूमीमा कृषि हुने गरेको देखिएन। विराटनगर शाखा नहरमा सिँचाइ प्रणालीले पुर्याएको सेवा, पानीको परिमाण, वाली सघनता, उत्पादन वृद्धी, उपभोक्ता संस्थाको संस्थागत तथा आर्थिक स्थिति र कार्यक्षेत्रमा भएको परिवर्तन समेतलाई आधारमानी सिँचाइ प्रणालीको अनुगमन तथा मूल्यांकन गरि परिमार्जन गर्नु आवश्यक रहेको छ।

३०. **उत्पादकत्व -** कार्यालयबाट प्राप्त विवरण अनुसार प्रतिहेक्टर मेट्रिकटन उत्पादन प्रतिफल लक्ष्य र नतिजा खाकाको विश्लेषण गरी कार्यान्वयन गर्दा आयोजना प्रोफाइलको लक्ष्य र प्रगतिसँग तुलना गरेको देखिएन। योजनाको प्रभाव अवस्था देहाय बमोजिम छ।

तालिकाः आयोजनाको उत्पादन र राष्ट्रिय औषत

सुनसरी, मोरङ्ग (हे./टन)			
आर्थिक वर्ष	**मकै**	**धान**	**गहुँ**
२०७६/७७	७.६	४.९	२.१३
२०७७/७८	६.१२	४.९२	२.३७
२०७८/७९	८.०२	५.१३	२.३९
२०७९/८०	८.०८	५.७८	२.४०
राष्ट्रिय औषतः	**३.०६**	**३.८१**	**२.९९**

यस आयोजनाबाट राष्ट्रिय औषतभन्दा २० प्रतिशत बढी मकै, धान र गहुँको उत्पादन भएको देखिएको छ। यो सिँचाइ प्रणालीको सुविधाको कारणले उत्पादनमा कमशः वृद्धि भई नागरिकको जीवनस्तर सुधारमा पुर्याएको योगदानको अध्ययन गरी थप उत्पादन वृद्धिका लागि आवश्यक व्यवस्था मिलाउनुपर्ने देखिएको छ।

तालिकाः शाखा/प्रशाखागत उत्पादन स्थिति

शाखा/ प्रशाखा	२०७६/७७ औषत उत्पादन (टन/हे.) गहुँ *	२०७७/७८			२०७८/७९			२०७९/८०		
		औषत उत्पादन (टन/हे.)			औषत उत्पादन (टन/हे.)			औषत उत्पादन (टन/हे.)		
		धान	गहुँ	मकै	धान	गहुँ	मकै	धान	गहुँ	मकै
सुन्दरगुन्दर	१.९६	४.९२०	२.२३०	६.०४०	५.१६०	२.३२०	८.०८०	५.७६०	२.२४०	७.५८०
मानिकचौरी	२.३१	५.०५०	२.४६०	६.९००	५.९८०	२.३७०	९.२६७	६.०२०	२.३९०	९.६००
सुखसेना	२.३३	५.०८०	२.४४०	६.८००	६.०१०	२.४५०	८.९८०	६.२००	२.४५५	९.०८०
रामधुनी	२.१९	५.१८०	२.५२०	६.९००	५.३००	२.४५०	९.२००	५.७२०	२.४५०	९.२००
सिंघिया	२.२९	४.८७०	२.४४०	६.८६०	५.१२०	२.३८०	८.४६०	५.८८०	२.३८०	८.७२०
शंकरपुर	२.१९	५.०६०	२.४००	६.८४०	५.७८०	२.४२७	७.८४०	६.१२०	२.४२७	८.३०७
एसएमजी	२.०३	४.७६५	२.४४०	६.६३०	४.९७०	२.४००	७.९००	५.५८०	२.४२०	७.९८०
विषमपुर S8	२.०७	४.७९०	२.४३०	५.१४०	५.१३०	२.४१४	७.८८५	५.७४०	२.४१४	८.२७०
सितागंज S9	२.१६	५.१०६	२.४८०	६.७४०	५.३४०	२.४००	७.३४७	६.१४०	२.४००	७.६२७
रामगंज S10	२.५०	५.०५६	२.४७०	५.९४०	५.२३०	२.३६०	७.२४०	६.०४०	२.३६०	७.२००
S12	२.१५	५.११०	२.४००	५.४१०	४.४५०	२.३६२	७.५७१	५.७८०	२.३८०	७.६८६
विराटनगर	२.१९	४.९४०	२.४७०	६.३२०	४.७४०	२.३७०	७.४६७	५.७८०	२.३७०	७.५८७
हरिनगरा महादेवकोल	२.१६	४.५७०	२.४३०	६.११०	५.०१०	२.४७०	७.४९८	५.५६०	२.४७०	७.५७८
हुरहरैया	२.०६	४.९२५	२.४४०	६.१५०	४.७७०	२.३८०	७.९४०	५.६२०	२.३८०	८.०००
बरियता	२.१६	४.७७०	२.३६०	५.८७०	५.३००	२.३६०	८.०००	६.०२०	२.३६०	७.९४०
नयाँपट्टी	२.००	४.८७०	२.३२०	६.०३०	४.८९०	२.४९०	७.९६०	५.५४०	२.४९३	७.८००
आमझोरा	२.०६	४.७६०	२.१६०	५.१४०	४.७८०	२.३८०	७.९८०	५.२६०	२.३८०	८.०८०
रंजनी	२.०४	४.८९०	२.२६०	५.५६०	४.७९०	२.३६०	८.०८०	५.५८०	२.३६०	७.८८०
चिसांग	२.०३	४.८४०	२.२००	५.५६०	४.७८०	२.३६०	७.९६०	५.२८०	२.३६०	७.८८०
झरमपुर	१.९८	४.७८५	२.१३०	५.१४०	५.०७०	२.३७२	७.८००	५.९६०	२.३८०	७.७००

* *२०७६।७७ को धान र मकैको औषत उत्पादन विवरण प्राप्त नभएको ।*

सुनसरी मोरङ सिँचाइ आयोजनाका शाखा/प्रशाखागत सिँचाइ प्रणालीले आधुनिक कृषि प्रणालीमा विकास, उत्पादन र उत्पादत्वमा वृद्धि ल्याउने कार्यमा सहयोग पुग्ने गरी कृषक तालिम, उन्नत प्रविधि अंगीकार गरी सोको प्रभाव नागरिकमा परेको सुनिश्चितता आयोजनाले मिलाउनु पर्दछ।

३१. **मर्मत सेवा शुल्क -** जलश्रोत तथा सिँचाइ विकास नियमावली, २०५६ को नियम २९(३) मा उपभोक्ताबाट उठाएको रकम मध्येबाट उपभोक्ता संस्थाले अनूसुची ३ को तालिका बमोजिम आफूले पाउने अंश आफ्नो खातामा जम्मा गरी बाँकी रकम केन्द्रिय मर्मत सम्भार कोष र राजस्वमा बुझाई सोको निस्सा सम्बन्धित सिँचाइ कार्यालयमा बुझाउनुपर्ने कानुनी व्यवस्था छ। त्यस्तै, अनुसूची ३ सि.नं. ३ मा उपशाखा नहर र सोभन्दा मुनी जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र उपशाखा नहर भन्दा माथि सरकारले व्यवस्थापन गरेको हकमा केन्द्रिय मर्मत सम्भार कोष सिँचाइ विभागमा २० प्रतिशत अंश जम्मा गर्नुपर्ने र उक्त रकमबाट मूल नहर तथा शाखा नहरको मर्मत सम्भार गर्नुपर्ने नियममा व्यवस्था छ। मिति २०५९।९।२३ को निर्णयबमोजिम २०५९/६० देखि प्रतिहेक्टर रु.३००/- का दरले उठाउने र नियमावली अनुसार उपभोक्ता समितिले ६० प्रतिशत, सिँचाइ विभागमा रहेको केन्द्रिय मर्मत कोषमा २० प्रतिशत र राजश्व खातामा २० प्रतिशत रकम

जम्मा गर्नुपर्ने गरी सेवा शुल्क उठाउने व्यवस्था गरिएको छ। उपभोक्ताबाट उठेको राजस्व केन्द्रिय मर्मत सम्भार कोषमा जम्मा नगरेको देखिँदा उपभोक्ता संस्थाले आर्थिक वर्ष ०५९/६० देखि २० प्रतिशत हुने जम्मा रु.११६८६४५२० दाखिला गर्नुपर्ने देखिन्छ। मूल नहर तथा शाखा नहरको मर्मत गर्न आयोजनाबाट कुल पुँजीगत खर्चको ७० प्रतिशत रकम खर्च गर्नुपर्ने अवस्था छ। नेपाल सरकारलाई थप मर्मत सम्भारमा खर्च गर्नुपर्ने दायित्व कम गर्न उक्त रकम केन्द्रिय मर्मत सम्भार कोषमा जम्मा गरी सोही रकमबाट नहरको मर्मत सम्भार हुने व्यवस्था मिलाउनु पर्दछ।

३२. **बक्यौता राजश्व -** सिँचाइ नियमावली, २०५६ को नियम २६ अनुसार नेपाल सरकारले सञ्चालन गरेको वा उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको परियोजनाबाट उपभोक्ताले सेवा उपभोग गरे वापत बुझाउनु पर्ने सेवा शुल्क दर निर्धारण गर्न जिल्ला सिँचाइ कार्यालय प्रमुखको अध्यक्षतामा चार सदस्यीय सेवा शुल्क निर्धारण समिति गठन गर्नुपर्ने व्यवस्था रहेको छ। निर्धारित समयमा सेवा शुल्क नबुझाउने उपभोक्ताले नियम २६ बमोजिम गठित सेवा शुल्क निर्धारण समितिले तोकेबमोजिम बिलम्ब शुल्क बुझाउनुपर्ने व्यवस्था छ। आयोजनाको राजस्व शाखाबाट प्राप्त विवरण अनुसार योजना अन्तर्गत संचालित २० वटा नहर प्रणालीहरु मध्ये केही नहर प्रणालीबाट मात्र आशिंक सिँचाइ सेवा शुल्क पानीपोतको लगत अनुसार उठाएको देखियो। यस वर्ष आयोजनाले कुल सिँचाइ क्षेत्र पुगेको ६७,९५५ हेक्टर जमिनको रु.५,७६,४३२।७० मात्र गत आ.व. को दाखिला गरेको देखिएको छ। विगत ५ वर्षको असुल गर्न बाँकी बक्यौता राजश्व देहाय बमोजिम रहेको छ।

उपभोक्ता समितिको नाम	आर्थिक वर्ष				
	२०७५।७६	२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
सुन्दर गुन्दर उप शाखा	८०००	१२१००	९६००	९६२७	९९३०
सुखसेना शाखा	५७०००००	६६००००	६०९०६०	६२८५९०	५९०६४०
रामधुनी उपशाखा	५०००	२६४५०	०	२५२८०	२२५००
मानिकचौरी शाखा	५६७००	४२९००	२२७००	२२७००	१७७००
सिंगिया उपशाखा	१४४००	२४८६०	२३८४५	१२६५०	१०६८३
शंकरपुर शाखा	३७१५४०	४७१५४०	२७१५४०	४६१५४०	४६५३४०
एस.एस. जे उपशाखा	५४७६०	४९९९०	४६७६०	१८७६०	५१७६०
विश्रामपुर उपशाखा	१७०१०	९१८०	३०८०	९१८०	१२६८०
सितागंज शाखा	२३९५५०	२३९५५०	२०९५५०	२३९५५०	२२३५५०
रामगंज शाखा	१६३७८३	२००५१०	१९८६८७	१६५३५०	१३७०४४
दुहवी माईनर	१६३२०	२५५६०	१२५१०	२०५६०	१२७१०
विराटनगर शाखा	२५२०००	३२२०००	२९२०००	२४२०००	२८७३७०
हरिनगरा माहादेव कौल शाखा	५१०६४०	६१०६४०	६७०६४०	६१०६४०	६१०६४०
हुरहरिया शाखा	७७४००	६७४००	७७४००	७४००	५७४००
बरियाती शाखा	२३१७२०	२३१७२०	२३१७२०	१८१७२०	२३१७२०
नयापट्टि शाखा	१२६६००	१२६६००	७६४२५	१०६६००	१२६६००
आमझोरा शाखा	५७६००	५७६००	५७६००	५७६००	३५६००
चिसाङ उपशाखा	१०२००	१०२००	१०२००	-१५८००	०
रंजनी उपशाखा	५७६००	५७६००	५७६००	३७६००	२७६००
झमनपुर शाखा	१२४५००	१२४५००	८९५००	१२४५००	१२४५००
जम्मा:	**२९६५३२३**	**३३७०९००**	**२९७०४१७**	**२९६६०४७**	**३०५५९६७**

लगत किताबमा असुल गर्न बाँकी असुल गरी संघीय राजश्व खातामा दाखिला गर्नुपर्ने देखाएकोमा बिलम्ब शुल्क निर्धारण तथा लगत कायम गरिएको देखिएन। नियमावली बमोजिम केन्द्रीय मर्मत कोष र राजस्वमा रकम नबुझाएमा सिँचाइ प्रणालीमा थप लगानी नगर्ने, उपभोक्ता संस्थाले सङ्कलन गरी बुझाउनुपर्ने रकम नबुझाएमा सेवा बन्द गर्नसक्ने व्यवस्था भएपनि ती

नियमको पालना समेत भएको छैन। यसले गर्दा नियमको परिपालना एवं सेवा शुल्क उठ्तीमा नै असर पर्ने देखिन्छ। तसर्थ नियमको व्यवस्था समेत उल्लेख गरी सचेतना कार्यक्रम सञ्चालन गरी सेवा शुल्क असुलीमा उपभोक्तालाई सक्रिय गराउनुपर्दछ।

३३. **सिँचाइ शुल्क -** सिँचाइ नियमावली, २०५६ को नियम २९(२) ले उपभोक्ता संस्थाले नेपाल सरकारले घोषित गरेको सिंचित क्षेत्रमा सेवा उपभोग नभएको अवस्थामा पनि निर्धारित न्यूनतम सेवा शुल्क प्रत्येक उपभोक्ताबाट उठाउनुपर्ने व्यवस्था भएकोमा यस आयोजनामा वार्षिक सिँचाइ सेवा शुल्क अत्यन्त न्युन देखिन्छ। विगत ५ वर्षमा उठेको सिँचाइ सेवा शुल्क औषतमा प्रति हेक्टर रु. ४३ मात्र देखिन्छ। जसलाई तपशिल बमोजिम तालिकामा प्रस्तुत गरिएको छ। सिँचाइ सेवा शुल्क उठेका, नउठेका दुवै प्रणालीमा मर्मत सम्भार लगायतका कार्यमा थप लगानी गरिरहेको पाइएको छ। नीतिगत व्यवस्था स्पष्ट गरी सिँचाइ प्रणालीहरुबाट सेवा शुल्क उठाउनुपर्दछ।

आव	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०
जम्मा उठेको सिँचाइ सेवा शुल्क रु	३१८३२२०	१२८३२५०	३५४०७२०	३३१६७६५	३३०३६९२
प्रति हेक्टर उठेको सेवा शुल्क रु.	४६.८१	१८.८७	५२.०७	४८.७८	४८.५८
औषत शुल्क प्रति हे.					४३.०२

नियमावलीको नियम ६(१) ले उपभोक्ता संस्थाले उपलब्ध गराएको सेवा उपभोग गरेबापत उपभोक्ताले तिर्न बुझाउनुपर्ने सेवा शुल्कलगायत मर्मत संभारमा भएको खर्च समेत देखिने गरी अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था भएकोमा अधिकांश संस्थाहरुले सिँचाइ सेवा उपभोग गरेबापत तिर्नु बुझाउनुपर्ने, सोमध्ये प्राप्त र उठाउन बाँकी सेवा शुल्कसमेत खुलाई लगत अभिलेख राखेको पाइएन। साथै, समयमै सिँचाइ सेवा शुल्क नतिर्दा सिँचाइ सुविधा कटौती गर्नेसम्बन्धी स्पष्ट छैन। सिँचाइ सेवा शुल्क उठाउने प्रक्रियालाई स्थानीय तहको समन्वय र सहयोगमा अनिवार्य बनाउन कानूनी र प्रक्रियागत व्यवस्था मिलाउन सकिएमा जलउपभोक्ता समितिहरु आर्थिक रुपमा सक्षम हुने र सिँचाइ योजनाहरुको सञ्चालन र व्यवस्थापन कार्यमा सरकारमै पूर्ण निर्भर हुने अवस्थामा सुधार हुनुपर्दछ।

३४. **उपभोक्ता समिति परिचालन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना गर्ने भएमा उपभोक्ता समितिबाट कार्य गराउन सक्ने व्यवस्था छ। सार्वजनिक खरिद कानुनमा सार्वजनिक निर्माणसम्बन्धी कार्य निर्माण व्यवसायीको अलावा उपभोक्ता समितिबाट समेत गराउन सक्ने व्यवस्थाअनुसार सिँचाइ आयोजनाहरुको उपभोक्ता समिति परिचालन मार्फत निर्माण कार्य हुने गरेको छ। कार्यालयबाट प्राप्त विवरणअनुसार उपभोक्ता समिति परिचालनको अवस्था निम्नानुसार रहेको देखिन्छ।

- उपभोक्ता समितिसँग भएको सम्झौतामा मर्मत सम्भार अवधि ३६५ दिन उल्लेख भएकोमा उक्त अवधिमा मर्मत गर्नुपर्ने थियो थिएन सोसम्बन्धी अनुगमन गरी मर्मत गर्नुपर्ने भएमा मर्मत गराउने कार्य गराएको अभिलेखबाट देखिएन। मर्मत अवधिमा मर्मत गर्नुपर्ने नपर्नेसम्बन्धी अनुगमन गरी मर्मत गराउनु पर्ने भएमा मर्मत गराई अभिलेख राख्नुपर्ने देखिन्छ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) बमोजिम काम सम्पन्न भएतापनि उपभोक्ताको आम भेलाबाट सार्वजनिक परीक्षण गरी सार्वजनिक निकायमा पेश हुनुपर्नेमा संलग्न कागजात परीक्षण गर्न सार्वजनिक परीक्षण हुने गरेको पाइएन। नियमानुसार सार्वजनिक परीक्षण गरिनु पर्दछ।

- सिँचाइ नियमावली, २०५६ को नियम ३ मा उपभोक्ता संस्था दर्ता गर्दा सिँचाइ प्रणालीका उपभोक्ताहरुले उपलब्ध भएसम्म ३३ प्रतिशत महिला, दुईजना दलित, उत्पीडित र पिछडिएका जनजाति सहित कार्यसमिति गठन गर्नुपर्ने र उपभोक्ता समिति गठन गर्दा सिंचित क्षेत्रको उपभोक्तामध्ये कम्तिमा सतसठ्ठी प्रतिशत उपभोक्ताको प्रतिनिधित्व हुनुपर्ने उल्लेख छ। कार्यालयबाट उपलब्ध कार्यसमितिको विवरण अनुसार महिला/उत्पीडित समूदायको कार्यसमितिमा न्युन सहभागिता देखियो। नियमावली बमोजिम उपभोक्ता समिति गठनमा सम्बन्धित पक्षको ध्यान जानुपर्ने देखिन्छ।

३५. **संस्थागत विकास र क्षमता अभिवृद्धि -** उपभोक्ता समितिको परिचालन मार्फत सिँचाइ आयोजनाको निर्माण एवं सञ्चालनमा मितव्ययिता, गुणस्तरीय एवं दिगोपना अभिवृद्धिको लागि समितिहरुको संस्थागत विकास र क्षमता अभिवृद्धि आवश्यकता पर्दछ। अतः ठूलो मात्रामा उपभोक्ता समितिमार्फत कार्य हुने, जटिल प्रकृतिका कार्य समेत गर्ने हुँदा उपभोक्ता समितिको क्षमता विकास महत्वपूर्ण रहेको छ। आयोजनाको अवधारणा एवं सिँचाइ नीति अनुरुप आयोजनाको सर्वेक्षण चरणदेखि निर्माण सम्पन्न भएपछिको चरणसम्म जल उपभोक्ता संस्था गठन गरी लक्षित वर्गलाई प्रत्यक्ष रुपमा सहभागी गराई तिनीहरुको संस्थागत क्षमता विकास, कमाण्ड एरिया विकास, बाली विविधीकरण तथा कृषि प्रविधि, जल व्यवस्थापन, सामाजिक परिचालन, लेखा तथा कोष व्यवस्थापन, मर्मत सम्भार एवं प्रणाली सञ्चालन जस्ता विभिन्न तालिम एवं प्रशिक्षण कार्यक्रम क्रमबद्ध रुपमा आयोजनाको उद्देश्यसँग तालमेल हुनेगरी सञ्चालन गर्नुपर्नेमा ३ वर्षमा ७६ तालिम तथा सीप विकास कार्यक्रमहरु सञ्चालन भई २६७५ कृषकलाई मात्र सहभागिता गराएको छ। उपभोक्ता समितिलाई कानूनी व्यवस्था, अभिलेख व्यवस्थापन र प्राविधिक विषयको तालिमको पर्याप्त व्यवस्था गर्नुपर्दछ।

३६. **जल उपभोक्ता संस्थामा परियोजना हस्तान्तरण -** आयोजना क्षेत्रमा एउटा मूल उपभोक्ता समितिका अलावा शाखा स्तरीय जल उपभोक्ता समिति र स्थानीय स्तरका उप समितिहरु क्रियाशिल रहेका छन्। जसमा शाखा समिति, उपशाखा समिति, प्रशाखा समिति र टर्शरी समितिहरु पर्दछन्। नहर प्रणालीको निर्माण तथा विस्तार कार्यमा पनि उपशाखा र प्रशाखाहरु रहेका स्थानहरुमा काम गर्ने गराउने जिम्मेवारी सम्बन्धित क्षेत्रका गा.वि.स. वा शाखा स्तरिय समितिहरुलाई दिइएको तर ती स्थानहरुमा प्राविधिक डिजाइन र सुपरभिजन गर्ने जिम्मेवारी आयोजना कार्यालय र मूल उपभोक्ता समितिले लिने गरेको छ। जलस्रोत ऐन २०४९ को दफा ११ मा उपभोक्ता समितिलाई आवश्यक सर्तहरु तोकी हस्तान्तरण गर्न सक्ने व्यवस्था छ भने सिँचाइ नियमावली २०५६ को नियम १० मा नेपाल सरकारले विकास गरेको कुनै परियोजना वा त्यस्तो परियोजनाको कुनै नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसोलाई त्यस्तो नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसो सञ्चालन गर्ने उद्देश्यले दर्ता भएको उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने उल्लेख छ। यस आयोजनामा कुल २० वटा जल उपभोक्ता समितिहरु क्रियाशिल रहेकोमा हालसम्म २ वटा उपभोक्ता समितिलाई परियोजनाहरु हस्तान्तरण भएको छ। उपभोक्ता समितिलाई आयोजना हस्तान्तरण गरी अपनत्व सिर्जना गराउनू पर्दछ।

३७. **अतिक्रमण -** जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३२ मा नेपाल सरकारको स्वामित्वमा रहेको जग्गामा नेपाल सरकारको स्वीकृतिबेगर घर, टहरा, पर्खाल आदि बनाउन वा जग्गा आवाद गर्न नहुने र कसैले कानून उल्लङ्घन गरी घर, टहरा, पर्खाल लगाए वा बाली लगाएमा कुनै क्षतिपूर्ति नदिई नेपाल सरकारले जफत गर्न सक्ने व्यवस्था छ। सुनसरी मोरङ सिँचाइ योजनाको चतरामा रहेको मूल नहरको हेडवक्स देखी शाखा संरचना सम्म नहरक्षेत्र भित्र पर्ने जग्गा कोलोनी र झुम्कामा रहेका क्याम सम्म, मूल नहरको भित्री स्लोपलगायत डिल तथा सर्भिस सडकका दुबै

किनारा तथा शाखा, उपशाखा नहरहरुको दायाँ बायाँमा समेत घर टहरा निर्माण गरी सयौं हेक्टर जमिन अतिक्रिमण भएको स्थलगत निरीक्षणको क्रममा देखियो। आयोजनाको रामगंज शाखा नहर प्रणालीमा साविक दुहबी गाउँ विकास समिति ३ मा एक स्टिल उद्योगले नहर अतिक्रमण गरी उद्योग स्थापना गरेको, एक पोल्ट्री फर्मले नयाँपट्टी शाखा नहरको वेतौना उपशाखा नहरमा अतिक्रमण गरी कम्पाउण्डवाल बनाएको छ।

आयोजनाको विराटनगरस्थित मुख्य कार्यालयको हाताभित्र रहेको १३ बिगाहा क्षेत्रफलमा मुख्यमन्त्री तथा प्रदेशका कार्यालयमा कर्मचारीको आवासमा प्रयोगमा रहेको, अवकाश प्राप्त कर्मचारी लगायतका परिवारले अनधिकृत रुपमा सरकारी भवनको प्रयोग गरिरहेको र आफैले घर टहरा बनाई बसेको देखियो। साविकमा मुआब्जा वितरण भएको सम्पूर्ण जग्गा प्राप्ति गरी सोको धनि पुर्जा तथा अभिलेख अद्यावधिक नदेखिएकोले उक्त अभिलेख दुरूस्त राख्नुपर्ने देखिन्छ भने अतिक्रमित बसोबास हटाई सरकारी सम्पत्तिको संरक्षण गर्नुपर्दछ। सिंचित कृषि जग्गा, आवासीय जग्गाको वर्गीकरण अनुरूप लगानी नगर्दा कृषि लक्षित जग्गाहरू आवासीय जग्गामा परिणत भै ठूला संरचना



तस्वीरः नगरक्षेत्र अतिक्रमण गरी वस्ती विकास

निर्माण भएका र सिँचाइका लागि निर्माण भएका सर्भिस लाइनहरू सडकको रूपमा स्थापित भई सिँचाइ गर्ने क्षेत्र वस्तीको रूपमा बदलिएका छन्। सिंचित कृषि जग्गाको लागि आयोजनाले छुट्टै नीति बनाई पकेट क्षेत्र निर्धारण गरी सिँचाइ हुने क्षेत्रको संरक्षण हुनु पर्दछ ।

३८. **जग्गा अधिग्रहण -** सुनसरी मोरङ सिँचाइ आयोजनाले विभिन्न मितिमा सार्वजनिक जग्गा अधिग्रहण गर्ने निर्णय बमोजिम १७७५ विगाहा ६ कट्ठा १५.२५ धुर निजी जग्गा अधिग्रहण गर्ने निर्णय भएकोमा साविकका गा.वि.सहरुको मुअव्जा निर्धारण प्रति बिगाहामा फरक फरक दरले निर्धारण गरेको देखिन्छ। आ.व. २०७९/८० सम्म १०३८ बिगाहा १० कट्ठा ३.२५ धुरको जम्मा रु. ६,८२,२५,५८३ ।- मुआब्जा वापत वितरण गरेको छ। आयोजनाले विभिन्न मितिमा अधिग्रहण गरेको जग्गा ७३७ विगाहा ७ कट्ठा १२ धुर हाल सम्म पनि पुर्ण रुपमा आयोजनाको नाममा ल्याएको छैन।

जग्गा अधिग्रहण गर्दा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको मूल्याङ्कन कमिटीले अधिग्रहण गर्न निर्णय गरेको कित्ता, जग्गाको क्षेत्रफल, सो मध्ये मुआब्जा वितरण हुने जग्गा यकिन गरि अधिग्रहण हुने कुल जग्गा मध्ये कुल मुआब्जा वितरण हुने जग्गा र कुल मुआब्जा वितरण हुने रकम समेत यकिन गर्नुपर्दछ। आयोजनाले Master Plan and Pocket Command Area निर्धारण गरि स्थापना काल देखि जग्गा अधिग्रहण र मुआब्जा वितरण कार्य गरेपनि कति जग्गाको कति रकम भुक्तानी गर्नुपर्ने थियो हालसम्म कति क्षेत्रफलको भुक्तानी भयो र अब कति बाँकी छ लालपुर्जा समेत संलग्न गरि अद्यावधिक गरि राख्नुपर्नेमा आंशिक अभिलेख रहेको कारण पूर्ण रुपमा यकिन

गर्न सकिएन। यसरी अधिग्रहण गरेको जग्गा समयमा नै मुआब्जा वितरण नगरी व्यक्तिकै नाममा रहेको देखिएकोले उक्त जग्गाको बेचविखन तथा गलत प्रयोग हुन सक्ने देखिएकाले अधिग्रहण गरिएको जग्गा तत्काल आयोजनाको नाममा ल्याउन पहल गर्नु पर्दछ।

३९. **अनुगमन -** सिँचाइ नीति, २०७० मा आयोजनाको अनुगमन गर्न स्थानीय उपभोक्ता संस्थाको प्रतिनिधि तथा स्थानीय तहलाई सहभागी गराई अनुगमन समिति गठन गर्ने उल्लेख छ। उक्त नीतिबमोजिम अनुगमन समिति गठन भएको पाइएन। आयोजनाको नहर तथा कमाण्ड क्षेत्रमा अतिक्रमण भईरहेकोमा त्यस्को रोकथाम समयमै गरेको पाइएन। अनुगमनबाट नहरमा चौपाया छाड्ने कार्यमा रोक लगाएको, कमाण्ड क्षेत्रमा शहरीकरण तथा औद्योगिकरणबाट जोगाउन स्थानीय तहका प्रतिनिधिसँग छलफल गरी संरक्षण कार्य सुरु गरिएको सिँचाइ आयोजनाले जनाए तापनि कमाण्ड क्षेत्रको जग्गा गैरकृषि कार्यमा प्रयोग भएकोमा अतिक्रमण हटाउन सकेको छैन।



तस्वीरः नहरमा केराको थम्बा जम्मा भएको

नहरमा मृत चौपाया फालेको, केराको थम्बा, विभिन्न प्लाष्टिकजन्य फोहोरहरु थुप्रेको अवस्था देखिएकोमा आयोजनाले स्थानीय तहका प्रतिनिधिसँग समन्वय गरी अतिक्रमणको अनुगमन गर्नुपर्ने र नहरको संरक्षणमा ध्यान दिनुपर्ने देखिन्छ।

४०. **कोशी सम्झौता -** नेपाल भारत सरकारबीच वि.स.२०११ (सन् १९५४) मा १९९ वर्षको लागि कोशी सम्झौता भएको र सुनसरी मोरङ सिँचाइ आयोजना कोशी सम्झौता बमोजिम रहेकोले दुबै सरकारबीच समन्वयको कमीले हिउँदे बालीको लागि सिँचाइ सुविधा अपर्याप्त भएको देखिन्छ। वि.स.२०२३ (सन् १९६६) को संशोधित सम्झौताको बुँदा नं ४ मा सिँचाइलगायत अन्य प्रयोगका निम्ति कोशी नदी जलाधार क्षेत्र वा सहायक नदीको पानीमाथि नेपालको आफ्नो अधिकार सुरक्षित रहेको छ। साथै, सम्झौताको बुंदा नं. ३ र ८ मा स्पष्ट उल्लेख भए अनुसार कटान डुवानमा परेका जग्गाको क्षतिपूर्ती र बालीको क्षतिपुर्ती मुआब्जा भारत सरकारले नेपाल सरकारलाई दिने उल्लेख रहेपनि ६० वर्ष देखी मुआब्जा/क्षतिपूर्ति प्राप्त गरेको देखिएन। कोशी सम्झौता बमोजिम नेपालपक्षलाई उपलब्ध हुनुपर्ने सुविधा तथा क्षतिपूर्ति सम्बन्धमा दुवै सरकारबीच कूटनीतिक छलफल गरी सम्झौता कार्यान्वयन हुने व्यवस्था हुनुपर्छ।

४१. **ब्यारेजको अध्ययन कार्य -** कोशी नदीको बेड लेभल गहिराई भई चतरा नहरमा पानी इनलेट हुन नसकेको, साइड इन्टेकबाट लक्षित कमाण्ड क्षेत्र ६८ हजार हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने नसकेको व्यहोरा जनाई चतरामा ब्यारेज निर्माणको लागि विस्तृत सर्वेक्षण, अध्ययन अनुसन्धान गर्न इटेको टिएमएस परामर्शदातासँग आ.व. २०७५।७६ मा रु. ३ करोड ७२ लाख ९७ हजारको सम्झौता भएको छ। परामर्शदाताले पेश गरेको प्रतिवेदन अनुसार कोशी नदीमा ब्यारेज कार्यका लागि व्यारेज स्थापनातर्फ रु ५९ अर्ब ८९ करोड र सिँचाइ लागत तर्फ रु. ४४ अर्ब ८ करोड गरी कुल लागत रु १०३ अर्व ९२ करोड लाग्ने अनुमानित लागत पेश गरेको देखिन्छ। ब्यारेज

निर्माण गर्न आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासनिक उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आवश्यककार्य अघि बढाउनुपर्ने देखिन्छ।

४२. **समन्वयः** कमाण्ड क्षेत्रको जग्गामा सिँचाइ कार्यक्रम सञ्चालन गर्दा दोहोरो नहुने गरी सञ्चालन गर्नुपर्दछ। आयोजनाको कमाण्ड क्षेत्रमा सुनसरी र मोरङका डिभिजन सिँचाइ कार्यालयबाट समेत कार्य गर्दै आएकोमा कमाण्ड क्षेत्रमा आयोजनासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

परिच्छेद - ४

निष्कर्ष र सुझाव

सुरुमा बनेका संरचनाहरुको क्षमता विस्तार नहुनु र संरचना पुरानो हुनु, उपभोक्ताको चेतनाको कमी, कृषिलाई आधुनिकीकरण गर्न नसक्नु र कृषि श्रमिकको अभावले कृषिप्रतिको आकर्षण घटनु, जग्गाको खण्डिकरण, घडेरीको लागि बजार विकास, औद्योगीकरण र शहरीकरणले सिंचित क्षेत्रमा कृषि भूमि न्युन हुँदै जानु र नहर अतिक्रमणका कारणले लक्ष्यबमोजिमको सिँचाइ सुविधा उपलब्ध हुन सकेको छैन। सिँचाइ सुविधा प्राप्त क्षेत्रलाई सिंचित क्षेत्र घोषणा गर्ने गरी गैरकृषि प्रयोजनको लागि उपयोग गर्न अनिवार्य अनुमति लिनुपर्ने नीतिगत व्यवस्थाको पालना भएको पाइएन। कृषि योग्य सिंचित क्षेत्रमा शहरीकरण, औद्योगिकीकरण रोक्न नियमन निकायको सकृयता तथा कानूनी व्यवस्था हुनुपर्दछ। सिँचाइ सुविधा पुगेको क्षेत्रको सीमारेखा, नहर तथा कुलो संरचनाको संरक्षण, मर्मत, सुधार र सिँचाइ सुविधा उपलब्धताको सुनिश्चितता हुनुपर्दछ। आयोजनाहरुलाई उच्च क्षमतामा चलाउने गरी मर्मत सम्भार तथा सञ्चालनमा विशेष प्राथमिकता दिनुपर्दछ।

कृषकहरुमा व्यवसायिक चेतनाको कमीका कारण सो क्षेत्रमा अझैपनि परम्परागत खेती प्रणालीको अवलम्बन हुनु, मौसममा उतारचढाव, आवश्यक कृषि सामाग्री समयमा उपलब्ध हुन नसक्नु तथा पहिले आशा गरिएका उच्च मूल्यका नयाँ वालीहरु लगाएत उन्नत प्रविधिलाई अपनाउन नसक्नु प्रमुख कारण देखिन्छन्। यद्यपि आयोजना क्षेत्रमा व्यवसायिक कृषिका विविध कार्यक्रमहरु सञ्चालनमा रहेकोले र कृषकहरु बिस्तारै निर्वाहमुखि खेती प्रणालीबाट व्यवसायिकता तर्फ अग्रसर हुदै गरेको अवस्थामा भविष्यमा यस आयोजनाबाट सबै पक्षले यथेष्ठ फाइदा लिन सक्ने निश्चित छ। व्यवसायिक कृषिका माध्यमबाट उत्पादन र रोजगारीको अवसर सिर्जना गर्दै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्यका साथ सबैले काम गर्नुपर्ने देखिन्छ।

जग्गा प्राप्ति लगायत एकीकृत सिँचाइ गुरुयोजना पूर्ण बनाई यथार्थ समयमा पूर्वाधार सम्पन्न हुने सिँचाइ सेवा शुल्क असुलीमा कृषक कृयाशिल भई मर्मत सम्भारमा उपभोक्ता संलग्नता र नियमित हुने, समयबद्ध जनशक्ति पदपूर्ति हुने, जिम्मेवारी हस्तान्तरण र बरबुझारथको वैज्ञानिक व्यवस्थाका साथै जनशक्तिको क्षमता वृद्धि गरी विज्ञ जनशक्ति परिचालन हुने, तोकिएको समयमा खरिद प्रक्रिया पूरा हुनेगरी कार्य हुने, कार्य पद्धति श्रम माध्यमको मानक र उपकरण मानकको विश्लेषण गरी लागत मितव्ययी र गुणस्तर हुने, खर्चको प्रतिफल विश्लेषण हुने, खर्चका आधारमा प्रगति नभई प्रतिफल र समयका आधारमा विश्लेषण गर्ने प्रणाली विकास हुने, अतिक्रमण हटाई उद्देश्य अनुरुप सिँचाइ सेवा प्रयोगको पहल सुरु हुने, नदीको मापदण्ड, जलस्रोतको अभिलेख विश्लेषण गरी उपयोग मानक तयार गरेर आयोजना सञ्चालन र सोको उपयोगको माध्यमबाट नागरिकको जीवनस्तरमा परिवर्तनको अनुभूति हुनेछ। समग्रमा सुनसरी मोरङ सिँचाइ आयोजनाका सम्बन्धमा आगामी दिनमा गर्नुपर्ने सुधार देहाय बमोजिम छन्।

- निर्माण भएका सिँचाइका संरचनाहरु कमाण्ड क्षेत्रको जमिनका लागि सिँचाइ सुविधा पुर्याउनका लागि पर्याप्त देखिन्छन्। तर सुख्खा यामका लागि स्रोत नै अपर्याप्त हुने र नहरको विस्तार कार्य सञ्चालन भईरहेकोले मुहानबाट पानी छोड्ने क्रम नै अनियमित भएकोले सुख्खा याममा सिँचाइ गर्नबाट किसानहरु बञ्चित रहेको देखिन्छ। वर्षैभरि सिँचाइ सुविधा पुऱ्याउने व्यवस्था मिलाउनुपर्दछ।
- आयोजनाको भौतिक संरचनाहरुको निर्माणको गुणस्तर राम्रो भएतापनि सञ्चालन तथा मर्मत सम्भारका लागि आवश्यक स्रोतको स्थायित्व देखिँदैन। साथै समुदायमा संस्थागत क्षमता अभिवृद्धिका लागि पदाधिकारीहरुलाई अभिमुखीकरण, नीतिगत तालिम लगायतका कार्यक्रम सञ्चालन भएपनि सो पर्याप्त नभएको अवस्थाले आयोजनाको दिगोपनामा आधारहरु मजबुत बनाउनुपर्दछ।
- आयोजनाबाट सरकारको क्षेत्रगत नीतिको लक्ष्य हासिल गर्नमा टेवा पुगेको छ। यस आयोजनाको कार्यान्वयन सँगै जल उपभोक्ताको संस्थागत सुढृढीकरण हुँदै गएको पाइन्छ। सिँचाइसम्बन्धी निकाय, उपभोक्ता संस्था तथा कृषकहरुको क्षमता अभिवृद्धिमा विशेष जोड दिनुपर्दछ।

- आयोजनाको छनौट गर्दा जल उपभोक्ता समितिद्वारा माग सिर्जित आयोजना छनौट भएमा जनसहभागीता उल्लेख्य भई आयोजना दिगो समेत हुन्छ। कोशी नदीमा आधारित सिँचाइ आयोजनामा माथिल्लो तटमा बर्षातको पानी भण्डारण गर्ने विकल्प छनौट गरी बर्षै भरि सिँचाइ सुविधा पुर्याउन सकिने देखिन्छ।
- आयोजनाको कार्यसञ्चालन स्तरमा आवश्यक पर्ने कर्मचारी तथा स्रोत साधनको कमी हन नदिने कुरामा ध्यान दिनुपर्दछ।
- आयोजना निर्माण र कार्यान्वयनको चरणमा जलवायु परिवर्तनको जोखिम र प्रभावबारे सचेतना नभएको अवस्था थियो। हाल जलवायु परिवर्तनको प्रभाव सिँचाइ तथा कृषि क्षेत्रमा बढि परेको हुँदा आयोजना क्षेत्रमा विपद् जोखिम प्रभाव न्यूनीकरण र जलवायु अनुकुलनसम्बन्धी योजना बनाई लगानी वृद्धि गर्नुपर्ने देखिन्छ।
- आयोजना क्षेत्रमा बर्षान्तको समयमा पर्याप्त पानी उपलब्ध भएतापनि हिँउद र सुख्खा समयका लागि बैकल्पिक जलस्रोतका लागि भूमिगत सिँचाइ ताल पोखरी निर्माण गरी वाटर रिचार्ज अवधारणा लागु गरी बर्षै भरि सिँचाइ सुविधा उपलब्ध गराउन जोड दिनुपर्दछ।
- आयोजना क्षेत्रमा उत्पादित कृषिको व्यवसायिकता प्रवर्द्धनका लागि कृषि उत्पादनको सहज आपूर्ति तथा विक्रि वितरणका लागि बजारसम्मको पहुँच सुनिश्चित गराउन बिशेष पहल हुनुपर्दछ। यसले कृषि पेशाबाट विस्थापित हुँदै गइरहेको जनसंख्यालाई आकर्षित गराई जीवनस्तर उकास्न मद्दत मिल्ने देखिन्छ।
- आयोजनाको गुणस्तर सुनिश्चितताका लागि स्थानीय पदाधिकारीको संलग्नतामा नियमित अनुगमन गर्ने संयन्त्रको विकास र परिचालन हुनुपर्दछ।
- आयोजनामा नियमित सिँचाइ सेवा शुल्क नउठेको र बक्यौता रकम बढिरहेको परिपेक्ष्यमा सिँचाइ प्रणालीहरुबाट आवश्यक सिँचाइ सेवा शुल्क उठाइ आर्थिक पक्ष मजबुत बनाइ आत्मनिर्भर परियोजना सञ्चालन र व्यवस्थापनमा सम्बन्धित निकायबाट आवश्यक पहल हुनु जरुरी छ।
- यस आयोजनाको प्रभावकारी सञ्चालन र मर्मत सम्भार गर्नका लागि उपभोक्ता समितिसँग संयुक्त व्यवस्थापन, व्यवस्थापन हस्तान्तरण, सार्वजनिक निजी साझेदारी जस्ता उपाय अवलम्बन गर्नुपर्दछ। सिँचित क्षेत्रमा कृषि कार्यक्रमका अलावा प्रविधि मल बिउ बजार व्यवस्थापन सहकारी विकास जस्ता कार्यक्रमहरुको प्रभावकारिता वृद्धि गर्नुपर्दछ।
- नहरको जग्गा अतिक्रमण गरी वस्ती विकास घर निर्माण र अन्य उपयोग गर्ने कार्यलाई समेत रोक्नाका लागि तीनै तहको समन्वय र ऐनमा आवश्यक सुधार गर्ने, अतिक्रमण गर्नेलाई उचित व्यवस्थापन र कार्वाही गर्नुका साथै नहर किनारमा वृक्षारोपण जस्ता कार्यक्रम लागु गर्नुपर्ने देखिन्छ।
- बाँकी रहेको कमाण्ड क्षेत्रको विकासको अध्ययन गरी आवश्यक बजेटको व्यवस्था गरी निर्माण कार्य अगाडि बढाउदै क्षतिग्रस्त तथा जीर्ण नहर तथा संरचनाहरुको पुनः निर्माणका लागि पर्याप्त बजेटको व्यवस्था गरी क्रमागत रुपमा गर्दै जानुपर्दछ।
- नहर डिसेल्टिंग कार्यलाई घटाउनका लागि कम्तिमा १ थान ड्रेजर तत्काल खरिद गर्नुपर्ने देखिन्छ।
- शाखा तथा प्रशाखा नहरहरुको क्रमिक रुपमा सिमाङ्कनको कार्य गरी कोशी नदीमा व्यारेज वा वेडवार निर्माण गरी कमाण्ड क्षेत्र र थप क्षेत्रमा वर्षैभरि सिँचाइ सुविधा पुर्याएर व्यावसायिक र आधुनिक कृषि प्रणालीको विकासमा ध्यान पुर्याएर नहरमा पानी सञ्चालनको प्रभावबाट नागरिकको जीवनस्तरमा सुधार हुने गरी आयोजना सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ ।

उत्तर दक्षिण लोकमार्ग (कालिगण्डकी करिडोर) आयोजनाको कार्यसम्पादन अवस्था

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** बृहत पूर्वाधारको निर्माणमार्फत आर्थिक-सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याउन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार आर्थिक वर्ष २०६८/६९ मा उत्तर दक्षिण लोकमार्ग (कालिगण्डकी करिडोर) लाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा छनोट गरी कार्यान्वयनमा ल्याइएको छ। साथै गण्डकी र लुम्बिनी प्रदेशका हिमालदेखि तराई मधेशसम्मका सात जिल्लाका बस्तीहरुमा यातायातको सहज पहुँच विस्तार तथा आर्थिक सामाजिक गतिविधिमा सहजीकरण हुने गरी यस क्षेत्रको सन्तुलित विकास गर्न पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा समेत यस आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाको रुपमा समावेश गरिएको छ। आर्थिक वर्ष २०६६/६७ देखि निर्माण कार्य सुरु भएको यस आयोजनाको नवलपरासी पूर्वको गैडाकोटदेखि मुस्ताङको कोरलासम्म ४४२ किलोमिटर सडक निर्माण र ७० पुल निर्माण सम्पन्न गर्ने लक्ष्य राखेकोमा हालसम्म २७३ किलोमिटर सडक र ४० पुल निर्माण सम्पन्न भएको छ। यस आयोजना मार्फत मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ्ग, गुल्मी, पाल्पा र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ७ जिल्लाका २३ लाख जनतालाई सिधा सडक सन्जालमा आबद्ध गरी यस क्षेत्रको सन्तुलित विकास गर्दै अन्तरदेशीय व्यापार, धार्मिक एवं आन्तरिक पर्यटनको विकास, स्थानीय उत्पादनहरुको प्रवर्द्धन एवं पूर्वाधार विकास मार्फत दिगो विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा राखेको देखिन्छ।

२. **कानुनी तथा नीतिगत व्यवस्था -**

- सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४
- राष्ट्रिय यातायात नीति, २०५८
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- आवधिक योजना, वार्षिक नीति तथा बजेट कार्यक्रम ।

२.१ पन्ध्रौं योजना (२०७६/७७- २०८०/८१)

पन्ध्रौं योजनामा राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको कालिगण्डकी करिडोर आयोजनाको लक्ष्य, उद्देश्य, प्रभाव तथा असर, प्रतिफल र मुख्य क्रियाकलाप देहाय बमोजिम रहेको छ।

- **लक्ष्यः** गण्डकी प्रदेशको उत्तरी नाका मुस्ताङको कोरलादेखि नवलपरासी पूर्वको गैंडाकोटसम्म र सो क्षेत्रमा रहेका सात जिल्ला लुम्बिनी प्रदेशका जिल्ला समेत राष्ट्रिय तथा अन्तरदेशीय यातायात सञ्चालनमा आबद्ध गरी सो क्षेत्रको सामाजिक तथा आर्थिक विकासका क्षेत्रमा योगदान पुऱ्याउने।
- **उद्देश्यः** गण्डकी र लुम्बिनी प्रदेशका हिमालदेखि तराई मधेशसम्मका सात जिल्लाका बस्तीहरुमा यातायातको सहज पहुँच विस्तार गरी यस क्षेत्रको सन्तुलित विकास गर्ने।
- **प्रभाव तथा असरः** गण्डकी प्रदेश र लुम्बिनी प्रदेशका हिमालदेखि तराई(मधेशसम्मका ७ जिल्लाका जनतामा यातायातको सहज पहुँच पुगेको हुने, जलविद्युत लगायतका अन्य विकास निर्माण, पर्यटकीय क्षेत्रको विकास, कृषि, उद्योग र सेवा क्षेत्रको विकास र आय आर्जन तथा

रोजगारीमा सहयोग पुगेको हुने। साथै, नयाँ शहर विकास, पहाडबाट तराई तर्फको बसाइ सराइमा कमी आएको हुने, वैदेशिक लगानी प्रवर्द्धन, गरिबी निवारण र भौगोलिक सन्तुलनमा टेवा पुगेको हुने।

- **प्रतिफलः** ४४४ कि मी दुई लेनको कालोपत्रे सडक तथा ७६ वटा सडक पुल निर्माण भएको हुने।
- **प्रमुख क्रियाकलापः** ४३१ कि मी सडकको ट्रयाक खोल्ने, ४४४ किलोमिटर कालोपत्रे सडक निर्माण गर्ने र ७६ वटा सडक पुल निर्माण गर्ने।
- **कुल अनुमानित लागतः** ३२ अर्ब २२ करोड
- **आयोजना सम्पन्न हुने वर्षः** आर्थिक वर्ष २०८०।८१

३. **लक्ष्य र प्रगति -** यस आयोजनाअन्तर्गतका कार्यालयबाट हालसम्म निर्माण सम्पन्न भएको सडकखण्ड र पुल निर्माण तर्फको प्रगति निम्नानुसार छन्।

सडकको नाम	सडक निर्माण (किलोमिटर)						पुल निर्माण (संख्या)	
	कालोपत्रे सडक		ग्राभेल सडक		जम्मा			
	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
गैडाकोट मालढुङ्गा सडक खण्ड	२४०	१५६	-	-	२४०	१५६	५१	३०
मालढुङ्गा कोरला सडकखण्ड	१०५	४०	९७	७७	२०२	११७	१९	१०
जम्माः	**३४५**	**१९६**	**९७**	**७७**	**४४२**	**२७३**	**७०**	**४०**

पन्ध्रौं योजना (२०७६/७७- २०८०/८१) मा यस आयोजना अन्तर्गत ४४४ किलोमिटर कालोपत्रे सडक र ७६ पुल निर्माण गर्ने लक्ष्य उल्लेख भएकोमा आयोजना निर्देशनालयबाट प्राप्त विवरण अनुसार ४४२ किलोमिटर सडक र ७० पुल निर्माण गर्ने लक्ष्य उल्लेख छ।

४. **वित्तीय व्यवस्था -** यस आयोजनाको आर्थिक वर्ष २०७६/७७ देखी २०७९/८० सम्मको निकासा एवं खर्चको विवरण निम्नानुसार रहेको छ।

(रु लाखमा)

सडक खण्ड	आ.व.२०७६/७७		आ.व.२०७७/७८		आ.व.२०७८/७९		आ.व.२०७९/८०	
	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च	बजेट	खर्च
गैडाकोट .मालढुङ्गा	२००५८	१०८०६	२९९७९	२०९६०	१३८३५	११४९७	२८३१४	२७७६०
मालढुङ्गा. कोरला	११६७०	९००९	१२५४२	९३५०	११५३९	८३७३	६८००	५७०१

५. **लेखापरीक्षणको औचित्य -** पन्ध्रौं योजना (२०७६/७७-२०८०/८१) मा राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यान्वयनमा रहेको कालिगण्डकी करिडोरबाट योजनामा तोकिए बमोजिमको क्षेत्रमा सडक पूर्वाधार पुऱ्याउनुका साथै सडक यातायातलाई भरपर्दो, सुरक्षित र कम खर्चिलो बनाई सडक संजालको सन्तुलित विकास तथा विस्तार गर्नमा यस आयोजनाको कार्यसम्पादन अवस्थाको अध्ययन विश्लेषण गरी भविष्यमा सुधारोन्मुख सुझाव सहितको प्रतिवेदन पेश गर्न यो विषयलाई कार्यमूलक लेखापरीक्षणको रुपमा छनोट गरी प्रतिवेदन तयार गरिएको छ।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

६. **लेखापरीक्षणको उद्देश्य -** उत्तर दक्षिण लोकमार्ग (कालिगण्डकी करिडोर) आयोजनाको कार्यसम्पादन अवस्था, भौतिक प्रगति र निर्माण कार्य ढिलाईको अवस्थाको अध्ययन तथा विश्लेषण गरी देखिएका व्यहोराहरु सुधार गर्नका लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ।

७. **लेखापरीक्षणको क्षेत्र -** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, विभाग, कालिगण्डकी करिडोर आयोजना निर्देशनालय, कालिगण्डकी करिडोर आयोजना कार्यालयहरु तथा सो आयोजनाको कार्यक्षेत्र समेतलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ। समयावधिको सन्दर्भमा पन्ध्रौं योजना (२०७६/७७- २०८०/८१) मा राष्ट्रिय गौरवको आयोजनामा समावेश भएपश्चात आर्थिक वर्ष २०७९/८० सम्मका क्रियाकलापहरु लेखापरीक्षणमा समावेश गरिएको छ।

८. **लेखापरीक्षण पद्धति -** लेखापरीक्षणको उद्धेश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन गर्न प्रक्रियामूलक पद्धति तथा कार्यक्रमको उपलब्धि मूल्याङ्कन गर्न नतिजामूलक पद्धति अवलम्बन गरिएको छ। यो पद्धति कार्यान्वयनका क्रममा सम्बन्धित निकायबाट जानकारी तथा निकाय प्रमुख लगायत अन्य पदाधिकारीसँग छलफलका माध्यमबाट सूचना तथा तथ्यांक सङ्कलन गरिएको छ। कालीगण्डकी करिडोरको निर्माण कार्यान्वयनको अवस्था र यसको प्रभावकारीताका लागि विभिन्न प्रश्नावली र विवरण मार्फत सूचना सङ्कलन तथा विश्लेषणका साथै निकायको स्थलगत अवलोकन मार्फत जानकारी हासिल गरी, सोसम्बन्धी कागजात तथा फाईल अध्ययन गरी, सम्बन्धित पक्षसँग छलफल लगायतका लेखापरीक्षण विधि अवलम्वन गरी प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षण आधारको रुपमा राष्ट्रिय तथा अन्तराष्ट्रिय मानदण्ड तथा सिद्धान्त, कानूनी र नीतिगत व्यवस्थाहरु, परियोजना कार्यान्वयन गर्न लागु गरिएका निर्देशिका, कार्यविधिमा उल्लेख भएका व्यहोराहरुलाई प्रयोग गरिएको छ। साथै आवश्यकता अनुसार लेखापरीक्षण आधारहरु बारे लेखापरीक्षण गराउने निकायहरु सँग समेत छलफल गरिएको छ।

९. **लेखापरीक्षण सीमितता -** लेखापरीक्षणका लागि उपलब्ध श्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लाभ लागतको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न सम्भव नहुने भएको हुँदा लेखापरीक्षण योजना बमोजिमको सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। सम्बन्धित निकायहरुबाट प्राप्त सूचना, अभिलेख, विवरण, सरोकारवालासँगको छलफल, लेखापरीक्षण प्रश्नावली तथा तथ्याङ्क, वार्षिक प्रगति प्रतिवेदनका आधारमा लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणमा प्रश्नावली तथा सम्बन्धित आधिकारीक निकायबाट प्राप्त द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, विवरणको विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा उपलब्ध भएका स्रोत साधन आदि यसका सीमा रहेका छन्।

परिच्छेद - ३
लेखापरीक्षणबाट देखिएका बेहोराहरु

१०. **सकारात्मक पक्ष -** राष्ट्रिय तथा स्थानीय आवश्यकता अनुरुप राष्ट्रिय गौरवको आयोजनाको रुपमा उत्तर दक्षिण लोकमार्ग (कालिगण्डकी करिडोर) छनोट गरी कार्यान्वयनमा ल्याइएको छ। मुस्ताङको कोरलादेखि नवलपरासी पूर्वको गैडाकोटसम्म ४४२ कि.मी. सडक निर्माण गर्ने लक्ष्य राखेकोमा हालसम्म १९६ कि.मी. कालोपत्रे सडक निर्माण, ७७ कि.मी. ग्राभेल सडक निर्माण र ४० पुल निर्माण सम्पन्न भएको छ। यस करिडोरले मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ, गुल्मी, पाल्पा र नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गरी ७ जिल्लामा यातायातको पहुँच अभिवृद्धि गरेको छ। आयोजनाले अधिकांश सडक खण्डको पूर्व सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मूल्याङ्कन, विस्तृत सर्वेक्षण प्रतिवेदन तयार तथा स्वीकृत गरेको छ। मालढुङ्गा जोमसोम सडकखण्ड अन्तर्गत निर्माण सम्पन्न भएको ११७ किलोमिटर सडकखण्डमा यातायात सञ्चालनमा रहेको छ। यस आयोजनामार्फत निर्मित सडकखण्डले गण्डकी र लुम्बिनी प्रदेशका पहाडी भू-भागमा उत्पादित सामग्रीको बजारीकरणमा सहजता पुऱ्याएको देखिन्छ। त्यस्तै पवित्र धामहरु देवघाट, राम्दी, ऋषिकेश, सेतिवेनी, मोदिबेनी, गलेश्वोर, मुक्तिनाथ बिच यातायात सम्वन्ध कायम भई धार्मिक तथा प्राकृतिक पर्यटन क्षेत्र विकासमा समेत सहयोग पुऱ्याएको छ। उत्तर दक्षिण अन्तरदेशीय व्यापार विस्तार र प्रवर्द्धन तथा मुक्तिनाथ एवं उपल्लो मुस्ताङमा आन्तरिक तथा बाह्य पर्यटक आगमन यातायातको पहुँच स्थापना गरी सहयोग पुऱ्याएको छ।

११. **आयोजना छनोट पूर्व तयारी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बजेट प्रस्ताब तथा छलफल गर्दा सम्भाव्यता अध्ययन प्रतिवेदन, विस्तृत परियोजना अध्ययन प्रतिवेदन लगायतका कागजात स्वीकृत गरी पेश गर्नुपर्ने व्यवस्था छ। विस्तृत अध्ययन तथा सर्वेक्षण प्रतिवेदन कार्य आयोजना कार्यान्वयन लानुपूर्व नै सम्पन्न गरिसक्नुपर्नेमा आयोजना कार्यान्वयन चरण सुरु भएपश्चात खण्डगत रुपमा तयार गरेको देखिन्छ।यस करिडोरको निर्माण कार्यका लागि सडक खण्डगत रुपमा देहाय बमोजिमका परामर्शदाताहरु मार्फत विस्तृत आयोजना अध्ययन तथा सर्वेक्षण प्रतिवेदन तयार गरी कार्य गरेको देखिन्छ।

क्र. स.	सडक खण्ड	विस्तृत अध्ययन तथा सर्वेक्षण प्रतिवेदन (DPR) पेश मिति	विस्तृत अध्ययन तथा सर्वेक्षण प्रतिवेदन (DPR) गर्ने निकाय
१	राम्दी.रानीमहल.अर्गली सडक खण्ड (चेनेज १३५०००देखी १६५०००)	२०७७/७८	उत्तर.दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय।
२	हर्मिचौर.अर्बेनी सडक खण्ड (चेनेज १८५०००देखी १९२०८४)	२०७७/७८	उत्तर.दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय।
३	अर्बेनी देखि पालुङ्गखोला सडक खण्ड (चेनेज १९२०८४देखी २१००८४)	२०७८/७९	कालीगण्डकी कोरिडोर (गैंडाकोट.राम्दी. मालढुङ्गा) सडक योजना,पाल्पा।
४	बलेवा.मालढुङ्गा सडक खण्ड (चेनेज २२९४८०देखी २३९७२७)	२०७७/७८	उत्तर.दक्षिण/व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय।

आयोजना कार्यान्वयन चरणमा समेत अधिकांश पूर्व तयारीका क्रियाकलापहरु सञ्चालन भएकोले आयोजनाको निर्माण कार्यमा प्रभाव पर्न जाने हुँदा पूर्व तयारी सम्पन्न गरेर मात्र आयोजना कार्यान्वयनमा लैजानुपर्दछ।

१२. **जग्गा प्राप्ति तथा क्षतिपूर्ति व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई तथा मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्ने सोको लागि आवश्यक बजेट व्यवस्था नगरी निर्माण कार्यको ठेक्का बन्दोवस्त गर्न नहुने उल्लेख छ। आयोजनाले गैडाकोट- राम्दी-मालढुङ्गा खण्डमा मुआब्जा तथा क्षतिपूर्ति बापत १६५ परिवारलाई रु. ४ करोड ९१ लाख २३ हजार भुक्तानी गर्नुपर्नेमा १४७ परिवारलाई रु. ४ करोड ५३ लाख ४३ हजार र बेनी- जोमसोम-कोरला खण्डमा मुआब्जा बापत ९२ घरधुरीलाई भुक्तानी गर्नुपर्नेमा ३१ घरधुरीले रु. १ करोड ४ लाख १ हजार मुआब्जा तथा क्षतिपूर्ति प्राप्त गरेको देखिएको हुँदा मुआब्जा तथा क्षतिपूर्ति प्राप्त गर्न बाँकी प्रभावित घरधुरीलाई समयमै क्षतिपूर्ति व्यवस्थापन गरी आयोजनाको कार्यान्वयन गर्नुपर्दछ।

१३. **निर्माण स्थलको व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ को उपनियम ३ मा निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनुपर्ने विरुवा लगायतका संरचना हटाउने सुनिश्चित नभई तथा सोको लागि आवश्यक बजेट व्यवस्था नगरी निर्माण कार्यको ठेक्का बन्दोवस्त गर्न नहुने उल्लेख छ। मालढुङ्गा कोरला सडक खण्ड तर्फको ठेक्का नं. ३३७१४५/७३/७४-००२, ३३७१४५/७३/७४-००३, ३३७१४५/७३/७४-००४ मा नियमावलीको व्यवस्था अनुसार खरिद कार्यको पूर्व तयारीसम्बन्धी कार्य नगरी ठेक्का व्यवस्थापन गरेको देखिन्छ जसका कारण निर्माण व्यवसायीहरुले निर्माण सम्पन्न गर्ने मिति सम्म पनि विद्युत पोल हटाउने कार्यका विद्युत प्राधिकरणलाई रु.९० लाख रकम दिइएकोमा सो कार्य सम्पन्न नभएकोले निर्माण कार्यको म्याद थप भएको देखिन्छ। नियमावलीको व्यवस्था अनुसार निर्माण स्थलको व्यवस्था नगरी निर्माण कार्यको ठेक्का व्यवस्थापन तथा सम्झौता गर्ने तथा ठेक्का सम्झौता पश्चात निर्माण स्थल तयारीको कार्य अघि बढाउनाले निर्माण कार्यमा ढिलाई भएको देखिन्छ। तसर्थ नियमावलीको व्यवस्था अनुसार खरिद कार्यको पूर्वतयारी तथा निर्माण स्थलको व्यवस्था पश्चातमात्र ठेक्का व्यवस्था गर्नेतर्फ ध्यान दिनुपर्दछ। छनौट भएका आयोजना कार्यान्वयन गर्नु पूर्व जग्गा अधिग्रहण गर्ने, आयोजना निर्माण स्थलमा रहेका संरचना हटाउने लगायतका कार्यहरु सम्पन्न गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१४. **योजना छनौट र कार्यान्वयन -** राष्ट्रिय योजना आयोगबाट प्रकाशित आयोजना बैंक मार्गदर्शनमा आयोजनाको आवश्यकता पहिचान, विकास र छनौटसम्बन्धी व्यवस्था गरिएको छ। निर्देशनालयबाट प्राप्त विवरणअनुसार २०६६।६७ देखि यस आयोजनाको रिडी- मालढुङ्गा सडक खण्डको ७६ किलोमिटर नेपाली सेनाबाट निर्माण भएको, केहि सडकखण्डहरु सडक विभाग तथा सडक डिभिजन कार्यालयबाट निर्माण भएकोमा २०७३।७४ देखिमात्र यो आयोजना सञ्चालनका लागि आयोजना कार्यालय स्थापना गरेको देखिन्छ। राष्ट्रिय गौरवको आयोजनाको रुपमा प्राथमिकता प्राप्त आयोजना भनिएतापनि समयमै स्पष्ट कार्यान्वयन संरचनाको व्यवस्था नहुनु र आयोजना कार्यान्वयनमा विभिन्न निकायको संलग्नता रहनुले अपेक्षित सूचक प्राप्ति, एकीकृत अभिलेख व्यवस्थापन तथा नतिजामूलक अनुगमन मूल्याङ्कनमा समस्या देखिएको छ। समयमै कार्यान्वयन संयन्त्र तोकेर मात्र आयोजना कार्यान्वयनमा लानुपर्ने व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ।

१५. **लागत र समय -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र उचित गुणस्तर समेत कायम हुने गरि मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। यस आयोजनाको कुल अनुमानित लागत रु ३५ अर्ब ७९ करोड (संशोधित) रहेकोमा हालसम्म रु. १३ अर्ब ५७ करोड खर्च भई ३८ प्रतिशत वित्तीय प्रगति र ६० प्रतिशत भौतिक प्रगति छ। आर्थिक वर्ष २०६६।६७ देखि निर्माण कार्य सुरु

भएतापनि आयोजना सम्पन्न गर्ने अवधि गैडाकोट- राम्दी- मालढुङ्गा खण्डतर्फ २०८३।८४ सम्म र बेनी- जोमसोम- कोरला खण्डतर्फ २०८१।८२ सम्म रहेको अवस्थामा भौतिक प्रगति ६० प्रतिशत मात्र भएको हुँदा आयोजना सम्पन्न गर्न भएको ढिलाई एवं लागत वृद्धिले पूर्व निर्धारित प्रतिफल प्राप्त नहुने स्थिति देखिन्छ। तोकिएको समयभित्र आयोजनाका क्रियाकलाप सम्पन्न गर्नुपर्दछ।

१६. **आयोजनाको लक्ष्य प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ उपनियम २ बमोजिम तालुक कार्यालयले विभिन्न कार्यालयहरुबाट तोकिएको लक्ष्य अनुसार कार्य सम्पन्न गरी प्रगति समिक्षा गर्नु पर्ने व्यवस्था छ। आयोजनाको लक्ष्य प्रगतिसम्बन्धी विवरण देहाय बमोजिम रहेको छ।

क्र. सं.	सडकको नाम	सडक निर्माण (किलोमिटर)						पुल निर्माण (संख्या)	
		कालोपत्रे सडक		ग्राभेल सडक		जम्मा			
		लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति	लक्ष्य	प्रगति
१	गैडाकोट मालढुङ्गा सडक खण्ड	२४०	१५६	-	-	२४०	१५६	५१	३०
२	मालढुङ्गा कोरला सडकखण्ड	१०५	४०	९७	७७	२०२	११७	१९	१०
	जम्माः	**३४५**	**१९६**	**९७**	**७७**	**४४२**	**२७३**	**७०**	**४०**

आयोजना कार्यालयबाट प्राप्त विवरण अनुसार कालिगण्डकी करिडोर गैडाकोट-मालढुङ्गा सम्मको २४० किलोमिटर र मालढुङ्गा- कोरला सडक २०२ किलोमिटर गरी जम्मा ४४२ किलोमिटर सडक निर्माण गर्ने लक्ष्य रहेकोमा हालसम्म १९६ किलोमिटर कालोपत्रे र ७७ किलोमिटर ग्राभेल सडक निर्माण भएको छ। पूल निर्माण तर्फ ७० पूल निर्माण गर्नुपर्नेमा ४० पूल निर्माण सम्पन्न भएको छ। तर, सडक विभागको वार्षिक प्रगति प्रतिवेदन २०७९/८० मा कालिगण्डकी करिडोरको गैडाकोट मालढुङ्गातर्फ २४५ किलोमिटर सडक र ३४ पुल निर्माणको लक्ष्य रहेकोमा १७७ किलोमिटर सडक र ७ पुल निर्माण सम्पन्न भएको र मालढुङ्गा कोरोला तर्फ २०२ किलोमिटर सडक र ३८ पुल निर्माणको लक्ष्य रहेकोमा १३३ किलोमिटर सडक र ५ पुल निर्माण सम्पन्न भएको विवरण उल्लेख छ। आयोजना कार्यालयबाट प्राप्त लक्ष्य प्रगतिको विवरण र सडक विभागबाट प्रकाशित लक्ष्य प्रगति विवरणमा भिन्नता देखिएको छ। विनियोजित बजेट, सो को उपयोगको अवस्था, वार्षिक कार्यक्रम कार्यान्वयनको अवस्था र पूर्वनिर्धारित लक्ष्यअनुरुपको प्रगति सम्बन्धमा एकरुपता कायम गरी अभिलेखाङ्कन र प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

१६.१ सडक खण्ड तर्फको प्रगतिः

(क) गैडाकोट मालढुङ्गा सडकखण्ड तर्फ सम्पन्न भएका सडकखण्डको भौतिक प्रगति विवरण देहाय बमोजिम रहेका छन्।

क्र.सं.	योजना सडक खण्डको नाम	कालोपत्रे सडकको लम्बाई (कि.मि.)		भौतिक प्रगति (प्रतिशत)
		लक्ष्य	प्रगति	
१	गैंडाकोट- पिपलडाँडा	१३१.७	१२२.५	९३
२	राम्दी- रानीमहल	१६.८	स्तरोन्नतिको क्रममा	-
३	रानीमहल-रिडी	१५	१४.२५	९५
४	रिडी-हर्मिचौर	२१	१८.९	९०
५	हर्मिचौर-बलेवा	४४.७	स्तरोन्नतिको क्रममा	-
६	बलेवा-मालढुङ्गा	१०.७	स्तरोन्नतिको क्रममा	-
	जम्माः	**२४०**	**१५६**	**६५**

आयोजना कार्यालयबाट प्राप्त विवरणअनुसार गैंडाकोट मालढुङ्गा सडकअन्तर्गत पर्ने पिपलडाँडा राम्दी खण्डको करिब २ कि.मी. सिद्धार्थ राजमार्ग गाभिएको छ। माथि उल्लिखित खण्डहरुको प्रगतिमध्ये राम्दी-रानीमहल, हर्मिचौर-बलेवा र बलेवा-मालढुङ्गा खण्ड तर्फको ट्रयाक खुलेको भएतापनि स्तरोन्नति गरी कालोपत्रे सडक निर्माण गर्न बाँकी रहेको र हालसम्म १५६ किलोमिटर सडक निर्माण सम्पन्न भई ६५ प्रतिशत मात्र भौतिक प्रगति हासिल भएको देखिन्छ।

(ख) मालढुङ्गा कोरला सडकखण्ड तर्फ सम्पन्न भएका सडकखण्डको भौतिक प्रगति विवरण देहाय बमोजिम रहेका छन्।

क्र. सं.	ठेक्का सम्झौता	चेनेज	आयोजनाको कुल लक्ष्य (किमि)	हाल सम्मको प्रगति
१	३३७०१११८४/०७७/७८-१	०+०००-१३+११०	१३.१	कालोपत्रे ४० किमि ग्राभेल ७७ किमि
२	३३७०१११८४/०७९/८०-०१	०+५००-२+६०२	२.१	
३	३३७१४५-4/०७४/७५-१०	२+६०२ - ४+०००	१.३	
४	३३७१४५/०७३/७४-००१	४+०००-२३+०००	१९	
५	३३७१४५/७३/७४-००२	२३+००० -४०+०१५	१७	
६	३३७१४५/७३/७४-००३	०+००० -२०+०००	२०	
७	३३७१४५/७३/७४-००४	२०+००० -३८+५५०	१८.५	
८	३३७०१११८४/०७७/७८-०२	०+०००-१३+०००	१३ (पुनः ठेक्का लागेको)	
९	३३७१४५/०७२/७३-०४	०+०००- १८+०००	१८	
१०	३३७१४५/०७२/७३-०५	१८+००० -२९+०००	११	
११	३३७१४५/०७२/७३-०६	२९+०००-४०+०००	११	
१२	३३७१४५/०७२/७३-०७	४०+०००-५२+०००	१२	
१३	३३७१४५/०७२/७३-०१	०+०००-१९+०००	१९	
१४	३३७१४५/०७२/७३-०२	१९+०००-४४+०००	२५	
१५	३३७१४५/०७२/७३-०३	४४+०००-५८+११७	१४.५	
जम्मा			**२१५**	**११७**

आयोजना कार्यालयबाट प्राप्त विवरण अनुसार २०२ किलोमिटर सडक निर्माणको लक्ष्य रहेकोमा ११७ किलोमिटर सम्पन्न भई हालसम्म ५८ प्रतिशत प्रगति हासिल भएको देखिन्छ।

१६.२ साथै उपरोक्त विवरण अनुसार, ठेक्का न ३३७१४५/एनएस/ २०७२/७३-०४ बाट चेनेज (०+००० - १८+०००) तर्फ ग्राभेल सडक निर्माणका लागि ठेक्का व्यवस्थापन भई १८ कि.मि. को ग्राभेल सडक निर्माण र ठेक्का नं ३३७०१११८४/०७७/७८-०२ बाट चेनेज (०+००० -१३+०००) तर्फ १३ किलोमिटर को कालोपत्रे सडक निर्माणको लागि पुनः ठेक्का व्यवस्थापन भएको देखियो। एउटै चेनेजमा पुनः ठेक्का व्यवस्थापन गर्दा दोहोरो भुक्तानी नहुने गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१६.३ **पुल निर्माणतर्फको प्रगतिः** यस सडक खण्डमा ७० वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म ४० वटा मात्रै पुल निर्माण सम्पन्न भएको छ। गैडाकोट मालढुङ्गा सडक अन्तर्गत ५१ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म ३० वटा सम्पन्न, ४ वटा सम्पन्न उन्मुख तथा १७ वटा ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ। मालढुङ्गा कोरला सडक अन्तर्गत १९ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म १० वटा सम्पन्न भएको छ। पुल निर्माण तर्फ ५७ प्रतिशत भौतिक प्रगति भएको छ। समग्रमा सडक तथा पुल निर्माणमा आयोजनाको औषत भौतिक प्रगति ६० प्रतिशत भएको देखिन्छ।

आयोजनाले सम्पादन गर्ने वार्षिक कार्यक्रमअनुरुप कार्यान्वयन पक्षको प्रभावकारी अनुगमनको अभाव, भौगोलिक जटिलता, महामारी तथा पूर्वानुमान गर्न नसकिने घटना, कार्यालयबाट माग भए बमोजिमको पर्याप्त बजेटको अभाव तथा प्राप्त बजेट पूर्ण रुपमा खर्च गर्न नसक्दा आयोजनाले लक्ष्य अनुरुप प्रगति हासिल गर्न नसकेको तथा तोकिएको समयावधिभित्र निर्माण कार्य सम्पन्न हुन सक्ने अवस्था समेत देखिदैन। जिम्मेवार निकायले आयोजनाको बाँकी अवधिमा सो कार्य पूरा गर्न सकिने नसकिने अवस्थाको समिक्षा गरी माईलस्टोन समेतको कार्ययोजना कार्यान्वयन गर्नुपर्दछ।

१७. **बजेट र खर्चको अवस्था -** यस आयोजनाको आर्थिक वर्ष २०७६।७७ देखि हालसम्म रु १० अर्ब ३४ करोड ५७ लाख बजेट खर्च भई ७६ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ। आर्थिक वर्ष २०७६।७७ देखी आर्थिक वर्ष २०७९।८० सम्मको बजेट र खर्चको अवस्था तलको तालिकामा प्रस्तुत गरीएको छ।

(रु.लाखमा)

आर्थिक वर्ष	बजेट	खर्च	वित्तीय प्रगति (%)
गैंडाकोट – मालढुङ्गा सडक			
२०७६।७७	२००५८	१०८०६	५४
२०७७।७८	२९९७९	२०९६०	७०
२०७८।७९	१३८३५	११४९७	८३
२०७९।८०	२८३१४	२७७६०	९८
मालढुङ्गा – कोरला सडक			
२०७६।७७	११६७०	९००९	७७
२०७७।७८	१२५४२	९३५०	७४
२०७८।७९	११५३९	८३७३	७२
२०७९।८०	६८००	५७०१	८४
जम्मा	**१३४७३७**	**१०३४५७**	**७६**

आयोजना कार्यालयबाट प्राप्त विवरण अनुसार हरेक वर्ष आयोजना कार्यालयले माग गरेबमोजिमको बजेट विनियोजन नभई अर्थ मन्त्रालयले तोकेको बजेट सिलिङमार्फत बजेट विनियोजन हुने गरेको जानकारी प्राप्त भएको छ। साथै उपरोक्त तथ्याङ्क विश्लेषण गर्दा आयोजना कार्यालयलाई प्राप्त भएको बजेट पूर्ण रुपमा खर्च नभएको अवस्था देखिन्छ। आयोजना कार्यालयले वार्षिक रुपमा माग गरे बमोजिमको बजेट प्राप्त नहुने र प्राप्त भएको बजेट समेत पूर्ण रुपमा खर्च गर्न नसक्दा अपेक्षित रुपमा प्रगति हासिल गर्न नसकेको र निर्माण कार्यमा ढिलाई भएको अवस्था देखिन्छ। योजना प्रमुख लगायत संलग्न कर्मचारीको बारम्बार जिम्मेवारी हेरफेर, वन, विद्युत प्राधिकरण लगायत सरोकारवाला निकाय बीच प्रभावकारी समन्वय कायम नहुने समस्याले समयमै विनियोजित बजेट समेत पूर्ण रुपमा खर्च हुन नसकेको देखिन्छ। तसर्थ वित्तीय, भौतिक र मानवीय स्रोत साधनको पर्याप्त व्यवस्था सहित आयोजना कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

१८. **प्राविधिक जनशक्ति -** कार्यालयको स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम कायम दरबन्दी अनुसारको सम्पूर्ण पदहरु पूर्ति हुनुपर्दछ। गैडाकोट मालढुङ्गा सडक खण्ड हेर्ने पाल्पा आयोजना कार्यालयमा दरबन्दी संख्या २२ रहेकोमा सबै पदहरु पूर्ति भएको देखिएको छ। मालढुङ्गा कोरला सडकखण्ड तर्फ दरबन्दी संख्या २१ रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा १०, आर्थिक वर्ष २०७८/७९ मा १३ र २०७९/८० मा ८ पद रिक्त रहेको पाइयो। आयोजना

कार्यका लागि आवश्यक प्राविधिक पद रिक्त हुँदा सोसम्बन्धी सेवा प्रवाह तथा समग्र आयोजनाको प्रगतिमा असर पर्ने भएकोले दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ।

१९. **सारभूत रुपमा सम्पन्न कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा ९० प्रतिशत भौतिक प्रगति भएका निर्माण कार्यको ठेक्काको कार्य स्वीकार गर्न सकिने व्यवस्था छ। सो व्यवस्था अनुसार यस योजनाअन्तर्गत सञ्चालित ठेक्काको कार्य सम्झौता अनुसार सम्पन्न नभएको अवस्थामा नियमावलीमा भएको व्यवस्था अनुसार कार्य स्वीकार गरेको छ। सम्झौता अनुसारको कार्य नगरी ठेक्का फाईनल गर्दा निर्माण कार्यको त्रुटि सच्याउने अवधि सोही मितिबाट सुरु हुने र बाँकी कार्य निर्माण व्यवसायीबाट नहुन सक्ने जोखिम रहन्छ। साथै निर्माण गर्न बाँकी रहेको कार्यको त्रुटि सच्याउने अवधि समेत निर्माण कार्यमा सुचारु रहेकै अवस्थामा गणना हुने देखिन्छ। निर्माण व्यवसायीबाट सम्झौता अनुसारको त्रुटि सच्याउने अवधि भित्र कार्य नगरे उक्त कार्यको त्रुटि सच्याउने अवधि बढाई कार्य गर्न लगाउने र सो नगरे कार्यसम्पादन जमानत जफत गर्ने आयोजना निर्देशनालयको भनाइरहेको छ। उदाहरणको लागि सो व्यहोरा सम्बन्धमा निम्न ठेक्का प्रस्तुत गरिएको छ

(रु.हजारमा)

सि. नं.	सडक खण्ड/ पुलको नाम	ठेक्का नं	सम्झौता मिति	निर्माण सम्पन्न गर्नुपर्ने मिति	म्याद कायम मिति	सम्झौता रकम	२०७८/७९ को भुक्तानी रकम	वित्तीय प्रगति
१	रघुँघाट पुल निर्माण	३३७३२०४/०७४/७५-०१	१२/१२/२०७४	२७/१२/२०७६	२०७९/६/२९	६२४०४	५८१२१	९३
२	गलेश्वर रघुँघाट सडक	३३७१४५-४/०७४/७५-१०	२५/०६/२०७५	२४/०६/२०७७	२०७९/६/२७	४८५०२	०	९१
३	पुल निर्माण	३३७१४५-४/०७४/७५-०२	३१/०३/२०७६	३०/०९/२०७८	२०७९/६/२९	४६८०३	४४९४४	९६

अतः अधुरो कार्य पुरा गर्न कार्यालयले निर्माण व्यवसायीको दैनिक डेली डायरी अनुगमन, सम्झौतामा अनुसारको समयतालिका तथा कार्यप्रगति विश्लेषण गरी अनुगमन मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाई निर्माण गर्न बाँकी कार्य तोकिएको कार्यतालिका बमोजिम समयमै सम्पन्न गर्नुपर्दछ।

२०. **बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) बमोजिम अनुसूची १ अनुसार श्रमिकको खर्च, निर्माण सामग्रीको खर्च र यान्त्रिक उपकरणको भाडासहितमा १५ प्रतिशत ओभरहेड दिई आइटमवाइज निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने साथै सोका अतिरिक्त योजनाको लागतमा समावेश गर्नुपर्ने निर्माण कार्यका लागि चाहिने बीमा खर्च, निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण तथा अन्य आइपर्ने खर्चको पनि अनुमानित लागतलाई समावेश गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग निर्माणका लागि प्राप्त इजाजतपत्र अनुसार निर्माण कार्य गर्दा निजले नियन्त्रण, परिचालन र व्यवस्थापन गर्न सक्ने श्रम, निर्माण सामाग्री र उपकरणको प्रयोगका हकमा आइटमगत दर माग गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

२०.१ आयोजना कार्यालयबाट भएका ठेक्का व्यवस्थापनमा बीमा वापतको रकमलाई लम सममा राखिएको हुँदा बीमावापत वास्तविक रुपमा लाग्ने रकम भन्दा बढी रकम व्यवस्था हुन गएकोले बढी व्ययभार परेको स्थिति देखिन्छ। निर्माण व्यवसायीको कार्यक्षेत्रमा नपर्ने बीमा गराउने कार्यलाई पनि निर्माण व्यवसायीबाट कबोल दर माग गर्नाले निर्माण कार्यका लागि पेस गर्ने वित्तीय प्रस्तावको मूल्यांकन पनि प्रभावित हुने हुँदा सो व्यवस्थामा सुधार गर्नुपर्ने र खुद बीमा खर्च भन्दा कबोल दर बढी भएकोले निर्माण व्यवसायीबाट सोका लागि श्रम, सामाग्री वा यान्त्रिक उपकरणका लागि लगानी नगरेको अवस्थामा पनि बिना मूल्य प्रतिफल प्राप्त गरेको हुँदा सरकारी कोषमा बढी व्ययभार परेको देखिन्छ। उदाहरणको लागि ठेक्का नं ५-२०७७/७८ (रानीमहल- अर्गली सडक स्तरोन्नती)

को निर्माण कार्यका लागि एक निर्माण व्यवसायीले बीमा सेवा प्रदायकलाई व्यक्तिगत बीमा रु. ५६ हजार सहित इन्स्योरेन्स लि. लाई भुक्तानी गरेको वास्तविक बीमा प्रिमियम १६ लाख ४६ हजार रहेकोमा ठेक्का सम्झौताको बि.ओ.क्यु. मा बीमा बापत ४५ लाख २० हजार (मु.अ.कर समेत) उल्लेख गरेकोमा सोहि रकम खर्च लेखेको अवस्था छ। नेपाल सरकारलाई बढी व्ययभार नपर्ने गरी प्रतिष्पर्धात्मक बजार दरका आधारमा बीमा खर्च व्यवस्थापन गर्नुपर्दछ।

२०.२ आयोजना कार्यालयबाट भएको ठेक्का व्यवस्थापनमा बितेको समयावधिलाई समेत बीमा अवधिमा समावेश गरि बीमा प्रिमियम भुक्तानी भएको छ। उदाहरणको रुपमा ठेक्का नं ३३७०१११८४/०७९/८०-०३ रुप्से खोलामाथी बेली ब्रिज निर्माणका लागि कार्यालय र निर्माण व्यवसायीबीच २०८०।११।७ मा कार्यसम्पन्न गर्ने गरी भएको सम्झौतामा निर्माण व्यवसायीले २०७९।१२।१९ को बीमा प्रिमियम पेश गरेकोमा २०७९।११।१५ देखिकै अवधिलाई सो बीमा समयावधिमा गणना गरेको देखिन्छ । ठेक्काको निर्माण कार्य सुरु हुनुभन्दा अघिकै मितिबाट लागु हुने गरि बीमाको कागज पेश भएको र सोहीअनुसार भुक्तानी भएको हुँदा बीमाले भविष्यमा पर्न सक्ने जोखिम व्यवस्थापन गर्ने तर बितेको समयको जोखिम बहन नगर्ने हुनाले यस सम्बन्धमा ठेक्का व्यवस्थापन गर्ने निकायले ध्यान दिनुपर्दछ ।

२१. **पेश्की व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली २०६४, को नियम ११३ (५) (६) (७) मा सार्वजनिक निकायले सोहि नियमको उपनियम (१) बमोजिम दिएको पेश्की खरिद सम्झौतामा उल्लेख भए बमोजिम प्रत्येक रनिङ्ग बिल वा अन्य बिल बिजकबाट कट्टा गर्नु पर्ने तथा आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लेखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेश्की फछ्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित बैङ्कबाट प्राप्त गरी पेश्की फछ्यौंट गर्नु पर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नु पर्ने व्यवस्था छ। साथै, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फस्यौंट गर्ने व्यवस्था रहेको छ। आयोजनाबाट प्राप्त विवरणअनुसार रुग्ण ठेक्का, अधुरा ठेक्का र न्युन प्रगति भएका ठेक्का तथा पेश्किको म्याद समेत समाप्त भइसकेका ठेक्कामा रु ५५ लाख ५० हजार पेश्की फर्छ्यौट हुन बाँकी रहेको छ। ठेक्का सम्झौता अनुसार ठेक्का प्रशासन सञ्चालन हुन नसकेका कारण ठेक्काको समय र लागत वृद्धि हुनुका साथै सडक निर्माण कार्यमा ढिलाई भइरहेको अवस्था छ। कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाई रुग्ण तथा म्याद समाप्त भएका ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

२२. **पेश्कीमा मूल्य समायोजन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र उचित गुणस्तर समेत कायम हुने गरि मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। आयोजनामा मूल्य समायोजनको भुक्तानीमा पेश्की रकममा समेत मूल्य समायोजन दिएको देखिएको छ। उदाहरणको रुपमा बौदी खोला पुल निर्माण गर्न ठेक्का नं १४-२०७४/७५, मिति २०७७/०७/०२ मा सम्पन्न गर्ने गरी २०७५/०५/१८ मा ६ करोड ३२ लाख २४ हजार (मुल्य अभिवृद्धि कर समेत) को सम्झौता भएको छ। तोकिएको समयमा कार्य सम्पन्न नभएकोले ठेक्काको म्याद २०७९/०५/३१ सम्म थप भई २०७९/०५/२६ मा कार्य सम्पन्न भएको छ। ठेक्का सम्झौता र भुक्तानी परीक्षण गर्दा छैटौं तथा अन्तिम बिलसम्मको भुक्तानीमा निर्माण व्यवसायीलाई भुक्तानी दिएको मोविलाइजेसन पेश्की रकममा समेत मूल्य समायोजन गणना गरी भुक्तानी गरेको पाइयो। ऐन तथा नियमावलीको व्यवस्थाअनुसार मुल्य समायोजन भुक्तानी दिदा नेपाल सरकारलाई बढी व्ययभार पर्ने अवस्था सिर्जना गर्नुहुदैन।

२३. **क्षतिपूर्ति व्यवस्थापन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (११) र १२८ अनुसार ती ठेक्काहरुको पेश्की जमानी प्राप्ति गर्ने, ठेक्का अंकको बढीमा १० प्रतिशत सम्म पूर्वनिर्धारित क्षतिपूर्ती लगाउने, ठेक्का तोड्ने, कार्यसम्पादन जमानी प्राप्ती गर्ने, कालोसूचीमा राख्ने र काम पूरा गर्न नपुग रकम भराउने व्यवस्था छ। मालदुङ्गा कोरला सडक खण्ड अन्तर्गतका निम्न ३ ठेक्कामा आयोजना कार्यालय र निर्माण व्यवसायीबिच भएको सम्झौता अवधिभित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा पटक पटक म्याद थप गर्दा समेत कार्य सम्पन्न गर्न नसकेका विभिन्न ३ ठेक्का मध्ये १ ठेक्का सम्झौता तर्फ सार्वजनिक खरिद नियमावली बमोजिम ठेक्का तोडिएको र अन्य २ ठेक्काको २९ लाख ४० हजार क्षतिपूर्ति व्यवस्थापन गर्न बाँकी रहेको विवरण प्राप्त भएको छ। आयोजनाले पटक पटक म्याद थप पश्चात समेत कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई ठेक्का सम्झौतामा पूर्वनिर्धारित क्षतिपूर्ती लगाई पेश्की बाँकी रकममा १० प्रतिशत व्याज र कार्यसम्पादन जमानत समेत जफत गरी नियमावलीको व्यवस्था बमोजिम ठेक्का फरफारक गर्नुपर्दछ।

२४. **म्याद थप सम्बन्धमा -** ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपूर्तिजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ। समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा कार्यतालिका अद्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप घटनाले पारेको प्रभावको आधारमा दिनगन्तीका आधारमा म्याद थप गर्नुपर्ने, ठेक्काको काम गर्दा डेली डायरी राख्नुपर्ने र म्याद समाप्त हुनुभन्दा २१ दिन अघि म्याद थपको निवेदन दिनुपर्ने व्यवस्थाहरु छन्।तर म्याद थप गर्दा सम्झौताको उक्त व्यवस्थाको सट्टा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० को आधारमा अन्य कारणहरु देखाई थप गरिएको छ। गैंडाकोट मालदुङ्गा सडक खण्ड अन्तर्गत पहिलो पटक थपिएको म्यादमा कार्य नगर्ने देहाय बमोजिम १० वटा ठेक्काको पुनः पटक पटक गरी ६ महिनादेखि ५० महिनासम्म म्याद थप गर्ने गरेको छ।

(रु.हजारमा)

क्र. सं.	ठेक्का नं	निर्माण कार्य	ठेक्का अंक	भुक्तानी	सुरु अवधि (महिना)	थप अवधि (महिना)
१	३३७१४५-४/०१/०७३/७४	महेश्वरीखोला पूल नवलपरासी	७२१८९	६४०८९	२४	३९
२	३३७१४५-४/०३/०७३/७४	फुलमादीखोला पूल नवलपरासी	५०५९५	३६६५०	२२	५०
३	३३७१४५-४/०६/०७३/७४	लमयाखोला पूल पर्वत	५८९८९	२७०२३	२४	४८
४	३३७१४५-४/०७/०७३/७४	लादीखोला पूल नवलपरासी	४३९२१	४२८८८	२१	४४
५	३३७१४५-४/०८/०७३/७४	गुण्डीखोला पूल पर्वत	४३५६७	३७९७८	२१	४४
६	३३७१४५-४/०९/०७३/७४	देवसातखोला पूल नवलपरासी	५१२१५	४९४१७	२३	४२
७	३३७१४५-४/११/०७३/७४	तरन खोला पुल नवलपरासी	३४८७६	२४०७८	१८	३८
८	३४३७१३३/०४/२०७४/०७५	गैडाकोट रामपुर पिपलडाँडा सडक स्तरोउन्नति	५५२९४४५	४८३६९७४	३६	२४
९	३३७३२०-४/०२/०७६/७७	चौरीखोला पुल	३८०५४	१५६११	२४	८
१०	३३७०१११८-४/०३/०७६/७७	रिडी-रुद्रवेणी-हर्मिचौर सडक सुधार कार्य	६३३१६०	६२९४९५	३०	६

त्यस्तै मालढुङ्गा कोरला सडक खण्ड तर्फको ठेक्का सम्झौतामा पटक पटकको म्याद थप पश्चात समेत निर्माण व्यवसायीबाट तोकिएको समयमा निर्माण सम्पन्न हुन नसकेको देखिन्छ। उदाहरणको लागि १९+०००-४४+००० सडक निर्माण कार्य २०७५।४।१४ भित्र सम्पन्न गर्नेगरी निर्माण व्यवसायीसँग २०७३।०३।३० मा सम्झौता गरेकोमा म्याद थप भएको अवधि २०७९।६।२७ सम्ममा ८६.७ प्रतिशत प्रगति भएको छ। त्यस्तै २५ मिटरको एक पुल निर्माण २०७४।९।२८ भित्र सम्पन्न गर्ने गरी निर्माण व्यवसायीसँग २०७३।३।२९मा सम्झौता गरेकोमा ४ पटकको म्याद थप भएको अवधि २०७९।०६।३० सम्म ८४.७८ प्रतिशत मात्र प्रगति भएको छ।

निर्माण व्यवसायीले पटक पटक म्याद थप माग गरे अनुसार म्याद थप हुने तथा संशोधित कार्यतालिका अनुसार निर्माण कार्य नहुँदा निर्माण कार्य अधुरो रहेको अवस्था छ। कार्यालयले सम्झौतामा उल्लेख भएका व्यवस्थाहरुको अधिनमा रही म्याद थप गर्न स्पष्ट आधार खुलाई म्याद थप गर्ने तथा म्याद थप भए बमोजिम कार्य नगर्ने निर्माण व्यवसायीलाई सम्झौता अनुसार कारबाही गर्नुपर्दछ।

२५. **सडकको मापदण्ड -** सार्वजनिक सडक ऐन, २०३१ को दफा ३ ख बमोजिम विभिन्न सडकको वर्गीकरण गरेको छ। नेपाल सडक वर्गीकरण तथा मापदण्ड, २०७० अनुसार राष्ट्रिय लोकमार्ग अन्तर्गतका सडकखण्डको चौडाई क्यारिज वे ७ मिटर र दुवैतर्फ सव वे (१.५+१.५) ३ मिटर समेत गरी १० मिटर हुनुपर्ने उल्लेख छ। आयोजनाको पिपलडाँडा राम्दी खण्ड करिब २ किलोमिटर सिद्धार्थ राजमार्गमा र अर्गली रिडी खण्ड करिब ३ किलोमिटर बर्तुङ्ग रिडी तम्घास सडकमा गाभिएकोमा चौडाई सिद्धार्थ राजमार्गको इन्टरमेडियट लेन (५.५मिटर) मात्रै रहेको छ। जुन यस आयोजनाको मापदण्ड भन्दा कम देखिन्छ। तसर्थ राष्ट्रिय स्तरको लोकमार्गको चौडाई ऐन तथा मापदण्डमा व्यवस्था भएबमोजिम कायम हुनुपर्दछ।

२६. **यातायात सञ्चालन -** यस आयोजनाअन्तर्गत मालढुङ्गा कोरला सडकखण्डमा ११७ कि.मी.र गैडाकोट मालढुङ्गा सडक खण्डमा १५६ कि.मी. सडक निर्माण सम्पन्न भएको छ। निर्मित सडक खण्डमध्ये मालढुङ्गा कोरला सडक खण्डमा नियमित रुपमा यातायात सञ्चालनमा रहेको देखिन्छ । आयोजना कार्यालयबाट प्राप्त विवरण अनुसार गैडाकोट मालढुङ्गातर्फ निर्माण सम्पन्न भएको सडक खण्डमा सवारी तथा यातायात व्यवस्थापन ऐन, २०४९ बमोजिमको रुट परमिट प्रक्रिया पुरा नगरेको कारणले सार्वजनिक यातायत सम्पन्न सञ्चालन हुन नसकेको देखिएको छ । तसर्थ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले यातायात व्यवस्था विभागसँग समन्वय गरी निर्माण सम्पन्न भएका सडकखण्डमा नियमित यातायात सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

२७. **विवाद समाधान -** आयोजना कार्यालयहरुबाट प्राप्त विवरण अनुसार मालढुङ्गा कोरला सडक खण्डको निर्माण कार्य सुरु भएपश्चात मुआब्जा तथा सडक रेखाङ्कनमा वन क्षेत्र तथा संरचना व्यवस्थापन सम्बन्धमा बेनी, तातोपानी, टुकुचे लगायतका स्थानमा भएको विवादले निर्माण कार्य नियमित रुपमा सञ्चालनमा ढिलाई हुन गएको र आयोजना कार्यालयको प्रयासबाट हाल सो विवाद समाधान भएको छ। गैडाकोट मालढुङ्गा सडक खण्डमा सडक स्तरोन्नति तथा विकास आयोजना (आर.आई.डि.पि) अन्तर्गतको निर्माणाधिन गैडाकोट-रामपुर–पिपलडाँडा सडक खण्ड १३१.७ किलोमिटरमध्ये ७ किलोमिटरमा रुख कटान आदेश प्राप्त हुन ढिलाई भएको कारणले ठेक्का व्यवस्थापनमा समेत ढिलाई हुन गएको छ। तसर्थ ठेक्का व्यवस्थापन पूर्व नै आवश्यक पूर्व तयारीका चरणहरु पुरा गरी ठेक्का व्यवस्थापन गर्नुपर्ने प्रावधान लाई पूर्ण रुपमा लागु गर्नुपर्दछ।

२८. **मर्मत सम्भार -** त्रुटि सच्याउने अवधि समाप्त भइसकेका सडक तथा पुल संरचनाको नियमित मर्मत सम्भार हुनुपर्दछ। आयोजना कार्यालयहरुबाट विभिन्न आर्थिक वर्षमा खण्डगत रुपमा ठेक्का व्यवस्थापन भएको र केहि सडक खण्ड निर्माण सम्पन्न भई त्रुटि सच्याउने अवधि समेत समाप्त भइसकेको भएतापनि केही सडक खण्ड ठेक्का व्यवस्थापनको तयारी चरणमा रहेको अवस्था छ। आयोजनाले हालसम्म १९६ किलोमिटर कालोपत्रे सडक, ७७ किलोमिटर ग्राभेल सडक र ४० पुल निर्माण सम्पन्न गरेतापनि आयोजना कार्यालयमा बजेट व्यवस्थापन नभएको हुँदा त्रुटि सच्याउने अवधि समाप्त भइसकेका संरचनामा मर्मत तथा सम्भार हुन सकेको छैन। निर्माण सम्पन्न भएको सडक तथा पुल संरचनाको मर्मत सम्भारका लागि स्पष्ट व्यवस्था गर्नुपर्दछ।

२९. **क्षतिग्रस्त पुल -** फिल्ड निरीक्षणको क्रममा यस आयोजना कार्यालयबाट व्यवस्थापन भएको जोमसोम कोरोला सडक खण्ड अन्तर्गत ठेक्का न. ३३७३२०४/०७२/७३-१२२ बाट एक स्पानको २५ मिटर पुल निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०७३।३।२९ मा सम्झौता भएअनुसार सुरु कार्य सम्पन्न गर्नु पर्ने २०७४।९।२८ रहेता पनि म्याद थप पश्चात कार्यसम्पन्न मिति २०७९।०६।३० कायम भएको देखिन्छ। लागत अनुमान रु. ४ करोड ८० लाख ५६ हजार तथा ठेक्का सम्झौता अङ्क रु.२ करोड ८८ लाख ५१ हजार रहेकोमा हाल सम्म रु. २ करोड ४४ लाख ६० हजार भुक्तानी भई ८४.७८ प्रगति रहेको छ। मिति २०८० श्रावण २८ मा आएको प्राकृतिक प्रकोप तथा बाढी पहिरोले उक्त निर्माणाधीन संरचनामा पूर्णरुपले क्षतिग्रस्त भएको देखिएको छ। निर्माण अवधि तथा त्रुटि सच्चाउने अवधि समेतमा निर्मित निर्माण कार्यमा कुनै क्षति भएमा सो को जोखिम बहन गर्ने उद्देश्यले ठेक्का सम्झौताको बिमा गरेको उक्त निर्माण कार्यको लागि एक बिमा कम्पनीसँग निर्माण अवधि एवं त्रुटी सच्याउने अवधि (मिति २०८०।०४।११ देखि २०८०।०८।११) सम्मको रु ३ करोड ८ लाख ५१ हजार बिमा गरेको प्रमाण पेश भएको छ। हालसम्म उक्त निर्माण कार्यमा रु. २ करोड ४४ लाख ६० हजार भुक्तानी भइसकेको हुँदा सम्झौता बमोजिमको कार्य पुनः गराउने व्यवस्था गर्नुपर्दछ। प्राविधिक रुपमा उक्त स्थानमा सो निर्माण कार्य गर्न नमिल्ने भएमा निर्माण व्यवसायीलाई भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

क) बाढीले क्षति पुऱ्याउनु अघिको कागबेनीमा निर्मित पुलको संरचना



ख) बाढीले क्षतिग्रस्त कागबेनी पुलको संरचना



३०. **अनुगमन मूल्याङ्कन -** आयोजना सञ्चालनको विद्यमान स्थिती, समस्या र चुनौती तथा अवसरको पहिचान गर्नका लागि तालुक निकायबाट आयोजनाको निरन्तर अनुगमन मूल्याङ्कन गर्नुपर्दछ। आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना निर्देशनालय र संघीय सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालयबाट आर्थिक वर्ष २०७५/७६ मा ५ पटक, २०७६/७७ मा ६ पटक, २०७७/७८ मा ५ पटक, २०७८/७९ मा ५ पटक, २०७९/८० मा ६ पटक र २०८०/८१ मा ३ पटक गरी हालसम्म ३० पटक अनुगमन भएको विवरण निर्देशनालयबाट प्राप्त भएको छ। तालुक निकायबाट पटक पटक सुपरिवेक्षण तथा अनुगमन भएतापनि केहि अनुगमनबाट सुझाव सहितको प्रतिवेदन प्राप्त भएको देखिएन। अनुगमन मूल्याङ्कनलाई थप प्रभावकारी बनाउन अनुगमनका देखिएका व्यहोराहरु उपर अनिवार्य रुपमा लिखित सुझाव प्राप्त गर्ने तथा सो सुझावको पूर्ण रुपमा कार्यान्वयन गर्ने प्रणालीको विकास गर्नुपर्दछ। साथै अनुगमन गर्दा निश्चित समय, लागत तथा सूचकसहित जिम्मेवार निकाय तोकी स्पष्ट अनुगमन कार्यान्वयन कार्ययोजना लागु गरी प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा उपयोग गरी आयोजनाको कार्यान्वयन दक्षता अभिवृद्धि गर्नुपर्दछ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

सरकारले उत्तर दक्षिण लोकमार्ग (कालिगण्डकी करिडोर) मार्फत उत्तरी नाका कोरलादेखि गैडाकोटसम्मका सात जिल्लामा राष्ट्रिय तथा अन्तरदेशीय यातायात सञ्चालन मार्फत सो क्षेत्रको सामाजिक तथा आर्थिक विकास गर्ने प्रमुख लक्ष्य लिएको छ। आयोजना आर्थिक वर्ष २०६६/६७ बाट सुरु भएतापनि हालसम्म ६० प्रतिशत प्रगति हासिल भएको अवस्थाले तोकिएको समयसम्ममा आयोजना निर्माण सम्पन्न हुन सक्ने अवस्था देखिदैन। योजना समयमै सम्पन्न नहुँदा अपेक्षाकृत लाभ प्राप्त भएको छैन। आयोजना पूर्वका तयारी कार्यहरु सम्पन्न नगरी बजेट तथा कार्यक्रममा आयोजना समावेश गर्दा समयमा सम्पन्न हुन नसकि लागत बढ्दै गएको देखिन्छ। सरकारले उच्च प्राथमिकता दिई सुरु गरेको यस आयोजनामा देखिएका मुख्य समस्याहरुमा आयोजनाको पूर्व तयारीबेगर आयोजना कार्यान्वयनमा लगेको, आयोजनाको आवश्यकता बमोजिम बजेट प्राप्त नभएको, विनियोजित बजेट समेत पूर्ण रुपमा खर्च हुन नसकेको, प्राविधिक जनशक्तिको अभाव रहेको, भौगोलिक जटिलता भएको जस्ता समस्याहरुले तोकिएको समयमा पूर्वनिर्धारित उपलब्धि प्राप्त गर्न नसकेको अवस्था छ। आयोजना कार्यान्वयन पक्षलाई सुदृढ बनाई लक्षित प्रतिफल प्राप्त गर्नको लागि उल्लेखित समस्याको सम्बोधन गरी आयोजनाको प्रभावकारीता बढाउनुपर्दछ। कार्यमूलक लेखापरीक्षणको आधारमा आयोजनाको कार्यसम्पादन अवस्था सम्बन्धमा आवश्यक सुधारका लागि देहाय बमोजिमको सुझाव उल्लेख गरिएको छ।

- विस्तृत आयोजना प्रतिवेदन तयार गरेपछि मात्र आयोजना छनोट गर्ने र आयोजना छनोट गर्दा स्पष्ट मापदण्ड तयार गर्नुपर्ने व्यवस्थाको पूर्ण रुपमा पालना गर्नुपर्दछ।
- आयोजनाको एकै समयमा ठेक्का व्यवस्थापन गर्ने, सडकको क्षेत्राधिकार निर्धारण गर्ने, जग्गा प्राप्ति, वातावरणीय अध्ययन, यूटिलिटी रिलोकेसन तथा निर्माण स्थलको पूर्व तयारीको कार्य सम्पन्न गरी आयोजना कार्यान्वयनमा लानुपर्दछ।
- आयोजना सुरु गर्दा कार्यक्षेत्र र लागत व्यहोर्ने स्रोत निश्चित गरी तोकिएको समयभित्र सम्पन्न हुने गरी समयतालिका सहितको कार्यान्वयन कार्ययोजना तयार गर्ने र सो कार्यतालिका बमोजिम काम गर्न गराउन सम्बन्धित मन्त्रालय, निर्देशनालय तथा आयोजना कार्यालयहरु जिम्मेवार हुनुपर्दछ।
- आयोजनाको कार्यक्षेत्र भित्र पर्ने हटाउनुपर्ने संरचना सम्बन्धमा प्रभावितहरुसँग क्षतिपूर्ति वितरण सम्बन्धमा स्पष्ट निर्णय गरी विवादको व्यवस्थापन गर्नुपर्दछ। साथै क्षतिपूर्ति पाउन बाँकी प्रभावितलाई यथाशिघ्र क्षतिपूर्ति रकम वितरण गर्नुपर्दछ।
- आयोजना कार्यालयको माग अनुसारको बजेटको उपलब्धता र सुनिश्चितता हुनुपर्दछ । साथै आयोजना कार्यालयले समेत विनियोजित बजेट अनुरुप खर्च गर्नका लागि आवश्यक प्राविधिक जनशक्ति व्यवस्थापन, समयमै ठेक्का व्यवस्थापन जस्ता पक्षमा सुधार गरी तोकिएको लक्ष्य अनुसारको प्रगति हासिल गर्नुपर्दछ।
- आयोजना अन्तर्गत प्राविधिक जनशक्तिको दरबन्दी अनुसार पदपूर्ति नभएको हुँदा आयोजनाको लक्ष्य अनुसारको प्रगति हासिलमा असर पर्ने देखिएकोले समयमै कार्यसम्पन्न गर्न दरबन्दी अनुसारको प्राविधिक जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।
- गुणस्तर परीक्षणलाई प्राथमिकता दिई निर्मित सडक तथा पुलहरुको गुणस्तर सुनिश्चित गर्नु पर्दछ।

- अधुरा ठेक्का, न्युन प्रगति भएका ठेक्का र पेश्की म्याद समाप्त भएको ठेक्काको हकमा व्यवस्थापन गर्न बाँकी पेश्की नियमानुसार समयमै व्यवस्थापन गर्नुपर्दछ।
- निर्माण व्यवसायीले सम्झौताको शर्तबमोजिम काम नगरेको लगायतका कारणबाट निजबाट रकम असुल गर्ने अवस्थामा निजको पेश्की बैंक जमानतबाट असुल गर्नुपर्ने हुन्छ। उक्त पेश्की बैंक जमानतले असूल गर्ने बिगो र सो मा लाग्ने ब्याज जरिवाना रकम समेत खाम्ने गरी पेश्की बैंक जमानतको रकम निर्धारण गर्ने कानुनी तथा नीतिगत व्यवस्था गर्नुपर्दछ।
- पेश्की रकममा जरिवानासहित असुल गर्नुपर्ने अवस्थामा पेश्की बैंक जमानत मै जरिवाना समेतको सुनिश्चितता हुने गरी ठेक्का व्यवस्थापनका लागि नीतिगत व्यवस्था गर्नुपर्दछ।
- सडक निर्माणमा प्रयोग हुने नदि तथा खानीजन्य निर्माण सामाग्रीको प्राप्तिमा कानुनी सरलीकरण, सहज उपलब्धताका लागि तहगत समन्वय तथा बजार मूल्य नियमन गर्नुपर्दछ।
- आयोजनाको कार्यक्षेत्र डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा समेत पर्ने हुँदा दुवै सरकारी निकायबीच अन्तरसमन्वय र सहकार्य हुनुपर्दछ।
- मालढुङ्गा कोरला सडकखण्डको कतिपय स्थानहरु भौगोलिक जटिलताले निरन्तर पहिरो तथा प्राकृतिक विपत्तिको सामना गर्नुपरेको हुँदा सम्बन्धित स्थानमा भौगोलिक अध्ययन विश्लेषण गरेर मात्र निर्माण कार्यहरु गर्नुपर्ने हुँदा यसतर्फ विभाग तथा निर्देशनालयले थप अध्ययन गरी निर्माण कार्य गर्नुपर्दछ।
- आयोजनाले निर्माण सम्पन्न भएका सडक खण्डमा नियमित रुपमा सार्वजनिक यातायात सञ्चालन हुने व्यवस्था मिलाउनुपर्दछ।
- आयोजनाको प्रभावकारी सञ्चालनका लागि संघ, प्रदेश र स्थानीय तिनै तहको समन्वय र सहकार्य हुनुपर्दछ।
- आयोजनाको अनुगमन गर्दा निश्चित समय, लागत तथा सूचकसहित जिम्मेवार निकाय तोकि स्पष्ट अनुगमन कार्यान्वयन कार्ययोजना लागु गरी प्राप्त सुझावलाई पृष्ठपोषणको रुपमा उपयोग गरी आयोजनाको कार्यान्वयन दक्षता अभिवृद्धि गर्नुपर्दछ।

स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयन स्थिति विश्लेषण

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** नेपालको संविधानमा हरेक नेपाली नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने र कुनै नागरिकलाई आकस्मिक सेवाबाट बञ्चित गरिने छैन भनी व्यवस्था गरेको छ। सरकारले लागु गरेका विभिन्न निःशुल्क कार्यक्रम र आधारभूत स्वास्थ्य सेवाले नसमेटेका सेवाहरु स्वास्थ्य बीमा कार्यक्रम मार्फत नागरिकलाई सुनिश्चित गर्दै सन् २०३० सम्म स्वास्थ्यमा सर्वव्यापी पहुँच(Universal Health Coverage) सुनिश्चित गर्न तथा दिगो विकासका १७ लक्ष्यहरु (२०१५-२०३०) मध्य लक्ष्य नं.३ सबै उमेर समूहका व्यक्तिका लागि स्वास्थ्य जीवन सुनिश्चितता गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने लक्ष्य हासिल गर्न आवश्यक रहेको छ। सन् १९८३ मा जर्मनीबाट प्रारम्भ भएको स्वास्थ्य बीमा कार्यक्रम हाल विश्वका ७८ मुलुकहरुमा फरक-फरक तरिकाबाट संचालित भएको पाईन्छ। विशेषगरी १९ औं शताब्दीमा विश्वका केही मुलुकमा स्वास्थ्य बीमा कार्यक्रम अपाङ्गता भएका बिरामी लक्षित थियो भने बीसौं शताब्दी तिर स्वास्थ्य बीमा आधुनिक स्वास्थ्य बीमा कार्यक्रमको रुपमा विकसित भयो। हाल आएर आधारभूत स्वास्थ्य सेवाका साथै प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, आपतकालीन र पुनःस्थापनात्मक सेवा समेटिएका स्वास्थ्य बीमासम्बन्धी कार्यक्रमहरु सञ्चालन हुने गरेका छन्।सन १९७८ मा विश्व स्वास्थ्य संगठनको कजाकस्तान मा भएको अल्माआटा सम्मेलन पश्चात सबै व्यक्तिमा स्वास्थ्यको पहुँच पुऱ्याउने अभियानको फलस्वरुप सन् १९९० को दशकमा ल्याटिन अमेरिका क्यारेवियन, अफ्रिका लगायत एशिया प्यासेफिक क्षेत्रका देशहरुमा स्वास्थ्य सेवामा जनताको सहज पहुँच स्थापित गर्न विभिन्न प्रकारका बीमा कार्यक्रमहरु सञ्चालनमा आएको पाईन्छ। नेपालले समाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्न वि.सं. २०७२ साल देखि स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेको हो। स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच कायम गर्न, गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रुपमा उपलब्ध गराउन, अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउन, स्वास्थ्य उपचारमा रहेको उच्च व्यक्तिगत खर्च घटाउन स्वास्थ्य बीमाको महत्वपूर्ण भूमिका रहेको हुन्छ। समतामूलक स्वास्थ्य बीमाको विविधीकरण तथा गुणस्तरीय स्वास्थ्य बीमाको विस्तारलाई प्रत्येक नागरिकको स्वास्थ्य सेवा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गर्ने प्रमुख साधनको रुपमा प्रयोग गरिएको छ।

२. **संस्थागत व्यवस्था -**

२.१. **स्वास्थ्य बीमा बोर्डः** राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ को कार्यान्वयन गर्न नेपाल सरकारबाट सामाजिक स्वास्थ्य सुरक्षा विकास समितिको स्वास्थ्य बीमा कार्यक्रमका रुपमा २०७२/७३ देखि तीन जिल्लाबाट स्वास्थ्य बीमा कार्यक्रम सुरु गरेकोमा स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ पारित भएसँगै "स्वास्थ्य बीमा बोर्ड" नामाकरण भई वि.सं. २०८० साल आषाढ मसान्त सम्ममा काठमाण्डौंको दुई वटा नगरपालिकामा वाहेक ७७ वटा जिल्लाका ७५१ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन भएको छ।

२.२. **बोर्डको काम, कर्तव्य र अधिकारः** स्वास्थ्य बीमा ऐन, २०७४ मा स्वास्थ्य बीमासम्बन्धी नीति, रणनीति,योजना, कार्यक्रम तथा बजेट तर्जुमा तथा स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने, सेवाको स्तर निर्धारण गर्ने, सेवा उपलब्ध गराए बापतको भुक्तानीको विधि र दर तोक्ने, कोषको व्यवस्थापन, संरक्षण तथा सुरक्षित लगानीको नीतितय गर्ने, बोर्डको सङ्गठनात्मक संरचना र दरबन्दी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने, सेवा प्रदायकको काम कारवाहीको अनुगमन, नियमन र मूल्याङ्कन गर्ने गराउने र तोकिए बमोजिम अन्य कार्य गर्ने गरी बोर्डको काम, कर्तव्य र अधिकार तोकिएको छ।

२.३. **संगठन संरचनाः** नेपाल सरकारद्वारा नियुक्त अध्यक्ष तथा कम्तिमा ३ महिला सहित ९ सदस्यीय स्वास्थ्य बीमा बोर्ड रहेको छ। बोर्डको कार्यकारी निर्देशक सदस्य सचिव रहने व्यवस्था छ। बोर्ड अन्तर्गत ७ प्रदेश कार्यालय र ७७ जिल्लामा शाखा कार्यालयहरु रहेका छन्। करार तथा काजमा पदपूर्तिहुने गरी मुख्य कार्यालयमा कार्यकारी निर्देशक सहित ७७ कर्मचारी, प्रदेश कार्यालयमा ७ प्रदेश संयोजक सहित २१ कर्मचारी र जिल्ला स्थित शाखा कार्यालयहरुमा ३०५ दर्ता अधिकारी समेत कुल ४०३ दरबन्दी रहेको छ। निजामती सेवाबाट स्थायी कर्मचारी काजमा खटिई कार्यरत ८९ र करार मार्फत पदपूर्ति १५० समेत २३९ दरबन्दी पदपूर्ति गरीएको छ भने बाँकी १६४ पदहरु रिक्त रहेका छन। रिक्त पदहरु मध्ये अधिकांश दर्ता अधिकारी रहेका छन्। त्यसैगरी संकलित प्रमियमबाट निश्चित प्रतिशत प्रोत्साहन रकम पाउँने गरी वडाकार्यालयबाट नियुक्त भएका ७ हजार ३२५ दर्ता सहयोगी छन्।

हालको संगठन संरचना



३. निकायको उद्देश्य र रणनीतिक लक्ष्य -

३.१. **उद्देश्यः** गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार ल्याई सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने मुख्य उद्देश्य रहेको यस बोर्डका विशेष उद्देश्यहरु देहाय अनुसार छन्:

- स्वास्थ्य सेवाका क्षेत्रमा पूर्व भुक्तानी र जोखिम न्यूनीकरणको व्यवस्था गरी सर्वसाधारणका लागि थप वित्तीय संरक्षण प्रदान गर्ने,

- वित्तीय साधनको समतामूलक परिचालन गर्ने,
- स्वास्थ्य सेवा प्रवाहका क्रममा सेवाको गुणस्तर, प्रभावकारिता, दक्षता र जवाफदेहीतामा सुधार ल्याउने।

३.२. **रणनीतिक लक्ष्यः** चेतनामुलक कार्यक्रम मार्फत समुदायका समूहहरुलाई सक्रिय सहभागिता गराउँदै एवं गरिव तथा न्युन आए भएका वर्गलाई विशेष संरक्षण गर्दै, सार्वजनिक तथा निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरुसँग सहकार्य गर्दै स्वास्थ्य बीमा नीतिलाई क्रमशः विस्तार गरी देशव्यापी रुपमा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्ने।

४. नीतिगत तथा कानूनी व्यवस्था -

४.१. **नेपालको संविधान**: नेपालको संविधानको भाग – ४, धारा ५१(ज) राज्यका नीतिहरु खण्ड अन्तर्गत नागरिकको आधारभूत आवश्यकतासम्बन्धी नीतिको बुँदा नं. १५ मा नागरिकको स्वास्थ्य बीमा सुनिश्चित गदै स्वास्थ्य उपचारमा पहुँचको व्यवस्था मिलाउने भनी उल्लेख भएको छ।

४.२. **नीतिः** राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ ले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा सुधार ल्याई सबैकालागि स्वास्थ्य सेवा सुनिश्चित गर्न व्यवस्था गरेको पाईन्छ।

४.३. **राष्ट्रिय स्वास्थ्य नीति, २०७६** मा नागरिकको मौलिक अधिकारको रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गदै राज्यद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरिब सीमान्तकृत र जोखिममा रहेका समुदायको पहुँच सुनिश्चित गर्नका लागि समतामुलक र समाजिक न्यायको सिद्धान्तका आधारमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने उल्लेख भएको छ।

४.४. **स्वास्थ्य बीमा ऐन, २०७४**: प्रत्येक नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराई गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न, स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न तथा स्वास्थ्य सेवा प्रदायकको दक्षता र जवाफदेहिता अभिवृद्धि गरी स्वास्थ्य सेवामा आम नागरिकको सहज पहुँच सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न उद्देश्यले स्वास्थ्य बीमा ऐन जारी गरीएको छ। ऐनले स्वास्थ्य बीमा कार्यक्रममा समावेश हुने सेवा, योगदान तथा सह-भुक्तानीसम्बन्धी व्यवस्था, बोर्डको गठन तथा काम कर्तव्यसम्बन्धी व्यवस्था, कार्यकारी निर्देशक तथा कर्मचारीसम्बन्धी व्यवस्था र स्वास्थ्य बीमा कोषसम्बन्धी व्यवस्था गरेको छ।

४.५. **स्वास्थ्य बीमा नियमावली,२०७५:** स्वास्थ्य बीमा नियमावली २०७५ ले कार्यक्रममा आबद्धताको प्रक्रिया, दर्ता अधिकारी तथा दर्ता सहयोगीसम्बन्धी व्यवस्था, योगदान रकम र प्राप्त हुने सुविधासम्बन्धी व्यवस्था, सेवा प्रदायक स्वास्थ्य संस्था सूचीकरणसम्बन्धी व्यवस्था, औषधि आपूर्ति तथा वितरणसम्बन्धी व्यवस्था,विभिन्न तहका समितिहरुको व्यवस्था, उजुरी तथा विवाद समाधानसम्बन्धी व्यवस्था लगायतका विविध व्यवस्थाहरु गरेको छ।

५. आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट -

५.१. **पन्ध्रौं योजना (२०७६/०७७ देखि २०८०/८१):** पन्ध्रौं योजनाले स्वास्थ्य बीमामा आवद्ध जनसंख्या ६० प्रतिशत पुऱ्याउने, स्वास्थ्य उपचारमा व्यक्तिगत खर्च घटेर ४० प्रतिशतमा पुऱ्याउने तथा स्वास्थ्य बीमामा सर्वव्यापी र गुणस्तरीय पहुँच तथा उपभोगमा वृद्धि भएको हुने व्यवस्था गरेको छ। पन्ध्रौं योजनाले लिएका सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति देहाय बमोजिम रहेका छन्।

५.१.१. **सोचः** स्वस्थ, उत्पादनशील, जिम्मेवार र सुखी नागरिक।

५.१.२. **लक्ष्यः** सबै तहमा स्वास्थ्य प्रणालीको विकास र विस्तार गदै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने।

५.१.३. **उद्देश्यः** संघ प्रदेश र स्थानीय तहमा सबै किसिमका स्वास्थ्य सेवाहरुको सन्तुलित विकास र विस्तार गर्नु।

५.१.४. **रणनीतिः** स्वास्थ्यमा राष्ट्रिय लगानी वृद्धि गदै दिगो स्वस्थ्य वित्तीय प्रणालीको विकास गर्ने।

५.१.५. **कार्यनीतिः**-गुणस्तरीय स्वास्थ्य सेवा लगायत अन्य स्वास्थ्य सेवालाई समतामूलक स्वास्थ्य बीमा मार्फत उपलब्ध गराइनेछ।

५.२. **नीति तथा कार्यक्रमः** आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रममा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरुलाई एकीकृत गर्दै स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गरिने उल्लेख छ। सबै अस्पतालमा सामाजिक सेवा एकाइ स्थापना गरी एकै बिन्दुबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाइने उल्लेख छ।

५.३. **वार्षिक बजेटमा भएको व्यवस्थाः** आर्थिक वर्ष २०७९।८० को वार्षिक बजेटमा स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन लाभग्राहीहरुलाई सामुदायिक तथा सरकारी अस्पतालहरुबाट मात्र उक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ। यसका लागि सबै सामुदायिक तथा सरकारी अस्पतालहरुमा सामाजिक स्वास्थ्य इकाई स्थापना गरिनेछ। स्वास्थ्य बीमा कार्यक्रमलाई दिगो बनाउन बीमा कम्पनी मार्फत सञ्चालन गर्न आवश्यक तयारी गरिने उल्लेख छ।

५.४. **अन्य कानूनी व्यवस्थाहरुः**

५.४.१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७

५.४.२. सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४

५.४.३. स्वास्थ्य सेवा ऐन, २०५३ र नियमावली, २०५५

५.४.४. बोर्डबाट जारी विभिन्न कार्यविधि

- स्वास्थ्य बीमा कार्यक्रममा प्रेषण सेवासम्बन्धी कार्यविधि, २०८०
- स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी प्रणाली लागु गर्ने कार्यविधि, २०८०
- कैदी तथा थुनुवालाई स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध गर्ने कार्यविधि, २०७९
- प्रदेश तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन नमुना कार्यविधि, २०७८
- स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन/सञ्चालन नमुना कार्यविधि, २०७८
- वैदेशिक रोजगारमा जाने कामदारका परिवारलाई स्वास्थ्य बीमामा आबद्ध गर्ने कार्यविधि, २०७८
- स्वास्थ्य बीमा कार्यक्रमको नमुना स्थानीय तह घोषणा कार्यविधि, २०७८
- सेवा प्रदायक संस्थाहरुको सुचिकरणसम्बन्धी कार्यविधि, २०७८

६. **विषय छनौटको औचित्य -** नेपालको संविधानको भाग-३, मौलिक हकसम्बन्धी व्यवस्थाको धारा ३५(१) मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन भन्ने व्यवस्था रहेको छ। त्यसैगरी

राज्यका निर्देशित सिद्धान्त, नीति तथा दायित्वमा गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुँच सुनिश्चित गर्ने व्यवस्था गरेको छ। सोही अनुरुप सामाजिक स्वास्थ्य सुरक्षा "स्वास्थ्य बीमा" कार्यक्रम लागु गरी सबैमा स्वास्थ्य बीमाको पहुँच पुर्याउन नीति लिएको सन्दर्भमा हाल १६.२० प्रतिशत नागरिक स्वास्थ्य बीमामा सक्रिय सहभागी रहेको, बीमा कार्यक्रम सञ्चालनको लागि बीमितको उपचारमा राज्यकोषबाट ठूलो परिमाणको लगानी रहेको, बीमितहरुको निरन्तरता र गुणस्तरीय सेवाको सम्बन्धमा सार्वजनिक चर्चा तथा जनगुनासोहरु सुनिने गरेको सन्दर्भ समेतलाई मध्यनजरमा राखी आम नागरिकको लागि स्वास्थ्य बीमाको महत्वलाई आत्मसाथ गर्दै स्वास्थ्य बीमाको कार्यान्वयन अवस्थासम्बन्धी कार्यमूलक लेखापरीक्षण विषय छनौट गरिएको हो।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्दति र सीमा

७. **लेखापरीक्षणको उद्देश्य -** स्वास्थ्य बीमा कार्यक्रमको विस्तार तथा आवद्ध भएका नागरिकहरुको प्रभावकारी तवरले स्वास्थ्य उपचारमा सहज पहुँच तथा सेवा प्रदायकहरुबाट प्राप्त दाबीको भुक्तानी प्रक्रियाको विश्लेषण गर्नु नै यस कार्यमूलक लेखापरीक्षणको उद्देश्य रहेको छ। यसका साथै देहायको उद्देश्य रहेका छन्।

- स्वास्थ्य बीमा बोर्डको नीतिगत, कानूनी तथा संगठनात्मक संरचनाको विश्लेषण गर्ने,
- स्वास्थ बीमा कार्यान्वयनको अवस्था, यसले ओगटेको क्षेत्र, जनसंख्या र लक्षित समूहको विश्लेषण गर्ने,
- स्वास्थ्य बीमा कार्यक्रमको स्रोत, संकलित प्रिमियम र कार्यक्रमको दिगोपना सम्बन्धमा विश्लेषण गर्ने,
- सेवा प्रदायकबाट प्राप्त दाबी र सोको परीक्षण तथा भुक्तानी सम्बन्धमा विश्लेषण गर्ने ।

८. **लेखापरीक्षणको क्षेत्र -** यस लेखापरीक्षण अन्तर्गत स्वास्थ्य बीमा ऐन, २०७४ तथा स्वास्थ्य बीमा नियमावली, २०७५ तथा सम्बन्धित अन्य ऐन, नियम, नीति, निर्देशिका आदिका आधारमा २०७५।७६ देखि २०७९।८० सम्मका तथ्याङ्क तथा कार्यमूलक लेखापरीक्षण अवधिसम्मको कार्यक्रमको प्रगति सम्बन्धमा प्राप्त अन्य जानकारीलाई समेत आधार लिई स्वास्थ्य बिमा कार्यक्रम तथा स्वास्थ्य बीमा बोर्डले उपलब्ध गराउने सेवा, उद्देश्य प्राप्तीको स्थिति, जनशक्ति व्यवस्थापन, नवीनतम प्रविधिको प्रयोग स्थिति, अभिलेख व्यवस्थापन, अनुगमन मूल्याङ्कनको अवस्था तथा अन्य निकाय र कार्यक्रमसँगको समन्वयको स्थिति आदिलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ।

९. **लेखापरीक्षण पद्दति र विधि -** लेखापरीक्षण ऐन,२०७५, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन,२०७९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजना, २०७९ बमोजिम कार्यमूलक लेखापरीक्षण गर्दा स्वास्थ्य बीमा कार्यक्रमको अवधारणा र विकासक्रम, सोसम्बन्धी विद्यमान संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्थाको अध्ययन तथा विश्लेषण गरिएको छ।

लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि सरोकारवाला सँग छलफल, कागजात भिडान, प्रश्नावली वितरण आदि विधि प्रयोग गरीएको छ। विषयसँग सम्बन्धित जोखिम मूल्यांकन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम प्रर्याप्त सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत अवलम्बन गरिएको छ। समग्रमा प्रक्रियामूलक तथा नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणका आधारका रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थाहरुमा उल्लेख भएका विषयहरुलाई लिइएको छ। साथै उपलब्ध भएका विषयहरु सँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यासलाई आवश्यकता अनुसार अपनाइएको छ। महालेखापरीक्षकको कार्यालयले जारी गरेको नागरिक सहभागिता लेखापरीक्षण निर्देशिका, २०७९ बमोजिम नागरिक समाजका प्रतिनिधिको समेत सहभागितामा १२ वटा सेवा प्रदायक अस्पताल र १४५ सेवाग्राहीहरुसँग प्रश्नावली मार्फत जानकारी तथा सूचना सङ्कलन गरी विश्लेषण गरिएको छ।

लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका व्यहोरा उपर दफावार छलफल गरी सम्बन्धित निकायको प्रतिकृयाको आधारमा प्रतिवेदन तयार गरिएको छ।

१०. **लेखापरीक्षणको सीमा -** बोर्डको लेखापरीक्षण गर्दा प्राप्त सूचना, विवरण र तथ्याङ्क तथा बोर्डबाट अनुसूची फाराम मार्फत प्राप्त तथ्याङ्कलाई प्रमुख श्रोत मानी तिनैको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। औपचारिक रुपमा बोर्डका पदाधिकारी, कर्मचारीसँग भएको छलफल तथा अनौपचारिक रुपमा सेवा प्रदायक संस्था तथा बीमित सेवाग्राहीहरुबाट प्राप्त जानकारीलाई पछ्याउँदै त्यसमा प्राप्त भएका थप पुष्ट्याईंलाई समेटिएको भए तापनि निश्चित वैज्ञानिक पद्धति अपनाई उपयुक्त संख्यामा नमुना छनौट गरी विस्तृत परीक्षण गर्न सकिएको छैन। कतिपय सम्बद्ध सूचना, जानकारी तथा तथ्याङ्कका लागि औपचारिक वेभसाइटलाई प्रमुख आधारका रुपमा लिईएको छ। त्यसको थप पुष्ट्याइँ प्राप्त गर्न पर्याप्त समय तथा श्रोत साधनको अभावमा उपलब्ध भएसम्मको सूचनालाई गहन विश्लेषण गर्ने प्रयत्न गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन।

परिच्छेद - ३
लेखापरीक्षणबाट देखिएको बेहोरा

११. स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयन पश्चात भएका सकारात्मक प्रयासहरु देहाय अनुसार रहेका छन्:

- स्वास्थ्य बीमा ऐन तथा नियमावली जारी भए सँगै बोर्डको गठन भई केन्द्र देखि प्रदेश र जिल्ला स्तर सम्म संगठन संरचना कायम भएको,
- बीमा कार्यक्रम व्यवस्थापनका लागि सूचना प्रविधिमा आधारित बीमा व्यवस्थापन सूचना प्रणाली कार्यान्यवनमा आएको,
- बीमितहरुको विवरण सङ्कलन, सेवा प्रदायक संस्थाहरुको दाबी सङ्कलन तथा व्यवस्थापन, नयाँ दर्ता नवीकरण तथा प्रतिवेदनसम्बन्धी कार्यहरु सूचना प्रणालीबाट हुने गरेको,
- प्रत्येक वर्ष कार्यक्रम बिस्तार हुँदै गएकोमा हाल ७७ जिल्लाका ७५१ स्थानीय तहमा लागु भईसकेको,
- प्रत्येक वर्ष बीमामा सहभागी परिवार संख्या तथा बीमित जनसंख्या क्रमश वृद्धि हुँदै गएको,
- बीमा प्रिमियमबाट नपुग बीमितको दाबी भुक्तानीको लागि नेपाल सरकारबाट निःशर्त अनुदान प्राप्त हुने गरेको,
- स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयसम्बन्धी विभिन्न कार्यविधिहरु जारी भएको।

उपरोक्त सुधारात्मक प्रयास भएतापनि जनसंख्याको ठूलो हिस्सा बीमाको दायरा बाहिर रहेको, राष्ट्रसेवक कर्मचारी, प्रतिष्ठान तथा अन्य संगठित क्षेत्रमा कार्यरत कर्मचारी, वैदेशिक रोजगारीमा जाने कामदारको परिवार लगायत तोकिएका विभिन्न क्षेत्रका कर्मचारी/कामदारका परिवारलाई समेट्न नसकिएको, बीमा दाबी भुक्तानी बजेटको ठूलो हिस्सा अनुदानमा निर्भर रहेको, स्रोत परिचालनका क्षेत्र बिस्तार हुन नसकेको, सेवा प्रवाहमा आउने जनगुनासोहरु बढदै गएको, सीमित जनशक्ति र कार्यचापको कारण समयमै दाबी भुक्तानी हुन नसकेको, सबै स्थानीय तहमा प्रथम सेवा विन्दु विस्तार हुन नसकेको लगायतका समस्याहरु देखिएका छन्। उपरोक्त विषयहरुको सेरोफेरोमा रहेर लेखापरीक्षणको आधारमा सुधार गर्नुपर्ने देखिएका व्यहोराहरु देहाय बमोजिम उल्लेख गरिएको छ।

१२. **संगठन तथा व्यवस्थापन -** स्वाथ्य बीमा ऐन, २०७४ को दफा २४ अनुसार बोर्ड एक स्वशासित संस्था हुने त्यसैगरी दफा २६ मा बोर्डमा आवश्यक संख्यामा कर्मचारी रहने तथा बोर्डमा रहने कर्मचारीको नियुक्ति पारिश्रमिक सेवाको शर्त तथा सुविधा तोकिए बमोजिम हुने उल्लेख छ। त्यसैगरी दफा १५(ङ) मा बोर्डको काम, कर्तव्य अन्तर्गत बोर्डको संगठन, संरचना र दरबन्दी स्वीकृतिको लागि मन्त्रालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। बोर्ड स्थापना भएको ८ वर्षमा पनि बोर्डको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने, बोर्डको लागि आवश्यक कर्मचारी भर्ना गर्ने तथा कर्मचारी व्यवस्थापनसम्बन्धी नियमावली जारी गर्ने लगायतका कार्यहरु भएको देखिएन। हाल सम्म प्रत्येक आर्थिक वर्षको लागि मन्त्रालयबाट अस्थायी दरबन्दी स्वीकृत गर्ने र सो अस्थायी दरबन्दीमा निजामती सेवाबाट काज सरुवा गरी तथा करारमार्फत पदपूर्ति गरी सेवा सञ्चालन गरेको देखिन्छ। विगत जस्तै आर्थिक वर्ष २०७९।८० मा मन्त्रालयबाट विभिन्न तहको ४०३ अस्थायी दरबन्दी स्वीकृत भएकोमा २३९ पद मात्र पूर्ति भएको छ। जसमा केन्द्र देखि जिल्लासम्म स्थायी काज ८९ छ भने सेवा करारबाट १५० जना भर्ना गरिएको छ। यसबाट कर्मचारीहरुको सेवा अवधि अनिश्चित रहने, बोर्डका कर्मचारीहरुमा अनुभव तथा सेवा विशिष्टीकरण हुन नपाउने र निरन्तर कर्मचारीको आवतजावत हुँदा संस्थागत अभिलेख प्रणाली व्यवस्थित नहुने समस्याहरु देखिएका छन।

बोर्डको सेवा प्रवाहमा प्रभावकारी बनाउन बोर्डको संगठन तथा व्यस्थापन सर्वेक्षण गरी मन्त्रालयबाट स्वीकृत गराई संगठन तथा कर्मचारीको स्थायी व्यवस्थापन हुनुपर्दछ।

१३. **आवधिक तथा रणनीतिक योजना -** स्वास्थ्य बीमाको काम कारवाहीलाई व्यवस्थापन गर्न स्वास्थ्य बीमा ऐन, २०७४ को दफा १३ बमोजिम बोर्डको गठन गरि सोहि ऐनको दफा १५(१)(क) मा स्वास्थ्य बीमासम्बन्धी नीति, रणनीति,योजना, कार्यक्रम तथा बजेट तर्जुमा तथा स्वीकृत गरि कार्यान्वयन गर्ने गराउने व्यवस्था रहेको छ। बोर्डले सालबसाली बजेट तथा कार्यक्रम तय गरी निर्धारण गर्ने गरेको तर हाल सम्म पनि स्वास्थ्य बीमासम्बन्धी गुरूयोजना, दीर्घकालीन र अल्पकालीन योजना, रणनीतिक योजनाहरु बनाएको पाइएन। स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्ने बोर्डले स्वास्थ्य बीमालाई दीर्घकालीन सोच, दुरदृष्टि, लक्ष्य, सहितको छुट्टै स्वास्थ्य बीमा रणनीति तयार नगरेकाले कार्यक्रमको निरन्तरता र लक्ष्य बमोजिमको प्रगति हासिल गर्न रोकावट हुन सक्ने देखिन्छ। तसर्थ स्वास्थ्य बीमासँग सम्बन्धित पक्षहरुको समेत समन्वय र सहकार्यमा आवश्यक योजना र रणनीति तय गरी आगामी दिनका लागि मार्गचित्र बनाउनु पर्ने देखिन्छ।

१४. **कार्यविधि तथा मार्गदर्शन -** स्वास्थ्य बीमा ऐन, २०७४ ले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने कानूनी व्यवस्था गरेको छ। सोही ऐनको दफा ३९ ले दिएको अधिकार बमोजिम स्वास्थ्य बीमा नियमावली, २०७५ जारी भई कार्यान्वयनमा आएको छ। सोही ऐन को दफा ४१ मा बोर्डले, "यो ऐन तथा यस ऐन अन्तरर्गत बनेको नियम तथा विनियमको अधीनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने" व्यवस्था छ। स्वास्थ्य बीमा बोर्डले स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न तथा यस कोषको समुचित उपयोग गर्न स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, लगानी र प्रतिफलसम्बन्धी कार्यविधि, कोषको लगानी नीति, दीर्घकालीन योजना र रणनीति, कार्य सञ्चालन प्रक्रिया (SOP) लगायतका कार्यविधि वा मार्गदर्शन जारी गरेको छैन्।

१४.१ स्वास्थ्य बीमा बोर्डबाट जारी भएका निर्देशिकाहरु मध्ये नमुना स्थानीय तह घोषणासम्बन्धी कार्यविधि बमोजिम हालसम्म सुनसरीको वराहक्षेत्र नगरपालिकाको एक वडामात्र नमुना स्थानीय तह घोषणा गरिएको छ। बैदेशिक रोजगारमा जाने कामदारका परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने कार्यविधि बमोजिम वैदेशिक रोजगारमा जाने प्रत्येक व्यक्तिले वैदेशिक रोजगारमा जाने अनुमति लिंदा परिवारको स्वास्थ्य बीमाको अद्यावधिक परिचय पत्र पेश गर्नुपर्ने व्यवस्था भएपनि अन्तरनिकाय समन्वय नहुँदा उक्त व्यवस्था कार्यान्वयन हुन सकेको छैन। त्यसैगरी कैदी तथा थुनुवालाई स्वास्थ्य बीमामा आवद्ध गर्ने कार्यविधि भएपनि कारागार व्यवस्थापन विभाग र बीमा बोर्ड बीच कैदी तथा थुनुवाको स्वास्थ्य बीमा गर्ने सम्बन्धमा २०७९।८० आषाढ मसान्त सम्म सम्झौता हुन नसकेकोमा आर्थिक वर्ष २०८०।८१ मा लागु हुने गरी काठमाडौ भित्रका ३ वटा कारागारका ९३३ कैदी तथा थुनुवालाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराई सुरु गरिएको देखिन्छ। यसरी कार्यविधिमा भएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन नहुँदा एकातर्फ लाभग्राही वर्ग सेवाबाट बञ्चित हुन पुगेका छन् भने अर्कोतर्फ प्रत्येक नेपालीलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने सरकारको लक्ष्य तोकिएको समय भित्र हासिल हुन सकेको छैन।

ऐन तथा नियमावलीमा भएका व्यवस्था कार्यान्वयन गर्न आवश्यक निर्देशिका जारी गर्ने साथै जारी भएका निर्देशिकाको अन्तरनिकाय समन्वय गरी प्रभावकारी कार्यान्वयनको लागि बोर्डले ध्यान दिनुपर्दछ।

१५. **कोषको उपयोग -** स्वास्थ्य बीमा ऐन, २०७४ को परिच्छेद ५ मा स्वास्थ्य बीमा कार्यक्रम कार्यान्वयनको लागि एक स्वास्थ्य बीमा कोष रहने, बोर्डको सबै प्रकारका आम्दानी सोही कोषमा जम्मा गरिने, बोर्डको तर्फबाट गरिने सम्पूर्ण खर्च कोषबाट व्यहोरिने तथा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम फ्रिज हुने छैन भन्ने व्यवस्था छ। आर्थिक वर्ष २०७८।७९ अगाडि कोषमा सङ्कलन हुने रकम खर्च गर्ने कार्यविधि निर्धारण नभएकोले स्वास्थ्य बीमा प्रिमियम वापत सङ्कलन भएको रकम विभिन्न कोष तथा लेखा नियन्त्रक कार्यालयको खर्च विविध खातामा जम्मा हुने गरेको र बोर्डको कार्य संञ्चालन खर्च समेत नेपाल सरकारको अनुदान रकमबाट व्यहोरिने गरेको थियो। सम्बत २०७८ मा कोष सञ्चालन कार्यविधि स्वीकृत भएपछि भने जिल्लाहरुबाट जम्मा हुने प्रिमियम वापतको रकम बोर्डको केन्द्रिय आय खातामा सिधै जम्मा हुने गरेको छ। आर्थिक वर्ष २०७८।७९ अगाडी बोर्डको सञ्चालन खर्च नेपाल सरकारको अनुदानबाट हुने गरेकोमा सो आर्थिक वर्ष पछाडि भने बीमा कोषको रकमबाट सञ्चालन खर्च हुने गरेको छ।

तालिका नं. १ स्वास्थ्य बीमा बोर्डको आम्दानी तथा खर्च

(रु.हजारमा)

आर्थिक वर्ष	बीमित बाट प्राप्त योगदान	सरकारबाट प्राप्त अनुदान रकम	जम्मा	खर्च रकम	खर्च प्रतिश
२०७५/७६	-	५१९५१००	५१९५१००	४६५३४९२	८९.५७
२०७६/७७	२८९२१३६	५१९५१००	८०८७२३६	४६५३४९२	५७.५४
२०७७/७८	३६७५८५५	७५०००००	१११७५८५५	७३६१४१६	६५.८७
२०७८/७९	२४५३७००	१०१८०२४४	१२६३३९४४	१००११२२८	७९.२४
२०७९/८०	२४५७८५७	१०९७८०१८	१३४३५८७५	१३५००३९४	१००.४८

उपरोक्त तालिका नं. १ मा प्रशासनिक तथा सञ्चालन खर्च बाहेक बीमा कोषबाट बोर्डले सेवा प्रदायकलाई भुक्तानी गरेको रकम आ.व. २०७६।०७७ मा ५७.५४ प्रतिशत रहेकोमा आ.व. २०७९।८० सम्म आउँदा अनुदान तथा प्रिमियमबाट संकलित रकमको शत प्रतिशत खर्च हुन गएको देखिन्छ। यसरी हेर्दा बीमा खर्च प्रत्येक वर्ष वढ्दै गएपनि बीमा प्रिमियमको सङ्कलन भने अपेक्षाकृत वृद्धि हुन सकेको छैन्। कुल जनसंख्याको १६.२० प्रतिशत नागरिक बीमामा सक्रिय सहभागी रहेको, निःशुल्क बीमितहरुको सहभागीता बढदै गएको र बीमित मध्ये कुनै न कुनै रुपमा दाबी गर्नेको संख्या उच्च रहेकोले बीमाबाट संकलित रकम तथा खर्च रकम बीच ठूलो भिन्नता देखिन्छ।

स्वास्थ्य बीमा कार्यक्रमको निरन्तरता र दीगो पनालाई सुनिश्चित गर्नको लागि सहभागी दायरा विस्तार गरी कुल खर्चमा संकलित प्रिमियमको योगदान बढाउन र सरकारी अनुदान माथिको निर्भरता घटाउन बोर्डले गम्भीरता पूर्वक ध्यानदिनुपर्दछ।

१६. **स्वास्थ्य बीमामा सहभागिता -** स्वास्थ्य बीमा ऐन, २०७४ मा स्वास्थ्य बीमा कार्यक्रममा सबै नेपालीको अनिवार्य आबद्धता हुने भनिएको छ। राष्ट्रिय स्वास्थ्य बीमा नीति, २०७१ को कार्यान्वयन गर्न सामाजिक सुरक्षा विकास समितिको गठन आदेश, २०७१ जारी भई आ.व. २०७२/७३ देखि ३ जिल्लाबाट सामाजिक स्वास्थ्य सुरक्षाका नाममा संचालित कार्यक्रम हाल ७७ जिल्लाका ७५१ पालिकाहरुमा विस्तार भएपनि बीमित परिवार र व्यक्तिहरुको संख्या भने अपेक्षाकृत रुपमा वृद्धि हुन सकेको छैन्। कार्यक्रमा बीमितको सहभागिता सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन्।

१६.१. **परिवार संख्याको सहभागिताः** बोर्डको आर्थिक वर्ष २०७९।८० वार्षिक नीति तथा कार्यक्रममा स्वास्थ्य बीमामा आवद्ध जनसंख्या ५० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा २०८० अषाढ मसान्त सम्म बीमामा आवद्ध सक्रिय जनसंख्या ४७ लाख २५ हजार ३५ अर्थात १६.२० प्रतिशत रहेको छ। त्यसैगरी राष्ट्रिय जनगणना, २०७८ अनुसार कुल घर परिवार संख्या ६६ लाख ६६ हजार ९३७ रहेकोमा बीमामा आवद्ध घरपरिवार १६ लाख ४७ हजार ३१४ (२४.७० प्रतिशत) रहेको छ ।नेपाल सरकारको पन्ध्रौं योजनाको अवधिमा ६० प्रतिशत जनसंख्यालाई स्वास्थ्य बीमामा आवद्ध गर्ने लक्ष्य रहेकोमा उक्त योजनाको बाँकी अवधीमा लक्ष्य बमोजिम प्रगति हासिल हुने सम्भावना देखिएन।स्वास्थ्य बीमामा विगत ५ वर्षको सेवा विस्तारको अवस्था निम्नानुसार छ।

तालिका नं. २ बीमित परिवार संख्या तथा बिमित संख्या

आर्थिक वर्ष	आवद्ध जिल्ला	कुल जनसंख्या	बीमित परिवार	बीमित संख्या	जनसंख्याको आधारमा बीमित प्रतिशत
२०७५।७६	४६	१६६२०८०९	५११९७८	१८१३४४७	१०.९१
२०७६।७७	५८	१६६२०८०९	७०९२१९	२३१२९०७	१३.९२
२०७७।७८	७५	१६६२०८०९	११०६२७९	३४९२२०९	२१.०१
२०७८।७९	७७	२९१६४५७८	१४३२५५५	४३२९३८१	१४.८४
२०७९।८०	७७	२९१६४५७८	१६४७३१४	४७२५०३५	१६.२०

उपरोक्त तालिका नं.२ अनुसार बीमा कार्यक्रममा आवद्ध परिवारको संख्या प्रत्येक वर्ष वृद्धिहुँदै गएपनि लक्ष्यअनुसार बीमित परिवारको सहभागिता देखिएको छैन्। कार्यक्रममा आबद्धताको हिसाबले कुल जनसंख्याको आधारमा २०७७।७८ मा २१.०१ प्रतिशत देखिएपनि राष्ट्रिय जनगणना २०७८ बमोजिमको कुल जनसंख्याका आधारमा आर्थिक वर्ष २०७८।७९ मा १४.२० प्रतिशत र २०७९।८० मा १६.२० प्रतिशत बीमामा आवद्ध भएको देखिन्छ। बीमा कार्यक्रमको प्रचार-प्रसार तथा जनचेतनाको विस्तार र सेवाको प्रभावकारिता मार्फत सहभागी परिवार संख्याको दायरा विस्तारमा ध्यान दिनुपर्दछ।

१६.२. स्वास्थ्य बीमा कार्यक्रमको सुरुवात भएपछि आर्थिक वर्ष २०७९।८० सम्म स्वास्थ्य बीमा कार्यक्रममा कम्तिमा एक पटक आवद्ध भएको परिवार संख्या २२ लाख १२ हजार ८१४ र हालसम्म कुल आवद्ध जनसंख्या ७२ लाख १५ हजार ९८ पुगेको छ। बोर्डको आफ्नो वार्षिक प्रतिवेदन लगायतका दस्ताबेजहरुमा उपरोक्त सञ्चित तथ्याङ्कका आधारमा आर्थिक वर्ष २०७९।८० सम्ममा स्वास्थ्य बीमामा आवद्ध परिवार ३३.१९ प्रतिशत र स्वास्थ्य बीमामा आवद्ध जनसंख्या २४.७३ प्रतिशत उल्लेख हुने गरेको देखिन्छ। कम्तिमा एक पटक स्वास्थ्य बीमामा आवद्ध भएको आधारमा बीमाको पहुँच पुगेको परिवार वा जनसंख्याको रुपमा उक्त तथ्याङ्क लिन सकिन्छ। तर बीमामा आवद्ध परिवार तथा जनसंख्या गणना गर्दा प्रत्येक वर्ष आवद्ध हुने नयाँ र नवीकरण भएको बीमित परिवारको सक्रिय संख्यालाई लिनु वढी तथ्यपूर्ण हुने जान्छ। स्वास्थ्य बीमा कार्यक्रमबाट सुविधा लिन प्रत्येक वर्ष नवीकरण गर्नुपर्दछ साथै यसमा आबद्धता सँगै निरन्तरता कायम भएको छ छैन भन्ने विषयले यसको प्रभावकारीता तथा दिगोपनामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ। तसर्थ बीमामा सक्रिय रहेको परिवार तथा जनसंख्याको आधारमा विषय वस्तुको विश्लेषण गर्ने र नीति बनाउन तर्फ बोर्ड तथा मन्त्रालयले ध्यान दिनुपर्दछ।

१६.३. **प्रादेशिक सहभागिताः** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ३ मा प्रत्येक नेपाली नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध हुनुपर्ने, नवजात शिशु, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असक्तलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्न निजको संरक्षक तथा अभिभावकको कर्तव्य

हुने व्यवस्था छ। आर्थिक वर्ष २०७९/८० सम्म लक्षित वर्ग समेत स्वास्थ्य बीमामा आबद्धताको अवस्था निम्नानुसार रहेको छ।

तालिका नं. ३ प्रदेशगत बीमितको अवस्था

क्र.स.	प्रदेश	जम्मा जनसंख्या	आवद्ध परिवार	आवद्ध जनसंख्या	प्रतिशत (आवद्ध जनसङ्ख्याको)
१.	कोशी प्रदेश	४९६१४१२	४३५५५६	१३२४०३४	२६.६९
२.	मधेश प्रदेश	६११४६००	१७२२००	३१२७५२	५.११
३.	बागमती	६११६८६६	३२९९३०	११०४६२७	१८.०६
४.	गण्डकी	२४६६४२७	२४६४३६	६६६८१३	२७.०४
५.	लुम्बिनी	५१२२०७८	२४८७०९	६९१७४१	१३.५१
६.	कर्णाली	१६८८४१२	७९८३३	२६७३३५	१५.८३
७.	सुदुरपश्चिम	२६९४७८३	१३४६५०	३५७७३३	१३.२८
	जम्माः	**२९१६४५७८**	**१६४७३१४**	**४७२५०३५**	**१६.२०**

परोक्त तथ्याङ्क अनुसार कुल जनसंख्याको तुलनामा स्वास्थ्य बीमामा सक्रिय जनसंख्या १६.२० प्रतिशत् मात्र रहेको छ भने प्रदेशको जनसंख्याको आधारमा हेर्दा सबैभन्दा कम मधेश प्रदेशमा ५.११ प्रतिशत जनसंख्या मात्र बीमामा आवद्ध रहेको छ भने सबैभन्दा वढी गण्डकी प्रदेशमा २७.०४ प्रतिशत जनसंख्या बीमामा आवद्ध रहेको देखिन्छ। परिवार संख्याको आधारमा पनि सबैभन्दा वढी बीमित परिवार कोशी प्रदेशमा र सबै भन्दा कम बीमित परिवार मधेश प्रदेशमा रहेको देखिन्छ। गत वर्षको १४.८४ प्रतिशतको तुलनामा यो वर्ष बीमामा आवद्ध जनसंख्या बढेपनि उक्त वृद्धिदरले प्रत्येक नेपाली नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गराउने राष्ट्रिय लक्ष्य हासिल गर्ने कठिन रहेको देखिन्छ। स्वास्थ्य बीमा गरेका नागरिकहरुलाई प्राथमिकता दिई बीमा साक्षरता अभियान सञ्चालन गर्ने, प्रथम सेवा विन्दुलाई सम्पूर्ण पूर्वाधारयुक्त बनाई जिल्ला अस्पताल तथा आधारभूत अस्पतालहरुमा बिरामीले सहजरुपमा सेवा पाउने अवस्था सिर्जना गर्नु पर्दछ। साथै आवद्ध जनसंख्यामा रहेको प्रदेशगत विषमता कम हुने गरी सेवा बिस्तारमा जोड दिनुपर्ने देखिन्छ।

१६.४. **लैङ्गिक सहभागिता :** नेपालको संविधानको भाग-३ धारा ३८(२) मा महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हकलाई मौलिक हकको रुपमा राखिएको छ। त्यसैगरी सोही धाराको उपधारा (५) मा महिलालाई शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने उल्लेख छ। स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ को दफा ५(१) मा स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध सेवा लिएकोमा कुनै व्यक्तिलाई निःशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा तथा प्रचलित कानुन बमोजिम पाएको कुनै स्वास्थ्य सेवा लिन बाधा पुगेको मानिने छैन भन्ने उल्लेख छ। स्वास्थ्य बीमा कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकालाई बीमा शुल्कको पचास प्रतिशत छुट हुने व्यवस्था गरिएको वाहेक प्रत्यक्ष रुपमा महिला स्वास्थ्यलाई केन्द्रित सुविधा रहेको देखिदैन्। तथापि स्वास्थ्य बीमामा सहभागीको तथ्याङ्क हेर्दा महिलाको सहभागिता तुलनात्मक रुपमा वढी रहेको देखिन्छ। हाल स्वास्थ्य बीमामा सक्रिय रुपमा आवद्ध ४७ लाख २५ हजार ०३५ बीमित मध्ये महिला २४ लाख ३२ हजार ५९७(५१.४७ प्रतिशत) तथा पुरुष २२ लाख ९३ हजार ०३५ (४८.५१प्रतिशत) र अन्य ६५०(०.०२ प्रतिशत) आवद्ध भएका छन्। आवद्ध मध्ये २०७९/८० मा १७ लाख ८५ हजार ८३२ ले सेवा उपभोग गरेकोमा महिला तर्फ १० लाख ५ हजार ०६७ अर्थात कुल बीमित महिला मध्ये ४१.३१ प्रतिशतले सेवा

उपभोग गरेका छन् भने पुरुष तर्फ ७ लाख ८० हजार ७६५ पुरुषले सेवा उपभोग गरेकोमा कुल पुरुष बीमित मध्ये ३४.०६ प्रतिशतले स्वास्थ्य बीमाबाट सेवा लिएको स्वास्थ्य बीमा बोर्डको तथ्याङ्कबाट देखिन्छ।

सुविधा थैली तथा प्याकेजमा महिला लक्षित सेवाहरुको अलग प्याकेज बनाई गुणस्तरीय र लैङ्गिक मैत्री सेवा प्रवाहको लागि सेवा प्रदायकलाई उत्प्रेरित गर्न तथा महिलाहरु उच्च जोखिममा रहने पाठेघरको क्यान्सर स्क्रिनिङ र सोसम्बन्धी औषधि समेत प्याकेजमा समावेश गर्नतर्फ बोर्डले ध्यान दिनुपर्दछ।

१६.५. **बीमितको निरन्तरता:** स्वास्थ्य बीमा नियमावली,२०७५ को नियम ८ मा स्वास्थ्य बीमा सेवामा क्रियाशिल भएको एक वर्ष पुगेपछि नवीकरण गर्नुपर्ने प्रावधान छ। बोर्डले स्वास्थ्य बीमालाई प्रभावकारी बनाई निरन्तरता दिन एकपटक स्वास्थ्य बीमामा आवद्ध भएको बीमितलाई पुनःनवीकरण गराई अद्यावधिक गराउन सहभागिता र सेवा प्रवाहको नतिजामुखी अनुगमन गरी देखिएका कमजोरी सुधार गर्दै बीमितमैत्री सेवा संञ्चालनमा ध्यान दिनुपर्नेमा जिल्लागत सेवा विस्तारमा मात्रै केन्द्रित भएको देखिन्छ। विगत पाँच वर्षको तथ्याङ्क हेर्दा प्रत्येक वर्ष नवीकरणको दर बढदै गएपनि सो संख्यामा स्वत:नवीकरण हुने लक्षित समूहको हिस्सा उल्लेख्य रहेको देखिन्छ।

तालिका नं. ४ बिगत पाँच वर्षको बीमित नवीकरणको स्थिति

आ.व.	बीमित संख्या		जम्मा बीमित संख्या	नवीकरण प्रतिशत
	नयाँ	नवीकरण		
२०७५/७६	१००३८३२	८०९६१५	१८१३४४७	४४.६५
२०७६/७७	९४१०१७	१३७१८९०	२३१२९०७	५९.३१
२०७७/७८	१३८०७७५	२१११४३४	३४९२२०९	६०.४६
२०७८/७९	१३७७१७३	२९५२२०८	४३२९३८१	६८.१९
२०७९/८०	११२४२४५	३६००४८७	४७२५०३५	७६.२०

उपरोक्त तालिकामा कुल सक्रिय बीमितमा नवीकरण गर्न बीमितको प्रतिशत आर्थिक वर्ष २०७५।७६ मा ४४.६५ रहेकोमा आर्थिक वर्ष २०७९।८० मा ७६.२० प्रतिशतले नवीकरण गरेको देखिन्छ। आर्थिक वर्ष २०७९।८० मा नवीकरण गरेका ३६ लाख ४८७ बीमित मध्ये स्वत: नवीकरण हुने लक्षित समूहको संख्या १२ लाख ७३ हजार ३१७ (एक तिहाई) रहेकोले बीमितको ऐच्छिक नवीकरणलाई प्रोत्साहन दिने गरी छुटको सुविधालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न तथा सेवाको गुणस्तरमा सुधार गर्दै लेजानुपर्ने देखिन्छ।

१७. **लक्षित समूह स्वास्थ्य बीमा -** स्वास्थ्य बीमा नियमावली, २०७४ को नियम १६ मा लक्षित समूहका नागरिकको स्वास्थ्य बीमाको योगदान रकम नेपाल सरकार, प्रदेश सरकार र स्थानीयतहले व्यहोर्ने व्यवस्था रहेको छ। यो वर्ष विभिन्न जिल्लाका अति अशक्त, अपाङ्गता, क्षयरोग(MDRTB), एच.आई.भी. संक्रमित, कुष्ठरोगी, ज्येष्ठ नागरिक र महिला स्वास्थ्य स्वयंसेविका तथा अति गरिबी परिचयपत्र प्राप्त घर परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा सहभागी बनाई तिनका बीमा प्रिमियम वापतको रकम भुक्तानी सरकारले व्यहोर्ने उल्लेख गरिएपनि सरकारले प्रिमियम रकम बीमा बोर्डलाई छुट्टै भुक्तानी गरेको छैन्। यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छन्।

१७.१. लक्षित समूहका व्यक्तिको बीमा पोलिसी जारी हुँदा परिचयपत्र नम्बर उल्लेख गरिएपनि परिचय खुल्ने अथवा उक्त समूहमा परेको यकिन हुने प्रमाणित कागजात स्वास्थ्य बीमा सूचना प्रणालीमा संलग्न(Upload) हुने गरेको छैन्। पोलिसी साथ जारी हुने बीमा परिचय पत्रमा बीमितको पहिचान

खुल्ने फोटो टाँस्ने व्यवस्था रहेको छैन्। फोटो बिनाको परिचयपत्र दुरुपयोग हुन सक्ने हुँदा फोटो सहितको परिचयपत्र व्यवस्था हुनु उपयुक्त हुन्छ।

१७.२. एक पटक प्रणालिमा प्रविष्ट भएको लक्षित समूहको पोलिसी प्रणालीबाट स्वत नवीकरण हुने व्यवस्था गरिएको छ। यसरी लक्षित समूह अन्तर्गत रहेका तथा मृत्यु भएका बीमितहरुको पोलिसी समेत नवीकरण हुने हुँदा वास्तविक बीमितको संख्या यकिन नहुने र पोलिसीको दुरुपयोग हुने सक्ने जोखिम देखिएकोले राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको व्यक्तिगत घटना दर्ता प्रणालीसँग समन्वय गरी तथ्याङ्क सत्यापनमा ध्यान दिनुपर्दछ।

१७.३. आर्थिक वर्ष २०७९।८० मा लक्षित समूह तर्फ १४ लाख ९० हजार ६४९ व्यक्तिहरु बीमामा आवद्ध भएका छन्। लक्षित समूहमा आवद्ध मध्ये सबैभन्दा बढी जेष्ठ नागरिक ८ लाख ४६ हजार ३३१ अर्थात ५६.७७ प्रतिशत रहेको छन्। त्यसैगरी अति गरिब परिचय पत्र प्राप्त बीमित परिवारको संख्या ३ लाख ८८ हजार ७०२ अर्थात २६ प्रतिशत रहेका छन् भने बाँकी अन्य समूहमा पर्ने बीमित रहेका छन्। लक्षित समूहमा आवद्ध जनसंख्या मध्ये जेष्ठ नागरिक बढी रहेकोले जेष्ठ नागरिकको लागि सुविधा थैलीमा अलग्गै प्याकेज तोक्ने तथा ७० वर्ष माथिको उमेर समूहमा हुने स्वास्थ्य जटिलतका आधारमा दिने सेवा सुविधा र औषधिको सम्बन्धमा विशेष मापदण्ड बनाई सहज सेवा आपूर्तिको व्यवस्था हुनुपर्दछ। साथै अन्य सामाजिक सुरक्षाका कार्यक्रम समेतलाई बिचार गरी एकीकृत व्यवस्था गर्नु उपयुक्त हुन्छ।

१७.४. स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १६(क) मा "प्रचलित कानून बमोजिम अति गरिबको परिचयपत्र प्राप्त परिवारको योगदान रकमको शत प्रतिशत सरकारले व्यहोर्ने" उल्लेख छ। बोर्डबाट प्राप्त विवरण अनुसार गत वर्ष २०७८।०७९ मा अति गरीब ५९ हजार ९८३ परिवार बीमित रहेकोमा यस वर्ष २०७९।८० मा ६४ हजार ३४६ परिवारकाको ३ लाख ८८ हजार ७०२ जनसंख्या बीमित रहेको उल्लेख छ। गरिब घर परिवार पहिचान गर्ने जिम्मेवार निकाय भूमि व्यवस्था, सहकारी तथा गरिब निवारण मन्त्रालयको तथ्याङ्क अनुसार २०८० आषाढ मसान्त सम्म मन्त्रालयद्वारा पहिलो चरणमा २३ र दोस्रो चरणमा १५ गरी ३८ जिल्लाका ४ लाख ९२ हजार २६४ घरपरीवारलाई गरिब घर परिवार भनी पहिचान गरेकोमा २ लाख २३ हजार ३३० परिवारलाई परिचयपत्र वितरण भएको उल्लेख छ। गरिब परिचयपत्र लागु भएका जिल्लाका अति गरिब परिचयपत्र प्राप्त सबै परिवारलाई स्वास्थ्य बीमामा आवद्ध गर्ने सकिएको छैन्। सूचिकृत बीमित परिवारको पनि प्रणालीमा परिचय पत्र अपलोड गरी केन्द्रिय तथ्याकसँग भिडान नगरिएकोले सूचिकृत परिवार अति गरिब परिवार हुन भनी यकिन गर्न सकिने अवस्था छैन्। यसरी अन्तरनिकाय समन्वयबाट यकिन तथ्याङ्क प्राप्त गरी वास्तविक गरिब परिवारलाई लाभ दिने तर्फ बोर्डले प्रयास गर्नुपर्ने देखिन्छ। गरिव परिचयपत्र प्राप्त गरेका वास्तविक गरिब परिवारले मात्र लक्षित समूह अन्तरर्गत निःशुल्क सेवा लिने गरी परिचयपत्रको आधारमा तथ्याङ्कको सत्यापन हुनुपर्दछ ।

१७.५. स्वास्थ्य बीमा नियमावली २०७५, को नियम १६ मा लक्षित समूहमा आवद्ध बीमितहरुको योगदान वापतको रकम नेपाल सरकार वा प्रदेश तथा स्थानीय सरकारबाट व्यहोर्ने उल्लेख छ। अति गरिब परिचयपत्र प्राप्त परिवार, अति अशक्त अपाङ्गता, कुष्ठरोगी, एच आई भी संक्रमित, जटिल खालको क्षयरोगी बिरामी भएकाको परिवारको योगदान रकमको शत प्रतिशत, सत्तरी वर्ष उमेर पुगेका जेष्ठ नागरिकको योगदान रकमको शत प्रतिशत र महिला स्वास्थ्य स्वयंसेविका हकमा संलग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत सरकारबाट व्यहोर्ने उल्लेख छ। लक्षित समूहमा पर्ने उपरोक्त समूहको दर्ता तथा नवीकरणगर्दा शुल्क लिने गरिएको छैन्। ऐन तथा नियमावलीको

व्यवस्था बमोजिम उक्त लक्षित समूहको प्रिमियम बापत सरकारबाट प्राप्त गरी आम्दानी जनाउनुपर्नेमा लेखा प्रणालीमा समेत प्राप्त हुनुपर्ने बाँकि प्रिमियमको अभिलेख राखिएको छैन।

तालिका नं. ५ लक्षित समुहको प्रिमियम र दाबी विवरण

(रु.हजारमा)

लक्षित समूह तर्फ	बीमित संख्या	छुट दिएको प्रिमियम रकम	दाबी भुक्तानी
२०७७।७८	१०२९१२६	२२७७०१३	९८६५३१
२०७८।७९	१२८२०६१	२९६७०४६	१८३०३३९
२०७९।८०	१४९०४४४	३५१४६६४	२६८००२४
जम्माः		**८७५८७२३**	**५४९६८९४**

ईमिस प्रणालीबाट प्राप्त माथि प्रस्तुत गरीएको तालिका बमोजिम लक्षित समूहको लागि आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्म रु.८ अर्ब ७५ करोड ८७ लाख २३ हजार प्रिमियम निःशुल्क गरिएको छ। तर उक्त रकम नेपाल सरकारबाट शोधभर्ना वापत बोर्डलाई प्राप्त भएको देखिएन। उक्त अवधिमा लक्षित समूहको दाबी भुक्तानी वापत रु.५ अर्ब ४९ करोड ६८ लाख ९४ हजार खर्च गरिएको देखिन्छ। लक्षित समूहको लागि हुने खर्च प्रत्येक वर्ष बढदै गएको तथ्याङ्कबाट देखिन्छ। बोर्डले निःशुल्क बीमा गरिएका लक्षित समूहको योगदान वापत सम्बन्धित निकायबाट प्राप्त गर्न बाँकी रहेको रकम लेखा प्रणालीमा अभिलेख राखी आम्दानी तथा खर्चको यथार्थ अवस्था चित्रण गर्नुपर्दछ।

लक्षित समूह अन्तर्गतको परिवार भएको पुष्टि हुने आधार लिई बीमा कार्यक्रममा सहभागी गराई प्रिमियम भुक्तानी मार्फत नेपाल सरकारको विभिन्न निकायबाट छरिएर वितरण गर्ने सुविधालाई एकद्वार प्रणाली मार्फत व्यवस्थित गर्नुपर्दछ। यसका लागि सम्बन्धित पक्षको नीतिगत सुधारमा सक्रिय पहल हुनुपर्ने देखिन्छ।

१८. **सुविधा थैली अन्तर्गतका सेवा उपयोग -** "सुविधा थैली अन्तर्गतका सेवा सुविधाहरुको वितरण तथा दररेट, २०७४" जारी गरी स्वास्थ्य बीमामा आवद्ध हुने बीमितले प्राप्त गर्न सक्ने सुविधा र थैली तथा सोको दररेट समेत तोकिएको छ। बीमितले स्वास्थ्य बीमा अन्तर्गतका सुविधा थैली प्राथमिक स्वास्थ्य उपचार विन्दुमा उपलब्ध भएसम्म सोही स्थानबाट तथा विशेषज्ञ सेवाका लागि प्राथमिक स्वास्थ्य उपचार विन्दुबाट सिफारिस गरिएका विन्दुबाट थप सेवा लिनुपर्ने व्यवस्था छ। पाँच जना परिवार भएको बीमित परिवार ईकाइले रु.३ हजार ५ सय प्रति वर्ष प्रिमियम तिरेपछि रु.१ लाखसम्मको स्वास्थ्य सेवा निर्धारित सेवा प्रदायक स्थानबाट प्राप्त गर्न सक्ने व्यवस्था छ।

सेवा सुविधाको थैलीमा निदानात्मक परीक्षण अन्तर्गत प्रयोगशाला परीक्षण सेवाहरु, नेपाल सरकारका स्वास्थ्य सेवा विभाग अन्तर्गतबाट संचालित कार्यक्रम मार्फत निःशुल्क प्राप्त हुने निदानात्मक परीक्षण सेवाहरु, निदानात्मक परीक्षण अन्तर्गत रेडियोलोजी तथा अन्य परीक्षण सेवाहरु, स्वास्थ्य बीमा बोर्डबाट उपलब्ध हुने उपचारात्मक सेवाहरु, कार्डियाक सम्वन्धी सेवा, क्यान्सर सम्वन्धी सेवा, शल्यक्रिया सेवा, एलोपेथिक औषधिको निर्धारित सूचीमा सूचीकृत ११०८ औषधि, आयुर्वेदिक औषधिको निर्धारित सूचीमा सूचीकृत २५ औषधि, ४३ सर्जिकल सामानहरु रहेका छन। उक्त सुविधा थैलीमा सूचीकृत सेवा तथा औषधिको मूल्य २०७४ देखि परिमार्जन नभएकोमा हालमात्र २०८०।१०।१२ मा पृष्ठपोषणको लागि परिमार्जित सूची प्रकाशन गरिएको छ। पूर्वनिर्धारित यी सेवाहरुमा समयसापेक्ष परिवर्तन नगरेका कारण कतिपय औषधि र सेवा

समावेश नभएको, औषधिको बजार मूल्य र सुविधामा तोकिएको मूल्य फरक हुँदा सेवा प्रदायकले गर्ने दाबीमा समस्या हुने, बीमितलाई कम मूल्यमा औषधि बिक्री गरेपनि बीमामा तोकिएकै दरमा मूल्य दाबी गर्नुपर्ने लगायतका समस्या देखिएका छन्।

बजार सर्वेक्षण तथा सन्दर्भ मूल्य लिएर समयसापेक्ष रुपमा सुविधाको थैलीलाई परिमार्जन तथा विस्तार गर्दै सेवाको दररेटलाई समेत अद्यावधिक गर्नुपर्ने देखिन्छ।

१९. **बीमा चरण -** बोर्डले बीमितहरुको सेवा सुचारु हुने अवधिलाई एक वर्षको चारवटा साइकलमा विभाजन गरेको छ। प्रत्येक आर्थिक वर्षको भाद्र, मंसिर, फागुन र जेठ गरी चारवटा साइकलमा बीमितहरुको दर्ता गरी सेवा सुचारु गर्ने गरेको देखिन्छ। कुनै आर्थिक वर्षको साउन १ मा दर्ता भएको बीमितले मंसिर १ देखि मात्र बीमा सेवा प्राप्त गर्न पाउँछ भने असोज मसान्तमा दर्ता भएको बीमितले पनि मंसिर १ देखिनै सेवा उपयोग गर्न पाउँछ। यसरी बीमा दर्ता देखि अभिलेख सम्मको अवधिमा चार महिनाको फरक रहने हुँदा सेवाग्राहीले प्रिमियम तिरेको लामो अवधि पश्चात मात्र सेवा लिन सक्ने र दर्ता सहयोगीहरुको प्रोत्साहन रकम भुक्तानी समेत बीमा साईकलको आधारमा हुने हुँदा समयमै भुक्तानी नहुने अवस्था देखिन्छ । सङ्कलन भएको प्रिमियम रकम सङ्कलनकर्ताले बुझाएको सुनिश्चित भएपछि स्वत:पोलिसी सुचारु हुने गरी ईमिस प्रणालीमा सुधार हुनुपर्ने देखिन्छ।

तालिका नं. ६ बीमा साईकल

दर्ता तथा प्रिमियम सङ्कलन अवधि	ईमिस प्रणालीमा प्रविष्ट गर्न अवधि	पोलिसी जारी तथा सेवा सुचारु हुने अवधि
साउन देखि असोज सम्म	कार्तिक	मंसिर
कार्तिक देखि पुष सम्म	माघ	फागुन
माघ देखि चैत्र सम्म	वैशाख	जेठ
वैशाख देखि असार सम्म	साउन	भाद्र

१९.१. दर्ता सहयोगीले नयाँ दर्ता भएका बीमितहरुको दर्ता फाराम भरी दर्ता अधिकारी समक्ष पेश गर्ने। यसरी पेश भएका दर्ता फारामहरु बीमा साईकल अनुसार कार्तिक, माघ, वैशाख र साउनमा ईमिसमा प्रविष्ट गर्ने गरीन्छ। यसरी प्रविष्ट भएका स्वाथ्य बीमा पोलिसीहरु मंसिर, फागुन, जेठ र भाद्र साइकलमा स्वत:सक्रिय हुने गरेको देखिन्छ भने बीमा पोलिसी अनुसारको प्रिमियम रकम भने बैङ्क दाखिला गरेर नगद लेखा प्रणाली **(CAS)** मा प्रविष्ट गर्ने गरिन्छ। यसरी बीमा पोलिसी एक प्रणालीमा र नगद अर्को प्रणालीमा प्रविष्ट गर्दा यी दुबै बीचको भिडान म्यानुअल गर्नुपर्ने अवस्था छ भने बीमा रकम जम्मा भएको सुनिश्चित नभई बीमा पोलिसी सुचारु हुने जोखिम समेत छ। बोर्डको ईमिस प्रणालीमा दर्ता सहयोगीले पेश गरेको भौचरको विवरण लिई सो बमोजिम बैंकमा रकम दाखिला भए नभएको भनी भिडान गर्ने गरिए पनि यस्तो भिडान बीमा पोलिसी अनुसार परिवार इकाईको आधारमा नभई दर्ता सहयोगीले एकमुष्ट जम्मा गरेको बैङ्कभौचर र प्रणालीमा प्रविष्ट गरेको रकम भिडान भए नभएको जाँच गर्ने गरेको देखिन्छ। यसरी बीमा साईकल अनुसार प्रत्येक पोलिसीको रकम समयमै दाखिला हुने गरेको छ भनेर सुनिश्चित हुने आधार देखिएन।

१९.२. दर्ता अधिकारीले दर्ता सहयोगीबाट प्राप्त रकम, दर्ता अधिकारीले आफै बुझेको रकम वा तोकिएको बैङ्कमा जम्मा गरेको बैङ्क भौचर, बीमित परिवार र परिवारको संख्या प्रविष्ट गरेको विवरण मासिक रुपमा एकिन गरी सोको विवरण तोकिएको समय भित्र ईमिसमा प्रविष्ट गर्नुपर्दछ। तर बीमा साईकल अवधी लामो भएको कारण दर्ता सहयोगी तथा अधिकारीहरुले प्रिमियम रकम होल्ड गर्ने, अघिल्लो

साईकलको रकम पछिल्लो अवधीमा दाखिला गर्ने, स्वास्थ्य बीमा सूचना प्रणालीमा पोलिसी प्रविष्ट गरिए पनि प्रिमियम समयमा दाखिला नगर्ने, प्रिमियम वापतको रकम सम्बन्धित कर्मचारीले व्यक्तिगत काममा खर्च गर्ने जस्ता कमजोरीहरु देखिएको कुरा अनुगमन प्रतिवेदनहरुमा उल्लेख हुने गरेको छ।

तसर्थ बीमा साइकलमा परिवर्तन गरी प्रिमियम सङ्कलन कार्य र दाखिला कार्यको अवधि घटाउने तथा प्रिमियम होल्ड गर्ने, सयममा दाखिला नगर्ने दर्ता अधिकारीलाई जिम्मेवार बनाई कारवाही गर्न र सयममै प्रविष्टि गर्नलाई प्रोत्साहन बापतको रकम तत्काल पठाउने व्यवस्था हुनुपर्दछ।

२०. **दर्ता अधिकारी र दर्ता सहयोगी -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम ११(१) मा बोर्डले स्थानीय तहमा कार्यक्रम सञ्चालन गर्नको लागि प्रत्येक जिल्लामा सोहि जिल्लाभित्र कार्यक्षेत्र रहने गरी आवश्यक संख्यामा दर्ता अधिकारी नियुक्ति गर्ने व्यवस्था छ। नियम १२(१) मा बोर्डले बीमालेख दर्ता गर्ने प्रयोजनका लागि प्रत्येक स्थानीय तहसँग समन्वय गरी प्रत्येक वडामा कम्तिमा एक जनाका दरले दर्ता सहयोगी नियुक्ति गर्नुपर्ने व्यवस्था छ। बोर्डले ७७ जिल्लामा आफ्नो पहुँच पुर्‍याएसँगै दर्ता अधिकारी ३०५ जनाको अस्थायी दरबन्दी स्वीकृत गरेको छ। दर्ता अधिकारीको पदहरु मध्ये २०८० आसार मसान्त सम्म ५५ पद रिक्त रहेको, बाँकी पदहरु स्थायी काज र करार गरी पदपूर्ति गरिएकोमा स्थायी काजमा खटिएका कर्मचारीको सरुवा तथा काज व्यवस्थापन मन्त्रालयबाट हुने हुँदा पदहरु रिक्त भईरहने, करार कर्मचारीहरुको सेवा निरन्तरता नहुने कारणबाट सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन्।

२०.१. दर्ता सहयोगी नियुक्ति वडा अध्यक्षबाट हुने र उनीहरुसँग बोर्डले नियमावलीको नियम १२(३) बमोजिम सम्झौता गरी काममा लगाउने, सम्झौता बमोजिम दर्ता सहयोगीले आफ्नो क्षेत्रका वडाका वासिन्दालाई स्वास्थ्य बीमा कार्यक्रमबारे घर-घर गई जानकारी गराउने, बीमा कार्यक्रममा आवद्ध गर्ने, योगदान रकम सङ्कलन गर्ने तथा स्वास्थ्य बीमा परिचयपत्र वितरण गर्ने जिम्मेवारी तोकिएको छ। बोर्डद्वारा स्थानीय तहका वडा कार्यालय मार्फत ६७१५ जना दर्ता सहयोगी नियुक्ती भएकोमा हाल ५२७ दर्ता सहयोगी निस्कृय र २९९ पद रिक्त रहेका छन्। प्रदेशगत रुपमा कोशीमा ११७५, मधेशमा ९४९, वागमतीमा १०७०, गण्डकीमा ७३६, लुम्बिनीमा ९८२, कर्णालीमा ६९७ र सुदुरपश्चिममा ७५७ दर्ता सहयोगी कार्यरत रहेकोमा मधेश प्रदेशमा कुल जनसंख्याको ५.११ प्रतिशत, कर्णालीमा १५.८३ प्रतिशत र सुदुरपश्चिम प्रदेशमा १३.२८ प्रतिशत मात्र रहनुले उक्त प्रदेशहरुमा स्वाथ्य बीमामा सहभागी दर बढाउन बोर्डले दर्ता सहयोगी मार्फत अभियान चलाउनुपर्ने देखिन्छ। स्वास्थ्य बीमा कार्यक्रमको पहुँच जिल्लागत रुपमा ७७ वटा जिल्लामा विस्तार भए तापनि दरबन्दी अनुसार पदपूर्ति नहुँदा दर्ता अधिकारी र दर्ता सहयोगीको परिचालन प्रभावकारी रुपमा हुन सकेको देखिएन।

कार्यक्रम सफल गराउन महत्वपूर्ण भूमिका खेल्ने दर्ता अधिकारीको नियुक्ति सेवा करारबाट नभई स्थायी रुपमा गराई उनीहरुमा काम, कर्तव्य तथा जिम्मेवारी बोधको कमी हुन नदिने, दर्ता सहयोगीहरुलाई पूर्ण रुपमा प्रशिक्षित गर्ने, कार्यसम्पादन सूचक बनाई लक्ष्य तोकी सम्झौता गर्ने, कार्यसम्पादनका आधारमा मौद्रिक तथा गैर मौद्रिक प्रोत्साहनको व्यवस्था मार्फत प्रभावकारी परिचालन गर्नुपर्दछ।

२१. **सेवा प्रदायक संस्था -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ९ मा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्न चाहाने सेवा प्रदायकले तोकिए बमोजिम बोर्डसँग सम्झौता गर्नुपर्ने, सम्झौता बमोजिमको सेवा बीमितलाई उपलब्ध गराउनुपर्ने र सम्झौता अवधि पाँच वर्षको हुने व्यवस्था रहेको छ। त्यसैगरी स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २३ मा सेवा प्रदायकको काम, कर्तव्य र अधिकारमा बीमितलाई सम्झौता बमोजिम सुविधाको प्याकेज गुणस्तरीय रुपमा प्रदान गर्ने, दर्ता र सोधपुछको लागि उचित प्रबन्ध मिलाउने, स्वास्थ्य संस्थाको आफ्नो परिसरमा औषधि वितरण कक्षको व्यवस्थापन गर्ने र औषधि उपलब्ध गराउने, सेवाग्राहीको गुनासो सुनुवाईको व्यवस्था गर्ने गराउने लगायत छन्। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन।

२१.१. प्रस्तुत तालिका नम्बर ७ मा स्थानीय तहहरुमा सुचीकृत सेवा प्रदायकको विवरण उल्लेख गरिएको छ। उक्त तालिका अध्ययन गर्दा ७५३ मध्ये ३४६ वटा स्थानीय तहमा ४४२ वटा सेवा प्रदायक सूचीकृत रहेको देखिन्छ भने अझैपनि ४०७ स्थानीय तहमा स्वास्थ्य बीमा कार्यक्रमको सेवा प्रदायक संस्था नभएको अवस्था छ। त्यसैगरी प्रति अस्पताल औसतमा १०६९० जनालाई स्वास्थ्य बीमाको कार्यक्रमबाट सेवा उपलब्ध गराउनु पर्ने देखिन्छ भने बीमितहरुको संख्यात्मक हिसाबले प्रति अस्पताल सब भन्दा वढी बीमितको चाप कोशी प्रदेशमा औसत १२३७४ रहेको छ भने सबैभन्दा कम चाप मधेश प्रदेशमा ५५८५ रहेको देखिन्छ। बीमा कार्यक्रम ७५१ वटै स्थानीय तहमा लागु भएपनि सेवा लिने प्रथम सेवा विन्दुहरु नजिक नहुँदा सेवा प्रदायकबाट सजिलै सेवा लिन नसक्ने, सेवा प्रदायक संस्थाहरुमा अनावश्यक चाप हुने, सेवा प्रदायक सूचीकृत नभएका पालिकामा कार्यक्रममा आवद्धता कम रहने देखिन्छ।

तालिका नं. ७ सेवा प्रदायकको सुचीकृत विवरण

प्रदेशको नाम	कुल स्थानीय तह	बोर्डमा सुचीकृत सेवा प्रदायक	सेवा प्रदायक भएका स्थानीय तह	नभएका स्थानीय तह	२०७९।८० मा जम्मा विमित संख्या	प्रति सेवा प्रदायक बीमित जनसंख्या
कोशी	१३७	१०७	८४	५३	१३२४०३४	१२३७४
मधेश	१३६	५६	५०	८६	३१२७५२	५५८५
बाग्मती	११९	१००	६१	५८	११०४६२७	११०४६
लुम्बिनी	८५	५५	४०	४५	६६६८१३	१२१२४
गण्डकी	१०९	५८	५४	५५	६९१७४१	११९२७
कर्णाली	७९	३३	२६	५३	२६७३३५	८१०१
सुदुरपश्चिम	८८	३३	३१	५७	३५७७३३	१०८४०
जम्माः	**७५३**	**४४२**	**३४६**	**४०७**	**४७२५०३५**	**१०६९०**

२१.२. प्रदेशगत रुपमा सेवा प्रदायक संस्थाको विवरण हेर्दा सबैभन्दा वढी कोशी प्रदेशमा १०७ वटा (२४ प्रतिशत) सेवा प्रदायक सूचिकृत रहेको पाईन्छ भने सबैभन्दा कम कर्णाली र सुदुरपश्चिम प्रदेशमा ३३ वटा (७.४६ प्रतिशत) सेवा प्रदायक संस्थाहरुबाट बीमा सेवा सञ्चालन भएको छ। प्रदेशको जनसंख्या, प्रथम सेवा विन्दु सम्मको पहुँच र सुगमता, बीमामा आवद्ध जनसंख्या र भौगलिक विषमतालाई समेत ध्यान दिई सेवा प्रदायक संस्थाहरुको सूचिकरणमा ध्यान दिनुपर्दछ।

२१.३. आर्थिक वर्ष २०७९।८० को बजेट तथा कार्यक्रमले स्वास्थ्य बीमा कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन लाभग्राहीहरुलाई सामुदायिक तथा सरकारी अस्पतालहरुबाट मात्र उक्त सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ भनी उल्लेख गरेको छ। हाल स्वास्थ्य बीमामा आवद्ध ४४२ सेवा

प्रदायक संस्था मध्ये सबैभन्दा धेरै ३८१ वटा संस्था सरकारी रहेका छन भने निजी ४१ वटा, आँखा अस्पताल २६ वटा र सामुदायिक अस्पताल ७ वटा ले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भई सेवा दिँदै आएका छन्। बजेट तथा कार्यक्रमको घोषणा अनुसार आर्थिक वर्ष २०७९।८० देखि सम्झौता म्याद सकिएका निजी अस्पतालहरुको नवीकरण गरिएको छैन। स्वास्थ्य बीमा कार्यक्रममा सूचिकृत स्वास्थ्य संस्थाको अभावमा सहज रुपमा सेवा प्रवाह हुन नसकेको अवस्थामा निजी अस्पतालबाट स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन नहुने घोषणा गरिएको छ। निजी अस्पतालको विकल्पमा सामुदायिक तथा सरकारी अस्पतालहरुको पूर्वाधार विस्तार र पालिकास्तरीय अस्पतालहरुको स्तरोन्नती नभएको अवस्थामा उक्त घोषणा कार्यान्वयन हुन कठिन देखिन्छ।

पालिकामा रहेका आधारभूत अस्पतालहरुलाई प्रथम सेवा विन्दु कायम गर्नेगरी सेवा प्रदायकहरुको सूची विस्तार गर्ने, भौगलिक रुपमा नक्साकंन गरी सेवा प्रदायक संस्था नभएका क्षेत्रमा नयाँ सेवा प्रदायक दर्तामा प्राथमिकता दिने गरी रणनीति लिनुपर्ने देखिन्छ।

२२. **दाबी परीक्षण र नमुना छनोट -** स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम २१(२) मा सेवा प्रदायकले बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत दाबी गरेको रकमको मूल्यांकन बोर्डले गर्नुपर्ने व्यवस्था छ। बोर्डले सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह बापत दैनिकी औसत २५ देखी ३० हजार दाबी प्राप्त गर्दछ। बीमा दाबी समिक्षा तथा मूल्याङ्कन, कार्यविधि २०७८ को परिच्छेद ४(च) अनुसार बोर्डले सेवा प्रदायकहरु बाट आ.व. २०७९।८० मा प्राप्त कुल दाबी संख्या ६५ लाख २८ हजार २९८ लाई देहायको तालिका अनुसार वर्गीकरण र नमुना छनोट गरी परीक्षण तथा पूर्ण परीक्षण मार्फत भुक्तानी गरेको छ।

तालिका नं. ८ दाबी परीक्षण

(रु.हजारमा)

विवरण	दावी संख्या	परीक्षण संख्या	दावी रकम	परीक्षण पछि कायम भएको रकम
स्वतःस्वीकृत रु.५०० सम्मको दावी विवरण				
सरकारी अस्पताल तर्फको दावी	१५७०४७९	०	३९७४८६.४	३९६८८३.३
जम्मा (I)	**१५७०४७९**	**०**	**३९७४८६.४**	**३९६८८३.३**
१० प्रतिशत नमुना छनोट गरी परीक्षण भएको विवरण				
सरकारी अस्पताल तर्फको दावी(रु. ५०१ देखी रु. ५००० सम्म)	३०४१२९४	३०४१२९	५०८५२१०	४८०५९०५
सामुदायिक अस्पताल तर्फको दावी (रु. ५००० सम्म)	७४४९१३	७४४९१	८४३१५०.५	७९४०४३.८
निजी अस्पताल तर्फको दावी(रु. ३००० सम्म)	४५२४११	४५२४१	५३४०१६.९	५०९७११.१
जम्मा (II)	**४२३८६१८**	**४२३८६२**	**६४६२३७७**	**६१०९६६०**
पूर्ण परीक्षण तर्फको विवरण				
सरकारी अस्पताल तर्फको दावी रु. ५००० माथि	२६३४५८	२६३४५८	२८७१५४९	२६६२२६०
सामुदायिक अस्पताल तर्फको दावी रु. ५००० माथि	६७९४५	६७९४५	७३४१८३	७०६३१३.१
निजी अस्पताल तर्फको दावी रु. ३००० माथि	३८७७९८	३८७७९८	३३७४७५८	३२५०४४१
जम्मा (III)	**७१९२०१**	**७१९२०१**	**६९८०४८९**	**६६१९०१४**
कुल जम्मा(I+II+III)	**६५२८२९८**	**११४३०६३**	**१३८४०३५३**	**१३१२५५५७**

२२.१. बीमा दाबी समिक्षा तथा मूल्यांकन कार्यविधि,२०७८ को दफा ४(च) अनुसार सरकारी अस्पताल तर्फको रु.५ सय सम्मको दाबी बीमा व्यवस्थापन सूचना प्रणालीबाट स्वत: स्वीकृत हुने व्यवस्था रहेको छ। उपरोक्त तालिका अनुसार कुल दाबी संख्या मध्ये १५ लाख ७० हजार ४७९ अर्थात

२४.०५ प्रतिशत दाबीहरु रु. ५०० भन्दा न्युन रहेका छन्। रु.५०० सम्मको रकम सरकारी तर्फको रु.३९६८८३ हजार दाबी रकम बिना परीक्षण प्रणालीबाट स्वत: स्वीकृत गरी भुक्तानी गरिएको छ। यस किसिमको दाबीलाई समेत प्रविधिको प्रयोगबाट स्वचालित रुपमा परीक्षण हुनेगरी बीमा सूचना प्रणालीमा सुधार गरी भुक्तानी प्रक्रियालाई त्रुटी रहित बनाउन तर्फ ध्यान दिनु पर्दछ।

२२.२. दाबी समिक्षा निर्देशिका अनुसार सरकारी तर्फको रु.५ सय देखि ५ हजार सम्मको, सामुदायिक तर्फको रु.५ हजार सम्मको र निजी तर्फ रु.३ हजार सम्मको दाबी रकम मध्येबाट १० प्रतिशत रेन्डम नमुना छनोट गरी परीक्षण गर्ने व्यवस्था छ। सोही बमोजिम कुल दाबी संख्या ४२ लाख ३८ हजार ६९८ (६४.९२ प्रतिशत) बाट दाबी गरीएको रु.६ अर्व ४६ करोड २३ लाख ७७ हजार दाबी रकमलाई नमुना छनोट प्रणालीबाट १० प्रतिशत नमुना छनोट गरी परीक्षण गरिएको छ। उक्त परीक्षण पछि दाबी रकम मध्ये रु.६ अर्व १० करोड ९६ लाख ६० हजार शोधभर्ना भुक्तानी गरिएको छ।यसरी नमुना छनोट मार्फत परीक्षण गरेको दाबी मध्ये ५.४५ प्रतिशत अस्वीकृत भएको देखिन्छ।नमुना छनोट परीक्षणमा देखिएका कैफियतहरुको विश्लेषण गरी छनोट प्रतिशतलाई वढाउनु पर्दछ।

२२.३. उपरोक्त निर्देशिका अनुसार सरकारी र सामुदायिक तर्फ रु.५ हजार भन्दा माथिको दाबी र निजी तर्फ रु.३ हजार भन्दा माथिको दाबी पूर्ण परीक्षण गरी शोधभर्ना भुक्तानी दिने व्यवस्था छ। सोही बमोजिम कुल दाबी संख्या मध्ये पूर्ण परीक्षण हुने दाबी संख्या ७ लाख १९ हजार २०१ बाट दाबी गरीएको रु.६अर्व ९८ करोड ४ लाख ८९ हजार लाई परीक्षण पछि रु. ६ अर्व ६१ करोड ९० लाख १४ हजार शोधभर्ना भुक्तानी गरीएको छ। यसरी पूर्ण परीक्षण मार्फत परीक्षण गरेको दाबी रकम मध्ये पाँच प्रतिशत अस्वीकृत भएको देखिन्छ।

२२.४. सेवा प्रदायकबाट प्राप्त भएका कुल दाबी संख्या र भुक्तानी रकमको अनुपात देहाय बमोजिम रहेको छ।

तालिका नं.९: आ.व. २०७९।८० को दाबी तथा भुक्तानी अनुपात

विवरण	दाबी संख्या	प्रतिशत	दाबी भुक्तानी(रु.०००)	प्रतिशत
स्व परीक्षण	१५७०४७९	२४.०६	३९६८८३.३	३.०२
आंशिक परीक्षण	४२३८६१८	६४.९३	६१०९६६०.	४६.५५
पूर्ण परीक्षण	७१९२०१	११.०२	६६१९०१४.	५०.४३
जम्माः	**६५२८२९८**	**१००**	**१३१२५५५७.३**	**१००**

उपरोक्त तालिका अनुसार स्व:परीक्षण हुने दाबी संख्या २४.०६ प्रतिशत रहेको छ भने स्व:परीक्षणबाट भुक्तान हुने रकमको अनुपात ३.०२ प्रतिशत रहेको छ। त्यसैगरी आंशिक परीक्षण हुने दाबी संख्या ६४.९३ प्रतिशत रहेको छ भने सो बाट निर्धारण भएको भुक्तानी रकमको अनुपात ४६.५५ प्रतिशत रहेको छ।त्यसैगरी पूर्ण परीक्षण हुने दाबी संख्या ११.०२ प्रतिशत रहेको छ भने सो बाट निर्धारण भएको भुक्तानी रकमको अनुपात ५०.४३ प्रतिशत रहेको छ।

२२.५. बोर्डले आर्थिक वर्ष २०७९।८० मा सेवाप्रदायक स्वास्थ्य संस्थाहरुबाट रु.१३ अर्व ८४ करोड ३ लाख ५३ हजारको दाबी प्राप्त गरेकोमा सो मध्ये स्वत: स्वीकृत, नमुना परीक्षण तथा पुर्ण परीक्षण पश्चात रु.१३ अर्व १२ करोड ५५ लाख ५७ हजार शोधभर्ना भुक्तानी गरेको छ।दाबी रकमको आधारमा भुक्तानी रकम ६ प्रतिशतले कम रहेको र गत वर्षपनि परीक्षण गरिएको दाबी रकममा ६.७५ प्रतिशत घटेको बोर्डको वार्षिक प्रतिवेदनमा उल्लेख छ। यसरी आर्थिक वर्षको तथ्याङ्क

हेर्दा समग्रमा ६ प्रतिशत माथी त्रुटी देखिए पनि ४६.५५ प्रतिशत दाबी रकमको केवल १० प्रतिशत मात्र नमुना छनोट गरी परीक्षण तथा भुक्तानी हुने गरेको छ।

बीमा कार्यक्रमको विस्तार सँगै बढ्दै गएको दाबी संख्या र रकमको परीक्षण गरी समयमै शोधभर्ना पठाउन र दाबी परीक्षणलाई व्यवस्थित गर्न उपलब्ध जनशक्ति न्युन रहेकाले परीक्षणमा अनावश्यक चाप पर्ने, परीक्षणकार्य यर्थाथ नहुने र लागत बढने जोखिम रहेको देखिन्छ। तसर्थ दाबीमा देखिने त्रुटीका आधारमा नमुना छनोटको दायरा बढाई दाबी परीक्षण तथा भुक्तानीलाई यर्थाथपरक तथा विश्वसनीय बनाउनु पर्दछ।

२३. **दाबी रद्द -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ११ मा बोर्डले सेवा प्रदायकबाट प्रदान भएको सेवा वापत भुक्तानी गर्ने व्यवस्था छ भने सोही ऐनको दफा १२(ङ) मा झुट्टा कागजात तथा विवरण बनाई भुक्तानी माग गरेमा सेवा प्रदायक सँगको सम्झौता रद्द गर्न सकिने व्यवस्था छ। त्यसैगरी दफा ३२ मा कुनै सेवा प्रदायकले यो ऐन वा यस ऐन अन्तरर्गत बनेको नियम विपरित काम गरेमा बोर्डले त्यस्तो सेवा प्रदायकलाई पाँच लाख रुपैयाँ सम्म जरिवाना गर्ने व्यवस्था रहेको छ। बीमा दाबी समिक्षा तथा मूल्याङ्कन कार्यविधि, २०७८ को दफा १० मा झुट्टा तथा कपटपुर्ण दाबीहरु विरुद्ध कारवाही हुने उल्लेख छ। बीमा बोर्डमा प्राप्त हुने दाबीहरुमा प्रत्येक वर्ष ठूलो संख्यामा प्रमाण कागजात नपुगेको कारण रद्द हुने गरेपनि यस किसिमका अपुष्ट दाबीहरु गर्ने सेवा प्रदायकलाई कानून बमोजिम जिम्मेवार बनाई कारवाही गर्ने गरेको देखिएन।

तालिका नं. १० दाबी रद्दको अवस्था

(रकम रु.हजारमा)

आर्थिक वर्ष	दाबी रद्द भएका सेवा प्रदायक संस्था	रद्द भएको दाबी संख्या	दाबी रद्द रकम
२०७५/७६	२०९	२२३५७	७०५१४
२०७६/७७	२५९	२७११७	७९२४४
२०७७/७८	३००	६३५१७	२७३९८८
२०७८/७९	३४०	६८१५७	३११३७२
२०७९/८०	३६५	५०८४६	२२१०९९

उपरोक्त तालिका अनुसार आर्थिक वर्ष २०७५।०७६ देखि २०७८।७९ सम्म निरन्तर रद्द दाबीको संख्या र रकम दुबै बढ्दै गएपनि आर्थिक वर्ष २०७९।८० मा केही घटेको देखिन्छ। यस आर्थिक ३६५ सेवा प्रदायकको ५० हजार ८४६ दाबी संख्याको रु.२२ करोड १० लाख ९९ हजार दाबी रकम रद्द गरेको देखिन्छ।

२३.१. त्यसैगरी देहायको तालिकामा यस वर्ष रद्द भएका ३६५ सेवा प्रदायकको सूची मध्ये रु. ५० लाख भन्दा वढी दाबी रद्द भएका सेवा प्रदायकको विवरण राखिएको छ। उक्त विवरण अनुसार ११ सेवा प्रदायकको मात्र १७२८६ दाबी संख्याको रु.९ करोड ९५ लाख ८१ हजार दाबी अस्वीकृत गरेको देखिन्छ ।जसमा रु. १ करोड भन्दा माथि दाबी अस्वीकृत हुने सेवा प्रदायक तीनवटा रहेका छन्। ठूलो परिमाणमा दाबी अस्वीकृत हुनुको कारणहरु विश्लेषण गरी परीक्षण प्रणाली वस्तुनिष्ठ बनाउँदै जानुपर्दछ। साथै अप्रमाणित र गलत दाबी गर्ने सेवा प्रदायकको दाबी लाई पुनरावलोकन गरी दाबी अस्वीकारका साथमा कानुनले तोके बमोजिमको कारवाही नगर्नाले भविष्यमा यस्तो प्रकृतिको गलत कार्य नदोहोरिएला भन्न सकिएन।

तालिका नं. ११ आर्थिक वर्ष २०७९।८० मा ५० लाख माथिको भुक्तानी रद्दको विवरण

सि.नं.	जिल्ला	अस्पतालको नाम	दाबी संख्या	रकम
१	मोरङ	लाईफगार्ड हस्पिटल प्रा. लि.	३५६७	२०९२२
२	कास्की	पश्चिमाञ्चल क्षेत्रीय अस्पताल	२६०१	१३८०२
३	पाल्पा	यूनिईटेड मिशन अस्पताल	१८९७	१०४८२
४	काठमाडौं	वीर अस्पताल	१५६३	८४५९
५	कास्की	गण्डकी मेडिकल कलेज	९५५	७५९३
६	मकवानपुर	चुरे हिल अस्पताल	११३१	७३७३
७	सुर्खेत	सुर्खेत क्षेत्रीय अस्पताल	६९४	७०६८
८	मकवानपुर	हेटौंडा अस्पताल	१४२२	६८४७
९	झापा	मेची क्षेत्रीय अस्पताल	१२६१	६६३६
१०	चितवन	बकुलहर रत्ननगर अस्पताल	१३६८	५२४९
११	झापा	ओम साई पाथिभरा हस्पिटल प्रा. लि.	८२७	५१५०
		जम्माः	**१७२८६**	**९९५८१**

गलत प्रतिवेदन र झुट्टा विवरण सहित दाबी गर्ने सेवा प्रदायकको दाबीलाई पुनरावलोकन गरी दाबी अस्वीकारका साथमा कानुनले तोके बमोजिमको कारवाही समेत गर्नुपर्दछ। साथै बोर्डले कारवाहीको प्रकृति र संख्याको अभिलेख सुरक्षित रुपमा अद्यावधिक गरी राख्नुपर्दछ।

२४. **प्रिमियमको सङ्कलन र दाबी भुक्तानी -** स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ७ मा स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम, सहभुक्तानी तथा भुक्तानीसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने उल्लेख छ। स्वास्थ्य बीमा नियमावली, २०७५ को नियम १५ मा कार्यक्रमा आवद्ध हुँदा लाग्ने योगदान रकम अनुसूची १ बमोजिम पाँच जना सम्मको परिवारको लागि वार्षिक तीन हजार पाँच सय रुपैयाँ र सो भन्दा वढी भए थप प्रत्येक व्यक्तिको (अधिकतम १० जना) लागि वार्षिक सात सय रुपैयाँ तोकिएको छ। सङ्गठित क्षेत्रका कर्मचारीको लागि सुरु तलब स्केलको व्यक्तिको योगदान १ प्रतिशत र रोजगारदाताको १ प्रतिशत गरी संयुक्त योगदान २ प्रतिशत तोकिएको छ। स्वास्थ्य बीमा बोर्डले दर्ता सहयोगी तथा अधिकारी मार्फत नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउने र प्रिमियम सङ्कलन गर्ने गरेको देखिन्छ।

तालिका नं. १२ सशुल्क तर्फको प्रिमियम सङ्कलन र दाबी भुक्तानी

आर्थिक वर्ष	सशुल्क बीमित संख्या	प्रिमियम सङ्कलन (रु.हजारमा)	दाबी भुक्तानी (रु.हजारमा)	प्रिमियमको योगदान (प्रतिशत)
२०७७।७८	२४६२१९१	१८८३३१४	३८४७५०२	४८.९५
२०७८।७९	३०४७५३५	२३३०६९८	८०९४०९२	२८.८०
२०७९।८०	३२३४५९१	२४८४३०३	१०४४६०१०	२३.७८

माथि तालिका नम्बर १२ को तथ्याङ्क हेर्दा बीमित संख्या र प्रिमियम सङ्कलन बढदै गएपनि दाबी भुक्तानीमा संकलित प्रिमियमको योगदान भने घट्दै गएको देखिन्छ। लक्षित समूह वाहेक सशुल्क तर्फको आर्थिक वर्ष २०७७।७८ मा संकलित प्रिमियम बाट करिब ४९ प्रतिशत बीमा दाबी भुक्तानी भएकोमा आर्थिक वर्ष २०७९।८० सम्म आउँदा उक्त प्रतिशत २३.७८ प्रतिशतमा झरेको छ। लक्षित समूहको नयाँ बीमा पोलिसी जारी हुँदा वा नवीकरण हुँदा प्रिमियम सङ्कलन नहुने तर उक्त प्रिमियम सरकारबाट बोर्डलाई भुक्तानी हुनुपर्ने व्यवस्था रहेपनि सो बमोजिम सरकारबाट प्रिमियमको रुपमा रकम प्राप्त हुने गरेको छैन। जसले गर्दा बीमा प्रिमियम सङ्कलन न्युन देखिन्छ। नागरिकले गर्ने योगदानको तुलनामा सेवा उपयोगको सोधभर्ना अत्याधिक रहेको हुँदा कार्यक्रमको दीर्घकालीन स्थायित्व र निरन्तरतामा सवाल उठ्ने गरेको छ। सरकारी अनुदानबाट मात्रै वृहत

आधार भएको स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गर्दा दिगोपनाको प्रश्न उठ्ने गरेको, बिगतमा सेवाग्राहीबाट सह-भुक्तानीको व्यवस्था नभएकोले आफूलाई आवश्यक नपर्ने सेवासमेत लिने प्रवृत्ति रहेको देखिन्छ।

कार्यक्रमको दीगो पना, स्थायित्व र निरन्तरताको लागि स्रोतको सुनिश्चितता जरुरी हुन्छ। यसको लागि बीमितको दायरा विस्तार सँगै बीमा शुल्कमा पुनरावलोकन, सह-भुक्तानीको माध्यमबाट स्रोतको विविधीकरण हुनुपर्दछ।

२५. **कार्यक्रममा दोहोरोपना -** स्वास्थ्य बीमा नीति, २०७१ मा नेपाल सरकारले तर्जुमा गरेको स्वास्थ्य वित्त रणनीतिले विभिन्न लगानी संयन्त्र बीचमा अन्तर्सम्बन्धको मार्गनिर्देश गर्ने व्यवस्था गरेको छ। नेपाल सरकारले सर्वसाधारण तथा लक्षित वर्गलाई आधारभूत स्वस्थ्य सेवा, आमा सुरक्षा, महिलाको आङ् खसेको निःशुल्क उपचार सेवा उपलब्ध गराउँदै आएको छ। बिरामीलाई सबै स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तथा आर्युवेदिक औषधालयबाट ९८ प्रकारका औषधिहरु निःशुल्क उपलब्ध गराउँदै आएको छ। मुटु, मृगौला, क्यान्सर लगायत ८ प्रकारका कडा रोग लागेका विपन्न नागरिकालाई तोकिएका अस्पतालबाट एक लाख सम्मको निःशुल्क उपचारको व्यवस्था गरीएको छ भने नेपाल सरकारले स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध परिवारलाई एक लाखसम्म उपचार सेवा उपलब्ध गराउँदै आएको छ। समाजिक सुरक्षा कोषले योगदानकर्ताको दम्पतीलाई १ लाख रुपैयाँ सम्म र घातक रोगको लागि बढीमा दश लाख सम्मको स्वास्थ्य उपचार सेवा उपलब्ध गराएको छ। त्यसैगरी संचय कोषमा आवद्ध सञ्चयकर्ताको दम्पत्तीलाई अस्पतालमा भर्ना भई उपचार गराएकोमा रु.१ लाख सम्मको उपचार सुविधा उपलब्ध रहेको छ। यसरी विभिन्न सरकारी स्वामित्वमा संचालित एकै प्रकृतिका र योगदानमा आधारित स्वास्थ्य बीमाका विभिन्न कार्यक्रमहरु सञ्चालन भैरहदा कार्यक्रममा दोहोरोपना, वित्तीय साधनको दुरुपयोग र कार्यक्रमकै कुशलतामा समेत प्रश्नचिन्ह उठ्ने देखिएकोले दोहोरोपना हुन नदिन समन्वय र साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिएको छ। नेपाल सरकारले सबै नागरिकलाई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गर्ने लक्ष्य लिएको सन्दर्भमा विभिन्न निकायबाट एकै प्रकारको स्वास्थ्य बीमासम्बन्धी सुविधाहरु उपलब्ध भई रहँदा श्रोत साधन दुरुपयोग हुने देखिएकोले कार्यक्रमहरु समन्वयात्मक रुपमा सञ्चालन गर्नुपर्ने देखिन्छ। यससम्बन्धी थप व्यहोरा देहाय बमोजिम छन्।

२५.१. सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार स्थापना भई सञ्चालनमा आएको सामाजिक सुरक्षा कोषले उपलब्ध गराउने सेवा सुविधा मध्ये स्वास्थ्य बीमा पनि एक रहेको तथा कोषले उक्त स्वास्थ्य बीमा सुविधाका लागि बीमा व्यवस्थापन गर्न अन्य संगठित संस्थासँग आबद्ध हुने गरेको पाइयो। बोर्डले कोषसँग समन्वय गरी उक्त स्वास्थ्य बीमा सेवा बोर्ड मार्फत गराउने व्यवस्था गरेमा बोर्डलाई एक निश्चित संस्थागत विमित र प्रिमियमको सुनिश्चितता हुने, सामाजिक सुरक्षा कोषको कार्यक्रम सार्वजनिक क्षेत्रको निकायबाट उपलब्ध हुने तथा कोषको योगदानकर्ताले परिवारकै स्वास्थ्य बीमाको सुविधा प्राप्त हुने भै त्रिपक्षीय रुपमा फाइदा हुने देखिन्छ। त्यसैगरी संचयकोषले उपलब्ध गराउने स्वास्थ्य उपचार खर्च समेत दुई संस्थाबीच समन्वय गरी स्वास्थ्य बीमा बोर्ड मार्फत सेवा लिने गरी सम्झौता गर्न सकिएमा सञ्चयकर्ताको परिवार नै लाभान्वित हुन जाने देखिन्छ। अत: बोर्डले सामाजिक सुरक्षा कोष तथा सम्बद्ध पक्षसँग सहकार्य गर्नुपर्ने देखिन्छ।

२५.२. विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ (संशोधन २०७७) को बुँदा नं. ३ मा आर्थिक रुपले विपन्न नागरिकले कडा रोगहरु जस्तै मुटु, मृगौला, क्यान्सर, पार्किन्सन्, अल्जाइमर्स, स्पाइनल इन्जुरी, हेड इन्जुरी तथा सिकलसेल एनिमिया समेत ८ प्रकारका रोगहरुको उपचार

गराउँदा उपदफा ४ बमोजिमको उपचारमा अस्पतालहरुबाट सहुलियत प्राप्त गर्नेछ भन्ने व्यवस्था छ। स्वास्थ्य सेवा विभाग अन्तरर्गत रहेको नर्सिङ तथा समाजिक सुरक्षा महाशाखाबाट संचालित यस कार्यक्रम उक्त महाशाखाको समन्वयमा २०७९ साल वैशाख देखि स्वास्थ्य बीमा बोर्डबाट भुक्तानी हुने गरी हस्तातरण भएको र २०८० साल असार मसान्त सम्म स्वास्थ्य बीमाबोर्डबाट सञ्चालन भएकोमा हाल उक्त कार्यक्रम पुनःस्वास्थ्य सेवा विभागबाट नै भुक्तानी हुने गरी अख्तियारी प्रदान गरेको देखिन्छ। नागरिकको स्वास्थ्य उपचारसँग सम्बन्धित दुबै कार्यक्रमलाई अन्तरआवद्ध गरी सञ्चालन गर्नुपर्नेमा अलग-अलग निकायबाट सञ्चालन भएको देखिन्छ।

२५.३. स्वास्थ्य बीमा नियमावली, २०७५ को नियमा १७(२)घ मा २०७६ साल साउन १ देखि लागू हुनेगरी बीमितलाई अनुसूची ६ मा उल्लेखित ८ प्रकारका रोगहरुको उपचारको लागि थप १ लाख रुपैयाँसम्मको सुविधा दिने उल्लेख छ। उक्त ८ प्रकारका रोगहरु र विपन्न नागरिक उपचार कोषले सुविधा दिएका ८ प्रकारका रोगहरु एउटै रहेका छन्। यसरी एकै प्रकारका रोगहरुमा स्वास्थ्य बीमा र विपन्न नागरिक उपचार कोषबाट सुविधा दिनेगरी रहेको व्यवस्थाले एकै व्यक्तिले एकै समयमा दोहोरो सुविधा लिन सक्ने जोखिम देखिन्छ।

कडा रोग लागेका नागरिकहरुलाई दोहोरो नपर्ने गरी सरोकारवालाहरुको समन्वयमा एकद्वार प्रणाली कायम हुनेगरी शोधभर्ना भुक्तानी गर्नुपर्ने देखिन्छ ।

२६. **सूचना प्रणाली र दाबी व्यवस्थापन -** बीमा प्रिमियम सङ्कलन दाबी भुक्तानी, सेवा प्रदायकको सोधभर्ना भुक्तानी तथा बीमितको सेवा उपयोगको अभिलेख अद्यावधिक गर्न अफलाइन तथा अनलाईन कार्य गर्न सकिने बीमा व्यवस्थापन सूचना प्रणाली तयार गरी लागु गरेको छ। बोर्डले स्वास्थ्य बीमा कार्यक्रम व्यवस्थापन गर्न प्रयोग गरेको बीमा व्यवस्थापन सूचना प्रणाली (IMIS) मा रहेको सदस्यता दर्ता र नवीकरण, प्रिमियम सङ्कलन, दाबी व्यवस्थापन लगायत काममा बोर्डले प्रयोग गरेको सफ्टवेयर र बोर्डबाट हुने दाबी भुक्तानीमा विभिन्न कैफियतहरू देखिएका छन्। उक्त सूचना प्रणालीमा सेवा प्रदायकहरुको सोधभर्ना भुक्तानी लामो समय थाती रहने, बीमितको सेवा अभिलेख अद्यावधिक नहुने, बीमा प्रिमियम र सङ्कलनको अद्यावधिक रुजु गर्न नसकिने, सूचना प्रणालीको सुरक्षा तथा व्यवस्थापनको सवाल जस्ता समस्या देखिएको छ। बोर्डले उक्त सफ्टवेयरमा देखिएका समस्याहरूको समाधान गरी सफ्टवेयरको प्रयोगबाट हुने आर्थिक कारोबार तथा सेवा प्रवाहलाई पारदर्शी र विश्वसनिय बनाउन थप ध्यान दिनुपर्दछ। उक्त सफ्टवेयर सञ्चालन र दाबी भुक्तानीमा देखिएका अन्य व्यहोराहरु देहाय बमोजिम रहेका छनः

- बोर्डले सुविधा थैलीमा रहेको सेवा/औषधि र रकम पहिला नै सफ्टवेयरमा प्रविष्टि गरेकोमा सेवा प्रदायक अस्पतालले सेवा/औषधि उपलब्ध गराउँदा अस्पतालको नियमानुसार घटी रकममा बिलिङ्ग गरी उक्त सेवा/औषधि उपलब्ध गराएको भएतापनि बोर्डबाट सफ्टवेयरमा भएको रकम नै भुक्तानी हुँदा कतिपय सेवा/औषधिमा अस्पतालको बिल भन्दा बढी रकम भुक्तानी हुने गरेको।
- सफ्टवेयरमा सेवा प्रदायकले बीमितलाई कति पटक कुनकुन औषधि कति परिमाणमा उपलब्ध गरायो सोको एकीकृत विवरण प्रस्तुत गर्ने व्यवस्था रहेको छैन। जसले गर्दा कुनै बिरामीले बीमा सुविधाबाट लिएको औषधि सही उपयोग नहुन सक्ने सम्भावना रहेको छ।
- कार्यक्रममा जेष्ठ नागरिक तथा अन्य लक्षित वर्गलाई निःशुल्क तथा महिला स्वास्थ्य स्वयंसेविकालाई ५० प्रतिशत छुटमा बीमा गर्ने नीति रहेकोमा सफ्टवेयरमा निःशुल्क र छुटको

समेत पूरै रकम प्रविष्टि गरेर मात्र दर्ता/नवीकरण हुने व्यवस्था रहेकोले वास्तविक रूपमा सङ्कलित प्रिमियम र सफ्टवेयरले देखाउने प्रिमियम रकममा ठूलो भिन्नता आउने गरेको।

- बीमा सूचना प्रणाली र नेटवर्कको भल्नेरेविलिटी र पेनिट्रेशन परीक्षण नियमित रुपमा गर्नुपर्ने र उक्त सुचना प्रणालीको नियमित रूपमा सूचना प्रविधि लेखापरीक्षण गराउनुपर्ने लगायतका पहिचान भएका जोखिम र कमजोरीहरु समाधान गर्न सुधारात्मक कदम चालिनुपर्ने।

बोर्डले प्रयोग गरेको सूचना प्रविधि प्रणालीमा देखिएका उल्लेखित समस्याहरूको समाधान गरी प्रणालीको प्रयोगबाट हुने सुचना सङ्कलन, आर्थिक कारोबार तथा सेवा प्रवाहलाई पारदर्शी र विश्वसनिय बनाउन विशेष ध्यान दिनुपर्दछ।

२७. **गुनासो व्यवस्थापन -** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली, २०६५ अनुसार गुनासो व्यवस्थापन गरी कार्यालय सञ्चालन गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी स्वास्थ्य बीमा ऐन, २०७४ तथा नियमावली, २०७५ मा उजुरी व्यवस्थापनसम्बन्धी व्यवस्था रहेको छ। बोर्डलाई सेवाको गुणस्तर र अन्य प्रक्रियाबारे हेल्लो सरकार, इमेल, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, पत्रपत्रिका र सामाजिक संञ्जाल मार्फत देहाय अनुसार गुनासोहरु प्राप्त भएको छ।

तालिका नं. १३ प्राप्त गुनासोहरुको स्रोत र संख्याको तुलनात्मक विवरण

सि. नं.	गुनासो प्राप्त गर्ने माध्यम	आर्थिक वर्ष			
		२०७६।७७	२०७७।७८	२०७८।७९	२०७९।८०
१	हेल्लो सरकार	१५	३२	५४	५९
२	कार्यालयको इमेल	-	१५	७१	३२
३	व्यक्तिगत निवेदन	६	२	१५	५४
४	स्वास्थ्य मन्त्रालय मार्फत	-	-	-	१
५	अख्तियार दुरुपयोग अनुसन्धान आयोग	१	-	-	-
६	राष्ट्रिय सर्तकता केन्द्र	-	१	-	-
७	पत्रपत्रिका र समाजिक संजाल	-	२	३	-
८	टोल फ्री मार्फत	-	७२३४	१४३७०	११७८४
	जम्मा	**२२**	**७२८६**	**१४५१३**	**११९३०**

स्रोत: स्वास्थ्य बीमा बोर्ड

उपरोक्त तालिकाबाट आ.व. २०७६।७७ देखि आ.व. २०७९।८० सम्म प्राप्त विभिन्न गुनासोहरुको प्रवृत्ति हेर्दा यसको संख्या २०७८।७९ सम्म बढोत्तरी हुँदै गएकोमा २०७९।८० मा पछिल्लो वर्ष भन्दा गुनासाको संख्या केही कम देखिएका छन्। प्राप्त गुनासोहरु मध्ये अधिकांश सेवाग्राही मार्फत आएका छन् र ती गुनासोहरुको सेवाको गुणस्तरसँग बढी सम्बन्धित छन्। बोर्डको टोल फ्रि नं. मार्फत धेरै गुनासोहरु दर्ता भएका छन्।

बोर्डले यसरी प्राप्त गरेका गुनासो तथा उजुरीहरुलाई सोको प्रकार र प्रवृत्तिका आधारमा वर्गीकरण गरी स्थायी समाधान निकाल्न तर्फ ध्यान दिनुपर्दछ। बोर्डले विभिन्न माध्यमबाट प्राप्त गरेका गुनासोहरुको अभिलेख नियमावलीमा व्यवस्था भए अनुसार राखी सोको व्यवस्थापनका लागि विद्युतीय प्रविधि (Grievance Handling System) को प्रयोग गर्नुपर्ने देखिन्छ। जनता सँग प्रत्यक्ष सरोकार राख्ने विषय गुनासो व्यवस्थापन भएको तथा यसले सेवाको गुणस्तर वृद्धि गर्न महत्वपूर्ण

भुमिका निर्वाह गर्ने भएकोले गुनासो व्यवस्थापनको अद्यावधिक रेकर्ड राखी सोको समयमै सम्बोधन गर्नुपर्छ।

२८. **अनुगमन र मूल्याङ्कन -** स्वास्थ्य बीमा कार्यक्रमको प्रभावकारी कार्यान्वयन सम्बन्धमा नियमित अनुगमन र मूल्याङ्कन गर्न बोर्डमा अनुगमन तथा मूल्याङ्कन शाखाको व्यवस्था रहेको छ। शाखाले वार्षिक कार्ययोजना बनाएर विभिन्न शाखा तथा प्रदेशबाट बीमितको तथ्याङ्क सङ्कलन गर्ने, वार्षिक समिक्षा कार्यक्रम सञ्चालन गर्ने, सेवा प्रदायक संस्थाहरूको अनुगमन गर्ने, गुणस्तरिय बीमा सेवामा जनताको पहुँच सुनिश्चित गराउने लगायतका कार्य गर्ने जनाएकोमा यो वर्ष वार्षिक कार्ययोजना बनाएर नियमित अनुगमन नगरिए पनि गुनासो प्राप्त भएका र अन्य समेत प्रदेश तथा जिल्ला कार्यालयहरुको अनुगमन भएको देखिन्छ। साथै सेवा प्रदायकको सेवा नवीकरण तथा नयाँ दर्ताको लागि प्राविधिक विशेषज्ञ सहितको टोलीले अनुगमन गर्ने र प्रतिवेदनका आधारमा दर्ता तथा नवीकरण गर्ने गरेको देखिन्छ। कतिपय जिल्लाहरुमा प्रदेश संयोजकको नेतृत्वमा जिल्ला स्थित कार्यालयहरुको अनुगमन गरी प्रतिवेदन पेश गरेको छ। अनुगमनकासम्बन्धी अन्य व्यहोरा देहाय बमोजिम छन्।

२८.१. अनुगमनमा जाने पदाधिकारी/कर्मचारीले पेश गरेको अनुगमन भ्रमण प्रतिवेदनमा बीमा साईकल अनुसार प्रिमियम रकम समयमा दाखिला नभएको, बीमितहरुको फारम तोकिएको अवधिमा प्रविष्ट हुन नसकेको, न्युन जनशक्तिको कारण जिल्लाहरुमा अधिक कार्यचाप देखिएको, जिल्ला स्थित कार्यालयहरुको भौतिक पूर्वाधार तथा सेवा सुविधाको स्तर कमजोर रहेको उल्लेख छ। त्यसैगरी सेवा प्रदायकहरुको अनुगमन भ्रमणमा अस्पतालहरुको भौतिक पूर्वाधार, सरसफाई, कुरुवा विश्राम कक्ष व्यवस्थित नरहेको, कतिपय अस्पतालहरुको आफ्नै फार्मेसी नरहेको, प्रयोगशाला परीक्षणसम्बन्धी सुविधाहरु प्रयाप्त नरहेको, अलग्गै सामाजिक सेवा इकाई स्थापना गरी सहजीकरण नगरेको व्यहोराहरु औल्याएकोमा उपरोक्त प्रतिवेदनहरुको अभिलेख व्यवस्थित गरी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनु पर्दछ।

२८.२. कतिपय सेवा प्रदायक संस्थाले सेवा दिन इन्कार गर्ने गरेको, सेवा लिँदा अनावश्यक झमेला सिर्जना भई सहज रूपमा सेवा लिन नसकेको, प्रथम सेवा विन्दुका रूपमा रहेका सेवा प्रदायक संस्थाहरूमा सेवा उपलब्ध हुन नसक्ने अवस्था रहेको, आफूले लिएको सेवा र खर्च भएको रकमको सम्बन्धमा सहजै जानकारी लिन नसकिने अवस्था रहेको, सेवा प्रदायकले अनावश्यक र महंगा औषधिहरू सिफारिस गर्ने गरेको, कतिपय सेवा प्रदायकले स्वास्थ्य बीमा कार्यक्रमबाट सेवा प्रदान गर्न छुट्टै डेक्स नराखेको लगायतका गुनासाहरू बीमितहरुबाट आउने गरेकोमा बोर्डद्वारा यसलाई गम्भीरता पूर्वक लिएर नियमित/छड्के अनुगमन नहुँदा सेवा प्रभावकारी हुन सकेको छैन। बोर्डले सेवा प्रदायक संस्था र सम्पादित सेवा प्रवाहको अनुगमन कार्यलाई उच्च प्राथमिकतामा राखेर सेवाग्राहीका गुनासो सम्बोधनमा ध्यान पुर्‍याउनुपर्दछ।

२९. **स्वास्थ्य बीमा कार्यक्रमको सेवा प्रवाहको स्थिति -** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०८० तथा नागरिक सहभागिता लेखापरीक्षण निर्देशिका, २०७९ बमोजिम स्वास्थ्य बीमा कार्यान्वयनको अवस्था सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गर्दा नागरिक सहभागिताको लागि छनोट गरिएको एक नागरिक संस्था मार्फत काठमाडौ, ललितपुर र भक्तपुर जिल्लाका (छनोटमा परेको) स्वास्थ्य केन्द्र, अस्पतालहरू र सेवाग्राहीसँग स्वास्थ्य बीमा कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित सेवा प्रवाह, सुशासन र स्वास्थ्य पूर्वाधारको अवस्था सम्बन्धमा लिखित प्रश्नावली मार्फत सर्वेक्षण गरिएको थियो। देहायको तालिका नम्बर १४ बमोजिमका सेवाप्रदायक अस्पताल ८, प्राथमिक

स्वास्थ्य केन्द्र ५ समेत १३ संस्थालाई प्रश्नावली उपलब्ध गराएकोमा त्रिभुवन शिक्षण अस्पताल महाराजगंज बाहेकका १२ सेवाप्रदायक र उक्त सेवा प्रदायकहरुबाट बीमा सेवा लिएका १४५ सेवाग्राहीहरु सर्वेक्षणमा सहभागी भएका थिए।

तालिका नं. १४ सेवाप्रदायक र सेवाग्राहीको विवरण

क्र.सं.	अस्पतालको नाम	जिल्ला	सेवाग्राही संख्या
१.	नेपाल कोरिया मैत्री नगरपालिका अस्पताल	भक्तपुर	१७
२.	बी. पि. नेत्र प्रतिष्ठान	भक्तपुर	१०
३.	भक्तपुर क्यान्सर अस्पताल	भक्तपुर	१०
४.	लुभु प्राथमिक स्वास्थ्य केन्द्र	ललितपुर	११
५.	बोडेगाउँ प्राथमिक स्वास्थ्य केन्द्र	ललितपुर	७
६.	पाटन अस्पताल	ललितपुर	१०
७.	परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	काठमाडौं	११
८.	राष्ट्रिय ट्रमा सेन्टर	काठमाडौं	११
९.	मूलपानि नगर अस्पताल	काठमाडौं	१०
१०.	वीर अस्पताल	काठमाडौं	१२
११.	विष्णुदेवी अस्पताल	काठमाडौं	१०
१२.	त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल	काठमाडौं	१५
१३.	गोकर्णेस्वर नगर अस्पताल	काठमाडौं	११
		जम्माः	**१४५**

२९.१. **सेवाग्राहीको पृष्ठपोषणः** माथि उल्लिखित अस्पताल र स्वास्थ्य केन्द्रहरुमा गरिएको सर्वेक्षणमा सेवाग्राहीहरुबाट निम्न सुझावहरु प्राप्त भएका छन्।

२९.१.१. **सेवा प्रदान सम्बन्धमाः** सबै सेवाग्राहीहरु स्वास्थ्य बीमा सेवा प्रति सकरात्मक रहेकाछन्। सेवाको कार्य छिटो र छरितो हुनुपर्ने सबैको सुझाव रहेको छ। बीमा मार्फत सेवा लिनेलाई प्राथमिकता दिनुपर्ने, टिकट र टोकनको व्यवस्थामा सुधार हुनुपर्ने, वृद्ध र महिलाहरूको लागि अलग व्यवस्था हुनुपर्ने, बीमा परिचय पत्र डिजिटल भौतिक कार्ड हुनुपर्ने लगायतका सुझाव रहेका छन्।

२९.१.२. **औषधि व्यवस्थापनः** बीमितलाई प्राप्त हुनै औषधिको सम्बन्धमा सोधिएका प्रश्नमा बीमाबाट सेवाग्राहीले औषधि उपलब्ध गराउने कार्य ठिक भएपनि औषधिको गुणस्तरमा भने धेरैले प्रश्न उठाएका छन्। औषधिको प्रकार र उत्पादक कम्पनी फरक फरक भैइरहँदा नियमित सेवा लिने दीर्घ रोगीहरूका लागि गाह्रो हुने, सबै ठाउँमा डाक्टरले सिफारिस गरेको मात्रामा औषधि उपलब्ध नहुने, डाक्टरको सिफारिस अनुसार एकैचोटि तीन महिनालाई औषधि दिन सकिने व्यवस्था भएपनि १५-२० दिन वा एक महिनालाई प्राप्त हुने, प्रायः सस्तो औषधिहरु मात्र बीमाबाट प्राप्त हुने, महँगो औषधि आफैले किन्नुपरेको गुनासो आएको छ। सेवाग्राहीले प्रेषणको समयमा धेरै औषधि आफैले किन्नु परेको र बीमामा थोरै मात्र औषधि पाईने हुनाले यसमा पनि सुधार गर्नुपर्ने सर्वेक्षणले देखाएको छ। तसर्थ सूचीकृत औषधि र त्यसको वितरण प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ।

२९.१.३. **प्रेषणको सम्बन्धमाः** प्रेषण पछि उपचार गर्दा प्रेषणमा भएको कुरा मात्रै उपचार गर्न मिल्ने या अन्य कुनै नयाँ चेकअप लिने सकिने स्पष्ट जानकारी नरहेको, नयाँ कुनै रोग देखिएमा पुनः प्रेषण चाहिने भएकाले यसमा सुधार गर्नुपर्ने, प्रेषणको मिति र समय पनि बढाउनु पर्ने, प्रेषणलाई प्राविधिको उपयोग गरी अनलाईन मार्फत हुने व्यवस्था मिलाउने सुझाव सेवाग्राहीबाट आएको छ। त्यस्तै

काठमाण्डौं बाहिरबाट उपचार गर्न आएकालाई प्रेषण लिन पटक पटक प्रथम सेवा विन्दु तोकिएको स्थानमा जानुपर्ने बाध्यतालाई समाधान गर्नु पर्ने सुझाव आएका छन् भने केही सेवाग्राहीहरूले प्रेषणको सिस्टम नै हटाउनुपर्ने र यसले गर्दा बीमा भित्रबाट उपचार गर्न गाह्रो भएको पनि भनेका छन्। त्यसैगरी बीमा कार्ड भएर पनि प्रेषण नभएकाले आफ्नै खर्चमा उपचार गर्नुपरेको, प्रेषण प्रक्रिया झण्झटिलो रहेकोले नेपालभरि नै बीमा कार्डले जुनसुकै अस्पतालमा गएर पनि स्वास्थ्य बीमाको उपचार गर्न पाउनुपर्ने, बीमाले दिने औषधि र सुविधा रकमको सीमा बढाउनुपर्ने सुझाव आएको छ।

२९.२. **सर्वेक्षणमा सेवाप्रदायकहरूको धारणा:** माथि तालिकामा उल्लेखित प्रथम सेवा विन्दु तोकिएका प्राथमिक अस्पताल र प्रेषण गरिएका बिरामीको उपचार गर्ने अस्पतालहरुमा गरिएको सर्वेक्षणमा उक्त सेवाप्रदायक अस्पतालहरुले दिएको उत्तरका आधारमा सेवा प्रवाहसम्बन्धी समस्या तथा सुझावहरु देहाय बमोजिम रहेका छन्।

२९.२.१. स्वास्थ्य बीमाको लागि प्रथम सेवा विन्दुको रुपमा तोकिएका प्राथमिक अस्पतालहरुमा प्रयाप्त भौतिक संरचना, प्रयोगशाला सुविधा र दक्ष जनशक्तिको अभाव भएकोले प्रारम्भिक उपचार सेवाको लागि पनि प्रेषण दिई सुविधायुक्त अस्पतालमा पठाउने गरेको, प्रथम सेवा विन्दुहरुमा पूर्णरुपले फार्मेसी सञ्चालनमा नरहेको, बिलिङ गर्ने अनलाइन सिस्टम नरहेको, सूचीकृत औषधिहरु उपलब्ध नभएको, दुर्गम क्षेत्रबाट प्रेषण लिएर उपचार गर्न आएका बिरामीलाई सेवा लिन कठिनाई रहेको, प्रेषणमा लेखिएको भन्दा अन्य उपचार पनि गर्नुपर्ने हुँदा यसमा भएको खर्च दावी तथा शोधभर्नामा समस्या रहेको, बीमा बोर्ड र सेवाप्रदायक बीच समन्वय प्रभावकारी नभएको लगायतका समस्याहरु रहेका छन्। बीमा बोर्डले सेवाप्रदायक अस्पतालहरूलाई तालिम प्रदान गर्ने, प्रत्येक महिना सेवाप्रदायक र बीमा बोर्डबीच बैठक हुनुपर्ने सुझावहरु दिएका छन्। त्यसैगरी सेवाप्रदायकहरूको गुनासो सुनुवाईमा ध्यान दिनुपर्ने, स्वास्थ्य बीमासम्बन्धी समस्या समाधानमा सहजीकरण हुनुपर्ने, बीमितहरुलाई समेत सेवासम्बन्धी जानकारी र सचेतनाको लागि तालिम लगायतका कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिएका छन्।

परिच्छेद - ४
निष्कर्ष र सुझाव

निष्कर्षः

गुणस्तरीय र आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको अधिकारको संरक्षण गर्न स्वास्थ्य बीमाद्वारा पूर्व भुक्तानीको माध्यमबाट बीमितको आर्थिक जोखिम न्यूनीकरण गर्न, स्वास्थ्य सेवा प्रवाहलाई सुदृढ गरी स्वास्थ्य सेवामा आमनागरिकको सहज, सुलभ र प्रभावकारी पहुँच बढाउन वृहत सामाजिक स्वास्थ्य सुरक्षा अवधारणाका रुपमा स्वास्थ्य बीमाको थालनी भएको हो।

यद्यपि, स्वास्थ्य बीमासम्बन्धी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीति योजना र मार्गचित्रको अभाव रहेको, हाल सक्रिय रुपमा बीमामा आवद्ध परिवार २४.७० प्रतिशत र बीमितहरुको जनसंख्या १६.२० प्रतिशत मात्र रहेको, बीमा बोर्डको संरचना अस्थायी प्रकृतिको रहेको, स्रोत साधन र जनशक्तिको प्रयाप्त व्यवस्था हुन नसकेको, सुविधा थैलीमा रहेका सुविधाहरुको दररेट अद्यावधिक हुन नसकेको, बिमितहरुको वढ्दो दाबी सँगै दाबी परीक्षण काय त्रुटी रहित र समयभित्र सम्पन्न गर्न चुनौतीपूर्ण रहेको, शोधभर्ना भुक्तानीमा प्रिमियमको योगदान न्युन रहेको, दर्ता,नवीकरण, प्रिमियम सङ्कलन र दाबी व्यवस्थापनलाई व्यवस्थित गर्न बीमा सूचना व्यवस्थापन प्रणालीमा सुधार गर्नुपर्ने देखिएको, स्वास्थ्यसम्बन्धी विभिन्न कार्यक्रमहरु बीच समन्वय गरी एकीकृत सेवा दिनुपर्ने, सेवा प्रदायक संस्थाहरुको निरन्तर अनुगमन र सेवाको गुणस्तरमा सुधार गर्नुपर्ने लगायतका समस्या र चुनौती यस कार्यक्रम कार्यान्वयनमा क्रममा देखिएका छन्।

माथि उल्लेखित समस्या र चुनौतीको समाधान गरी स्वास्थ्य बीमाको प्रभावकारिता अभिवृद्धि गर्न सबै सरकारी तथा संगठित क्षेत्रका कर्मचारीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा सहभागी गर्ने, सामाजिक स्वास्थ्य सुरक्षासँग सम्बन्धित कार्यक्रहरुमा दोहोरोपना हटाउन सम्बन्धित निकायसँग समन्वय गरी एकद्वार प्रणालीबाट सेवा प्रवाहको व्यवस्था मिलाउने, पालिका हरुको समन्वयमा सबै नागरिकलाई स्वास्थ्य विमा कार्यक्रममा समेट्ने, बीमितहरुको निरन्तरता कायम गर्न नवीकरण प्रक्रियालाई अभियानका रुपमा सञ्चालन गर्ने, बीमाबाट प्राप्त हुने सुविधाको थैली र सेवाका दररेटलाई समयसापेक्ष परिमार्जन गर्दै जानुपर्दछ। बीमा शुल्कमा समयानुकूल परिमार्जन गर्ने, सोधभर्ना भुक्तानी कार्यमा सरलीकरण गर्ने, दाबी परीक्षणलाई वस्तुपरक र त्रुटी रहित बनाउदै लैजाने, सूचना प्रणालीमा देखिएका कमिकमजोरी सुधार गदै लैजाने, लगायतका सुधारहरु गर्नुपर्दछ।

स्वास्थ्य बीमा ऐन,२०७४ अनुसार कोषको स्थापना भएपनि कोषमा संकलित रकमको तुलनामा बीमा दाबी उच्च रहने गरेकोले कोषमा आम्दानी र खर्च वीच असन्तुलन रहेको देखिन्छ। सरकारको अनुदान माथिको निर्भरता घटाउन आयका स्रोतमा विविधीकरण गर्न आवश्यकता देखिन्छ। लक्षित समूहको बीमा वापतको प्रिमियम रकम सरकारबाट प्राप्त गर्ने, दर्ता अधिकारी,दर्ता सहयोगी र बिमा बोर्डका कर्मचारीको क्षमता अभिवृद्धि गर्न बीमा सम्वन्धी तालिम गोष्ठी सञ्चालन गर्नुपर्ने देखिन्छ। कार्यक्रम लागु भएका जिल्लामा सबै नागरिक समक्ष पुग्ने वातावरण तयार गर्नको लागि बोर्डले प्रभावकारी प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नु पर्दछ। सूचना प्रविधिको उच्चतम प्रयोगलाई प्रवर्द्धन गर्न बोर्डले हाल सञ्चालनमा ल्याएको स्वास्थ्य बीमा व्यवस्थापन सूचना प्रणालीमा समय अनुकूल परीमार्जन गर्दै सुरक्षित र भरपर्दो तवरले सञ्चालन गर्नु पर्दछ।

स्वास्थ्य बीमा कार्यक्रमको विस्तार र प्रभावकारिताले उपचारबाट बञ्चित हुनु परेका स्रोत विहीन गरिब विपन्न नागरिकले उपचार सुविधा लिन पाउने मात्र हैन समग्र स्वास्थ्य सेवा प्रणालीलाई स्थानीय

स्तरदेखि नै मजबुत र दिगो बनाउने एउटा रुपान्तरणकारी आयोजना(Game Changer) बनाउन सकिन्छ। स्वास्थ्य क्षेत्रमा राज्यले गरेको लगानीलाई आम नागरिकले प्रत्यक्ष लाभ लिने गरी उपयोग गर्न, प्राथमिक स्वास्थ्य केन्द्रहरुको स्तरोन्नती गदै सामान्य उपचारको लागि समेत प्रेषण लिनुपर्ने अवस्थाको अन्त्य गर्न, स्वास्थ्य उपचारमा जनताको व्यक्तिगत खर्च घटाउन र उपचार खर्चकै कारण गरिबीको दुष्चक्रमा पर्न सक्ने अवस्थाको अन्त्य गर्न समेत स्वास्थ्य बीमा कार्यक्रममा सम्पूर्ण जनतालाई आवद्ध गरी यसको स्थायीत्व र प्रभावकारी कार्यान्वयनमा राज्यले ध्यान दिनुपर्ने देखिन्छ।

सुझाबः

३०. **अल्पलकालमा गर्नुपर्ने सुधारका क्षेत्रहरु -**

- बोर्डको सेवा प्रवाह प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्वेक्षण तत्काल स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ,
- बोर्डको प्रदेश तथा जिल्ला स्तरमा स्थायी संरचना र दरबन्दी कायम गरी आर्थिक अधिकार प्रदान गरेर सम्बन्धित कार्यालयलाई आफ्नो काम कारवाही प्रति जिम्मेवार र जवाफदेही बनाउने,
- दर्ता अधिकारी तथा दर्ता सहयोगीको तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरी स्वास्थ्य बीमामा जनसहभागिता बढाउनु पर्ने,
- वार्षिक नीति तथा कार्यक्रम र आवधिक योजनाको लक्ष्य अनुरुप बीमामा सहभागिता बढाउन प्रचारात्मक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने,
- जनसंख्याको तुलनामा स्वास्थ्य बीमामा सहभागिता दर अति न्युन देखिएका प्रदेशहरुमा बिशेष अभियान सञ्चालन गरी सहभागिता दर बढाउनु पर्ने,
- बीमित नवीकरणमा रहेको न्युनता, ठुलो जनसंख्या स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध नभएको सन्दर्भमा बोर्डले सचेतना तथा प्रचार प्रसारलाई नतिजामुखि र व्यापक बनाउने कार्य गर्नुपर्ने देखिन्छ,
- स्वास्थ्य बीमामा संलग्न लक्षित परिवार तथा नागरिकको पहिचान खुल्ने परिचयपत्र अनिवार्य रुपमा स्वास्थ्य बीमा व्यवस्थापन सूचना प्रणाली (EMIS) मा राख्ने,
- आवद्ध लक्षित परिवारका आधारमा निर्धारण भएको प्रिमियम रकम सम्बन्धित निकायबाट सोधभर्ना लिनेतर्फ पहल गर्ने,
- बीमा साइकलमा तत्काल परिवर्तन गरी अवधि घटाउन र कम्तिमा ६ साईकल कायम गर्नु उपयुक्त हुने,
- बीमितहरुबाट सङ्कलन भएको बीमा शुल्क समयमा दाखिला नगर्ने दर्ता अधिकारीलाई जिम्मेवार बनाई कारवाई गर्नुपर्ने,
- रिक्त दर्ता अधिकारीको समयमै पदपूर्ति गरी दर्ता अधिकारी र दर्ता सहयोगीलाई तालिम तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,
- दाबी परीक्षण गर्दा देखिएका त्रुटीको आधारमा नमुना छनोटको दायरा विस्तार गरी दाबी परीक्षण र भुक्तानीलाई त्रुटीरहीत बनाउन जोड दिने,
- बीमा नम्बर प्रविष्ट गर्ना साथ परिचयपत्र Auto Generated हुने व्यवस्था गर्न,

३१. **दीर्घकालमा गर्नुपर्ने सुधारका क्षेत्रहरु -**

- स्वास्थ्य बीमा कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन अल्पकालीन तथा दिर्घकालीन कार्यक्रम सहित रणनीतिक योजना तयार गरी लागु गर्नुपर्ने,

- Standard Operating Procedure (SOP), खरिद नियमावली, शोधभर्ना भुक्तानी व्यवस्थापन, स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि, स्वास्थ्यसेवा प्रदायक संस्था छनौटसम्बन्धी तथा भुक्तानीसम्बन्धी कार्यविधि लगायतका आवश्यक कार्यविधि तयारी गरी लागु गर्ने,
- कार्यक्रमको दीगो पना, स्थायित्व र निरन्तरताको लागि बीमितको दायरा विस्तार सँगै बीमा शुल्कमा पुनरावलोकन, सह-भुक्तानी माध्यमबाट स्रोतको विविधीकरणमा ध्यान दिनुपर्ने,
- राष्ट्रसेवक, संगठित संस्था लगायतका कर्मचारीहरुलाई कानुनमा व्यवस्था भए अनुसारको योगदानका आधारमा स्वास्थ्य बीमामा आवद्ध गराउन तीनै तहका सरकार सँग समन्वय गर्ने,
- कामदार तथा निजी प्रतिष्ठान स्तरका कर्मचारीलाई स्वास्थ्य बीमामा आवद्ध गराउन समाजिक सुरक्षा कोषसँग समन्वय गरी सेवा एकीकृत हुनेगरी समन्वय गर्ने,
- सुविधा थैली र सोको दररेटलाई बजारसँग तालमेल हुनेगरी निरन्तर अद्यावधिक गर्ने,
- लक्षित समूहको लागि विभिन्न निकायबाट संचालित स्वास्थ्यसम्बन्धी सेवा सुविधाहरुलाई एकद्वार प्रणालीबाट सञ्चालन गर्नेगरी नीतिगत सुधार र समन्वय गर्ने,
- लक्षित समूहको बीमा योजना ईमिस प्रणालीबाट स्वत: नवीकरण हुने प्रक्रियामा सुधार गरी परिवार सदस्य संख्या र अवस्था यकिन गरेर मात्र नवीकरण हुने व्यवस्था मिलाउने,
- कुनै बीमितको मृत्युपछि बीमा पोलिसी स्वत: निस्कृय हुने गरी पञ्जीकरण विभाग सँग समन्वय गरी सूचना प्रणालीमा अन्तरआबद्धता कायम गर्ने,
- बीमामा महिला सहभागिता उच्च देखिएकोले सुविधा थैलीमा महिला लक्षित प्याकेजहरु समावेश गरी सेवालाई लैङ्गिक मैत्री बनाउने,
- विभिन्न आठ प्रकारका कडा रोगको उपचारमा विपन्न नागरिकालाई दिईने सुविधालाई स्वास्थ्य बीमा कार्यक्रममै आवद्ध गरी एकद्वार प्रणाली अपनाउने,
- प्रथम सेवा विन्दुको सम्मको पहुँच र सुगमता, बीमामा आवद्ध जनसंख्या र भौगोलिक विषमतालाई समेत ध्यान दिई सेवा प्रदायकको संख्या कम भएका क्षेत्रमा नयाँ सेवा प्रदायकको बिस्तार गर्ने,
- स्वास्थ्य बीमासम्बन्धी उपचार सेवा प्रवाह गर्ने अस्पताल सुचीकृत नभएका पालिकामा रहेका आधारभूत अस्पतालहरुलाई प्रथम सेवा विन्दु कायम गर्नेगरी सेवा प्रदायकहरुको सूची विस्तार गर्ने,
- दाबी परीक्षणकार्य प्रविधिमा आधारित र त्रुटीरहित बनाउन रियल टाइम क्लेम गर्ने गरी प्रणालीलाई अध्यावधिक गर्ने,
- अप्रमाणित र झुट्टा दाबी गर्ने सेवा प्रदायकको सम्बन्धमा छानबिन गरी कारवाहीको दायरामा ल्याउन निरन्तर पुनरावलोकन तथा दाबी समिक्षा मूल्याङ्कन गर्न स्थायी सयन्त्र तयार गर्नुपर्ने,
- निरन्तर वढदै गएको दाबी संख्या र न्यून जनशक्तिलाई ध्यान दिँदै समयमै शोधभर्ना रकम पठाउन आन्तरिक नियन्त्रण प्रणाली र प्रविधिको प्रयोगबाट स्वचालित र स्वनियन्त्रित दाबी परीक्षण प्रणाली तयार गर्ने,
- बोर्डले प्रयोग गरेको सूचना प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउन प्रणालीको भल्नरेविलिटी र पेनिट्रेशन परीक्षण नियमित रुपमा गर्ने र सूचना प्रविधि लेखापरीक्षण गराउनुपर्ने।

वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति

परिच्छेद-१

परिचय

१. **पृष्ठभूमि** - विगत लामो समयदेखि नै नेपालीहरु भारत र अन्य केही मुलुकमा वैदेशिक रोजगारीका लागि जाने गरेता पनि नेपालले अपनाएको खुल्ला अर्थव्यवस्था, विश्वव्यापीकरण र उदारीकरणको नीतिका कारण वि.सं २०५० सालपछि नेपालीहरु वैदेशिक रोजगारीमा जाने प्रवृति बढेको हो। नेपालको कुल गार्हस्थ्य उत्पादन, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारी र राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक रोजगारीको महत्वपूर्ण योगदान छ। नेपालमा प्रत्येक वर्ष करिव ५ लाख उत्पादनशील युवाहरु श्रम बजारमा प्रवेश गर्ने अनुमान छ। यसरी प्रवेश गर्ने श्रमशक्तिलाई रोजगारी प्रदान गर्न नेपालको श्रम बजार पर्याप्त छैन। राष्ट्रिय तथ्याङ्क कार्यालयको २०७६ को प्रतिवेदन अनुसार नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत रहेको छ। न्युन आर्थिक वृद्धि, भौगोलिक जटिलता, सीमित उब्जाउयोग्य भूमि, सीपविहिन जनशक्ति, कमजोर संरचनात्मक आर्थिक प्रणाली, सीमित रोजगारीका अवसरहरु, देशभित्रको रोजगारीबाट प्राप्त हुने न्युन सीमान्त आय जस्ता कारणले वैदेशिक रोजगारीतर्फ आकर्षण बढेको देखिन्छ। नेपालले वैदेशिक रोजगारीका लागि संस्थागतरुपमा १११ देशमा कामदार पठाउने गरेको छ। आर्थिक सर्वेक्षण २०७९/८० अनुसार मलेसिया, कतार, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्स जस्ता देश वैदेशिक रोजगारीको प्रमुख गन्तव्यको रुपमा रहेका र २०७९ फागुन मसान्तसम्म ५५ लाख २६ हजारले श्रम स्वीकृति लिएका छन। आर्थिक वर्ष २०७५/७६ मा २ लाख ३६ हजार, आर्थिक वर्ष २०७६।७७ मा ३ लाख ६८ हजार, आर्थिक वर्ष २०७७/७८ मा १ लाख ६६ हजार, आर्थिक वर्ष २०७८/७९ मा ६ लाख ३० हजार र आर्थिक वर्ष २०७९/८० मा ७ लाख ७१ हजारले श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएकोमा आर्थिक वर्ष २०७६/७७ मा रु.८ खर्व ७५ अर्व २७ करोड, आर्थिक वर्ष २०७७।७८ मा रु.९ खर्व ६१ अर्व ५४ करोड, आर्थिक वर्ष २०७८।७९ मा रु.१० खर्ब ७ अर्ब ३० करोड र आर्थिक वर्ष २०७९।८० मा रु.१२ खर्ब २० अर्ब ५६ करोड विप्रेषणबाट वैदेशिक मुद्रा आर्जन भएको देखिन्छ।

२. **नीतिगत व्यवस्था** - वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकलाई प्रदान गरिने सेवा सम्बन्धमा भएका नीतिगत व्यवस्था देहाय बमोजिम छन:

- नेपालको संविधान को धारा ५१ मा वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र व्यवस्थित गर्न तथा श्रमिकको रोजगारी र अधिकारको प्रत्याभूति गर्न यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने उल्लेख छ।
- वैदेशिक रोजगार नीति, २०६८ मा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई नेपाली दूतावास तथा नियोगबाट हुने सेवा प्रवाह सम्बन्धमा देहाय बमोजिम हुने उल्लेख छ।
  - वैदेशिक रोजगारलाई प्रर्वद्धन तथा व्यवस्थित गर्न नेपाली नियोगहरुको साधन, स्रोत र क्षमता विकास गरी आर्थिक कूटनीतिको माध्यमद्वारा नियोगहरुलाई परिचालन गरिने, यसका लागि नेपाली दूतावासको सशक्तीकरण, श्रम सहचारीको क्षमता अभिवृद्धि तथा प्रवासी नेपाली संघ संस्थाहरुलाई नेपाली कामदारको हकहित सम्बर्द्धनमा परिचालन गरिने।

- आप्रवासी नेपाली कामदारहरु भएको मुलुकहरुमा आवश्यकता अनुसार कूटनीतिक नियोगहरुको विस्तार तथा श्रम सहचारी तथा कल्याणकारी अधिकृतहरुको व्यवस्था गरिने।
- वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव ओसारपसार, बेचबिखन तथा तस्करीलाई रोकथाम गर्नका लागि श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी, गैर सरकारी स्तरमा कार्यरत विभिन्न सरोकारवालाहरुको अन्तरमुलुक सञ्जालहरु मार्फत समन्वयात्मक कार्यहरु सञ्चालन गरिने ।
- एक हजारभन्दा बढी नेपाली महिला कामदार रहेको मुलुकहरुमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको व्यवस्था गरिने।
- गन्तव्य मुलुकहरुमा कार्यस्थलहरुको अनुगमन गरी काम गर्ने वातावरण र करारबमोजिम सुविधा पाए नपाएको अनुगमन गर्ने व्यवस्था मिलाइने।
- विभिन्न मुलुकहरुका कार्यस्थल र कूटनीतिक नियोग वा स्रोत केन्द्रहरुबीच हटलाईन सेवाहरुको स्थापना र विस्तार गरिने।
- गन्तव्य मुलुकहरुको विमानस्थलमा श्रम डेस्कको स्थापनाको लागि कूटनीतिक प्रयास गरिने।
- वैदेशिक रोजगार कल्याणकारी कोषको प्रयोग गरी कूटनीतिक नियोगहरु मार्फत कठिन परिस्थितिमा रहेका कामदारहरुलाई कानुनी सहयोग, अत्यावश्यक स्वास्थ्य सेवा एवं उद्धारको कार्यलाई प्रभावकारी बनाइने ।
- अलेखबद्धको अवस्थामा रहेका नेपाली कामदारहरुलाई गन्तव्य मुलुकमा नै लेखबद्ध गराउने र श्रम स्वीकृतिको नवीकरण गर्ने प्रणाली विकास गरिने। साथै यस्ता कामदारलाई आपतकालीन उद्धार तथा सहयोगको संयन्त्र विकास गरिने।
- गन्तव्य मुलुकमा आपतकालीन आश्रयका लागि सुरक्षित गृहहरुको निर्माण गरिने।
- वैदेशिक रोजगारसम्बन्धी कामको सिलसिलामा विभिन्न देशका कारागारहरुमा रहेका नेपालीहरुलाई स्वदेशका कारागारमा बाँकी सजाय काट्ने गरी स्थानान्तरणका लागि सम्झौता गरिने।
- गन्तव्य मुलुकमा नेपाली कामदारको सुरक्षा र संरक्षणका लागि नेपाली नियोगहरु सुदृढ गरी श्रम सहचारीहरुलाई प्रभावकारी रुपमा परिचालन गरिने ।

➢ पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) मा श्रम तथा रोजगारको कार्यनीतिमा देहाय बमोजिम उल्लेख छः

- प्रमुख गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता गर्नुका साथै विदेशमा रहेका नेपाली श्रमिकहरुको हक हितको संरक्षण र सामाजिक सुरक्षाका लागि श्रम कूटनीति अवलम्बन गरिने।
- गन्तव्य मुलुकमा कामदारको हक हितको संरक्षण, प्रवर्धन र उद्धारका लागि त्यहाँ रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली संघ-संगठन र प्रतिष्ठित रोजगारदाता कम्पनीसँग प्रभावकारी समन्वय कायम गरिने।

➢ वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा वैदेशिक रोजगार सम्बन्धमा देहाय बमोजिम उल्लेख छः

आर्थिक वर्ष २०७९।८० (बुँदा नं १३२ र १३३)

- वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित तथा मर्यादित बनाइने।
- वैदेशिक रोजगारको नयाँ आकर्षक गन्तव्य मुलुकहरुको पहिचान गरी विद्यमान श्रम सम्झौताको प्रभावकारीता अध्ययन तथा पुनरावलोकन गरिने।
- वैदेशिक रोजगारमा रहेका नेपाली नागरिक तथा निजहरुको परिवारलाई प्रदान गरिने राहत, उद्धार तथा अन्य कल्याणकारी सेवा अनलाईन प्रणालीबाट प्रवाह गर्ने व्यवस्था मिलाइने।
- वैदेशिक रोजगारीमा गएका व्यक्तिहरुलाई टेलिमेडिसिन सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाइने।

आर्थिक वर्ष २०७८/७९ (बुँदा नं ७२)

- वैदेशिक रोजगारबाट फर्केका युवाहरुको सीप विकास गरी क्षमता अभिवृद्धि गर्न हस्तकला, प्लम्बिङ, बिजुली मर्मत, इलेक्ट्रोनिक्स, कुक, कालीगढ, डकर्मी जस्ता सीप विकास तालिम प्रदान गरिने।

आर्थिक वर्ष २०७७/७८ (बुँदा नं ६१ र ७०)

- कोभिड १९ का कारण स्वदेश र विदेशमा रहेका नागरिक समेतको रोजगारीमा असर परेको तथ्यलाई मनन गरी देशभित्र काम र रोजगारीका थप अवसरहरु सिर्जना गरिने।
- वैदेशिक रोजगार बाट फर्केकालाई पारिश्रमिक सहितको जनसहभागितामूलक र प्रविधि सहितको श्रममूलक विकास निर्माणमा परिचालन गर्ने।
- कोरोनाका कारण विदेशी कामदारहरु स्वदेश फर्किएपछि सिर्जना भएको रोजगारीको अवसर नेपालीले पाउने गरी सीप विकास, तालिम र प्रविधिमा पहुँच पुऱ्याउने।
- वैदेशिक रोजगार प्रवर्द्धन कोषलाई वैदेशिक रोजगारमा गएका श्रमिकको कल्याणका अतिरिक्त रोजगारी पुनः स्थापना गर्ने कार्यक्रममा समेत उपयोग गरिने।
- वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र अनुभव तथा रुचीको अभिलेख बनाई देशभित्र सिर्जना हुने कामका अवसरहरुमा जोडने।

३. **कानुनी व्यवस्था** — वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि प्रदान गरिने सेवा सम्बन्धमा भएका कानुनी व्यवस्था देहाय बमोजिम छन्।

➢ **वैदेशिक रोजगार ऐनः** वैदेशिक रोजगारीमा जाने श्रमिकको लागि प्रदान गरिने सेवा प्रवाह सम्बन्धमा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६८ मा नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी नियुक्त गर्ने र श्रम सहचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख छः

- नेपाली कामदार रहेका मुलुकको श्रम तथा रोजगारको स्थिति, अध्यागमनसम्बन्धी तथ्यगत जानकारी त्यस देशले श्रम, अन्तर्राष्ट्रिय मानव अधिकार र कामदारको हित संरक्षणार्थ चालेका कदम बारे नेपाल सरकारलाई जानकारी गराउने।
- कामदार, रोजगारदाता संस्था वा इजाजतपत्रवालाबीच कुनै विवाद उत्पन्न भएमा समस्या समाधान गर्न सहयोग गर्ने।
- वैदेशिक रोजगारको क्रममा अलपत्र अवस्थामा परेका कामदारलाई स्वदेश फिर्ता गर्न गराउन आवश्यक व्यवस्था गर्ने।
- वैदेशिक रोजगारको क्रममा लैङ्गिक हिंसाबाट पीडित कामदारलाई तत्काल उद्धार गरी आवश्यकतानुसार सम्बन्धित मुलुकको कानुनबमोजिम कानुनी उपचार प्राप्त गर्न कारवाही चलाउने र अवस्था अनुसार पीडितलाई सम्बन्धित वैदेशिक रोजगार व्यवसायी मार्फत नेपाल फर्काउने व्यवस्था गर्ने।
- सम्बन्धित देशमा नेपाली कामदारको सीप अनुसारको काम उपलब्ध हुने भएमा सोसम्बन्धी जानकारी नेपाल सरकारलाई उपलब्ध गराउने।
- प्राकृतिक विपत्तिमा परेका वा कुनै कारणवश मृत्यु भएका कामदारको मृत शरीर सम्बन्धित मुलुक वा रोजगारदाता संस्थाको सहयोगमा स्वदेश फिर्ता पठाउन पहल गर्ने।
- नेपालबाट कामदार आपूर्ति गर्नका लागि सरकारी स्तरमा द्विपक्षीय सम्झौता गर्न प्रयास गर्ने।
- कामदारलाई आवश्यक परामर्श प्रदान गर्ने र निजलाई सम्झौतामा उल्लिखित कार्य बाहेक अन्य कार्य गर्न निरुत्साहित गर्ने।
- कामदारको लागि असर पार्न सक्ने क्रियाकलापको सुपरीवेक्षण गर्ने र
- नेपाल सरकारले समय-समयमा तोकेको अन्य कार्य गर्ने।

➢ **वैदेशिक रोजगार नियमावली,२०६४:** कामदार पठाउने संस्थाको छनौट तथा ईजाजत प्रदान गर्ने, कामदारको बीमा, अभिमुखीकरण तालिम, शव व्यवस्थापन, वैदेशिक रोजगार बोर्डको काम कर्तव्य लगायतका विषय यस नियमावलीमा व्यवस्था गरिएको छ।

४. **निकायगत व्यवस्था** - वैदेशिक रोजगारीमा जाने श्रमिकको दूतावास तथा नियोगबाट प्रदान गरिने सेवा प्रवाहमा प्रत्यक्ष रुपमा नियोग तथा दूतावासको भूमिका रहने भए पनि यसमा अप्रत्यक्ष रुपमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार प्रवर्धन बोर्डको महत्वपूर्ण भूमिका रहेको छ। वैदेशिक रोजगारसम्बन्धी नीति तर्जुमा गर्ने, ऐन, नियम, निर्देशिका, कार्यविधि लगायतका कानुनी व्यवस्था गर्ने, दूतावासमा सहचारी खटाउने, श्रमिकहरुका समस्या समाधानको लागि अनुगमन गर्ने लगायतका काम श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट हुने गरेको छ। दूतावास तथा नियोगको तालुक निकायको रुपमा परराष्ट्र मन्त्रालय रहेको छ। नियोगको संगठन संरचना तयार गरी स्वीकृतको लागि पेश गर्ने, कर्मचारी व्यवस्था गर्ने, नियोगलाई आवश्यक बजेट व्यवस्था गर्ने, दूतावास तथा नियोगबाट हुने काम कारवाहीको अनुगमन गर्ने जिम्मेवारी परराष्ट्र मन्त्रालयमा रहेको छ।

वैदेशिक रोजगार ऐन,२०६४ को दफा ३२ बमोजिम वैदेशिक रोजगारमा गएका तथा वैदेशिक रोजगारबाट फर्की आएका तथा निजको परिवारको सामाजिक सुरक्षा तथा कल्याणको लागि

वैदेशिक रोजगार कल्याणकारी कोष स्थापना भएको छ। उक्त कोषको सञ्चालनको जिम्मेवारी वैदेशिक रोजगार बोर्डमा रहेको छ ।श्रमिकलाई वैदेशिक रोजगारमा पठाउने सेवा प्रदायक कम्पनीलाई इजाजत दिने, स्वदेश फर्केका श्रमिकको उजुरी तथा गुनासो सुनुवाई गर्ने कार्य वैदेशिक रोजगार विभागले गर्दछ। वैदेशिक रोजगारीमा रहेका श्रमिकको स्थलगत रुपमा सेवा प्रवाहको जिम्मेवारी दूतावास तथा नियोगको रहेको छ। हाल मलेसिया, दक्षिण कोरिया, साउदी अरेबिया, कुवेत, ओमान, कतार, संयुक्त अरब इमिरेटस् समेत ८ देशमा रहेका नेपाली दूतावासमा श्रम सहचारी/श्रम काउन्सेलरको दरबन्दी रहेको छ।

५. **संगठन संरचना र जनशक्ति** - नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार विदेशमा रहेका नेपाली नागरिकको अभिलेख तथा तिनीहरुको हक, हित, उद्धार र संरक्षणको जिम्मेवारी परराष्ट्र मन्त्रालयको रहेको छ। परराष्ट्र मन्त्रालयले उक्त काम मन्त्रालय मातहतका सम्बन्धित मुलुकमा रहेका नेपाली दूतावास तथा नियोग मार्फत गर्दै आएको छ। श्रम सहचारी नियुक्त भएका देशमा श्रमिकको सेवा प्रवाहको जिम्मेवारी श्रम सहचारीमा रहेको छ। परराष्ट्र मन्त्रालय अन्तर्गत हाल विभिन्न मुलुकमा नेपाली दूतावास, नियोग तथा वाणिज्य दूतावास रहेका छन्। नेपाली दूतावासको नेतृत्व परराष्ट्र सेवाका कर्मचारीबाट हुने गरेको छ भने वाणिज्य दूतावासको नेतृत्व प्रशासन सेवाका कर्मचारीबाट हुने गरेको छ। मलेसिया, दक्षिण कोरिया, साउदी अरेबिया, ओमान, कतार, र संयुक्त अरब ईमिरेट्स, बहराइन र कुवेतमा रहेका दूतावासमा प्रशासन सेवाका अधिकृतलाई श्रम सहचारी/श्रम काउन्सेलरको रुपमा नियुक्त गरिएको छ।

६. **विषय छनौटको औचित्य** - नेपालमा रोजगारीका अवसरको कमीका कारण अधिकांश नेपाली श्रमिकहरु वैदेशिक रोजगारीको खोजिमा विदेश गएका छन। साउदी अरेबिया, मलेसिया, कतार, संयुक्त अरब ईमिरेट्स लगायतका खाडी मुलुकमा नेपाली कामदार बढी रहेका छन। रोजगारीको क्रममा कामदारहरु ठगिएको, कारागार जीवन व्यतित गर्नु परेको, सम्झौता अनुरुपको काम र तलब नपाएको, विभिन्न कारणले रोजगारीकै क्रममा मृत्यु भएको जस्ता कारणले गर्दा खाडी लगायतका अन्य मुलुकमा रोजगारीको क्रममा रहेका नेपाली श्रमिकको अवस्थाको विषयमा चासो बढ्दै गएको छ। यस अवस्थामा श्रमिकको अवस्था र उनीहरुले भोगेका समस्याको सम्बन्धमा साउदी अरेबिया स्थित नेपाली राजदूतावास र महावाणिज्य दूतावास, मलेसिया स्थित राजदूतावासमा स्थलगत भ्रमण गरी तथा युनाईटेड अरब ईमिरेट्समा प्रश्नावलीबाट विवरण सङ्कलन गरी दूतावासबाट प्रदान गरिएका सेवाहरुको अध्ययन गरी सुझाव पेश गर्न यो विषय छनौट गरिएको छ।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र तथा पद्दति

७. **लेखापरीक्षणको उद्देश्य** - वैदेशिक रोजगारी सम्बन्धमा भएका कानुनी तथा नीतिगत व्यवस्था, संस्थागत व्यवस्था एवं कार्यगत व्यवस्था बारे देहायका विषयको परीक्षण तथा विश्लेषण गरी सुधारका पक्षका बारे सुझाव दिनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

- वैदेशिक रोजगारीमा गएका श्रमिकलाई नेपाली दूतावास तथा नियोगबाट प्रदान गरिने सेवा प्रवाहसँग सम्न्धीत नीतिगत तथा कानुनी व्यवस्थाको कार्यान्वयन अवस्था।
- विदेशस्थित नेपाली दूतावास तथा नियोगमा प्रभावकारी सेवा प्रवाह गर्न भएको संगठनात्मक संरचना तथा भौतिक पूर्वाधार र मानव संशाधनको पर्याप्तता र जनशक्तिको अवस्था।
- प्रवाहित सेवाको पर्याप्तता र प्रभावकारीता।

८. **लेखापरीक्षणको क्षेत्र** - विदेशस्थित नेपाली राजदूतावास र नियोगबाट वैदेशिक रोजगारीमा रहेका श्रमिकलाई प्रवाह हुने सेवासँग सम्बन्धित नीति तथा कानुनहरु, मागपत्र प्रमाणीकरण, राहदानी नवीकरण, राहत तथा क्षतिपूर्ती सिफारिस, उजुरी तथा गुनासो सुनुवाई, भौतिक पूर्वाधार, बजेट व्यवस्था लगायतलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। साथै नीति, योजना तथा कानुन कार्यान्वयन र अनुगमनको सन्दर्भमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड लगायतका निकायको क्रियाकलाप तथा प्रतिवेदनसम्बन्धी विषयवस्तु लेखापरीक्षणको क्षेत्र रहेको छ। वार्षिक लेखापरीक्षण योजनामा उल्लेख भएअनुसार स्थलगत रुपमा लेखापरीक्षण गरिने मलेसिया तथा साउदी अरेबिया स्थित नेपाली राजदूतावास र महावाणिज्य दूतावासको सेवा प्रवाह लेखापरीक्षणको क्षेत्र रहेको छ भने संयुक्त अरब ईमिरेट्समा रहेको दूतावासबाट प्रश्नावली मार्फत प्राप्त विवरण र तालुक लगायत अन्य सम्बन्धित निकायबाट प्राप्त विवरण समेत लेखापरीक्षणको क्षेत्र रहको छ। लेखापरीक्षणको क्रममा प्राप्त भए सम्म आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्मको तथ्याङ्क र विवरण समावेश गरिएको छ।

९. **लेखापरीक्षण पद्धति तथा आधार** - लेखापरीक्षण कार्यमा लेखापरीक्षण मानदण्ड,२०७७, लेखापरीक्षण समीक्षा पत्र, लेखापरीक्षण योजना, महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण निर्देशिका २०७९, छलफल, प्रश्नावली, प्राथमिक तथा द्वितीय स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन, लेखापरीक्षण प्रतिवेदन र पृष्ठपोषणको चरण रहेको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षण विधि अवलम्बन गरिएको छ। लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण आदि विधि अवलम्वन गरिएको छ। समग्रमा प्रक्रियामूलक र नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्थामा उल्लेख भएका विषयहरुलाई लिइएको छ।लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापनसँग छलफल गरी वहाँहरुको टिप्पणी वा विचारलाई समेत ख्यालगरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ।

१०. **लेखापरीक्षण सीमितता** - लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, लेखापरीक्षण गरिने निकायबाट लेखापरीक्षणार्थ उपलब्ध हुने विवरण, तथ्याङ्क, सूचनाको सीमित उपलब्धता, लेखापरीक्षण कार्यमा संलग्न जनशक्तिको ज्ञान, सीप र अनुभवको सीमितता, आन्तरिक नियन्त्रण व्यवस्थाको अन्तरनिहित सीमा, सेवा प्रवाहमा संलग्न निकायको भौगोलिक दूरी र सेवा प्रवाहको जटिलताको कारण सूचना तथा विवरण प्राप्तिमा कठिनाई आदि लेखापरीक्षणका सीमितता रहेका छन्। यस लेखापरीक्षणको लागि तथ्याङ्कको उपलब्धताको आधारमा ३ देखि ५ वर्षको तथ्यांक भिडान तथा विश्लेषण गरी निष्कर्षमा पुग्ने कोशिस गरिएको छ। यसबाट आएको परिणामलाई सामान्यीकरण गरिदा सबै कुरा नसमेटिएको अवस्था हुन सक्छ।

परिच्छेद -३
लेखापरीक्षणबाट देखिएका बेहोरा

वैदेशिक रोजगारीमा जाने श्रमिकलाई दूतावास तथा नियोगबाट प्रदान गरिने सेवा प्रवाहमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभाग, वैदेशिक रोजगार बोर्ड, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभाग, विदेश स्थित दूतावासको भूमिका हुने गरेको भए पनि विदेश स्थित श्रमिकलाई प्रवाह हुने सेवामा सम्बन्धित मुलुकमा रहेका नेपाली दूतावास तथा नियोगहरुको प्रत्यक्ष भूमिका रहेको छ। हाल उल्लेख्य नेपाली श्रमिक कार्यरत विदेशी मुलुकमा नेपाली दूतावास तथा नियोगको स्थापना भई श्रम सहचारीको समेत दरबन्दी सिर्जना गरिएको छ। श्रमिकको माग प्रमाणीकरण, उजुरी तथा गुनासो सुनुवाई, राहत उद्धार, मृतक श्रमिकको शव व्यवस्थापन, सुरक्षित गृह सञ्चालन, राहदानी नवीकरण, पुनः प्रवेश गर्नेलाई श्रम स्वीकृति, यात्रा अनुमतिपत्र जारी, नाता प्रमाणित, जन्म दर्ता लगायतका सेवा प्रवाह, स्थलगत घुम्ती सेवा सञ्चालन, अलपत्र परेकालाई स्वदेश फिर्ता गर्न सहजिकरण गर्नु लगायतका कार्य नेपाली दूतावास तथा नियोगबाट नेपाली श्रमिकलाई गरिने सेवाका सकारात्मक पक्ष देखिएका छन्। आर्थिक वर्ष २०७९।८० मा रु.१२ खर्ब २० अर्ब ५६ करोड विप्रेषणबाट वैदेशिक मुद्रा आर्जन भएको छ। त्यस्तै नेपाली श्रमिकले सामना गरिरहेका समस्या, नयाँ दूतावासको स्थापना, थप श्रम सहचारीको व्यवस्था आदि सम्बन्धमा प्रधानमन्त्री स्तर समेतबाट समेत समय समयमा सम्बन्धित सबै पक्षहरुसँग अन्तर्क्रिया तथा छलफल गरी समस्या समाधानको लागि निर्देशन दिने काम भएको छ। यद्यपी यसमा सुधार गर्नु पर्ने देखिएका व्यहोरा देहाय बमोजिम छन्।

११. **गन्तव्य मुलुक र संख्या** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी वैदेशिक रोजगार व्यवसाय गर्न पाउने मुलुक तोक्न सक्ने उल्लेख छ। नेपालले १११ मुलुकमा संस्थागत रुपमा वैदेशिक रोजगारीमा जान अनुमति दिने गरेको छ। व्यक्तिगत रुपमा रोजगारीमा जान खुल्ला गरिएका मुलुकको संख्या १७८ रहेको छ। वैदेशिक रोजगार विभागको अभिलेख अनुसार औपचारिक रुपमा २०५१।५२ देखि नेपालबाट वैदेशिक रोजगारीको लागि श्रमिक जाने गरेको देखिन्छ। विभागको प्रतिवेदन अनुसार विगत ५ वर्षको वैदेशिक रोजगारीको स्थिति देहाय बमोजिम छ।

आर्थिक वर्ष	संस्था मार्फत	व्यक्तिगत रुपमा	जि टु जि	पुनःप्रवेश	पुनःप्रवेश बाहेक जम्मा	पुनःप्रवेश सहित जम्मा	वृद्धि प्रतिशत
२०७५।७६	२०८३५१	९१०३	१८३३८	२७२६१७	२३६२११	५०८८२८	
२०७६।७७	१७२२६६	९६७३	८५१४	१७७९८०	१९०४५३	३६८४३३	२७.५९
२०७७।७८	६१४२८	५३१७	५३३६	९४६१७	७२०८१	१६६६९८	५४.७५
२०७८।७९	३१२४१६	२६७४०	९७१२	२८१२२२	३४८८६८	६३००९०	२७७.६८
२०७९।८०	४०३६४१	६९१७७	२१४०६	२७७१०३	४९४२२४	७७१३२७	२२.४१

आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ मा कोरोना महामारीको कारण वैदेशिक रोजगारीमा जानेको संख्यामा कमी आएको भएतापनि कोरोना महामारीको समाप्ति पश्चात पछिल्ला २ वर्षमा रोजगारीमा जानेको संख्यामा पुनः वृद्धि भएको छ। गत ५ वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्यामा ५१.५७ प्रतिशतले वृद्धि भएको छ। एक पटक विदेश गई बिदा वा सम्झौता अवधि पुरा गरी पुनःव्यक्तिगत रुपमा जाने कामदारलाई विभागले पुनःप्रवेश भनी वर्गीकरण गरेको छ।

- वैदेशिक रोजगारीको लागि संस्थागततर्फ १११ र व्यक्तिगतर्फ १७८ मुलुक खुला गरिएको भए तापनि केही मुलुकमा मात्र अधिक संख्यामा रोजगारीमा गएको देखिन्छ। वैदेशिक रोजगार

विभागको वार्षिक प्रतिवेदन अनुसार वैदेशिक रोजगारीमा जाने प्रमुख १० गन्तव्य मुलुकको विगत ५ वर्षको विवरण देहाय बमोजिम छ।

क्र.सं	देश	संख्या				
		२०७९।८०	२०७८।७९	२०७७।७८	२०७६।७७	२०७५।७६
१	कतार	१३३२६२	१८४९२६	५४९१५	८१५६७	१५६३२८
२	साउदी अरेबिया	११२७७७	१८८६९२	४६९६०	८३१६३	११५८७१
३	यु ए इ	११६१५९	१२२६३५	४०४७७	९३४२४	१०६३८३
४	मलेसिया	२५९५९४	३६६४४	११३५	५९७१४	४०८९७
५	कुवेत	४३५०७	३५५४१	१०१४	१६८६२	२३७२९
६	बहराइन	७६९०	१२०६२	४९४०	६१८९	४६३३
७	रोमानिया	१४२२५	७४७५	२०९९	२०२८	११७८
८	जापान	९६४४	५६५६	२०७९	३७२८	४१२२
९	ओमन	५२९४	६८४९	३१३३	४१३९	४९७२
१०	दक्षिण कोरिया	२२०३३	२८१	३४	१२९	०
	जम्माः	**७२४१८५**	**६००७११**	**१५६७५६**	**३५०९४३**	**४५८११३**

२०७९।८० मा वार्षिक १ लाखदेखि ३ लाखसम्म रोजगारीमा जाने देशको संख्या चार, ५० हजारभन्दा बढी रोजगारीमा जाने देशको संख्या चार, १० हजार देखि ५० हजारसम्म रोजगारीमा जाने देशको संख्या तीन, ५ हजारदेखि १० हजारसम्म रोजगारीमा जानेको संख्या सात र १ हजारदेखि ५ हजारसम्म रोजगारीमा जाने संख्या ६ रहेको छ। १ हजारभन्दा बढीको संख्यामा वैदेशिक रोजगारीमा जाने देशको संख्या बिस मात्र रहेकोले वैदेशिक रोजगारी देशगत रुपमा विस्तार भएको देखिदैन।

वैदेशिक रोगजार विभागको तथ्याङ्कमा श्रम स्वीकृति लिई विदेशमा जानेको विवरण उल्लेख छ। विदेशबाट फर्किएकाको विवरण उल्लेख नभएकोले हाल विदेशमा रहेका कामदारको संख्या यकिन हुन सक्ने अवस्था छैन। विदेशस्थित नियोगमा समेत यसको तथ्याङ्क रहेको पाईएन। विदेशमा रहेका नेपाली श्रमिकको लागि सेवा प्रवाह गर्ने दायित्व सम्बन्धित दूतावासको रहेको छ। गन्तव्य मुलुकमा रहेका नेपाली श्रमिकको संख्या यकिन नभएमा सेवा प्रवाहमा कठिनाई हुने भएकोले विदेशी मुलुकमा रहेका नेपाली श्रमिकको संख्या यकिन गर्न आवश्यक देखिन्छ।

१२. **श्रम सम्झौता** - वैदेशिक रोजगारीमा गएका कुल श्रमिक संख्याको ९४ प्रतिशत उल्लेखित (बुँदा नं ११.१) १० देशमा सीमित रहेको छ। नेपाली श्रमिकको गन्तव्य मुलुकमध्ये १२ देशसँग मात्र श्रम सम्झौता भएकोमा कतार र बहराइनसँग श्रम सम्झौता नवीकरण भएको छैन। श्रम सम्झौता भएका १२ मुलुक मध्ये दक्षिण कोरियासँग पूर्ण र बेलायत र ईजरायलसँग सीमित रुपमा सरकारी स्तरबाट श्रमिक पठाउनेगरी सम्झौता भएको छ। व्यक्तिगत र संस्थागत प्रक्रियाबाट वैदेशिक रोजगारीमा जाँदा तोकिएको भन्दा बढी शुल्क तिर्नु परेको, सम्झौता बमोजिमको पारिश्रमिक र काम नपाएको लगायतका समस्या देखिएकोले वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र मर्यादित बनाउन अन्य मुलुकमा समेत सरकारी स्तर (जी टु जी प्रक्रिया) बाट श्रमिक पठाउन पहल हुनु पर्ने देखिन्छ।

१३. **महिला श्रमिक** - प्रारम्भमा पुरुषमात्र वैदेशिक रोजगारीको लागि जाने गरेकोमा हाल महिला समेत रोजगारीको लागि विदेश गएको देखिन्छ। पछिल्ला वर्षमा रोजगारीको लागि विदेश जाने महिलाको संख्यामा उल्लेख रुपमा वृद्धि भएको छ। वैदेशिक रोजगार विभागको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्म वैदेशिक रोजगारमा गएका महिलाको स्थिति देहाय बमोजिम छ।

आर्थिक वर्ष	कुल श्रमिक संख्या	महिला श्रमिक संख्या
२०७५।७६	५०८८२७	३२१२३
२०७६।७७	३६८४३३	२८४३३
२०७७।७८	१६६६९८	११४५६
२०७८।७९	६३००९०	४९१२८
२०७९।८०	७७१३२७	७२१३४

- वैदेशिक रोजगार नीति, २०६८ को ९.४ मा वैदेशिक रोजगारको क्रममा हुन सक्ने मानव ओसारपसार, बेचविखन तथा तस्करीलाई रोकथाम गर्नका लागि श्रम आप्रवासनको व्यवस्थापनमा सरकारी, गैरसरकारी स्तरमा कार्यरत विभिन्न सरोकारवालाहरुको अन्तरमुलुक सन्जालहरु मार्फत समन्वयात्मक कार्यहरु सञ्चालन गरिने उल्लेख छ। नीतिगत तथा कानुनी व्यवस्था हुदाँहुदै पनि नेपाली महिला गैरकानुनी रुपमा खाडी मुलुकमा रोजगारीको लागि गएको देखियो जसको अभिलेख दूतावाससँग रहेको देखिएन। लेखापरीक्षणको क्रममा फिल्ड निरीक्षणमा साउदी अरेबियाको रियादमा रहेको महिला सुरक्षित गृहमा २ जना महिला रहेको पाइयो। सुरक्षित गृहमा रहेका महिलासँगको सोधपुछमा ती महिलाहरुलाई मानव तस्करको गिरोहले राम्रो काम लगाइदिने र तलब लगायतका सुविधा राम्रो हुने आशा देखाई भिजिट भिसामा कुवेत हुँदै घरेलु कामदारको लागि साउदी अरेबिया ल्याएकोमा रोजगारदाताले खान नदिएको, कुटपिट गरेको, बिरामी हुदाँ उपचार नगरेको, तलब नदिएको, शारीरिक तथा मानसिक शोषण गरेको र ज्यान मार्ने धम्की समेत दिने गरेकोले दूतावासको सम्पर्कमा आई दूतावासले उद्धार गरी ल्याएको ती महिलाको भनाई रहेको छ। पछिल्लो एक वर्षमा साउदी अरेबियाको रियाद स्थित नेपाली दूतावासले वैदेशिक रोजगारीको सिलसिलामा कुवेत हुँदै साउदी पुऱ्याइएका २७ महिलाको उद्धार गरी नेपाल पठाएको छ। गैर कानुनी रुपमा रोजगारीको लागि विदेश पठाउने कार्य नियन्त्रणको लागि आवश्यक पहल हुनुपर्दछ।

१४. **श्रमिकको दक्षता** - वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं. ९.२ मा अन्तर्राष्ट्रिय श्रम बजारको मागको प्रवृत्तिलाई अध्ययन गरी वैदेशिक रोजगारमा जान चाहने श्रमशक्तिलाई माग अनुसारको सीप तथा ज्ञान प्रदान गरी दक्षता अभिवृद्धि गर्ने र सोको लागि व्यवसायिक प्रशिक्षण तथा सीप विकास केन्द्रहरुबाट वैदेशिक श्रमिकको माग अनुसारका स्तरीय तालिम कार्यक्रमहरु क्षेत्रीय र स्थानीय स्तरमा सञ्चालन गरिने तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद लगायतका संस्थाहरुसँग सहकार्य गरी विभिन्न प्रकारका तालिम प्रदान गर्ने र त्यस्ता तालिममा भाषालाई समेत समावेश गरी कामदारको सीप संरचनामा सुधार गरिने उल्लेख छ। वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार सीपको आधारमा विगत ३ वर्षको श्रमिकको विवरण देहाय बमोजिम छ।

मिकको स्तर	आर्थिक वर्ष					
	२०७७/७८		२०७८/७९		२०७९/८०	
	संख्या	प्रतिशत	संख्या	प्रतिशत	संख्या	प्रतिशत
हाइ स्किल्ड(पेशागत)	६१	०.०४	१२५	०.०२	२५७	०.०३
प्रोफेशनल(पेशागत)	२४६	०.१५	६८०	०.११	११५३	०.१५
दक्ष	१५५८३	९.३५	५४३२८	८.६२	६०५५५	७.८५
अर्धदक्ष	७०४२६	४२.२५	२९१८८९	४६.३२	५०६७४६	६५.७०
अदक्ष	८०३८२	४८.२२	२८३०६८	४४.९३	२०२६१६	२६.२७
जम्माः	१६६६९८	१००	६३००९०	१००.००	७७१३२७	१००.००

उल्लिखित तालिका अनुसार २०७७।७८ मा वैदेशिक रोजगारमा गएका कुल श्रमिकमध्ये हाइ स्किल्ड र प्रोफेशनलको हिस्सा ०.१९ प्रतिशत, अर्धदक्ष र अदक्षको हिस्सा ९०.४७ प्रतिशत र ९.३५ प्रतिशत मात्र दक्ष श्रमिक विदेश गएको देखिन्छ। २०७७।७८ मा अदक्ष श्रमिक तुलनात्मक रुपमा बढी गएको देखिएपनि २०७८।७९ र २०७९।८० मा दक्ष श्रमिकको संख्या बढ्दै गएको देखियो।

- वैदेशिक रोजगार बोर्डको सहयोगमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गत आंगिक शिक्षालयबाट ७ प्रदेशहरुमा स्थानीय तहको मागका आधारमा निःशुल्क व्यवसायिक सीपमूलक तालिम सञ्चालन हुने गरेको छ। वैदेशिक रोजगार बोर्डको २०७९।८० को प्रगति प्रतिवेदन अनुसार वैदेशिक रोजगारमा जान चाहने ९७०३ जनालाई निःशुल्क सीपमूलक तालिम, ४९६ जनालाई आवासीय सीपविकास जस्ता तालिम सञ्चालन गरेको उल्लेख छ। नेपालबाट दक्ष भनी गएतापनि दक्षताअनुसार विदेशमा काम नपाएको र यहाँ दक्ष हुनका लागि दिएको तालिम र गन्तव्य मुलुकको माग बीच सामञ्जस्यता नभएको देखियो। जेद्दास्थित सुरक्षित गृहमा रहेका १ जना कामदारसँग गरिएको सोधपुछमा नेपालबाट दक्ष श्रमिक भनी गएको र रोजगारदाताले दक्ष नभएको भनी काममा राख्न अस्वीकार गरेपछि दूतावासको सुरक्षित गृहमा रहेको देखियो। साउदी अरेबियामा आएका अर्ध दक्ष श्रमिक(Mason,Carpenter,Steel Fixture, Plumber, Driver) हरुको सम्बन्धित क्षेत्रको प्रमाणपत्र हुने गरेको तर सोसम्बन्धी पर्याप्त ज्ञान नभएको भनी रोजगारदाता कम्पनीले गुनासो राख्ने गरेको रियाद स्थित नेपाली दूतावासले जनाएको छ। सामान्य श्रमिकलाई दक्ष भनी पठाउने र गन्तव्य मुलुकको कार्य प्रकृति र स्वदेशमा दिइएको तालिमबीच सामन्जस्यता नहुँदा नेपालबाट दक्ष भनी गएका श्रमिक समेत अदक्ष श्रमिकको हैसियतमा काम गर्नु परेको अवस्था छ।

  कामको प्रकृतिको आधारमा साउदी अरेबियामा सवारी चालक, लोडिङ, अनलोडिङ कामदार, घरेलु श्रमिक, निर्माण श्रमिक र मलेसियामा कारखानामा काम गर्ने, निर्माण कार्यमा संलग्न, कृषि तथा पशुपालन, सुरक्षा तथा सरसफाई र वृक्षारोपण लगायतका कार्यमा नेपाली श्रमिक संलग्न रहेको देखिन्छ। श्रमिकले गन्तव्य मुलुकमा गर्नु पर्ने कामको सम्बन्धमा रोजगारदाता र सरकारी निकायसँग समन्वय गरी गन्तव्य मुलुकमा उपलब्ध हुने कामका क्षेत्र अध्ययन गरी सोहि आधारमा विषयतगत तालिम कार्यक्रम सञ्चालन हुनु पर्ने देखिन्छ। साथै दक्षता प्रमाणित गर्ने निकायबाट प्रमाणित र सोहि अनुसारको रोजगारी प्राप्त भएका श्रमिक पहिचान गर्ने प्रणाली स्थापना गरी वैदेशिक रोजगारीमा रहेका श्रमिकको दक्षताको अभिलेख राखु पर्दछ।

- कतिपय मुलुकमा अदक्ष तथा अर्धदक्ष श्रमिकको पारिश्रमिक समेत उच्च रहेको देखिन्छ भने केही मुलुकमा दक्ष र अदक्ष कामदारको पारिश्रमिकमा खासै अन्तर देखिदैन। उदाहरणको लागि दक्षिण कोरिया, जापान र केही युरोपेली मुलुकमा सामान्य श्रमिकले समेत उच्च पारिश्रमिक प्राप्त गर्ने गरेका छन् भने खाडी मुलुकमा अदक्ष र दक्ष कामदार (बौद्धिक दक्षता बाहेक) को पारिश्रमिकमा तात्विक भिन्नता नदेखिएकोले दक्ष श्रमिकका साथै उच्च पारिश्रमिक उपलब्ध गराउने देशमा बढी श्रमिक पठाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।
- वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं.९.४ मा वैदेशिक रोजगारमा जान चाहने महिलाहरुको लागि श्रम बजारका माग तथा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी

अवसरहरुमा विविधीकरण तथा तदअनुरुप सीपमूलक तालिम तथा प्रशिक्षण दिइने र वैदेशिक रोजगारमा जान चाहने महिलाहरुलाई लक्षित गरी रोजगार पूर्व चरण सघनरुपमा सूचनाहरु प्रवाहित गरी उनीहरुलाई सूचनायूक्त छनौटका अवसर सृजना गरिने उल्लेख छ। वैदेशिक रोजगार विभागको वार्षिक प्रतिवेदन अनुसार विगत ३ वर्षमा वैदेशिक रोजगारीमा रहेका महिलाको सीप स्तर देहाय बमोजिम छ।

आर्थिक वर्ष	२०७७/७८		२०७८/७९		२०७९/८०	
सीप स्तर	महिला श्रमिक	प्रतिशत	महिला श्रमिक	प्रतिशत	महिला श्रमिक	प्रतिशत
हाइ स्किल्ड(पेशागत)	६	०.०५	१५	०.०३	३०	०.०४
प्रोफेशनल(पेशागत)	२०	०.१७	५३	०.११	१०४	०.१४
दक्ष	४५५७	३९.७८	२३४३३	४७.७०	४३५४२	६०.३६
अर्धदक्ष	११५६	१०.०९	४२६१	८.६७	५०८९	७.०५
अदक्ष	५७१७	४९.९०	२१३६६	४३.४९	२३३६९	३२.४०
जम्मा	११४५६	१००	४९१२८	१००	७२१३४	१००

उल्लिखित विवरणअनुसार आर्थिक वर्ष २०७९/८० मा वैदेशिक रोजगारीमा रहेका कुल महिला श्रमिकमध्ये ०.०४ प्रतिशत हाइस्किल्ड, ०.१४ प्रतिशत प्रोफेशनल, ६०.३६ प्रतिशत दक्ष, ७.०५ प्रतिशत अर्धदक्ष र ३२.४० प्रतिशत अदक्ष रहेकोले नीतिमा उल्लेख भए अनुसार महिलाहरुको लागि श्रम बजारका माग तथा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी अवसरहरुमा विविधीकरण तथा तदअनुरुप सीपमूलक तालिम तथा प्रशिक्षण दिइने व्यवस्था कार्यान्वयन भएको देखिएन। महिलाहरुका लागि उपयुक्त हुने वैदेशिक रोजगारीका कार्यक्षेत्र अध्ययन गरी सोही आधारमा क्षेत्रगत रुपमा तालिम प्रदान गरी रोजगारीमा पठाउने व्यवस्था हुनुपर्दछ।

१५. **नियोग स्थापना तथा श्रम सहचारीसम्बन्धी व्यवस्था** - वैदेशिक रोजागर नीति, २०६८ को बुँदा नं. ९.१ मा आप्रवासी नेपाली कामदारहरु भएको मुलुकहरुमा आवश्यकता अनुसार कूटनीतिक नियोगहरुको विस्तार गर्ने, श्रम सहचारी तथा कल्याणकारी अधिकृतहरुको व्यवस्था गरिने र एक हजारभन्दा बढी नेपाली महिला कामदार रहेका मुलुकहरुमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको व्यवस्था गरिने उल्लेख छ। त्यस्तै वैदेशिक रोजगार ऐन,२०६४ को दफा ६८ मा नेपाल सरकारले वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारी नियुक्त गर्ने व्यवस्था छ। गत आर्थिक वर्षमा मलेसिया, साउदी अरब, संयुक्त अरब ईमिरेटस्, कुवेत, बहराईन, ओमान, दक्षिण कोरिया, जापान, माल्टा, रोमानिया, साईप्रस र पोल्याण्डमा ५ हजार भन्दा बढी नेपाल श्रमिक रोजगारीको लागि गएका छन्। उक्त देशहरु मध्ये जापानमा नेपाली नियोग स्थापना भए पनि श्रम सहचारीको नियुक्ती नभएको र माल्टा, रोमानिया, साईप्रस र पोल्याण्डमा नेपाली नियोग स्थापना भएको छैन।

कुवेत, मलेसिया, कतार, संयुक्त अरब ईमिरेट्स लगायत १४ देशमा १ हजार भन्दा बढी संख्यामा महिला श्रमिक कार्यरत रहेको भएतापनि महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको व्यवस्था गर्ने नीतिको प्रावधान कार्यान्वयन भएको छैन। उल्लेख्य संख्यामा नेपाली श्रमिक कार्यरत गन्तव्य मुलुकमा नेपाली श्रमिकका समस्या समाधान गर्न कूटनीतिक नियोग नभएका मुलुकमा कूटनीतिक नियोग स्थापना गर्ने र नियोग भएका तर श्रम सहचारीको दरबन्दी नभएका नियोगहरुमा श्रम सहचारी व्यवस्था गर्ने र उल्लेख्य रुपमा महिला श्रमिक कार्यरत मुलुकमा महिला श्रम सहचारी वा महिला कल्याणकारी अधिकृतको व्यवस्था हुनुपर्दछ।

१६. **श्रम सहचारीको भूमिका** - दूतावासबाट प्रदान गरिने नियमित सेवाहरुमा राहदानी नवीकरण, भिसा प्रदान गर्ने, यात्रा अनुमतिपत्र प्रदान गर्ने, कागजात प्रमाणित गर्ने लगायत रहेका छन्। त्यस्तै श्रमिकसँग सम्बन्धित सेवाहरुमा श्रमिक मागपत्र प्रमाणित गर्ने, श्रमिकका गुनासा तथा उजुरी माथि कारवाही गर्ने, राहत उद्दार, शव व्यवस्थापन लगायतका कार्य रहेका छन्। नियमित कार्यहरु कूटनीतिक सेवाका कर्मचारीबाट समाधान हुने गरेको छ भने श्रमिकसँग सम्बन्धित कार्यहरुको जिम्मेवारी वैदेशिक रोजगार ऐन, २०६४ को नियम ६८ बमोजिम श्रम सहचारी (श्रम काउन्सिलर/श्रम सहचारी) मा रहेको छ। श्रम सहचारीको काम कर्तव्य सम्बन्धमा वैदेशिक रोजगार ऐनमा उल्लेख भए पनि यसमा दूतावासको भूमिका तथा जिम्मेवारी सम्बन्धमा ऐनमा उल्लेख भएको देखिएन। सेवाहरु सरल, सहज र समन्वयात्मक रुपमा प्रवाह हुने व्यवस्था गर्न स्पष्ट कार्यजिम्मेवारी, सुपरीवेक्षण, अनुगमन र प्रतिवेदन गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।

१७. **भौतिक पूर्वाधार अवस्था** - वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं ९ मा वैदेशिक रोजगारीलाई व्यवस्थित गर्न नेपाली नियोगहरुको श्रोत साधन र क्षमता विकास गरी आर्थिक कूटनीतिको माध्यमबाट नियोगहरुलाई परिचालन गरिने उल्लेख छ। विदेशस्थित नेपाली नियोगहरुले आफ्नै भवन निर्माणका लागि उपयुक्त स्थानमा जग्गा खरिद नीति भए पनि हाल नेपाली श्रमिक कार्यरत प्रमुख गन्तव्य रहेका मुलुकहरु मलेसिया, दक्षिण कोरिया, साउदी अरब, कतार, युनाईटेड अरब ईमिरेट्स, बहराइन, ओमनमा नेपाली नियोगको आफ्नै भवन नभएको कारणले नियोगहरुले भाडाको भवनबाट सेवा प्रवाह गर्नु परेको अवस्था छ। नियोगको भौतिक पूर्वाधार सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय बमोजिम छनः

- विदेशस्थित नेपाली नियोगहरुले आफ्नै भवन निर्माणका लागि उपयुक्त स्थानमा जग्गा खरिद गर्ने नीति अनुरुप नेपाल सरकार मन्त्रीपरिषदको २०७८/३/२१ को निर्णय बमोजिम साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले रियादको Diplomatic Quarter (DQ) भित्र Royal Commission for Riyadh City-RCRC सँग समन्वय गरी प्रति वर्ग मिटर साउदी रियाल ४५०० का दरले ३६६४ वर्ग मिटर जग्गा साउदी रियाल १ करोड ६४ लाख ८८ हजार (रु. ५२ करोड ५८ लाख २ हजार) मा खरिद गरेको छ। ५ वर्ष भित्र दूतावासको आफ्नै भवन निर्माण गरी सक्नुपर्ने शर्तमा उक्त जग्गा मिति २०७८/३/३० मा खरिद गरी जग्गाधनी पूर्जा प्राप्त भएको छ। साउदी सरकारसँग भएको शर्त अनुसार जग्गा प्राप्त भएको मितिले ५ वर्ष भित्र अनिवार्य रुपमा दूतावास भवन निर्माण गरी सक्नुपर्नेमा उक्त जग्गामा हाल सम्म भवन निर्माण प्रक्रिया प्रारम्भ भएको छैन। रियादस्थित दूतावासका लागि आर्थिक वर्ष २०७९/८० मा घर भाडामा रु.३ करोड २४ लाख र जेद्दास्थित नेपाली महावाणिज्य दूतावासका लागि रु.१ करोड ४५ लाख ३१ हजार भुक्तानी भएको छ।
- मलेसियाको पुत्राजयमा ४ मार्च २०१० मा दूतावासको भवन निर्माण गर्न ३८ लाख २७ हजार मलेशियनरिङ्गिटमा ७ हजार १११ बर्ग मिटर जग्गा खरिद गरेकोमा हाल सम्म भवन निर्माणको प्रक्रिया प्रारम्भ भएको छैन। जग्गा खरिद गरेको १३ वर्ष बितिसक्दा समेत भवन निर्माण नभएकोले दूतावास सञ्चालनको लागि भवन भाडामा लिदा बर्षेनी भाडा रकम खर्च भएको अवस्था छ। आर्थिक वर्ष २०७९/८० मा घर भाडामा रु.२ करोड ५३ लाख २२ हजार भुक्तानी भएको छ। भवन निर्माणका लागि बजेट विनियोजन नभएको दूतावासहरुको भनाई रहेको छ।

- आर्थिक वर्ष २०७९/८० मा मागपत्र प्रमाणिकरण, श्रमिक फिर्ती सिफारिस, नाबालक प्रमाणित, अधिकारनामा जारी, भ्याट फिर्ता, यात्रा अनुमतिपत्र, राहदानी तथा भिसा शुल्क लगायतबाट साउदी अरेबियाको रियाद र जेद्धामा रहेको दूतावासबाट रु.४३ करोड ४१ लाख ५८ हजार राजस्व आर्जन र रु. २० करोड ३७ लाख ५० हजार खर्च भएको छ। त्यस्तै मलेसियाको दूतावासबाट रु.५९ करोड ४१ लाख ५५ हजार राजस्व आम्दानी र रु.११ करोड १२ लाख ३ हजार खर्च भएको छ। भवन निर्माणको लागि जग्गा खरिद भैसकेको अवस्थामा भवन निर्माण नहुँदा जग्गा खरिदमा खर्च भएको रकमको प्रतिफल प्राप्त नहुने र भाडाको घरमा दूतावास सञ्चालन गर्दा सेवा प्रवाहमा समेत कठिनाई हुने भएकोले सम्बन्धित देशबाट आर्जन हुने राजस्व समेतलाई आधारमानी दूतावासको भौतिक संरचना निर्माण गर्ने र दूतावासलाई स्रोत साधन सम्पन्न बनाउने तर्फ तालुक निकायले ध्यान दिनुपर्दछ।

१८. **दरबन्दी व्यवस्था** - विदेश स्थित नेपाली नियोगहरुमा परराष्ट्र सेवाका कर्मचारीका अतिरिक्त केही नियोगमा प्रशासन, लेखा, राजस्व, लगायतका सेवा तथा समुहका कर्मचारीको दरबन्दी रहेको छ। वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुकहरुमा प्रशासन सेवा अन्तर्गत नेपाल प्रशासन समुहको दरबन्दी समेत रहेको छ। मलेसिया, दक्षिण कोरिया, साउदी अरेबिया, युनाईटेड अरब इमिरेट्स, ओमान, बहराइन, कतार र कुवेतमा श्रम सहचारी/काउन्सेलरको दरबन्दी रहेको छ। नेपाली नियोगमा कूटनीतिक सेवाका स्थायी कर्मचारीका अतिरिक्त स्थानीय कर्मचारीको समेत दरबन्दी रहेको छ। अधिकांश स्थानीय कर्मचारीको पारिश्रमिक परराष्ट्र मन्त्रालय अन्तर्गतको बजेटबाट भुक्तानी हुने गरेकोमा साउदी अरेबियास्थित जेद्दा र रियाद लगायतका नियोगमा वैदेशिक रोजगार बोर्डबाट पारिश्रमिक भुक्तानी गर्ने गरी सीमित संख्यामा स्थानीय कर्मचारी नियुक्ति गरेको देखियो। दरबन्दी सम्बन्धमा देखिएको अन्य व्यहोरा देहाय बमोजिम छन।

- साउदी अरेबियाको रियाद र जेद्धा स्थित नेपाली दूतावासबाट प्राप्त विवरण अनुसार उक्त मुलुकमा हाल करिब ४ लाख नेपाली श्रमिक कार्यरत छन्। रियाद स्थित नेपाली दूतावासमा वैदेशिक रोजगार बोर्ड बाट पारिश्रमिक पाउने स्थानीय कर्मचारीसहित २५ कर्मचारी दरबन्दी रहेकोमा २२ दरबन्दी पूर्ति भएको र जेद्दास्थित नेपाली महावाणिज्य दूतावासमा १० दरबन्दी रहेकोमा स्थानीय कर्मचारी पूर्ति भएतापनि १ स्थायी कर्मचारी (प्रथम सचिव) को पद रिक्त रहेको छ। मलेसियामा रहेको दूताबासबाट प्राप्त विवरण अनुसार हाल उक्त मुलुकमा करिब ४ लाख ५० हजार नेपाली श्रमिक कार्यरत छन्। मलेसिया स्थित दूताबासमा १९ कर्मचारीको दरबन्दी रहेकोमा दरबन्दी अनुसार कर्मचारी पूर्ति भएको छ। साउदी अरेबिया, संयुक्त अरब ईमिरेट्स र मलेसियामा रहेका दूतावासलाई हालको दरबन्दी पर्याप्त छ वा छैन भनी सोधनी गरिएकोमा उल्लेखित सबै दूतावासबाट दरबन्दी पर्याप्त नभएकोले थप गर्नुपर्ने जवाफ प्राप्त भएको छ। साउदी अरेबियाको रियादस्थित नेपाली राजदूतावास र जेद्दास्थित महावाणिज्य दूतावासले सरकारी निकाय वा अन्य कम्पनी वा कार्यालयहरुमा सेवा लिन जादाँ, अधिकांश कम्पनीका उच्च पदस्थ व्यक्तिहरु अरबी भाषा मात्र बोल्ने, गुनासो सुनुवाइको लागि स्थलगत भ्रमण गर्नु पर्ने र तत्काल स्थलगत सेवा दिन प्रत्येक प्रान्तमा अरबी भाषा बोल्न जानेको ३ जना स्थानीय कर्मचारी थप गर्नुपर्ने र जेद्धा स्थित महावाणिज्यदूताबासमा ३ स्थानीय कर्मचारी थप गर्नु पर्ने जवाफ प्राप्त भएको छ। त्यस्तै मलेसियास्थित नेपाली दूतावासलाई यस विषयमा

सोधनी गर्दा मलेसियामा ४ लाख ५० हजार भन्दा बढी श्रमिक रहेको अवस्थामा राहदानी नवीकरण लगायतका सेवा प्रदान नगरेमा भिषामा असर परी अवैधानिक हुन सक्ने जोखिम रहेकोले राहदानी नवीकरणको लागि २ जना राजपत्र अनङ्कित स्तरका कर्मचारी, बढ्दो श्रमिकको गुनासो र उजुरीको व्यवस्थापनका लागि २ जना स्थानीय कर्मचारी र नेपाली श्रमिकलाई समस्या परेको स्थलमा समयमै पुगी उद्धार कार्य गर्नका लागि २ जना सवारी चालकको दरबन्दी थप गर्नुपर्ने जवाफ प्राप्त भएको छ। संयुक्त अरब ईमिरेट्समा ६ लाखको हारहारीमा रहेका नेपालीहरुको हक हितको विषयमा समन्वय गर्न, राहत, उद्धार तथा गुनासो सुनुवाई व्यवस्थापनका लागि ७ वटै इमिरेट्समा गइरहनुपर्ने भएकोले सहायक कर्मचारी ३ जना, सहायक जनसम्पर्क अधिकृत १ जना, रिसिप्सनिष्ट १ जना र सवारी चालक १ जना थप गर्नुपर्ने दूतावासले जनाएको छ। सम्बन्धित मुलुकमा कार्यरत नेपाली श्रमिकको संख्या, उक्त मुलुकको भौगोलिक अवस्था र क्षेत्रफल, दूतावासले सम्पादन गर्नुपर्ने कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कूटनीतिक, श्रम सहचारी र स्थानीय कर्मचारीको दरबन्दी संख्या यकिन हुनु पर्ने र स्वीकृत दरबन्दी समयमा पूर्ति गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउनु पर्दछ।

१९. **सवारी साधन** - साउदी अरेबियाको रियाद स्थित दूतावासले धेरै लामो दूरीबाट श्रमिक उद्धार गर्नु पर्ने भएको र श्रमिक समस्या समाधानको लागि रियादबाट १४०० किलोमिटर टाढा सम्म जानु पर्ने भएकोले थप सवारी साधन र सवारी चालक आवश्यक भएको र मलेसियास्थित नेपाली दूतावासमा ६ वटा चारपाङ्ग्रे सवारी साधन रहेकोमा ३ वटा मात्र चालु अवस्थामा रहेकोले कम्तिमा १० सिट क्षमताको थप १ सवारी साधन आवश्यक रहेको जवाफ प्राप्त भएको छ। जेद्धा स्थित महावाणिज्य दूतावासमा ४ सवारी साधन रहेकोमा ३ वटा चालु अवस्थामा रहेको र संयुक्त अरब इमिरेट्सको अबुधाबिमा रहेको दूतावासमा ३ मात्र सवारी साधन रहेको छ। धेरै लामो दूरीबाट श्रमिक उद्धार गर्नु पर्ने, लामो दूरीका स्थानमा तत्काल उपस्थित हुनु पर्ने, श्रमिकका समस्या समाधानको लागि दैनिक विभिन्न निकायमा जानु पर्ने भएकोले थप सवारी साधन र सवारी चालक आवश्यक भएको जवाफ चारवटै दूतावासबाट प्राप्त भएको छ। सम्बन्धित मुलुकमा कार्यरत नेपाली श्रमिकको संख्या, उक्त मुलुकको भौगोलिक अवस्था र कार्यबोझ तथा कार्य प्रकृतिको अध्ययन गरी आवश्यक मात्रामा सवारी साधन र चालक उपलब्ध गराउनु पर्दछ।

२०. **बजेट व्यवस्था** - नेपाली श्रमिक कार्यरत मुलुकमा रहेका दूतावासको लागि परराष्ट्र मन्त्रालय र वैदेशिक रोजगार बोर्डबाट बजेट निकासा हुने गरेको छ। आर्थिक वर्ष २०७९/८० मा परराष्ट्र मन्त्रालय र वैदेशिक रोजगार बोर्डबाट विदेश स्थित दूतावासमा देहाय बमोजिम बजेट निकासा भएको छ ।

(रकम रु.हजारमा)

बजेट निकासा दिने निकाय	नियोग रहेको देश र स्थान								
	मलेशिया	द.कोरिया	साउदी अरब रियाद	साउदी अरब जेद्धा	कुवेत	ओमान	कतार	बहराईन	इजराईल
परराष्ट्र मन्त्रालय	११५१३६	९८९६३	१४५७०८	६०८५९	७०२६४	६९०५१	१२१२९५	५९५४९	७७२७९
वैदेशिक रोजगार बोर्ड	१७७४	१४३९४	१३६५१	७०४६	१३४७	४८२३	१९३८	१६२१	६३८
शव व्यवस्थापन	१६८४	१०१५५	३५७७	११११	४८४	०	०	०	४१३
सुरक्षित	०	०	१०००	१०००	८६३	१२००	०	५००	०

आवास गृह सञ्चालन									
श्रमिक उद्धार र राहत	३०७०	४४३९	३०७५	२१००	१६७०	९४८	६४०	१८७५	७७७
पब्लिक रिलेसन अफिसरको पारिश्रमिक	२०००	४२८०	१३०९७	१२२७९	२६१४	३३३६	४१८८	०	०
उपकरण खरिद	४००	४००	४००	४००	२००	७४०	४५०	३००	२००

पररा्ष्ट्र मन्त्रालयबाट कर्मचारीको पारिश्रमिक र प्रशासनिक खर्चको लागि बजेट निकासा हुने गरेको छ। श्रमिकसँग सम्बन्धित कार्यहरु जस्तै राहत उद्धार, शव व्यवस्थापन, सुरक्षित गृह सञ्चालन र केही स्थानीय कर्मचारीको पारिश्रमिक रकम निकासा वैदेशिक रोजगार बोर्डबाट हुने गरेको भए पनि सवारी साधन मर्मत र खरिद, कानूनी परामर्श, ईन्धन, मसलन्द, श्रमिक सचेतना कार्यक्रम, पीडित श्रमिकको लागि सुरक्षित गृह सञ्चालन, थप स्थानीय कर्मचारी, अलपत्र तथा बेवारिसे भएका नेपालीको उद्धार आदिमा रकम थप हुनु पर्ने व्यहोरा मलेसिया, साउदी अरेबिया र संयुक्त अरब ईमिरेट्समा रहेका नेपाली दूतावासले उल्लेख गरेका छन्। नेपाली श्रमिक कार्यरत देशमा रहेका दूतावासको श्रमिकसँग सम्बन्धित बजेटको आवश्यकता सम्बन्धमा विस्तृत अध्ययन गरी दूतावासलाई स्रोत साधनयुक्त बनाउनु पर्दछ।

२१. **सुरक्षित गृह** - वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं ९.३.२ मा गन्तव्य मुलुकमा आपतकालीन आश्रयको लागि सुरक्षित गृहहरुको निर्माण गरिने व्यवस्था छ। वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरण अनुसार सुरक्षित गृह र सोको सञ्चालनका लागि आर्थिक वर्ष २०७९।८० मा निकासा भएको बजेटको अवस्था देहाय बमोजिम छ।

(रकम रु.हजारमा)

देशको नाम	साउदी अरब रियाद	साउदी अरब जेद्दा	कुवेत	ओमन	बहराइन
सुरक्षित आवास सञ्चालन भएको स्थान	रियादको दूतावासभित्र,बाथा र दमाम गरी ३ वटा	जेद्दा	कुवेत सिटी	मस्कट	मनमा
बजेट	१०००	१०००	८६३	१२००	५००

सुरक्षित गृह सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

- लेखापरीक्षणको क्रममा २०८०/७/१७ देखि २०८०।७।२३ सम्म साउदी अरबको रियादमा रहेको महिला सुरक्षित गृह, दमामस्थित पुरुष सुरक्षित गृह र जेद्दास्थित पुरुष सुरक्षित गृहको स्थलगत अवलोकन गरिएको थियो। सुरक्षित गृह अवलोकन गर्दा दमाममा ५ जना पुरुष, जेद्दामा ७ जना पुरुष र रियादमा २ जना महिला श्रमिक सुरक्षित गृहमा रहेको पाइयो। रियादको सुरक्षित गृहमा २ महिला कुवेतको बाटो हुँदै गैरकानुनी रुपमा साउदी अरेबिया आएको, दमामको सेल्टरमा रहेका श्रमिकहरु मदिरा बनाएको मुद्दामा थुनामा परी धरौटीमा छुटेको र साउदी आउनासाथ अलपत्र परेको जस्ता कारणहरु रहेका छन। जेद्दाको सुरक्षित गृहमा आउनुको कारण सोध्दा साथीहरुबीच झगडा परेकोले प्रहरी आई पक्रेको र ३ दिन थुनामा राखी छाडिदिएको, पछि मुद्दाको पेशी हुदाँ मोवाईलमा म्यासेज आएको तर लोकेशन थाहा नभई अदालतमा उपस्थित हुन नसकेकोले डेढ वर्ष देखि सुरक्षित गृहमा आई बसिरहेको, तलव नपाएपछि भागेर सुरक्षित गृहमा आएको, विरामी भई काम गर्न नसकेर सुरक्षित गृहमा आइ बसेको र एक्जिट भिसा नलागेको जस्ता

कारण रहेका छन। दूतावासले वैदेशिक रोजगार बोर्डको रकमबाट सुरक्षित गृहको वार्षिक भाडा भुक्तानी गर्दै आएको छ। साउदी अरेबियास्थित रियादमा रहेको दूतावासले तयार गरेको वार्षिक प्रतिवेदन अनुसार यस वर्ष ३१७ नेपाली श्रमिक सुरक्षित गृहमा रहेको उल्लेख छ। प्रगति प्रतिवेदनमा संख्या उल्लेख भएता पनि सम्बन्धित सुरक्षित गृहमा सोको अभिलेख नरहेकोमा हाल श्रमिकहरुको बसाई अवधि खुल्ने गरी तथ्याङ्क राख्ने अभिलेख सुरु गरिएको उल्लेख छ। जेद्दास्थित महावाणिज्य दूतावासले सुरक्षित गृहमा रहेका श्रमिकहरुको अभिलेख राखेको देखिएन। दमामको सेल्टरमा भान्सा सहित ४ कोठा रहेकोमा श्रमिकको जीवनयापनका लागि अति आवश्यक पूर्वाधार जस्तै सुत्नका लागि खाट नभएकोले भूईमा सुतिरहेको अवस्था रहेको, पर्याप्त ओडने ओछ्याउने सामाग्रीहरु र भान्साका लागि आवश्यक भाडाकुडाहरु पर्याप्त नभएकोमा आवश्यक सामाग्रीको व्यवस्थापन सम्बन्धमा पत्राचार गरिएको जवाफ प्राप्त भएको छ। हाल मलेसियामा सुरक्षित गृह स्थापना नभएकोले अलपत्र नेपाली नागरिकलाई उद्धार गरी स्वदेश फिर्ता नहुन्जेल सुरक्षित गृहमा राख्नु पर्ने भएकोले सुरक्षित गृह सञ्चालन हुनु पर्ने दूतावासले उल्लेख गरेको छ।

नीतिगत व्यवस्था भई केही मुलुकमा सुरक्षित गृह सञ्चालन भएको देखिए पनि सुरक्षित गृह स्थापना प्रक्रिया, बजेट व्यवस्था, कर्मचारी, भौतिक पूर्वाधार, सञ्चालन व्यवस्था, खर्चको नर्म्स, सुरक्षित गृहमा रहने श्रमिकको प्रकृति, अवधि सम्बन्धमा स्पस्ट कानुनी व्यवस्था भएको देखिएन। सुरक्षित गृहलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सुरक्षित गृह सञ्चालन गर्नु पर्ने मुलुकको पहिचान, स्थापना प्रक्रिया, बजेट व्यवस्था, भौतिक पूर्वाधार, सञ्चालन मापदण्ड, सुरक्षित गृहमा रहने श्रमिकको प्रकृति, अवधि आदि सम्बन्धमा स्पष्ट कानुनी व्यवस्था हुनुपर्दछ।

२२. **उजुरी तथा गुनासो सुनुवाई** - वैदेशिक रोजगार नियमावली,२०६४ को नियम १७ मा नेपाली कूटनीतिक नियोगमा वैदेशिक रोजगारसम्बन्धी कुनै गुनासो वा उजुरी पर्न आएमा सम्बन्धित नियोगले उक्त उजुरी वा गुनासो विभागमा पठाउनु पर्ने व्यवस्था छ। नेपाली श्रमिक कार्यरत मुलुकमा सम्झौता बमोजिमको काम नपाउने, सम्झौता बमोजमको पारिश्रमिक प्राप्त नहुने, कार्य वातावरण अनुकुल नहुने, रोजगारदाता कम्पनीले श्रमिकको परिचय पत्र नबनाइदिने, मुलुक छोड्नको लागि अनुमति नदिने लगायतका उजुरी तथा गुनासो रहेको देखियो। लेखापरीक्षणको लागि स्थलगत भ्रमण गरिएको साउदी अरेबिया, मलेसिया र प्रश्नावली मार्फत विवरण प्राप्त भएको संयुक्त अरब इमिरेट्समा आर्थिक वर्ष २०७९/८० मा उजुरी प्राप्त र फछ्यौंट अवस्था देहाय बमोजिम छ।

उजुरीको प्रकार	साउदी अरब	मलेसिया	संयुक्त अरब इमिरेट्स
सम्झौता बमोजिम पारिश्रमिक नपाएको	६१००	७००	२३
सम्झौता बमोजिमको काम नपाएको/सम्झौता कार्यान्वयन नभएको	२४४०	७००	४
कार्य वातावरण नभएको	६१०	०	३
अकामा/इन्सुरेन्स/लाइसेन्स जारी वा रिन्यु नगरेको/एक्जिट भिसा नदिएको	२४४०	६००	०
कुटपिट/डर धम्की/केश गरेको	६१०	५००	०
जम्माः	**१२२००**	**२५००**	**३०**

उपर्युक्त विवरण अनुसार ३ देशमा २०७९।८० मा परेका १४७३० उजुरीमध्ये ४६ प्रतिशत उजुरी सम्झौता बमोजिम पारिश्रमिक नपाएको, २१ प्रतिशत सम्झौता बमोजिमको काम नपाएको/सम्झौता कार्यान्वयन नभएको, २१ प्रतिशत बसोवास अनुमतिपत्र/इन्सुरेन्स/लाइसेन्स जारी वा रिन्यु नगरेको/बहिर्गमन भिसा नदिएको, ८ प्रतिशत कुटपिट/डर धम्की/केश गरेको र ४ प्रतिशत

कार्यवातावरण नभएको सम्बन्धमा आएको देखिन्छ। सबैभन्दा बढी उजुरी सम्झौता बमोजिम पारिश्रमिक नपाएको र सबैभन्दा कम कार्यवातावरण नभएको शीर्षकमा परेको छ। साउदी अरेबियास्थित जेद्दामा रहेको महावाणिज्य दूतावासमा परेको उजुरीमध्ये ७५ प्रतिशत उजुरी फर्स्यौंट भएको, रियादमा रहेको दूतावासमा परेको उजुरीमध्ये ८० प्रतिशत उजुरी फर्स्यौंट भएको विवरण प्राप्त भएको छ। त्यस्तै मलेसियास्थित दूतावासमा परेको उजुरीमध्ये ८० प्रतिशत र संयुक्त अरब इमिरेट्समा परेको उजुरीमध्ये ८३ प्रतिशत उजुरी फर्स्यौंट भएको उल्लेख छ।

- सम्झौता बमोजिम पारिश्रमिक नपाएको सम्बन्धमा कम्पनीले समयमा जवाफ तथा प्रतिक्रिया नदिएको र दोहोरो करार गरेको, सम्झौता बमोजिम काम नपाएको सम्बन्धमा सप्लाई कम्पनी परेकोले कम्पनी सँग काम नभएको, भिसा नवीकरण नगरिदिएको सम्बन्धमा लामो र झण्झटिलो अध्यागमन प्रक्रिया भएको तथा कम्पनीले भिसा नवीकरण गरी घर पठाउन नचाहने कारणहरु रहेका छन। समस्या समाधानको लागि साउदी न्यायिक निकायमा उजुरी गर्नु पर्ने र नेपाली कामदारहरु कानुनी उपचारका लागि सम्बन्धित निकायमा जान नसक्ने अवस्थाले गर्दा समेत समयमा उजुरी फर्स्यौंट हुन नसकेको दूतावासहरुले उल्लेख गरेका छन्। गैरकानुनी रुपमा रहेका श्रमिकहरुको उद्धारको लागि आवश्यक रकम प्राप्त हुन नसकेको, वैदेशिक रोजगार बोर्ड लगायत सम्बन्धित निकायसँग समन्वय हुन नसकेको जस्ता कारणले गर्दा उजुरीको फर्स्यौंट समयमा हुन नसकेको दूतावासहरुको भनाई रहेको छ।

सम्झौता बमोजिम काम र पारिश्रमिक प्राप्त नगरेको सम्बन्धमा सम्बन्धित निकायमा उजुरी गरे नगरेको सम्बन्धमा साउदी अरेबिया स्थित रियाद, जेद्दा र मलेसियाको नेपाली दूतावासमा सेवा लिन आएका १०० जना श्रमिकलाई प्रश्नावली मार्फत सोधनी गर्दा २१ जनाले उजुरी गरेको, ५३ जनाले उजुरी नगरेको र २६ जनालाई समस्या नपरेको जवाफ प्राप्त भएको छ। उजुरी नगरेको कारणमा समस्या समाधान हुन्छ भन्ने विश्वास नभएरमा ८ जना, झमेलामा परिने डरले ५५ जना र ३७ जनाले अन्य कारण भनी जवाफ दिएका छन्। उजुरी गरेपछि समस्या समाधान भए नभएको सम्बन्धमा प्रश्न गर्दा ३५ जनाको समाधान भएको र ६५ जनाको समाधान नभएको भन्ने जवाफ प्राप्त भएको छ। अधिकतम रुपमा श्रमिकका समस्या समाधान गर्ने तर्फ दूतावासले ध्यान दिनु पर्ने देखिन्छ।

- नेपाली श्रमिकले कार्यस्थलमा भोग्नु परेका मूख्य समस्याहरुमा सम्झौता बमोजिमको काम नपाउने, सम्झौता बमोजिम पारिश्रमिक प्राप्त नहुने, कार्य वातावरण नहुने, रोजगारदाता कम्पनीले पुरा गर्नु पर्ने दायित्व जस्तै: समयमा आवासीय परिचयपत्र बनाईदिने र नवीकरण गरिदिने, अवधि सकिएका श्रमिकको स्वदेश फिर्ताका लागि समयमा बहिर्गमन प्रक्रिया पुरा गरिदिने लगायतका दायित्व पुरा नगर्ने रहेका छन् ।श्रमिकको माग स्वीकृत गर्दा काम गर्ने कम्पनी समेत खुलाउने व्यवस्था भएकोमा सो भन्दा फरक कम्पनी र काम गराउने वैदेशिक रोजगार व्यवसायीलाई जिम्मेवार बनाउन क्षतिपूर्तिको लागि कानुनी व्यवस्था हुन आवश्यक देखिन्छ। त्यस्तै श्रमिक माग गर्ने कम्पनीलाई जिम्मेवार बनाउन उक्त कम्पनीलाई कालो सूचीमा राखी कारवाहीको लागि उक्त देशको सम्बन्धित निकायलाई जानकारी गराउने, सप्लाई कम्पनी (वैदेशिक रोजगार व्यवसायी) को पहिचान गरी माग अस्वीकृत गर्ने र प्रतिष्ठित रोजगारदाता कम्पनीको सूची तयार गरी त्यस्ता कम्पनीमा पठाउन प्रोत्साहन गर्ने व्यवस्था हुनुपर्दछ। सम्बन्धित कम्पनीले पूरा गर्नु पर्ने दायित्व पूरा

नगरेकोमा सम्बन्धित निकायमा पत्राचार गर्ने र नियोगबाट समस्या समाधान हुन नसक्ने भएमा उच्च स्तरबाट समेत कूटनीतिक पहल हुनु पर्ने देखिन्छ। समस्या समाधान नहुने भई अलपत्र परी घर फर्कन चाहने श्रमिकलाई स्वदेश फिर्ताको लागि उच्च स्तरमा तत्काल उद्धार संयन्त्र (Rapid Response Mechanism) समेत बनाउनु पर्ने देखिन्छ।

- वैदेशिक रोजगारीमा जाने श्रमिकको माग, श्रमिकको छनौट, पारिश्रमिक तथा सुविधाको जानकारी गराउने, अभिमूखीकरण तालिमको व्यवस्था, स्वास्थ्य परीक्षण, दक्षताको खुलासा गर्ने, श्रम स्वीकृति लिने र गन्तव्य मुलुकको रोजगारदाता कम्पनी समक्ष पुऱ्याउने लगायतका सम्पूर्ण प्रक्रिया वैदेशिक रोजगार व्यवसायीबाट हुने भएकोले श्रमिकको सरकारी पदाधिकारी तथा सम्बन्धित कार्यालयसँग प्रत्यक्ष सम्पर्क हुने अवस्था देखिएन। जसको कारण तोकिएको भन्दा बढी शुल्क लिने, दोहोरो सम्झौता गराउने, अभिमूखीकरण तालिममा सबै जानकारी नगराउने, काम, पारिश्रमिक र सम्बन्धित देशका समस्याका सम्बन्धमा आवश्यक जानकारी नदिने, औपचारिकता पूरा गर्न मात्र अभिमुखीकरण तालिम सञ्चालन गर्ने लगायतका कमजोरी देखिएको छ भने गन्तव्य मुलुकमा रहेको दूतावासलाई समेत उक्त देशमा आउने र स्वदेश फिर्ता हुने श्रमिकको संख्या समेत जानकारी नहुने अवस्था छ। अतः श्रमिकहरु गन्तव्य मुलुकमा रवाना हुनु अगावै उल्लेखित सबै काम कानुनबमोजिम भएको र उनीहरुले प्राप्त गर्नु पर्ने सम्पूर्ण सूचना तथा जानकारी पाएको सुनिश्चित हुन श्रमिक र सम्बन्धित निकायको प्रत्यक्ष सम्पर्क स्थापित हुने प्रणाली बनाउनु पर्दछ। साथै श्रमिकहरु स्वदेशको विमानस्थलबाट प्रस्थान गरे पछि श्रमिक र निजले काम गर्ने कम्पनीको विवरण सम्बन्धित दूतावास र वैदेशिक रोजगार विभागको डाटावेशमा अपलोड गर्ने विद्युतीय प्रणाली निर्माण गर्ने र श्रमिकले समेत आफुले काम प्रारम्भ गरेपछि सोको जानकारी दूतावासलाई दिई सोको अभिलेख राख्ने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ। समस्यामा परेका श्रमिकले समयमा उजुरी गर्नका लागि अनलाईन उजुरी गर्न मिल्ने गरी पोर्टल सञ्चालन गर्नुपर्ने देखिन्छ।

२३. **स्थलगत सेवा** - सुशासन (सञ्चालन तथा व्यवस्थापन नियमावली),२०६५ को नियम १५ मा कार्यालयबाट तुलनात्मक रुपमा बढी दूरीमा रहेका र कुनै कारणले सेवा प्राप्त गर्न कठिनाई भोगिरहेका सेवाग्राहीलाई स्थलगत घुम्ती सेवा सञ्चालन गर्नु पर्ने व्यवस्था अनुरुप विदेशमा रहेका नेपाली नियोगले नेपाली श्रमिकलाई सेवा प्रदान गर्न सम्बन्धित मुलुकका विभिन्न स्थानमा स्थलगत घुम्ती सेवा सञ्चालन गरेका छन्। आर्थिक वर्ष २०७९/८० मा मलेसिया र साउदी अरेबिया र संयुक्त अरब ईमिरेट्समा रहेका दूतावासले देहाय बमोजिम स्थलगत सेवा सञ्चालन गरेको विवरण प्राप्त भएको छ।

देशको नाम	स्थलगत सेवा सञ्चालन गरेको स्थान	सहभागी सेवाग्राही	प्रदान गरिएका सेवाहरु
साउदी अरब,रियाद	साकाका,हायल,दमाम,अलका, जुबेल	दैनिक औषत ५०	गुनासो सुनुवाई, राहदानी नवीकरण, ट्राभल डकुमेन्ट जारी
मलेशिया	पेनाङ्ग, जोहरबारु, ब्रुनाई	करिब ९००	गुनासो सुनुवाई, राहदानी नवीकरण, ट्राभल डकुमेन्ट जारी
साउदी अरब, जेद्दा	तावुक, जिजान, यान्बु	करिब १०००	गुनासो सुनुवाई, राहदानी नवीकरण, ट्राभल डकुमेन्ट जारी
संयुक्त अरब इमिरेट्स	रसल, खेमा , फूजेरा	२१६ जना	राहदानी नवीकरण, श्रमिक जनचेतना

मलेसियामा रहेको नेपाली राजदूतावासले यस वर्ष ३ स्थानमा स्थलगत घुम्ती सेवा सञ्चालन गरी करिब ९०० श्रमिकलाई सेवा प्रदान गरेको विवरण प्राप्त भएको छ। त्यस्तै नेपाली महावाणिज्य दूतावास जेद्दाले यो वर्ष कार्यालय भन्दा ५०० देखि १२०० किलो मिटरको दूरीमा रहेका ताबुक, जिजान ,आभा/खमिस र यान्बु मा स्थलगत सेवा सञ्चालन गरी ५०० देखि १००० सेवाग्राहीलाई गुनासो सुनुवाइ, यात्रा अनुमतिपत्र जारी, राहदानी नवीकरण तथा वितरण लगायतका सेवा प्रदान गरेको छ। रियादमा रहेको नेपाली दूतावासले यस वर्ष साकाका, हायल, दमाम, अलका, जुबेलमा स्थलगत घुम्ती सेवा सञ्चालन गरी दैनिक औषत ५० श्रमिकलाई घुम्ती सेवा प्रदान गरेको उल्लेख गरेको छ। संयुक्त अरब इमिरेट्सले रसल, खेमा र फुजेरामा राहदानी नवीकरण तथा श्रमिक जनचेतनाका कार्यक्रम सञ्चालन गरेको छ। सवारी साधनको अपर्याप्तता, न्युन जनशक्ति, अधिक भौगोलिक दूरी, मोबाईल टुल किटको अपर्याप्तता, बजेटको अभाव, कर्मचारी प्रोत्साहनको कमी जस्ता कारणले घुम्ती सेवा सञ्चालनमा कठिनाई रहेको दूतावासहरुले उल्लेख गरेका छन्। त्यस्तै स्थलगत सेवा सञ्चालन गर्न औपचारिक कार्यालय खोल्न नपाईने भएकोले समेत समस्या सृजना भएको नेपाली राजदूतावास साउदीले उल्लेख गरेको छ।

तालुक निकायबाट सम्बन्धित मुलुकमा रहेका नेपाली श्रमिकको संख्या, देशको भौगोलिक अवस्थिति तथा क्षेत्रफल आदिलाई समेत आधार मानी जनशक्ति, सवारी साधन, मोबाईल टुलकिट लगायतका साधन उपलब्ध गराई तथा स्थलगत घुम्ती सेवा सञ्चालन सम्बन्धमा कार्यविधि समेत तयार गरी स्थलगत घुम्ती सेवालाई व्यवस्थित तथा प्रभावकारी बनाउनु पर्दछ। साथै नेपाली श्रमिक कार्यरत मुलुकको क्षेत्रफल ठुलो भएको र दूतावास रहेको स्थान भन्दा अत्यधिक दूरीमा नेपाली श्रमिक कार्यरत रहेको अवस्थामा श्रमिकलाई सेवा लिन तथा दूतावासलाई स्थलगत सेवा प्रदान गर्न कठिन भएको अवस्था समेत छ। अत्यधिक नेपाली श्रमिक काम गर्ने क्षेत्रमा स्थानीय कर्मचारी राखी सेवा प्रवाह गर्ने सम्बन्धमा समेत अध्ययन हुनु पर्ने देखिन्छ।

२४. **बन्दी श्रमिक** - वैदेशिक रोजगार नीति, २०६८ को बुँदा नं ९.३ मा वैदेशिक रोजगारसम्बन्धी कामको सिलसिलामा विभिन्न देशका कारागारहरुमा रहेका नेपालीहरुलाई स्वदेशका कारागारमा बाँकी सजाय काट्ने गरी स्थानान्तरणका लागि सम्झौता गरिने उल्लेख छ। हाल विभिन्न मुलुकका कारागारमा नेपाली श्रमिक बन्दी रहेका छन। के कति संख्यामा श्रमिक बन्दी रहेका छन भनी परराष्ट्र मन्त्रालयबाट विवरण माग गरिएकोमा साउदी अरेबियामा हालसम्म ४८०, बहराइनमा ९ , कतारमा ७२ र दक्षिण कोरियामा २८ जना श्रमिक बन्दी रहेको विवरण प्राप्त भएको छ।

मूलुकको नाम	साउदी अरब	बहराइन	कतार	दक्षिण कोरिया
बन्दी संख्या	४८०	९	७२	२८

वैदेशिक रोजगार नीति,२०६८ को व्यवस्था अनुरुप श्रमिकले स्वदेशमा कैद सजाय भुक्तान गर्ने गरी स्थानान्तरण हुन सकेको छैन। नीतिको व्यवस्था अनुरुप विदेशी मुलुकका कारागारमा रहेका नेपाली श्रमिकलाई आफ्नै देशको कारागारमा सजाय भुक्तानी गर्ने गरी स्थानान्तरण गर्न नेपाल सरकार तथा नियोगबाट आवश्यक पहल हुनु पर्दछ।

२५. **वैदेशिक रोजगारीको लागत** - वैदेशिक रोजगार ऐन, २०६४ को दफा २४ मा नेपाल सरकारले कुनै खास मुलुक वा कम्पनीको लागि प्रतिकामदार सेवा शुल्क र प्रवर्द्धन खर्च सहित संस्थाले लिनपाउने रकमको अधिकतम हद तोक्नसक्ने व्यवस्था छ। श्रम तथा रोजगार मन्त्रालय(राज्यमन्त्रीस्तर) को २०७२।२।२६ र २०७२।३।६ मा भएको निर्णय बमोजिम खाडि मुलुक र मलेसियाको लागि वैदेशिक रोजगारमा जाने कामदारबाट रु.१० हजार लिने र रोजगारदाता कम्पनीले भिसा खर्च,

आतेजाते हवाई टिकट बापत लाग्ने खर्च समेत व्यवसायी मार्फत व्यहोर्नुपर्ने व्यवस्था रहेकोमा साउदीस्थित वैदेशिक रोजगारीमा गएका ५० श्रमिकहरुलाई वैदेशिक रोजगारमा जान तपाईले कति शुल्क बुझाउनु भयो भनी सोधिएको प्रश्नको जवाफमा १ जनाले रु १ लाखसम्म, २० जनाले रु १ लाख ५० हजारसम्म, ७ जनाले १ लाख ५० हजारदेखि २ लाखसम्म र ३ जनाले २ लाखभन्दा बढी बुझाएको र बाँकी १९ जनाले प्रश्नको जवाफ दिन नचाहेको पाइयो। उक्त रकम श्रमिकले एजेन्टलाई नगदको रुपमा बुझाएको बताएका छन। वैदेशिक रोजगारमा जान अधिकतम लागत खर्च तोकिएको भएपनि सो व्यवस्था लागु भएको नदेखिएकोले निर्णय कार्यान्वयनको लागि आवश्यक पहल हुनु पर्दछ।

२६. **अभिमुखीकरण तालिम** - वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २० मा वैदेशिक रोजगारमा जाने कामदारले वैदेशिक रोजगारीमा जानु पूर्व वैदेशिक रोजगार बोर्डले स्वीकृत गरेको पाठ्यक्रम अनुसार नेपालको वैदेशिक रोजगार कानुन, वैदेशिक रोजगारमा जाने मुलुकको भौगोलिक स्थिति, संस्कृति, रहनसहन, आर्थिक, सामाजिक राजनैतिक अवस्था, भाषा, श्रम, अध्यागमन कानुन तथा ट्राफिक नियम लगायतका ९ विषयमा अभिमुखीकरण तालिम लिनुपर्ने व्यवस्था छ। अभिमुखीकरण तालिम सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

- साउदी अरेबिया र मलेसियामा रहेका श्रमिकहरुसँग नेपालमा अभिमुखीकरण तालिम लिए वा नलिएको सम्बन्धमा सोधिएको प्रश्नमा ६३ जनाले लिएको र २८ जनाले नलिएको जवाफ प्राप्त भएको छ। अभिमुखीकरणमा विभिन्न विषयमा तालिम दिए तापनि साउदी अरबमा २०७९।८० मा ट्राफिक दुर्घटनाबाट ४८ जना, सोफोकेशनबाट ४ जनाको मृत्यु भएको पाइएको छ। साउदी अरेबियामा हाल नेपाली श्रमिकहरु कारागारमा जानुको प्रमुख कारणहरुमा मदिरा र लागु पदार्थ सेवन, आपसी झैझगडा, सडक दुर्घटना गराएको लगायतका रहेको पाइएको छ। कतिपय अवस्थामा श्रमिकले आफुले लिएको अभिमुखीकरण तालिमको सम्बन्धमा जानकारी नै नभएको र तालिम लिएको भए पनि सम्बन्धित मुलुकमा हुने समस्या सम्बन्धमा जानकारी नभएकोले अभिमुखीकरण तालिमलाई प्रभावकारी बनाउनु पर्ने देखिएको छ। श्रम गन्तव्य मुलुकमा भएका विशिष्टीकृत समस्याको सूचना सङ्कलन गरी सोहि आधारमा पाठ्यक्रममा समावेश गरी उक्त विषयमा अभिमुखीकरण तालिम दिने व्यवस्था हुनु पर्दछ। साथै प्रक्रिया पूरा गर्न मात्र तालिम सञ्चालन गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ।
- हाल वैदेशिक रोजगारमा जान चाहने नेपाली नागरिकले गन्तव्य मुलुकको छनौट गरी वैदेशिक रोजगार व्यवसायीलाई शुल्क बुझाएपछि मात्र अन्तिम चरणमा अभिमुखीकरण तालिम लिने गरेको देखिन्छ। वैदेशिक रोजगार व्यवसायीलाई रकम बुझाईसकेपछि गन्तव्य मुलुकमा समस्या देखिए पनि उक्त मुलुकमा जानु पर्ने बाध्यता रहन्छ। सहि गन्तव्य मुलुक छनौटको लागि प्रारम्भिक चरणमा स्थानीय निकाय तथा श्रम कार्यालयहरुबाट रोजगारी प्रदान गर्ने मुलुक, उक्त मुलुकमा रोजगारी सम्बन्धमा देखिएका सकारात्मक पक्ष तथा कमीकमजोरी सम्बन्धमा नियमित तालिम सञ्चालन गर्ने, वैदेशिक रोजगारी सम्बन्धमा सूचना तथा जानकारी समेटिएका प्रचार सामाग्री उत्पादन तथा वितरण गर्ने र प्रथम चरणको तालिममा सहभागी भएका व्यक्तिले गन्तव्य मुलुकको छनौट गरी दोस्रो चरणमा उक्त मुलुकको सम्बन्धमा अभिमुखीकरण तालिम दिने व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ।

२७. **रोजगारीको सिलसिलामा मृत्यु तथा अङ्गभङ्ग** - वैदेशिक रोजगार बोर्डको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७।७८ देखि २०७९।८० सम्म वैदेशिक रोजगारमा गएका ४०३५ नेपाली श्रमिकको मृत्यु भएको छ। वैदेशिक रोजगारीमा गएका श्रमिकको गत ३ वर्षमा भएको मृत्यु, अङ्गभङ्ग तथा बिरामीको स्थिति देहाय बमोजिम छ।

आर्थिक वर्ष	मृत्यु हुनेको संख्या	अङ्गभङ्ग तथा विरामी संख्या
२०७७/७८	१२७५	१६१
२०७८/७९	१५१०	२७८
२०७९/८०	१२५०	४३१
जम्माः	**४०३५**	**८७०**

उल्लेखित विवरण अनुसार गत ३ वर्षको श्रमिकको मृत्यु दर विश्लेषण गर्दा २०७७।७८ देखि २०७८।७९ सम्ममा ५ प्रतिशतले वृद्धि छ भने २०७८।७९ देखि २०७९।८० सम्म १ प्रतिशतले घटेको छ। अङ्गभङ्ग तथा बिरामी श्रमिकको दर २०७७।७८ मा १८.५० प्रतिशत रहेकोमा २०७८।७९ मा ३१.९५ प्रतिशत र २०७९।८० मा ४९.५४ प्रतिशत पुगेको छ। अङ्गभङ्ग तथा बिरामीको दर बढ्दो क्रममा देखिन्छ।

२८. **मृत्युको कारण** - वैदेशिक रोजगारीमा गएका नेपाली कामदारहरु सम्बन्धित देशको हावापानी, कामको चाप, मदिरा सेवन, कामदारबीच झैझगडा, परिवारिक तनाव, स्थानीय ऐन कानुनको जानकारीको अभाव, मेशिनरी औजारको सञ्चालनमा हुने प्राविधिक त्रुटी, सवारी दुर्घटना आदि जस्ता कारणले कामको दौरानमा मृत्यु, अंगभंग तथा बिरामी परेको अवस्था छ। वैदेशिक रोजगार बोर्डको सचिवालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा देहायका देशमा विभिन्न कारणले गर्दा मृत्यु भएका श्रमिकको विवरण देहाय बमोजिम छः

मृत्युको कारण	देशको नाम									
	मलेशिया	साउदी अरब	संयुक्त अरब ईमिरेटस्	कतार	कुवेत	दक्षिण कोरिया	बहराईन	ओमान	जम्मा	प्रतिशत
विरामी	१३५	१	५४	८९	२७	७	१०	२	३२५	३०.७०
स्वभाविक (प्राकृतिक मृत्यु)	२५	१२२	३६	५७	१५	३	४	२	२६४	२४.८५
आत्महत्या	३८	४१	३१	२५	२	१	०	१	१३९	१३.०८
ट्राफिक दुर्घटना	१९	५७	२०	३२	२	३	०	४	१३७	१२.९०
हर्ट एट्याक	२०	३	२०	२२	१९	२	०	०	८६	८.०९
अज्ञात	२७	२२	६	१	०	०	०	०	५६	५.२७
कार्यस्थल दुर्घटना	५	१४	०	५	१	१	६	०	३२	३.०१
कोभिड १९	१४	१	०	१	०	०	०	०	१६	१.५०
हत्या	१	४	०		१	१	०	०	७	०.६५
जलेको	०	५	०	०	०	०	०	०	५	०.४७
सफोकेशन	०	४	०	०	०	०	०	०	४	०.३७
क्यान्सर	०		३	१	०	०	०	०	४	०.३७
एक्सिडेन्टल इन्सिडेन्ट	०	२	०	०	०	०	०	०	२	०.१८
डुवेर मर्ने	०	२	०	०	०	०	०	०	२	०.१८
अन्य	१३	२	२१	१३	३	३	१	०	५४	५.०८
जम्माः	**२९७**	**२८०**	**१९१**	**१८३**	**६८**	**१८**	**२१**	**४**	**१०६२**	**१००**
प्रतिशतल	**२७.९६**	**२६.३६**	**१७.९८**	**१७.२३**	**६.४०**	**१.६९**	**२.००**	**०.३७**	**१००**	

उल्लेखित विवरण अनुसार ८ देशको कुल मृत्यु १०६२ मध्ये मलेसियामा २७.९६ प्रतिशत, साउदी अरेबियामा २६.३६ प्रतिशत, संयुक्त अरब ईमिरेट्समा १७.९८ प्रतिशत, कतारमा १७.२३ प्रतिशत, र कुवेतमा ६.०४ प्रतिशत श्रमिकको मृत्यु भएको छ। त्यस्तै मृत्युको कारण विश्लेषण गर्दा ३०.७० प्रतिशत मृत्युको कारण बिरामी रहेको छ। बिरामीको कारण बढी श्रमिक मृत्यु हुने

मुलुकहरुमा क्रमशः मलेसिया, कतार, संयुक्त अरब ईमिरेट्स, कुवेत, बहराइन र दक्षिण कोरिया रहेका छन्। कुल मृत्युमध्ये २४.८५ प्रतिशत मृत्युलाई स्वभाविक वा प्राकृतिक भनी उल्लेख छ। १३.०८ प्रतिशतको मृत्यु आत्महत्याको कारण रहेको देखिन्छ। आत्महत्या बढी हुने मुलुकमा साउदी अरेबिया, मलेसिया, संयुक्त अरब ईमिरेट्स र कतार रहेका छन्। १२.९० प्रतिशत मृत्यु ट्राफिक दुर्घटनाबाट भएको र ट्राफिक दुर्घटनाबाट बढी श्रमिकहरुको मृत्यु हुने मुलुकमा क्रमशः साउदी अरेबिया, मलेसिया, संयुक्त अरब ईमिरेट्स र कतार रहेका छन्। ८.०९ प्रतिशत मृत्यु हृदयघातबाट भएको र हृदयघातबाट बढी मृत्यु हुने मुलुकमा क्रमशः कतार, मलेसिया, संयुक्त अरब ईमिरेट्स र कुबेत रहेका छन्। ३.०१ प्रतिशत मृत्युको कारण कार्यस्थल दुर्घटना रहेको छ। सो बाहेक श्रमिकको मृत्युको कारण जलेको, हत्या, सफोकेशन, डुबेर, कोभिड १९ आदि रहेका छन्।

कुल मृत्युमध्ये २४.८५ प्रतिशत मृत्युलाई स्वभाविक भनिएको छ। स्वदेशबाट मेडिकल जाँच गरी श्रमको लागि गन्तव्य मुलुक गएको नागरिकको वैदेशिक रोजगारीको अवधिमा हुने मृत्युलाई स्वभाविक भन्न मिल्ने देखिदैन। त्यस्तै ५.२७ प्रतिशत मृत्युको कारण अज्ञात र ५.०८ प्रतिशत मृत्युको कारण अन्य उल्लेख भएकोले स्वभाविक, अज्ञात र अन्य कारण भनिएको मृत्युको वास्तविक कारण पत्ता लगाउनु पर्ने देखिन्छ। बिरामीको कारण मृत्यु हुने मुलुकको स्वास्थ्य उपचार सुविधा अध्ययन हुनु पर्ने, ट्राफिक दुर्घटनाबाट मृत्यु हुने मुलुकमा सचेतनाका कार्यक्रम सञ्चालन हुनुपर्ने, श्रमिकले आत्महत्या गर्ने कारण पत्ता लगाई मनोचिकित्सा कार्यक्रम सञ्चालन लगायतबाट श्रमिकको मृत्यु दरमा सुधार ल्याउन पहल हुनुपर्ने देखिन्छ।

२९. **शव व्यवस्थापन** - वैदेशिक रोजगारीमा रहेका कामदारको गन्तव्य मुलुकमा मृत्यु भएमा मृतकको शव अन्तिम सँस्कारको लागि परिवारलाई हस्तान्तरण गर्न वैदेशिक रोजगार बोर्डको बजेटबाट रकम निकासा हुने गरेको छ। वैदेशिक रोजगार बोर्डको आर्थिक वर्ष २०७९/८० को प्रगति विवरण अनुसार बोर्डले शव व्यवस्थापनमा रु.२ करोड ८५ लाख ८० हजार खर्च गरेको छ। बोर्डबाट वैधानिक रुपमा रोजगारीमा रहेका कामदारको मात्र शव व्यवस्थापनको लागि रकम निकासा हुने गरेकोले गैरकानुनी रुपमा रहेका श्रमिकको मृत्यु भएमा शव व्यवस्थापनमा समस्या हुने गरेको दूतावासहरुले उल्लेख गरेका छन्। वैदेशिक रोजगार व्यवसायी, रोजगारदाता कम्पनी, गन्तव्य मुलुकका सम्बन्धित निकायका कारण समेत श्रमिकहरु अवैधानिक हुने अवस्था देखिएको छ। अतः श्रमिक अवैधानिक हुनुको कारण अध्ययन विश्लेषण गरी शव व्यवस्थापन हुनु पर्दछ।

३०. **आर्थिक सहायता** - वैदेशिक रोजगार नियमावली, २०६४ को नियम २८ बमोजिम वैदेशिक रोजगारीमा गएको कुनै कामदारको करार अवधि भित्र कुनै कारणले मृत्यु भएमा मृतक कामदारको नजिकको हकवालालाई वैदेशिक रोजगार कोषबाट प्रारम्भमा ३ लाख र २०७४ श्रावण १६ मा भएको नियमावलीको तेस्रो संसोधन पश्चात ७ लाख रुपैया आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था छ। वैदेशिक रोजगार बोर्डबाट प्राप्त विवरण अनुसार मृतक कामदारको आफन्तलाई उपलब्ध गराएको आर्थिक सहायताको विवरण देहाय बमोजिम रहेको छ।

आर्थिक वर्ष	मृतक कामदारको संख्या	आर्थिक सहायता (रु. हजारमा)	अंगभंग तथा विरामी कामदारको संख्या	आर्थिक सहायता (रु.हजारमा)
२०७५।७६	७८०	५१६३२५	३५५	१००५२२
२०७६।७७	६८१	४२६७४५	२१६	६०६७७
२०७७।७८	१२७५	७५६४९५	१६१	५८४२६
२०७८।७९	१५१०	७७७४५०	२७८	९१७४७
२०७९।८०	१२६५	५६२८००	४३१	१२७१००

२०७४ सालमा पछिल्लो पटक आर्थिक सहायतामा वृद्धि भएकोमा ६ वर्ष व्यतित भै सक्दा पनि समय सापेक्ष रुपमा अद्यावधिक भएको छैन। वैदेशिक रोजगारीमा जाँदा अपनाउनु पर्ने प्रक्रिया जस्तै अभिमूखीकरण तालिम, स्वास्थ्य परीक्षण, राहदानी तथा भिसा शुल्क, तालिम, टिकट तथा भ्रमण खर्च, वैदेशिक रोजगार व्यवसायीको सेवा शुल्क, बीमा, आदिको खर्च स्वयं श्रमिकले व्यहोरेको अवस्थामा सरकारले श्रमिकले तिरेको सेवा शुल्क परिचालन गरी प्राप्त रकमबाट आर्थिक सहायता प्रदान गर्ने गरेको छ। वैदेशिक रोजगारी वैदेशिक मुद्रा प्राप्तिको प्रमुख स्रोत भएकोले श्रमिकहरुलाई प्रोत्साहन गर्न आर्थिक सहायतालाई समय सापेक्षरुपमा वृद्धि गर्ने र रोजगारीमा जाने प्रक्रियामा हुने खर्चहरुमा समेत सहुलियत प्रदान गर्नुपर्दछ।

३१. **क्षतिपूर्ति** - वैदेशिक रोजगारीमा रहेका श्रमिकको आफ्नो कारण नभई अन्य पक्षबाट भएको लापरवाहीबाट मृत्यु भएमा सम्बन्धित देशको कानून बमोजिम क्षतिपूर्ति प्राप्त हुने गरेको छ। कन्सुलर सेवा विभागबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० मा विभिन्न मुलुकबाट ६१९ कामदारको मृत्यु पश्चात सम्बन्धित कम्पनीबाट प्रदान गरिएको रु. ८० करोड ४३ लाख ४१ हजार सम्बन्धित जिल्ला प्रशासन कार्यालय मार्फत मृतकका आफन्तलाई प्रदान गरिएको छ। आर्थिक वर्ष २०७९।८० मा साउदी अरेबियामा २८० जना नेपाली श्रमिकको मृत्यु भएकोमा श्रमिकले मृत्यु हुनु अगावै गरेको कामको पारिश्रमिक र क्षतिपूर्ति वापतको रकम रु. १५ करोड ८२ लाख ५२ हजार (४४६९१४० सा.रि *३५.४१ को दरले) दूतावासले नेपाल पठाएको छ। दूतावासले तयार गरेको फाराममा मृतक कामदारले मृत्यु हुनु अगावै गरेको कामको पारिश्रमिक र क्षतिपूर्ति वापतको रकम नखुलेकोले वास्तविक क्षतिपूर्ति रकम खुल्न सक्ने अवस्था छैन। त्यस्तै मलेसियामा रोजगारदाता कम्पनीले क्षतिपूर्ति वापतको रकम सोझै श्रमिकको हकवालाको खातामा दाखिला गर्ने गरेकोले दूतावासमा यसको अभिलेख रहेको छैन।

कन्सुलर सेवा विभागबाट प्राप्त क्षतिपूर्तिसम्बन्धी खाताको २०७९।८० को अवस्था देहाय बमोजिम रहेको छ।

(रकम रु. हजारमा)

गत वर्षको जिम्मेवारी	यस वर्ष प्राप्त रकम	जम्मा	यस वर्ष हस्तान्तरण भएको रकम	बाँकी रकम
१५९९	८२४८९३	८२६४९३	८०४३४१	२२१५२

उपर्युक्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यमा रु. २ करोड २१ लाख ५२ हजार रकम बाँकी रहेको देखिन्छ। आषाढ महिनाको अन्त्यमा दूतावासबाट रकम प्राप्त भएकोले उक्त रकम सोही आर्थिक वर्षमा सम्बन्धित जिल्ला प्रशासनलाई निकासा दिन नसकिएको कन्सुलर सेवा विभागको भनाई रहेको छ।

- कन्सुलर सेवा कार्यविधि,२०७२ को दफा ११(ग)अनुसार मृतकको कानुनी हकदारले पाउने क्षतिपूर्ति, बीमा लगायत अन्य जुनसुकै प्रकारको रकम वा ड्राफ्ट नेपाली नियोगको खातामा जम्मा भए पश्चात् उक्त रकमलाई नियोगले मृतकको नाम, ठेगाना, राहदानी नम्बर, बाबुको नाम आदि विवरण सहित के वापत रकम प्राप्त भएको हो सो समेत उल्लेख गरी रकमको अंक स्पष्टसँग खोली रकम प्राप्त भएको मितिले यथाशिघ्र चाँडो वा दुई हप्ता भन्दा ढिलो नहुने गरी मन्त्रालय पठाई सोको बोधार्थ विभागलाई समेत दिनु पर्ने व्यवस्था छ। नेपाली नियोगले मन्त्रालय तथा विभागमा पठाएको रकमको विवरण आफ्नो वेभसाइटमा समेत राख्नु पर्ने र मन्त्रालयले यसरी प्राप्त भएको रकम मृतकको कानुनी

हकदारलाई बुझाउने प्रयोजनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा यथाशिघ्र पठाउनु पर्ने व्यवस्था छ। साउदी अरेबियाको रियादस्थित नेपाली दूतावासले आर्थिक वर्ष २०७९/८० मा २२३ जना र जेद्दास्थित नेपाली महावाणिज्य दूतावासले ६५ श्रमिकको क्षतिपूर्ति र कामको पारिश्रमिक वापत प्राप्त रकम मध्ये साउदी रियाल ६१५८६१५।०० नेपाल पठाएकोमा साउदी रियाल ७६१२२।०० नेपाल पठाउन बाँकी रहेको छ। पटक पटक पठाउँदा लागत बढी लाग्ने भएकोले महिनामा १ पटक रकम पठाउने गरेको तथा कम्पनीले दूतावासको खातामा रकम एकमुष्ठ जम्मा गरिदिने र कामदारको नाम केहि समय पछि मात्र पठाउने भएकाले कामदार यकिन नभई समयमा नेपाल पठाउन समस्या भएको र नाम यकिन गरेपछि मात्र नेपाल पठाउने दूतावासको भनाई रहेको छ।

दूतावासले कन्सुलर सेवा विभागलाई क्षतिपूर्ति रकम पठाउने र कन्सुलर सेवा विभागले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाई रकम हस्तान्तरण गर्ने प्रक्रिया रहेकोमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले समेत समयमा रकम सम्बन्धित पक्षलाई हस्तान्तरण नगरेको अवस्था छ। जसका केही उदाहरण देहाय बमोजिम छनः

(आर्थिक वर्ष २०७९।८० को आर्थिक विवरण अनुसार)

(रकम रु. हजारमा)

जिल्ला प्रशासन कार्यालयको नाम	गत वर्षको जिम्मेवारी	यस वर्ष प्राप्त रकम	जम्मा	यस वर्ष हस्तान्तरण भएको रकम	बाँकी रकम
मकवानपुर	२५८	११०५१	११३०९	१०९६२	३४७
कास्की	१२६७	३८०८७	३९३५४	३३०७८	६२७६
धनुषा	८४१२	५१७७६	६०१८८	४०७८८	१९४००
खोटाङ	७२६६	२४८९१	३२१५७	२४८९१	७२६६

क्षतिपूर्ति वापतको रकम समयमा उपलब्ध गराउन सम्बन्धित सबै निकायलाई जिम्मेवार बनाउने गरी कार्यविधि तयार गर्नु पर्ने र रकम हस्तान्तरण भए नभएको सम्बन्धमा तालुक निकायबाट समेत अनुगमन हुनु पर्दछ।

३२. **गैरआवासीय तथा प्रवासी नेपाली संघ संगठनको भूमिका** - पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) को श्रम तथा रोजगारको कार्यनीतिमा गन्तव्य मुलुकमा कामदारको हक हितको संरक्षण तथा प्रवर्द्धन र उद्धारका लागि त्यहाँ रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली संघ, संगठन र प्रतिष्ठित रोजगारदाता कम्पनीसँग प्रभावकारी समन्वय कायम गरिने उल्लेख छ। नेपाली श्रमिकको गन्तव्य मुलुकमा रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली संघ, संगठनले बिरामी श्रमिकको उपचारको लागि सहयोग जुटाउने, अवैधानिक रुपमा रहेका श्रमिकको मृत्यु भएमा निजको शव नेपाल पठाउन सहयोग जुटाउने, नेपाली श्रमिकका समस्या समाधानको लागि दूतावाससँग समन्वय गर्ने लगायतका काम गरेको देखियो। गैरआवासीय तथा प्रवासी नेपाली संघ, संगठन, प्रतिष्ठित व्यक्ति तथा श्रमिकबाट नेपाली श्रमिकहरुको हक हित संरक्षण, प्रवर्धन तथा उद्धारमा सहयोग भैरहेको भए पनि यसलाई संस्थागत रुप प्रदान गरी उनीहरुबाट भएका कामको अभिलेखिकरण, प्रतिवेदन तथा प्रचार प्रसार भएको देखिएन। कूटनीतिक नियोगहरु प्रत्यक्ष रुपमा उपस्थित हुन कठिनाई हुने अवस्था जस्तै गैरकानूनी रुपमा रहेका कामदारको उद्धार, स्थलगत रुपमा सेवा प्रदान गर्नको लागि आवश्यक हुने बासस्थलको व्यवस्था, सुरक्षित गृहको सञ्चालन,

अवैधानिक मृतक श्रमिकको शव व्यवस्थापन, नेपाली श्रमिकका समस्याहरुको सूचना सङ्कलन लगायतमा यस्ता संघसंगठनको भूमिका नियोगको सेवा प्रवाहमा सहयोगी हुन सक्दछ। उदाहरणको लागि साउदी अरेबियास्थित जेद्दामा नेपाली संघ संस्थाहरुको सहयोगमा गत विगतमा सुरक्षित गृहको सञ्चालन भएको समेत देखियो। अतः गैरआवासीय तथा प्रवासी नेपाली संघ, संगठन र प्रतिष्ठित रोजगारदाता कम्पनीले नेपाली श्रमिकको सेवाप्रवाहमा नियोग तथा नेपाल सरकारलाई सहयोग गर्न सक्ने क्षेत्र, यसको संस्थागत संरचना, उनीहरुलाई नेपाल सरकारको तर्फबाट गर्नु पर्ने सहयोग आदि सम्बन्धमा विस्तृत अध्ययन गरी गैरआवासीय तथा प्रवासी नेपाली संघ, संगठनबाट हुने सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

३३. **अवैधानिक श्रमिक** - नेपाली श्रमिकहरु विदेशी मुलुकमा काम गर्न वैदेशिक रोजगार ऐन तथा नियमावलीमा भएका प्रक्रिया पूरा गरी श्रम स्वीकृती लिएर गन्तव्य मुलुकमा जानु पर्ने व्यवस्था छ। अधिकांश श्रमिक प्रक्रिया पूरा गरी श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जाने गरेको भए पनि वैदेशिक रोजगारीका प्रमुख गन्तव्य मुलुकहरुमा गैरकानुनी रुपमा समेत उल्लेख्य संख्यामा नेपाली श्रमिक रहेको देखियो। राजदूतावास रहेको मुलुकमा अवैधानिक रुपमा नेपाली श्रमिकहरु कार्यरत रहे नरहेको, अवैधानिक श्रमिकहरुको संख्या, श्रमिकहरु अवैधानिक हुनुको कारण, सो बाट उत्पन्न हुने समस्या सम्बन्धमा मलेसिया, साउदी अरेबिया र संयुक्त अरब इमिरेट्ससँग विवरण माग गरिएकोमा मलेसियामा करिब १ लाखको संख्यामा, साउदी अरेबियामा १५ हजार १३६ र संयुक्त अरब इमिरेट्स मा २ लाख ५६ हजार १ सय ५९ अवैधानिक नेपाली श्रमिक रहेको विवरण दूतावासबाट प्राप्त भएको छ। संयुक्त अरब इमिरेट्समा पर्यटन भिसामा श्रमिक आउने तर स्वदेश फिर्ता नहुने तथा श्रम अवधि समाप्त भएपश्चात पुनः श्रम स्वीकृति नलिएको कारणले श्रमिकहरु अवैधानिक रुपमा रहेको दूतावासले उल्लेख गरेको छ। साउदी अरेबिया र मलेसियामा श्रमिक काम गरिरहेको कम्पनीले भिसा नवीकरण नगरिदिने, आवासीय परिचय पत्र नबनाईदिने, नवीकरण नगरिदिने र कामदार आफैले कम्पनी छोडी भागेकोले अवैधानिक हुने गरेको उल्लेख छ। श्रमिकहरु कम्पनी छाडी भाग्ने कारणमा सम्झौता अनुसारको काम र पारिश्रमिक प्राप्त नहुने, कार्यवातावरण अनुकुल नहुने लगायत छन्। कामदार अवैधानिक भए पछि प्रहरीबाट प्रक्राउ पर्ने र मुद्धा खेप्नु पर्ने, कालो सूचीमा पर्ने, उपचारको लागि अस्पताल भर्ना हुन नसक्ने, सार्वजनिक यातायात प्रयोग गर्न नसक्ने, जरिवाना तिर्नु पर्ने, प्राप्त गर्न सकिने सेवा सुविधा प्राप्त नहुने लगायतका समस्या हुने देखिन्छ। श्रमिकहरु नेपालबाट कामको लागि गन्तव्य मुलुकमा जाँदा आफुले गर्नु पर्ने काम, पारिश्रमिक र देशको हावापानी आदि सम्बन्धमा स्पष्ट जानकारी दिने र रोजगारदाताको कमजोरीको कारण कम्पनी छोड्नु पर्ने अवस्थालाई निरुत्साहित गर्न दूतावासले सम्बन्धित पक्षसँग कूटनीतिक पहल गर्नुपर्दछ।

३४. **निरीक्षण तथा अनुगमन** - साउदी अरेबियाको रियाद स्थित नेपाली राजदूतावास, जेद्दा स्थित महावाणिज्य दूतावास र मलेसियामा रहेको नेपाली राजदूतावासले आर्थिक वर्ष २०७९।८० मा देहाय बमोजिम नेपाली श्रमिकहरु रहेको स्थलको अनुगमन गरेको विवरण प्राप्त भएको छ।

- मलेसियाको क्वाललम्पुर स्थित नेपाली राजदूताबासबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा विभिन्न ७ कम्पनीमा निरीक्षण गरेकोमा ६ कम्पनीमा निरीक्षणको क्रममा सेवा सुविधा, आवास, कार्य वातावरण, क्यान्टिन राम्रो नदेखिएको, कार्यस्थल र आवास अलग अलग स्थानमा रहेकोमा यातायातको उचित प्रबन्ध नभएको, महिला कामदारको आवास गृह सुरक्षाको उचित प्रबन्ध नभएको, करार बमोजिम भन्दा फरक र तोकिएको

भन्दा बढी कार्य घण्टा काम लगाउने गरेको, करिब ३०० श्रमिकलाई ३ महिना देखि काममा लगाउन नसकेको र करिब ८० श्रमिकलाई नेपाल फर्काउने तयारी गरेको लगायतका समस्या देखिएको तथा १ कम्पनीमा कार्य वातावरण र प्रदान गरिएको सेवा सुविधा राम्रो भएको उल्लेख छ। समस्या देखिएका कम्पनीमा समस्या समाधानको लागि सुझाव र निर्देशन दिएकोमा केहीमा पूर्ण र केहीमा आंशिक रुपमा समस्या समाधान भएको उल्लेख छ।

साउदी अरेबियाको रियाद स्थित नेपाली राजदूतावास र जेद्दा स्थित महावाणिज्य दूतावासबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा विभिन्न मितिमा विभिन्न स्थानमा (विवरण नखुलेको) मा निरीक्षण गर्दा श्रमिकलाई कामको प्रकृतिको बारेमा पर्याप्त जानकारी नदिएको, कार्य सुरक्षासम्बन्धी उपकरणहरु पर्याप्त मात्रामा प्रयोग नभएको, आधारभूत सेवा सुविधा जस्तै स्वच्छ पिउने पानी, प्राथमिक उपचारका सामाग्री, आराम कक्ष, चमेना कक्ष, पर्याप्त सरसफाई आदि नभएकोमा सम्बन्धित रोजगारदाता कम्पनीलाई आधारभूत सेवा सुविधाको सुनिश्चितता गर्न जानकारी गराएको, श्रमिकलाई सचेतना गराएको, रोजगारदातालाई सुरक्षित उपकरणको प्रयोग तथा मेशिनरी उपकरण सञ्चालनसम्बन्धी तालिम लगायतको लागि अनुरोध गरेको उल्लेख छ।

- दूतावासबाट गरिएको स्थलगत निरीक्षण र देखिएको कैफियत विश्लेषण गर्दा नेपाली श्रमिक कार्यरत स्थलमा विभिन्न प्रकारका समस्या देखिन्छन्। कार्यस्थलमा हुने समस्या न्यूनीकरणको लागि दूतावासले निरीक्षण कार्यमा वृद्धि गर्नु पर्ने देखिन्छ। दूतावासमा हाल कार्यरत रहेको जनशक्ति दूतावासबाट नियमित रुपमा प्रवाह गर्नु पर्ने सेवामा संलग्न हुनु पर्ने र स्रोत साधनको अभावमा निरीक्षण कार्य प्रभावकारी हुन नसकेको अवस्था छ। अतः स्थलगत निरीक्षणलाई प्रभावकारी बनाउन स्थलगत निरीक्षण निर्देशिका निर्माण गर्ने, अत्यधिक रुपमा नेपाली श्रमिक रहेका स्थान पहिचान गर्ने, नियमित निरीक्षणको कार्यतालिका निर्माण गर्ने, जनशक्ति तथा स्रोत, साधन उपलब्ध गराउने, निरीक्षण तथा अनुगमन प्रतिवेदन तालुक निकायमा पठाई अध्ययन विश्लेषण गर्ने आदि सम्बन्धमा दूतावास र तालुक निकायले ध्यान दिनु पर्ने देखिन्छ। साथै दूतावासबाट स्थलगत रुपमा निरीक्षण भएको भए पनि तालुक निकायबाट अनुगमन गरी प्रतिवेदन दिने गरेको देखिएन। स्थलगत रुपमा श्रमिकले भोग्नु परेका समस्या तथा दूतावासको कार्यसम्पादन स्थिति सम्बन्धमा तालुक निकाय परराष्ट्र मन्त्रालय, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड, वैदेशिक रोजगार विभाग समेतबाट श्रमिक कार्यरत स्थानमा निरीक्षण तथा अनुगमन गरी कामदारका समस्या पत्ता लगाई समाधानका लागि आवश्यक पहल हुनुपर्ने देखिन्छ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

नेपालको कुल गार्हस्थ्य उत्पादन, गरिबी निवारण, जीवनस्तर सुधार, रोजगारी र राष्ट्रिय अर्थतन्त्रमा वैदेशिक रोजगारीको महत्वपूर्ण योगदान रहेको छ। रोजगारीमा जाने मुलुकको संख्या अधिक भए तापनि न्युन संख्यामा मात्र द्विपक्षीय श्रम सम्झौता भएको छ। नेपाली श्रमिक अत्यधिक संख्यामा वैदेशिक रोजगारीको लागि जाने गरेको भए पनि सीप तथा दक्षता प्राप्त श्रमिकको संख्या न्युन रहेको छ। नीति तथा ऐनमा व्यवस्था भए बमोजिम उल्लेख्य संख्यामा नेपाली श्रमिक कार्यरत मुलुकमा दूतावास तथा श्रम सहचारीको व्यवस्था हुन सकेको छैन। नेपाली श्रमिकहरुले गन्तव्य देशको भाषा तथा कानुन नबुझ्ने, सम्झौता बमोजिम तलब तथा सुविधा र काम नपाउने, उजुरी गर्ने स्थानको विषयमा जानकारी नहुने, कामको सिलसिलामा अंगभंग तथा मृत्यु हुने, विभिन्न कारणले नेपाली श्रमिकहरु विदेशमा अलपत्र पर्ने लगायतका समस्यहरु देखिएको छ। कूटनीतिक नियोगको भौतिक पूर्वाधार, दरबन्दी, सवारी साधन लगायतको अपर्याप्तताको कारण प्रभावकारी रुपमा सेवा प्रवाह हुने सकेको छैन। लेखापरीक्षणको आधारमा नेपाली दूतावास तथा नियोगले नेपाली श्रमिकलाई दक्ष तथा प्रभावकारी रुपमा सेवा प्रदान गर्ने सम्बन्धमा सुधार गर्नु पर्ने व्यहोरा देहाय बमोजिम छन्।

- वैदेशिक रोजगारीमा रहेका श्रमिकको देशगत संख्या यकिन हुन सक्ने संयन्त्र निर्माण गर्ने।
- वैदेशिक रोजगारीलाई सुरक्षित, भरपर्दो, व्यवस्थित र मर्यादित बनाउन रोजगार गन्तव्य मुलुकसँग दोहोरो श्रम सम्झौता गर्ने।
- गन्तव्य मुलुकमा उपलब्ध हुने कामको क्षेत्र तथा प्रकृति अध्ययन गरी सोही आधारमा देश भित्र सीप विकाससम्बन्धी तालिम सञ्चालन गरी दक्ष जनशक्ति उत्पादन गर्ने र सरकारबाट मान्यता प्राप्त संस्थाबाट दक्षता प्रमाणित भएका र गन्तव्य मुलुकमा सोहि बमोजिम काम गर्नेलाई मात्र दक्ष कामदारमा वर्गीकरण गर्ने।
- नेपाली दूतावास तथा नियोगलाई स्रोत साधन सम्पन्न बनाउने। सम्बन्धित देशमा कार्यरत नेपाली श्रमिकको संख्या, उक्त मुलुकको भौगोलिक अवस्था र क्षेत्रफल, दूतावासको कार्यबोझ, श्रमिकका समस्याहरु आदि अध्ययन गरी कूटनीतिक, श्रम सहचारी र स्थानीय कर्मचारीको व्यवस्था गर्ने।
- सुरक्षित गृह सञ्चालन गर्नु पर्ने मुलुकको पहिचान, स्थापना प्रक्रिया, बजेट व्यवस्था, भौतिक पूर्वाधार, सञ्चालन मापदण्ड, सुरक्षित गृहमा रहने श्रमिकको प्रकृति, अवधि आदि सम्बन्धमा स्पष्ट नीतिगत तथा कानुनी व्यवस्था गरी सुरक्षित गृह सञ्चालन गर्ने।
- नियोगबाट समाधान हुन नसक्ने समस्या समाधानका लागि उच्च स्तरबाट समेत कूटनीतिक पहल गर्ने।
- अलपत्र परी घर फर्कन चाहने श्रमिकलाई स्वदेश फिर्ताको लागि उच्च स्तरमा तत्काल उद्धार संयन्त्र (Rapid Response Mechanism) बनाउने।
- श्रमिकहरु गन्तव्य मुलुकमा रवाना हुनु अगावै सबै काम कानुन बमोजिम भएको र उनीहरुले प्राप्त गर्नु पर्ने सम्पूर्ण सूचना तथा जानकारी पाएको सुनिश्चित हुन श्रमिक र सम्बन्धित निकायको प्रत्यक्ष सम्पर्क स्थापित हुने संयन्त्र निर्माण गर्ने।

- स्थलगत घुम्ती सेवा लाई प्रभावकारी बनाउन श्रमिकको संख्या, देशको भौगोलिक अवस्थिति तथा क्षेत्रफल आदिलाई समेत आधार मानी जनशक्ति, सवारी साधन, मोबाईल टुलकिट लगायतका साधन उपलब्ध गराउने र स्थलगत घुम्ती सेवा सञ्चालन सम्बन्धमा कार्यविधि तथा निर्देशिका तयार गर्ने।
- देशको भौगोलिक क्षेत्रफल, दूतावास रहेको स्थान लगायतको आधारमा अत्याधिक संख्यामा नेपाली कार्यरत स्थानमा स्थानीय कर्मचारी राखी सेवा प्रवाह गर्न सम्भाव्यता अध्ययन गर्ने।
- वैदेशिक रोजगार नीति, २०६८ को व्यवस्था अनुरुप विदेशी मुलुकका कारागारमा रहेका नेपाली श्रमिकलाई आफ्नै देशको कारागारमा सजाय भुक्तान गर्ने गरी स्थानान्तरण गर्न पहल गर्ने।
- सहि गन्तव्य मुलुक छनौटको लागि प्रारम्भिक चरणमा स्थानीय निकाय तथा श्रम कार्यालयहरुबाट रोजगारी प्रदान गर्ने मुलुक, उक्त मुलुकमा रोजगारी सम्बन्धमा देखिएका सकारात्मक पक्ष तथा कमिकमजोरी, विशिष्टीकृत समस्याहरु सम्बन्धमा जानकारी दिन नियमित तालिम सञ्चालन गर्ने, वैदेशिक रोजगारी सम्बन्धमा सूचना तथा जानकारी समेटिएका प्रचार सामाग्री उत्पादन तथा वितरण गर्ने र श्रम गन्तव्य मुलुकमा रोजगारमा जानको लागि छनौट भैसकेका श्रमिकलाई गन्तव्य मुलुक केन्द्रीत अभिमुखीकरण तालिम सञ्चालन गर्ने।
- स्वभाविक, अज्ञात र अन्य कारण उल्लेख भएका मृत्युको वास्तविक कारण पत्ता लगाउने। बिरामीको कारण बढी मृत्यु हुने मुलुकको स्वास्थ्योपचार सुविधा अध्ययन गर्ने, ट्राफिक दुर्घटनाबाट बढी मृत्यु हुने मुलुकमा सचेतनाका कार्यक्रम सञ्चालन गर्ने, श्रमिकले आत्महत्या गर्ने कारण पत्ता लगाई मनोचिकित्सा कार्यक्रम सञ्चालन लगायतका काम गरी श्रमिकको मृत्यु दरमा सुधार ल्याउन पहल गर्ने।
- श्रमिकहरु अवैधानिक हुनुको कारण समेत अध्ययन विश्लेषण गरी अवैधानिक श्रमिकको शव व्यवस्थापन गर्ने।
- क्षतिपूर्ति वापतको रकम समयमा उपलब्ध गराउन सम्बन्धित सबै निकायलाई जिम्मेवार बनाउने गरी कार्यविधि तयार गर्ने र रकम समयमा हस्तान्तरण भए नभएको सम्बन्धमा तालुक निकायबाट समेत अनुगमन गर्ने।
- गैरआवासीय तथा प्रवासी नेपाली संघ, संगठन र प्रतिष्ठित रोजगारदाता कम्पनीले नेपाली श्रमिकको सेवाप्रवाहमा नियोग तथा नेपाल सरकारलाई सहयोग गर्न सक्ने क्षेत्र, यसको संस्थागत संरचना, उनीहरुलाई नेपाल सरकारको तर्फबाट गर्नु पर्ने सहयोग आदि सम्बन्धमा विस्तृत अध्ययन गरी गैरआवासीय तथा प्रवासी नेपाली संघ, संगठनबाट हुने सहयोगलाई व्यवस्थित तथा प्रभावकारी बनाउने।
- स्थलगत निरीक्षणमा देखिएको कैफियतको आधारमा निरीक्षण संख्यामा वृद्धि गर्ने, सुधारको लागि दिएको सुझाव कार्यान्वयनको स्थिति अनुगमन गर्ने र स्थलगत अनुगमनको प्रतिवेदन तयार गरी तालुक कार्यालयमा पठाउने।
- स्थलगत रुपमा श्रमिकले भोग्नु परेका समस्या तथा दूतावासको कार्यसम्पादन स्थिति सम्बन्धमा तालुक निकायबाट श्रमिक कार्यरत स्थानमा निरीक्षण तथा अनुगमन गरी कामदारका समस्या पत्ता लगाई समाधानका लागि आवश्यक पहल गर्ने।

तराई -मधेश समृद्धि कार्यक्रम
परिच्छेद - १
परिचय

१. **पृष्ठभूमि** - मानव विकास सूचकाङ्क न्युन तथा गरिबीको समग्र दर र गहनता उच्च रहेका तराई - मधेशका स्थानीय तहहरूमा भौतिक पूर्वाधार लगायत विकासका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरी सघन रूपमा आर्थिक, सामाजिक रूपान्तरण गर्न एवं जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि तथा जीवनस्तरमा सुधार ल्याउन २०७५/७६ बाट सामुहिक आवास भवन, साना सडक स्तरोन्नती, पूर्वाधार विकास, कृषि विकास, खानेपानी तथा सरसफाई, सिचाईं तथा नदी नियन्त्रण, उर्जा, विपद् जोखिम न्यूनीकरण, पूर्वाधार र पारस्परिक पेशा प्रबर्द्धन सहितका विभिन्न ९ कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ। तत्कालीन अवस्थामा संञ्चालित सीमाक्षेत्र विकास कार्यक्रमलाई परिमार्जन गर्दै यस कार्यक्रमको सुरुवात भएको पाईन्छ। यसका लागि तराई-मधेश समृद्धि कार्यक्रमबाट अधिकतम् ७० प्रतिशत र सम्बन्धित स्थानीय तहबाट न्युनतम ३० प्रतिशत लागत सहभागिता अनिवार्य गरिएको छ भने बढी लागत साझेदारी गर्ने स्थानीय तहले माग गरेका आयोजनाहरूलाई विशेष प्राथमिकता दिईने व्यवस्था रहेकोछ। स्रोत अभावका कारणले लागत साझेदारी गर्न नसक्ने स्थानीय तहको हकमा मन्त्रालयले निर्णय गरे बमोजिम हुने व्यवस्था छ। हाल यो कार्यक्रम तराई-मधेशका २२ जिल्लाको २७८ स्थानीय तहमा सञ्चालित छ।

२. **नीतिगत व्यवस्था** - नेपाल सरकारको नीति तथा कार्यक्रममा तराई-मधेश समृद्धि कार्यक्रमलाई देहाय अनुसार उल्लेख गरिएको छ:

२.१. **दिगो विकास लक्ष्य, (२०१६-३०)** - दिगो विकासको १७ वटा लक्ष्यहरुमध्ये पहिलो लक्ष्यमा गरिबीको अन्त्य गर्ने र तेश्रो लक्ष्य अन्तर्गत समृद्ध जीवनस्तर प्रबर्धन गर्ने रहेको छ। यी लक्ष्यहरुलाई तराई – मधेश समृद्धि कार्यक्रमसँग सम्बन्धित छन्।

२.२. नेपाल सरकारको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रमको बुँदा नं. १४४ मा उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी आर्थिक समृद्धि सहितको सामाजिक न्याय हासिल गर्न, जलवायु परिवर्तनका नकारात्मक असर न्युन गर्ने, गुणस्तरीय विकास संरचना निर्माण गर्ने र देशलाई समुन्नत बनाउने घोषणा गरिएको छ।

२.३. **बजेट वक्तव्यमा भएको व्यवस्था**- यस कार्यक्रमको निरन्तरताका लागि देहायका आर्थिक वर्षहरुमा कार्यक्रमको लागि निम्नानुसार बजेट विनियोजन गरेको पाइयो। आर्थिक वर्ष २०७५।७६ बाट संञ्चालित यस कार्यक्रमलाई मन्त्रालयले निरन्तरता दिँदै आएको छ। यसका लागि विगत तीन वर्षमा भएको बजेट व्यवस्था देहाय अनुसार छ।

आर्थिक वर्ष	बजेट वक्तव्यको		विनियोजित बजेट रु
	बुँदा नं.	व्यहोरा	
२०७७।७८	२५३	मानव विकास सूचकाङ्कमा पछाडि परेका सीमाक्षेत्रका जिल्लाको आर्थिक सामाजिक विकास एवं पूर्वाधार निर्माण गर्ने।	१ अर्ब ५० करोड
२०७८।७९	३५९	समृद्धि कार्यक्रम, पूर्वाधार विकास एवं जीवनस्तर सुधारको कार्यक्रम कार्यन्वयन गर्ने।	१ अर्ब ५२ करोड
२०७९।८०	३०३	तराई मधेश समृद्धि कार्यक्रमलाई निरन्तरता दिई बजेट विनियोजन गरिएको।	१ अर्ब ७० करोड

३. **कानूनी तथा अन्य व्यवस्था** - यस विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थाहरु देहाय अनुसार छन्:

३.१ नेपालको संविधानको धारा ५१ मा विकासका दृष्टिले पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिंदै सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा भौतिक पूर्वाधारको विकास गर्ने, सामाजिक न्याय तथा समावेशीकरणसम्बन्धी नीति अवलम्बन गर्ने, दुर्गम र पछाडि पारिएका क्षेत्रलाई बिशेष प्राथमिकता दिने, श्रमशक्तिलाई दक्ष र व्यवसायीक बनाउने र धारा ३८ मा शिक्षा स्वास्थ्य रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसरको व्यवस्था गरिएको छ।

३.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(छ) मा स्थानीय स्तरमा सञ्चालन हुने विकास आयोजनाहरुको तर्जुमा कार्यन्वयन, प्रभावकारी अनुगमन तथा मुल्यांङ्कन गर्ने अधिकार स्थानीय तहलाई रहेको छ।

३.३ तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० मा कार्यक्रम कार्यन्वयनका लागि विविध व्यवस्थाहरु गरिएको छ।

४. **कार्य प्रक्रिया विश्लेषण -** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय ईकाइ मार्फत कार्यक्रम स्वीकृत एवं बजेट व्यवस्थापन हुदै आएको छ। यस कार्यक्रम अन्तरगत सञ्चालित कार्यक्रमहरुको कार्यान्वयन स्थानीय तहहरुबाट भइरहेको छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, केन्द्रीय समन्वय ईकाइ र कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहहरु यसका जिम्मेवार पक्षहरु हुन। यो कार्यक्रम कार्यान्वयनमा संलग्न निकाय/ संस्थाहरू निम्नानुसार छन्:

- संघीय सरकार,
- स्थानीय तहहरु
- उपभोक्ता समिति
- लाभग्राही समुहहरु

५. **बजेट व्यवस्था -** केन्द्रीय समन्वय इकाईबाट प्राप्त विवरणअनुसार कार्यक्रम सञ्चालनका लागि विगत ५ वर्षमा भएको बजेट विनियोजनको स्थिति देहाय अनुसार रहेको छ:

(रकम रु.हजारमा)

आर्थिक वर्ष	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९	२०७९/८०	कुल बजेट
बजेट विनियोजन	२,०३,०६,००	१,६०,०२,००	१,५१,४६,००	१,५१,००,००	१,७०,३२,५०	८,३५,८६,५०

६. **लेखापरीक्षणको औचित्य** - देशको समग्र विकासका लागि आर्थिक एवं सामाजिक रुपले पछि परेका वर्ग/समुदायको उत्थान गर्नु अत्यावश्यक छ। तराई मधेशका आर्थिक एवं सामाजिक रुपले अतिबिपन्न समुदायमा विभिन्न ९ वटा क्षेत्रमा विगत ५ वर्ष देखि सञ्चालित यस कार्यक्रमको कार्यान्वयन स्थितिको अध्ययन एवं विश्लेषण गरि सुझाव सहितको प्रतिवेदन जारी गर्नुपर्ने भएकोले कार्यमूलक लेखापरीक्षणका लागि यस विषयको छनौट गरिएको हो।

परिच्छेद - २
लेखापरीक्षणको उद्धेश्य, क्षेत्र, पद्धति

७. **लेखापरीक्षणको उद्धेश्य** - तराई मधेश-समृद्धि कार्यक्रमको कार्यान्वयन अवस्था अध्ययन विश्लेषण गरी देखिएका व्यहोराहरु र सुधारका उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। लेखापरीक्षण उद्धेश्य अनुरुप परीक्षण गर्न लेखापरीक्षण प्रश्न देहाय बमोजिम निर्धारण गरिएका थिएः

- कार्यक्रम कार्यान्वयन गर्दा तोकिएको विधि, पद्धति एवं प्रक्रियाहरुको परिपालना भए नभएको,
- कार्यक्रम तोकिएको समुदाय एवं स्थानमा सञ्चालन भए नभएको र लाभग्राही समुदायको प्रत्यक्ष संलग्नता भए नभएको,
- कार्यक्रम कार्यान्वयनका संयन्त्रहरु र अनुगमन तथा मूल्याङ्कन व्यवस्था प्रभावकारी भए नभएको।

८. **लेखापरीक्षणको क्षेत्र** - संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, केन्द्रीय समन्वय ईकाइ र सम्बन्धित स्थानीय तहलाई लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणका लागि मुलभूत रुपमा २०७५/७६ देखि २०७९/८० सम्मका तथ्य तथ्याङ्क सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकता अनुसार सम्बन्धित अन्य निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ।

९. **लेखापरीक्षण पद्धति** - नेपाल सरकार लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (इसाई ३००) र लेखापरीक्षणका मानदण्ड (इसाई ३०००) बमोजिम लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण समीक्षा पत्र, लेखापरीक्षण योजना र लेखापरीक्षणका मानदण्ड (इसाई ३०००), कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०७९, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन गरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षण विधि अवलम्बन गरीएको छ। लेखापरीक्षणसँग सम्बन्धित कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण आदि गरिएको छ।

समग्रमा प्रक्रियामूलक र नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थामा उल्लेख भएका विषयहरुलाई लिईएको छ। लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका व्यहोरा उपर छलफल गरी उहाँहरुको टिप्पणीलाइ विचार गरी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणका विभिन्न चरणमा आवश्यकतानुसार नागरिक समाज तथा संस्थाको संलग्नता गराइएको छ।

१०. **लेखापरीक्षण सीमितता** - लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने र व्यावहारिक पनि नहुने हुँदा लेखापरीक्षण योजना मुताबिक सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणका लागि निकायबाट लेखापरीक्षणार्थ उपलब्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा विश्लेषण गरी लेखापरीक्षण निष्कर्ष निकालिएको छ।

परिच्छेद - ३
लेखापरीक्षणबाट देखिएका बेहोराहरु

तराई - मधेश समृद्धि कार्यक्रमले तराई मधेशका मानव विकास सूचकाङ्कमा तुलनात्मक रुपले पछाडि परेका स्थानीय तहमा विकासका कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरी सघन रुपमा आर्थिक सामाजिक रुपान्तरण गर्न, जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गर्न तथा जीवनस्तरमा सुधार ल्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। यस कार्यक्रमका सम्बन्धमा देखिएका सकारात्मक पक्षहरु देहाय बमोजिम छन्:

सकारात्मक पक्ष:

- स्थानीय तहबाट प्रस्ताव गरे बमोजिमका आयोजनाहरु समन्वय इकाईबाट स्वीकृत हुने भएकोले मागमा आधारित आयोजनाहरु सञ्चालन हुने गरेको,
- स्वीकृत आयोजना कार्यान्वयनका लागि स्थानीय तहको समेत लागत साझेदारी हुने भएकोले स्थानीय तहले अपनत्व ग्रहण गर्ने र संघीय सरकारको बजेटमा कम भार पर्ने,
- कार्यक्रम कार्यान्वयनका लागि केन्द्रीय निर्देशक समिति, आयोजना छनौट समिति र केन्द्रीय समन्वय इकाई गठन गरी काम, कर्तव्य अधिकारको स्पष्ट व्यवस्था भएको,
- कार्यक्रमको समग्र व्यवस्थापनका लागि कार्यक्रम सञ्चालन निर्देशिका तयार गरी लागु गरिएकोले कार्यक्रम सञ्चालनको विधि एवं कार्यप्रक्रियाका सम्बन्धमा स्पष्टता कायम गरिएको,
- आयोजना कार्यन्वयनमा संलग्न स्थानीय तहको अनुगमन समितिलाई नै अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी दिँदा अनुगमन थप वस्तुनिष्ठ एवं प्रभावकारी हुने सम्भावना रहेको।

यस कार्यक्रमबाट सञ्चालित आयोजना कार्यान्वयनबाट उक्त क्षेत्रका जनताको प्रशासनिक पहुँच अभिवृद्धि हुनुको साथै आर्थिक स्थितिमा समेत सुधार आउने अपेक्षा गरिएको छ। स्थानीय तहसँगको लागत साझेदारीमा यो कार्यक्रम सञ्चालन हुँदै आएको छ, तथापि यसको सुव्यवस्थित सञ्चालन र प्रभावकारिता अभिवृद्धि गर्न थप सुधार गर्नुपर्ने देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्।

११. **कार्यक्रमको आवश्यकता पहिचान** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१३) मा केन्द्रीय निकायले वित्तीय हस्तान्तरण अन्तर्गतको शसर्त अनुदान रकमको प्रस्ताव गर्दा चालु कार्यक्रमको निरन्तरता, खर्चको आवश्यकता, कार्यसम्पादन र पुष्ट्याईंका आधारमा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले आर्थिक वर्ष २०७२।७३ देखि २०७४।७५ सम्म सीमाक्षेत्र विकास कार्यक्रम सञ्चालन गरेको पाइयो। तत्पश्चात आर्थिक वर्ष २०७५।७५ बाट तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन गर्दै आएको छ। मन्त्रालय मातहत तराई मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई स्थापना भई उक्त कार्यक्रमको सञ्चालन तथा व्यवस्थापनको कार्य हुँदै आएको छ। विगतमा सिमाक्षेत्र विकास कार्यक्रम सञ्चालन भईरहेको अवस्थामा सो कार्यक्रमको लक्ष्य एवं प्रगति, आर्थिक वर्ष २०७४।७५ सम्म हाँसिल भएका र हुन नसकेका उपलब्धि, प्रभाव मूल्याङ्कन लगायत कार्यक्रमको समग्र पुनरावलोकन र तीन वर्षको छोटो अवधिमै नयाँ कार्यक्रमको आवश्यकता पहिचान सहितको पुष्ट्याई हुने कागजात, अध्ययन प्रतिवेदन प्राप्त हुन आएन। सिमाक्षेत्र विकास कार्यक्रम सञ्चालनमा आएको ३ वर्षको अवधिमा के कति कारणले यो कार्यक्रम सञ्चालन गर्नु परेको हो, यकीन गर्ने आधार छैन। यसरी गत विगतमा सञ्चालित कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन र नयाँ कार्यक्रमको आवश्यकता पहिचान एवं अपेक्षित उपलब्धी र कार्यक्रम सञ्चालन हुने

अवधि समेत खुल्ने विस्तृत अध्ययन गरेको पाइएन। विस्तृत अध्ययन गरी उद्धेश्य, लक्ष्य सहितको गन्तव्य तय गरेमा मात्रै उक्त कार्यक्रम प्रभावकारी हुन सक्ने भएकोले यसतर्फ सम्बद्ध पक्षले ध्यान दिनुपर्ने देखिन्छ।

१२. **क्षेत्रगत आयोजनाको स्थिति** - यस कार्यक्रम अन्तर्गत विगत पाँच वर्षमा संञ्चालित क्षेत्रगत आयोजनाहरुको विवरण देहाय अनुसार रहेको पाइयो।



विगत ५ आर्थिक वर्षमा ९ क्षेत्रभित्र कुल २३७६ कार्यक्रम सञ्चालन भएकोमा सबैभन्दा बढी ४७ प्रतिशत सामुदायिक पूर्वाधार, २२ प्रतिशत साना सडक स्तरोन्नती, १२ प्रतिशत सामुहिक आवास, ५.९७ प्रतिशत आयआर्जन तथा जीवनस्तर सुधार, ५.५० प्रतिशत सिँचाई तथा नदी नियन्त्रण, ३ प्रतिशत खानेपानी तथा सरसफाई, ३.५३ प्रतिशत कृषि विकास, ०.६५ प्रतिशत उर्जा र ०.३५ प्रतिशत विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गरेको पाइयो। जनताको जीवनस्तर सुधारसँग प्रत्यक्ष जोडिएको कृषि विकास, सिँचाइ तथा नदी नियन्त्रण, विपद् जोखिम न्यूनीकरण र आयआर्जन तथा जीवनस्तर सुधारका क्षेत्रमा न्युन संख्यामा कार्यक्रम सञ्चालन भएको पाइयो। यस कार्यक्रमको मुल उद्देश्य नै सार्वजनिक सेवामा जनताको पहुँच अभिवृद्धि गर्ने र आर्थिक सामाजिक रुपले पछाडि परेका वर्ग तथा समुदायको जीवनस्तरमा सुधार ल्याउने रहेको छ। प्रशासनिक पहुँच अभिवृद्धि गर्न र जीवनस्तरमा सुधार ल्याउन पछाडि परेका वर्ग समुदायको पहिचान गरि उक्त क्षेत्रमा सशक्तीकरण र आयआर्जनका कार्यक्रममा बढी जोड दिनुपर्नेमा सो अनुसार भएको पाइएन। यसबाट कार्यक्रमको उद्देश्य र संञ्चालित क्रियाकलाप बीच उचित तादम्यता रहेको यकिन गर्न सकिएन। संञ्चालित कार्यक्रमबाट प्रशासनिक पहुँच अभिवृद्धि र जीवनस्तरमा सुधार आएको आश्वस्त हुने नतिजा खाका तयार गरेको पाइएन। आय आर्जनलाई बढावा दिने कार्यक्रम नै तुलनात्मक रुपमा न्युन संख्यामा सञ्चालन हुँदा यसले लक्षित समुदायको जीवनस्तरमा सुधार ल्याउने सम्बन्धमा आश्वस्त हुन सकिएन। तसर्थ कार्यक्रमको उद्देश्य अनुरुप हाल सञ्चालित क्रियाकलाप/आयोजनाहरुमा पुनर्विचार गर्नुपर्नेमा मन्त्रालयको ध्यान जानु पर्दछ।

१३. **स्थानीय तहहरुको सहभागिता एवंम छनौट** - तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (साविक २०७७) को प्रस्तावनामा तराई मधेशका मानव विकास सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहमा कार्यक्रमहरु एकीकृत रुपमा सञ्चालन गरी सघन रुपमा आर्थिक एवं सामाजिक रुपान्तरण गर्न तथा जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि मार्फत जीवनस्तरमा सुधार ल्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने उल्लेख छ। साथै निर्देशिकाको दफा ४ मा मानव विकास सूचकाङ्क न्युन भएका, गरिबीको समग्र दर र गहनता उच्च रहेका तराई मधेशका स्थानीय तहमा सञ्चालन गरिने व्यवस्था रहेको छ। केन्द्रीय समन्वय इकाईले कार्यक्रम सञ्चालन गर्दा मानव विकास सूचकाङ्क न्युन भएका, गरिबीको समग्र दर र गहनतालाई आधार

लिएको पाइएन। लेखापरीक्षणका क्रममा यस सम्बन्धमा जानकारी लिँदा स्थानीय तह स्तरीय मानव विकास सूचकाङ्क उपलब्ध हुन नसकेको जानकारी कार्यक्रम समन्वय इकाईले दिएको छ। बाग्मती प्रदेश, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको स्थानीय तह स्तरीय मानव विकास सूचकाङ्क प्रतिवेदन, २०१९ अनुसार यस आर्थिक वर्ष २०७९।८० मा तुलनात्मक रुपमा उच्च मानव विकास सूचकाङ्क भएका भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका र इच्छाकामना गाउँपालिका जस्ता स्थानीय तहमा यो कार्यक्रम सञ्चालन भएको पाइयो भने मानव विकास सूचकाङ्क न्युन भएका रासी र माडी गाउँपालिकामा सञ्चालन भएको पाइएन। स्थानीय तहले माग गरेको आधारमा आयोजना स्वीकृत हुने र उक्त दुई स्थानीय तहबाट आयोजना प्रस्ताव पेश नभएको केन्द्रीय समन्वय इकाईको भनाइ रहेको छ। आयोजनाहरु स्थानीय तहको मागका आधारमा सञ्चालन हुने भएकोले न्युन मानव सूचकाङ्क भएका स्थानीय तहहरुलाई पनि सक्रिय रुपमा सहभागि गराउन केन्द्रीय समन्वय इकाईले नियमित रुपमा प्रवर्द्धनात्मक क्रियाकलापहरु समेत सञ्चालन गर्नुपर्ने देखिन्छ। साथै कार्यक्रमको मूल मर्म र निर्देशिकाको व्यवस्था अनुसार मानव विकास सूचकाङ्क तुलनात्मक रुपले न्युन भएका स्थानीय तहमा कार्यक्रम बढी केन्द्रीत गर्नेतर्फ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र केन्द्रीय समन्वय इकाईको ध्यान जानु पर्दछ। मानव विकास सूचकाङ्क तुलनात्मक रुपमा उच्च भएका स्थानीय तहमा कार्यक्रम सञ्चालन भएका केही उदाहरणहरु देहायअनुसार छन् :

जिल्ला	मानव विकास सूचकाङ्क उच्च भएका		मानव विकास सूचकाङ्क न्युन भएका	
	स्थानीय तहको नाम	मानव विकास सूचकाङ्क	स्थानीय तहको नाम	मानव विकास सूचकाङ्क
चितवन	भरतपुर महानगरपालिका	०.६२२	रासि	०.४९६
	रत्ननगर नगरपालिका	०.५८०	माडी	०.४८१
	खैरहनी नगरपालिका	०.५५४		
	इच्छाकामना गाउँपालिका	०.५११		
	कालिका नगरपालिका	०.५१२		

१४. **कार्यसम्पादन सूचकको विकास** - तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को प्रस्तावनामा तराई मधेशका मानव विकास सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहका जनताको सार्वजनिक सेवामा पहुँच अभिवृद्धि गरि जीवनस्तरमा सुधार ल्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ। कार्यक्रम अन्तर्गत सामूहिक आवास भवन, साना सडक स्तरोन्नति, सामुदायिक पूर्वाधार, कृषि विकास, खानेपानी तथा सरसफाई, सिँचाइ तथा नदी नियन्त्रण, उर्जा, विपद् जोखिम न्यूनीकरण र पारस्परिक पेशा प्रवर्धन एवं आयआर्जन तथा जीवनस्तर सुधार गरी ९ क्षेत्रमा सञ्चालन भएको पाइयो। उल्लेखित कार्यक्रमहरुमध्ये अधिकांश कार्यक्रमहरु संघीय कार्यालय, प्रदेश स्तरीय कार्यालय र स्थानीय तह आफैले समेत नियमित रुपमा सञ्चालन गरेका कार्य प्रकृतिका छन्। कार्यक्रम सञ्चालन भएको ५ वर्ष समाप्त भई सकेको अवस्थामा पूर्व निर्धारित उद्देश्य बमोजिम गुणात्मक एवं परिमाणात्मक उपलब्धि हाँसिल भए नभएको सम्बन्धमा तुलनात्मक अध्ययन गर्न मन्त्रालयले प्रमुख कार्यसम्पादन सूचकहरुको विकास गरेको पाइएन। मन्त्रालयले कार्यक्रम सञ्चालन भएको पाँच वर्षको अवधीमा कार्यक्रमको प्रभाव मूल्याङ्कन सहितको समीक्षा समेत गरेको छैन। स्पष्ट एवं मापनयोग्य कार्य सम्पादन सूचकको अभावमा कार्यक्रम सञ्चालन गर्नुपूर्व र हाल उक्त क्षेत्रका जनताको सार्वजनिक सेवामा पहुँच एवं जीवनस्तरमा आएको सुधारको स्थिति विश्लेषण गर्न सक्ने अवस्था छैन। स्पष्ट एवं मापनयोग्य कार्य सम्पादन सूचकको विकास गरी लागू गर्नेतर्फ सम्बद्ध निकायको ध्यान जानुपर्दछ।

१५. **बजेट विनियोजन तथा खर्चको स्थिति** - यस कार्यक्रमका लागि विगत ५ वर्षमा रु. ८ अर्ब ३५ करोड ८६ लाख ५० हजार विनियोजन भएकोमा रु. ६ अर्ब ९२ करोड २८ लाख ५२ हजार बजेट खर्च भई समग्रमा ८२.८२ प्रतिशत वित्तीय प्रगति भएको पाइयो। केन्द्रबाट निकासा भएको बजेट र स्थानीय तहले पेश गर्ने प्रगतिका आधारमा खर्च जनाएकोमा स्थानीय तहले सबै बजेट खर्च गरे नगरेको आश्वस्त हुने आधार छैन। बजेट तर्जुमाको समयमा विनियोजन दक्षता कायम गर्ने र विनियोजित बजेट बमोजिम खर्च गरी वित्तीय प्रगति हासिल गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्दछ।

(रकम रु. हजारमा)

आर्थिक वर्ष	विनियोजित बजेट रु.	खर्च रु.	बाँकी रु.	खर्च प्रतिशत
२०७५।७६	२०३०६००	१७५१२७३	२७९३२७	८६.२४५
२०७६।७७	१६००२००	१३७५५८७	२२४६१३	८५.९६५
२०७७।७८	१५१४६००	१२४५०८८	२६९५१२	८२.२०५
२०७८।७९	१५१००००	११२४०१३	३८५९८७	७४.४३५
२०७९।८०	१७०३२५०	१४२६८९१	२७६३५९	८३.७७५
कुलः	**८३५८६५०**	**६९२२८५२**	**१४३५७९८**	**८२.८२५**

१६. **लक्ष्य तथा प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६ बमोजिम आवधिक लक्ष्य निर्धारण गर्नुपर्ने र नियम ३५ मा लक्ष्य बमोजिमको प्रगति हाँसिल गरि आवधिक लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ। केन्द्रीय समन्वय इकाईबाट प्राप्त विवरण अनुसार २०७५/७६ देखि २०७९/८० सम्म तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत सञ्चालित क्षेत्रगत आयोजनाहरुको भौतिक प्रगति देहाय अनुसार रहेको पाइयो।

क्र. सं.	आयोजनाको क्षेत्र	इकाई	विगत पाँच वर्षको एकीकृत प्रगति		
			लक्ष्य	प्रगति	प्रगति %
१	सामुहिक आवास भवन	घर	२४३१	२०५८	८४.६५
२	साना सडक स्तरोन्नति	किलोमिटर	२०४.६३	१६५.३	८०.७७
३	सामुदायिक पूर्वाधार	वटा/तला	१२२३	११२२	९२
४	कृषि विकास	वटा	९३	७७	८२.७९
५	खानेपानी तथा सरसफाई	वटा/कि.मि.	४६.२५	३७.०२	८०
६	सिँचाइ तथा नदी नियन्त्रण	कि.मि.	४४.५७	४०.०९	९०
७	उर्जा	कि.मि.	२९९	२५९	८६.६२
८	विपद् जोखिम न्यूनीकरण	वटा	१४	१४	१००
९	पारम्परिक पेशा प्रवर्धन एवं आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम	वटा	१४३	९३	६५

उल्लेखित तालिकाको विश्लेषण गर्दा पाँच वटा कार्यक्रममा ९० प्रतिशत भन्दा कम प्रगति भएको, एउटा सामुदायिक पूर्वाधारमा ९० प्रतिशत र विपद् जोखिम न्यूनीकरणमा १०० प्रतिशत प्रगति भएको पाइयो। जनताको आय आर्जन र समृद्धिसँग प्रत्यक्ष रुपमा जोडिएको पारम्परिक पेशा प्रवर्धन एवं आयआर्जन तथा जीवनस्तर सुधार कार्यक्रममा ६५ प्रतिशत प्रगति भएको पाइयो। कार्यक्रमको कार्यन्वयनयोग्य लक्ष्य निर्धारण गर्ने र सोही बमोजिम प्रगति हाँसिल गर्नेतर्फ कार्यक्रम कार्यन्वयन एवं अनुगमनमा संलग्न पक्षको ध्यान जानु पर्दछ।

१७. **आयोजनाहरुको छनौट** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (साबिक २०७७) को दफा ७(१) मा यस कार्यक्रमको क्षेत्र अन्तर्गत भौतिक पूर्वाधार मार्फत सार्वजनिक सेवामा पहुँच बढाउने र आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग तथा समुदायको जीवनस्तरमा सुधार ल्याउने कार्यक्रमहरु सञ्चालन गर्न अनुदान दिइने व्यवस्था छ। केन्द्रीय समन्वय इकाईबाट प्राप्त विवरण अनुसार विभिन्न क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको संख्यात्मक विवरण देहाय अनुसार रहेको पाइयो।

(रकम रु. लाखमा)

आ.व.	तोकिएको क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहको संख्या र रकम																	
	सामुहिक आवास भवन		साना सडक स्तरोन्नति		सामुदायिक पूर्वाधार		कृषि विकास		खानेपानी तथा सरसफाई		सिँचाइ तथा नदी नियन्त्रण		उर्जा		विपद् जोखिम न्यूनीकरण		आय आर्जन तथा जिवनस्तर	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
२०७५/७६	४७	३१९७	९६	५२८३	१४८	७७५४	२३	१२२९	१२	५१३	२३	९६५	५	१५५	१	२५	तालिमका	
२०७६/७७	७६	४१७९	३३	३५२०	२५४	९३६६	२०	६३५	१७	८३०	३०	१२९०	३	५४५	२	५०	कार्यक्रमहरु नरहेको	
२०७७/७८	५५	२८२२	९४	३०१२	२५८	८२२१	१६	४५०	१५	४२०	३०	९३५	०	०	१	२५	१०३	३४०
२०७८/७९	४८	१८४०	१५१	४४७५	२३८	६९७५	१०	३०५	१४	३८५	२७	७७०	३	१००	५	१४०	२२	११०
२०७९/८०	५१	१९५५	१५४	४८४४	२०८	६३४३	१६	४९४	१५	४६५	२८	९०८	५	१४५	२	६५	१७	८६
जम्मा	२७७	१३९९३	५२८	२११३४	११०६	३८६५९	८५	३०१३	७३	२६१३	१३८	४८६८	१६	९४५	११	३०५	१४२	५३६

तालिकामा उल्लेख भए अनुसार तोकिएका ९ क्षेत्रभित्र आर्थिक वर्ष २०७५।७६ र २०७६।७७ मा क्रमशः ३५५ र ४३५ गरी जम्मा ७९० वटा कार्यक्रम सञ्चालन भएकोमा सामुहिक आवासतर्फ १२३, साना सडक १२९, सामुदायिक पूर्वाधार ४०२, कृषि विकास कार्यक्रम ४३, खानेपानी तथा सरसफाईका कार्यक्रम २९, सिँचाइ तथा नदी नियन्त्रण ५३, उर्जासम्बन्धी कार्यक्रम ८, विपद् जोखिम न्यूनीकरणका ३ वटा कार्यक्रम सञ्चालन भएकोमा र आय आर्जन तथा जीवनस्तर सुधारका कुनै पनि कार्यक्रम सञ्चालन भएको पाइएन। जनताको जीवनस्तर सुधारमा प्रत्यक्ष प्रभाव पार्ने कार्यक्रम स्पष्ट रुपमा तय नभएकोले यस्ता कार्यक्रमको पहिचान एवं कार्यान्वयन गर्नेतर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ।

१८. **आवास भवन निर्माण** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (साबिक २०७७) को दफा ७(२) मा आर्थिक सामाजिक रुपले अति विपन्न लाभग्राहीको छनौट गरी आवास भवन निर्माण गर्न सकिने व्यवस्था छ। लाभग्राहीको छनौट गर्दा उक्त स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण, जग्गाधनी प्रमाण पूर्जा, लाभग्राही बसोबास गर्दै आएको घरको भौतिक अवस्थालाई ध्यान दिनुपर्ने साथै नेपाल सरकार मन्त्रिपरिषदले २०७५।९।९ मा स्वीकृत गरेको जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ लाई समेत आधार मान्नुपर्ने उल्लेख छ।






पर्साको छिपहरमाई गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० निर्माण गरेका ६ वटा आवास भवनहरु

लेखापरीक्षणको क्रममा पालिकाका पदाधिकारीहरु सहितको टोलीले २०८०।१०।०८ गते आवास निर्माण स्थलको स्थलगत अवलोकन गर्दा छिपहरमाई गाउँपालिकाले जस्ताको छाना भएको २ कोठे ६ वटा आवास निर्माण गरेको पाइयो। पालिकाले आवास निर्माण गर्नुपूर्व लागग्राहीको छनौट गर्नुपर्नेमा लाभग्राहीको पहिचान नगरेको, उक्त आवासहरु हालसम्म हस्तान्तरण नभएको, आवासहरु विद्यालयको जग्गा र पर्ति जग्गामा निर्माण गरिएको, लाभग्राहीहरु स्थायी बसोबास गर्दै आएको प्रमाण, जग्गाधनी प्रमाण पूर्जा, लाभग्राही हाल बसोबास गर्दै आएको घरको भौतिक अवस्थाको अध्ययन, विश्लेषण एवं सोको प्राविधिक प्रतिवेदन समेत तयार नगरेको, जनता आवास

कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ ले व्यवस्था गरेका लाभग्राही पक्षको छनौट, लागत सहभागिता, किस्ता रकमको भुक्तानी र हस्तान्तरण लगायतका व्यवस्थाहरु पूर्ण रुपमा परिपालना भएको पाइएन। साथै निर्मित आवासहरुमा जस्तापाताको प्रयोग गरिँदा गर्मीयाममा बस्न कष्टकर हुने भएकोले संरचना वातावरणमैत्री समेत हुने देखिएन। अत: कार्यक्रम सञ्चालन गर्दा निर्देशिकाको व्यवस्था र जनता आवास कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ को पूर्ण रुपमा कार्यान्वयन गरी वातावरणमैत्री संरचना निर्माण गर्ने गराउनेतर्फ मन्त्रालयको ध्यान केन्द्रित हुनुपर्दछ।

१९. **आयोजना माग तथा स्वीकृतिको आधार** - तराई मधेश समृद्धि कार्यक्रमका लागि स्थानीय तहहरुले आयोजना प्रस्ताव गर्दा अधिकतम कति वटा कार्यक्रम प्रस्ताव गर्नुपर्ने हो सो सम्बन्धमा निर्देशिकामा स्पष्ट उल्लेख गरेको पाइएन। केन्द्रीय समन्वय इकाईले स्थानीय तहहरुको परियोजना प्रस्ताव तथा आवधिक प्रतिवेदनका लागि प्रयोगमा ल्याएको अनलाईन प्रणालीमा समावेश गरिएको विवरणको नमुना छनौटका आधारमा परीक्षण गर्दा आर्थिक वर्ष २०७९।८० मा धेरै संख्यामा आयोजना माग गर्ने स्थानीय तह मध्ये मन्त्रालयबाट स्वीकृत भएका आयोजना र बजेट विनियोजनसम्बन्धी विवरण देहाय अनुसार रहेको पाइयो।

(रकम रु.हजारमा)

क्र. सं.	स्थानीय तहको नाम	माग भएको संख्या	स्वीकृत संख्या	*स्वीकृत प्रतिशत*	स्वीकृत आयोजनाका लागि		
					स्थानीय तहबाट माग भएको बजेट रु	मन्त्रालयबाट स्वीकृत भएको बजेट रु	मागको तुलनामा स्वीकृत प्रतिशत
१.	माई नगरपालिका	११	३	२७	१७५००	९०००	५१.४२
२.	रामधुनी नगरपालिका	८	२	२५	१२१२९।५७	५०००	४१.२२
३.	मेचीनगर नगरपालिका	११	२	१८	१२०००	६५००	५४.१७
४.	बुद्धशान्ति गाउँपालिका	८	३	३८	२३५८०	८५००	३६.००
५.	सुन्दरहरैचा नगरपालिका	१४	२	१४	१३१५६।५६	७८००	५९.२४
६.	केराबारी गाउपालिका	११	२	१८	७९५३।७५	६०००	७५.४४
७.	बुढीगंगा गाउपालिका	१५	५	३३	२८१४०	१४९००	४२.९४
८.	बिरगंज महानगरपालिका	१६	४	२५	२८०००	१६०००	५७.१४
९.	लालबन्दी नगरपालिका	१०	६	६०	२७००७	२२३००	८२.५७
१०.	जीतपुर सिमरा उपमहानगरपालिका	१३	३	२३	२४०००	९५००	३९.००
११.	मुखियापट्टी मुसहरनीया गाँपालिका	१३	२	१५	९५००	५०००	५२.६३
१२.	देबाही गोनाही गाउपालिका	१४	२	१४	२५०९४।९७	५०००	१९.९२
१३.	एकडारा गाउपालिका	१२	३	२५	१००००	७५००	७५.००
१४.	भरतपुर महानगरपालिका	७	४	५७	२६८०९	१३०००	४८.४९
१५.	प्रतापपुर गाउपालिका	२७	४	१४.८०	१३५००	१००००	७४.००
१६.	बर्दघाट नगरपालिका	३३	३	९	१३१०४	१००००	७६.३१
१७.	सरावल गाउँपालिका	३१	३	९.६	१०५००	८५००	८०.९५
१८.	जानकी गाउँपालिका	१४	२	१४	१६१८३	६०००	३७.००
१९.	शुक्लाफाँटा नगरपालिका	१४	२	१४	७१२७	७०००	९८.२१

स्थानीय तहहरुले आयोजना प्रस्ताव गर्दा कुन कुन क्षेत्रका अधिकतम कति वटा आयोजना प्रस्ताव गर्नुपर्ने हो सोको सीमा कायम गरिएको छैन। यसको अभावमा स्थानीय तहहरुले एउटै क्षेत्रका आयोजनाहरु (अधिकांश सडक, नदी नियन्त्रण, भवन निर्माण) धेरै संख्यामा माग गर्ने गरेको पाइयो। तालिकामा उल्लेख भएअनुसार स्थानीय तहबाट प्रस्ताव गरिएका आयोजनामध्ये आयोजना छनौट समितिले न्युनतम ९ प्रतिशत र अधिकतम ६० प्रतिशत सम्म स्वीकृत गरेको पाइयो। यसरी स्थानीय तहबाट माग हुन आएका आयोजनमध्ये आयोजना छनौट समितिले स्वीकृत गर्दा कुन क्षेत्रका

आयोजनालाई बढी महत्व दिने, न्युनतम/ अधिकतम कति संख्यामा आयोजना स्वीकृत गर्ने हो सोको उपयुक्त अंकभार सहितको आयोजना स्वीकृति म्याट्रिक्स समेत तयार गरेको छैन। साथै स्वीकृत भएका आयोजनाका लागि स्थानीय तहबाट माग भए बमोजिमको बजेट समेत विनियोजन नहुँदा आयोजना अधुरो रहने जोखिम समेत बढ्न गएको छ। उदाहरणका लागि माई नगरपालिकाले स्वीकृत भएका ३ वटा आयोजना कार्यान्वयनका लागि रु. १ करोड ७५ लाख माग गरेकोमा रु. ९० लाख (५१ प्रतिशत) मात्रै विनियोजन भएको पाइयो। त्यसैगरी सरावल गाउँपालिका, जानकी गाउँपालिका र शुक्लाफाँटा नगरपालिकाले स्वीकृत आयोजना सञ्चालनका लागि क्रमश: रु. १ करोड ०५ लाख, १ करोड ६१ लाख ८३ हजार र रु.७१ लाख २७ हजार माग गरेकोमा केन्द्रीय समन्वय ईकाइबाट क्रमश: रु. ८५ लाख अर्थात ८० प्रतिशत, रु. ६० लाख अर्थात ३७ प्रतिशत र रु. ७० लाख अर्थात ९८ प्रतिशत विनियोजन भएको पाइयो। यसबाट आयोजना प्रस्ताव, स्वीकृति र बजेट विनियोजन वैज्ञानिक र स्पष्ट आधारमा हुन नसक्ने जोखिम समेत हुने भएकोले आयोजना प्रस्तावको अधिकतम संख्या एवं स्वीकृतिको उपयुक्त विधि, बजेट विनियोजनको मापदण्ड विकास गरी भौगोलिक सन्तुलनलाई समेत विचार गरेर आयोजना सञ्चालन गर्नु पर्दछ।

२०. **आयोजना स्वीकृत** - तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (साबिक २०७७) को दफा ८(३) मा आयोजना प्रस्ताव गर्दा आवश्यकता पहिचान, प्राथमिकताको पुष्ट्याई, सम्भाव्यता अध्ययन प्रतिवेदन, आयोजनाको कुल लागत र समय, आयोजनाको स्वीकृत ड्रइङ्ग डिजाइन, विस्तृत परियोजना प्रतिवेदन, बहुवर्षीय आयोजनाको हकमा प्रत्येक वर्ष आवश्यक पर्ने रकम र श्रोतको विवरण समेत पेश गर्नुपर्ने व्यवस्था छ। केन्द्रीय समन्वय इकाईले प्रयोगमा ल्याएको प्रतिवेदन प्रणालीका माध्यमबाट आर्थिक वर्ष २०७९।८० मा स्वीकृत भएका आयोजनाहरुको नमुना छनौटका आधारमा परीक्षण गर्दा देहायका आयोजनामा तोकिएका कागजात पेश नगरेको र खुलाउनुपर्ने आवश्यक विवरण समेत खुलाएको पाइएन। यसका केही उदाहरणहरु देहाय अनुसार छन्:

क्र. सं.	आयोजनाको नाम	स्थानीय तहको नाम	कार्यान्वयन स्थिति	कैफियत
१	घोडाघोडी बहुमुखी क्याम्पसमा छात्रा आवास निर्माण	घोडाघोडी न.पा. कैलाली	नयाँ प्रस्ताव	आवश्यकता पहिचान, प्राथमिकता पुष्ट्याई खुल्ने कागजात, स्वीकृत लागत अनुमान, सभाको माईन्यूट, भवनको ड्रइङ्ग डिजाइन लगायतका कागजात पेश भएको नदेखिएको।
२	गणेश मा.बि.जगन्नाथपुर बाटो ढलान	प्रतापपुर गा पा, नवलपरासी	नयाँ प्रस्ताव	तोकिएका कुनैपनि कागजात पेश भएको नदेखिएको
३	सामुदायीक भवन निर्माण	प्रतापपुर गा पा, नवलपरासी	नयाँ प्रस्ताव	तोकिएका कुनैपनि कागजात पेश भएको नदेखिएको
४	सियारी आवास कार्यक्रम	सियारी न पा रुपन्देही	नयाँ प्रस्ताव	लागत अनुमान मात्र पेश भएको
५	मायादेवी सामुदायिक भवन निर्माण	देबदह न पा रुपन्देही	नयाँ प्रस्ताव	लागत अनुमान र आयोजना छनौटको मान्यूटको निर्णय उतारको प्रतिलित मात्र पेश

यसरी निर्देशिकाको व्यवस्था बमोजिम आवश्यकता पहिचान, प्राथमिकताको पुष्ट्याई, सम्भाव्यता अध्ययन प्रतिवेदन, आयोजनाको कुल लागत र समय, आयोजनको स्वीकृत ड्रइङ्ग डिजाइन, बिस्तृत परियोजना प्रतिवेदन, बहुवर्षीय आयोजनाको हकमा प्रत्येक वर्ष आवश्यक पर्ने रकम र श्रोतको विवरण समेतका आवश्यक कागजात बिना नै आयोजना स्वीकृत गरेको पाइयो। यसरी तोकिएका आवश्यक विवरण एवं कागजात बेगर आयोजना स्वीकृत हुँदा कार्यक्रमको उद्धेश्य प्राप्तिमा कठिनाई हुन सक्ने, समयमै आयोजना सम्पन्न नहुन सक्ने जोखिम समेत हुनसक्ने भएकोले

न्युनतम आवश्यक कागजातको बिस्तृत अध्ययन विश्लेषण गरेर मात्रै आयोजना स्वीकृत गर्नेतर्फ केन्द्रीय समन्वय इकाईको ध्यान जानु पर्दछ।

२१. **श्रोत सुनिश्चितता नभई बहुवर्षीय आयोजना सञ्चालन**- कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ६ (४) मा बहुवर्षीय रुपमा आयोजना सञ्चालन गर्दा अर्थ मन्त्रालयको स्वीकृत लिनुपर्ने व्यवस्था छ। नमुना छनौटका आधारमा परीक्षण गर्दा आर्थिक वर्ष २०७९।८० मा देहायका आयोजनाहरुमा स्थानीय तहबाट माग भई आएको बजेटमध्ये केही अंश मात्रै केन्द्रीय समन्वय इकाईबाट विनियोजन भएको पाइयो। बहुवर्षीय आयोजनाको रुपमा वर्गीकरण नगरि एवं अर्थ मन्त्रालयको स्वीकृति बेगर माग गरिएको तुलनामा केही अंश मात्रै बजेट विनियोजन हुँदा आगामी वर्षमा बजेटको सुनिश्चितता नहुन सक्ने र बजेट अभावका कारण आयोजना अधुरो रहने जोखिम समेत रहन्छ।

(रकम रु. हजारमा)

क्र. सं.	आयोजनाको नाम	स्थानीय तहको नाम	कार्यान्वयन स्थिति	लागत अनुमान		यस वर्ष स्वीकृत रकम	माग भएको तुलनामा स्वीकृत बजेट प्रतिशत
				कुल लागत	यस कार्यक्रमबाट माग भएको रकम		
१	घोडाघोडी बहुमुखी क्याम्पसमा छात्रा आवास निर्माण	घोडाघोडी न.पा.कैलाली	नयाँ प्रस्ताव	१५४८७	१४०००	५०००	३५.७१
२	सियारी आवास कार्यक्रम	सियारी न.पा. रुपन्देही	नयाँ प्रस्ताव	१३६६८	१२०६७	५०००	४१.४३
३	मायादेवी सामुदायीक भवन निर्माण	देबदह न.पा. रुपन्देही	नयाँ प्रस्ताव	१३३८१	९३६७	७०००	७४.७३

उल्लेखित तालिका अनुसार घोडाघोडी बहुमुखी क्याम्पसको छात्रावास निर्माणका लागि समन्वय इकाईबाट रु.१ करोड ४० लाख माग भइ आएकोमा यस आर्थिक वर्षमा रु. ५० लाख मात्रै विनियोजन भएको, त्यसैगरी सियारी आवास कार्यक्रमका लागि रु.१ करोड २० लाख ६७ हजार माग भएकोमा रु ५० लाख मात्रै विनियोजन भएको र मायादेवी सामुदायिक भवन निर्माणका लागि रु ९३ लाख ६७ हजार माग भएकोमा रु ७० लाख मात्रै विनियोजन भई बजेट मागको तुलनामा क्रमश: ६४.२९, ५८.५७ र २७.२५ प्रतिशत घटी बजेट स्वीकृत भएको पाइयो। यसरी श्रोत सुनिश्चिता एवं बहुवर्षीय आयोजनाको रुपमा स्वीकृत नगरी आयोजनाको निर्माण कार्य सुरु गर्दा बजेट अभावका कारण आयोजनाको निर्माण कार्य अधुरो हुनगई पूर्वनिर्धारित उद्देश्य प्राप्तिमा कठिनाई हुने भएकोले श्रोत सुनिश्चितता गरेर मात्रै यस्ता कार्यक्रम स्वीकृत गर्ने र बजेट विनियोजन गर्नेतर्फ इकाईको ध्यान जानु पर्दछ।

२२. **अधुरा आयोजनमा बजेट विनियोजन** - कार्यक्रम सञ्चालन निर्देशिकाको दफा ६(४) मा अर्थ मन्त्रालयको स्वीकृतिमा मात्र बहुवर्षीय आयोजनामा बजेट विनियोजन गर्ने व्यवस्था छ। केन्द्रीय समन्वय ईकाईले स्थानीय तहले माग गरेका आधारमा गत विगतमा काम सम्पन्न नभई अधुरा रहेका आयोजनामा समेत बजेट स्वीकृत गरेको पाइयो। यसरी बजेट विनियोजन गर्दा यस्ता अधुरा आयोजनाहरु गत विगतमा कुन श्रोतबाट सञ्चालन भएका थिए सोको, आयोजना अधुरो रहनुको कारण, आयोजना निर्माण सुरु भएको र सम्पन्न हुनुपर्ने अवधि, हालसम्मको भौतिक प्रगति खुल्ने प्राविधिकको प्रतिवेदन, यस वर्ष उक्त आयोजनामा दोहोरो बजेट विनियोजन नभएको सुनिश्चित हुने कागजात लगायतका पर्याप्त आधार एवं प्रमाणको विश्लेषण गरेको देखिएन। गत विगतमा सञ्चालन भई अधुरा रहेका आयोजनामा यस आर्थिक वर्षमा बजेट बिनियोजन गरिएका केही उदाहरण देहाय अनुसार छन्:

(रकम रु. हजारमा)

आयोजनाको नाम	स्थानीय तह	लागत	यस वर्ष स्वीकृत	कैफियत
लम्की बहुमुखी क्याम्पसको अधुरो कम्प्लेक्स भवनमा दोस्रो तला निर्माण	लम्कीचुहा नगरपालिका	५२८२	३०००	सम्पन्न हुने प्रस्तावित मिति नै उल्लेख नगरेको, भवनको हालको भौतिक प्रगतिको स्थिति नखुलाएको, भवनको पहिलो तला निर्माणका लागि कुन निकायबाट बजेट खर्च गरिएको थियो र हाल किन इकाइमा बजेट माग हुन आएको हो, निकायगत समन्वय भएको पुष्टयाई हुने कागजात समावेश भएको नदेखिएको।
जेष्ठ नागरिक मिलन केन्द्रको अधुरो भवन निर्माण	बर्दगोरिया गाउँपालिका	६०००	२५००	भवनको हालको भौतिक प्रगतिको स्थिति नखुलाएको, भवनको पहिलो तला निर्माणका लागि कुन निकायबाट बजेट खर्च गरिएको थियो र हाल किन बजेट यहाँ माग हुन आएको, निकायगत समन्वय आदि पुष्टयाई हुने कागजात समावेश भएको नदेखिएको।

बहुवर्षीय आयोजनाका रुपमा स्वीकृति प्राप्त नगरेका गत विगतका अधुरा आयोजनामा समेत बजेट विनियोजन हुँदा नेपाल सरकारको स्रोतमा बढी भार पर्नजाने, प्रर्याप्त समन्वयको अभावमा एउटै आयोजनामा अन्य निकायबाट समेत दोहोरो बजेट निकासा हुनसक्ने भएकोले बहुवर्षीय आयोजनाको उपयुक्त अभिलेख व्यवस्थापन एवं अन्तरनिकाय समन्वय कायम गरी यस्ता आयोजनमा गरिने विनियोजनलाई व्यवस्थित गर्नु पर्दछ।

२३. **कार्यक्रममा दोहोरोपना** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (सांविक २०७७) को दफा नं. ७ (३) मा स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्दा अन्य निकायबाट संञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी गर्नुपर्ने व्यवस्था छ। दोहोरोपना नभएको सुनिश्चित हुने सम्बन्धमा केन्द्रीय समन्वय ईकाईबाट विवरण माग गरिएकोमा सोको कुनै संयन्त्र निर्माण नगरिएको तर स्थानीय तहहरुलाई योजनाको माग तथा प्रगति विवरणसम्बन्धी अभिमुखीकरण कार्यक्रममा दोहोरोपन नहुने गरि माग गर्न निर्देशन दिइने गरेको जानकारी प्राप्त भएको छ। दोहोरोपना नभएको सुनिश्चित हुने संयन्त्रको विकास गरेको पाइएन। अत: दोहोरो नभएको सुनिश्चित हुने अभिलेख व्यवस्थापन एवं संयन्त्रको विकास गर्नेतर्फ मन्त्रालय र केन्द्रीय समन्वय इकाईको ध्यान जानु पर्दछ। बहुदरमाई नगरपालिका, बहुअरी पिडरी, पर्साले उक्त कार्यक्रमबाट सञ्चालन गरेको तटबन्धनको स्थलगत अवलोकनका क्रममा एउटै स्थानमा यसवर्ष र गत विगत वर्षमा समेत अन्य विभिन्न निकायले तटबन्धनको काम गरेको जानकारी प्राप्त भयो।



गत वर्ष यस कार्यक्रमबाट संञ्चालित आयोजनमा स्थलमा यस वर्ष जलश्रोत सिँचाइ कार्यालयबाट थप कार्य हुँदै गरेको वडा अध्यक्षको भनाइ रहेको छ। निमाण स्थलमा आयोजना बोर्ड राखेको पाइएन।



२ वटा स्पिड ब्रेकर आ ब २०७०।८० मै जलश्रोत सिँचाई कार्यालयले निर्माण गरेको वडा नं ४ का



फाउण्डेसनका ४ लेयर ग्याविन जाली विगतमा अन्य निकायबाट सम्पन्न गरेको पालिकाकको भनाइ रहेको छ। यसको अभिलेख पालिकाले राखेको पाइएन।

माथिल्ला ४ लाईन ग्याविन जाली यसवर्ष पालिकाले गरेको जनाएको छ।

आयोजना छनौट एवं तयारीका क्रममा यस क्षेत्रमा गत विगतमा काम गरेका निकायसँग पालिकाले समन्वय गरेको अभिलेख राखेको देखिएन। यसै स्थानमा यस आर्थिक वर्ष २०७९।८० मा अन्य निकायका कार्यक्रम समेत तर्जुमा भएका थिए थिएनन् यकिन गर्ने आधार छैन। निकायगत समन्वय कायम गर्ने र सोको स्पष्ट/व्यवस्थित अभिलेख राखि दोहोरो नपर्ने र लागतप्रभावी हुने ढंगबाट आयोजना छनौट एवं कार्यन्वयन गर्नुपर्नेतर्फ सम्बद्ध निकायको ध्यान जानु पर्दछ।

२४. **कार्यक्रमको समग्र प्रभावकारीता** - यस कार्यक्रमको मुल उद्देश्य तराइ मधेशका मानव विकास सूचकाङ्क न्युन तथा गरिवीको समग्र दर गहनता उच्च रहेका स्थानीय तहहरुमा आर्थिक तथा सामाजिक रुपान्तरण गरी जनताको जीवनस्तरमा सुधार ल्याउनु रहेको छ। स्थानीय तहहरुले आयोजना प्रस्ताव गर्दा प्रस्तावित आयोजनाले यस कार्यक्रमले निर्धारण गरेको मुख्य उद्देश्य प्राप्तिमा कति योगदान पुर्याउन सक्दछ सो गणना गरेको पाइएन। अधिकांश स्थानीय तहहरुले स-साना लागतका भौतिक पूर्वाधारका आयोजना प्रस्ताव गर्ने गरेको र उक्त आयोजना निर्माण भए पश्चात उक्त क्षेत्र एवं समुदायको आर्थिक समृद्धिमा कति योगदान पुग्न गयो सोको प्रभाव मूल्याङ्कन समेत गरेको पाइएन। यसरी नियमित प्रकृतिका स-साना भौतिक पूर्वाधार क्षेत्रका आयोजना माग गर्ने, उक्त आयोजनाले समृद्धिमा गर्न सक्ने योगदानको पूर्वानुमान नहुने र सम्पन्न भए पश्चात प्रभाब मूल्याङ्कन समेत नभएको अवस्थामा यस कार्यक्रमको उद्धेश्य अनुरुप नै कार्य भएको एकिन गर्ने स्थिति छैन। तसर्थ कार्यक्रमको उद्धेश्य अनुरुप पर्याप्त तयारीका साथ आयोजना माग एवं स्वीकृत गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ।

२५. **प्रगति प्रतिवेदन** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (साबिक २०७७) को दफा १० मा अनुसूची ४ बमोजिमको ढाँचामा कार्यक्रम सञ्चालन भएका स्थानीय तहहरुले मासिक, चौमासिक र वार्षिक प्रगति केन्द्रीय समन्वय ईकाईमा प्रगति विवरण पेश गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा समन्वय इकाईबाट प्रगति प्रतिवेदन सम्बन्धमा देखिएका कमीकमजोरी र सोको निराकरणका लागि इकाइले गरेका काम कारबाहीको विवरण माग गरिएकोमा विस्तृत विवरण पेश हुन आएन। स्थानीय तहहरुले वार्षिक प्रगति पेश गर्ने गरेको भएतापनि मासिक र चौमासिक विवरण पेश नगरेको समन्वय ईकाइको भनाइ रहेको छ। नियमित रुपमा तोकिएको अवधिमा प्रगति पेश गर्ने/गर्न लगाउनेतर्फ समन्वय इकाईको ध्यान जानु पर्दछ। प्रगति विवरणसम्बन्धी छलफल अभिमुखीकरण कार्यक्रमहरु हुने भएता पनि सोको व्यवस्थित अभिलेख नराखिएको इकाईको भनाइ रहेको छ। तोकिए बमोजिम प्रगति विवरण प्राप्त गर्ने, सोको विश्लेषण गर्ने र यस कार्यक्रमको उद्देश्य अनुरुप नै क्रियाकलापहरु सञ्चालन भएका छन् भन्ने तर्फ सुनिश्चित गर्नुपर्ने देखिन्छ।

२६. **अधुरा आयोजनाहरु** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० अनुसार बहुवर्षीय आयोजनाहरु छनौट गर्दा अर्थ मन्त्रालयको श्रोत सुनिश्चितता हुनुपर्ने व्यवस्था छ। इकाईबाट सञ्चालित कार्यक्रमहरु सोही वर्ष सम्पन्न हुन नसकी अधुरो समेत रहेको पाइयो। निर्देशिकाको व्यवस्था अनुसार सालबसाली रुपमा सञ्चालन भएका आयोजनाहरु सोही आर्थिक वर्षमा सम्पन्न गर्नुपर्नेमा पुरा नभई अधुरो रहेको पाइयो। चालु आर्थिक वर्ष २०८०।८१ मा खैरहनी न.पा. ले वडा नं. ९ मा निर्माणाधीन श्री राष्ट्रिय आधारभूत विद्यालयको अधुरो भवन निर्माणका लागि बजेट विनियोजन नभएको र भरतपुर महानगरपालिकाले वडा नं. २ मा रंगशाला निर्माणका लागि आफ्नै श्रोतबाट रु. २८ लाख विनियोजन गरिएको सम्बन्धित पालिकाबाट स्थलगत अवलोकनका क्रममा जानकारी प्राप्त भयो।



खैरहनी न पा ले वडा नं.९ मा श्री राष्ट्रिय आधारभूत विद्यालयको ८ कोठको २ तले भवन निर्माण सुरु गरेकोमा एक तल्ला मात्रै ढलान भएको र यस वर्ष बजेट विनियोजन नहुँदा थप काम हुन नसकेको पालिकाको भनाइ रहेको छ।



भरतपुर महानगरपालिकाले वडा नं. २ मा रंगशाला निर्माणको कार्य सुरु गरेकोमा सम्पन्न हुन नसकेको स्थलगत अवलोकनका क्रममा देखियो। यसवर्ष पालिकाले रु.२८ लाख विनियोजन गरेकोमा थप काम हुन नसकेको पालिकाले जनाएको छ।

निर्देशिकाको व्यवस्थाअनुसार कार्यक्रम छनौट, कार्यन्वयन र तोकिएको समयमै सम्पन्न गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानु पर्दछ।

२७. **लागत सहभागिता** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० दफा ५ (१) मा आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले कम्तीमा ३० प्रतिशत लागत सहभागिता जनाउनुपर्ने व्यवस्था छ। स्थलगत अवलोकनका क्रममा देहायका पालिकाहरुमा सञ्चालित आयोजनाको कामको नापजाँचको प्राविधिक बिल अनुसार भएको कुल कामको ३० प्रतिशत सम्बन्धित पालिकाबाट लागत सहभागिता जनाएको पाइएन। अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाई लागत सहभागिता तोकिए अनुसार हुनुपर्दछ।

(रकम रु. हजारमा)

स्थानीय तहको नाम	आयोजनाको नाम	कार्य सम्पन्न प्रतिवेदन अनुसार भएको काम रु.	समन्वय ईकाइको श्रोतबाट भएको भुक्तानी रु.	समन्वय ईकाइबाट ७० प्रतिशतले हुन आउने योगदान रु.	बढी भुक्तानी रु.
बिन्धवासिनी गा.पा,पर्सा	अधुरो नाली निर्माण	२२,७७	२२,७७	१५९४	५८३
	सामुहिक आवास भवन	४५८४	४४२५	३२०९	१२१६
बहुदरमाई न.पा., पर्सा	तटबन्धन कार्यक्रम	३४३५	२४८९	२४०४	८५
खैरहनी न.पा. चितवन	राष्ट्रिय आधारभूत विद्यालय भनन निर्माण	४००४	३९८५	२८०३	११८२
जनकपुर उप.म. न.पा.	राधेकृष्ण अधुरो निर्माण उ .स.	२६१२	२५००	१८२८	६७२
	जय हनुमान अधुरो धर्मशाला निर्माण उ.स.	२२१६	२२१६	१५५१	६६५

अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाइ लागत सहभागिता तोकिए अनुसार हुनु पर्दछ। यसरी बढी भुक्तानी भएको रकम फिर्ता हुनु पर्दछ।

२८. **कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन** - कार्यक्रम सञ्चालन निर्देशिका, २०८० (साबिक २०७७) को दफा ५ (१) मा यस कार्यक्रमबाट सञ्चालित आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन सम्बन्धित स्थानीय तहको अनुगमन तथा सुपरिवेक्षण समितले गर्ने, नियमित रुपमा मासिक, त्रैमासिक र वार्षिक प्रगति तयार गरी केन्द्रीय समन्वय इकाईमा पेश गर्नुपर्ने साथै केन्द्रीय समन्वय इकाईबाट समेत कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय तहहरुले वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने भएता पनि मासिक र त्रैमासिक प्रगति प्रतिवेदन

आंशिक रुपमा मात्रै पेश हुन आएको केन्द्रीय समन्वय इकाईको भनाई रहेको छ। साथै केन्द्रीय समन्वय इकाईबाट नियमित अनुगमन हुन नसकेको र प्रादेशिक स्तरमा नियमित अभिमुखीकरण तथा अन्तरक्रियात्मक कार्यक्रम मात्रै आयोजना हुने गरेको इकाईले जनाएको छ। केन्द्रीय समन्वय इकाईबाट नियमित एवं प्रभावकारी अनुगमन नहुँदा आयोजनाहरु अधुरो रहने, तोकिएको अनुपातमा लागत सहभागिता नहुन सक्ने र यस निर्देशिकाका व्यवस्थाहरुको पूर्णरुपमा परिपालना नहुने सम्भावना समेत हुन्छ। तर्सथ अनुगमन तथा मूल्याङ्कनलाई सूचकमा आधारित बनाउनेतर्फ समन्वय इकाईको ध्यान जानुपर्दछ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

नेपालको संविधानले सार्वजनिक सेवा लगायतका रोजगारीका क्षेत्रमा आर्थिक रूपले विपन्न, लोपोन्मुख, दलित समुदायको सशक्तीकरण, उत्थान एवं सहभागिता र विकासका लागि आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था गरेको छ। त्यसैगरी कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य, बजारमा पहुँचको व्यवस्था, विकास निर्माणका प्रक्रियामा स्थानीय जनसहभागिता अभिवृद्धि गर्ने व्यवस्था समेत गरेको छ। यसै व्यवस्थाको परिकल्पनालाई साकार पार्न सरकारले विभिन्न नीति तथा कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ। गरिबी र मानव विकास सूचकाङ्क न्युन भएका तराई-मधेशका २१ जिल्लाका २७८ पालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तर्गत तराइ मधेश समृद्धि कार्यक्रम विगत पाँच वर्ष देखि सञ्चालन हुँदै आएको छ।

सरकारले कार्यन्वयनमा ल्याएका गरिबी न्यूनीकरण, सार्वजनिक सेवामा जनताको पहुँच विगतका तुलनामा अभिवृद्धि भएको विभिन्न तथ्याङ्क सार्वजनिक हुने गरेको पाइन्छ। यद्यपि आर्थिक समृद्धि तथा सार्वजनिक सेवामा जनताको पहुँच अपेक्षा अनुरुप बढ्न सकिएको छैन। यस कार्यक्रमको परियोजना छनौट, कार्यान्वयन, कार्यान्वयन प्रक्रिया, लागत सहभागिता, आवधिक प्रतिवेदन, अनुगमन तथा मूल्याङ्कन जस्ता विषयहरुका सन्दर्भमा कार्यक्रम कार्यान्वयन निर्देशिकाको पूर्ण कार्यान्वयन हुन सकेको पाइएन।

तसर्थ अपेक्षित प्रतिफल प्राप्तिका लागि आयोजनाको छनौट, कार्यान्वयन, सहभागिता, लागत साझेदारी, अनुगमन तथा मुल्यांनलाई नतिजाउन्मुख बनाइनु पर्दछ। यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न उचित स्रोतसाधन सहित समयबद्ध कार्ययोजना र स्पष्ट कार्यसम्पादन सूचकको विकास गरी अनिवार्य लागु गर्नुपर्छ।

आर्थिक समृद्धि बढाउन तथा सार्वजनिक सेवामा जनताको पहुँचलाई अभिवृद्धि गर्दै सुनिश्चित, दिगो र प्रभावकारी बनाउन देहायका सुझावहरु प्रस्तुत गरिएको छः

- नयाँ कार्यक्रम तर्जुमा गर्नुपूर्व समान प्रकृतिका विगतमा सञ्चालित कार्यक्रमको समीक्षा र प्रस्तावित कार्यक्रमको कार्यान्वयनयोग्यता, श्रोत साधनको उपलब्धता, कार्यक्रम कार्यान्वयन गरिने प्रस्तावित क्षेत्रको विद्यमान स्थितिको सर्वेक्षण, प्रमुख कार्य सम्पादन सूचक सहित आवधिक लक्ष्य निर्धारण गरिनु पर्दछ,
- कार्यक्रमसँग सम्बन्धित आर्थिक क्रियाकलाप, तथ्याङ्क एवं सूचनाहरुको अभिलेखलाई व्यवस्थित गर्ने,
- कार्यक्रम कार्यान्वयनमा संघ, प्रदेश एवं स्थानीय तहमा देखिएको दोहोरोपनालाई हटाउने संयन्त्रको विकास गर्ने,
- समृद्धिका लागि आयआर्जन, क्षमता विकास, बजार पहुँच, मुल्य सुनिश्चितता कायम गर्न तालिम, सशक्तीकरण एवं सचेतनामूलक कार्यक्रम, व्यावसायिक निरन्तरता, तालिमलाई स्वरोजगारीमा परिणत गर्नुपर्ने,
- विद्यमान कानुनी व्यवस्थाको परिपालनामा गर्ने/ गराउनेतर्फ सम्बद्ध निकायले जोड दिनुपर्ने,
- स्थानीय तहहरुले भौगोलिक सन्तुलनलाई समेत विचार गरी आयोजनाहरु प्रस्ताव गर्ने,
- आवधिक प्रगति प्रतिवेदन प्राप्त गरि समयमै समस्याको समाधान गर्ने संयन्त्रको विकास गर्ने,
- स्थानीय तहले प्रस्ताव गर्न सक्ने आयोजनाको अधिकतम संख्या निर्धारण, आयोजना स्वीकृति तथा बजेट विनियोजनका लागि वस्तुनिष्ठ सूचकहरुको विकास गर्ने, पारदर्शिताको प्रवर्दन गर्ने,
- अनुगमन तथा मूल्याङ्कनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाउनुपर्दछ ।

कारागार पूर्वाधार व्यवस्थापन

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** नेपालमा कारागार (जेल) को इतिहास वि.सं. १९७१ बाट शुरू भएको हो। नेपालको पहिलो कारागार, हालको कारागार कार्यालय काठमाडौं, जगन्नाथदेवल हो। यसलाई शुरूमा सदर जेल भनिएकोमा हाल केन्द्रीय कारागारको रुपमा सञ्चालनमा रहेको छ। वि.सं. २०१९ सालमा कारागारसम्बन्धी व्यवस्था गर्न कारागार ऐन, २०१९ निर्माण भएकोमा उक्त ऐनको दफा २७ ले दिएको अधिकार प्रयोग गरी कारागार प्रशासनलाई व्यवस्थित र नियमित गर्न कारागार नियमावली, २०२० को तर्जुमा भै लागु भएको छ। २०७९ असोज १९ मा साविकको कारागार ऐन,२०१९ खारेज भई कारागार ऐन,२०७९ लागु भएको छ। तत्कालीन ऐनअनुसार निर्माण भएको कारागार नियमावली, २०२० को २०७९/९/१८ मा पन्ध्रौं संशोधन भएको छ। कारागार ऐन,२०७९ मा कारागार भन्नाले बन्दीलाई थुना वा कैदमा राख्नको लागि बनाईएको वा सोको लागि प्रयोग भएको घर कोठा वा त्यस्तै प्रकारको अन्य कुनै ठाँउ सम्झनु पर्छ र सो शब्दले त्यस्तो घर, कोठा वा ठाँउको परिसर र त्यसको पर्खाल समेतलाई जनाउँछ भनी परिभाषित गरेको छ। यस ऐनमा कारागार व्यवस्थापन र बन्दीलाई उपलब्ध गराउने सेवा सुविधा लगायत पूर्वाधार सम्बन्धमा गर्नु पर्ने व्यवस्थाहरु रहेका छन्।

गृह मन्त्रालयको कारागार व्यवस्थापन महाशाखाद्वारा सम्पादन भई आएको कारागार व्यवस्थापन तथा प्रशासनसम्बन्धी कार्यलाई अझ प्रभावकारी एवं सबल बनाउन २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा 'कारागार व्यवस्थापन विभाग' को स्थापना भएको हो। तत्पश्चात् कारागार व्यवस्थापन र प्रशासनसम्बन्धी काम कारागार व्यवस्थापन विभाग अन्तर्गत हुँदै आएको छ। स्थानीय तहमा कारागार कार्यालयमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन र नियन्त्रण रहने व्यवस्था छ। नेपालमा हाल धनुषा, बारा, नवलपरासी पूर्व, रुकुम पूर्व र भक्तपुर समेत ५ जिल्ला वाहेक ७२ जिल्लामा कारागारहरू रहेका छन्। एकै जिल्लामा दुईवटा कारागार भएका जिल्लाहरू दाङ र काठमाडौं हुन्। दाङ जिल्लामा घोराही र तुल्सीपुर तथा काठमाडौं जिल्लामा जगन्नाथदेवल (सुन्धारा-त्रिपुरेश्वर मार्ग) र डिल्लीबजार (चारखाल) मा कारागारहरू रहेका छन्। नेपालमा कारागारहरूको संख्या ७४ रहेकोमा मुगु, हुम्ला र सर्लाहीमा साविक कारागार भवन भत्काई नयाँ कारागार भवन निर्माणको क्रममा रहेकोले ७१ कारागार सञ्चालनमा रहेका छन्। हाल नुवाकोट, बाँके, मोरङ, पाँचथर, हुम्ला, मुगु, बझाङ, जाजरकोट र सुर्खेतमा नयाँ कारागार भवनको निर्माण भैरहेको छ।

२. नीतिगत व्यवस्था, योजना तथा कार्यक्रम कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा भएका दीर्घकालीन नीतिहरु, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रमहरु देहाय बमोजिम छन -

- पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१) ले कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम रणनीति तथा कार्यनीति लिएको छः

रणनीति	कार्यनीति
कारागारसम्बन्धी न्युनतम मापदण्ड समयसापेक्ष रुपमा परिमार्जन गरी प्रविधिमैत्री सेवासुविधा सहितको सुधार गृहको रुपमा विकास गरिने।	न्युनतम मानवोचित सेवासुविधा र भौतिक पूर्वाधार सहितको कारागार निर्माण र सुधार गरिने।
	कैदी बन्दीलाई उत्पादनशील र विकासका क्रियाकलापमा संलग्न गराउने व्यवस्था गरिने।

उल्लेखित रणनीति कार्यान्वयन गर्न न्युनतम मानवोचित सुविधा सहितको (भौतिक पूर्वाधार क्षमता) कारागारमा रहेका कैदी बन्दीको नतिजा सूचक कायम गरी आधार वर्षमा ६८ प्रतिशत कारागारमा मानवोचित सुविधा रहेको र यसलाई योजनाको प्रथम वर्ष २०७६।७७ देखि अन्तिम वर्ष २०८०।८१ सम्म ९० प्रतिशत पुऱ्याउने लक्ष्य कायम गरिएको छ। सो को लागि रु १२ अर्ब ४५ करोड बजेट अनुमान गरिएको छ।

- गृह मन्त्रालयद्वारा २०७८ सालमा तयार गरिएको गृह प्रशासन सुधार कार्ययोजना-२०७८ मा कारागार सुधार सम्बन्धमा देहाय बमोजिम उल्लेख छ।

क्र. सं.	क्रियाकलापहरु	समयसीमा (वर्षमा)	अनुगमन सूचक	अपेक्षित उपलब्धी
१.	कारागार ऐन,२०१९ तथा नियमावली, २०२० र कारागार व्यवस्थापन कार्यविधि, २०७३ मा संसोधन गर्ने।	१	नियमावली र कार्यविधिको संशोधन	कारागार व्यवस्थापन सुदृढीकरणमा सहयोग पुग्ने।
२.	खुला कारागार, सामुदायिक सेवा, पेरोल एवं प्रोवेशन जस्ता अवधारणाहरुको कार्यान्वयन गर्न मापदण्ड र कार्यविधि तयार गर्ने।	२	मापदण्ड र कार्यविधि तयार र स्वीकृति	खुला कारागार, सामुदायिक सेवा, प्यारोल एवं प्रोवेशन जस्ता अवधारणाहरुको कार्यान्वयन प्रारम्भ भएको हुने।
३.	कारागारहरुको संरचना र सुविधासम्बन्धी न्युनतम मापदण्ड र कार्यविधि तयार गर्ने।	२	कारागारहरुको न्युनतम मापदण्ड तयार र स्वीकृति	प्रत्येक कारागारहरुको मापदण्डका आधारमा क्षमता यकिन भएको हुने।
४.	निर्माणाधीन कारागार भवनहरुको निर्माण कार्य सम्पन्न गर्ने।	२	भवन निर्माण सङ्ख्या	न्युनतम सुविधासहित कैदीबन्दी राख्ने व्यवस्था भएको हुने।
५.	जीर्ण अवस्थामा रहेका कारागारहरुको मर्मत तथा नयाँ भवन निर्माण (३० वटा मर्मत र २० वटा नयाँ निर्माण)	२	भवन निर्माण सङ्ख्या	नयाँ कारागार भवन निर्माण भई कैदी बन्दीहरुलाई सुरक्षित र क्षमता अनुसार राख्ने प्रबन्ध भएको हुने।
६.	सबै कारागार परिसरमा Walk Through Gate, X-ray Machine, Metal Detector आदिको व्यवस्था गर्ने।	२	कारागारहरुमा सुरक्षाका प्रविधिजन्य उपायहरु	कारागारहरुको आन्तरिक सुरक्षा मजबुत भएको हुने।
७.	सबै कारागारहरुमा पुस्तकालय स्थापना र विस्तार गर्ने।	२	पुस्तकालयको सङ्ख्या	सबै कैदीबन्दीहरुले कारागारभित्र अध्ययनको अवसर प्राप्त गरेको हुने।
८.	बन्दी व्यवस्थापन सूचना प्रणाली लाई स्तरोन्नति गरी कारागार प्रशासनको सुदृढीकरण गर्ने।	निरन्तर	बन्दी व्यवस्थापन सूचना प्रणाली सफ्टवेयर	कैदीबन्दी प्रशासनसँग सम्बन्धित सबै कार्यहरु विद्युतीय सूचना प्रणाली मार्फत भएको हुने।
९.	कारागार कार्यालयमा रहेका स्वास्थ्यकर्मीहरुको दरबन्दी गृह मन्त्रालयमा सार्ने।	१	गृह मन्त्रालयको दरबन्दीबाटै स्वास्थ्यकर्मी परिचालन	कैदीबन्दीहरुका लागि स्वास्थ्यकर्मीको सेवा सहज हुने।

- आर्थिक वर्ष २०७७।७८ बजेट वक्तव्यको बुँदा नं.२७६ मा कारागारको भौतिक पूर्वाधार र निर्माण सुधार कार्य अघि बढाइने, नुवाकोट र बाँकेमा निर्माणाधीन. कारागार निर्माणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने र कैदीबन्दीले कारागारमा उत्पादन गरेको सामग्रीको बजार पहुँच उपलब्ध गराइने उल्लेख छ।त्यस्तै आर्थिक वर्ष २०७८।७८को बजेट वक्तव्यको बुँदा नं.३९५ मा कारागारलाई सुधार गृहमा विकास गरिने, नुवाकोट र बाँकेमा खुला कारागार निर्माण कार्य आगामी वर्ष सम्पन्न गरिने, पाँचथर र मोरङमा कारागार निर्माण गर्न रकम विनियोजन गरिएको र लोकतान्त्रिक आन्दोलनको सिलसिलामा कारागारमा रही

गरिएको योगदानको संस्मरण र कारागारको इतिहास प्रतिबिम्वित हुने गरी केन्द्रिय कारागार परिसरमा सङ्ग्रहालय निर्माण गरिने उल्लेख छ। आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यको बुँदा नं. ३५५ मा निर्माणाधीन केन्द्रीय कारागार नुवाकोट, क्षेत्रीय कारागार बाँके, मोरङ, पाँचथर लगायत दशवटा कारागार भवनहरूको निर्माण गर्न र पुराना कारागार भवनहरूको मर्मत सुधार गर्न रु.३७ करोड विनियोजन गरेको, खुला कारागार नीति कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिने र कारागारमा रहेको श्रमशक्तिलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न आवश्यक व्यवस्था मिलाइने उल्लेख छ।

३. **कानुनी व्यवस्था -** कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा भएका कानूनी व्यवस्था देहाय बमोजिम छनः

- नेपालको संविधान
- कारागार ऐन,२०७९
- फौजदारी कसूर(सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४
- जेष्ट नागरिक ऐन,२०६३
- बालबालिकासम्बन्धी ऐन,२०७५
- निजामती सेवा ऐन,२०४९
- मुलुकी अपराध संहिता,२०७४
- स्थानीय प्रशासन ऐन,२०२८
- मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४
- कारागार नियमावली,२०२०(१५औँ संशोधन २०७९)
- फौजदारी कसुर(कैदकट्टा) नियमावली,२०७६
- निजामती सेवा नियमावली,२०५०
- प्रशासकीय कार्य फछौंट नियमहरु,२०२६
- कारागार व्यवस्थापन निर्देशिका,२०७३
- बन्दीहरुको बडापत्र,२०६०

४. **निकायगत व्यवस्था -** कारागार व्यवस्थापनको लागि केन्द्रीय निकायको रुपमा गृह मन्त्रालय रहेको छ। कारागार व्यवस्थापनसम्बन्धी नीतिगत तथा योजना तर्जुमा गर्ने गराउने कानूनी तथा नीतिगत आधार तयार गर्ने जिम्मेवारी गृह मन्त्रालयमा रहेको छ। कारागार प्रशासनको व्यवस्थापकीय जिम्मेवारी कारागार व्यवस्थापन विभागमा रहेको छ। कारागारहरुको भौतिक अवस्थाको सुदृढीकरण गर्न र बन्दीहरुको व्यक्तित्व विकास, आचार सुधार र पुनर्स्थापना एवं कारागार व्यवस्थापनको आधुनिकीकरणको निम्ती परियोजना, योजना तथा कार्यक्रमहरुको तोकिएको कार्यविधि अनुसार कार्यान्वयन गर्ने गराउने तथा नेपाल सरकारको नीति निर्देशन र उपलब्ध साधन र स्रोतको परिचालन गरी सोसम्बन्धी कार्य गर्न गराउनको निम्ती कारागार कार्यालयहरुको तालुक निकायको रुपमा कारागार व्यवस्थापन विभाग रहेको छ।

अदालतको फैसला बमोजिम थुनामा राखु पर्ने कैदी बन्दीको कानूनमा व्यवस्था भए बमोजिम बसोबासको व्यवस्था, खानपान, स्वास्थ्य, सुरक्षा लगायतका प्रशासकीय कार्य गर्ने जिम्मेवारी कारागार कार्यालयहरुमा रहेको छ। काठमाडौं र दाङ जिल्लामा २/२ र भक्तपुर, बारा, धनुषा, रुकुमपूर्व र नवलपरासीपूर्व बाहेकका ७० जिल्लामा १/१ गरी जम्मा ७४ वटा जिल्लास्तरका कारागारहरु सञ्चालनमा रहेका छन्। नाबालक कैदी बन्दीको व्यवस्थापन महिला, बालबालिका तथा

समाज कल्याण मन्त्रालय अन्तर्गत रहेका बाल सुधार गृहबाट हुने गरेको छ। कैदीहरुको स्वास्थ्य उपचारको लागि काठमाडौं, जगन्नाथदेवलमा कारागार अस्पताल र मनोवैज्ञानिक स्वास्थ्य उपचारको लागि ललितपुर,नख्खुमा मनोसामाजिक अस्पतालको स्थापना गरिएको छ।

कारागारका बन्दी गृहको निर्माणकार्य, कारागार व्यवस्थापन विभाग, कारागार कार्यालयहरु तथा शहरी विकास मन्त्रालय अन्तर्गतका निकायबाट हुने गरेको छ। हाल सङ्घीय भवन निर्माण डिभिजन कार्यालयहरुबाट नुवाकोट, बारा, बाँके, धनुषा लगायतका स्थानमा कारागार भवन निर्माण भैरहेको छ।

५. **संगठन संरचना र जनशक्ति -** कारागारको सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी कारागार व्यवस्थापन विभाग र कारागार कार्यालयहरुमा रहेको छ । विभाग तथा कार्यालयको संगठन संरचना र जनशक्ति देहाय बमोजिम रहेको छ।

संगठन संरचना र जनशक्ति



जिल्लास्थित ७४ कार्यालयमा कार्यालय सहयोगीदेखि उपसचिवसम्म ८१३ दरबन्दी रहेको छ ।

६. **वित्तीय व्यवस्था -** कारागार प्रशासन तथा पूर्वाधार व्यवस्थापनको लागि विनियोजन भएको बजेट तथा खर्चको स्थिति देहाय बमोजिम छ ।

(रकम रु. हजारमा)

आर्थिक वर्ष	कारागार व्यवस्थापन विभाग		कारागार कार्यालयहरु	
	बजेट	खर्च	बजेट	खर्च
२०७७//७	३४,२१,३३	२९,११,८४	२,०८,२७,१५	१,८७,१४,०३
२०७८/७९	६५,७६,४६	४५,०६,६८	२,१९,८३,९०	१,९७,५१,८७
२०७९।८०	३०,३६,३७	३५,५२,७७	२,३९,६२,७५	२,१२,९४,५७

७. **लेखापरीक्षणको औचित्यः** नेपालको संविधानले नेपाली नागरिकको मौलिक अधिकारको व्यवस्था गरेको छ। पन्ध्रौं आवधिक योजना २०७६।०७७ - २०८१।८२ ले न्युनतम मानवोचित सेवा-सुविधा र भौतिक पूर्वाधार सहितको कारागार निर्माण र सुधार गर्ने र कैदी बन्दीलाई उत्पादनशील र विकासका क्रियाकलापमा संलग्न गराउने व्यवस्था गर्ने रणनीति लिएको र मानवोचित सुविधा सहितका कारागार ६८ प्रतिशतबाट ९० प्रतिशत पुऱ्याउने लक्ष्य लिएको छ। विक्रम सम्बत २०७२ सालमा नेपालमा नयाँ संविधान जारी भएपछि कारागारलाई सङ्घीय र प्रदेश सरकारको साझा अधिकार अन्तर्गत राखिएको छ। कारागार ऐन,२०७९ मा कैदी बन्दीको स्वास्थ्य, शिक्षा, बसोबास, राशन, सिदा, कपडा लगायतका आधारभूत सुविधाको व्यवस्था गरिएको छ। त्यस्तै गर्भवती, सुत्केरी महिलाको लागि विशेष व्यवस्था गर्ने उल्लेख छ। महिला, तेस्रोलिङ्गी, अपाङ्गता भएका, मानसिक रोगी, आश्रित बालबालिका आदिको बसोबासको विशेष व्यवस्था गरेको छ। तोकिएको कैदी बन्दी संख्याको आधारमा कारागारमा अस्पताल तथा स्वास्थ्य चौकीको व्यवस्था गर्ने उल्लेख छ।

त्यस्तै कैदी बन्दीलाई उत्पादनशील काम लगाउन कारखाना, ईलम केन्द्र सञ्चालन गर्ने, गैर सरकारी संस्थाको सहयोगमा सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। कारागारसम्बन्धी नवीनतम अवधारणा अनुसार खुला कारागार, सामुदायिक सेवा, पेरोलमा कैदी छाड्ने व्यवस्था समेत ऐनमा गरिएको छ। कैदीको अनुरोधको आधारमा समेत विशेष सुरक्षा सहित बसोवासको विशेष व्यवस्था गर्ने समेत उल्लेख छ। उल्लिखित व्यवस्थाका बावजुद कारागारमा कैदी बन्दीको अवस्था दयनीय रहेको, कैदी बन्दीले आधारभूत सुविधा नपाएको, क्षमता भन्दा बढी कैदी बन्दी रहेको लगायतका व्यहोरा सार्वजनिक सञ्चार तथा विभिन्न निकायबाट भएका अनुगमन प्रतिवेदनमा प्रकाशित भएको अवस्था छ।

नेपालले गरेका अन्तर्राष्ट्रिय सन्धि संझौताको आधारमा नेपालका कारागारमा रहेका कैदी बन्दीको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासो बढ्दै गईरहेकोले कारागार पूर्वाधार सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्था र कार्यक्रम कार्यान्वय अवस्था सम्बन्धमा कार्यमूलक लेखापरीक्षण गर्न सान्दर्भिक देखिएकोले यो विषय छनौट गरिएको छ। कारागार व्यवस्थापन सम्बन्धमा देखिएका कमी कमजोरी सुधारको लागि सुझाव सहितको प्रतिवेदन दिने लेखापरीक्षणको उद्देश्य रहेको छ।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्धति

८. **लेखापरीक्षणको उद्देश्य -** कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्था, तथा वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा देहायका विषयको परीक्षण तथा विश्लेषण गरी सुधारका पक्षबारे सुझाव दिनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

- नीतिगत तथा कानूनी व्यवस्था र कार्यान्वयन,
- भौतिक पूर्वाधार अवस्था,
- कैदी वन्दी व्यवस्थापन,
- कैदी बन्दीका आधारभूत सुविधाहरुको स्थिति,
- सीप तथा आय आर्जनसम्बन्धी कार्यक्रम र
- अनुगमन तथा निरीक्षण,

९. **लेखापरीक्षणको क्षेत्र –** कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्था, आवधिक तथा वार्षिक कार्यक्रम लेखापरीक्षणको क्षेत्र रहको छ। यस सन्दर्भमा गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग, कारागार व्यवस्थापन कार्यालय र बन्दी गृह तथा कारागार कार्यालयको भवन निर्माण गर्ने सहरी विकास मन्त्रालय अन्तर्गतका निकाय, नाबालक कैदी बन्दीको व्यवस्थापन गर्ने गैर सरकारी संस्था र सोको अनुगमन गर्ने महिला तथा समाज कल्याण मन्त्रालय अन्तर्गतका निकायका क्रियाकलाप र लेखापरीक्षणमा प्राप्त भए सम्म आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्मको तथ्याङ्क र विवरण समावेश गरिएको छ र सान्दर्भिकताको आधारमा चालु आर्थिक वर्ष २०८०/८१ को तथ्याङ्क समेत समावेश गरिएको छ।

१०. **लेखापरीक्षण पद्धति तथा आधार -** लेखापरीक्षण कार्यमा लेखापरीक्षण मानदण्ड २०७७, लेखापरीक्षण समीक्षा पत्र, लेखापरीक्षण योजना, महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण निर्देशिका,२०६९, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन, लेखापरीक्षण प्रतिवेदन र पृष्ठपोषणको चरण रहेको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तीको लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षणविधि अवलम्बन गरिएको छ। कारागार पूर्वाधार व्यवस्थापनसँग सम्बन्धित काम कारवाही उपर व्यवस्थापनको दृढोक्तिमा आश्वस्त हुन पेश हुने कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण गरिएको छ।

लेखापरीक्षण कार्य पद्धतिमूलक प्रक्रिया तथा नतिजामूलक प्रक्रिया अपनाई गरिएको छ। लेखापरीक्षण आधारको रुपमा नेपालको संविधान, प्रचलित ऐन, कानून, नीतिमा उल्लेख भएका विषयलाई अपनाइएको छ। यसरी प्रयोग गरिने लेखापरीक्षण आधारहरुको सम्वन्धमा लेखापरीक्षण गरिने निकायका पदाधिकारीसँग आवश्यक छलफल गरिएको छ।

११. **लेखापरीक्षणको सिमितता** - लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनौट गरी परीक्षण गरिएको छ। लेखापरीक्षण गरिने निकायबाट परीक्षणको लागि उपलब्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा परीक्षण विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

परिच्छेद-३
लेखापरीक्षणबाट देखिएका बेहोराहरु

कारागार सञ्चालनको लागि आवश्यक हुने पूर्वाधार व्यवस्थापनको लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था तर्जुमा भएका छन्। आवधिक योजना, वार्षिक बजेट वक्तव्य, नीति तथा कार्यक्रममा समेत यसलाई प्राथमिकता दिइएको छ। कैदी बन्दीको बसोवासको लागि आवश्यक भौतिक संरचनाहरु निर्माण भैरहेका छन्। कैदी बन्दीको खानपान तथा बसोवासको लागि नगद, रासन, पोशाक, ओड्ने ओछ्याउने कपडा, विस्तरा, लगायतको व्यवस्था गरिएको छ। कैदी बन्दीले परिश्रम गरी केही आय आर्जन समेत गरिरहेको अवस्था छ। तथापि यसमा सुधार गर्नु पर्ने देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१२. **सङ्घीय र प्रदेश कारागार अवधारणा कार्यान्वयन** - कारागार व्यवस्थापन ऐन,२०७९ को दफा ५(२) मा कारागारलाई सुरक्षा संवेदनशीलता, भौतिक पूर्वाधार, व्यवस्थापन क्षमता, र भौगोलिक अवस्थिति समेतको आधारमा नेपाल सरकारले सङ्घीय कारागार वा प्रदेश कारागारको रुपमा तोक्ने र ऐनको दफा ६(२) मा ऐन प्रारम्भ हुँदाका बखत कायम रहेका कारागारलाई सङ्घीय र प्रदेश कारागारको रुपमा नतोके सम्म त्यस्तो कारागारको व्यवस्थापन नेपाल सरकारले गर्ने उल्लेख छ। त्यस्तै नेपालको संविधानको अनुसूची-७ मा कारागार प्रशासनलाई संघ र प्रदेश सरकारको साझा अधिकार सूची अन्तर्गत राखिएको छ।

हाल काठमाण्डौं र दाङ्ग जिल्लामा २/२ र भक्तपुर, बारा, धनुषा, पूर्वी रुकुम र पश्चिम नवलपरासी बाहेकका ७० जिल्लामा ७४ कारागारहरु सञ्चालनमा रहेका छन्। संविधानमा कारागारलाई संघ र प्रदेश सरकारको साझा अधिकार अन्तर्गत राखिएको र ऐनमा समेत विभिन्न आधारमा कारागारलाई सङ्घीय कारागार र प्रदेश कारागारको रुपमा तोक्ने उल्लेख भएकोमा साविक बमोजिम सङ्घीय सरकारबाट स्थापना तथा सञ्चालन भएका कारागारलाई सङ्घीय र प्रदेश कारागारको रुपमा तोकेको देखिएन। यस सम्बन्धमा छलफल गर्दा प्रदेश सरकारबाट व्यवस्थापन गर्ने गरी कारागार स्थापना गर्न नीतिगत तथा कानूनी आधारहरु निर्माण नभएकोले हाल सञ्चालनमा रहेका कारागारलाई सङ्घीय र प्रदेश कारागारको रुपमा नतोकी साविक बमोजिम नेपाल सरकारबाट व्यवस्थापन भैरहेको कारागार व्यवस्थापन विभागले उल्लेख गरेको छ।

सबै कारागारको व्यवस्थापन सङ्घीय सरकारबाट गर्दा सङ्घीय सरकारको कार्यबोझ बढेको र संविधान तथा ऐनमा भएको व्यवस्था कार्यान्वय नभएकोले आवश्यक नीतिगत, कानूनी तथा अन्य पूर्वाधार व्यवस्थागरी संविधान तथा ऐनमा भएको प्रावधान बमोजिम हाल नेपाल सरकारबाट व्यवस्थापन भैरहेका कारागारलाई सङ्घीय र प्रदेश कारागारको रुपमा तोकी सोही बमोजिम सङ्घीय र प्रदेश सरकारबाट कारागारको व्यवस्थापन हुनु पर्दछ।

१३. **कारागारको स्तर तथा प्रकृति** - कारागार नियमावली,२०२० को नियम ३(१) मा नेपाल सरकारले चाहेको ठाँउमा एउटा कारागारको व्यवस्था गर्ने र उक्त कारागारमा सो जिल्लाभरिका कैदी थुनुवाहरु राखिने र नेपाल सरकारले सामान्य आदेशद्वारा तोकिदिएको अवस्थामा अन्य जिल्लाका कैदी तथा थुनुवाहरु पनि रहन सक्ने व्यहोरा उल्लेख छ। नियम ४(१) मा जिल्ला कारागारमा जिल्ला स्थित अदालतहरुबाट, जिल्ला स्थित प्रमुख जिल्ला अधिकारीबाट र प्रचलित कानून बमोजिम थुनी कारवाही गर्न पाउने वा कैद सजाय तोक्न पाउने अधिकारीले पठाएका कैदी वा थुनुवालाई राख्नु पर्ने व्यवस्था छ। त्यस्तै नियम ४(२)मा सदर कारागारमा नेपाल राज्य भित्रका कुनै पनि

कारागारबाट आएका, अन्य सेन्ट्रल कारागारहरुमा सो कारागार क्षेत्रभित्रको कुनै पनि कारागारबाट आएका र जिल्लाका कारागारमा सो कारागारको क्षेत्रभित्रको कुनै पनि कारागारबाट आएको कैदी बन्दीलाई राखिने उल्लेख छ। कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार हाल देशमा सञ्चालनमा रहेका ७४ कारागारमध्ये काठमाण्डौंको जैसीदेवलमा रहेको कारागार केन्द्रीय कारागारको रुपमा सञ्चालन भैरहेको छ भने नुवाकोटमा निर्माणाधीन कारागार केन्द्रीय कारागार स्तरमा निर्माण भैरहेको छ। त्यस्तै बाँकेको नौबस्तामा नयाँ निर्माण भएको कारागारलाई क्षेत्रीय कारागार स्तरमा राखिएको छ। नियमावलीमा सदर, सेन्ट्रल, जिल्ला र जिल्ला अन्तर्गत स्तरमा कारागारको स्तर निर्धारण भएको भए पनि प्रचलनमा केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरमा विभाजन गरेको देखिएकोले कारागारको नामाकरण र स्तर सम्बन्धमा नियममा भएका व्यवस्था र कार्यान्वयनमा एकरुपता देखिएन। कानूनमा भएका व्यवस्था र कार्यान्वयनमा एकरुपता हुनुपर्दछ।

कारागार नियमावली, २०२० को नियम ३ र ४ बमोजिम कारागारलाई कैद सजाय तोक्ने निकाय वा अधिकारीले पठाउने र स्थानान्तरण भै आउने समेत दुई प्रकृतिमा विभाजन गरेको देखिन्छ। जस अनुसार सदर र सेन्ट्रल कारागारमा स्थानान्तरण भई आउने र जिल्ला कारागारमा कैदको सजाय तोक्ने निकाय वा अधिकारीले पठाएका र मातहतका कारागारबाट स्थानान्तरण गरिएका कैदी बन्दी राख्ने व्यवस्था छ। कारागारमा कैदी बन्दी स्थानान्तरण गर्दा उक्त क्षेत्र भित्रको कैदी बन्दी स्थानान्तरण गर्ने व्यवस्था भएकोमा क्षेत्र तोकिएको देखिएन। त्यस्तै कारागारलाई केन्द्रीय, क्षेत्रीय र जिल्ला स्तरमा विभाजन गरिएको भए पनि सोको मापदण्ड तयार भएको छैन। कारागारसम्बन्धी नीतिहरु, ऐन तथा नियम, सरकारको सांगठनिक संरचना र क्षमता समेतको आधारमा कारागारको स्तर निर्धारण र सोको क्षेत्र तोकी कारागार व्यवस्थापन हुनुपर्दछ।

१४. **विशेष कारागार** - कारागार ऐन,२०७९ को दफा ५(३) मा विशेष कारागारको रुपमा स्थापना भएका कारागार स्वतः सङ्घीय कारागारको रुपमा रहने र दफा ४०(२) मा विशेष कारागारमा रहने बन्दीको सम्बन्धमा उल्लेख छ। मुलुकी अपराध संहिताले ६ प्रकारका कसुरमा दोषी ठहर भएका कसुरदारलाई आजीवन कैद सजाय हुने व्यवस्था गरेको छ। क्रुर यातना पछि ज्यान मारेको, अपहरण तथा शरीर बन्धक लिई ज्यान लिएको, जबर्जस्ती करणीपछि ज्यान लिएको, जातिहत्या र खाद्य पदार्थमा विष हालेर ज्यान लिएको कसुरका कसुरदारहरुलाई आजीवन कैद हुने व्यवस्था छ। प्रचलित कानून बमोजिम जीवित रहेसम्म कैद तोकिएका कैदीलाई विशेष कारागारमा राखिने, प्रचलित कानून बमोजिम जन्म कैदको सजाय तोकिएका कैदीलाई कसूरको प्रकृति, कसूरको गाम्भीर्यता वा सुरक्षा संवेदनशीलताको आधारमा विशेष कारागारमा राख्न सकिने, प्रचलित कानून बमोजिमको जघन्य कसूरको आरोपमा पुर्पक्षको लागि अदालतको आदेश बमोजिम विशेष निगरानी वा सुरक्षाका साथ थुनामा राख्नु पर्ने थुनुवालाई विशेष कारागारमा राख्न सकिने, यसरी पुर्पक्षको लागि थुनामा राखिएका थुनवालाई अन्य कैदी रहने भन्दा छुट्टै कोठामा राख्नुपर्ने र विशेष कारागारको व्यवस्था नभएसम्मको लागि यस्ता बन्दीलाई सङ्घीय कारागारमा राखिने व्यवस्था छ। विशेष कारागारमा रहने बन्दीको सम्बन्धमा ऐनमा उल्लेख भए पनि हाल सम्म विशेष कारागार स्थापना भएको देखिएन। विशेष कारागारको सम्बन्धमा कुनै आधारहरु निर्माण नभएको, नियमावली संशोधनको प्रक्रियामा रहेकोले हाल सम्म विशेष कारागार सञ्चालन नभएको कारागार व्यवस्थापन विभागले उल्लेख गरेको छ। विशेष कारागार निर्माण नभएकोले विशेष कारागारमा राख्ने गरी तोकिएका बन्दी समेत हाल अन्य कारागारमा रहेको देखियो। विशेष कारागारमा राख्ने गरी तोकिएका बन्दीहरु अन्य कारागारमा रहँदा कारागारको शान्ती सुरक्षा र व्यवस्थापनमा कठिनाई

हुन सक्ने देखिन्छ। क्रुर प्रकृतिका कसुरमा आजीवन कैद भुक्तान गर्नुपर्ने बन्दी र अन्य मुद्धामा कसुरदार ठहरिएका थुनुवा र कैदीबन्दीहरु लाई संगै राख्दा अन्य बन्दीहरुमा मनोवैज्ञानिक असर पर्न सक्ने भएकोले ऐनमा व्यवस्था भए बमोजिम विशेष कारागार स्थापना गरी बन्दी व्यवस्थापन गर्नु पर्दछ।

१५. **सामुदायिक सेवा** - पन्ध्रौं योजनाको कार्यनीतिमा कैदी बन्दीलाई उत्पादनशील र विकासका क्रियाकलापमा संलग्न गराउने व्यवस्था गरिने र कारागार व्यवस्थापन नियमावली,२०२० को नियम १६(क) मा कुनै मुद्दामा ३ वर्षसम्म कैद सजाय हुने व्यक्तिले सामुदायिक सेवा गर्न चाहेमा मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्ने र मुद्दा हेर्ने अधिकारीले उक्त नियममा भएको व्यवस्था बमोजिम निजलाई सामुदायिक सेवामा पठाउन मनासिव देखेमा कारागारको सट्टा सामुदायिक सेवामा पठाउन सक्ने व्यवस्था भएकोमा हाल सम्म पनि कैदी बन्दी लाई सामुदायिक सेवामा पठाउने प्रक्रिया प्रारम्भ भएको छैन। सामुदायिक सेवामा पठाउने सम्बन्धमा कार्यविधि, मापदण्ड लगायतका विषयहरुको निर्माणमा गृहकार्य भैरहेको विभागले जनाएको छ। कैदी बन्दीको आचरणमा सुधार ल्याउन ऐनमा व्यवस्था भए अनुसार कैदी बन्दीलाई सामुदायिक सेवामा पठाउने व्यवस्था हुनु पर्दछ।

१६. **खुला कारागार** - कारागार ऐनको दफा ४१ मा प्रचलित कानून बमोजिम कैद अवधिको दुईतिहाई अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कैदीलाई कारागार प्रशासनले खुल्ला कारागारमा राख्न सिफारिस गर्न सक्ने र खुल्ला कारागारमा रहेका बन्दीलाई नेपाल सरकार वा प्रदेश सरकार मातहत सञ्चालित विकास आयोजना वा कार्यक्रममा वा कुनै सार्वजनिक निकायमा काम गर्न, स्वयंसेवकको रुपमा काम गर्न वा क्षमता वा सीप विकाससम्बन्धी तालिममा भाग लिन खटाउन सकिने उल्लेख छ। कारागार व्यवस्थापन नियमावली २०२० (१५औं संशोधन, २०७९) को नियम १६ मा खुला कारागारको स्थापनासम्बन्धी प्रक्रिया, खुला कारागारमा राखिने बन्दीको योग्यता र खुला कारागारमा बन्दी राख्ने प्रक्रिया आदि सम्बन्धमा उल्लेख छ। त्यस्तै आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा खुला कारागार नीति कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिने र कारागारमा रहेको श्रमशक्तिलाई उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न आवश्यक व्यवस्था मिलाइने उल्लेख छ। सुधारात्मक दण्ड सजायको अभ्यास अनुरुप राम्रो आचरण भएको कैदीबन्दीलाई समाजमा पुनर्स्थापना गराउने प्रक्रियाको रुपमा बाँकेको गनापुरमा १० बिघा क्षेत्रफलमा वि. सं. २०७८ सालमा ३० कैदी बन्दी परिवारसहित बस्न सक्ने क्षमताको बन्दी गृह र प्रशासनिक भवन निर्माण गरिएको भए पनि कारागर सञ्चालन भएको छैन। यस सम्बन्धमा कार्यविधि, कानून निर्माणको चरणमा रहेको र दरबन्दी समेत स्विकृत नभएको विभागले जनाएको छ। कारागार सञ्चालनको लागि भौतिक संरचना निर्माण भइसकेको अवस्थामा कारागार सञ्चालन नहुँदा लगानी खेर जाने र अन्य कारागारमा कैदी बन्दीको चाप बढ्ने भएकोले कैदीलाई सीप सिकाई क्षमता विकास गर्न र विकास निर्माण तथा उत्पादनशील कार्यमा लगाई देशको विकासमा योगदान पुऱ्याउन निर्माण भएको खुला कारागार सञ्चालनको लागि समयमा मापदण्ड तथा कार्यविधि तयार गरी तथा आवश्यक दरबन्दी व्यवस्था गरी सञ्चालनमा ल्याउनुपर्दछ ।



(बाँके जिल्लाको गनापुरमा निर्माण भै सञ्चालन नभएको खुला कारागार)

- **पेरोल एवं प्रोवेसन :** गृह प्रशासन सुधार कार्ययोजनाको बुँदा न.३५ मा २ वर्ष भित्र सामुदायिक पेरोल एवं प्रोवेसन जस्ता अवधारणाको कार्यान्वय गर्न मापदण्ड तथा कार्यविधि तयार गर्ने उल्लेख भए बमोजिम पेरोल व्यवस्था कार्यान्वयनको लागि २०८०/६/२५ मा राजपत्रमा सूचना जारी गरी कारागार प्रशासकलाई पेरोल अधिकृत तोकिएको, पेरोल बोर्डबाट पेरोलमा कैदी बन्दी छाड्ने सम्बन्धी मार्गदर्शन निर्माण भैरहेको र नियमानुसार प्यारोलमा छाड्ने कैदी बन्दीहरुको विवरण माग गरी चेकजाँच गर्ने प्रक्रियामा रहेको विभागले जनाएको छ। गृह प्रशासन सुधार कार्ययोजना बमोजिम कैदी बन्दीको व्यवस्थापनमा आएका नवीन अवधारणाहरु कार्यान्वयन गर्नुपर्दछ।

१७. **बाल सुधारगृह** - बालबालिकासम्बन्धी नियमावली,२०५८ को नियम १७ मा नेपाल सरकारले प्रदेश सरकारसँगको सहकार्यमा आवश्यकता अनुसार बाल सुधारगृहको स्थापना र सञ्चालन गर्ने र नियम १८ मा अदालतको आदेशबमोजिम कानूनी विवादमा परेका बालबालिका लाई भर्ना गर्नु पर्ने र सोको अभिलेख राख्नु पर्ने व्यवस्था छ। त्यस्तै कारागार नियमावली,२०२० (१५औं संशोधन, २०७९) को नियम १६(ङ) मा प्रचलित कानून बमोजिम बाल सधुारगृहमा पठाइएका बालबालिकाको उमेर १६ वर्ष उमेर पुगेको भए तापनि सम्बन्धित बाल सधुार गृहले निजको चाल चलनमा सुधार आएको र निजलाई थप अवधिसम्म बाल सधुार गृहमा राख्न उपयुक्त छ भनी सिफारिस गरेमा जेलरले त्यस्ता बालबालिकाको हकमा बाल सुधार गृहमा बस्ने अवधि बढाउन सक्ने व्यवस्था छ। कारागार व्यवस्थापन विभागले यसरी थुनामा परेका बालबालिकाको सजायको अनुगमन गर्ने गरेको छ। कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार हाल विभिन्न बाल सुधारगृहमा रहेका बन्दी बालबालिकाको विवरण देहाय बमोजिम छ ।

सुधार गृहको नाम र स्थान	बन्दी बाल बालिकाको संख्या			१६ वर्ष उमेर पुरा भएका	
	जम्मा	नाबालिग	नाबालिगा	पुरुष	महिला
बाल सुधार गृह, भक्तपुर	२४४	१९६	३८	**१५७**	३७
बाल सुधार गृह, मोरङ	२१९	२१९	०	१९८	०
बाल सुधार गृह, कास्की	१००	१००	०	८७	०

बाल सुधार गृह, बाँके	२१३	२१३	०	१८३	०
बाल सुधार गृह, मकवानपुर	७२	७२	०	५७	०
बाल सुधार गृह, डोटी	५१	५१	०	४७	०
बाल सुधार गृह, पर्सा	११७	११७	०	९६	०
बाल सुधार गृह, रुपन्देही	८४	८४	०	८१	०
बाल सुधार गृह, नौबस्ता, बाँके	११६	११६	०	११६	०
जम्माः	**१११६**	**१०७५**	**३८**	**१०२२**	**३७**

बाल सुधार गृहको सञ्चालन गृह मन्त्रालय र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट हुने गरेको छ। जस अन्तर्गत सिदा तथा सुरक्षाको जिम्मेवारी गृह मन्त्रालयमा रहेको छ भने अन्य व्यवस्थापनको जिम्मा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयबाट हुने गरेको छ। नौ बाल सुधार गृह मध्ये चार बाल सुधार गृह महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले Underprivileged Children's Education Programs (UCEP) नामक गैरसरकारी संस्थाको सहकार्यमा व्यवस्थापन गरिरहेको छ। दुई भिन्दा-भिन्दै मन्त्रालयबाट व्यवस्थापन हुँदा कार्यगत समस्या हुने भएकोले एकै निकायबाट सञ्चालन हुन उपयुक्त देखिन्छ। साथै नाबालक तथा बालिग कैदी बन्दी एउटै सुधारगृहमा रहदा समस्या सृजना हुन सक्ने भएकोले बालिग भैसकेका कैदीबन्दीलाई छुट्टै स्थानमा राख्न उपयुक्त हुने देखिन्छ ।

१८. **कारागार गृहहरुको अवस्था** - नेपाल सरकारले गृह प्रशासनको सुधारको लागि गृह प्रशासन सुधार कार्ययोजना, २०५८ जारी गरेको छ। उक्त कार्ययोजना अनुसार कारागार व्यवस्थापन विभागले २०७९ वैशाखमा कारागार सुधार अवधारणापत्र तयार गरेको छ। उक्त अवधारणापत्र बमोजिम हाल सञ्चालनमा रहेका ७४ कारागारहरु मध्ये ताप्लेजुङ, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, औखलढुंगा, सप्तरी, सिराहा, लगायतका कारागार गृह नयाँ निर्माण गर्नु पर्ने, झापा, सुनसरी कारागारमा ब्लक थप गर्नु पर्ने, खोटाङ्ग,ललितपुर, कास्की र जाजरकोटमा महिला बन्दी गृहको निर्माण गर्नु पर्ने, संखुवासभा, धनकुटा, पर्सा, तनहुँ, नवलपरासी पश्चिम, कपिलवस्तु, अर्घाखाँची, दाङ्ग घोराही, बाँके, जुम्ला कारागार मर्मत गर्नु पर्ने, रुपन्देहीको हालको कारागार स्थानान्तरण गर्नु पर्ने, धादिङको कारागार गृहको पछाडि पहिरो गएकोले पहिरो रोकथाम गर्नु पर्ने लगायतका व्यहोरा उल्लेख छ। उक्त अवधारणा पत्रानुसार ७४ कारागार गृह मध्ये २९(३९प्रतिशत) कारागार गृह पूर्ण वा आंशिक रुपमा नयाँ निर्माण गर्नु पर्ने, १४ कारागार(१९प्रतिशत) कारागार मर्मत गर्नु पर्ने उल्लेख छ भने सामान्य अवस्थामा रहेका कारागारको संख्या ११(१५प्रतिशत) रहेको छ। यससम्बन्धी अन्य व्यहोरा देहाय बमोजिम छन् ।

- लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गरिएका कारागारहरु मध्ये बाँके जिल्लाको नेपालगंज कारागार गृह अत्यधिक साधुँरो रहेको र जिर्ण हुँदै गएको देखियो। कैदीबन्दीहरुलाई साँघुरो भवन भएकोले सुत्न समस्या रहेको पाइयो। बाँकेको नैबस्तामा निर्माण सम्पन्न भएको क्षेत्रीय कारागारलाई यथाशिघ्र सञ्चालनमा ल्याई, नेपालगंज कारागारमा रहेका कैदीबन्दीहरुलाई स्थानान्तरण गरी नेपालगंज कारागारलाई थुनुवा तथा बिरामी बन्दी व्यवस्थापन गर्ने प्रयोजनमा प्रयोग गर्न उपयुक्त हुने देखिन्छ। कारागार गृहको भौतिक संरचनाको हिसावले काठमाडौंको स्थित जगन्नाथदेवल कारागारको (केन्द्रिय कारागार) केही संरचनाहरु पूरानो भई जीर्ण भएको पाइयो। जगन्नाथदेवलको केन्द्रीय बन्दीगृहमा सञ्चालित विद्यालय भवन धेरैनै पूरानो भई जीर्ण भएको र भूकम्पीय दृष्टिले जोखिमपूर्ण रहेको देखिन्छ। काठमाडौंको डिल्लीबजार कारागार गृहको कैदीबन्दीहरु बस्ने-सुत्ने केही संरचनाहरु १६१ वर्ष सम्म पूरानो र जीर्ण रहेकोले

सामान्य रेट्रोफिट गरी सञ्चालन गरेको देखियो। उक्त संरचना भूकम्पीय दृष्टिबाट समेत जोखिमयुक्त देखिन्छ। नेपालको ठूलो मध्येको अर्को ललितपुरको नख्खु कारागारको पुराना बन्दीगृहहरु जीर्ण अवस्थामा रहेको पाइयो। यस कारागारको वरिपरिलगाइएको ठूला पर्खालहरु समेत जीर्ण भई सुरक्षा संवेदनशीलताको हिसाबले जोखिमपूर्ण रहेको देखिन्छ।

१९. **निर्माणाधीन कारागारहरु** - आर्थिक वर्ष २०७७।७८ को बजेट वक्तव्य को बुँदा नं. २७६ मा कारागारको भौतिक पूर्वाधारको निर्माण र सुधार कार्य अघि बढाइने, नुवाकोट र बाँकेमा निर्माणाधीन कारागार निर्माणको कार्य आगामी आर्थिक वर्षमा सम्पन्न गरिने उल्लेख छ। त्यस्तै आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यको बुँदा नं. ३९५ मा नुवाकोट र बाँकेमा खुला कारागार निर्माण कार्य आगामी वर्ष सम्पन्न गरिने, पाँचथर र मोरङमा कारागार निर्माण गर्न रकम विनियोजन गरिएको र आर्थिक वर्ष २०७९।८० को बजेट वक्तव्यको बुँदा नं. ३५५मा निर्माणाधीन केन्द्रीय कारागार नुवाकोट, क्षेत्रीय कारागार बाँके, मोरङ, पाँचथर लगायत दशवटा कारागार भवनहरूको निर्माण गर्न र पुराना कारागार भवनहरूको मर्मत सुधार गर्न रु.३७ करोड विनियोजन गरेको उल्लेख छ। हाल निर्माणाधीन कारागारको स्थिति देहाय बमोजिम छः

भौतिक प्रगति २०८० फाल्गुण मसान्तसम्म

(रकम रु.लाखमा)

जिल्ला र स्थान	निर्माण प्रारम्भ वर्ष	लागत रकम	हाल सम्म भुक्तानी	२०८०/८१ मा विनियोजन	भौतिक प्रगति (%)	सम्पन्न हुने वर्ष	क्षमता
नुवाकोट(दोस्रो चरण)	२०७२/७३	५३५६.०३	५०५७.२४	४०००	९२	२०८०/८१	१३७०
,,(तेस्रो चरण)		५०००००	०	०	-	२०८३/८४	५७१३
नौबस्ता, बाँके(दोस्रो चरण)	२०७३/७४	४९५२.०५	५१५८.९५	१०	-	सम्पन्न	१०००
,, तेस्रो चरण		२००००	०	१००	-	बजेट व्यवस्था नभएको	
पाँचथर	२०७८/७९	१८१२.६१	४७०.९८	३००	३७	२०८०/८१	१९९
मोरङ	२०७७/७८	३६०६.८०	२५०७.६७	६००	८५	२०८०/८१	५५०
हुम्ला(दोस्रो चरण)	२०८०/८१	१५०९.९०	०	२१०	-	२०८०/८१	५०
मुगु(दोस्रो चरण)	२०८०/८१	१४७९.९०	०	२१०	-	२०८०/८१	१६
बझाँङ(दोस्रो चरण)	२०७९/८०	८४६.६५	८७.९२	१००	२०	२०८१/८२	८०
जाजरकोट	२०८०/८१	३२१३	०	१०	-	बजेट व्यवस्था नभएको	
सुर्खेत(दोस्रो चरण)	२०७९/८०	४६३.९०	०.८१	८२	१०	२०८१/८२	१००

- दुई चरणमा निर्माण सम्पन्न गरी ७००० कैदी बन्दी व्यवस्थापन गर्ने उद्देश्यले नुवाकोटमा आर्थिक वर्ष २०७२/७३ मा दोस्रो चरणको निर्माण कार्य प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७९/८० सम्म पनि निर्माण कार्य सम्पन्न भएको छैन। त्यस्तै तेस्रो चरणमा विद्यालय, कारागार कारखाना, अस्पताल सहितका भौतिक पूर्वाधार निर्माण गर्ने गरी रु.५ अर्बको लागत अनुमान तयार भएकोमा बजेट व्यवस्था नभएको कारण आर्थिक वर्ष २०८०/८१ मा भएको बोलपत्र प्रस्तावको कार्यान्वय हुन सकेको छैन। जाजरकोट कारागारको निर्माण कार्यको लागि रु.३२ करोड १३ लाखको लागत अनुमान तयार भै यो वर्ष १० लाख बजेट विनियोजन भएको भए पनि बजेट व्यवस्था नभएकोले खरिद प्रक्रिया अगाडी बढ्न सकेको छैन।
- बाँकैको नौबस्तामा १००० कैदी बन्दीको व्यवस्थापन गर्ने गरी आर्थिक वर्ष २०७३/७४ मा संझौता भई आर्थिक वर्ष २०७९/८०मा निर्माण सम्पन्न भएको क्षेत्रीय कारागारको दरबन्दी स्वीकृत नभएकोले सञ्चालन हुन सकेको छैन भने तेस्रो चरणको लागि रु.२ अर्बको लागत अनुमान रहेकोमा यस वर्ष रु. १ करोड विनियोजन भएकोमा बजेट सुनिश्चितताको अभावमा खरिद प्रक्रिया प्रारम्भ भएको छैन।

- आर्थिक वर्ष २०८०/८१ सम्म सम्पन्न गर्ने गरी आर्थिक वर्ष २०७८/७९ मा निर्माण प्रारम्भ भएको पाँचथर कारागारको भौतिक प्रगति ३७ प्रतिशत, आर्थिक वर्ष २०८०/८१ सम्म सम्पन्न गर्ने गरी आर्थिक वर्ष २०७७/७८ मा निर्माण प्रारम्भ भएको मोरङ कारागारको भौतिक प्रगति ८५ प्रतिशत, आर्थिक वर्ष २०८१/८२ सम्म सम्पन्न गर्ने गरी आर्थिक वर्ष २०७९/८० मा प्रारम्भ भएको बझाङ(दोस्रो चरण) कारागारको भौतिक प्रगति २० प्रतिशत, आर्थिक वर्ष २०८१/८२ सम्म सम्पन्न गर्ने गरी आर्थिक वर्ष २०७९/८० मा प्रारम्भ भएको सुर्खेत(दोस्रो चरण) कारागारको भौतिक प्रगति १० प्रतिशत रहेको छ।
- आर्थिक वर्ष २०८०/८१ मा निर्माण प्रारम्भ गरी सोही आर्थिक वर्षमा सम्पन्न गर्नेगरी खरिद सम्झौता भएका हुम्ला (दोस्रो चरण) र मुगु (दोस्रो चरण) को भौतिक प्रगति २० प्रतिशत रहेको छ।
- चालु आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गर्ने लक्ष्य रहेका पाँचथर कारागारको लागि आवश्यक बजेटको २२.३६ प्रतिशत, मोरङ कारागारको लागि ५४.५८ प्रतिशत, हुम्ला कारागारको लागि १३.९१ प्रतिशत, मुगु कारागारको लागि १४ प्रतिशत र जाजरकोट कारागारको लागि १२ प्रतिशत मात्र बजेट विनियोजन भएको छ।

निर्माण कार्य प्रारम्भ भएको लामो समय सम्म निर्माण सम्पन्न नभएको, निर्माण सम्पन्न भएका कारागार सञ्चालन हुन नसकेको निर्माणाधीन कारागारको सम्झौता अवधि अनुसारको भौतिक प्रगति नभएको, बहुवर्षीय ठेक्काको लागि बजेट व्यवस्था नभएकोले बोलपत्र प्रक्रिया अवरुद्ध भएको, चालु वर्ष भित्र सम्पन्न गर्ने लक्ष्य रहेका कारागारको लागि न्युन बजेट विनियोजन भएकोले निर्माणाधिन कारागारहरुको निर्माण समयमा सम्पन्न हुने अवस्था छैन। हाल सञ्चालनमा रहेका कारागारमा कैदी बन्दीको अत्यधिक चापका कारण क्षमताभन्दा १२४० प्रतिशतभन्दा बढी कैदी बन्दी रहेकोले निर्माणाधीन कारागारहरु कोलागि आवश्यक बजेट व्यवस्था गरी समयमा निर्माण सम्पन्न गर्नुपर्दछ।

२०. **कारागार गृहको मर्मत संभार** - गृह प्रशासन सुधार कार्ययोजनाको बुँदा नं ७३ मा २ वर्ष भित्र ३० वटा जीर्ण कारागार भवनहरुको मर्मत कार्य सम्पन्न गर्ने उल्लेख छ। उक्त कार्य योजना अनुसार मर्मत गर्न छनौट भएका र मर्मत भएका कारागारको सूची प्राप्त उपलब्ध भएन। कारागार कार्यालयको मर्मत संभारको लागि आर्थिक वर्ष २०७७/७८ मा रु.७ करोड ५८ लाख, आर्थिक वर्ष २०७८/७९ मा रु ९ करोड ५२ लाख र आर्थिक वर्ष २०७९/८० मा रु.५ करोड ९९ लाख बजेट विनियोजन भएको छ । कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९/८० मा ३१ कारागारको मर्मत सम्पन्न भएको उल्लेख छ । हाल सञ्चालनमा रहेका ७४ कारागार मध्ये आर्थिक वर्ष २०७७/७८ मा ३९, आर्थिक वर्ष २०७८/७९ मा ५६ र आर्थिक वर्ष २०७९/८० मा ३१ कारागारमा मर्मत संभारको लागि रकम निकासा भएकोले निर्मित भौतिक संरचनाको नियमित मर्मत संभारको लागि सबै कारागारमा रकम निकासा भएको देखिएन। निर्मित भौतिक संरचनाको गुणस्तर कायम राख्न नियमित मर्मत संभारको लागि समेत रकम विनियोजन हुनु पर्दछ।

२१. **कारागारको क्षमता** - कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार हाल सञ्चालनमा रहेका ७४ बन्दीगृहको कुल क्षमता १६ हजार ६०७ रहेकोमा कारागारमा रहेका कैदी बन्दीको संख्या २८ हजार १२५ रहेकोले कारागारको क्षमता भन्दा ११ हजार ५१८ बढी कैदी बन्दी रहेको अवस्था छ। क्षमता भन्दा बढी कैदी बन्दी रहेका १० कारागारको विवरण देहाय बमोजिम छ।

क्र.स.	कारागार रहेका जिल्ला	कारागारको क्षमता	हाल थुनामा रहेका कैदीबन्दी	क्षमता भन्दा बढी	क्षमता भन्दा बढी(प्रतिशत)
१.	सिन्धुली	५५	७३७	६८२	१२४०
२.	सुर्खेत	५०	३७०	३२०	६४०
३.	ताप्लेजुङ	२५	१५२	१२७	५०८
४.	उदयपुर	५५	२५९	२०४	३७१
५.	कन्चनपुर	१२५	५०७	३८२	३०६
६.	सिराहा	१५०	५२६	३७६	२५१
७.	तनहुँ	१००	३१५	२१५	२१५
८.	दोलखा	५०	१५६	१०६	२१२
९.	बाँके	३००	९३२	६३२	२११
१०.	कैलाली	२३५	७१८	४८३	२०६

द्रष्टव्यः आर्थिक वर्ष २०८०/८१ को पौष मसान्त सम्मको तथ्याङ्क उल्लेख गरिएको।

उल्लिखित विवरण अनुसार सिन्धुली कारागारमा क्षमता भन्दा १२४० प्रतिशत, सुर्खेत कारागारमा क्षमता भन्दा ६४० प्रतिशत, ताप्लेजुङ कारागारमा ५०८ प्रतिशत, उदयपुर कारागारमा ३७१ प्रतिशत र कन्चनपुर कारागारमा क्षमताभन्दा ३०६ प्रतिशतभन्दा बढी कैदी बन्दी रहेका छन्। क्षमताभन्दा बढी कैदी बन्दी रहदा जीवन यापन कठिन भएको अवस्था छ। कैदी बन्दीको वार्षिक वृद्धिदर अनुसार कारागारको क्षमता बढाई वा थप कारागार निर्माण गरी कैदी बन्दी व्यवस्थापन गर्नु पर्दछ।

- केही कारागारमा क्षमता भन्दा अत्यधिक रुपमा बढी कैदी बन्दी रहेको भए पनि केही कारागारमा क्षमताभन्दा कम कैदी वन्दी रहेको अवस्था छ। क्षमता भन्दा कम कैदी बन्दी रहेका कारागारको विवरण देहाय बमोजिम छ। कारागारको क्षमता अनुसार कैदी बन्दी स्थानान्तरण गरी व्यवस्थापन गर्नुपर्दछ।

क्र.स.	कारागार रहेका जिल्ला	कारागारको क्षमता	हाल थुनामा रहेका कैदीबन्दी	क्षमता भन्दा घटी
१	संखुवासभा	१४०	१२६	१४
२	खोटाङ	२३०	१३५	९५
३	सुनसरी	१६००	१५९३	७
४	मकवानपुर	११५०	१०८०	७०
५	रामेछाप	३५५	३४९	६
६	रसुवा	१३०	८९	४१
७	पाल्पा	४५०	२६३	१८७
८	मनाङ	१२	५	७
९	मुस्ताङ	१४	११	३
१०	जुम्ला	१४०	११४	२६
११	दैलेख	२१०	१५९	५१
१२	बझाङ	७५	६८	७

२२. **कारागार गृहको आन्तरिक संरचना तथा मापदण्ड** - कारागार व्यवस्थापन ऐन,२०७९ र नियमावली २०२०(पन्ध्रौं संशोधन २०७९) बमोजिम कारागार बन्दीगृहको आन्तरिक संरचनामा देहाय बमोजिम हुनु पर्ने देखिन्छ ।

- कारागार ऐन,२०७९ को दफा १५ को उपदफा १,२ र ३ बमोजिम प्रत्येक कारागारमा महिला र पुरुष बन्दी बस्नको लागि छुट्टाछुट्टै भवनको व्यवस्था गर्नु पर्ने तर त्यस्तो भवनको व्यवस्था नभएसम्मको लागि महिला र पुरुषलाई आवत जावतको छुट्टाछुट्टै व्यवस्था गरी भवनको भिन्दा भिन्दै भाग(ब्लकमा) राख्नु पर्ने र कारागारमा महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय र स्नान गृहको व्यवस्था गर्नु पर्ने।
- उपदफा ४ बमोजिम थुनुवा, तेस्रो लिङ्गी, सरुवा रोग लागेका, मानसिक अवस्था ठिक नभएका, प्रचलित कानून बमोजिमको गम्भीर र जधन्य कसूरमा सजाय पाएका कैदीलाई राख्न अन्य बन्दी भन्दा अलग कोठामा विशेष सुरक्षा कक्षको व्यवस्था गर्नु पर्ने।
- कारागार ऐन,२०७९ को दफा ४०(२) बमोजिम प्रचलित कानून बमोजिम जीवित रहेसम्म कैद तोकिएका कैदीलाई विशेष कारागारमा राखिने, प्रचलित कानून बमोजिम जन्म कैदको सजाय तोकिएका कैदीलाई कसूरको प्रकृति, कसूरको गाम्भीर्यता वा सुरक्षा संवेदनशीलताको आधारमा विशेष कारागारमा राख्न सकिने, प्रचलित कानून बमोजिको जघन्य कसूरको आरोपमा पुर्पक्षको लागि अदालतको आदेश बमोजिम विशेष निगरानी वा सुरक्षाका साथ थुनामा राख्नु पर्ने थुनुवालाई विशेष कारागारमा राख्न सकिने, यसरी पुर्पक्षको लागि थुनामा राखिएका थुनवालाई अन्य कैदी रहने भन्दा छुट्टै कोठामा राख्नुपर्ने।
- कारागार नियमावली,२०२० को नियम ५ मा कारागारबाट सुरुङ्ग खनी भागी पक्राउ भै आएका पर्खाल वा गारो फोडी भागी पक्राउ भएका, पर्खाल नाघी भागी पक्राउ भएका, कारागार भित्र ५ वा ५ भन्दा बढीको जमात भई हूलदङ्गा गरी भाग्न खोज्ने, कारागार भित्र बद्मासी गर्ने, चोरी गर्ने लाई गोलघर कारागारमा राख्नु पर्ने ।
- ऐनको दफा १६ बमोजिम पाँच सय भन्दा बढी कैदी बन्दी भएका कारागारमा अस्पताल वा स्वास्थ्य चौकीको स्थापना गर्ने ।
- ऐनको दफा १७ बमोजिम कैदीलाई भेट्न आउने आफन्त र परिवारका सदस्यको भेटघाटको लागि भेटघाट कक्षको व्यवस्था गर्ने।
- ऐनको दफा १८ बमोजिम सुरक्षाको दृष्टिकोणले संवेदनशील प्रकृतिका बन्दीलाई कारागार भित्र विशेष सुरक्षा सहित राख्नको लागि विशेष सुरक्षा कक्षको व्यवस्था गर्ने।
- ऐनको दफा २३ बमोजिम बन्दीको प्रजनन अधिकार संरक्षण गर्ने प्रयोजनको लागि उपयुक्त व्यवस्था गर्नु पर्ने।
- ऐनको दफा १९ बमोजिम पुस्तकालय, व्यायाम स्थल, खेलकुद स्थलको व्यवस्था गर्नु पर्ने, दफा २५ बमोजिम पठन पाठनको व्यवस्था गर्नु पर्ने, सीप मूलक तथा आय मुलक कार्यक्रम सञ्चालन गर्ने,
- ऐनको दफा ३३(२) बमोजिम कुनै नाबालक कारागारमा रहेकी आमासँग बस्ने भएमा आमा र बच्चालाई बस्नको लागि उपयुक्त कोठाको व्यवस्था गर्नु पर्ने।

➢ माथि उल्लेख भए अनुसार कारागार ऐन तथा नियमावली बमोजिम कैदी बन्दीको लैङ्गिक अवस्था, स्वास्थ्य अवस्था, कैदीको आपराधिक स्थिति, आधारभूत मानवअधिकार लगायतको आधारमा कैदी बन्दीको आन्तरिक व्यवस्थापन गर्नु पर्ने भएकोले बन्दीगृह निर्माण गर्दा समेत सोहि आधारमा गर्नु पर्ने देखिएकोमा हाल बन्दी गृह निर्माण सम्बन्धमा मापदण्ड तथा कार्यविधि निर्माण भएको देखिएन। कारागार गृहको निर्माण शहरी विकास मन्त्रालय अन्तर्गतका निकायबाट हुने गरेको छ भने व्यवस्थापनको जिम्मेवारी कारागार व्यवस्थापन

विभाग तथा कार्यालयहरुको रहेको छ। त्यस्तै सुरक्षाको जिम्मेवारी नेपाल प्रहरी र सशस्त्र प्रहरीको रहेको छ। मापदण्ड तथा कार्यविधि वेगर कारागार गृह निर्माण गर्दा सबै कैदी बन्दीको स्वास्थ्य तथा सुरक्षा जोखिम रहेको, कैदी बन्दीको लागि खेलकुद, व्यायामशाला, पुस्तकालय, भेटघाट कक्ष, आय आर्जन जस्ता आधारभूत सुविधाको लागि स्थानको अभाव रहेको छ। ललितपुरको नख्खु कारागार परिसरमा निर्माण भएको महिला बन्दी गृहको कोठाको झ्याल र कम्पाउण्ड वालको दूरी कम भएकोले सुरक्षा जोखिम रहेको कारण बन्दी गृह सञ्चालनमा आएको छैन। कारागारका बन्दी गृह संरचना निर्माणको लागि भवन निर्माण गर्ने, व्यवस्थापन गर्ने र सुरक्षा गर्ने निकायका पदाधिकारी रहेको समन्वय संयन्त्र निर्माण हुनु पर्दछ। साथै संरचना निर्माणको लागि उच्च स्तरबाट स्वीकृत निर्देशिका, कार्यविधि तथा मापदण्ड निर्माण हुनुपर्दछ।

- पन्ध्रौं योजनाको रणनीतिमा कारागारसम्बन्धी न्युनतम मापदण्ड समयसापेक्ष रुपमा परिमार्जन गरी प्रविधिमैत्री सेवासुविधा सहितको सुधार गृहको रुपमा विकास गर्ने र गृह प्रशासन सुधार कार्य योजनाको बुँदा ३६ मा २ वर्ष भित्र कारागारहरुको संरचना र सुविधा सम्बन्धमा न्युनतम मापदण्ड तयार गर्ने उल्लेख भएकोमा हाल सम्म न्युनतम मापदण्ड तयार भएको देखिएन। त्यस्तै कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार हाल सञ्चालनमा रहेका ७४ बन्दीगृहको १६६०७ कैदी बन्दी क्षमता रहेको उल्लेख भएता पनि यससम्बन्धी आधार निर्माण भएको देखिएन। कारागारहरुको संरचना र सुविधा सम्बन्धमा न्युनतम मापदण्ड तयार गरी कैदी बन्दी व्यवस्थापन गर्नु पर्दछ।

- पन्ध्रौं योजनाको प्रमुख नतिजा क्षेत्रको नतिजा खाका अन्तर्गत नतिजा सूचकमा आधार वर्ष २०७६।७७ मा ६८ प्रतिशत कैदी बन्दी बस्ने कारागारमा न्युनतम मानवोचित सुरक्षा सहितको भौतिक पूर्वाधार रहेको र योजना अवधिमा यसलाई ९० प्रतिशत पुऱ्याउने लक्ष्य रहेको छ। विगत ४ आर्थिक वर्षको मध्यमकालिन खर्च संरचना अनुसार गत वर्षको उपलब्धि, चालू वर्षको अनुमान र आगामी वर्षको लक्ष्य देहाय बमोजिम छ ।

उपलब्धि	मध्यकालिन खर्च संरचना वर्ष			
	२०७७।७८	२०७८/७९	२०७९/८०	२०८०/८१
२०७५/७६ सम्मको को उपलब्धि	६८	-	-	-
२०७६/७७ सम्मको को उपलब्धि	-	६०	-	-
२०७७/७८ सम्मको को उपलब्धि	-	-	७०	-
२०७८/७९ सम्मको को उपलब्धि	-	-	-	६०.८

उल्लिखित विवरण अनुसार आर्थिक वर्ष २०७७/७८ को मध्यमकालीन खर्च संरचनामा ६८ प्रतिशत र आर्थिक वर्ष २०७८/७९ मा ६० प्रतिशत र २०७९/८० मा ७० प्रतिशत कैदी बन्दीको लागि न्युनतम मानवोचित सुरक्षा सहितको पूर्वाधार तयार भएको उल्लेख भएकोमा आर्थिक वर्ष २०८०/८१ को खर्च संरचनामाः आर्थिक वर्ष २०७८/७९ मा ६०.८ प्रतिशत कैदी बन्दीको लागि मात्र न्युनतम मानवोचित सुरक्षा सहितको पूर्वाधार तयार भएको उल्लेख भएकोले प्रगति प्रतिशत घट्दो देखियो। कारागार व्यवस्थापन विभागको प्रतिवेदन अनुसार ७४ कारागार मध्ये १४ कारागार मर्मत गर्नु पर्ने र २९ कारागार पूर्ण वा आंशिक रुपमा नयाँ निर्माण गर्नु पर्ने र ५९ कारागारमा क्षमता भन्दा १२४० प्रतिशत सम्म बढी संख्यामा कैदी बन्दी रहेकोले योजनामा उल्लेख भएको उपलब्धी हासिल हुने देखिएन। योजनामा कारागारसम्बन्धी न्युनतम मानवोचित सुरक्षा सहितका पूर्वाधार तयार गर्ने उल्लेख भएकोमा सोको लागि आवश्यक मापदण्ड निर्धारण भएको छैन। मापदण्डनै तय नभएको

अवस्थामा योजनामा उल्लेख भए अनुसार न्युनतम मानवोचित सुरक्षा सहितका कारागारको पहिचान हुन सक्ने अवस्था छैन। न्यूनतम मानवोचित सुरक्षा सहितको पूर्वाधारको लागि आवश्यक हुने पूर्वाधारको सूचक तयार गरी सो सूचक पूरा भएका कारागार र त्यस्ता कारागारमा रहेका कैदी बन्दीको गणना गरी लक्ष्य तथा उपलब्धि गणना गर्ने व्यवस्था हुनुपर्दछ।

२३. **कारागार सञ्चालन नभएको** - साविकमा सञ्चालनमा रहेका सर्लाही, हुम्ला र मुगु कारागारमा नयाँ बन्दीगृह निर्माणाधीन रहेकोले सञ्चालनमा रहेका छैनन्। त्यस्तै बाँकेको नौबस्तामा निर्माण सम्पन्न भई हस्तान्तरण समेत भएको नयाँ कारागार सञ्चालन भएको छैन। यस सम्बन्धमा कारागार सञ्चालनको लागि आवश्यक दरबन्दी स्वीकृत नभएकोले सञ्चालनमा आउन नसकेको कारागार व्यवस्थापन विभागको भनाई रहेको छ। नयाँ कारागार निर्माण गर्दा सोको लागि आवश्यक हुने दरबन्दी यकिन गरी स्वीकृत गराउनु पर्नेमा सो भएको देखिएन। हाल सञ्चालनमा रहेका कारागारमा क्षमताको तुलनामा अत्यधिक कैदी बन्दी रहेकोले निर्माण सम्पन्न कारागारको लागि आवश्यक दरबन्दी व्यवस्था गरी कारागार सञ्चालन गर्नु पर्दछ।

स्थलगत लेखापरीक्षणको क्रममा ललितपुर स्थित नख्खु कारागार परिसरमा एक नवनिर्मित भवन प्रयोगविहिन अवस्थामा रहेको देखियो। लेखापरीक्षणको क्रममा दिइएको मौखिक जानकारी अनुसार उक्त भवन कारागार विभागले महिला कैदीबन्दीहरुलाई राख्ने प्रयोजनको लागि विगत वर्षमा निर्माण गरेको भएता पनि अदालतमा मुद्दा विचाराधिन रहेकोले कारागार कार्यालयलाई हस्तान्तरण नभएको र भवनको झ्याल र कम्पाउण्ड वाल नजिक रहेकोले सुरक्षा जोखिम समेत रहेको कार्यालयको भनाई रहेको छ। कारागार भवन निर्माणको लागि आवश्यक मापदण्ड र अन्तर निकाय बीच समन्वयको अभावमा निर्माण भएका संरचना अनुपयुक्त भई प्रयोगमा समस्या देखिएकोले अन्तर निकाय समन्वय तथा आवश्यक मापदण्ड निर्माण गरी संरचना निर्माण गर्नुपर्दछ।

२४. **बन्दीगृहको लगत अभिलेख** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्वसम्बन्धी नियमावली, २०७७ को नियम १०२ मा प्रत्येक कार्यालयले कार्यालय बसेको सरकारी घर, जग्गा तथा कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत राख्नु पर्ने र सोको विवरण तालुक विभागमा पठाउनु पर्ने उल्लेख छ। कारागार व्यवस्थापन विभागमा विभाग अन्तर्गतका कारागार भवन तथा जग्गा जमिनको अभिलेख रहेको भएपनि कारागारको भौतिक संरचनाको विस्तृत विवरण सहितको अभिलेख राखेको देखिएन। कारागारको अनुगमन गर्न, मर्मत संभार तथा रेखदेखको लागि कारागारको जग्गा जमिनको क्षेत्रफल, प्राप्त भएको वर्ष तथा मूल्य, भवन निर्माण वर्ष तथा सोको लागत, थप भएको क्षमता लगायतका आवश्यक विवरण र भवन तथा ब्लकको कोड नम्बर सहितको एकीकृत केन्दीय विद्युतीय अभिलेख राख्नु पर्दछ।

२५. **कैदी बन्दीको विवरण** - कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार हाल नेपालमा रहेका ७४ कारागारमा पुरुष, महिला, आश्रित, बालक र बालिका समेत कुल २९ हजार ४२० कैदी बन्दी रहेका छन। गत ५ वर्षको कैदी बन्दीको विवरण देहाय बमोजिम छ।

आर्थिक वर्ष	पुरुष	महिला	आश्रित	बालक	बालिका	जम्मा	वृद्धि प्रतिशत
२०७५/७६	२०९८४	१४३४	६०	२५४	६	२२७३८	-
२०७६/७७	२२४२१	१३८१	८३	२५४	४	२४१४३	६.१८
२०७७/७८	२३०३२	१३५८	८१	६०६	२३	२५१००	३.९६
२०७८/७९	२४८०७	१४३३	८९	७९१	२५	२७१४५	८.१४
२०७९/८०	२५९४९	१५४४	७२	१०३३	३१	२८६२९	५.४६
२०८०/८१	२६५२१	१६०४	८१	११७४	४०	२९४२०	२.७६

द्रष्टव्यः आर्थिक वर्ष २०८०/८१ को पौष मसान्तसम्मको तथ्याङ्क उल्लेख गरिएको ।

उल्लिखित तालिका अनुसार आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८०/८१ को पौष मसान्तसम्ममा कैदी बन्दी, आश्रित, तथा बालबालिकाको संख्यामा २९.३८ प्रतिशतले वृद्धि भएको छ भने वार्षिक औषत वृद्धिदर ५.३ प्रतिशत रहेको छ। जस मध्ये पुरुष कैदी बन्दी र थुनुवा २६.३७ प्रतिशत, महिला कैदी बन्दी र थुनुवा ११.८५ प्रतिशत, आश्रित बालबालिका ३५ प्रतिशत, बालक कैदी बन्दी तथा थुनुवा ३६२ प्रतिशत, र बालिका कैदी बन्दी तथा थुनुवाको ५६६ प्रतिशत वृद्धि भएको छ।

- आर्थिक वर्ष २०७५/७६ देखि आर्थिक वर्ष २०८०/८१ को पौष मसान्त सम्म ६६८२ कैदी बन्दी, थुनुवा थप भएको भए पनि उक्त अवधिमा कारागारको क्षमतामा वृद्धि भएको छैन। निर्माण सम्पन्न भई हस्तान्तरण भैसकेको १००० क्षमताको क्षेत्रीय कारागार समेत दरबन्दी व्यवस्था नभएको कारण सञ्चालनमा आउन सकेको छैन। हाल विभिन्न जिल्लामा २२६५ क्षमताका कारागारको खरिद ठेक्का व्यवस्था भई निर्माणको क्रममा रहेको भए पनि समयमा निर्माण सम्पन्न हुने अवस्था देखिदैन।
- कैदी बन्दी तथा थुनुवाको वार्षिक वृद्धि अनुसार हाल सञ्चालन भैरहेका कारागारको क्षमता थप गर्न नयाँ बन्दी गृह निर्माण गर्न, थप कारागार स्थापना गर्न, साविक कारागारहरुको भौतिक संरचनाको अवस्था अनुसार साविकका बन्दीगृह विस्थापन गरी नयाँ बन्दीगृह निर्माण गर्न, कारागार व्यवस्थापन सम्बन्धमा नवीनतम अवधारणा कार्यान्वयन गर्न दीर्घकालिन रणनीतिक योजना तर्जुमा गरेको देखिएन। कारागार व्यवस्थापनको लागि दीर्घकालीन रणनीतिक योजना तर्जुमा गर्न आवश्यक देखिन्छ।

२६. **कैदी बन्दीको बसोबास** - कारागार व्यवस्थापन ऐन, २०७९को दफा १५ को उपदफा ४ मा थुनुवा, तेस्रो लिङ्गी, सरुवा रोग लागेका, मानसिक अवस्था ठिक नभएका, प्रचलित कानून बमोजिमको गम्भीर र जधन्य कसूरमा सजाय पाएका र ऐनको दफा १८ बमोजिम विशेष सुरक्षा कक्षमा राख्ने प्रकृतिका कैदीलाई राख्न अन्य बन्दी भन्दा अलग कोठामा विशेष सुरक्षा कक्षको व्यवस्था गर्नु पर्ने उल्लेख छ। कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार कैदीको प्रकृति अनुसारको विवरण देहाय बमोजिम छ।

थुनुवा	तेस्रो लिङ्गी	सरुवा रोग लागेका	मानसिक अवस्था ठिक नभएका	आश्रित नाबालक	गर्भवती वा सुत्केरी	अपाङ्गता भएका	कडा रोग लागेका	पैसठ्ठी वर्ष उमेर पुरा भएका
११८३१	५	२०२	८०१	७६	२५	११९	२३४	५४१

उल्लिखित विवरण अनुसार देश भरीका कारागारमा हाल थुनुवा ११ हजार ८३१, तेस्रो लिङ्गी ५, सरुवा रोग लागेका २०२, मानसिक अवस्था ठिक नभएका ८०१, गर्भवती वा सुत्केरी २५, आश्रित नाबालक ७६, अपाङ्गता भएका ११९, कडा रोग लागेका २३४, पैसठ्ठी वर्ष उमेर पुरा भएका ५४१ कैदी बन्दी रहेका छन्। प्रचलित कानून बमोजिमको गम्भीर र जधन्य कसूरमा सजाय पाएका कैदी बन्दीहरुको लागि केन्द्रीय कारागार जगन्नाथदेवलमा छुट्टै गोलघर बन्दीगृह निर्माण गरी अलग राख्ने व्यवस्था गरिएको भएता पनि पर्याप्त भवन तथा जग्गाको अभावमा कारण सम्पूर्ण बन्दीहरुलाई सोही प्रकार व्यवस्था गर्न नसकिएको र थुनुवा, तेस्रो लिङ्गी, सरुवा रोग लागेका, मानसिक अवस्था ठिक नभएका कैदी बन्दीलाई समेत पर्याप्त भवनको अभावमा अन्य कैदी बन्दी भन्दा अलग कोठामा छुट्टाछुट्टै राख्ने व्यवस्था गर्न नसकिएको कारागार व्यवस्थापन विभागले जनाएको छ। कारागार ऐन तथा नियममा भएका व्यवस्था बमोजिम कारागारको भौतिक संरचना निर्माण गरी कैदी व्यवस्थापन गर्नु पर्दछ।

- कारागार ऐन,२०७९ को दफा ८ मा कारागार प्रशासकले कारागारमा रहेका अपाङ्गता भएका, मानसिक रोगी, कडा रोग लागेका र पैसठ्ठी वर्ष उमेर पुरा भएका बन्दीको खानपान तथा बसोबासको लागि विशेष ध्यान दिनु पर्ने उल्लेख छ। कारागार भित्र रहेका अपाङ्गता भएका, मानसिक रोगी, कडा रोग लागेका र पैसठ्ठी वर्ष उमेर पुरा भएका बन्दीको खानपान तथा स्वास्थ्य परीक्षणको लागि मनोसामाजिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन गरिएको साथै स्वास्थ्य परीक्षणको लागि सबै कारागारमा स्वास्थ्य सेवाका कर्मचारीको दरबन्दी रहेको र थप उपचार गर्नु पर्नेको हकमा केन्द्रीय कारागार अस्पताल र मनोसामाजिक अपाङ्ग बन्दी अस्पतालबाट उपचार गरिदै आएको कारागार व्यवस्थापन विभागले जनाएको छ। सबै कारागारमा स्वास्थ्य सेवाका कर्मचारी भए पनि स्वास्थ्य सेवा तर्फका ७७ दरबन्दी मध्ये २० दरबन्दी रिक्त रहेको छ। त्यस्तै उल्लिखित प्रकृतिका कैदी बन्दीको खानपानको लागि लागि विशेष राहत दिने गरी छुट्टै बजेट व्यवस्था भए पनि पर्याप्त र मापदण्ड निर्माण भएको देखिएन। ऐनमा उल्लेख भए बमोजिम उल्लेखित प्रकृतिका कैदिबन्दीको लागि खानपानको थप सुविधा प्रदान गर्ने गरी मापदण्ड निर्माण र स्वास्थ्य सेवातर्फका रिक्त दरबन्दी समयमा पूर्ति गर्नुपर्दछ।

२७. **थुनुवा/कैदी बन्दीलाई उपलब्ध हुने सुविधा** - कारागार व्यवस्थापन नियमावली, २०२०को परिच्छेद ४ मा प्रत्येक कैदी वा थुनुवालाई पाँच किलो कपास बराबरको सिरक एक तथा पाँच किलो कपास बराबरको डसना एक र तन्ना एक हरेक दुई वर्षमा एक पटक उपलब्ध गराउनु पर्ने व्यवस्था छ। त्यस्तै प्रत्येक कैदी वा थुनुवालाई सुत्नको निमित्त डेढ हात चौडाई साढे चार हात लम्बाइकै सुकुल एक हरेक ३ वर्षमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छ।

- लेखापरीक्षणको क्रममा बाँके, सुर्खेत, काठमाण्डौ र ललितपुर जिल्लामा रहेका कारागारको निरीक्षण गरिएकोमा बाँके र सुर्खेतमा भूईमा विस्तारा लगाई सुतेको र काठमाडौंमा कैदी बन्दी आफैले र संघसंस्थाबाट खाटको व्यवस्था गरेको र ललितपुरमा खाट तथा भूई दुबैमा सुत्ने गरेको देखिएकोले एकरुपता हुनु पर्ने देखिन्छ। साथै सुकुल लगायतको प्रचलन नभएकोले हाल प्रयोगमा रहेका व्यवस्था बमोजिम निर्देशिका परिमार्जन हुनु पर्दछ।
- सिदातर्फ दैनिक मोटो चामल ७ सय ग्राम र नगद रु.८० र चाडपर्व खर्चवापत वार्षिक ३ सय रुपैयाँ नगद दिनुपर्ने, थुनुवा र कैदीका नाबालक आश्रित बालबच्चालाई उमेर अनुसार १ सय देखि ६ सयसम्म चामल र ५० रुपैयाँ नगद सिदा दिनु पर्ने उल्लेख छ। त्यस्तै महिला कैदी बन्दी सुत्केरी प्रतिदिन मसिनो चामल ७ सय ग्राम, घ्यू १ सय ग्राम, तेल १ सय मिलि लिटर, ज्वानो ५० ग्राम, कोरा कपडा १० मिटर, साधारण साडी १थान र नगद रु,२००० दिनु पर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा निरीक्षण गरिएका काठमाडौं, ललितपुर, बाँके र सुर्खेत जिल्लामा रहेका कारागारले आफ्नै किसिमले मापदण्ड बनाई, आन्तरिक प्रशासन मार्फत रासन तथा खानपानको व्यवस्थापन गरेको र कारागारहरुमा मेस सञ्चालन गरी खाना पकाउने गरेको देखियो। रासनमा प्रति कैदी ७०० ग्राम चामल र रु.८० नगद दिने व्यवस्था भएकोमा भातको सट्टा अन्य खानेकुरा खाने कैदी बन्दीले सोको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था नभएको हुनाले कैदीबन्दीले खाद्यान्न छनौट गर्ने अवसर नपाएको स्थिति छ। त्यस्तै सामुहिक रुपमा मेस सञ्चालन गर्दा उपलब्ध गराइएको नगद र सिदाबाट तयार गर्नु पर्ने परिकार तथा गुणस्तर सम्बन्धमा निर्देशिका तथा नर्मस निर्माण भएको देखिएन। सामुहिक भान्सा सञ्चालन, खाद्य पदार्थको गुणस्तर, र भातको सट्टा अन्य खाद्य पदार्थ खाने कैदीबन्दीको लागि खाद्य पदार्थको छनौट सम्बन्धमा कार्यविधि तथा निर्देशिकाबाट व्यवस्थित हुनुपर्दछ ।

२८. **बन्दीको लागि अन्य सुविधा तथा पूर्वाधार** - कारागार ऐन,२०७९ को दफा १९ मा सम्बन्धित कारागारले उपलब्ध स्रोत र साधनको परिधि भित्र रही कारागार भित्र बन्दीको लागि आवश्यक पर्ने खानेपानी तथा शौचालय, व्यायामस्थल, पुस्तकालय जस्ता पूर्वाधारको व्यवस्था गर्नुको साथै बन्दीलाई मनोरञ्जनको लागि खेलकुद स्थल तथा खेलकुद सामाग्री, रेडियो तथा टेलिभिजन लगायतका अन्य सुविधाको व्यवस्था गर्ने, नियमावलीको नियम ३३ बमोजिम पुस्तकालय र रेडियो श्रवण केन्द्र समेत राखिने उल्लेख छ। कारागार भित्रको संरचना र सेवाको व्यवस्था गर्दा सरसफाई, स्वास्थ्य, सुरक्षाजस्ता आधारभूत मानव अधिकारको व्यवस्था गर्नु पर्ने, कारागारमा रहेका महिला बन्दीलाई आवश्यक पर्ने सेनेटरी प्याड लगायत प्रजनन स्वास्थ्यसम्बन्धी सामाग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्ने र दफा ३३ मा पाँच वर्षभन्दा कम उमेरको नाबालकको आमा कारागारमा रहनु पर्ने भएमा कारागार प्रशासकले आमा र बच्चालाई बस्न उपयुक्त कोठाको व्यवस्था मिलाउनु पर्ने उल्लेख छ। त्यस्तै गृह प्रशासन सुधार कार्ययोजनाको बुँदा न ७६ मा सबै कारागारमा पुस्तकालय स्थापना र विस्तार गर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्:

- **खानेपानीः** स्थलगत लेखापरीक्षण गरिएका कारागारहरुमा खानेपानीको उपलब्धता रहेको भएता पनि, कैदीबन्दीको संख्या अनुसार खानेपानीको धारा थोरै भएको पाइयो। बन्दी संख्याअनुसार खानेपानीको व्यवस्था गर्नुपर्ने देखिन्छ। बोरिङ्ग को व्यवस्था राम्रो नभएको, गरिएको बोरिङ्ग पनि सुकेर पानी नआएको, बाहिरबाट ट्याङ्कर मार्फत पानी ल्याएर व्यवस्थापन गर्ने गरेको पाइयो। दैनिक रुपमा निजी कम्पनीसँग खानेपानी खरिद गर्नु पर्ने भएकोले कार्यालयलाई आर्थिक भार पर्नुका साथै पानीको गुणस्तरमा समेत समस्या हुने देखिएको छ। काठमाण्डौ उपत्यका भित्र रहेका जगन्नाथदेवल, डिल्लीबजार, र नख्खु कारागारको हकमा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडको धारा जडान गरिएको भएता पनि पानी नआएको तर जडान गरिएको धाराको शुल्क निरन्तर रुपमा आउने गरेको कार्यालयको भनाई रहेको छ। काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र कारागार विभाग प्रशासनले छलफल गरी खानेपानीको समस्या समाधान गर्नुपर्ने देखिन्छ।
- **शौचालयः** स्थलगत लेखापरीक्षणमा कारागारहरुमा शौचालयहरुको व्यवस्था भएको देखिएपनि, कैदीबन्दीको संख्या अनुसार शौचालय संख्या कम रहेको पाइयो। नेपालगंज कारागार जस्तो अत्याधिक कैदीबन्दीको चाप हुने र खुला स्थान नभएको कारागारमा शौचालय स्थल दुर्गन्धित हुने, बस्ने स्थान र शौचालय स्थलको दूरी कम रहेको पाइयो। जसले गर्दा कैदीबन्दीहरुमा सरुवा रोगको संक्रमण हुन सक्ने अवस्था रहेको देखिन्छ। काठमाण्डौ उपत्यकाका तीन कारागारमा समेत कैदीबन्दीहरुको संख्या अनुसार शौचालय संख्या कम रहेको पाइयो। जगन्नाथदेवल कारागारमा कुल कैदीबन्दी ३४९६ रहेकोमा छोटो समयको लागि (पिसाव) गर्ने र शौच गर्न मिल्ने (प्यान सहितको) शौचालय कुल ११४, डिल्लीबजार कारागारमा कुल ६९३ जना कैदीबन्दीको लागि र नख्खु कारागारमा कुल १५६५ बन्दीको लागि ६७ शौचालयको व्यवस्था रहेको छ।

कारागार	शौचालय
जगन्नाथदेवल कारागार	भद्र गृह: ४१ , केन्द्र गृह: ४७, महिला बन्दीगृह: २६
डिल्लीबजार कारागार	ब्लक "क" र "ख" गरी कुल: १४
नख्खु कारागार	नयाँ ब्लक: २५, डिआरसि: १९, सिआरसि: २३

- **व्यायामशाला:** लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गरिएका कारागारहरुमा कारागार भित्र

एउटा कोठामा पुरुष कैदीबन्दीहरुको लागि व्यायाम स्थलको व्यवस्था गरिएको पाइयो। महिला कैदीबन्दीहरुको कारागार गृहमा व्यायामशाला रहेको पाइएन। पुरुषहरुका लागि व्यायाम गर्न आवश्यक उपकरणहरु जस्तै डमबेल, व्येटलिफटिङ्ग, कसरत गर्ने बेन्च, म्यानुअल ट्रेडमिल लगायतका, व्यायाम उपकरणहरु रहेको देखिन्छ। व्यायामशालाको व्यवस्थापन, आवश्यक उपकरणहरुको खरिद आन्तरिक प्रशासनको खर्चमा हुने गरेको पाइयो। कारागार प्रशासनले सम्भव भएसम्म कारागार परिसरभित्रको खुला स्थानमा, खुला व्यायामशालाको अवधारणामा व्यायामशाला थप गर्नुपर्ने देखिन्छ। कैदीबन्दीहरुलाई व्यस्त राख्न, शरीरमा स्फूर्ति ल्याउन तथा रोग प्रतिरक्षात्मक क्षमता अभिवृद्धि गर्न पनि खुला व्यायामशालाको व्यवस्था गरेमा धेरै कैदीबन्दीहरुले व्यायाम गर्न पाउने देखिन्छ। स्थानीय तहहरुसँगको सहकार्यमा खुला व्यायामशाला निर्माण गर्न सकिने देखिन्छ। महिला कैदीबन्दीहरुले पनि खुला व्यायामशाला प्रयोग सजिलैसँग गर्न सक्ने हुँदा महिलावन्दीहरुको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने देखिन्छ।

- **खेलकुदः** कारागारहरुले भौतिक संरचना र उपलब्ध स्थान, साधन-स्रोत अनुसारको खेलकुद स्थल सामाग्री उपलब्ध गराएको पाइयो। कारागारहरुमा स्थान अभावले खुला भन्दापनि भित्रीरुपमा खेलिने खेलहरु जस्तैः क्यारामबोर्ड, लुडो, स्नुकर, पुलको व्यवस्था गरेको पाइयो। खेल्ने कार्यमा कैदीबन्दीहरुको आलोपालो र समय व्यवस्थापन गर्न आन्तरिक प्रशासनले केही शुल्क लिने गरेको पाइयो। संरचना थप गरिएका कारागार जस्तैः सुर्खेत कारागारले खुल्ला स्थानलाई आवश्यकता अनुसार खेलकुद स्थल र खुल्ला स्थानको रुपमा प्रयोगमा ल्याएको देखियो। नेपालगंज कारागारमा खेलकुदको लागि खुला स्थान रहेको देखिएन। ठूला कारागारहरु जस्तै; जगन्नाथदेवल, नख्खु कारागारहरुमा बास्केटबल खेल्न मिल्ने गरी खेलकुद स्थल निर्माण गरेको पाइयो। निर्माणाधिन नयाँ कारागारहरु र संरचना थप हुदै गरेका कारागारहरुमा खुला फराकिलो खेलकुद स्थलको व्यवस्था गर्दा खेलकुद गर्न सहज हुने, खुला स्थानको अभाव पनि नहुने र ठूलो संख्यामा योग, ध्यान गराउन, व्यायाम लगायतको शारिरिक स्फूर्तिका खेलहरु खेलाउन समेत सहज हुने देखिन्छ।

- **पुस्तकालयः** कारागारहरुमा उपलब्ध स्थान र स्रोत साधनले भ्याएसम्म पुस्तकालयको व्यवस्था गरेको पाइयो। पुस्तकहरुको संख्या थोरै भएको, उपलब्ध पुस्तकहरुमा पनि आख्यान्न र गैरआख्यान्नको विविधता नरहेको, एउटै पुस्तक र उस्तै प्रकृतिका पुस्तकले पुस्तकालय भरिएको देखिन्छ। कैदीबन्दीहरुमा पनि पुस्तक अध्ययनमा खासै रुचि रहको पाइएन। पुस्तकहरुमा विविधता ल्याई कैदीबन्दीहरुको रुची अनुसारको पुस्तक उपलब्ध हुनुपर्ने देखिन्छ। साथै सुरक्षाको दृष्टिकोणबाट संभव भएमा कैदीबन्दीहरुलाई पुस्तक अध्ययनमा रुची बढाउन स्थानीय तह, गैर सरकारी संस्थाहरुको सहकार्यमा समय समयमा साहित्यकारहरुसँग साक्षत्कार, कथा, कविता प्रतियोगिता, पुस्तक समालोचना लगायतका कार्यहरु गर्न उपयुक्त हुने देखिन्छ।

- **रेडियो र टेलिभिजनः** मनोरञ्जनको अन्य साधनहरुको सिमिततालै गर्दा कैदीबन्दीहरुले मनोरञ्जनका साथै समय व्यतित गर्न र सूचना प्राप्त गर्न टेलिभिजनको प्रयोग गरेको पाइयो। कारागारहरुमा केही खुला स्थानमा आन्तरिक प्रशासनले सामुहिक रुपमा सुन्न-हेर्न मिल्नेगरी रेडियो, टेलिभिजन उपलब्ध गराएको पाइयो। कैदीबन्दीहरुले आफ्नै खर्चमा टेलिभिजन किनेर आफु सुत्ने स्थानमा राख्ने गरेको देखियो। बन्दीहरुले रेडियो सुन्ने गरेको पाइएन तर टेलिभिजन अत्याधिक हेर्ने गरेको पाइयो। कैदीबन्दीहरुको मनोरञ्जनमा विविधता ल्याउन तथा मानवीय

संवेदनशीलताको पक्षसँग पनि नजिक ल्याउन सुरक्षाको दृष्टिकोणबाट संभव भएमा समय-समयमा स्थानीय नाट्यशालाहरुको सहकार्यमा नाटकहरु समेत देखाउँदा उपयुक्त हुने देखिन्छ।

- **सरसफाई:** लेखापरीक्षणको क्रममा स्थलगत निरीक्षण गरिएका कारागार गृह परिसरको सरसफाई आन्तरिक प्रशासनले गर्ने गरेको पाइयो। कारागार भित्र जम्मा भएका फोहोरमैलाहरु आन्तरिक प्रशासन अन्तर्गतको फोहोरमैला व्यवस्थापन समितिले सङ्कलन गरी कारागार बाहिर पठाउने गरेको देखिन्छ। केही कारागारमा खुलारुपमा पिसाब गर्ने स्थान र अन्य दैनिक कृयाकलाप गर्ने स्थान, कारागार भित्र सञ्चालन भएका खाजा पसलहरु सँगसँगै रहेको छ। कैदीबन्दी संख्या अत्याधिक हुने र सरसफाईमा विशेष ध्यान नदिएमा रोगको संक्रमण फैलिन सक्ने देखिन्छ। फोहोरपानीको उचित व्यवस्थापन, खाद्य जन्य फोहोरको व्यवस्थित सङ्कलन र कैदीबन्दीहरुको व्यक्तिगत सरसफाईमा पनि विशेष ध्यान जान जरुरी छ।

२९. **शिक्षासम्बन्धी व्यवस्था** - कारागार ऐन,२०७९ को दफा २४ मा कारागार प्रशासकले तोकिएको संख्या भन्दा बढी बन्दी रहेको अवस्थामा आवश्यकता अनुसार विभिन्न प्रकृतिका शिक्षा जस्तै आधारभूत शिक्षा, माध्यमिक शिक्षा, खुला, प्राविधिक तथा व्यवसायिक शिक्षा वा दूर शिक्षा र निरक्षर बन्दीको लागि वैकल्पिक शिक्षा, अनौपचारिक शिक्षा वा त्यस्तै अन्य प्रकृतिको लागि पठन पाठनको आवश्यक प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ। हाल सञ्चालनमा रहेका ७४ कारागार मध्ये काठमाण्डौंको जगन्नाथ देवलमा रहेको केन्द्रीय कारागारमा मात्र १२ कक्षा सम्म पढाई हुने विद्यालय सञ्चालनमा छ। ऐनमा व्यवस्था भए बमोजिम प्राविधिक, व्यवसायिक, दूर लगायतका शिक्षा सञ्चालन हुन सकेको देखिएन। यस सम्बन्धमा नुवाकोटमा निर्माणाधीन कारागारमा समेत विद्यालय सञ्चालन गर्ने उद्देश्य रहेको कारागार व्यवस्थापन विभागले जनाएको छ। उल्लेख्य संख्यामा कैदी बन्दी रहेका कारागारमा समेत ऐनको व्यवस्था बमोजिम पठन पाठनको व्यवस्था सहित तोकिए बमोजिमका शैक्षिक कार्यक्रम सञ्चालन गर्नु पर्दछ। साथै त्रिभुवन विश्वविद्यालयबाट लिइने विभिन्न तहको परीक्षामा कैदी बन्दीलाई समेत सहभागी गराउन कारागारमा परीक्षा केन्द्र रहने व्यवस्था भएकोमा हाल विश्वविद्यालयले उक्त व्यवस्था हटाएको विभागले उल्लेख गरेको छ। कैदी बन्दीको आवश्यकता बमोजिम उच्च शिक्षाको परीक्षामा सहभागी हुने अवसर प्रदान गर्न आवश्यक पहल हुनु पर्दछ।

३०. **स्वास्थ्योपचारसम्बन्धी व्यवस्था** - कारागार ऐन,२०७९ को दफा १६ मा पाँच सय जनाभन्दा बढी बन्दी रहने प्रत्येक कारागारमा तोकिए बमोजिमको शैया रहेको एउटा अस्पताल र सोभन्दा कम बन्दी रहने कारागारमा एउटा स्वास्थ्य चौकीको व्यवस्था गर्नु पर्ने र उक्त बमोजिम अस्पताल वा स्वास्थ्य चौकीको व्यवस्था नभएसम्मको लागि कारागार प्रशासकले कारागार कार्यालय रहेको स्थानको नजिकको सरकारी अस्पताल वा स्वास्थ्य चौकसँग समन्वय गरी कारागारमा रहेका बन्दीको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य उपचारको व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। हाल देशमा रहेका ७४ कारागार मध्ये १७ कारागारमा ५०० भन्दा बढी संख्यामा कैदी बन्दी रहेकोमा केन्द्रीय कारागार जगन्नाथ देवलमा ३० शैयाको अस्पताल र कारागार कार्यालय नख्खुमा १५ शैयाको मनोसामाजिक अपाङ्ग अस्पताल सञ्चालनमा रहेको छ। उल्लेख्य संख्यामा कैदी बन्दी रहेका कारागारमा समेत अस्पताल सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

- कैदी बन्दीलाई स्वास्थ्योपचार प्रदान गर्न प्रत्येक कारागारमा स्वास्थ्य सेवाका कर्मचारी रहने व्यवस्था बमोजिम हाल ७४ कारागारमा स्वास्थ्य सेवा तर्फको मेडिकल अधिकृत-१, सिनियर असिस्टेन्ट हेल्थ वर्कर/असिस्टेन्ट हेल्थ वर्कर-७६ दरबन्दी रहेकोमा मेडिकल अधिकृत र

सिनियर असिस्टेन्ट हेल्थ वर्कर/असिस्टेन्ट हेल्थ वर्कर-२० दरबन्दी रिक्त रहेको छ। दरबन्दी बमोजिम पदपूर्ति नहुँदा कैदी बन्दीको स्वास्थ्योपचारमा कठिनाई हुने भएकोले रिक्त दरबन्दी समयमा पूर्ति हुनु पर्दछ।

- कैदी बन्दी तथा थुनुवालाई उपचार प्रदान गर्न केन्द्रीय कारागार, जगन्नाथ देवलमा ३० शैयाको केन्द्रीय कारागार अस्पताल सञ्चालनमा रहेको छ। यस अस्पतालमा स्वास्थ्य सेवा तर्फका ४१ र अन्य सेवाका २५ समेत ६६ दरबन्दी रहेको छ। कारागार अस्पतालले २०६८ सालमा छुट्टै भवन निर्माण गरी २०७० साल देखि १५ शैयाको अस्पताल सञ्चालनमा ल्याएको र क्रमशः अस्पतालको सेवा विस्तार गर्दै हाल ३० शैया को अस्पताल सञ्चालनमा रहेको छ। अस्पतालमा विभिन्न रोगका पाँच जना विशेषज्ञ चिकित्सकले उपचार गर्ने गरेको देखिन्छ। कारागार अस्पतालले पुरुष तथा महिला कैदीबन्दीका लागि छुट्टाछुट्टै वाड स्थापना गरी ओपिडी, ल्याब, एक्सरे, इसिजी, अल्ट्रासाउन्ड, डेन्टल, मनोरोग, छालारोग, आँखा रोगकोउपचार र सामान्य किसिमको शल्यक्रिया (Minor Operation) गरिरहेको छ। अस्पतालभित्र उपचार हुन नसकेका बिरामीलाई भने अस्पताल बाहिरका सरकारी अस्पतालमा पठाउने गरेको र कैदीबन्दीले चाहेमा निजी अस्पतालमा आफ्नै खर्चमा थप उपचार गर्ने गरेको देखिन्छ। अस्पताल सँग "ख" श्रेणीको एक मात्र एम्बुलेन्स रहेको छ। अस्पतालमा दैनिक ८० देखि १०० जना सम्म कैदीबन्दीहरुको उपचार हुने गरेको पाइयो। लेखापरीक्षणको क्रममा अस्पताल भर्ना भई उपचारार्थ बिरामी संख्या २७ रहेको पाइयो। केन्द्रीय कारागार अस्पतालका बिरामी बाहेक डिल्लीबजार र नख्खु कारागारका कैदीबन्दीको समेत उक्त अस्पतालले उपचार गर्नुका साथै औषधि वितरण गर्दै आएको छ।

  अस्पतालमा चिकित्सकहरुको लागि दैनिकरुपमा स्वास्थ्य परीक्षण गर्न आउने बिरामीहरु हेर्ने उपचारकक्षको अभाव रहेको पाइयो। आपत्कालिन सेवा सञ्चालन भएता पनि सेवालाई २४ घण्टे बनाउन नसकिएको अस्पतालको भनाई रहेको छ। जगन्नाथदेवल कारागारमा सबै कारागारबाट आउने बिरामी कैदीबन्दीहरुको अत्याधिक संख्याको कारण, केन्द्रिय कारागार अस्पतालमा कैदीबन्दीहरुको अत्याधिक चाप रहेको र त्यसै अनुसार कारागारमा शैया थप गर्न स्थानको अभाव रहेको देखिन्छ। जगन्नाथदेवल कारागारलाई नुवाकोटमा स्थानान्तरण गरी त्यस स्थानमा कारागार संग्रालय बनाउने नेपाल सरकारको निर्णय भए पनि नुवाकोटमा कारागार निर्माणको लागि बजेटको सुनिश्चितता नभएकोले निर्माण कार्य प्रारम्भ भएको छैन। अस्पतालमा आवश्यक स्वास्थ्य सेवाका कर्मचारीहरु स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले व्यवस्थापन गर्ने र औषधि खर्च, अस्पताल व्यवस्थापन लगायतका कार्यहरुको सञ्चालन गृह मन्त्रालयबाट हुने गरेको छ। दुई निकायबीच समन्वय गर्नको लागि अस्पताल प्रमुखको अध्यक्षतामा, गृह र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिहरु रहने गरी एक टाक्स फोर्स गठन गरिएको छ।

  नुवाकोटमा अस्पताल सहितको कारागार निर्माण गर्न समय लाग्ने देखिएकोले चिकित्सकले चेकजाँच गर्न आवश्यक पर्ने स्थानको व्यवस्था र बिरामी कैदी बन्दीको चाप अनुसारको थप शैया व्यवस्था गर्न आवश्यक पहल हुनु पर्ने देखिन्छ।

- देशभरीका अपाङ्ग तथा मानसिक रोगी कैदीबन्दीहरुलाई उपचारात्मक, प्रर्वधनात्मक तथा परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले वि.सं. २०७३ सालमा नख्खु कारागार परिसरमा मनोसामाजिक अपाङ्ग बन्दी अस्पतालको स्थापना भएको छ। स्वास्थ्य सेवा तर्फका ९ र अन्य

सेवाका ७ समेत १६ जनाको दरबन्दी रहेको यस अस्पतालमा स्वास्थ्य सेवा तर्फका ३ दरबन्दी रिक्त रहेको छ। अस्पतालको चार तल्ले भवनको भूई तल्लामा १५ शैयाको अन्तरङ्ग कक्षको व्यवस्था गरिएको र हिंसात्मक किसिमका मानसिक रोगीहरुलाई राख्न दुई वटा छुट्टै कोठाको व्यवस्था गरिएको भएता पनि, अस्पताल पूर्ण क्षमतामा सञ्चालन नभएको कारण अन्तरङ्ग सेवा सञ्चालन गरेको पाइएन। मानसिक रोग उपचारको हकमा, अस्पतालमा महिनामा तीन दिन (५, १५ र २५ गते) मासिक परामर्श सेवामा राखिएका मानसिक रोगको वरिष्ठ विशेषज्ञ चिकित्सकले नख्खु कारागारका कैदीबन्दीहरुको परीक्षण गर्ने गरेको र चिकित्सकको सल्लाह अनुसार सामान्य मानसिक बिरामीलाई औषधि दिने तथा थप उपचारको आवश्यकता भएका बिरामीहरुलाई पाटन अस्पताल पठाउने गरेको पाइयो। अन्य रोगका बिरामीहरुलाई अस्पतालमा सामान्य उपचार मात्रै हुने गरेको र बिरामीहरुलाई केही समय निरीक्षण अवलोकनमा (Observation) राखि थप उपचार आवश्यक भएमा वीर अस्पतालमा पठाउने गरिएको छ। अस्पतालसँग हाल अक्सिजन सिलिन्डर दुई, मोनिटर दुई, भ्याक्सिन राख्ने प्रयोजनको लागि कोल्ड चेन फ्रिज, माइक्रोस्कोप एक र केही ह्विलचेयरहरु रहेका छन्।

अस्पतालमा स्वस्थ्य उपकरणहरु जस्तैः एक्सरे मेसिन, भिडियो एक्सरे (USG) मेसिन लगायतका उपकरण को अभाव र जनशक्ति व्यवस्थापनको समस्या रहेको देखिन्छ। अस्पतालको प्रमुखमा नवौ वा दशौ तहको मेडिकल सुपरिटेण्डेन्ट (साईक्याट्रिक) को दरबन्दी भएता पनि पूर्ति भएको छैन। अस्पतालमा अन्तरङ्ग सेवा सञ्चालनमा नरहेको र हाल मौजुदा जनशक्तिबाट अन्तरङ्ग सेवा सञ्चालन गर्न सकिने अवस्था समेत देखिएन। बिरामीलाई थप उपचारको लागि अन्य अस्पताल लान-ल्याउन एम्बुलेन्स समेत अभाव देखियो। अस्पताल पूर्ण रुपमा सञ्चालनमा नआएमा अस्पतालको क्वाटर सहितको चार तल्ले भवन, नर्सिङ स्टेशन लगायतका पूर्वाधारमा भएको लगानी खेर जाने देखिन्छ, साथसाथै कैदीबन्दीहरुमा बढ्दै गएको अवसाद, चिन्ताले निम्त्याउने गम्भीर मानसिक समस्याहरुको उपचारमा थप जटिलता आउन सक्ने देखिएकोले आवश्यक दरबन्दी तथा उपकरण व्यवस्था गरी अस्पताल यथाशिघ्र पूर्ण रुपमा सञ्चालनमा ल्याउनु पर्दछ।

३१. **आय-आर्जन कार्यक्रम** - कारागार ऐन,२०७९ को दफा २५ मा कारागार प्रशासकले बन्दीलाई आत्मनिर्भर बनाउन वा आय आर्जन गर्ने अवसर प्रदान गर्न कारागार परिसरभित्र विभिन्न सीपमूलक वा आय मूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख छ। त्यस्तै नियमावलीको नियम ३४ मा कारागारभित्र रहेका कैदीहरुको समयको सदुपयोग गराउन र स्वावलम्बी बनाउनको लागि नेपाल सरकारले घरेलु ईलमसम्बन्धी कारखाना खोल्न सक्ने उल्लेख छ। देशका विभिन्न कारागारमा कैदी बन्दीले आफ्नै प्रयासमा टोपी बनाउने, मुढा बनाउने, सिलाई कटाई, फर्निचर निर्माण, बत्ती काट्ने, गलैंचा बुन्ने, पोते बुन्ने लगायतका आय आर्जनसम्बन्धी काम गरेको भए पनि यसलाई संस्थागत गर्ने व्यवस्था भएको छैन। यस सम्बन्धमा भौतिक पूर्वाधार, बजार व्यवस्थापन, कच्चा पदार्थको सहज आपूर्ति आदि समस्या रहेको विभागले जनाएको छ। कैदीहरुको समयको सदुपयोग गरी उनीहरुको आर्थिक अवस्था सुधार गर्न, देशमा उत्पादन बढाउन र कैदी बन्दीको आचरणमा सकारात्मक परिवर्तन ल्याउन कारागार भवनको संरचना निर्माण गर्दा आय आर्जनका कार्यक्रम समेतलाई ध्यानमा राखी निर्माण गर्ने र आय आर्जन कार्यक्रमलाई संस्थागत गरी तैयारी सामानको बजार सुनिश्चित गर्ने व्यवस्था हुनु पर्दछ।

३२. **कारागार कारखाना** - बन्दीहरुलाई सीपमूलक तालिम प्रदानगरी सुति कपडा उत्पादन गर्ने र

बन्दीहरु को आय स्तरमा वृद्धि गर्ने तथा आयात प्रतिस्थापनमा समेत सघाउ पुऱ्याउने उद्देश्यले वि स २०१७ सालमा सदर जेल कारखानाको नामबाट प्रारम्भ भई हाल केन्द्रीय कारागार कारखानाको रुपमा काठमाण्डौंको जैसी देवलमा यो कारखाना सञ्चालन भैरहेको छ। कारखानाले केन्द्रीय कारागारमा रहेका कैदीहरु मध्ये वार्षिक अधिकतम ३५ जनालाई कारखानासम्बन्धी कामको लागि तालिम दिई कारखानामा काममा लगाउने गरेकोले न्युन संख्याले मात्र लाभ लिएको अवस्था छ। उत्पादनमा वृद्धि गर्न र कैदी बन्दीको आचरणमा सुधार ल्याउन कारखानाको क्षमता बढाई अधिकतम कैदी बन्दीलाई लाभको अवसर प्रदान गर्नु पर्दछ।

३३. **घरेलु उद्योग केन्द्र** - कारागार ऐन,२०७९ को दफा २६ मा प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी कारागार परिसरमा कुनै कारखाना स्थापना भएकोमा त्यस्तो कारखानामा काम गर्न ईच्छुक बन्दीलाई काममा लगाउन सकिने र उक्त बमोजिम कुनै बन्दीले काम गरे वापत योगदानको आधारमा नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्युनतम पारिश्रमिक भन्दा कम नहुने गरी तोकिए बमोजिमको पारिश्रमिक दिनु पर्ने व्यवस्था छ। ऐनमा कारागार परिसरमा प्रचलित कानून बमोजिम अनुमति प्राप्त गरी घरेलु उद्योग केन्द्रको स्थापना तथा सञ्चालन गर्ने परिकल्पना गरेको भए पनि हाल सम्म ऐनमा व्यवस्था भए बमोजिमको घरेलु उद्योग केन्द्रको स्थापना भएको छैन। कैदी बन्दीको समय सदुपयोग गर्न तथा उनीहरुको जीवनस्तर तथा आचरणमा सकारात्मक परिवर्तन ल्याउन ऐनमा व्यवस्था भए बमोजिम कारागार परिसरमा घरेलु उद्योग केन्द्रको स्थापना तथा सञ्चालन गर्नु पर्दछ।

३४. **दरबन्दी व्यवस्था** - कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार विभागको स्वीकृत दरबन्दी र पूर्तिको अवस्था देहाय बमोजिम छ।

पद र श्रेणी	स्वीकृत दरबन्दी	पूर्ति संख्या	रिक्त संख्या
महा निर्देशक(रा.प्र.प्रथम), प्रशासन	१	१	-
निर्देशक(रा.प्र. द्वितीय, प्रशासन)	२	२	-
लेखा नियन्त्रक (रा.प्र. द्वितीय, लेखा)	१	१	-
शाखा अधिकृत(रा.प्र.तृतीय,प्रशासन)	२	२	-
कानून अधिकृत कानू.प्र.तृतीय)	१	१	-
लेखा अधिकृत (रा.प्र.तृतीय,लेखा)	१	१	-
नायब सुब्बा(रा.प्र.अ.प्रथम,प्रशासन	३	३	-
लेखापाल(रा.प्र.अ.प्रथम,लेखा)	१	१	-
कम्यूटर अपरेटर(रा.प्र.अ.प्रथम,विविध)	१	१	-
सहायक कम्प्युटर अपरेटर(रा.प्र.अ.द्वितीय,विविध)	२	२	-
हलुका सवारी चालक	२	२	-
कार्यालय सहयोगी	३	३	-

कारागार विभागको दरबन्दी बमोजिम पदपूर्ति भएको भए पनि छोटो समयमा विभागीय प्रमुख तथा अन्य कर्मचारीको सरुवा भएको अवस्था छ। उदाहरणको लागि २०७५ बैशाख देखि हाल सम्म ११ महानिर्देशकले विभागमा रही काम गरेकोमा एक वर्षभन्दा बढी अवधि काम गर्ने महानिर्देशकको संख्या १, छ महिनाभन्दा बढी काम गर्ने महानिर्देशकको संख्या ६ रहेको छ भने दुई महिना भन्दा कम अवधि काम गर्नेको संख्या ३ रहेको छ। विभागीय प्रमुख पदाधिकारीको कार्यावधि छोटो हुँदा प्रारम्भ गरिएका सुधारका प्रयासहरु अधुरो रहने तर्फ समेत विचार गर्नु पर्ने देखिन्छ।

➢ बन्दीगृहको व्यवस्थापनको लागि हाल देशमा ७४ कारागार कार्यालय रहेका छन्। उल्लेखित कारागारमा राजपत्राङ्कित द्वितीय श्रेणीका ७, राजपत्राङ्कित तृतीय श्रेणीका ५२, राजपत्र अनङ्कित प्रथम श्रेणीका १५ कार्यालय प्रमुखको नेतृत्व रहेको छ भने कार्यालयको दरबन्दी न्युनतम ७ देखि अधिकतम २५ सम्म रहेको छ। कार्यालयको स्वीकृत दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ।

पद र श्रेणी	स्वीकृत दरबन्दी	पूर्ति	रिक्त
उप सचिव, रा.प.द्वितीय श्रेणी)	७	६	१
शाखा अधिकृत	५८	३५	२३
लेखा अधिकृत	०	०	०
मेडिकल अधिकृत	१	०	१
नायब सुब्बा	८२	७०	१२
लेखापाल	१७	१५	२
कम्प्युटर अपरेटर	६	६	०
सहलेखापाल	५६	३७	१९
खरिदार	७१	५३	१८
सहायक कम्प्युटर अपरेटर	६१	४१	२०
सिनियर हेल्थ असिस्टेन्ट/ हेल्थ असिस्टेन्ट	७६	५७	२०
हलुका सवारी चालक	३३	३३	०
कार्यालय सहयोगी	३४५	३४५	०
जम्माः	**८१३**	**६९८**	**११६**

उल्लिखित विवरण अनुसार ७४ कारागारको स्विकृत ८१३ दरबन्दी मध्ये ११६ दरबन्दी रिक्त रहेको छ। रिक्त दरबन्दी मध्ये २३ कार्यालय प्रमुखको दरबन्दी रिक्त रहेकोले कायम मुकाय र निमित्त कार्यालय प्रमुखबाट कार्यालय सञ्चालन भैरहेको अवस्था छ। कारागार विभागबाट प्राप्त विवरण अनुसार कारागार कार्यालय मोरङमा राजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव कार्यालय प्रमुखको दरबन्दी रहेकोमा उक्त पद रिक्त भएकोले राजपत्राङ्कित तृतीय श्रेणी शाखा अधिकृतबाट कार्यालय सञ्चालन भै रहेको छ। त्यस्तै राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख दरबन्दी रहेको भोजपुर, उदयपुर, सिन्धुली, सिन्धुपाल्चोक नुवाकोट, रौतहट, गोरखा, लमजुङ लगायतका १९ कारागारमा राजपत्र अनंङ्कित प्रथम श्रेणीको नायब सुब्बाबाट र ओखलढुंगा कारागार राजपत्रअनङ्कित द्वितीय श्रेणी खरिदारबाट सञ्चालन भै रहेको छ। कायम मुकायम वा निमित्त कार्यालय प्रमुखबाट कार्यालय सञ्चालन गर्दा कैदी बन्दीको व्यवस्थापनमा कठिनाई उत्पन्न हुन सक्ने तर्फ विचार गरी समयमा कार्यालय प्रमुखको दरबन्दी पूर्ति हुनु पर्दछ।

➢ नेपाल सरकारका कार्यालयमा कार्यालयको कार्यप्रकृति तथा कार्यबोझको आधारमा दरबन्दी श्रृजना गर्ने व्यवस्था छ। हाल सञ्चालनमा रहेका ७४ कारागारमा न्युनतम ७ देखि अधिकतम २५ दरबन्दी रहेको छ। कारागारको प्रमुख कार्य कैदी बन्दीको व्यवस्थापन रहेकोमा केही कम क्षमताका कारागारमा माथिल्लो पदको कार्यालय प्रमुखसहित बढी दरबन्दी र बढी क्षमताका कारागारमा तल्लो श्रेणीको कार्यालय प्रमुख र घटी दरबन्दी रहेको छ। जसको विवरण देहाय बमोजिम छ।

कारागारको नाम	कार्यालय प्रमुखको पद र श्रेणी	दरबन्दी संख्या	क्षमता	बन्दी संख्या
केन्द्रीय कारागार जगन्नाथ देवल	उप सचिव (रा.प.द्वितीय)	२५	१५००	३४६६
कारागार कार्यालय, डिल्लीबजार	उप सचिव (रा.प.द्वितीय)	२०	४००	६१८
कारागार कार्यालय,नख्खु ललितपुर	उप सचिव (रा.प.द्वितीय)	१९	७००	७९३
कारागार कार्यालय, मोरङ	उप सचिव (रा.प.द्वितीय)	१७	४७५	१०२८
कारागार कार्यालय, सुनसरी	उप सचिव (रा.प.द्वितीय)	२१	१६००	१५८४
कारागार कार्यालय, पर्सा	उप सचिव (रा.प.द्वितीय)	२०	१३३०	१४३३
कारागार कार्यालय, भिमफेदी	उप सचिव (रा.प.द्वितीय)	१५	११५०	१०७५
कारागार कार्यालय, चितवन	शाखा अधिकृत (रा.प.तृतीय)	१३	५९५	७२५
कारागार कार्यालय झापा	शाखा अधिकृत (रा.प.तृतीय)	१३	७९०	१५६५
कारागार कार्यालय, कास्की	शाखा अधिकृत (रा.प.तृतीय)	१२	६४०	७३५

उल्लिखित विवरण अनुसार कारागार कार्यालय डिल्लीबजारमा ४०० र कारागार कार्यालय ललितपुरमा ७०० क्षमताको कारागारको लागि राजपत्राङ्कित द्वितीय श्रेणीको कार्यालय प्रमुखसहित क्रमशः २० र १९ दरबन्दी रहेको छ भने ७९० बन्दी क्षमता रहेको कारागार कार्यालय झापा र ६४० क्षमताको कारागार कार्यालय चितवनमा राजपत्राङ्कित तृतीय श्रेणीको शाखा अधिकृत कार्यालय प्रमुख सहित क्रमशः१३ र १२ कर्मचारीको दरबन्दी रहेको छ। कारागारको मूख्य कार्य कैदी बन्दी व्यवस्थापन भएकोले कारागारको क्षमताको आधारमा दरबन्दी कायम हुनुपर्दछ।

३५. **विजुली महसुल** - कारागार व्यवस्थापन विभागबाट प्राप्त विवरण अनुसार हाल २९ कारागारमा ५ करोड २ लाख ९ हजार गत विगत वर्षको बिजुली महसुलको रकम भुक्तानी गर्न बाँकी रहेको छ। कारागारमा बिजुलीबाट खाना पकाउने गरिएकोले विद्युतको खपतमा वृद्धि भई अधिक महसुल भुक्तानी गर्नु पर्ने अवस्थामा न्युन बजेट विनियोजनको कारण विद्युत महसुल रकम बक्यौता रहन गई जरिवाना समेत भुक्तानी गर्नु परेकोले थप व्ययभार परेको अवस्था छ। स्थलगत लेखापरीक्षणको क्रममा जगन्नाथदेवल कारागारमा रहेका कैदीबन्दीको उपभोग र कारागारको दैनिक प्रयोजनका पुरुष बन्दीगृहमा ३०० के.भी. र महिला बन्दीगृहमा १२५ के.भी. क्षमताको विद्युत ट्रान्समिटर जडान गरिएको छ। डिल्लीबजार कारागारमा बिजुलीबाट चल्ने राईस स्टिमरमा र केन्द्रीय कारागारमा हिटरमा खाना पकाउने गरेकोले मासिक करिव रु.१४ लाख महसुल उठ्ने गरेको छ। यस अवस्थामा विगत वर्ष देखि कारागार कार्यालयले खपत अनुसारको शुल्क समयमा भुक्तानी गर्न नसकेकोले बक्यौता रकममा वृद्धि भैरहेको कार्यालयले छलफलको क्रममा जानकारी गराएको छ । विद्युत प्राधिकरणले समयमा महसुल भुक्तानी नगरेमा २५ प्रतिशत सम्म जरिवाना वापत थप शुल्क लिने हुदाँ वि.सं. २०८० असोज मसान्तसम्मको कुल बक्यौता करिब १ करोड ६५ लाख पुगेको तर चालु वर्षमा कारागारमा वार्षिक बजेट जम्मा रु ३८ लाख २० हजार मात्र विनियोजन भएको छ। समयमा उल्लेखित शुल्क नतिरेमा कानुन अनुसार कारागारको विद्युत लाइन काट्ने भनी प्राधिकरणले पटक पटक पत्राचार गरेको र वि.सं. २०८० कार्तिक १४ गते समयमा तिर्नुपर्ने शुल्क नतिरेको भन्दै विद्युत लाइन काटेकोमा बाँकी तिर्नुपर्ने शुल्क छिट्टै तिर्न पहल गर्ने कार्यालयको तर्फबाट प्रतिबद्धता एवं सुरक्षा संवेदनशीलतालाई मध्यनजर राखी लाइन तत्काल लाइन जोड्न प्रमुख जिल्ला अधिकारीको निर्देशन पश्चात लाइन पुनः जडान गरिएको र जुन सुकैबेला पुनः लाइन काट्न सक्ने संभावना रहेको कार्यालयको भनाई रहेको छ।

त्यस्तै ललितपुरको नख्खु कारागारमा रहेका कैदीबन्दीको उपभोग र कारागार कार्यालयको दैनिक प्रयोजनका लागि ३०० के.बि. क्षमताको ट्रान्समिटर जडान गरिएको छ। कारागारको मासिक खपत बापत करिब रु ७ लाख महसुल उठ्ने गरेकोले वार्षिक करिब रु ८५ लाख बजेट विद्युत महसुलमा आवश्यक हुने तर कारागारको वार्षिक बजेट जम्मा रु ३० लाख मात्र विनियोजन भएकोले खपत अनुसारको शुल्क समयमा भुक्तानी गर्न नसकेले बक्यौता र जरिवाना समेत २०८० असोज मसान्तसम्म करिब २ करोड भुक्तानी दिन बाँकी रहेको कार्यालयले जानकारी गराएको छ।

नेपाल विद्युत प्राधिकरणले कारागार कार्यालयबाट प्रति युनिट रु. १२ देखि १५ सम्म विद्युत महसुल लिंदै आएको छ। विद्युत महसुल सङ्कलन विनियमावली, २०७८को व्यवस्था अनुसार प्राधिकरणले सिँचाइमा रु.२।५०, सामुदायिक खानेपानीमा रु.४।२०, अन्य खानेपानीमा रु.७।२०,सार्वजनिक यातायात चार्जिङ्ग स्टेशन मा रु. ५।७५ प्रतियुनिट का दरले र सरकारी अस्पतालमा २५ प्रतिशत कम शुल्कमा विद्युत उपलब्ध गराएको भए पनि कारागार कार्यालयबाट प्रति युनिट रु. १२ देखि १५ सम्म विद्युत महसुल लिंदै आएकोले सहुलियत दरमा विद्युत प्राप्त गर्न कारागार कार्यालयहरुले प्रयास गरे पनि सहुलियत दरमा विद्युत प्राप्त भएको छैन। कैदी बन्दीले प्रयोग गर्ने विद्युत सहुलियत दरमा प्राप्त गर्न कारागार व्यवस्थापन विभाग र गृह मन्त्रालय समेतबाट पहल हुनु पर्ने देखिन्छ। विद्युतबाट खाना बनाउदा सोही अनुसार कम बिजुली खपत गर्ने भाडा तथा उपकरण जडान गर्नु पर्ने र लापरवाही हुन नदिनको लागि आन्तरिक नियन्त्रण कायम गर्न कार्यालयले विशेष ध्यान दिनु पर्ने देखिन्छ।

३६. **खानेपानी व्यवस्थापन** - केन्द्रीय कारागार, जगन्नाथदेवलमा कैदी बन्दीलाई दैनिक १ लाखभन्दा बढी लिटर पानी खपत हुने र उक्त पानी ट्याङ्कर व्यवसायीबाट खरिद गर्दा मासिक रु१० लाख भन्दा बढी रकम पानीको आपूर्तिमा खर्च भएको अवस्था छ।कार्यालयमा खानेपानीका १३ वटा धारा भए पनि पानी नआउने तर महसुल भुक्तानी गर्नु पर्ने अवस्थाले २०८० पौष सम्म बक्यौता महसुल रु. २ करोड ७२ हजार पुगेको छ।जडान गरिएका धारामा पानी आउने व्यवस्था गर्न कार्यालयले गरेपनि समस्या समाधान भएको छैन। अन्य कारागारमा समेत यस प्रकारको समस्या रहे नरहेको सम्बन्धमा अध्ययन गरी ट्याङ्करको पानीको विकल्पमा जडान गरिएका धारामा नियमित पानी आउने व्यवस्था गर्ने, आवश्यकता अनुसार थप धारा जडान गर्ने, डिप बोरिङ्ग गर्ने लगायतका अन्य वैकल्पिक उपाय अपनाई मितव्ययिता कायम गर्नु पर्दछ।

३७. **सवारी साधन** - कारागारमा रहेका कैदी बन्दीको स्थानानन्तरण र थुनुवालाई अदालतमा उपस्थित गराउनको लागि १४ कारागारमा ठूला सवारी साधन र ४० कारागारमा-५२ थान ४ पांग्रे सवारी साधन रहेकोमध्ये १३ लिलाम गर्नु पर्ने र ११ मर्मत गरी सञ्चालन हुन सक्ने अवस्थामा रहेको विवरण प्राप्त भएको छ। कैदी बन्दीको स्थानान्तरणको लागि आर्थिक वर्ष २०७७/७८ मा २ करोड ४१ लाख ५० हजार, आर्थिक वर्ष २०७८/७९मा दुई करोड ६५ लाख र आर्थिक वर्ष २०७९/८० मा ३ करोड ४ लाख बजेट खर्च भएको छ । कार्यालयमा रहेका पुराना मर्मत हुन नसक्ने सवारी साधन लिलाम तथा मर्मत गरी सञ्चालन हुन सक्ने सवारी साधन मर्मत गरी सञ्चालन गर्ने र स्थानान्तरणमा बढी रकम खर्च हुने कारागारको लागि सोहि अनुसार सवारी साधन व्यवस्था गर्नुपर्ने देखिन्छ।

३८. **अभिलेख व्यवस्था** - कारागार ऐन,२०७९को दफा १३ मा कारागार प्रशासकले प्रत्येक कारागारमा रहने बन्दीको अभिलेख राख्न एक बन्दी अभिलेख किताब खडा गर्नु पर्ने र सो विवरण विद्युतीय अभिलेख समेत राख्नु पर्ने उल्लेख छ। त्यस्तै गृह प्रशासन सुधार कार्ययोजनाको बुँदा नं.१६९ मा कैदी व्यवस्थापन सूचना प्रणालीलाई स्तरोन्नति गरी कारागार प्रशासनको सुदृढीकरण गर्ने उल्लेख छ।

स्थलगत लेखापरीक्षण गरिएका कारागार कार्यालयहरुले बन्दीहरुको अभिलेख राख्न अभिलेख किताब खडा गरेको पाइयो। कारागार व्यवस्थापन विभागले वि.सं. २०७८ मा ९ लाखको लागतमा निर्माण गरेको कैदी बन्दीको लगत राख्ने विद्युतीय अभिलेख प्रणाली Prison Management Information System (PMIS) पूर्ण रुपमा कार्यान्वयनमा आएको छैन। ललितपुरको नख्खु कारागारले आफ्नो कारागारको थुनुवा र कैदीबन्दीहरुको विद्युतिय अभिलेख राख्न, बन्दीहरुको अदालतमा हुने पेसीको आवधिक विवरण तयार गर्न, कैदी सरुवाको विवरण अद्यावधिक गर्न, अस्पताल भर्ना भएका कैदीबन्दीहरुको विवरण राख्न, कैद भुक्तान गरी छुटेकाहरुको विवरण राख्न मिल्ने गरी कार्यालयकै प्राविधिक कर्मचारीलाई परिचालन गरी Prison Office Management System (POMS) को निर्माण गरेको र उपत्यकाका अन्य कारागारले समेत उक्त सफ्टवेयर प्रयोग गर्न प्रारम्भ गरेको देखियो। विभागले जडान गरेको विद्युतीय प्रणालीलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यक हुने रकम, प्रयोगमा हुने कठिनाई, दिगोपना र ललितपुर कारागारले प्रयोगमा ल्याएको सफ्टवेयरका उल्लिखित व्यवस्थाहरुको अध्ययन गरी उपयुक्त देखिएको सफ्टवेयर जडान गरी कैदी बन्दीको अभिलेख राख्नु पर्दछ।

३९. **अनुगमन निरीक्षण** - कारागार ऐन,२०७९ को दफा ४२मा महान्यायाधिवक्ता वा निजले तोकेको अधिकारीले प्रत्येक वर्ष कम्तीमा एक पटक कारागारको निरीक्षण गर्नु वा गराउनु पर्ने उल्लेख छ। त्यस्तै दफा ४३ मा उच्च अदालतको मूख्य न्यायाधिश वा न्यायाधीशले उच्च अदालतको प्रादेशिक अधिकार क्षेत्र भित्रका कारागार र जिल्ला न्यायाधीशले जिल्ला भित्रको कारागारमा प्रत्येक वर्ष कम्तीमा एक पटक निरीक्षण गर्नु पर्ने व्यवस्था छ। ऐनको दफा ४४ मा प्रमुख जिल्ला अधिकारीले तीन महिनामा कम्तिमा १ पटक र आवश्यकता अनुसार कारागारको निरीक्षण गर्नु पर्ने व्यवस्था छ। उपरोक्तानुसारको निरीक्षण प्रतिवेदन सङ्घीय कारागारको हकमा गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागमा दिनुपर्ने व्यवस्था भएकोमा विभागमा निरीक्षण प्रतिवेदन प्राप्त हुने गरेको देखिएन। निरीक्षण गर्ने निकाय वा पदाधिकारी वा निरीक्षण गरिएको निकायबाट प्रतिवेदन प्राप्त गरी सुझाव कार्यान्वयन गर्न आवश्यक पहल गर्नु पर्ने पर्दछ।

परिच्छेद-४

निस्कर्ष तथा सुझाव

देशमा कारागार सञ्चालन भएको ११० वर्ष व्यतित भएको छ। यस अवधिमा कारागार सञ्चालनको लागि आवश्यक नीतिगत तथा कानूनी व्यवस्था, संगठनात्मक संरचना तथा कैदी बन्दीको बसोबासकोलागि आवश्यक बन्दीगृहको भौतिक संरचना निर्माण भएको छ। तथापि संविधानमा व्यवस्था भए बमोजिम कारागारलाई सङ्घीय र प्रदेश सरकारबाट सञ्चालन गर्ने संविधानको व्यवस्था कार्यान्वयन हुन सकेको छैन। ऐनमा व्यवस्था भए बमोजिम विशेष कारागार स्थापना र कैदी बन्दी व्यवस्थापन सम्बन्धमा खुला कारागार, सामुदायिक सेवा, पेरोलमा पठाउने जस्ता अवधारणा कार्यान्वयन भएको छैन। साविकको नियमावलीमा भएका व्यवस्थाहरु समय सापेक्ष रुपमा परिवर्तन नभएको, बन्दी गृहको निर्माणको लागि अन्तर निकाय समन्वय र आवश्यक मापदण्ड तथा कार्यविधि तयार नभएको, पर्याप्त भौतिक संरचनाको अभावमा क्षमता भन्दा बढी कैदीबन्दी राख्नु पर्ने अवस्थाले कैदीको व्यवस्थापनमा समस्या रहेको देखिन्छ भने निर्माण भएका कतिपय संरचनाहरु समेत प्रयोगमा आउन सकेको छैन। पर्याप्त संरचना तथा स्थानको अभावमा कैदी बन्दीलाई प्रदान गर्नु पर्ने शिक्षा, स्वास्थ्य, मनोरञ्जन, खेलकुद, व्यायाम, पारिवारिक भेटघाट कक्ष, प्रजनन अधिकार, आय आर्जन तथा सीप लगायतका सुविधामा असर परेको छ। लेखापरीक्षणको आधारमा कारागार पूर्वाधार व्यवस्थापन सम्बन्धमा सुधार गर्नु पर्ने व्यहोरा देहाय बमोजिम छनः

- संविधान तथा ऐनको व्यवस्था बमोजिम कारागारलाई संघीय सरकार र प्रदेशसरकारबाट सञ्चालन गर्ने।
- कारागारको संगठन संरचना र बन्दी गृहका आन्तरिक संरचना यकिन गर्ने। रिक्त दरबन्दी पूर्ति गर्ने। विभागीय प्रमुख, पदाधिकारी र कारागार प्रशासकको न्युनतम अवधि कायम गर्ने ।
- बन्दी गृह निर्माणको लागि कार्यविधि, निर्देशिका तथा मापदण्ड तयार गर्ने र अन्तर निकाय समन्वयको लागि आवश्यक संयन्त्र गठन गर्ने।
- ऐनमा व्यवस्था भए अनुसार खुला कारागार, विशेष कारागार, सामुदायिक सेवा, पेरोलमा पठाउने व्यवस्था जस्ता अवधारणा कार्यान्वयन गर्ने।
- निर्माण सम्पन्न भई सञ्चालन हुन नसकेका भौतिक संरचना सञ्चालनको लागि आवश्यक पहल गर्ने।
- कैदी बन्दीको वृद्धि अनुसार बन्दीगृह निर्माणको लागि रणनीतिक योजना तयार गर्ने। निर्माणाधिन कारागार तथा बन्दी गृहको निर्माण कार्य समयमा सम्पन्न गर्ने।
- पुराना कारागार भवनको अवस्था अध्ययन गरी जोखिमयुक्त अवस्थामा रहेका कारागारको वैकल्पिक व्यवस्था गर्ने र नियमित मर्मत संभारकोलागि समेत बजेट व्यवस्था गर्ने।
- कैदी बन्दीको राशन सुविधामा दिईने चामलको विकल्प समेत उपलब्ध गराउन आवश्यक अध्ययन गर्ने र दैनिक खानामा हुने न्युनतम क्यालोरी र गुणस्तर र कारागारको आन्तरिक प्रशासन सम्बन्धमा निर्देशिका, कार्यविधि तथा मापदण्डबाट व्यवस्थित गर्ने।
- कैदी बन्दीका आधारभूत भौतिक पूर्वाधार सुविधा जस्तै खेलकुद, मनोरञ्जन, व्यायाम, शिक्षा, स्वास्थ्य, सरसफाई, लगायतको पर्याप्तता सम्बन्धमा अनुगमन गर्ने।
- तोकिएको कैदी बन्दी पुगेका कारागारमा विद्यालय सञ्चालन गर्ने।

- केन्द्रीय कारागार अस्पतालको शैया थप गर्ने र नख्खुमा रहेको मनोसामाजिक अपाङ्ग बन्दी अस्पताल पूर्ण रुपमा सञ्चालन गर्ने।
- कैदी बन्दीका आय आर्जन कार्यक्रमलाई संस्थागत गर्ने। ऐन तथा नियममा व्यवस्था भए अनुसार घरेलु उद्योग केन्द्र, कारागार कारखाना सञ्चालन गर्ने।
- बिद्युत तथा पानीको खपत अनुसारको बजेट व्यवस्था गरी समयमा महसुल भुक्तानी गर्ने। न्युन उर्जा खपत गर्ने बिद्युतीय उपकरण जडान गर्ने। सहुलियत दरमा बिद्युत प्राप्त गर्न आवश्यक पहल गर्ने।
- ट्याङ्करको पानीको विकल्पमा अन्य बैकल्पिक व्यवस्था जस्तै बोरिङ्ग लगायतको विकल्पको अध्ययन गर्ने।
- कारागार व्यवस्थापनको लागि आवश्यक सूचना तथा विवरण तत्काल प्राप्त गर्न बिद्युतीय अभिलेख प्रणालीलाई पूर्ण रुपमा सञ्चालन गर्ने।

अनुसूची-१

जिल्लागत कैदीबन्दी विवरण
(२०८०, पौष मसान्तसम्मको प्राप्त विवरण अनुसार)

क्र.स.	कारागार रहेका जिल्ला	कारागारको कैदीबन्दी क्षमता	हाल थुनामा रहेका कैदीबन्दी	क्षमताभन्दा बढी	क्षमताभन्दा बढी (गुणामा)
१	ताप्लेजुङ	२५	१५२	१२७	५.०८
२	पाँचथर	९५	१६५	७०	०.७४
३	इलाम	२००	२६५	६५	०.३३
४	झापा	७९०	१६०५	८१५	१.०३
५	धनकुटा	५०	१००	५०	१.
६	तेह्रथुम	३५	८६	५१	१.४६
७	संखुवासभा	१४०	१२६		
८	भोजपुर	७५	११९	४४	०.५९
९	सुनसरी	१६००	१५९३		
१०	मोरङ	४७५	१०४२	५६७	१.१९
११	सोलुखम्बु	५०	९६	४६	०.९२
१२	ओखलढुङगा	३०	८७	५७	१.९
१३	उदयपुर	५५	२५९	२०४	३.७१
१४	खोटाङ	२३०	१३५		
१५	सप्तरी	१६५	४५८	२९३	१.७८
१६	सिराहा	१५०	५२६	३७६	२.५१
१७	महोत्तरी	२००	५९३	३९३	१.९७
१८	सर्लाही	९६	०		
१९	रौतहट	१४५	३५७	२१२	१.४६
२०	पर्सा	१३३०	१४५५	१२५	०.०९
२१	सिन्धुली	५५	७३७	६८२	१२.४
२२	दोलखा	५०	१५६	१०६	२.१२
२३	रामेछाप	३५५	३४९		
२४	रसुवा	१३०	८९		
२५	नुवाकोट	१२२	१८०	५८	०.४८
२६	धादिङ	२६५	३०७	४२	०.१६
२७	काभ्रे	२५०	२९४	४४	०.१८
२८	सिन्धुपाल्चोक	५०	११५	६५	१.३
२९	डिल्लीबजार, काठमाडौं	४००	६७२	२७२	०.६८
३०	जगन्नाथदेवल, काठमाडौं	१५००	३५०१	२००१	१.३३
३१	नख्खु, ललितपुर	७००	१४९९	७९९	१.१४
३२	चितवन	५९५	७३५	१४०	०.२४
३३	मकवानपुर	११५०	१०८०		
३४	मनाङ	१२	५		
३५	मुस्ताङ	१४	११		
३६	पर्वत	५५	९१	३६	०.६५
३७	म्याग्दी	३२	८५	५३	१.६६
३८	बाग्लुङ	७०	१८१	१११	१.५९

३९	गोरखा	५०	११५	६५	१.३
४०	लमजुङ	५०	९५	४५	०.९
४१	तनहुँ	१००	३१५	२१५	२.१५
४२	कास्की	६४०	७६२	१२२	०.१९
४३	स्याङ्जा	६५	१४१	७६	१.१७
४४	नवलपरासी पश्चिम	२५०	५२१	२७१	१.०८
४५	पाल्पा	४५०	२६३		
४६	अर्घाखाँची	४५	७५	३०	०.६७
४७	गुल्मी	५०	११७	६७	१.३४
४८	रोल्पा	५०	१२१	७१	१.४२
४९	प्युठान	४५	९६	५१	१.१३
५०	कपिलवस्तु	३२४	५३३	२०९	०.६५
५१	रुपन्देही	३००	४७१	१७१	०.५७
५२	तुलसीपुर,दाङ	४७५	५६४	८९	०.१९
५३	घोराही,दाङ	१५०	३९५	२४५	१.६३
५४	बाँके	३००	९३२	६३२	२.११
५५	बर्दिया	१५५	४३६	२८१	१.८१
५६	रुकुम पश्चिम	४७	१३६	८९	१.८९
५७	सल्यान	५०	१५०	१००	२.
५८	हुम्ला	०	१०		
५९	जुम्ला	१४०	११४		
६०	मुगु	०	०		
६१	कालिकोट	४०	५८	१८	०.४५
६२	डोल्पा	२०	२३	३	०.१५
६३	जाजरकोट	३०	८०	५०	१.६७
६४	दैलेख	२१०	१५९		
६५	सुर्खेत	५०	३७०	३२०	६.४
६६	बझाङ	७५	६८		
६७	बाजुरा	२५	५४	२९	१.१६
६८	अछाम	७५	८३	८	०.११
६९	डोटी	४०	६२	२२	०.५५
७०	कैलाली	२३५	७१८	४८३	२.०६
७१	दार्चुला	३०	५४	२४	०.८
७२	बैतडी	५०	७४	२४	०.४८
७३	डडेलधुरा	१२५	१४८	२३	०.१८
७४	कन्चनपुर	१२५	५०७	३८२	३.०६

विशेष भवन निर्माण आयोजना

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि -** शहरी विकास मन्त्रालयबाट भवन, आवास तथा शहरी पूर्वाधार सँग सम्बन्धित कार्यहरू हुँदै आएको छ। राष्ट्रियस्तर तथा राष्ट्रिय महत्वका आवास तथा भवन निर्माण र मर्मत संभार गर्ने कार्य समेत हुँदै आएको छ । यसै सन्दर्भमा विशेषज्ञता तथा विज्ञता आवश्यक पर्ने विशेष तथा जटिल प्रकृतिका महत्वपूर्ण भवन निर्माण परियोजनाहरूको तोकिएको गुणस्तर तथा समयावधिभित्र प्रभावकारीरुपमा कार्यान्वयन गर्न शहरी विकास तथा भवन निर्माण विभाग अन्तर्गत छुट्टै आयोजना कार्यालय स्थापना गर्नुपर्ने महसुस गरी नेपाल सरकार (मन्त्रीपरिषद्) को २०७६।०५।०४ को निर्णयबमोजिम विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयको स्थापना भएको हो।

विशेष प्रकृतिका भवनहरू जस्तै संघीय संसद भवन, विशिष्ट व्यक्तिहरूका लागि आवासीय भवन निर्माण, ठूला सभाहलहरू निर्माण गर्ने जिम्मेवारी तोकि आ.व. २०७६/७७ बाट विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयले कार्य गर्दै आएको छ। यस आयोजनाबाट हाल संघीय संसद भवन, संघीय मन्त्री आवास, प्रदेश प्रमुख र प्रदेश मुख्य मन्त्रीहरूको आवास तथा सम्पर्क कार्यालय, चण्डीदल गण लगायत भवनहरू निर्माण भइरहेका छन्। ललितपुरको गोदावरीमा ३००० सिट क्षमताको सभाहल तथा वालुवाटारमा प्रधानमन्त्रीको (निजी र पब्लिक) आवासको लागि भवन निर्माण कार्य सम्पन्न भएको छ ।

२. **संगठन संरचना तथा जनशक्ति -** विशेष तथा जटिल प्रकृतिका महत्वपूर्ण भवन निर्माण परियोजनाहरूको तोकिएको गुणस्तर तथा समयावधि भित्र प्रभावकारी रुपमा कार्यान्वयन गर्न विभाग अन्तर्गत छुट्टै समर्पित आयोजनाको रुपमा यो समन्वय कार्यालय रहेको छ ।आयोजनाको कार्यसम्पादनलाई नतिजामूखी बनाउन कर्मचारीको स्वीकृत दरबन्दी ३१ रहेको छ। आयोजनाको कार्यक्षेत्र काठमाडौं उपत्यका रहेकोले यसको केन्द्रिय कार्यालय शहरी विकास तथा भवन निर्माण विभाग परिसर भित्र रहेको छ।आयोजनाबाट सञ्चालनहुने विभिन्न कार्यक्रम तथा साइटहरूको प्राविधिक व्यवस्थापन र अनुगमनका लागि आयोजना निर्देशक अन्तर्गत रहने गरी आर्थिक प्रशासन, जिन्सी, प्राविधिक, कर्मचारी प्रशासन र खरिद शाखाहरूको व्यवस्था गरी कार्य विभाजन गरिएको छ।

आयोजनाको दैनिक क्रियाकलाप सञ्चालन गर्न राजपत्राङ्कित प्रथम श्रेणीको आयोजना निर्देशकको मातहतमा १३ राजपत्राङ्कित (१२ प्राविधिक, १ प्रशासनिक), १२ राजपत्र अनङ्कित (११ प्राविधिक, १ प्रशासनिक) र ६ जना श्रेणी विहिन कर्मचारीहरू रहेका छन।यसका अतिरिक्त आयोजनाले विभिन्न निर्माण कार्यक्रम तथा साईटहरूका आवश्यकता अनुसार मष्टरोल ज्यालामा सुपरभाईजर, ईन्जिनियर, सव-ईन्जिनियर ओभरसियर, ह.स.चा. र कार्यालय सहयोगीहरू नियुक्त गरेको छ।

३. **आवधिक योजना, वार्षिक नीति, कार्यक्रम र बजेट**

३.१. **पन्ध्रौं योजना (२०७६।७७-२०८०।८१)**

पन्ध्रौं योजना बमोजिम भवन निर्माणसम्बन्धी सोच, लक्ष्य, उद्देश्य, रणनीति एवं कार्यनीति देहायअनुसार छन् :

सोचः सुरक्षित, किफायती र वातावरणमैत्री भवन।

लक्ष्यः सुरक्षित, आकर्षक, किफायती र वातावरणमैत्री भवन निर्माण, स्तरोन्नति तथा सुधार गर्ने ।

उद्देश्यः

- भवन निर्माणमा उपयुक्त आधुनिक प्रविधि र स्थानीय वास्तुकलाको मिश्रणबाट नयाँ निर्माण सामाग्रीको प्रयोग समेतलाई प्रोत्साहन गरी सुरक्षित, टिकाउ, सुलभ र किफायती भवनहरूको निर्माण गर्नु ।
- एकीकृत सरकारी भवन डिजाइन, निर्माण, प्रयोग तथा मर्मत सम्भार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानूनी संरचनाको सुधार गर्नु ।

रणनीतिः

- संस्थागत क्षमता विकास गर्दै सरकारी कार्यलाई सेवामूलक तथा कार्यमूलक बनाउन एकीकृत सरकारी भवनको निर्माण गर्ने। योजना तर्जुमाको प्रक्रियागत पक्षमा सुधार गर्ने,
- एकीकृत सरकारी भवन डिजाइन, निर्माण, प्रयोग तथा मर्मत संभार सम्बन्धमा एकद्वार नीति सहित भवन क्षेत्रको संस्थागत तथा कानूनी संरचनाको सुधार गर्ने ।

कार्यनीतिः

- स्थानीय प्रविधि र उपलब्ध निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिई प्रचलित भवन डिजाइन र प्रविधिको लागि आवश्यक मापदण्ड विकास गरिनेछ ।
- सरकारी भवनको एकीकृत लगत तयार गरिनेछ ।
- निर्माणको क्षेत्रमा प्रयोग हुन सक्ने अझ किफायती, सुरक्षित र वातावरणमैत्री निर्माण सामग्री र नवीनतम प्रविधिको प्रवर्द्धनका लागि नियमित अनुसन्धान र विकास कार्यमा शैक्षिक प्रतिष्ठानलाई परिचालन गरिनेछ ।
- बहुतल्ले भवन निर्माणसम्बन्धी प्रविधिबारे अनुसन्धान तथा विकास गरी यस्ता भवन निर्माण गर्न प्रोत्साहन गरिनेछ ।
- सरकारी तथा निजी स्तरबाट नयाँ भवन निर्माण गर्दा परम्परागत प्रविधि र स्थानीय वास्तुकलालाई प्रोत्साहन गरिनेछ ।
- पुरातात्त्विक महत्त्वका भवन निर्माण गर्दा परम्परागत निर्माण प्रविधि र वास्तुकलाको जगेर्ना गरिनेछ ।

३.२. **वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यः** आर्थिक वर्ष २०७८।७९ को बजेट वक्तव्यमा उल्लेख भएका प्रमुख व्यवस्थाहरुः-

- आयोजना कार्यान्वयनलाई शीघ्र बनाउन निर्माण व्यवसायीले निर्माण कार्य दुई सिफ्टमा गर्नुपर्ने व्यवस्था गरिने। आयोजनाको अनुगमन कार्यलाई प्रभावकारी बनाउन दैनिक प्रगति विवरण तालुक निकायमा पेश गर्नुपर्ने र तेस्रो पक्षबाट अनुगमन गर्ने व्यवस्था कडाइका साथ कार्यान्वयन गरिने। ठेक्का मूल्याङ्कनमा कार्य सम्पन्न गर्ने समयलाई समेत सूचकको रूपमा रहने व्यवस्था मिलाइने।

४. नीतिगत तथा कानूनी व्यवस्था

नीति

- राष्ट्रिय आवास नीति, २०६८
- राष्ट्रिय शहरी नीति, २०६४

ऐन

- आर्थिका कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक खरिद ऐन, २०६३
- भवन ऐन, २०५५
- काठमाडौं उपत्यका विकास प्राधिकारण ऐन, २०५४

नियमावली

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७
- सार्वजनिक खरिद नियमावली, २०६४
- भवन नियमावली, २०६६
- काठमाडौं उपत्यका विकास प्राधिकरण नियमावली, २०६८

मानदण्ड निर्देशिका आदि

- राष्ट्रिय भवन संहिता, २०६०
- राष्ट्रिय शहरी विकास रणनीति, २०७३
- निर्माण आचार संहिता, २०७०
- सरकारी भवन संभार निर्देशिका, २०५८
- शहरी वातावरण व्यवस्थापन निर्देशिका, २०६७
- भूकम्प प्रतिरोधी भवन निर्माण निर्देशिका, २०६८
- निर्माण कार्य व्यवस्थापन निर्देशिका, २०६८
- अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त भौतिक संरचना तथा सञ्चार सेवा निर्देशिका, २०६९
- सार्वजनिक भवनहरूमा प्रयोग हुने रङ्गसम्बन्धी निर्देशिका, २०६९

परिच्छेद - २

लेखापरीक्षणको उद्देश्य क्षेत्र र पद्धती

५. **लेखापरीक्षणको उद्देश्य -** विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट सञ्चालित आयोजनाहरूको छनौट, सञ्चालन र बजेट विनियोजन तथा कार्यान्वयनसम्बन्धी कार्यहरू मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको सिद्धान्त अनुरूप भए नभएको विश्लेषणात्मक अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहने छ । यसको साथै सहायक उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- आयोजना समन्वय कार्यालयको स्थापनाको उद्देश्य, कानूनी तथा संगठनात्मक संरचना र लक्ष्य प्रगतिको स्थिति विश्लेषण गर्ने,
- आयोजना छनौट तथा प्राथामिकीकरणका आधारहरू विश्लेषण गर्ने,
- समन्वय कार्यालयबाट सञ्चालित आयोजनाहरूको कार्यान्वयन स्थिति र ठेक्का व्यवस्थापनका विविध पक्षहरूको विश्लेषण गर्ने,
- सम्पन्न तथा निर्माणधिन आयोजनाको अनुमानित लागत, सम्झौता रकम र वास्तविक खर्चको तुलनात्मक अध्ययन गर्ने,
- आयोजना कार्यान्वयन दक्षतापूर्ण तवरले भए नभएको विश्लेषण गर्ने ।

६. **लेखापरीक्षणको क्षेत्र -** विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट सञ्चालित कार्यक्रमहरूको निर्माण व्यवस्थापन सम्बन्धमा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रको रुपमा समेटिएको छ। आयोजना समन्वय कार्यालय स्थापना भएपछि हालसम्म सम्पन्न भएका तथा निर्माणधिन कार्यक्रमहरूको खरिद व्यवस्थापन र कार्यान्वयन स्थित विश्लेषण गर्ने गरी छनौट भएको कार्यक्रमका पदाधिकारी, अन्य सरोकारवाला व्यक्ति समूह तथा निकायहरूलाई प्रश्नावली, विवरण तथा स्थलगत अध्ययनको माध्यमबाट लेखापरीक्षणको दायरामा समेटिने छ।

७. **लेखापरीक्षण पद्धति -** यस कार्यमूलक लेखापरीक्षणमा मुख्य रुपमा प्रक्रियामूलक तथा नतिजामूलक पद्धति अवलम्बन गरिएको छ ।आयोजनाको छनौट तथा प्राथामिकीकरण गर्दा तोकिएका विधि र मापदण्डको पालना भए नभएको, पूर्व तयारीका कार्यहरूको पर्याप्तता र सोको अभिलेख व्यवस्थापन जस्ता विषयको सन्दर्भमा प्रक्रियामूलक पद्धतिको अवलम्बन गरिएको छ भने विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट निर्माण भैरहेका मुख्य कार्यक्रमहरूको र सोको सञ्चालित क्रियाकलापहरूको सम्बन्धमा नतिजामूलक पद्धतिको अवलम्बन गरिएको छ।

लेखापरीक्षणको प्रमाण सङ्कलनको लागि छलफल, कागजात भिडान, प्रश्नावली, विभिन्न पत्रपत्रिकाहरूमा आएको खबरहरूको अध्ययन, निर्माण कार्यसँग सम्बन्धित ऐन, नियम तथा कार्यविधिको प्रयोग आदि विधि प्रयोग गरीएको छ। विषयसँग सम्बन्धित जोखिम मूल्यांकन गरी पहिचान भएका विषयको परीक्षण गर्ने सन्दर्भमा सक्षम प्रर्याप्त सान्दर्भिक प्रमाण सङ्कलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, विश्लेषणात्मक कार्यविधि, विस्तृत विवरणको परीक्षण विधि समेत अबलम्बन गरिएको छ। समग्रमा प्रक्रियामूलक तथा नतिजामूलक विधि उपयोग गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणका आधारका रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थाहरूमा उल्लेख भएका विषयहरूलाई लिइएको छ। लेखापरीक्षणको क्रममा र लेखापरीक्षण सम्पन्न भएपश्चात आयोजना प्रमुख सँग देखिएका व्यहोरा उपर छलफल गरी सम्बन्धित निकायको प्रतिकृयाको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

८. **लेखापरीक्षण सीमितता -** लेखापरीक्षण विशेष भवन निर्माण समन्वय कार्यालयले सञ्चालन गरेका निर्माण कार्यक्रमहरूमा केन्द्रित रहेको छ। भवन निर्माण जटिल प्राविधिक कार्य भएकोले यसको ड्रइङ, डिजाइन र निर्माणका प्राविधिक पक्षहरू लेखापरीक्षणको क्रममा विश्लेषण गरिएको छैन। नीति तथा कार्यक्रम, कार्यक्रमहरूको कार्यान्वय र ठेक्कासम्बन्धी व्यवस्थापकीय पक्षहरूको सैद्धान्तिक विश्लेषणमा प्रतिवेदन केन्द्रित छ। लेखापरीक्षणमा प्रश्नावली मार्फत र द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन।

परिच्छेद - ३
लेखापरीक्षणबाट देखिएका बेहोरा

सकारात्मक बेहोरा - विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय सञ्चालनबाट प्राप्त उपलब्धि र सकारात्मक प्रयासहरू देहाय अनुसार रहेका छन् :

- उपत्यका भित्र विशेष भवन निर्माण गर्दा आवश्यक पर्ने विभिन्न अन्तर निकाय सँग समन्वयमा गर्न सहजता भएको,
- विशेष भवनले जिम्मेवारी पाएको आयोजना मध्ये प्रधानमन्त्री आवास, गोदावरी सम्मेलन केन्द्र र प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालयहरू निर्माण कार्य सम्पन्न भएको र अन्य आयोजना समेत निर्माणको अन्तिम चरणमा रहेको,
- संघीय संसद भवन निर्माण सम्बन्धमा संसदीय समिति, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र शहरी विकास मन्त्रालयबाट हुने निरन्तर अनुगमन तथा निर्देशनले उच्चस्तरीय कार्यान्वयन प्रतिवद्धता र मार्गदर्शन प्राप्त हुने गरेको,

उपरोक्त सकारात्मक प्रयासहरू भएता पनि आयोजना छनौट तथा प्राथमिकीकरण कार्य वस्तुनिष्ठ नहुने, आयोजनाहरू समयमै सुरु नहुने, सुरु भएका कार्यक्रमहरू समेत समयमै सम्पन्न नहुने, कार्यक्रमहरू सम्पन्न हुँदा समय र लागतमा वृद्धिहुँदा आयोजनाबाट अपेक्षाकृत प्रतिफल हासिल गर्न सकिएको छैनन्। सबै कार्यक्रमहरूको म्याद थप गदै जानु परेको र तोकिएको समयमा कुनै कार्यक्रम सम्पन्न हुन नसकेको वास्तविकता र आयोजनाको वढ्दो लागतलाई समेत मध्यनजर गरी कार्यमूलक लेखापरीक्षण गरिएको छ।

सुधार गर्नुपर्ने बेहोरा

९. **विकास आयोजना प्राथमिकीकरणका आधारहरू -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७, को दफा २६ मा योजना आयोगले मन्त्रालय तथा निकायगत रुपमा आयोजनाको वर्गीकरण, प्राथमिकीकरण वा पुनःप्रथामिकीकरण गरी प्राथमिकता निर्धारण गर्ने व्यवस्था छ। सोही बमोजिम विकास आयोजनाहरूलाई प्रथम प्राथमिकता प्राप्त (Priority 1- P1) र द्वितीय प्राथमिकता प्राप्त (Priority 2- P2) वर्गीकरण गर्ने व्यवस्था गरेको छ। प्राथमिकीकरणका आधारमा चालु आवधिक योजनाको आर्थिक वृद्धिको लक्ष्य प्राप्तिमा योगदान पुग्ने, दिगो विकासका लक्ष्य प्राप्तिमा योगदान पुग्ने, सहभागिताको अवस्था, समावेशीकरणमा योगदान, आयोजनाको पूर्व कार्यसम्पादन तथा सम्पन्न हुन लाग्ने समय लगायतका गरी पाँचवटा सामान्य आधार र दुईवटा क्षेत्रगत आधार तय गरिएको छ।

उपरोक्त आधारमा प्राथामिकीकरण गर्दा ७५ प्रतिशत भन्दा बढी अंक हासिल गर्ने आयोजना P1 मा राख्ने र सो भन्दा कम अंक प्राप्त गर्ने P2 मा पर्ने उल्लेख भएपनि राष्ट्रिय आयोजना बैंक सूचना व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी प्रमाणित भईसकेका आयोजना समन्वय कार्यालयबाट संचालित आयोजनाहरू मध्ये ५ आयोजनाहरूको सूचकमा आधारित प्राथमिकीकरण वापत दिएको अंक ७५ प्रतिशत भन्दा न्युन भएपनि P1 मा प्राथामिकीकरण गरी कार्यान्वयन गरिएको छ । यसरी P1 परेका आयोजनामा संघीय मन्त्री आवास निर्माण आयोजनाको ३३.३३ अंक, प्रधानमन्त्री आवास निर्माण ३३.३३, संघीय संसद भवन निर्माण आयोजनाको ४३.७५ अंक, ललितपुर गोदावरी ३०० क्षमताको सभाहल निर्माण आयोजनाको ५४.१६ अंक, प्रदेश प्रमुख र मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय निर्माण आयोजनाको ५६.२५ अंक मात्र भएपनि P1 मा प्राथामिकीकरण गरेको छ।

राज्य संघीय संरचनामा गएको अवस्थामा सम्बन्धित प्रदेशमै मूख्य रुपमा कार्य गर्नुपर्ने मुख्य मन्त्री, प्रदेश प्रमुखहरूका लागि संघीय राजधानीमा कार्यालय स्थापना गर्नुपर्ने स्पष्ट आधारहरू आयोजना प्रस्ताव र छनौट गर्दा खुलाएको देखिदैन भने स्थापित आयोजना प्राथमिकिकरण गर्दा दिईने अंकहरूमा पनि ५६.२५ अंक मात्र हुदाँ पनि P1 मा राखेको अवस्था छ। प्रदेशमा समेत सुविधा सम्पन्न आवास बन्न नसकेको अवस्थामा राजधानी आउँदा सीमित समय उपयोग गर्नेको लागि सरकारी अतिथी गृहको रुपमा बहुतले एक आवासीय भवन निर्माण गर्न विकल्पतर्फ ध्यान दिई लागत मितव्ययीता अपनाएको देखिएन।

१०. **आयोजना छनौट पूर्वको तयारी -** आयोजनाको बहुवर्षिय ठेक्कासम्बन्धी मापदण्ड, २०७७ को बुँदा नं. ६ मा सम्बन्धित मन्त्रालय वा कार्यान्वयन निकायबाट आयोजना छनोट पूर्वको तयारीमा आयोजनाको डेस्क अध्ययन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन प्रतिवेदन, वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षण, खरिद गुरुयोजना तयारी, भूमि अधिग्रहण लगायतको विषय स्वीकृत भई राष्ट्रिय आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीमा सम्पूर्ण विवरण रीतपूर्वक प्रविष्ट गरी प्रमाणित भएको हुनुपर्ने व्यवस्था गरिएको छ। आयोजना छनोट पूर्वका तयारी सम्बन्धमा देखिएका केही उल्लेख्य विषयहरू देहाय बमोजिम छन:

१०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी ऐन, २०७६ को दफा ९ मा बजेट प्रस्ताव र छलफल गर्दा सम्भाव्यता अध्ययन प्रतिवेदन, वातावरणीय अध्ययन, विस्तृत अध्ययन प्रतिवेदन लगायतका आयोजना स्वीकृतसम्बन्धी कागजात पेश गर्नुपर्ने व्यवस्था छ। यस विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट कार्यान्वयन गर्ने गरी भक्तपुरको मध्यपुर ठिमी नगरपालिकामा ५ हजार क्षमताको सभाहल निर्माण गर्न माष्टर प्लान तथा आर्किटेक्चरल डिजाइन, थ्रिडी नक्सा निर्माण लगायत काम सम्पन्न भएकोमा हाल आएर उक्त आयोजना निर्माण कार्य अगाडि नबढाउन बजेट व्यवस्था गरी प्रयास बजेट विनियोजन भएको छैन। आयोजनाको मास्टर प्लान देखि नक्सा तथा थ्रिडी निर्माण सम्मको कार्यमा रु. ६१ लाख ४६ हजार खर्च भएको छ। गोदावरीमा निर्माण सम्पन्न भएको सभाहलको सञ्चालन भएकोमा सोको उपयोग र प्रतिफल विश्लेषण नगरी पुन: नयाँ सभाहल निर्माण कार्य अघि बढाउँदा आयोजनाको पूर्व तयारीका कार्यहरूमा प्रयास ध्यान दिएको देखिएन। आयोजना छनोट तथा स्वीकृत हुनुपूर्व आयोजनाको सम्भाव्यतता अध्ययन, आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलसमेत बिचार गरी आयोजना स्वीकृत हुनुपर्दछ।

१०.२. वातावरणीय अध्ययन प्रतिवेदन: सार्वजनिक खरिद नियमावली, २०६४ (छैठौं संशोधन) को नियम ६(३) मा सार्वजनिक कानून बमोजिम गर्नुपर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई वोलपत्र आव्हान गर्न नहुने व्यवस्था गरेको, त्यसैगरी उपदफा ४ ले उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै विशेष परियोजना कार्यान्वयन गर्नेगरि नेपाल सरकार मन्त्रिपरिषबाट निर्णय भएमा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत हुन बाँकी रहेको अवस्थामा बोलपत्र आव्हान गर्न बाधा नपर्ने उल्लेख भएको छ। आयोजना समन्वय कार्यालयले देहायका आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त नहुँदै निर्माण कार्य सुरु गरेकोमा अध्ययन प्रतिवेदन ढिलागरी पेश भएको देखिन्छ । यससम्बन्धी थप व्यहोरा देहाय बमोजिम छन् ।

कार्यक्रमको नाम	ई.आइ.ए.को लागि सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	प्रतिवेदन प्राप्त मिति
संघीय संसद भवन निर्माण	२०७५।१०।१८	२०७८ जेष्ठ	२०८०।७।२
मन्त्री निवास तथा प्रदेश प्रमुखको लागि सम्पर्क कार्यालय निर्माण	२०७५।११।१३	२०७७ चैत्र	२०७८।१२।१
ललितपुर गोदावरीमा ३००० सिट क्षमताको सभाहल निर्माण	२०७६।९।२२	२०७७ मंसीर	२०८०।३।१७

वातावरण संरक्षण ऐन, २०७६ को दफा १० ले वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएपछि आयोजनाले प्रस्ताव कार्यान्वयन गर्नु पूर्व वातावरणीय व्यवस्थापन योजना तयार गरी वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरूमध्ये कुन-कुन उपायहरू आयोजनाको सुरुवातमा, कार्यान्वयनको तत्काल अवस्थामा तथा आयोजना सम्पन्न भएपछि अवलम्बन गर्ने हो सो समेत उल्लेख गरी कार्ययोजना बनाई कार्यान्वयन गनुपर्ने व्यवस्था गरेको छ। उपरोक्त आयोजनाहरूको वातावरणीय अध्ययन कार्यका लागि सम्झौता भएकोमा प्रतिवेदन पेश भई स्वीकृत हुँदा ३ हजार सिट क्षमताको गोदावरी सभाहल सम्पन्न भएपछि, प्रदेश प्रमुख तथा मूख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय र संघीय मन्त्री आवास निर्माण सम्झौता भएको ३ वर्ष पछि र संघीय संसद भवन निर्माण सम्झौता भएको करिब ४ वर्ष ९ महिना पछि प्रतिवेदन स्वीकृत भई प्राप्त भएका छन्। समयमै वातावरणीय प्रभाव अध्ययनको कार्य सम्पन्न नहुँदा प्रतिवेदनमा उल्लेखित निर्माण चरणमा कार्यान्वयन गर्नुपर्ने व्यहोराहरू कार्यान्वयन नहुने अवस्था देखिन्छ। उपरोक्त व्यहोरामा कार्यालयले प्रतिवेदन स्वीकृत नभएपनि परामर्शदाताबाट पहिचान गरिएका वातावरणीय प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गरिएको जवाफ पेश गरेको छ ।

१०.३ त्यसैगरी संघीय मन्त्री निवास निर्माणका चरणमा रातिको समयमा निर्माण समाग्री ढुवानी गर्दा ध्वनी प्रदुषण भएको तथा वस्तिको बाटो विग्रेको भनी आवासीय क्षेत्रमा वासिन्दाले पटक पटक अवरोध गरेकोले आयोजना सम्पन्न हुनुपर्ने समय लम्बिएको म्याद थपका अभिलेखहरूमा उल्लेख छ। तर वातावरणी प्रभाव अध्ययन प्रतिवेदनको वातावरणीय प्रतिकुलता न्युनीकरण उपाय अन्तरर्गत ध्वनी प्रदुषण कम गर्न रातीको समयमा निर्माण कार्यगर्न प्रतिवन्ध लगाउने उल्लेख छ। यसरी प्रभाव मूल्याङ्कन प्रतिवेदनमा भएका विषय र ठेक्का कार्यान्वयनसम्बन्धी निर्णयहरू एक अर्कामा मिलेको देखिदैन। तर आयोजना कार्यालयले भने सरकारको नियम अनुसार निर्माण सामग्री ढुवानी गर्ने साधन राती ९ बजे पछिमात्र खुल्ने भएकोले रातिको समयमा ढुवानी गर्नुपरेको जवाफ पेश गरेको छ ।

१०.४ संघीय संसद भवनको वातावरणीय अध्ययन प्रतिवेदनले सुझाएका प्रतिकूल प्रभाव न्यूनीकरण उपायहरूमा फोहरमैला व्यवस्थापनको लागि प्रकृति अनुसार अलग अलग फोहर राख्ने भाडामा छुट्टाउने, प्रस्तावकले कटान गरिने ४०० रुखको सट्टामा १:१० अनुपातमा वृक्षारोपण गर्नुपर्ने लगायतका सुझावहरू निर्माण चरणमै कार्यान्वयन गर्नुपर्ने उल्लेख भएपनि उपरोक्त सुझावहरू कार्यान्वयन भएको छैन। त्यसैगरी चण्डिदल गण भवन निर्माण कार्यक्रमको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा समेत उल्लेखित उपरोक्त सुझाव कार्यान्वयन भएको देखिएन।

१०.५ वातावरणीय प्रभाव न्यूनीकरणको लागि भनी ठेक्का सम्झौता गर्दा ठेकदार कम्पनीले प्रारम्भिक वातावरणीय मूल्याङ्कन / वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको सुझाव कार्यान्वयनमा खर्च गर्नेगरी बिल भरपाई मार्फत भुक्तानी लिन प्रोभिजनसमका निश्चित रकम व्यवस्था गरिएको हुन्छ। सोही बमोजिम संघीय संसद भवन निर्माणमा सम्झौतामा रु.१ करोड, संघीय मन्त्रि आवास निर्माण (पहिलो फेज) सम्झौतामा रु.३० लाख, संघीय मन्त्री आवास निर्माण (दोस्रो फेज) सम्झौतामा रु. ५० लाख, प्रदेश प्रमुख / मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालय निर्माण सम्झौतामा रु.३० लाख, चण्डीदल भवन निर्माण सम्झौतामा रु. ५५ लाख खर्च गर्न सक्ने उल्लेख गरिएको छ। उपरोक्त आयोजनाहरू सम्पन्न तथा निर्माणको अन्तिम चरणमा पुगदा समेत वातावरणीय प्रभाव न्यूनीकरणसम्बन्धी कुनै गतिविधी सञ्चालन तथा तोकिएको रकम खर्च गरेको देखिएन। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेखित निर्माण चरणमा कार्यान्वयन गर्नुपर्ने सुझावहरू कार्यान्वयन गराउन आयोजना कार्यालयले ध्यान दिनुपर्दछ। उपरोक्त विषयमा आयोजना कार्यालयले धुलो उडने बाटोमा पानी छर्ने, सेफ्टी ट्याङ्की निर्माण गर्ने लगायतका प्रदुषण रोक्ने उपायहरु गरिएको जवाफ दिएको छ।

११. **निर्माण स्थलको तयारी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्थापन नभई खरिद कार्य सुरु गर्न नहुने उल्लेख छ। छनौट भएका आयोजना कार्यान्वयन गर्नु पूर्व जग्गा अधिग्रहण गर्ने, आयोजना निर्माण स्थलमा रहेको संरचना हटाउने लगायतका कार्यहरू सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् :

११.१ संघीय संसद भवन निर्माणको लागि मिति २०७६।०६।१६ मा सम्झौता भएकोमा सुरुवातमा २५ प्रतिशत मात्र साइट उपलब्ध भएको र सुरु कार्य तालिकाको ४१.७४ प्रतिशत समय व्यतित हुँदा मात्र ९९ प्रतिशत साईट उपलब्ध भएको, विद्युतीय ट्रान्सफर्मर नसारेको, रिटेनिङ्ग वालको परिवर्तीत डिजाइन समयमै स्वीकृत नभएको र ठेक्का कार्यान्वयनसम्बन्धी आवश्यक निर्णय र निर्देशन सम्बन्धमा समयमा निर्णय नगरेको समेतलाई तालिका अनुसार काम नहुनुका कारणहरु उल्लेख गरेको छ। त्यसैगरी सम्झौता भएको ३.५ महिना पछि समन्वय कार्यालयले आयोजना स्थलमा रहेका गण, गुल्म र शहरी उद्यान विकास शाखालाई सार्न आवश्यक पहल गरिदिन शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गरेको छ।

११.२ आयोजनाको भैंसेपाटी मन्त्री निवास निर्माणको लागि छुट्टाएको जग्गा मध्ये दक्षिण पश्चिम भागमा स्थानीय सँग जोडिएको बाटो हाल ५ मिटर रहेकोमा एकतर्फी आयोजना तर्फ विस्तार गरी ११ मिटर पुर्याउनुपर्ने माग राखी स्थानीयले अवरोध गर्ने गरेको कारण उक्त निर्माण कार्यको विवादित क्षेत्रमा घेरावार पर्खाल लगायतका कार्यहरू हुन सकेको छैन। त्यसैगरी मन्त्री तथा मूख्यमन्त्री सम्पर्क निवास निर्माण क्षेत्रमा रहेको मन्दिर संरक्षणको विषय र उक्त मन्दिर परिसरको जग्गा आयोजना बाहिर राख्नुपर्ने स्थानीयको माग रहेकोले उक्त मन्दिर परिसर सँग जोडिएको क्षेत्रमा पर्खाल लगायतका निर्माण कार्य हुन सकेको छैन। यसरी निर्माण कार्य सुरु हुनु अगाडि नै आयोजना क्षेत्रमा देखिएका विवाद र समस्याहरू समाधान गरी निर्वाध रुपमा कार्य सुचारु गर्न साईट तयारीको कार्यमा विशेष ध्यान दिनुपर्दछ। उपरोक्त विषयमा सडकको दुबै तर्फ जग्गा छोडी बाटो विस्तार गर्न पहल गरिएकोमा सहमती हुन नसकेकोले विवाद कायम रहेको कार्यालयको जवाफ रहेको छ ।

१२. **आयोजनाको वार्षिक बजेट तथा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहतका कार्यालयको लागि स्वीकृत बजेट लक्ष्य अनुरुप खर्च नभएमा त्यसको जिम्मेवारी लेखा उत्तरदायी अधिकृतको हुने उल्लेख छ। त्यसैगरी स्वीकृत बजेट तथा कार्यक्रमको अधिनमा रही बजेट कार्यान्वयन गर्ने कर्तव्य र जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी र मातहतका जिम्मेवार व्यक्तिको हुनेछ भनी उल्लेख छ। कर्यालयको स्थापना देखि आ.व. २०७९।८० सम्मको विनियोजित बजेटको तुलनामा खर्च गरेको रकम देहायको तालिकामा उल्लेख छः

विनियोजन तथा खर्चको विवरण

(रु.लाखमा)

आर्थिक वर्ष	विनियोजित बजेट	निकासा र खर्च	प्रतिशत
२०७६/७७	२८४९००७	२०४३२८९	७१.७१%
२०७७/७८	२९१४३१६	२६०८९१७	८९.५२%
२०७८/७९	२०५०३०२	१५१९०२४	७४.०८%
२०७९/८०	२८७००२८	१७१५४७७	५९.७७%

उपरोक्त तालिकाबाट आयोजनाले आ.व. २०७७/७८ मा विनियोजित बजेटको ८९.५२% खर्च गरेको छ भने आर्थिक वर्ष २०७९/८० मा आयोजनाको निकासा खर्च ६०% भन्दा कम

रहेको छ। आयोजनाको वार्षिक लक्ष्य हासिल गर्ने प्यारामिटरहरू मध्ये वार्षिक खर्च गर्ने क्षमता पनि एक रहेको तथा आयोजनाले सो अनुसार विनियोजित बजेटको उपयोग गर्न सकेको छैन।

१२.२ **आयोजनामा कार्यरत जनशक्ति र प्रशासनिक खर्चः** कुनै पनि आयोजनाबाट अपेक्षित उपलब्धि हासिल गर्नका लागि आयोजनाको स्वीकृत दरबन्दीअनुसार कर्मचारीको पदपूर्ति गर्नुपर्ने हुन्छ। आयोजनामा स्थायी , करार तथा ज्यालादारी गरी तीन प्रकारका कर्मचारीहरू कार्यरत छन। आयोजनाको स्थापना काल देखी यस २०७९।८० को असार मसान्तसम्म कुल खर्च र स्थायी, करार तथा ज्यालादारी शीर्षकमा देहाय बमोजिम खर्च गरेको छ।

कर्मचारी खर्चको विवरण

(रु.हजारमा)

आर्थिक वर्ष	कुल खर्च	स्थायी	करार	ज्यालादारी	जम्मा
२०७६।७७	२०४३२८९	-	२७१४	४१५६	६८७१
२०७७।७८	२६०८९१७	७७८७	३३८५	१२६२०	२३७९२
२०७८।७९	१५१९०२४	७६८५	५०५७	१६१२९	२८८७१
२०७९।८०	१७१५४७७	१०३१९	६१५१	१५९६७	३२४३७

आयोजनाले २०७६।७७ मा रु.६८ लाख ७१ हजार करार तथा ज्यालादारी कर्मचारीको लागि खर्च गरेको छ भने २०७९।८० सम्म आउँदा स्थायी, करार र ज्यालादारी कर्मचारीको लागि रु.३ करोड २४ लाख ३७ हजार खर्च भएको छ। पहिलो दुई वर्षको कुल बजेट खर्च बढेकोमा सोको तुलनामा पछिल्लो दुई वर्षमा कुल बजेट घटेको देखिन्छ। त्यसैगरी माथि विनियोजन तथा खर्चको तालिकामा उल्लेख भए अनुसार आयोजनाको कुल बजेटको तुलनामा पछिल्लो आर्थिक वर्षमा ६० प्रतिशत भन्दा कम खर्च भएकोमा करार तथा ज्यालादारी कर्मचारीको खर्च बढेको देखिएकोले बजेट खर्च, कार्य चाप र आवश्यक जनशक्तिको विश्लेषण गरी आयोजनाको लागि दरबन्दी स्वीकृत भएको देखिएन। आयोजना सञ्चालन गर्दा मितव्ययीता कायम हुने गरी जनशक्ति परिचालन हुनुपर्दछ ।उपरोक्त विषयमा प्रयाप्त जनशक्ति परिचालन नगरी गुणस्तर सुनिश्चितता कायम गर्न कठिनाई हुनेहुँदा जनशक्ति बढाउनु परेको जवाफ दिएको छ।

१३. **कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा कार्यालयले वार्षिक कार्यक्रममा स्वीकृत लक्ष्य अनुरुप प्रगति हासिल गर्नुपर्दछ। विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय अन्तर्गत सञ्चालनमा रहेका कार्यक्रमहरूको सुरु देखि आ.व. २०७९।८० को अन्त सम्म भौतिक तथा वित्तीय प्रगती देहाय बमोजिम रहेको छः

क्र. स.	आयोजनाको नाम	२०७९।८० सम्मको लक्ष्य		२०७९।८० सम्मको प्रगति	
		भौतिक	वित्तीय	भौतिक	वित्तीय
१	संघीय संसद भवनको निर्माण कार्य	६६	७०	६६	६४.६८
२	सैंबु भैंसेपाटीमा मन्त्री आवास निर्माण	१००	१००	९२	६७
३	प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालय निर्माण	१००	१००	९५	८३.५३
४	भैसेपाटी स्थित मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्य	६०	७०	५०	३९.८०
५	चण्डीदल गणका लागि भवन निर्माण गर्ने,सिंहदरबार	७०	८०	६६	८०
८	संघीय संसद भवनको Interior, Conferencing तथा Security System जडान गर्ने कार्य ।	१०	१०	५	९
९	संघीय मन्त्री क्वाटरका लागि इन्टेरियर गर्ने कार्यको र फर्निसिङ्गसम्बन्धी मालसमान खरिद कार्य ।	७०	७०	४५	४१

१०	प्रदेश प्रमुख/मुख्य मन्त्रीको सम्पर्क कार्यालयको भवन निर्माणका लागि इन्टेरियर गर्ने कार्य र फर्निसिङ्गसम्बन्धी मालसमान खरिद कार्य ।	१००	१००	४५	३१.८३
११	सिंहदरबार परिसर सुरक्षा परिषद्को लागि चमेना गृह निर्माण कार्य ।	६०	६०	४५	५०.०३

उपरोक्त तालिका अनुसार आयोजना समन्वय कार्यालयबाट संचालित कार्यक्रममध्ये आर्थिक वर्ष २०७९।८० आषाढ सम्मको कार्यप्रगति हेर्दा दुई वटा ठेक्काको मात्र भौतिक प्रगति शत प्रतिशत पुगेको छ। संघीय भवन निर्माणतर्फ आर्थिक वर्ष २०७९।८० सम्ममा लक्ष्य अनुरुप भौतिक प्रगति देखिएपनि आयोजनाको म्याद ३ पटक सम्म थप भएको छ। त्यसैगरी उपरोक्त ११ आयोजना मध्ये ५ ओटा आयोजनाको प्रगति ५० प्रतिशत भन्दा न्युन रहेको देखिन्छ। उक्त आर्थिक वर्षको अन्तसम्ममा सत प्रतिशत लक्ष्य हासिल हुनुपर्ने संघीय मन्त्री निवास कार्यालय, प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालयको निर्माण कार्य, सो आयोजनाको इन्टेरियर गर्ने कार्य र फर्निसिङ्गसम्बन्धी मालसमान खरिद कार्यको शत प्रतिशत लक्ष्य हासिल हुनुपर्नेमा निर्माण तर्फ ९० प्रतिशत प्रगति भएपनि इन्टेरियर तर्फ ४५ प्रतिशत प्रगति मात्र भएको देखिन्छ।

निर्माण कार्यतालिका पूर्ण पालना गर्न गराउन (कार्यालय तथा निर्माण व्यवसायी) दुवै पक्ष जिम्मेवार भई लक्ष्य अनुरुपको प्रगति हासिल गर्नतर्फ ध्यान दिनु पर्दछ ।

१४. **खरिद कार्यमा प्रतिष्पर्धा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९(१) र नियमावली २०६४ को नियम १४६(२) मा बोलपत्रमा पर्याप्त प्रतिस्पर्धा गराउन विद्युतीय सञ्चार माध्यम (e-Bidding) बाट बोलपत्र आह्वान गर्न सकिने व्यवस्था रहेको छ। त्यसैगरी सोही ऐनको दफा २६(६) मा कुनै बोलपत्रदाताले आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको हुन सक्ने सम्भावना तर्फ समेत मध्यनजर गर्दै मिलेमतो भएको पुष्टि भएमा ऐनको प्रावधान अनुरुप बोलपत्र रद्द गर्न सकिने प्रावधान समेत रहेको छ। समन्वय कार्यालयबाट प्राप्त विवरण अनुसार २०७६।७७ देखि २०७९।८० सम्म सम्झौता गरिएका देहाय बमोजिमका १४ ठेक्काको खरिद सम्झौता गर्दा लागत अनुमानको १ प्रतिशत भन्दा कम घटेर ३ ठेक्का, १ देखि ५ प्रतिशत सम्म घटेर २ ठेक्का र २० देखि करिब ४० प्रतिशत सम्म घटेर ८ वटा ठेक्का सम्झौता भएको देखिन्छ ।

आर्थिक वर्ष	आयोजनाको नाम(ठेक्का विवरण)	लागत अनुमान (VAT सहित)	सम्झौता रकम (VAT सहित)	घटी प्रतिशत
२०७६/७७	सैवु आवास क्षेत्रको जग्गामा मास्टर प्लान अनुसारको मन्त्री आवास निर्माण गर्ने	१६०३३६९	१०३४६८२	३५.४७
२०७६/७७	प्रदेश प्रमुख/ मुख्य मन्त्रीको आवास तथा सम्पर्क कार्यालयको भवन निर्माण गर्ने	९७११२५	७३३८३५	२४.४३
२०७६/७७	काठमाडौं वालुवाटारमा सम्माननीय प्रधानमन्त्रीज्यूका लागि आवास भवन निर्माण	४७४८७२	३३८०८२	२८.८१
२०७६/७८	गोदावरीमा तिन हजार क्षमताको सभाहल निर्माण	८२१४२३	६८८१६५	१९.८८
२०७७/७८	भैंसीपाटी स्थित मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्य	६२४४३६	४०१३६७	३५.७२
२०७८/७९	प्रधानमन्त्री सरकारी आवास भवन अन्तर्गत पब्लिक भवनको इन्टेरियर गर्ने कार्य ।	४३६४१	४३१०९	१.२२
२०७८/७९	चण्डीदल गणका लागि भवन निर्माण गर्ने,सिंहदरबार	७६००२८	७५८८८९	०.१५
२०७६/७७	संघीय संसद भवन निर्माण गर्ने कार्य	७७३५१७८	५६७२७६२	२६.६६
२०७८/७९	सुरक्षा परिषद्को लागि चमेना गृह तथा डर्मेटरी निर्माण कार्य ।	१८१०३	११७७७	३४.९४
२०७९/८०	संघीय संसद भवनको Interior, Conferencing तथा Security System जडान गर्ने कार्य ।	२३५५३७०	२३४५४९१	०.४२

२०७९/८०	संघीय मन्त्री क्वाटरका लागि इन्टेरियर गर्ने कार्यको र फर्निसिङ्गसम्बन्धी मालसमान खरिद कार्य ।	२८९२१२	२८७७४८	०.५१
२०७८/७९	प्रदेश प्रमुख/मुख्यमन्त्रीको सम्पर्क कार्यालयको भवन निर्माणका लागि इन्टेरियर गर्ने कार्य र फर्निसिङ्गसम्बन्धी मालसमान खरिद कार्य ।	१७६७६३	१३३७६६	२४.३२
२०७८/७९	प्रधानमन्त्री सरकारी आवास अन्तर्गत पब्लिक भवनको इन्टेरियर कार्यको लागि फर्निचर तथा फर्निसिङ्गसम्बन्धी मालसमान खरिद कार्य	४०२६५	३९३२४	२.३४
२०७७/७८	EWES-DIGICON-ENGAR JV) संघीय संसद भवन निर्माण कार्यको सुपरभिजन गर्ने कार्यको लागि परामर्श सेवा खरिद ।	४८२८५	२९१८८	३९.५५

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ६५ मा निर्माण कार्यको बोलपत्र मूल्याङ्कन गर्दा मूल्याङ्कन समितिले निर्माणकार्यको कार्य योजना, कार्यसम्पादन तालिका र परिचालन समय बोलपत्रसम्बन्धी कागजात उल्लेख भए अनुसार भए नभएको, बोलपत्र दाताको बील अफ क्वान्टिटीमा संलग्न आईटमको लागि उल्लेख गरेको प्रति एकाइ दर विश्वसनीय भए नभएको, प्रारम्भिक चरणमा गर्नुपर्ने कामको आइटमको लागि अस्वभाविक उच्च दर उल्लेख गरे नगरेको समेत मूल्याङ्कन समितिले जाँच गर्नुपर्ने व्यवस्था छ। उपरोक्त बमोजिम न्युन कबोल अङ्क उल्लेख भएको, फ्रन्ट लोडिङ भएको वा अन्य कुनै आइटममा अस्वभाविक उच्च दर उल्लेख गरेको कारण कबोल अङ्क असन्तुलित भएको अवस्थामा त्यस्तो बोलपत्रदाता सँग दर विश्लेषण सहितको स्पष्टीकरण माग गर्नुपर्ने व्यवस्था छ। उपरोक्त बमोजिम उच्च दरमा घटी कबोल गरेका निर्माण व्यवसायी सँग दर विश्लेषणको स्पष्टीकरण माग गरी फन्ट लोडिङ भए नभएको सम्बन्धमा विश्लेषण गरेको देखिएन। उपरोक्त ठेक्काहरु मध्ये आर्थिक वर्ष २०७७।७८ पछि सम्झौता भएका ठेक्काहरुमा दर विश्लेषणको स्पष्टीकरण माग गरिएको कार्यालयको जवाफ रहेको छ।

१५. **म्याद थप -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २६ तथा नियमावली, २०६४ को नियम १२०(१) मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ। विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट संचालित आयोजनाहरू मध्ये देहायका आयोजनाहरूको ५० प्रतिशत भन्दा बढी अवधि म्याद थप भएको छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

क्र. सं.	आयोजनाको नाम	सुरु सम्झौता मिति	सुरु सम्झौता अनुसार सम्पन्न गर्नु पर्ने मिति	हालसम्मको म्यादथप मिति	अवधी महिनामा	पटक
१	संघीय संसद भवन निर्माण	२०७६।६।१६	२०७९।६।१५	२०८०।१२।१९	१८	३
२	संघीय मन्त्री आवास निर्माण	२०७६।७।२७	२०७८।७।२६	२०८०।०१।२६	१८	३
३	संघीय मन्त्री आवास दोस्रो चरणको निर्माण	२०७८।११।१	२०८०।०४।३२	२०८०।१०।२९	६	१
४	प्रदेश प्रमुख/मुख्य मन्त्रीको आवास तथा सम्पर्क कार्यालयको भवन निर्माण	२०७६।०६।२७	२०७८।०६।२६	२०७९।१२।२४	१८	३
५	प्रधानमन्त्रीको सरकारी आवास भवन निर्माण	२०७६।५।१२	२०७८।५।११	२०७९।०६।१४	१४	३
६	प्रमुख/मुख्य मन्त्रीको सम्पर्क कार्यालयको भवनको लागि इन्टेरियर खरिद कार्य ।	२०७९।०३।२३	२०७९।०९।२२	२०८०।०७।२०	१०	४
७	संघीय संसद भवन निर्माण कार्यको सुपरभिजन गर्ने कार्यको लागि परामर्श सेवा खरिद ।	२०७७।०५।१६	२०७९।०६।१५	२०८०/११२/३०	१८	३

१५.१ संघीय संसद भवन निर्माण कार्यको सुरु सम्झौता अनुसार तीन वर्षभित्र सम्पूर्ण कार्य सम्पन्न गरि सक्नु पर्ने व्यवस्था भएता पनि कार्यालयले पटक पटक गरी १८ महिना म्याद थप गरेको छ। यसरी म्याद थप गर्नु पर्ने मुख्य कारणहरू साईट उपलब्ध हुन ढिलाई, कोभिड माहामारी, विभिन्न विषयगत संसदीय समितीको निर्देशन अनुसार डिजाइनमा परिवर्तन तथा थपकार्य गर्नुपरेको, वर्षात, आम निर्वाचन आदि रहेको उल्लेख छ। यसरी १८ महिनाको म्याद थप हुँदा समेत

कार्यक्रमको भौतिक प्रगति दुई तिहाई मात्र भएको तथा एक तिहाई कार्य सम्पन्न गर्न अझै बाँकी रहेको छ। थपिएको म्यादमा पनि आयोजनाले आवश्यक मात्रामा कामदार परिचालन नगर्दा तथा दुई सिफ्टमा काम गर्नुपर्नेमा सो नगरेको कारण तोकिएको समयमा कार्य सम्पन्न हुन सकेको छैन्।

१५.२ संघीय मन्त्री आवास निर्माण कार्यक्रमको सम्झौता अनुसार सुरु म्याद दुई वर्ष कायम गरिएको थियो। आयोजनाले पटक पटक गरी २१ महिना म्याद थप गरेको छ। यसरी थप गरिएको म्याद समाप्त भैसक्दा पनि ८ प्रतिशत निर्माण कार्य बाँकी रहेको छ। यस कार्यक्रमको म्याद थप गर्नुपर्ने मुख्य कारणहरू सडक विवाद तथा रातीको समयमा कार्य सञ्चालन गर्दा स्थानीयको अवरोध, साईट प्राप्त गर्न लागेको अधिक समय तथा ढल निकास नभएकोले साईटमा पानी जम्मा हुने गरेको लगायत छन। हाल यस निर्माण कार्यको म्याद थप भएको छैन तथा निर्माण व्यवसायीबाट कार्य सञ्चालनरत रहेको अवस्था छ। यसै परिसर भित्र निर्माण भैरहेको दोस्रो चरणको निर्माणकार्यको सुरु म्याद दुई वर्ष समाप्त भएकोमा ६ महिना थप गरिएको छ भने हालसम्म भौतिक प्रगति ५० प्रतिशत रहेको छ।

विशेष भवनहरू निर्माण कार्य तोकिएको समयमा सम्पन्न गर्ने गरी आयोजना समन्वय कार्यालयलाई जिम्मेवारी तोकिए पनि आयोजनाहरू समयमै सम्पन्न नभई म्याद थप गर्नुपरेको अवस्था छ। म्याद थपका कतिपय कारणहरू पूर्व अनुमान गर्न सकिने छन् भने कतिपय विषयहरू व्यवस्थापकीय निर्णयबाट समाधान गर्न सकिने प्रकृतिका छन्। कोभिड महामारीको अवधीमा बाहेक अन्य परिस्थिति काबु बाहिरको परिस्थिति मान्न सकिने प्रयाप्त कारणहरू देखिदैन। यसरी समयमा काम सम्पन्न नहुँदा आयोजनाको लागत बढने, तोकिएको समयमा पूर्वाधार (भवन लगायत) उपलब्ध नहुने र सोको लागि वैकल्पिक व्यवस्था गर्दा थप लागत पर्ने जाने देखिन्छ। कार्यालयले तोकिएको समयमा कार्य सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने तथा निर्माण स्थलमा हुने अवरोध समाधान गरी आवश्यक समन्वय गर्नतर्फ ध्यान दिनुपर्छ ।

१६. **भेरिएसन -** कार्यालयले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ को उपनियम (१)बमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयन क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा निर्माण कार्यको भेरिएशन आदेश जारी गर्दा निर्माण कार्यको आधारभूत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने विवरण खुलाई भेरिएशन आदेश स्वीकृत गर्नुपर्न व्यवस्था छ । समन्वय कार्यालयबाट संचालित आयोजनाको देहाय बमोजिम कुल लागतको ५ प्रतिशत देखि १५ प्रतिशत सम्म भेरिएशन आदेश स्वीकृत गरिएको छ। भेरिएशनका सम्बन्धमा थप व्यहोरा देहाय बमोजिम छन्।

(रु.हजारमा)

क्र. स.	आयोजनाको नाम	सुरु सम्झौता लागत	भेरिएशन पछिको लागत	भेरिएशन प्रतिशत
१	ललितपुर भैंसीपाटी स्थित सैंवु आवास क्षेत्रमा मन्त्री आवास निर्माण गर्ने	१०३४६८२	११८९८०३	१४.९९
२	काठमाडौं वालुवाटारमा सम्माननीय प्रधानमन्त्रीज्यूका लागि आवास भवन निर्माण	३३८०८२	३७९८९९	१२.३६
३	प्रदेश प्रमुख/ मुख्य मन्त्रीको आवास तथा सम्पर्क कार्यालयको भवन निर्माण गर्ने	७३३८३५	७९१९२९	७.९२
४	काठमाडौं सिंहदरवारमा संघीय संसद भवन निर्माण	५६७२७६१	६०७०६८६	७.०१
५	चण्डीदल गणका लागि भवन निर्माण कार्य ,सिंहदरबार	७५८८८९	८०२२०५	५.६९

१६.१ **संघीय मन्त्री आवास निर्माण** कार्यको लागि सुरु सम्झौता रु.१ अर्ब ३ करोड ४६ लाख ८२ हजार रहेकोमा दोस्रो पटक भेरिएशन गर्दा कुल लागतको करिब १५ प्रतिशत वृद्धि भएको देखिन्छ।

डाँची इट्टा र सुरक्षा प्रणाली जडानको काम थप भएको तथा परम्परागत बुट्टेदार इट्टा, टायलको छाना, ग्रेनाइट, वाटर प्रुफ्रिङ लगायत कामको परिमाण थप भएकोले भेरिएशन गरिएको उल्लेख छ।

१६.२ **प्रधानमन्त्री आवास निर्माण** कार्यको लागि शुरू सम्झौता रु. ३३ करोड ८० लाख ८२ हजार रहेकोमा २०७९।०६।०२ मा तेस्रो पटक भेरिएशन गर्दा कुल लागत सुरु सम्झौतामा १२.३७ प्रतिशत वृद्धिहुन गई रु.३७ करोड ९८ लाख ९९ हजार हुन गएको छ। भेरिएशन आदेश जारी गर्नुपर्नाको कारणहरूमा सिभिल आईटम अन्तर्गत काठको परिमाण थपिएको, परम्परागत शैलीको लागि स्टोन कोटिङ्ग, छानामा टाइल्सको प्रयोग गर्नुपर्ने, फल्स सिलिङ्ग, पियू कोट लागाउनुपर्ने साथै इलेक्ट्रिकल र सेनेटरी समानहरू थप गर्नपर्ने भएकोले भेरिएशन गर्नुपरेको उल्लेख छ। यसरी लागत अनुमानकै क्रममा समावेश गर्नुपर्ने आधारभूत कामहरूमा समेत पटक पटक भेरिएशन गर्नुपरेको अवस्था देखिन्छ।

१६.३ **प्रदेश प्रमुख/ मूख्यमन्त्रीको आवास तथा सम्पर्क कार्यालयको भवन निर्माण** कार्यको लागि सुरु सम्झौता रु.७३ करोड ३८ लाख ३५ हजार रहेकोमा भेरिएशन पछि कुल लागत सुरु सम्झौतामा ७.९२ प्रतिशत वृद्धिहुन गई रु.७९ करोड १९ लाख २९ हजार हुन गएको छ। भेरिएशन आदेश जारी गर्नुपर्नाको कारणहरूमा सेक्युरिटी प्रणाली थप भएको, ग्रेनाइटको काम बढेको, टेराकोटा रुफिङ्ग र फ्लोर टाइल्सको काम बढेको, चुन सुर्खी र सिलिकन पेन्टसको कार्य बढेको कारण भेरिएशन गर्नुपरेको उल्लेख छ ।

१६.४ **संघीय संसद भवन निर्माण** कार्यको लागि सुरु सम्झौता रु.५ अर्ब ६७ करोड २७ लाख ६१ हजार रहेकोमा भेरिएशन पछि कुल लागत सुरु सम्झौतामा ७.०१ प्रतिशत वृद्धिहुन गई रु.६ अर्ब ७ करोड ६ लाख ८६ हजार हुन गएको छ। भेरिएशन आदेश जारी गर्नुपर्नाको कारणहरूमा ल्याब सञ्चालन, सुरक्षित जाली जडान, वाटर वास वोरिङ्ग, विद्युतिय ट्रकिङ लगायतका काम र परिमाणमा थप भएकोले भेरिएशन गर्नुपरेको उल्लेख छ ।

१६.५ **चण्डिदल गण भवन निर्माण** कार्यको लागि सुरु सम्झौता रु. ७५ करोड ८८ लाख ८४ हजार रहेकोमा भेरिएशन पछि कुल लागत सुरु सम्झौतामा ५.६९ प्रतिशत वृद्धिहुन गई रु. ८० करोड २२ लाख ५ हजार हुन गएको छ। उक्त्त भेरिएशन आदेश जारी गर्नुपर्नको कारणहरूमा माटो खन्ने कामको परिणाम बढेको, साईटमा घेराबार लगाउने काम थप भएको, सिलिका मिकस्चर लगाउने कार्यको परिमाण थप गरिएको, डण्डी कार्यको परिणाम नयाँ भवन संहिता कोड अनुसारको डिजाइन गर्दा बढी हुन आएको लगायतका कारण जनाई भेरिएशनको निर्णय गरिएको छ ।

उपरोक्त बमोजिमका व्यहोराहरूबाट आयोजनाले भेरिएशन गरेको धेरै विषयहरू पूर्वानुमान गर्न सकिने र सुरु लागतमा समावेश हुनुपर्ने आधारभूत क्रियाकलापहरू समेत रहेका छन्। तसर्थ लागत अनुमान तयार गर्दा विस्तृत परियोजना प्रतिवेदनले समेटेका विषयहरूलाई ध्यान दिई लागत अनुमान तयार गर्नुपर्ने देखिन्छ।

१७. **मूल्य समायोजन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा खरिद सम्झौतामा मूल्य समायोजनसम्बन्धी व्यवस्था रहेको छ। नियमावलीको नियम ११९(१)(ख) अनुसार सार्वजनिक निकायले खरिद सम्झौतामा मूल्य समायोजन गर्ने सुत्र निर्धारण गर्दा सम्पन्न भएको काममा लागेको श्रम, सामग्री र उपकरणहरूको मात्र मूल्य समायोजना हुनेगरी सुत्र निर्धारण गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

१७.१ निर्माण कार्यमा मूल्य समायोजन दिने प्रयोजनको लागि सूचकांङ्क बिवरणमा ०.१५ प्रतिशत समायोजन गर्न नमिल्ने राखि श्रमिक, सामग्री र उपकरणलाई भार दिएर ०.८५ प्रतिशत कायम गरेको व्यहोरा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको बोलपत्रको नमुनाको दफा ५३.१ मा रहेको छ। यसका लागि भार दिँदा सडक विभाग, शहरी विकास विभाग, सिँचाइ विभाग, खानेपानी विभाग लगायतमा फरक-फरक देखिएको छ। निर्मित संरचनामा प्रयोग हुने उपकरणले यसको भारमा सामान्य फरक ल्याउँछ अन्यथा ज्यालामा ३० प्रतिशत, निर्माण समाग्रीमा ४० प्रतिशत र उपकरणमा १५ प्रतिशत सम्म गणना गर्नेगरी भार दिने, कामको वास्तविक अवस्थाबाट निर्माण व्यवसायीले आवश्यकता अनुसार पुष्टाई सहित भार परिवर्तन गर्ने अन्तराष्ट्रिय असल अभ्यास रहेको छ। आयोजनाले निर्माण सम्झौता गरेका संघीय संसद संघीय मन्त्री निवास, प्रधानमन्त्री निवास निर्माणसम्बन्धी ठेक्काहरूमा १३ प्रतिशत ज्याला, ६९ प्रतिशत सामाग्री र ३ प्रतिशत उपकरणमा भार दिएको देखिन्छ । यसरी अन्य कार्यालय तथा अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा सन्तुलित भार दिएर मूल्य समायोजनको व्यवस्था हुनुपर्दछ ।

१७.२ आयोजनाबाट सञ्चालन भएका विभिन्न कार्यक्रमहरूमा देहायको तालिकामा उल्लेख भएअनुसार सुरु कबोल अङ्कको २.५० प्रतिशतदेखि ६.०५ प्रतिशतसम्म मूल्य समायोजन भएको छ। आयोजनाद्वारा आ.व. २०७९।८० सम्म सञ्चालनमा रहेका निर्माण कार्यको २०८० असार मसान्तसम्मको भुक्तानीमा संघीय संसद भवन निर्माणमा रु.२२ करोड ६३ लाख ४३ हजार, संघीय मन्त्री आवासमा रु.२ करोड ५८ लाख ६२ हजार, प्रदेश प्रमुख तथा मुख्य मन्त्री आवास तथा सम्पर्क कार्यालयमा रु.२ करोड ३१ लाख ५० हजार, प्रधानमन्त्री आवासमा रु.९४ लाख ८३ हजार, संघीय मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्यमा रु.१ करोड १८ लाख ७५ हजार र चण्डीदल गण भवन निर्माणमा रु.४ करोड ५९ लाख १५ हजार मूल्य समायोजन अन्तर्गत खर्च गरेको छ। चण्डीदल गणबाहेक सबै आयोजनाको म्याद थप भएको देखिन्छ भने म्याद थप भएका निर्माण कार्यमा सुरु सम्झौता अनुसार रहेको कार्य सम्पन्न म्याद भन्दा ३० दिन अगाडिको इन्डेक्स फ्रिज गरेर मूल्य समायोजन भुक्तानी भएको छ।

(रु. हजारमा)

आर्थिक वर्ष	आयोजनाको नाम(ठेक्का विवरण)	सुरु कबोल अङ्क	मूल्य समायोजन रकम	मूल्य समायोजन खर्च प्रतिशत
२०७८।७९	चण्डीदल गणका लागि भवन निर्माण गर्ने,सिंहदरबार	७५८८८९	४५९१५	६.०५
२०७६।७७	संघीय संसद भवन निर्माण गर्ने कार्य	५६७२७६२	२२६३४३	३.९९
२०७६।७७	प्रदेश प्रमुख/मुख्यमन्त्रीको आवास तथा सम्पर्क कार्यालयको भवन निर्माण कार्य	७३३८३५	२३१५०	३.१५
२०७६।७७	संघीय मन्त्री आवास निर्माण कार्य	१०३४६८२	२५८६२	२.५०
२०७७।७८	संघीय मन्त्री निवासको दोस्रो चरणको निर्माण कार्य	४०१३६७	११८७६	२.९६
२०७६।७७	प्रधानमन्त्रीज्यूका लागि आवास भवन निर्माण कार्य	३३८०८२	९४८३	२.८१

समयमा कार्य सम्पन्न नहुनुका कारणहरूको वस्तुनिष्ठ विश्लेषण गरी निर्माण व्यवसायीको कारण म्याद थप गर्नुपरेको अवस्थामा पूर्व निर्धारित क्षतिपूर्ति सहित थप आर्थिक दायित्व नहुने गरी म्याद थप गर्नेतर्फ ध्यान दिनुपर्दछ।

१८. **आयोजनाको परामर्श खर्च-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा वा दातृ पक्षसँगको सम्झौता बमोजिम वैदिशक सहायता स्रोतबाट व्यहोरिने गरी परामर्शदाताबाट सेवा प्राप्त गर्नुपर्ने भएमा कुनै व्यक्ति फर्म संस्था वा कम्पनीबाट परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। आयोजनाबाट सञ्चालन विभिन्न कार्यक्रमहरूमा सोझै वार्ता द्वारा, सिलबन्दी दरभाउपत्रको माध्यमबाट तथा बोलपत्रको माध्यमबाट

निर्माण कार्यको सुपरभिजन तथा अन्य कार्यको लागि परामर्श सेवा खरिद गरेको छ। आयोजनाले आ.व. २०७६।७७ देखी २०७९।८० सम्म देहाय अनुसार कम्पनी, फर्म तथा व्यक्ति समेत ५३ वटा परामर्श सेवा खरिद गरेको छ ।

परामर्श खर्च विवरण

(रु.हजारमा)

आर्थिक वर्ष	परामर्श खरिद संख्या	रकम
२०७६।७७	१२	११,९३०.२४
२०७७।७८	१५	२८,७९७.०९
२०७८।७९	१७	१२,१४६.३९
२०७९।८०	९	७,१२३.१८
जम्माः		**५९,९९६.९२**

१८.१ आयोजनाले स्थापनाकाल देखि हाल सम्म विभिन्न कार्यक्रमहरूका लागि रु.५ करोड ९९ लाखको परामर्श सेवा खरिद गरेको छ। परामर्श सेवाहरू आर्किटेक्चर डिजाइन तयार गर्न, माटो परीक्षण गर्न, वातावरण प्रभाव मूल्याङ्कन गर्न, स्ट्रकचर डिजाइन तयार गर्न, डिटेल इन्टेरियर डिजाइन गर्न, मास्टर प्लान तयार गर्न, मेकानिकल तथा प्लम्बिङ डिजाइन विकास गर्न, अनलाईन विल्डिङ्ग इन्फरमेसन मोडेलिङ आर्किटेक्चरल डिजाइन, रिटेल स्ट्रक्चर डिजाइन, इन्टेरियर डिजाइन, विशेषज्ञ सेवा, डिजिटल ईलेक्ट्रिकल प्लम्बिङ्ग थ्री डि, प्रारम्भिक वातावरणीय परीक्षण, इन्टेरियर सुपरभिजन, सेनिटरी विशेषज्ञ नियुक्त, थ्री डी फिजिकल मोडेल तयार, डि.पी.आर तयारी आदि जस्ता शीर्षकमा खर्च गरेको छ।

त्यसैगरी आयोजनागत आधारमा हेर्दा ३००० क्षमताको सभाहल निर्माणका लागि रु. ४८ लाख ५८ हजार, ५००० क्षमताको सम्मेलन केन्द्रका लागि रु.६१ लाख ४६ हजार, संघीय संसद भवनका लागि रु.३ करोड ७ लाख ४४ हजार, संघीय मन्त्री आवासका लागि रु.१७ लाख ६० हजार, प्रदेश प्रमुख तथा मुख्य मन्त्री आवास तथा सम्पर्क कार्यालयका लागि रु.१६ लाख ५६ हजार, चण्डी दल गणका लागि रु.३० लाख ९२ हजार र अन्य समेत जम्मा रु.५ करोड ९९ लाख ९७ हजार खर्च गरेको देखिन्छ।

१८.२ आयोजनाले परामर्शमा गरेको सम्पूर्ण खर्चमध्ये ८९.९४ प्रतिशत पूँजीगततर्फबाट तथा १०.०६ प्रतिशत कन्टिजेन्सीबाट खर्च गरेको छ। आयोजनाले ४ वर्षको अवधीमा ५३ वटा परामर्श सेवा खरिद मध्ये संघीय संसद भवन निर्माण कार्यको सुपरभिजन गर्ने कार्य वाहेक अन्य ५२ वटा परामर्श सेवा सोझै वार्ता द्वारा तथा सिलबन्दी दरभाउपत्र मार्फत खरिद गरेको देखिन्छ।

आयोजनाको लागि स्थायी तथा करारमा प्राविधिक कर्मचारी कार्यरत रहेकोमा पुन: विषय विज्ञको रुपमा परामर्श सेवा खरिद गरिएको, कार्यालयमा कार्यरत विद्यमान जनशक्तिको उपयोग गरी आन्तरिक जनशक्तिबाट सम्पादन गर्न सकिने सुपरभिजनका कतिपय कार्यहरू समेत परामर्श मार्फत खरिद गरेकोले परामर्श खर्च मितव्ययी बनाउन प्रयास गर्नु पर्ने देखिन्छ। परामर्श सेवा खरिद कार्य आवश्यकतामा आधारित र मितव्ययी बनाउन ध्यान दिनुपर्दछ।

१९. **बैंक कमिसन र बीमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९(२) बमोजिम सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा बोलपत्र जमानत वा कार्यसम्पादन जमानत लगायत मोविलाइजेसन र डिमोविलाइजेसन खर्च, बीमा, परामर्शदातालाई दिनु पर्ने सुविधा बापतका कार्यहरू,

गुणस्तर परीक्षण, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा, एज विल्ट नक्सा, कार्यसम्पादन जमानतको कमिशन खर्च आदिको छुट्टै आइटम बनाई लागत अनुमानमा समावेश गर्नु पर्ने उल्लेख छ। यस प्रकारका खर्चहरूको लागत अनुमान तयार गर्न कठिन हुने हुँदा प्रोभिजनल सममा राखी वास्तविक खर्चको आधारमा भुक्तानी दिने प्रचलन रहेकोछ। आयोजनाले संघीय संसद भवन, मन्त्री आवास, प्रदेश प्रमुख तथा मुख्यमन्त्रीका लागि आवास तथा सम्पर्क कार्यालय र प्रधानमन्त्रीका लागि आवास भवन निर्माण गर्ने कार्यहरूको ठेक्का सम्झौता गर्दा बैङ्क कमिशन तथा बीमाको रकमलाई प्रोभिजनल सममा समावेश नगरी सिभिल वर्कसमा समावेश गरेको छ। जसले गर्दा बैङ्क कमिसनमा देहाय बमोजिम लागत अनुमानको तुलनामा २८.४३ गुणा सम्म बढी रकम भुक्तानी दिनुपरेको देखिन्छ। यस सम्बन्धमा थप व्यहोरा देहाय बमोजिम छन्।

(रु.हजारमा)

कार्यक्रम	बैङ्क कमिशन लागत अनुमान	बैङ्क कमिसन भुक्तानी	प्रतिशत	वीमा वापत भुक्तानी
संघीय संसद भवन निर्माण	११,०२५	३,१३,५३४	२८४३.८५	७९४९
सैंबु भैंसेपाटीमा मन्त्री आवास निर्माण	१६०	३,०००	१७७५	७,७५
प्रधानमन्त्रीका लागि आवास भवन निर्माण	३,३०	१०,००	२,०३	२८,५०

१९.१ संघीय संसद भवन निर्माणको लागत अनुमान तयार गर्दा कार्य सम्पादन जमानतको बैंक कमिसनका लागि रू.१ करोड १० लाख २५ हजार उल्लेख गरेकोमा निर्माण व्यवसायीले रू. ३१ करोड ३५ लाख ३४ हजार ७२९ जवमा राखी वि.ओ.क्यु. मा समावेश गरेकोले बिल भरपाईलाई आधार नलिई उक्त रकम भुक्तानी भएको छ । बैंक कमिसनमा मूल्य अभिवृद्धिकर छुट हुने भएता पनि प्रोभिजनल सममा नराखेको कारण सम्झौता बमोजिम मूल्य अभिवृद्धिकर वापत थप रु.४ करोड ७ लाख ५९ हजार भुक्तानी दिएको अवस्था छ। त्यसैगरी संघीय मन्त्री आवास निर्माण कार्यमा लागत अनुमान रू.१ लाख ६० हजार रहेको बैङ्क कमिसनमा प्रतिस्पर्धात्मक आईटम सरह जबमा राखेको कारण रु.३० लाख भुक्तानी भएको छ ।

१९.२ संघीय संसद भवन निर्माण आयोजनाको ठेक्कामा वि.ओ.क्यु. को आइटम नम्बर ११ र १२ मा गरी निर्माण कार्य तथा जनशक्ति समेतको बीमा वापतको रकम रू. ७९ लाख ४९ हजार १४२ भुक्तानी गरिएको छ। निर्माण व्यवसायीद्वारा पेश गरिएकाको बीमा लेख अनुसार बीमा खर्च निर्माण तथा जनशक्तिको समेत गरी जम्मा रु.३० लाख ८९ हजार ५८७ मात्र रहेकोमा वि.ओ.क्यु. मा राखेको कारण रू. ४८ लाख ५९ हजार ५५४ थप भुक्तानी दिनुपरेको अवस्था छ ।

१९.३ बैंक कमिसन तथा वीमालाई प्रोभिजनसमको रुपमा नराखी प्रतिस्पर्धात्मक मूल्य अङ्कित गर्ने गरी बी.ओ.क्यु मा राख्दा निर्माण व्यवसायीले अस्वभाविक रकम अंकित गर्न मिल्ने तर वास्तविक खर्च न्युन हुने, सुरुमै वढी भुक्तानी लिने मनसायले फ्रन्ट लोडिङ गर्न सक्ने, मूल्य अभिवृद्धि नलाग्ने शीर्षकमा समेत मूल्य अभिवृद्धि भुक्तानी दिनुपर्ने र ठेकदारले बैङ्क कमिसन र बीमाको मूल्य समेत शूरुमा भुक्तानी नभएको अवस्थामा मूल्य समायोजन दाबी गर्ने लगायतका जोखिमहरू रहन्छन्।

आगामी दिनमा बीमा खर्च तथा बैङ्क कमिसन जस्ता जबमा आधारित विषयहरूलाई बीजक बमोजिम भुक्तानी हुनेगरी सम्झौतामा व्यवस्था गर्न तर्फ ध्यान दिनुपर्दछ ।

२०. **भवन हस्तानतरण -** आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम १०५(२) मा नगदी जिन्सी वा कागजात हस्तान्तरण गर्दा महालेखापरीक्षकबाट स्वीकृत ढाँचाको हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नु पर्ने, त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ नियम

११७ मा सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने, सोही नियमावलीको नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गराउनु पर्ने तथा निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाण दिनुपर्ने व्यवस्था छ। आयोजनाबाट सम्पन्न भैसकेका कार्यक्रमहरू ललितपुरको गोदावरीमा निर्माण भएको ३००० क्षमताको सभाहल, वालुवाटारमा निर्माण भएको प्रधानमन्त्रीको आवास तथा ललितपुरको सैंवु आवास क्षेत्रमा निर्माण भएको प्रदेश प्रमुख तथा मुख्यमन्त्रीको आवास तथा सम्पर्क कार्यालयको सम्बन्धित प्रदेशहरूलाई फर्निचर फर्निसिङ्ग लगायतका जिन्सी सामानको मात्र हस्तान्तरणको कार्य गरिएको छ। ललितपुरको गोदावरीमा ३ हजार सिट क्षमताको सभाहल निर्माण पश्चात सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समितिलाई प्रदान गरेको छ भने सो मर्मत संभार गर्ने कार्य अझै पनि आयोजनाबाटनै हुने गरेको, प्रधानमन्त्री आवास (निजी तथा पब्लिक) भवनको हस्तातरण गरेको सम्बन्धित कार्यालयबाट अभिलेख जनाएता पनि दाखिला प्रतिवेदन प्राप्त भएको देखिएन्।

२०.१ मुख्यमन्त्री तथा प्रदेश प्रमुख निवास निर्माण कार्य सकिएको भनी २०८० भाद्र १० गते उद्घाट्न गरी प्रदेश प्रमुख तथा मुख्यमन्त्रीहरूलाई साँचो हस्तातरण गरिएकोमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गरेको तथा निर्माण व्यवसायीलाई कार्य सम्पन्न प्रमाण पत्र दिएको देखिएन। यसरी निर्मित संरचना औपचारिक रुपमा निर्माण व्यवसायीबाट हस्तातरण नहुँदै उपयोगमा ल्याउँदा उक्त संरचनाको मर्मत संभार कार्यमा दोहोरो जिम्मेवारी देखिने, त्रुटी सच्चाउने दायित्वको सम्बन्धमा विवाद उत्पन्न हुने जोखिम रहन्छ। तसर्थ निर्माण भएका संरचना सँग सम्बन्धित ऐन, नियममा तोकिएका प्रक्रिया पुरा गरेर हस्तातरण तथा उपयोग गर्नतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

२१. **सम्झौतामा विवाद -** संघीय संसद भवन निर्माणका लागि टुण्डी सेक जे.भी. सँग मिति २०७६।०६।१६ मा भएको ठेक्का सम्झौताको दफा २१.४ पुनःनिकासी निर्माण उपकरणमा र २१.५ मा ठेकेदारले आयात गरेको उपकरण प्लान्ट सामाग्रीहरू सीआईएफ वा भन्सार मूल्यको १ प्रतिशत को विशेष दरमा भन्सार महशुल भुक्तानी अन्तर्गत हुने र भन्सार विभागले जारी गरेको सक्कल रसिद पेश गरेपछि ठेकदारलाई रोजगारदाताले फिर्ता दिनुपर्ने व्यवस्था गरिएको छ। सम्झौताको सोही प्रावधानमा टेकेर निर्माण व्यवसायी कम्पनीले आई.पि.सि. १० सम्मको आइटमहरू स्थानीय बजारमा खरिद गरी सोको समेत भन्सार महशुल छुट दावी गरेको देखिन्छ। आयोजना कार्यालयले दफा २१ को विशेष व्यवस्था दाताको लगानीमा संचालित आयोजनामा लागु हुने साथै सम्झौता बमोजिम ठेकदारले नेपालको प्रचलित कानून अनुसार लाग्ने कर तथा महशुल बुझाउनुपर्ने देखिएकोले उक्त दाबी अस्विकार गरेको देखिन्छ। तर निर्माण व्यवसायीले उक्त दाबी अस्विकार गर्दा भएको क्षतिको रुपमा सम्झौताको बुँदा नं. २१.४(ए) र २१.५(ए) अन्तरर्गत उपभोग्य वस्तुहरू र पुन: निकासी योग्य वस्तुहरूमा भन्सार महशुल छुटको अनुमानका आधारमा रु. ७१ करोड ८५ लाख १३ हजार र सोमा लाग्ने ब्याज समेत दावी गरेको छ। उक्त दाबीलाई आयोजना समन्वय कार्यालयबाट अस्विकार गरेपछि उत्पन्न विवाद समाधानको लागि मध्यस्थतामा गएकोमा मध्यस्थताबाट आयोजनालाई आवश्यक पर्ने परिमाण र वास्तविकता अनुसार स्थानीय बजारमा उपलब्ध हुने उपभोग्य वस्तुहरू सम्झौतामा उल्लेखित प्रक्रिया पालन गरी खरिद गरेमा महशुल छुट वा भन्सार शुल्क फिर्ता गर्न मिल्नेछ भनी भएको निर्णयमा चित्त नबुझेपछि समन्वय कार्यालय पुन:उच्च अदालत पाटनमा पुनरावेदन गएको देखिन्छ।

विशेषगरी वैदेशिक ऋण र अनुदान सहयोगमा सञ्चालन गरिने आयोजनाको लागि त्यस्ता आयोजना वा त्यस्तो आयोजनाको ठेकेदारका नाममा पैठारी हुने मालवस्तुमा नेपाल सरकारले

आंशिक वा पूर्ण छुट दिन सक्ने व्यवस्था भन्सार ऐन, २०६४ को दफा ९(४) मा उल्लेख छ। तर उपरोक्त अवस्था नरहेको आयोजनमा समेत सम्झौता गर्दा करसम्बन्धी विषयमा स्पष्ट उल्लेख नहुँदा दुबै पक्ष बीच सम्झौता कार्यान्वयनको सम्बन्धमा विवाद उत्पन्न भएको देखिन्छ। खरिद तथा निर्माणसम्बन्धी सम्झौता गर्दा उल्लेखित प्रावधानहरू लागु हुने हदमा मात्र सम्झौतामा समावेश गर्ने तथा विवादित र अस्पष्ट विषयमा पूरक सम्झौता तथा वैठक मार्फत स्पष्ट गर्नुपर्दछ ।

२२. **बहुतले भवन -** पन्ध्रौं योजनाले भवन निर्माणसम्बन्धी कार्यनीतिमा बहुतल्ले भवन निर्माणसम्बन्धी प्रविधिबारे अनुसन्धान तथा विकास गरी यस्ता भवन निर्माण गर्न प्रोत्साहन गर्ने, सरकारी तथा निजी स्तरबाट नयाँ भवन निर्माण गर्दा परम्परागत प्रविधि र स्थानीय वास्तुकलालाई प्रोत्साहन गर्ने उल्लेख गरिए पनि विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयबाट संचालित संघीय संसद भवन निर्माण अन्तर्गत राष्ट्रिय सभा, प्रतिनिधी सभा, संसदीय समितिका कार्यालय, संसद सचिवालय, संसदीय दलका पार्टी कार्यालय लगायत साना ठुला विभिन्न ११ वटा भवन निर्माण भैइरहेका छन्। आयोजनाको कुल क्षेत्रफल ८८,२७१ वर्ग मिटर रहेकोमा भवन निर्माणको लागि २३,१६७.४५ वर्ग मिटर क्षेत्रफल ओगटेको छ। त्यसैगरी प्रदेश प्रमुख तथा मुख्यमन्त्री आवास तथा सम्पर्क कार्यालयको लागि ७ वटा भवन निर्माण गरी १४ वटा अलग अलग ब्लक बनाउँदा कुल क्षेत्रफल १३,८८१ वर्ग मिटर मध्ये भवनले मात्र १०,९८०.२ वर्ग मिटर क्षेत्रफल ओगटेको छ । संघीय मन्त्री निवासको लागि अलग अलग २७ वटा भवन निर्माण गर्न कुल क्षेत्रफल ४८,८७० वर्ग मिटर मध्ये भवन निर्माण कार्यले १९,०६०.६१ वर्ग मिटर क्षेत्रफल ओगटेको छ। यसरी सरकारी नीति अनुरुप बहुतले भवन निर्माण तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सरकारी भवन निर्माण गर्दा स्थानीय वास्तुकलालाई प्रोत्साहन गर्ने उल्लेख गरिए बमोजिम बाहिरी स्वरुपमा डाँची इटा, झिङ्गटी छाना, आँखी झ्यालहरूको प्रयोग गरिए पनि भित्री इन्टेरियर तथा फर्निचर फर्निसिङ्गमा भने आधुनिक प्रविधि र आयातित महंगा सामानहरूको बढी प्रयोग भएको देखिन्छ। कुल निर्माण कार्यको लागि फर्निचर, फर्निसिङ्ग तथा इन्टेरियर कार्यमा देहाय बमोजिम खर्च गरिएको छः

(रु.हजारमा)

आयोजनाको नाम	निर्माण कायको कुल सम्झौता (भेरिएशन सहित)	आन्तरिक सजावट खर्च	परामर्श	जम्मा	सजावट खर्च प्रतिशत
संघीय संसद भवन	६०७०६८६.५९	२३४५४९०.८७	३०७४४.०२	८४४६९२१	२७.७७
मन्त्री आवास निर्माण	१५९११७०.३३	२८७७४७.८८	१७६१	१८८०६७९	१५.३०
प्रदेश प्रमुख/मुख्यमन्त्रीको आवास तथा सम्पर्क कार्यालय	७९१९२८.६०	१३३७६५.८०	१६५६	९२७३५०	१४.४२
प्रधानमन्त्री आवास (निजी तथा पब्लिक भवन)	३७९८९९.१७	१२९७२२.२६	९५७	५१०५७९	२५.४१

उपरोक्त तालिकामा २०८० असार मसान्तसम्मको खर्च विवरण रहेको र प्रधानमन्त्री आवास तथा पब्लिक भवनबाहेक अन्य आयोजनामा आन्तरिक सजावट तथा फिनिसिङ्ग कार्य जारी रहेको छ। उक्त कार्यहरुमा मौलिक कला संस्कृतिको संरक्षण सँगै स्वदेशी उत्पादनको प्रयोग गरी सरकारी भवन निर्माण गर्दा मितव्ययिता कायम गर्नतर्फ आयोजनाले ध्यान दिनुपर्दछ।

२३. **नतिजामूलक अनुगमन तथा मूल्याङ्कन -** आयोजनाको क्रियाकलाप, विद्यमान स्थिति, समस्या, चुनौती तथा अवसरको पहिचान गर्ने विषयमा अनुगमन गर्ने नीति १५ औं योजनाले लिएको छ । स्रोत परिचालन, क्रियाकलापको कार्यान्वयन, समस्याको बाधा अड्काउ फुकाउन वैकल्पिक मार्ग पहिचानको लागि आयोजनाको अनुगमन महत्वपूर्ण मानिन्छ ।आयोजनाको कार्यान्वयन दक्षता अभिवृद्धि गर्न तथा अनुगमन प्रणालीलाई लक्षित परिमाण, गुणस्तर, लागत र समयसँग संयोजन गरी प्रतिवेदनमूलक बनाउन

जरुरी छ। प्रतिवेदनसहितको नतिजामूलक अनुगमन पद्धति प्रयोगमा आउनुपर्दछ। आयोजना कार्यान्वयनको सिलसिलामा २०७६/७७ देखि २०७९/८० सम्म आयोजनाबाट सञ्चालनरत विभिन्न कार्यक्रमहरूमा प्रधानमन्त्री, सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, तालुक मन्त्रालयका मन्त्री, सचिव, संसदीय समितिका पदाधिकारीहरू तथा विभागीय प्रमुखहरूबाट अनुगमन भएको छ।संसदीय समिति बाहेक अन्य निकाय तथा पदाधिकारीले आयोजनाको क्रियाकलाप सँग सम्बन्धित सुधार गर्नुपर्ने विषयमा लिखित प्रतिवेदन दिने अभ्यास न्युन रहेको देखिन्छ।

२४. संघीय संसद सचिवालयले संसदीय समितिले गरेको अनुगमन तथा निरीक्षणका आधारमा संघीय संसदका निर्माणधीन भवनहरूमा थप सुधारका क्षेत्रहरू भनी बुँदागत रूपमा तयार गरी मिति २०७८।०९।०७ मा आयोजना समन्वय कार्यालयलाई पत्राचार गरेको देखिन्छ। त्यसैगरी प्रत्यायोजन व्यवस्थापन तथा सरकारी आश्वासन समितिले मिति २०७९।१०।२० मा शहरी विकास मन्त्रालय मार्फत आयोजनालाई स्थलगत अवलोकनबाट सुधार गर्नुपर्ने देखिएका विषयहरू भनी सुझावहरू पठाएको देखिन्छ।यसरी विभिन्न सरोकारवाला निकायबाट भएको भ्रमणहरूको अभिलेख राख्ने, भ्रमण पुस्तिका आयोजना स्थलमा राख्ने, प्राप्त सुझावहरूको कार्यान्वय अवस्था र कार्यान्वय हुन नसक्ने कारणहरू सहित व्यवस्थित अभिलेख राखी प्रतिवेदन गर्ने प्रणालीलाई व्यवस्थित गर्नुपर्ने देखिन्छ ।आयोजनाले सबै कार्य स्थलहरूमा भ्रमण पुस्तकको व्यवस्था गरि अनुगमन तथा भ्रमणको अभिलेख राखी प्राप्त सुझावहरूको कार्यान्वयन गर्नुपर्दछ ।

परिच्छेद - ४
निष्कर्ष तथा सुझाव

शहरी विकास मन्त्रालयबाट राष्ट्रियस्तर तथा राष्ट्रिय महत्वका आवास तथा भवन निर्माण र मर्मत संभार गर्ने कार्य हुँदै आएको छ। विशेष तथा जटिल प्रकृतिका महत्वपूर्ण भवन निर्माण परियोजनाहरूको तोकिएको गुणस्तर तथा समयावधि भित्र प्रभावकारी रुपमा कार्यान्वयन गर्न विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयको स्थापना भएको हो। आर्थिक वर्ष २०७६/७७ बाट सञ्चालनमा आएको विशेष भवन निर्माण आयोजनाबाट संचालित केही आयोजना सम्पन्न भएका छन भने केही आयोजना निर्माणधीन छन्। स्थापनाको मुख्य उद्देश्य विशेष र जटिल भवन, तोकिएको गुणस्तर र समयावधि भित्र सम्पन्न गर्न रहेकोमा तोकिएको समयमा आयोजनाहरू सम्पन्न हुन सकेको देखिएन। स्थापना पछाडिका दुई आर्थिक वर्षको अवधीमा कोभिड १९ महामारीको कारण निर्माण कार्यमा केही ढिलाई हुन गएपनि बाँकी अवधीमा निर्माणधिन आयोजनाहरूले अपेक्षाकृत गति लिनसकेको देखिदैन। संसदीय समितिहरू, प्रधानमन्त्री कार्यालय र सम्बन्धित मन्त्रालयबाट निरन्तर अनुगमन तथा निर्देशनका साथै आयोजना समन्वय कार्यालयको निरन्तर प्रयासबाट पनि देशको प्रशासकीय केन्द्रमा निर्माण भईरहेका संसद भवन, संघीय मन्त्रि आवास लगायतका आयोजनाको निर्माण कार्य समेत तोकिएको समय भित्र सम्पन्न हुन नसकेको अवस्था छ ।

आयोजना समयमा सम्पन्न नभएको र म्याद थप गर्नुपरेको कारणहरूमा मुलत कोभिड १९ महामारी, साईट उपलब्ध नभएको, डिजाइनहरूमा परिवर्तन भएको, स्थानीयसँगको विवाद, निर्माण सामाग्रीको अभाव, वर्षात, जनशक्तिको अभाव लगायतका विषय उल्लेख छ। आयोजनाको कार्यालय र निर्माण व्यवसायीको समन्वय तथा दक्षतापूर्ण व्यवस्थापनबाट उपरोक्त विषयहरू समाधान हुने देखिन्छ। कार्य तालिका पालनामा निर्माण व्यवसायी जिम्मेवार नहुनु, निर्माण व्यवसायीद्वारा निर्माण कार्यमा प्रयाप्त मात्रामा जनशक्ति र स्रोत साधन परिचालन नहुनु, आयोजना कार्यालयले स्थानीय अवरोध तथा विवादलाई समयमै समन्वय गरी समाधान गर्न सफल नहुनु, विशेष परिस्थितिमा हुनुपर्ने म्याद थपको प्रावधानलाई सुविधाको रुपमा प्रयोग गर्नु जस्ता कमजोरीका कारण आयोजनहरू समयमा सम्पन्न नहुने तथा समय र लागत दुबै बढने अवस्था देखिएको छ।

आयोजनाहरू तोकिएको समय र लागतमा सफल बनाउन खरिद तथा ठेक्का व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ। ठेक्का सम्झौताका अस्पष्ट प्रावधानले निर्माण कार्यमा विवादका साथै निर्माण लागतमा समेत वृद्धि गर्दछ। त्यसैगरी लागत अनुमान र ड्रइङ डिजाइनमा हुने परिमार्जन तथा अनुगमन र निरीक्षणबाट दिएका निर्देशन बमोजिम हुने फेरवदलको कारण निर्माण चरणमा पटक पटक भेरिएशन आदेश जारी हुन गएका छन्। आयोजनाको सञ्चालन हुनु अगाडि पूर्व तयारीमा प्रयाप्त ध्यान दिने, आयोजना सँग सरोकार राख्ने विषयहरू समेटेर ठेक्का सम्झौता गर्ने, निर्माण कार्य सञ्चालन गर्नु अगाडि सरोकारवाला सबैसँग निर्माण स्थल, ड्रईङ डिजाइन बारेमा प्रयाप्त छलफल र अन्तरक्रिया गर्ने, सम्झौता तथा कार्यतालिका पालना गर्न गराउन आयोजना कार्यालय र निर्माण व्यवसायी दुबै जिम्मेवार हुनुपर्दछ । तसर्थ सीमित स्रोतको विनियोजनमा कुशलता, आयोजना प्रशासनमा दक्षता तथा निरन्तर र प्रभावकारी अनुगमन हुन सकेमा तोकिएको समय र लागतमा आयोजना सम्पन्न गर्न सकिन्छ ।

सुझाव

- आयोजना छनोट पूर्वका तयारी कार्य प्रभावकारी रुपमा सम्पन्न भएका, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना अध्ययन, वातावरणीय अध्ययन प्रतिवेदन तयार गरिएका र निर्माण स्थल तयारीको कार्य पुरा गरिसके पछिमात्र बोलपत्र आह्वान तथा निर्माण सम्झौता गर्नपर्दछ ।

- आयोजनाको छनोट गर्दा प्राथामिकीकरणका सूचकहरू र त्यस वापत प्राप्त अङ्कको आधारमा गरीएको वर्गीकरणलाई ध्यान दिनुपर्दछ।
- आयोजनाको विनियोजित पूँजीगत खर्च न्युन हुनुका कारणहरू विश्लेषण गरी खर्च गर्ने क्षमतामा सुधार ल्याउन ध्यान दिनुपर्दछ ।
- आयोजनाको त्रैमासिक, अर्धवार्षिक माइलस्टोनहरू तोक्ने, वार्षिक भौतिक लक्ष्यहरू तोक्ने, आयोजनाले आवश्यक समन्वय र कार्यान्वयन स्थितिको प्रभावकारी अनुगमन गरी उपरोक्त लक्ष्यहरू हासिल गर्न सम्पूर्ण स्रोत केन्द्रित हुनुपर्दछ ।
- म्याद थपको लागि पेश गरिएका निवेदनमा उल्लेखित कारणहरूको विश्लेषण गर्ने, उपरोक्त कारण निवारण गर्दै एउटै कारणहरूमा पटक पटक म्याद थप गर्ने परिपाटी अन्त हुनुपर्दछ ।
- समयमा कार्य सम्पन्न गर्न र म्याद थपको श्रृंखला अन्त गर्नको लागि कार्यतालिकाको अक्षरस पालना गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने,
- प्रर्याप्त कामदार र इक्युमेन्टको परिचालन तथा दुई सिफ्टमा कार्य सञ्चालन गरेर तोकिएको समयमा निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिने,
- बीमा खर्च र बैङ्क कमिसनलाई प्रोभिजनल सममा राखी वास्तविक बिल बीजकका आधारमा मात्र भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ।
- सरकारी भवन निर्माण गर्दा बहुतल्ले भवन निर्माण गर्ने, मौलिक कला संस्कृतको संरक्षण गर्ने, स्वदेशी उत्पादनको प्रयोग गर्ने तथा निर्माण प्रक्रियालाई मितव्ययी बनाउनुपर्दछ ।

नेपालको खाद्य सुरक्षा स्थिति
परिच्छेद-१
परिचय

१. **पृष्ठभूमि–** नेपालमा खाद्य सुरक्षा संवैधानिक अधिकारको रुपमा स्थापित छ। यसको अलावा सबै नागरिकहरुको सक्रिय र स्वस्थ्य जीवनको लागि खाद्य आपूर्ति गर्न नेपाल अन्तर्राष्ट्रिय अनुवन्धहरुको पक्ष राष्ट्र भएको पृष्ठभूमिमा पर्याप्त, सुरक्षित र पौष्टिक खानामा भौतिक, सामाजिक र आर्थिक पहुँच पुऱ्याउनु राज्यको दायित्व हो। सन् १९४८ को मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ मा उल्लेखित गाँस, बास र कपासको अधिकार र त्यसपछिका अन्तरसम्बन्धित अनुवन्धहरु जस्तै: आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ (धारा११ मा गाँस, बास र कपासको व्यवस्था, भोकमरीबाट मुक्त हुनका लागि आवश्यक पहल गर्ने तथा खाद्य आपूर्ति, वितरण र पोषणयुक्त खाद्यान्न), बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ (धारा २४ मा पर्याप्त पोषणयुक्त खाना) र महिला बिरुद्धहुने सबै प्रकारका भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि, १९७९ अनुरुप राज्यको दायित्व निर्वाह गर्न आवश्यक नीति, संरचना, वित्तीय व्यवस्था तथा खाद्य गुणस्तर व्यवस्थापन गर्नु आवश्यक छ। यसै अनुरुप नेपालमा खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ जारी गरिएको छ। साथै ऐनमा भएका व्यवस्था कार्यान्वयन गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुता नियमावली मन्त्रिपरिषदबाट स्वीकृत भई लागु हुने चरणमा रहेको छ।

संविधानका अनुसूचीहरुले खाद्य सुरक्षालाई तीन तहको सरकारको एकल तथा साझा अधिकारको रुपमा बाडफाँट गरेको छ। खासगरी स्थानीय सरकारलाई संविधानलेनै कृषि विकास तथा खाद्य सुरक्षा सम्बद्ध जिम्मेवारी दिएको छ। सन् १९९६ मा विश्व खाद्य सम्मेलनले खाद्यको भौतिक उपलब्धता, खाद्यमा भौतिक र आर्थिक पहुँच, पर्याप्त खाद्यको उपयोग र स्थिरतालाई प्रमुख आयामको रुपमा स्थापित गरेको छ।

खाद्य सुरक्षाको विश्वव्यापी मान्यतालाई आत्मसात गर्दै नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३६ मा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने, खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने तथा कानुन बमोजिम खाद्य सम्प्रभुताको हक प्रत्येक नागरिकलाई हुने व्यवस्था गरेको छ। यसैगरी धारा ४२ ले आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको खाद्यान्न लगायत अन्य अधिकार र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने उल्लेख गरेको छ। त्यस्तै भाग ४ मा राज्यका नीति अन्तर्गत धारा ५१(ङ) मा बैज्ञानिक भूमिसुधार सम्बद्ध नीति अङ्गिकार गरिने उल्लेख छ।

माथी उल्लेखित खाद्य सुरक्षा सम्बद्ध प्रावधानहरुको कार्यान्वयनलाई सहजीकरण गर्नका लागि खाद्य तथा कृषि संगठन (एफएओ) ले सन् २००४ मा खाद्य अधिकार निर्देशिका जारी गरेको छ। यस निर्देशिकाले खाद्य अधिकारलाई सम्मान, प्रवर्द्धन र संरक्षणको खाकाभित्र राखेर लागु गर्नुपर्ने उल्लेख गरेको छ। यस अध्ययनमा खाद्य सुरक्षाका स्थापित प्रमुख आयामहरुमा केन्द्रित रहेर तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरिएको छ। यो अध्ययनले विशेषत: खाद्य सुरक्षामा नेपालको अवस्था, उत्पादन र उत्पादकत्व, आयात र निर्यातको स्थिति तथा आपतकालीन खाद्य व्यवस्थापन लगायतका विषयहरु समेटेको छ। परिच्छेद एकमा अध्ययनको परिचय, दुइमा उद्देश्य, क्षेत्र, पद्धति तथा सीमितता, तीनमा लेखापरीक्षणबाट देखिएका व्यहोराहरु र चारमा निष्कर्ष तथा सुझावहरु प्रस्तुत गरिएको छ।

२. **नीतिगत तथा कानुनी व्यवस्था** – खाद्य सुरक्षासँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था देहाय बमोजिम छन्।

२.१. **नेपालको संविधान**– नेपालको संविधानमा खाद्य सुरक्षा सम्बन्धमा देहाय बमोजिम उल्लेख छ।

मौलिकहकमा भएका व्यवस्थाहरु–

- धारा ३५ बमोजिम प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँचको हक हुने।
- धारा ३६ बमोजिम प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुने।
- धारा ४२ आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने।
- धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने। गुणस्तरीय वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुने।

राज्यका निर्देशक सिद्धान्त, नीतिहरुमा भएका व्यवस्थाहरु–

- धारा ५१(घ) मा अर्थ, उद्योग र वाणिज्य नीति अन्तर्गत (७) मा कालाबजारी, एकाधिकार कृत्रिम अभाव सिर्जना गर्ने र प्रतिष्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हित संरक्षण सुनिश्चित गर्ने।
- धारा ५१(ङ) मा कृषि र भूमिसुधारसम्बन्धी नीति अन्तर्गत भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, भूउपयोग नीतिको अवलम्वन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औधोगिककरण, विविधीकरण र आधुनिकीकरण गर्ने, भूमिको उत्पादनशिलता, प्रकृति तथा वातावरणीय सन्तुलन समेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने तथा कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने।
- धारा ५१(ज) (१२) मा नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति अन्तर्गत कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य सम्प्रभुताको मान्यता अनुरुप जलवायु र माटो अनुकूल खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने र (१३) मा आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरुको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने।

२.२. **पन्ध्रौं योजना** – पन्ध्रौं योजनामा खाद्य सुरक्षा तथा पोषण सम्बन्धमा देहाय बमोजिमका नीति तथा कार्यनीति उल्लेख छ।

- खाद्य अधिकार र खाद्य सुरक्षाको सुनिश्चितताका लागि विद्यमान खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता ऐनको प्रभावकारी कार्यान्वयन गरिने।
- खाद्य असुरक्षाबाट प्रभावित घरधुरी खाद्यसङ्कटजन्य अवस्थाको सामनाका लागि उत्थानशीलता विकास गरिने। साथै, सामाजिक एवम् आर्थिक रुपले अशक्त समूहलाई सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत खाद्यमा पहुँच सुनिश्चित गरिने।
- सीमान्तकृत तथा खाद्य असुरक्षाको जोखिममा रहेका घरधुरीलाई समूह तथा सहकारीमा आबद्ध गराई करार तथा सामूहिक खेती गर्न प्रोत्साहन गरी खाद्य उपलब्धता वृद्धि गरिने।
- खाद्य तथा पोषण सुरक्षाका प्रतिकूल क्रियाकलापहरु कृषियोग्य भूमि खण्डीकरण र जग्गा बाँझो राख्ने कार्यलाई निरुत्साहित गरिने।
- शिक्षा, अनुसन्धान र प्रसारसँगको समन्वय तथा सहकार्यमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्न उत्थानशील बाली र वस्तुको विकास तथा उपयोगमा विस्तार गरिने। साथै, बायोफोर्टिफाइड बाली र वस्तुको विकास तथा उपयोगमा बिस्तार गरिने।
- खाद्य सुरक्षा तथा पोषणका कार्यक्रमहरुबीच समन्वय तथा सहकार्य मार्फत पोषण विशेष तथा पोषण संवेदनशील क्रियाकलापमा सुदृढीकरण गरिने।
- प्रत्येक स्थानीय तहमा खाद्यवस्तुमा आत्मनिर्भरउन्मुख योजना तयार गरी कार्यान्वयन गरिने।
- स्थानीयस्तरमा उत्पादन हुने रैथाने लगायतका खाद्य उपभोगमा जोड दिँदै सम्भाव्य कृषि वस्तुको उत्पादन र उपयोगका कार्यक्रम सञ्चालन गरिने।
- अध्ययन, अनुसन्धान र नतिजामा आधारित सुरक्षित र सन्तुलित खाद्य व्यवहारलाई प्रवर्धन गर्दै समुदायको पोषण अवस्था सुधारका लागि खानपानको बानी व्यवहारमा समेत सुधार ल्याइने।
- रोजगारीका अवसर सिर्जना गरी खाद्यको पहुँचमा विस्तार गरिने।
- गैरकृषिजन्य उद्यम तथा व्यवसाय विस्तार गरी आय-आर्जन मार्फत क्रयशक्ति वृद्धि गरिने।
- खाद्यवस्तुको बजार अनुगमन प्रणालीलाई प्रभावकारी बनाई मूल्य उतार चढावलाई व्यवस्थित गरिने।
- खाद्य जोखिम क्षेत्रमा रहेका परिवारको प्रभावकारी रुपमा खाद्यमा पहुँच बढाउन निजी, सामुदायिक र सहकारी क्षेत्रको साझेदारीमा सर्वसुलभ वितरण प्रणालीको सुदृढीकरण एवम् विकास गरिने।
- वितरण प्रणालीलाई व्यवस्थित गर्नका लागि तीन तहको समन्वयात्मक सञ्जालको विकास गरी स्थानीय खाद्य आवश्यकताको अनुपातमा खाद्य भण्डार गर्ने व्यवस्था गरिने।
- खाद्यवस्तुको स्वच्छता तथा गुणस्तर सुनिश्चित गर्न नियमन कार्य प्रभावकारी बनाइने।
- खाद्य वस्तुको गुणस्तर परीक्षण, प्रमाणीकरण तथा नियमनलाई प्रभावकारी बनाउन प्रयोगशाला सेवालाई थप सुदृढगर्दै स्थानीय तहसम्म पहुँच विस्तार गरिने।
- खाद्यवस्तुको स्वच्छता तथा गुणस्तरबारे जनचेतना अभिवृद्धि गर्न उपभोक्ता हकहितसँग सम्बन्धित संस्थासँग सहकार्य गरिने।

- खाद्य तथा पोषण स्थितिको नियमित अनुगमनका लागि प्रदेश तथा स्थानीय तहमा नेपाल खाद्य अनुगमन प्रणालीलाई संस्थागत गरिने।

२.३. **राष्ट्रिय कृषि नीति, २०६१** – व्यवसायिक तथा प्रतिष्पर्धात्मक कृषि प्रणालीहरुको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिष्पर्धात्मक बनाउने, प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्ने र कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने नीतिको उद्देश्य रहेको छ।

२.४. **कृषि विकास रणनीति (सन् २०१५-२०३५)** – आर्थिक विकासलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, सम्प्रभुताउन्मुख आत्मनिर्भर, दिगो प्रतिष्पर्धी तथा समावेशी कृषि क्षेत्र यस रणनीतिको परिकल्पना रहेको छ।

२.५. **राष्ट्रिय खाद्य स्वच्छता नीति, २०७६** – जोखिममा आधारित खाद्य स्वच्छता र उपभोक्ताहरूलाई खाद्यपदार्थमा हुन सक्ने जोखिमबाट जोगाउन गुणस्तर नियन्त्रण प्रणाली अपनाउने, खाद्य स्वच्छतासम्बन्धी कानुनी र संस्थागत सुधार गर्ने, खाद्य श्रृंखलाका सबै सरोकारवालाहरूलाई खाद्य स्वच्छता र गुणस्तरीय शिक्षा, सूचना, सञ्चार र प्रसारमा पहुँच विस्तार गर्दै गुणस्तर व्यवस्थापन प्रणालीको विकास, कार्यान्वयन र प्रवर्द्धन गर्ने, स्वच्छता र खाद्य गुणस्तरको विश्वसनीयता कायम गर्ने।

२.६. **राष्ट्रिय बीउ विजन नीति,२०५६** – विभिन्न बालीको आवश्यक गुणस्तरीय परिमाणात्मक बीउ वीजन सुव्यवस्थित रुपले उपलब्ध गराउने, गुणस्तरीय बीउ उत्पादन गरी निर्यात प्रवर्धन गर्ने, विद्यमान अन्तर्राष्ट्रिय विश्व व्यापारलाई दृष्टिगत गरी बीउ व्यवसायलाई प्रभावकारी बनाउने नेपालको आफ्नै विशेषतायुक्त बीउहरुको आनुवंशिक चरित्रलाई अक्षुण र सुरक्षित राख्ने र सो उपरको अधिकार संरक्षण गर्ने नीतिको उद्देश्य रहेको छ।

२.७. **राष्ट्रिय दुग्ध विकास नीति, २०७८**– सरकारी, सहकारी तथा निजी क्षेत्रको सहकार्य र साझेदारीमा दूधको उत्पादन र उत्पादकत्व वृद्धि गरी देशलाई दुग्ध पदार्थमा आत्मनिर्भर बनाउने र निर्यात प्रवर्द्धन हुने वातावरणको निर्माण गर्न; उत्पादन सामाग्री, सेवा र पुँजी तथा दूध सङ्कलन, प्रशोधन र बजारीकरणको संयन्त्र विस्तार र सुदृढीकरण गर्दै समग्र दुग्धजन्य मूल्य शृङ्खलाको सुधार गर्न; तथा दुग्धजन्य मूल्य शृङ्खलाका प्रत्येक इकाइमा वातावरणीय तथा गुणस्तर व्यवस्थापनका असल अभ्यासहरु अवलम्बन गर्दै दूध तथा दुग्धजन्य पदार्थहरुको गुणस्तर सुनिश्चित गर्न नीति तर्जुमाको उद्देश्य रहेको छ।

२.८. **राष्ट्रिय मल नीति, २०५८**– माटोको उर्वराशक्ति सुधारबाट कृषि उत्पादकत्व वृद्धि गरी गरिबी निवारण गर्ने राष्ट्रिय लक्ष्यलाई योगदान पुऱ्याउन, मलको उपयोगमा वृद्धि ल्याउन नीतिगत सुधार तथा पूर्वाधार व्यवस्थित गर्न तथा मलको कुशल एवं सन्तुलित प्रयोग गर्न एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्ने नीतिको उद्देश्य रहेको छ।

२.९. **वार्षिक नीति तथा कार्यक्रम**– आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा भएका खाद्य सुरक्षासँग सम्बन्धित प्रमुख नीतिहरुः

- कृषिलाई आर्थिक वृद्धि र रोजगारीको प्रमुख संवाहकको रुपमा विकास गरिने, नयाँ राष्ट्रिय कृषि नीति तर्जुमा गरि कृषि अनुसन्धान, यान्त्रिकिकरण, व्यवसायिकरण र जलवायु अनुकूलन प्रविधिको प्रवर्द्धन गरिने, कृषि क्षेत्रको आधुनिकिकरण गरी आर्थिक वृद्धिको आधारलाई बलियो बनाईने। वित्त, मौद्रिक, सिँचाइ, उर्जा, वन, पर्यटन, उद्योग, वाणिज्य, आपूर्ति, भू-

उपयोग क्षेत्रका नीति तर्जुमा गर्दा कृषि तथा वन क्षेत्रको उत्पादन र उत्पादकत्वमा योगदान गरी सामन्जस्यता कायम गरिने।

- खाद्यवस्तुको उत्पादन बढाउने तथा प्रशोधन लागत घटाउने कार्यक्रम ल्याईने ।गुणस्तरीय, उन्नत तथा वर्णशंकर बीउ विकास गरी बीउ विजनमा आत्मनिर्भरहुने र जलवायु परिवर्तनको असरलाई धान्न सक्ने वातावरण अनूकुल मैत्री स्थानीय बीउ विजनको अनुसन्धान विकासमा जोड दिईने। अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गरिने।
- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको मध्यावधि समिक्षाका आधारमा पुनःसंरचना गरी आर्थिक दृष्टिकोणबाट सम्भाव्य बालीहरु तथा वस्तुका जोन प्रदेशमा हस्तान्तरण गर्दै लगिने। बाँझो जग्गा सदुपयोग गर्न मूल्य शृङ्खलामा आधारित सामूहिक र सहकारी खेतीलाई प्रोत्साहन गरिने। धान, मकै, आलु, प्याज, स्याउ, ओखरजस्ता बढ्ता आयात हुने बालीको उत्पादन वृद्धि गर्न विशेष कार्यक्रम सञ्चालन गरिने।
- रासायनिक मलको आपूर्ति सुनिश्चित गरिने। गुणस्तरीय प्रङ्गारिक मलमा रासायनिक मलमा दिईदै आएको अनुपातमा अनुदान उपलब्ध गराईने। कृषिमा सूचना प्रविधिको उपयोग बढाईने। कृषकको संरक्षण गर्ने नीति ल्याईने। कृषकले उत्पादन गरेको कृषि उपज खरिद गर्ने व्यवस्था मिलाइने।कृषक तथा पशुधन बीमा कार्यक्रम विस्तार गर्दै लघु बीमा कार्यक्रमको पहुँचलाई दुर्गम र विपन्न वर्ग सम्म पुऱ्याइने। उत्पादनका आधारमा कृषि अनुदान प्रवाह गरिने। यस वर्ष बेमौसमी वर्षाका कारण बालीमा पुग्न गएको क्षतिको राहत शिघ्र उपलब्ध गराईने। पशुपन्छीमा हुने गम्भीर प्रकृतिका महामारी निवारण गरिने। स्वदेशमै भ्याक्सिन उत्पादन गर्ने व्यवस्था मिलाइने।
- नेपाली कृषि उपजको गुणस्तर र मूल्य प्रतिष्पर्धी बनाई कृषि उपजको आयात व्यवस्थापन गरिने।विषादी र क्वारेन्टाईन परीक्षणमा निजीक्षेत्रलाई समेत सहभागी गराईने।अन्तर्राष्ट्रिय विमानस्थल र अन्तरदेशीय नाका नजिक शीत भण्डार र कृषि मार्ट स्थापना गर्न प्रोत्साहन गरिने।
- कृषि योग्य भूमिमा सधैभरी सिचाँई सुविधा पुऱ्याउने नीति अनुरुप थप २२ हजार २ सय हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउने लगायतका व्यहोरा उल्लेख छ।

२.१०. **बजेट वक्तव्यः** आर्थिक वर्ष २०७७/७८, २०७८/७९ र २०७९/८० को बजेट वक्तव्यमा खाद्य सुरक्षासँग सम्बन्धित प्रमुख व्यहोराहरु देहाय बमोजिम छन्।

२.१०.१. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्य मा उल्लेख भएका प्रमुख बेहोराहरु

- कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर गराउँदै खाद्य सुरक्षा र सम्प्रभुता कायम गर्दै लगिने। दुध तरकारी र मासुजन्य वस्तुको उत्पादनमा आत्मनिर्भर हुने गरी लक्षित कार्यक्रम सञ्चालन गरिने। चैते धान तथा बसन्ते मकै खेतीलाई प्रोत्साहन गरिने।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण आयोजनालाई पुनःसंरचना गर्दै स्थानीय सम्भावनाका आधारमा एक स्थानीय तहमा एक उत्पादन पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरिने। आगामी वर्ष कृषि र पशुपालनका थप २५० पकेट क्षेत्र विकास गरी प्रत्येक स्थानीय तहमा कम्तीमा एक कृषि पकेट क्षेत्र रहने सुनिश्चित गरिने।

- खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गर्न रासायनिक मलको अनुदानमा बजेट वृद्धि गर्ने र प्राङ्गारिक मलको प्रयोग बढाउँदै अर्गानिक खेतीलाई प्रोत्साहन गरिने। यस्तो उत्पादनलाई ब्राण्डिङ गरी बजार प्रवर्द्धन गरिने।
- कृषि उपजको बजारीकरण गर्न सबै स्थानीय तहमा बजार पूर्वाधार निर्माण गरिने। काठमाडौँको चोभारमा निर्माणाधीन फलफुल तथा हाट बजार सञ्चालनमा ल्याइने। सबै प्रदेशमा गरी ७८ कृषि थोक बजार निर्माणका लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्न तथा प्रदेश स्तरीय कृषि उपजको 'हव मार्केट÷ स्थापना गर्ने।
- कृषि जमिनमा कृषकको पहुँच विस्तार गर्न करार खेती, चक्लाबन्दी र सामुदायिक र सहकारी खेतीलाई प्रोत्साहन गरिने। कृषि उपजको समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्था मिलाइने। आगामी वर्ष देखि स्थानीय तह, सहकारी संघ संस्था एवम् भूमि बैंक मार्फत हुने खेती र सामूहिक खेती गर्ने समूहलाई मात्र शीत भण्डार निर्माण अनुदान दिइने।
- खाद्य सुरक्षा तथा आपूर्ति व्यवस्थापनलाई सुदृढ तुल्याउन र कृषि उपजको मूल्य सुनिश्चितता दिन २०० खाद्य भण्डार केन्द्र स्थापना गर्न स्थानीय तहलाई रु.१ अर्ब वित्तीय हस्तान्तरणको व्यवस्था गरिने। यस्ता केन्द्र मार्फत समर्थन मूल्य तोकिएका कृषि उपज खरिद गर्ने र एक तहको प्रशोधन गरी बिक्री गर्न तथा सरकारी र निजीस्तरमा हाल सञ्चालनमा रहेका खाद्य गोदामको मर्मत गरी खाद्यान्न सञ्चय गर्न खाद्यान्न बैंकको अवधारणा कार्यान्वयन गर्ने व्यवस्था गरिने।
- सार्क खाद्य सुरक्षा बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा नेपालको तर्फबाट गर्नुपर्ने योगदान बढाइने। आपूर्तिसम्बन्धी सार्वजनिक संस्थानको भण्डार क्षमता बढाई खाद्यवस्तुको सहज उपलब्धता र मूल्य नियन्त्रण गरिने।
- संघ तथा सबै प्रदेशमा गरी ३ लाख १० हजार मेट्रिकटन क्षमताको भण्डारण गृह निर्माण तथा व्यवसायिक बिक्री कक्ष स्थापना गरिने। सबै स्थानीय तहमा खाद्य भण्डार स्थापना गर्न प्रोत्साहित गरिने।
- कृषिको उत्पादन तथा बजार जोखिम कम गर्न मोबाइल एप्स मार्फत किसानका लागि मौसम, बीउ बिजन, खेती प्रविधि र बजार मूल्यसम्बन्धी सूचना उपलब्ध गराइने। खाद्य स्वच्छता प्रवर्द्धन तथा नियमन गर्न कानुनी संरचना तयार गरिने। आगामी वर्ष कर्णाली र गण्डकी प्रदेशमा खाद्य गुणस्तर प्रयोगशाला सञ्चालनमा ल्याइने। विषादीको उपयोग सुरक्षित स्तरमा राख्न जनचेतना अभिवृद्धि र प्रभावकारी नियमन गरिने। सबै स्थानीय तहमा घुम्ती प्रयोगशाला माफर्त माटो परीक्षण गरी उपयुक्त बीउ, मल लगायतका कृषि सामाग्री सिफारिस गर्ने व्यवस्था मिलाइने।
- फलफुलका बिरुवा रोप्ने र संरक्षण गर्ने कार्यलाई अभियानको रुपमा सञ्चालन गर्न आगामी वर्ष कृषि तर्फ थप ५० लाख र वन तर्फका कार्यक्रमबाट थप ५५ लाख फलफुलका बिरुवा उत्पादन गरी वितरण गरिने। उपयोग विहिन सार्वजनिक जग्गा, सडक तथा राजमार्गका किनारा र नदी उकासबाट प्राप्त हुने जमिनमा अभियानको रुपमा फलफूल र अन्य उपयुक्त खेती गर्न निजी, सहकारी र सामुदायिक संघ संस्थालाई प्रोत्साहित गरिने।

- विकट पहाडी तथा दुर्गम जिल्लामा खाद्यान्न र आयोडिनयुक्त नुन ढुवानी अनुदानलाई निरन्तरता दिइने।
- खाद्य र पेय पदार्थको मापदण्ड निर्धारणगरी मापदण्ड पुरा नभएका वस्तुको आयातमा बन्देज लगाउन सबै अन्तर्राष्ट्रिय नाकामा क्वारेन्टाइन जाँचको व्यवस्था मिलाइने।
- किसानलाई गुणस्तरीय र उन्नत जातको बीउ उपलब्ध गराउन बालीको उन्नत जात विकास गर्दै बीउको गुणस्तर परीक्षणलाई बिस्तार गरी इजाजत प्राप्त बिक्रेताबाट उन्नत बीउ खरिद गर्ने किसानलाई नगद फिर्ता गर्ने व्यवस्था मिलाइने।
- मूख्य सीमा नाकामा पशु क्वारेन्टाइन स्थापना गरी प्रयोगशाला र अन्य पूर्वाधारको व्यवस्था गरिने।
- कृषि ऋणमा सहज पहुँच पुऱ्याउन किसान क्रेडिट कार्डको सुरुवात गरिने।
- बाँझो जमीन धेरै भएका स्थानीय तहमा भूमि बैंकको स्थापना सुरु गरी क्रमशः सबै स्थानीय तहमा विस्तार गर्दै लगिने।
- आपूर्ति प्रणालीलाई सहज बनाइ राख्न खाद्यान्न लगायत अत्यावश्यक वस्तुको पर्याप्त मौज्दात राख्ने, स्वास्थ्य सजगता अपनाई बिक्री वितरण गर्ने, होम डेलिभरी सेवालाई प्रोत्साहित गर्ने र बजार अनुगमनलाई सघन बनाउँदै अनुचित मूल्य वृद्धि, कृत्रिम अभाव तथा कालोबजारी नियन्त्रण गर्ने व्यवस्था गरी उपभोक्ता हित संरक्षण गरिने।

२.१०.२.**आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा उल्लेख भएका प्रमुख बेहोराहरु-**

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको प्रभावकारिता वृद्धि गरिने। कृषि बाली, मत्स्य र पशुपंक्षी उत्पादन लगायतका थप ७१ जोन सञ्चालनमा ल्याइने।
- खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चित गरिने। तीन वर्ष भित्र रासायनिक मल कारखाना स्थापना गरी प्रारम्भिक कार्य गर्न बजेट छुट्याईएको।
- अर्गानिक खेतीलाई प्रोत्साहन गर्न प्राङ्गारीक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिने। अर्गानिक खेतीको पकेट क्षेत्रमा उत्पादित उपजको ब्राण्डिङ, प्रमाणीकरण र बजार प्रवर्द्धन गरिने। जैविक बिषादी कारखाना स्थापना गर्न निजी क्षेत्रलाई ५० प्रतिशत पूँजिगत अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको।
- इजाजत प्राप्त विक्रेताबाट उन्नत बीउ खरिद गरी रोपण गर्ने कृषकलाई मूल्यको ५० प्रतिशतसम्म अनुदान दिने व्यवस्था मिलाइने।
- राष्ट्रिय राजमार्गको किनारामा रहेका बाँझो र सार्वजनिक एवम् नदी उकासबाट प्राप्त जग्गामा फलफूल, तरकारी र नगदेवाली लगाउन स्थानीय तह र कृषक समूहलाई प्रोत्साहित गरिने।
- न्युनतम समर्थन मुल्य तोकिएका धान, गहुँ र मकै लगायतका कृषि उपजको भण्डारण गरी आपूर्ति व्यवस्थापनलाई सहज एवम् नियमित बनाउन खाद्य व्यवस्था तथा व्यापार कम्पनी र कृषि सहकारी मार्फत खरिद गर्ने व्यवस्था मिलाइने।
- स्थानीय तह मार्फत २ सय खाद्य भण्डारण केन्द्र, ८९ शीतकक्ष र शीत भण्डार स्थापना गरिने।

- भोकमरी तथा खाद्य असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, वर्ग र समुदायलाई खाद्यान्न उपलब्ध गराई भोकमरी अन्त्य गरिने।
- खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चत गरिने। तीन वर्षभित्र रासायनिक मल कारखाना स्थापना गर्ने गरी प्रारम्भिक कार्य अघि बढाउने।
- सबै प्रदेशमा भण्डारण सुविधा सहितको कृषि उपज प्रशोधन केन्द्र र औद्योगिक कृषि बजार स्थापना गरिने। इलाममा अलैंची, मकवानपुरको छत्तिवनमा तरकारी, सल्यानमा अदुवा तथा जुम्लामा स्याउ लक्षित औद्योगिक कृषि बजार स्थापनाको सम्भाव्यता अध्ययन पूरागरी निर्माण कार्य सुरु गरिने।
- प्रदेश तथा स्थानीय तह मार्फत मेचीनगर, रङ्गेली, रत्ननगर, कागेश्वरी मनहरा, सन्धिखर्क लगायतका १७ स्थानमा कृषि थोकबजार स्थापना गरिने।
- सल्यानको कपुरकोट र डोटीको सिलगढीमा कृषि थोकबजार स्थापना गर्न पूर्व तयारीका कार्य गरिने।
- काठमाण्डौंको चोभारमा निर्माणधिन फलफूल तथा तरकारी हाटबजार सञ्चालनमा ल्याइने।
- कृषि उत्पादनलाई ढुवानी गर्न कृषि रज्जुमार्ग निर्माण गर्न स्थानीय तह तथा कृषि सहकारीलाई ५० प्रतिशत पुँजीगत अनुदान उपलब्ध गराइने।
- कृषि उपज सङ्कलन, प्रशोधन तथा ब्राण्डिङगरी स्वदेशी तथा अन्तर्राष्ट्रिय बजारमा बिक्री वितरण गर्न रुपन्देहीको कर्सघाटमा आधुनिक प्रविधियुक्त कृषिउपज थोकबजारको निर्माण कार्य आरम्भ गरिने।
- कृषकलाई बीउ बिजन तथा मलको उपलब्धता, मौसम र सबै प्रकारका कृषि उपजको बजार मूल्यसम्बन्धी जानकारीमूलक सूचना मोबाईल एप्स मार्फत नियमित रुपमा उपलब्ध हुने व्यवस्था मिलाइने।
- कृषिमा आधारित उद्यम तथा मूल्य श्रृङ्खला विकासको लागि सहुलियतपूर्ण कर्जा प्रवाह गरिने।
- दुई वर्षभित्रमा नेपाललाई दुध र तरकारी, तीन वर्षभित्रमा गहुँ, मकै, कोदो र फापर एवम् ५ वर्षभित्र चामलमा आत्मनिर्भर बनाइने।
- कृषकबाट उत्पादित दुधका लागि बजार सुनिश्चित गर्न विराटनगर, पोखरा लगायतका स्थानमा दुध सङ्कलन र चिस्यान केन्द्रको स्थापना र क्षमता विस्तार गरिने।
- स्वदेशमा उत्पादित दुध तथा दुग्धजन्य पदार्थको खपत वृद्धि गर्न निजी तथा सहकारी संघ संस्थाहरुको लगानीमा उच्च तापमानयुक्त दुध प्रशोधन तथा धुलो दुध कारखाना स्थापना गर्न ३५ प्रतिशतसम्म पुँजीगत अनुदान दिने व्यवस्था मिलाइएको।
- "अब कोहि भोकै पर्दैन, भोकले कोहि मर्दैन" भन्ने सरकारको संकल्पलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न भूमिहिन किसान, दलित र आर्थिक तथा सामाजिक दृष्टिले पछाडि परेका वर्ग र समुदायमा खाद्य एवम् पोषणको पहुँच विस्तार गरिने।

- खाद्य वस्तुको स्वच्छता एवम् गुणस्तर कायम गर्न अनुगमन गर्ने निकायको क्षमता अभिवृद्धि गरिने। राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप विकास गरी खाद्य स्वच्छता परीक्षणको क्षेत्र र दायरा विस्तार गरिने।
- प्रमुख कृषि थोक तथा हाट बजारमा विषादी अवशेष परीक्षणका लागि घुम्ति सेवा सुरु गरिने।
- राष्टिय गुणस्तर नीति तर्जुमा गरिने।बजारमा हुने एकाधिकार र मूल्य मिलेमतो निर्मूल गर्दै आपूर्ति प्रणालीलाई स्वच्छ एवम् प्रतिष्पर्धी बनाइने।
- कर्णाली लगायतका दुर्गम क्षेत्रमा खाद्यान्न र नुन ढुवानीका लागि प्रदान गरिने अनुदानलाई निरन्तरता दिने।
- आयोडिनयुक्त नुन आपूर्तिलाई सर्वसुलभ, गुणस्तरीय एवम् न्युन मूल्यमा उपलब्ध गराउन निजी क्षेत्रको सहभागितामा नुन उत्पादन तथा वितरण प्रतिस्पर्धी बनाइने।
- विद्यमान कृषि अनुदान प्रणालीलाई पुनरावलोकन गरी कृषक, कृषि उद्यमी, कृषक समुह र सहकारी संघ संस्थालाई उत्पादनमा आधारित प्रोत्साहन अनुदान प्रदान गरिने।
- कृषि उत्पादनको विविधीकरण एवम् विशिष्टीकरण मार्फत उत्पादकत्व अभिवृद्धि गरी नागरिकको खाद्य एवम् पोषण अधिकार सुनिश्चित गरिने।
- कृषियोग्य जमिनको चक्लाबन्दी गरी कबुलियती, सामूहिक र करार खेती गर्न प्रोत्साहित गरिने।
- उपयोगमा नआएका सरकारी कृषि फर्म र बाँझो जमिनमा व्यवसायिक खेती गर्न निजी क्षेत्रलाई लिजमा दिने नीति अवलम्बन गरिने। पहाडी क्षेत्रका भोजपुर, नुवाकोट, बैतडी लगायतका जिल्लामा फलफुल र हिमाली क्षेत्रका मनाङ्ग, मुस्ताङ, म्याग्दी, डोल्पा लगायतका जिल्लामा व्यावसायिक पशुपालनका लागि निजीक्षेत्रलाई प्रोत्साहन गरिने।
- कृषियोग्य भूमिको वर्गीकरण एवम् माटो परीक्षण गरी भौगोलिक एवम् मौसमी अनुकुलताको आधारमा बाली लगाउन प्रोत्साहन गरिने।
- माटो जाँच प्रयोगशालाको क्षमता अभिवृद्धि गरी डिजिटल स्वायल म्यापिङ्ग प्रणाली कार्यान्वयमा ल्याइने।

२.१०.३. **आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा उल्लेख भएका प्रमुख व्यवस्थाहरुः**

- कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि यस क्षेत्रको व्यवसायीकरण, यान्त्रिकीकरण र आधुनिकीकरण गरिने। यस कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि मार्गदर्शन गर्न सम्माननीय प्रधानमन्त्रीको संयोजकत्वमा विभागीय मन्त्रीहरू सहितको उच्चस्तरीय संयन्त्र निर्माण गरिने।
- धान, गहुँ, मकै र दूध लगायतका कृषि उत्पादनको न्युनतम समर्थन मूल्य तोकिने। उक्त मूल्यमा तोकिएका खाद्यान्न बाली खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड लगायतका संस्थाहरूले खरिद गर्ने व्यवस्था मिलाइने। समर्थन मूल्य र खरिद मूल्यबीच अन्तर हुन गएमा सोधभर्ना उपलब्ध गराउने व्यवस्था मिलाइएको। धान लगायतका खाद्यान्न भण्डारणका लागि मुलुकभर १०० सामुदायिक खाद्य गोदाम घर निर्माण गर्ने।

- पशुपन्क्षी तथा मत्स्यपालनका लागि आवश्यक उन्नत नश्ल, माछाका भुरा, उन्नत घाँसका बीउ, बेर्ना, दाना, औषधि, खोप लगायतका सामग्रीहरू स्वदेशमै उत्पादन गर्न प्रोत्साहित गरिने। पशुपन्क्षीमा हुने महामारी रोग नियन्त्रणको लागि खोप कार्यक्रम सञ्चालन गरिने। पशु नश्ल सुधार मार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्न पशुप्रजनन कार्यालयको संस्थागत क्षमता सुदृढ़ीकरण गरी मुलुकका ५१० स्थानीय तहमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइने। कुखुरा लगायत पशपुन्छीको खोपको आयातमा सहजीकरण गरिने।
- रूपन्देहीको कर्साघाटमा आधुनिक कृषि उपज निर्यात बजार निर्माण कार्य शुरू गरिने।
- उपभोक्ता हित प्रवर्द्धनगर्न बजार अनगुमन प्रणालीलाई थप क्रियाशील बनाई स्वच्छ र प्रतिस्पर्धी बजार विकास गरिने। दुर्गम क्षेत्रमा खाद्य सुरक्षाको लागि खाद्य भण्डार निर्माण एवं खाद्यान्न तथा आयोडिनयुक्त नुन ढुवानी अनुदान कार्यक्रमलाई निरन्तरता दिइएको।
- कृषकहरूलाई सरल र सहज रूपमा बीउ, मल, प्रविधि र सिँचाइ सुविधा उपलब्ध गराउने, लघुवित्त मार्फत सहुलियतपूर्ण कर्जा प्रदान गर्ने, कृषि बीमा विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्ने, कृषि उत्पादन सङ्कलन केन्द्र निर्माण गर्ने, कृषि उत्पादन ढुवानीका लागि कृषि एम्बुलेन्सको व्यवस्था गर्ने, उत्पादित वस्तुको मूल्य निर्धारण गर्ने, कृषि उत्पादन बिक्री वितरणको लागि बजारको व्यवस्था गर्ने तथा स्थानीय तहले तोकेका विशिष्टीकृत कृषि तथा पशु उपजको न्युनतम समर्थन मूल्य तोकी खरिद गर्ने प्रत्याभुति गरिने।
- कृषि उत्पादन देखि बजारीकरणसम्मका प्रक्रियाहरूमा उत्प्रेरक, परिचालक र श्रम सहयोगीको रूपमा सहभागी हुनेगरी प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार युवाहरू मध्येबाट प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत श्रम सहकारीमा आवद्ध गरी कम्तीमा ३ सय कृषि स्वयंसेवक तयार पारिने।
- संघ, प्रदेश र स्थानीय तहसँगको समन्वयमा बाँझो एवं उपयोग विहीन खेतीयोग्य जमिन कृषक, कृषक सहकार्य समूह तथा कृषक सहकारीलाई लीजमा उपलब्ध गराउने व्यवस्था मिलाइने। कृषिको रूपान्तरण अभियानमा उत्कृष्टता हासिल गर्ने प्रत्येक प्रदेशका ३ वटा स्थानीय तहलाई रु. ५ करोडका दरले प्रोत्साहन अनुदान उपलब्ध गराइने। संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा सञ्चालन हुने आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम कार्यान्वयनका लागि रु.१० अर्ब विनियोजन गरिएको।
- किसानलाई आवश्यक पर्ने कृषि कर्जा किसानको घरदैलोमा सरल र सहज रूपमा उपलब्ध गराउन रु. ५ खर्ब बराबरको कर्जा प्रवाह गर्न एक लघु वित्त कोष स्थापना गरिने। कोषमा बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा विपन्न क्षेत्र तथा कृषि उत्पादन क्षेत्रमा प्रवाह गर्नुपर्ने कर्जाको रकम लगानी गर्नुपर्ने व्यवस्था मिलाइएको। उक्त कार्यमा नागरिक लगानी कोष, कर्मचारी सञ्चयकोष र सामाजिक सुरक्षा कोषबाट समेत निश्चित रकम लगानी गर्ने व्यवस्था मिलाइने। किसान हुनमा आत्मसम्मान र गौरव वृद्धि गर्न किसानसँग सरकार कार्यक्रम अन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना शुरूवात गर्न किसान हित कोष स्थापना गरिने। उक्त कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत रकम नेपाल सरकारले जम्मा गरिदिने व्यवस्था मिलाइने। कोष स्थापना गर्न प्रारम्भमा बीउ पुँजी बापत रु. १ अर्ब छुट्याइएको।

- ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्ड नेपाल मार्फत कार्य अगाडि बढाइने। आगामी वर्ष प्रमुख बालीहरू लगाउने समयमा रासायनिक मलको सहज आपूर्ति सुनिश्चित गर्न मल खरिदका लागि रु.१५ अर्ब विनियोजन गरिएको। तीनै तहका सरकारको समन्वयमा प्रत्येक स्थानीय तहमा प्राङ्गारिक मल उत्पादन तथा उपयोगलाई प्रोत्साहन गर्न आवश्यक रकम विनियोजन गरिएको।
- खाद्य सुरक्षाको लागि बीउ सुनिश्चितता अभियान अन्तर्गत कृषिमा आत्मनिर्भरताका लागि गुणस्तरीय बीउ विजनमा क्रमशः आत्मनिर्भर बनाउँदै लगिने। उन्नत तथा वर्णशंकर बीउ विकास तथा अनुसन्धानमा राष्ट्रिय कृषि अनसुन्धान परिषद, विश्वविद्यालयहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, निजी क्षेत्र तथा किसानहरूको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइने।
- जलवायु परिवर्तन, रोग/किराको प्रकोप एवं प्राकृतिक विपद्हरूबाट कृषि, पशुपन्क्षी पालन तथा मत्स्य क्षेत्रमा रहेको जोखिम न्यूनीकरणका लागि पशुपन्क्षी बीमा लगायतका अनुकूलन व्यवस्थापनका कार्यक्रमहरू सञ्चालन गरिने।
- कृषि बाली तथा पशु बीमाको प्रिमियममा ८० प्रतिशत अनदुान प्रदान गर्ने।
- प्रत्येक प्रदेशमा ठूला र मध्यम आकारका मोडिफाइड एटमोस्फेयर कोल्ड स्टोर खोल्ने व्यवस्था मिलाइने। चोभारस्थित फलफूल तथा पुष्प बजार सञ्चालनमा ल्याइने।
- कर्णाली प्रदेशमा रैथाने बाली तथा जैविक खेतीको संरक्षण र विकास गर्नुका साथै कृषिको आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र विशिष्टीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि, मूल्य श्रृङ्खला विकासमा सहलगानी, सामुदायिक कृषि पूर्वाधार विकास एवं कृषि उपजको बजारीकरणमा सहयोग गर्न कृषि क्षेत्र विकास कार्यक्रम कार्यान्वयन गरिने।
- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको पुर्नसंरचना गरी प्रदेश र स्थानीय सरकारको शेयर लगानीसहित प्रदेश र स्थानीय तहमा कृषि उपज खरिद बिक्रीको कार्य समेत गर्ने गरी शाखा विस्तार गरिने।
- कृषि, खाद्य प्रविधि तथा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूलाई क्रमशःअन्तर्राष्ट्रिय प्रयोगशालामा स्तरोन्नति गर्न न्युनतम पूर्वाधार विकास र क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिने। खाद्य पदार्थमा हुनसक्ने थप दुई वर्गका विषादीहरूको अवशेष परीक्षण शुरू गरिने। प्राङ्गारिक कृषि उत्पादनलाई प्रोत्साहन, प्रमाणीकरण र ब्राण्ड प्रवर्द्धन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा बजारीकरण गरिने।
- आगामी आर्थिक वर्ष आत्मनिर्भरताको लागि कृषि उत्पादनको राष्ट्रिय अभियान वर्ष हुने। यस अभियान अन्तर्गत आन्तरिक उत्पादन बढाउन आत्मनिर्भरताको लागि कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिने। नेपालको ग्रामीण क्षेत्रलाई कृषि उत्पादनको केन्द्रको रूपमा विकास गरिने।
- किसानहरूलाई कृषि सहकार्य समूह र सहकारीमा संगठित गरी उपलब्ध खेतीयोग्य जमिनका साथै बाँझो जमिनको उपयोग गरी कृषि उत्पादन बढाइने।
- जलवायु परिवर्तन अनुकूलन कार्यक्रम अन्तर्गत मुगु, जुम्ला र कालिकोट जिल्लाका जलवायु तथा खाद्य संकट भएका बासिन्दाहरूको जीविकोपार्जन सुधार र अनुकूलन क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिने।

२.११. **खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५**– नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी मौलिक हकलाई कार्यान्वयन गर्ने र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पहुँच सुनिश्चित गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्ने उल्लेख छ।

२.१२. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४**– खाद्य र पोषण सुरक्षासम्बन्धी नीति, कानुन, मानदण्ड र मापदण्डहरू तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने उल्लेख छ।

२.१३. **उपभोक्ता संरक्षण ऐन, २०७५**– गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको संरक्षण तथा सम्बर्धन गर्न, उपभोक्तालाई प्राप्त हकको प्रचलनका लागि न्यायिक उपचार प्रदान गर्न र उपभोक्तालाई हुन सक्ने हानि, नोक्सानी वापत क्षतिपूर्ति उपलब्ध गराई उपभोक्ता संरक्षण गर्ने उल्लेख छ।

२.१४. **आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५**– आयोडिनको कमीबाट जनस्वास्थ्यमा पर्न जाने व्यापक र गम्भीर असरलाई कम खर्चिलो र सरल तरिकाले निवारण र निर्मुल गर्न आयोडिनयुक्त नूनको समुचित मात्रामा उत्पादन, पैठारी, आपूर्ति, बिक्री वितरण तथा नुनमा आयोडिन मिश्रणको व्यवस्था गर्ने उद्देश्य रहेको छ।

२.१५. **कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२**– सर्वसाधारण जनताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न कालोबजार, नाफाखोरी, जम्माखोरी, मिसावट र केही अन्य सामाजिक अपराध नियन्त्रण गर्ने उल्लेख छ।

२.१६. **खाद्य ऐन,** – सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधा कायम राख्न खाद्य पदार्थमा कुनै अवान्छनीय मिसावट रोक्न वा खाद्य पदार्थमा रहको स्वभाविक कुनै गुण वा उपयोगिता घटाउन वा झिक्न नपाउने गर्न र खाद्य पदार्थको उचितस्तर बनाई राख्नको निमित्त जारी भएको खाद्य ऐन,२०२३ लाई समयानुकूल परिवर्तन गर्न खाद्य स्वच्छता तथा गुणस्तर विधयेक, २०८० संसदबाट पारित भएको छ।

२.१७. **पशु वधशाला तथा मासु जाँच ऐन, २०५५**– सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु वा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वास्थता तथा मासुमा हुने गुण बिग्रन नदिई उपयुक्त स्तर कायम राख्नको लागि पशु बधशाला स्थापना गर्ने र मासु जाँच गर्ने लगायतका व्यहोरा उल्लेख छ।

२.१८. **भूउपयोग ऐन, २०७६**– भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दिगो लाभ हासिल गर्ने लगायतका व्यहोरा उल्लेख छ।

२.१९. **जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६**– जीवनाशक विषादीको उत्पादन, संश्लेषण, निकासी, पैठारी, भण्डारण, बिक्री वितरण, ओसारपसार, प्रयोग, विसर्जन जस्ता कार्यलाई नियमन गरी मानव तथा जीवजन्तुको स्वास्थ्य र वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई नियन्त्रण गर्ने लगायतका व्यहोरा उल्लेख भएको।

३. **निकायगत व्यवस्था**– खाद्य सुरक्षा तथा पोषणमा गुणस्तरयुक्त र आवश्यक पोषण सहितको खाद्यान्नको उपलब्धता, खाद्यान्नमा जनताको भौतिक र आर्थिक पहुँच तथा सोको दिगोपन हुन जरुरी छ। खाद्य सुरक्षा तथा पोषणको व्यवस्थापनको लागि स्थापना तथा सञ्चालन भएका निकायहरु देहाय बमोजिम छन्।

३.१. **कृषि तथा पशुपन्छी विकास मन्त्रालय–** देशमा आवश्यक खाद्यान्नको उत्पादन, वितरण र गुणस्तर नियन्त्रणको कार्य केन्द्रीय स्तरमा कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले गर्दछ। मन्त्रालय अन्तर्गत कृषि, पशु सेवा र खाद्य तथा प्रविधि गुण नियन्त्रण समेत ३ विभाग, प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन, कृषि सूचना तथा प्रशिक्षण र बीउ विजन गुणस्तर नियन्त्रण समेत ३ केन्द्र, राष्ट्रिय किसान आयोग, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल पशु चिकित्सा परिषद्, नेपाल कपास विकास समिति, कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति समेत ५ समिति तथा परिषद् र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, ग्रामिण उद्यम तथा आर्थिक विकास आयोजना, नेपाल लाईभस्टक सेक्टर इन्नोभेसन आयोजना, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना, कृषि क्षेत्र विकास आयोजना, समुदाय व्यवस्थित सिञ्चित कृषि क्षेत्र आयोजना समेत ६ आयोजना सञ्चालनमा रहेका छन्।

३.२. **उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय–** मन्त्रालयअन्तर्गत रहेको आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखाले उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमनसम्बन्धी कार्यहरु गर्दछ। साथै अत्यावश्क वस्तुहरुको राष्ट्रिय मौज्दात, सार्वजनिक गोदाम, तथा राष्ट्रियस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्थासम्बन्धी कार्यहरु; आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिण्डिकेट तथा कार्टेलिङ्गको नियन्त्रणसम्बन्धी नीति, कानुन र नियमनसम्बन्धी कार्यहरुका साथै आपूर्तिसँग सम्बन्धित सार्वजनिक संस्थानको सञ्चालन र नियमनसम्बन्धी कार्यहरु; उपभोक्ता हित संरक्षण विभागसम्बन्धी कार्यको समन्वयसम्बन्धी कार्यहरु र उपभोक्ता हक संरक्षणसम्बन्धी संवैधानिक व्यवस्थासम्बन्धी कार्यहरु तथा उद्योग, वाणिज्य तथा आपूर्ति सम्बद्ध निजी संस्थाहरुसँग सहकार्य गरी आपूर्ति व्यवस्था सहज तुल्याउनेसम्बन्धी कार्यहरु गर्दछ।

३.३. **खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड–** खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको उद्देश्य खाद्य सुरक्षाको सुनिश्चिततामा योगदान गर्नु, किसानको उत्पादन र स्वदेशी उद्योगले प्रोत्साहन पाउने तथा उपभोक्ताले प्रतिस्पर्धी मूल्य एवं गुणस्तरका अत्यावश्यक वस्तु सहज र सुलभ रुपमा प्राप्त गर्नसक्ने गरी बजार निर्माताको भूमिका खेल्नु, उपलब्ध श्रोत साधनको अधिकतम उपयोग तथा व्यवसायिक क्रियाकलाप विस्तार र विविधीकरण गर्दै दिगो आय आर्जन गर्नु तथा अत्यावश्यक वस्तु तथा सेवाको माग र आपूर्तिका तथ्याङ्कीय आधार तयार गरी नीति निर्माण गर्न आवश्यक सहयोग पुऱ्याउनु रहेको छ।

३.४. **राष्ट्रिय पोषण तथा खाद्य सुरक्षा समन्वय समिति (राष्ट्रिय योजना आयोग) –** नेपालमा खाद्य सुरक्षा र पोषण कार्यक्रमको लागि नीतिगत नेतृत्व प्रदान गर्न राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा उच्च स्तरीय पोषण र खाद्य सुरक्षा निर्देशक समिति र राष्ट्रिय योजना आयोगको सदस्यको अध्यक्षतामा पोषण र खाद्य सुरक्षा समन्वय समिति रहेको छ।

३.५. **नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली राष्ट्रिय प्राविधिक समन्वय समिति–** खाद्य सुरक्षा अनुगमन र कार्यक्रम सञ्चालनको लागि नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली अन्तर्गत राष्ट्रियस्तरमा मुख्य सरोकारवालाहरूको प्रतिनिधित्व हुने गरी नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली राष्ट्रिय प्राविधिक समन्वय समिति गठन गरिएको छ।

३.६. **प्रदेश सरकार–** ७ प्रदेशमा कृषि तथा पशुपन्छीसँग सम्बन्धित मन्त्रालय, कृषि विकास निर्देशनालय,पशु विकास निर्देशनालय र भेटेरीनरी तथा पशुसेवा विज्ञ केन्द्र, कृषि ज्ञान केन्द्र लगायतका कार्यालयहरु रहेका छन।

३.७. **स्थानीय तह–** प्रत्येक स्थानीय तहमा कृषि तथा पशुपन्छीसँग सम्बन्धित शाखा रहेका छन्।

४. **वित्तीय व्यवस्था–** खाद्य सुरक्षा तथा पोषण व्यवस्थापनमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, प्रदेश सरकार, स्थानीय सरकार लगायतबाट खर्च हुने गरेको छ। यसमा सलंग्न सबै निकायबाट भएको खर्चको विवरण उपलब्ध हुन नसकेकोले यहाँ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आर्थिक वर्ष २०७७/७८ देखि २०७९/८० सम्मको विनियोजन तथा खर्चको विवरण उल्लेख गरिएको छ।

आर्थिक वर्ष	विनियोजित बजेट	खर्च
२०७७/७८	२८६२३६	२३००६८
२०७८/७९	३७७६६०	३०३९८७
२०७९/८०	५४९९८७	४५२२१७

परिच्छेद-२
लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति एवं सीमितता

५. **लेखापरीक्षणको उद्देश्य–** नेपालमा खाद्य सुरक्षा सम्बन्धमा भएका कानुनी तथा नीतिगत व्यवस्था, संस्थागत व्यवस्था एवं कार्यगत व्यवस्था बारे देहायका विषयको परीक्षण तथा विश्लेषण गरी सुधारका पक्ष बारे सुझाव दिनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

५.१. खाद्य उत्पादन, उत्पादकत्व, आयात, उपभोग र आपतकालीन खाद्यान्न मौज्दातको अवस्था परीक्षण गर्नु।

५.२. नेपालमा खाद्यान्नको उपलब्धता, खाद्यान्नको पहुँच, खाद्यान्नको उपयोग र खाद्यान्नको स्थिरताको अवस्थाको मूल्याङ्कन गर्नु।

५.३. खाद्य सुरक्षा नीति, कार्यक्रम र पहलहरूको प्रभावकारिता मूल्याङ्कन गर्नु।

५.४. खाद्य सुरक्षाको सकारात्मक पक्ष तथा चुनौतिहरुको विश्लेषणका आधारमा आवश्यक सुझाव दिनु।

६. **लेखापरीक्षणको क्षेत्र–** खाद्य सुरक्षा सम्वन्धी नीति, कानुन, कार्यक्रम, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा नेपालको अवस्थासम्बन्धी विषयवस्तु लेखापरीक्षणको क्षेत्र रहेको छ। त्यस्तै कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका विभाग, आयोजना, कार्यक्रम, खाद्य गोदाम तथा व्यापार कम्पनी लिमिटेडबाट सञ्चालित कार्यक्रमहरु लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। यसमा उपलब्ध भएसम्म आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्मको तथ्याङ्क र विवरण समावेश गरिएको छ।

७. **लेखापरीक्षण पद्धति तथा आधार–** नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, समिक्षा पत्र, लेखापरीक्षण योजना, महालेखापरीक्षक तथा कार्यालयको निर्देशन, कार्यमूलक लेखापरीक्षण निर्देशिका २०७९, छलफल, प्राथमिक तथा द्वितीय स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन, लेखापरीक्षण प्रतिवेदन र पृष्ठपोषणको चरण रहेको छ। लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण र विस्तृत विवरणको परीक्षणविधि अवलम्बन गरिएको छ। खाद्य सुरक्षासँग सम्बन्धित काम कारवाही उपर व्यवस्थापनको दृढोक्तिमा आश्वस्त हुन पेश हुने कार्य सम्पादन समेटिएको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, तथा विश्लेषण गरिएको छ।

लेखापरीक्षण कार्य पद्धतिमूलक प्रक्रिया तथा नतिजामूलक प्रक्रिया अपनाई गरिएको छ। लेखापरीक्षण आधारको रुपमा नेपालको संविधान, प्रचलित ऐन, कानुन, नीतिमा उल्लेख भएका विषयलाई अपनाइएको छ।यसरी प्रयोग गरिने लेखापरीक्षण आधारहरुको सम्बन्धमा लेखापरीक्षण गरिने निकायका पदाधिकारीसँग आवश्यक छलफल गरिएको छ।

८. **लेखापरीक्षणको सीमितता–** लेखापरीक्षणको क्रममा नेपाल सरकारका विभिन्न निकायहरुबाट प्राप्त तथ्याङ्कहरुको आधारमा खाद्य सुरक्षाको अवस्थाको विश्लेषण गर्ने प्रयास गरिएको छ। प्राप्त तथ्याङ्कहरुमा एकरुपताको कमि महसुस गरिएको छ। नेपालको संविधानले धारा ३६ को खाद्यसम्बन्धी हकमा खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको हक दुवैबारे समानरुपमा उल्लेख गरेको भएता पनि लेखापरीक्षणमा खाद्य सुरक्षाको उपलब्धता, पहुँच, उपयोग र स्थिरतामा पक्षलाई मात्र

समेटिएको छ। लेखापरीक्षणको लागि उपलब्ध समय सीमा, संलग्न जनशक्ति, सूचना तथा तथ्याङ्क सङ्कलन, स्थलगत अवलोकनको लागि स्रोतको अभाव, सूचना प्राप्तिमा कठिनाई समेतले लेखापरीक्षणको दायरालाई सीमित गरेको छ। लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, कारोबारको नियन्त्रण जोखिमको मात्रा तथा लागतको दृष्टिकोणबाट सम्पूर्ण क्रियाकलापलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने हुँदा लेखापरीक्षण योजना बमोजिम सारभूत विषयको छनौट गरी परीक्षण गरिएको छ। लेखापरीक्षण गरिने निकायबाट परीक्षणको लागि उपलब्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा परीक्षण विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ।

परिच्छेद-३
लेखापरीक्षणबाट देखिएका बेहोराहरु

विश्व खाद्य सम्मेलन, १९९६ ले प्रत्येक व्यक्तिले स्वस्थ र सक्रिय जीवनयापनको लागि आफ्नो आवश्यकता र चाहना अनुरुप सधैं पर्याप्त, स्वच्छ, पोषणयुक्त वस्तुको नियमित उपलब्धता र भौतिक तथा आर्थिक पँहुच भएको अवस्था खाद्य सुरक्षा हो भनी परिभाषित गरेको छ। देशमा खाद्यान्नको उपलब्धता आयातबाट हुन सक्ने भए पनि आयातमा हुने जोखिम र मूल्य स्थिरताको कारण देश भित्र आवश्यक परिमाणको खाद्यान्न आफ्नै उत्पादनबाट पूर्ति हुनु पर्दछ र सोको लागि पर्याप्त मात्रामा उब्जाउयोग्य कृषि भूमि, बिउ विजन, मलखाद, मानवसंसाधन र पूजिँको आवश्यकता पर्दछ। देशमा कृषि उपज उत्पादनको लागि भौतिक संरचनाको निर्माण, नियमित बजेट विनियोजन, अनुदानको उपलब्धता, मानव संसाधन, सिचाँई व्यवस्था, मलखाद, बीउ विजनको उपलब्धता, खाद्य भण्डारण, लगायतको व्यवस्था भए पनि पर्याप्त हुन सकेको छैन। खाद्य सुरक्षा सम्बन्धमा सुधार गर्नु पर्ने देखिएका व्यहोरा देहाय बमोजिम छन।

९. **खाद्य सुरक्षा स्थिति–** पन्धौं योजनाको मध्यमकालिन खर्च संरचना २०७९/८० अनुसार आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवारको जनसंख्या पन्धौं योजनाको आधार वर्ष २०७५/७६ को ४८.२ प्रतिशतबाट ८० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ५६ प्रतिशत पुगेको र २०७९/८०मा ६३ प्रतिशत पुग्ने अनुमान रहेको छ। आवधिक योजनाको ५ वर्ष मध्ये ४ वर्ष व्यतित भई सकेको अवस्थामा आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवारको जनसंख्याको प्रतिशत ५६ मात्र रहेकोले योजनाले तोके बमोजिमको लक्ष्य हासिल गर्न चुनौती पूर्ण हुने देखिन्छ। आधारभूत खाद्य सुरक्षाको सुनिश्चितताको लागि आवधिक योजना अनुसारको लक्ष्य पुरा गर्न सम्बन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ।

१०. **विश्व खाद्य सूचकाङ्क–** पन्धौं योजनाले विश्वव्यापी खाद्य सुरक्षा सूचकाङ्क ४६ बाट ६६ पुऱ्याउने लक्ष्य लिएको छ। द इकोनोमिस्ट इन्टेलिजेन्स युनिटले हरेक वर्ष विभिन्न देशको खाद्य सुरक्षाको स्थिति अध्ययन गरी विश्व खाद्य सुरक्षा सूचकाङ्क प्रतिवेदन प्रकाशित गर्ने गर्दछ। यसका लागि १८ वटा प्यारामिटरहरु जस्तै: पोषण मापदण्ड, खाद्यान्न उपभोगमा हुने खर्चको अनुपात, खेर जाने खाद्यान्न, प्रोटिनको गुणस्तर, कृषि वस्तुको आयातमा लाग्ने भन्सार, कृषि पूर्वाधार, कृषि उत्पादनमा स्थिरता, विश्व गरिबीको तुलनामा देशको गरिबीको अनुपात, प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन, खाद्य सुरक्षा कार्यक्रमहरुको सञ्चालन स्थिति, वित्तमा कृषकको पहुँच, कृषि अनुसन्धान र विकासमा भएको सार्वजनिक खर्च, भ्रष्टाचार, राजनीतिक स्थिरताको जोखिम, खाद्यान्नको आपूर्तिको पर्याप्तता र खाद्यमा पहुँच लगायतलाई समेटी देशको स्थान निर्धारण गर्ने गरिन्छ। यस प्रतिवेदन अनुसार सन् २०१८ देखि २०२२ सम्मको नेपालको खाद्य सुरक्षाको स्थिति देहाय बमोजिम छ।

वर्ष (सन्)		२०१८	२०१९	२०२०	२०२१	२०२२
खाद्य सुरक्षा वातावरण(मूल सूचकाङ्क)	अङ्क	५७	५६.५	५६	५५.१	५६.९
	स्थान	७४	७२	७६	७६	७४
खाद्यान्न किन्न सक्ने क्षमता(Affordability)	अङ्क	६२.६	६०.९	५६.७	४९.२	५२.७
	स्थान	८५	८०	८४	९१	८५
खाद्यान्न उपलब्धता(Availability)	अङ्क	६१.८	६२.६	६३.१	६८.७	७०.९
	स्थान	४८	४१	४०	१७	१३
खाद्यान्न गुणस्तर र सुरक्षा (Quality and Safety)	अङ्क	५५.२	५५.७	५६.१	५७	५७.९
	स्थान	८६	८२	८१	७८	७२
खाद्यान्नमा स्थिरता तथा अनुकुलता (Sustainability and Adaptation)	अङ्क	४५.२	४४.७	४६.९	४५.९	४६.२
	स्थान	७५	८३	७८	८१	८४

उपर्युक्त तथ्याङ्कको आधारमा खाद्य सुरक्षा सूचकाङ्कको विश्लेषण गर्दा नेपालको अवस्था समग्रमा स्थिर देखिन्छ। तथापी खाद्य उपलब्धताको अवस्था सुधारात्मक देखिएतापनि खाद्य गुणस्तर र सुरक्षा स्थिरताको पक्षमा उल्लेख्य सुधार भएको देखिएन। यसबाट बजारमा उपलब्ध भएको खाद्यपदार्थहरुको गुणस्तर र स्थिरता भरपर्दो देखिदैन। यसको अलावा क्रयशक्ति (Affordability) घटेको देखिन्छ। यसबाट बजारमा खाद्य पदार्थको उपलब्धता भएता पनि क्रयशक्तिको कमीले गर्दा सबै घरपरिवारले खाद्य सुरक्षाको अनुभूति गर्न सक्ने अवस्था देखिएन। खाद्य सूचकाङ्क निर्माण गर्दाको अवस्था देखिनै प्रत्येक नागरिकले खाद्य अधिकारको अनुभूति गर्न पाउने अवस्था सिर्जना हुने गरी खाद्य अनुगमन प्रणालीको स्थापना गर्नुपर्दछ।

११. **कृषि पेशा** – खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा कृषि पेशालाई सम्मानित बनाउन सहुलियत, छुट सुविधा र योगदानमा आधारित निवृत्तिभरण उपलब्ध गराउने व्यवस्था छ।त्यस्तै आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा किसान हुनुमा आत्मसम्मान र गौरव वृद्धि गर्न किसानसँग सरकार कार्यक्रम अन्तर्गत योगदानमा आधारित किसान पेन्सन योजना शुरूवात गर्न किसान हित कोष स्थापना गरिने र उक्त कोषमा हरेक महिना किसानले जम्मा गर्ने रकमको १० प्रतिशत रकम नेपाल सरकारले जम्मा गरिदिने व्यवस्था मिलाइने उल्लेख छ। कृषि गणना, २०७८ अनुसार देशमा कृषि पेशामा आवद्ध जनसंख्या ६२ प्रतिशत रहेको छ। कुल जनसंख्याको ६२ प्रतिशत कृषि पेशामा आवद्ध रहेतापनि कृषि उत्पादनले वर्षभरि खान पुग्नेको जनसंख्या ४५ प्रतिशत मात्र रहेको छ। कृषकको आफ्नै कृषि उत्पादनले खान नपुग हुने कृषक स्थिति देहाय बमोजिम छ।

विवरण	कृषि गणना २०६८	कृषि गणना २०७८
१२ महिना खाद्यान्न पुग्ने कृषि परिवार	४०.१	४५
१२ महिना खाद्यान्न अपुग कृषि परिवार	५९.९	५५

आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र परिवारलाई खान पुगेन भन्ने कृषक परिवार	२०६८		२०७८	
नपुग महिना	संख्या (हजारमा)	प्रतिशत	संख्या (हजारमा)	प्रतिशत
१-३ महिना	४१७.१	१८.२	५४४.२	२३.९
४-६ महिना	१००५.६	४३.८	१०६३.९	४६.८
७-९ महिना	५३०.९	२३.१	४६४.८	२०.४
१०-१२ महिना	३१४.७	१४.९	२०१.	८.८

नपुग महिनाको लागि खाद्यान्न खरिदको स्रोत

आफ्नै कृषि उत्पादनबाट भएको आम्दानीले मात्र परिवारलाई खान पुगेन भन्ने कृषक परिवार	२०६८		२०७८	
नपुग महिनाको लागि आम्दानीको स्रोत	संख्या (हजारमा)	प्रतिशत	संख्या (हजारमा)	प्रतिशत
आफ्नै गैर कृषि व्यवसायबाट	१४९.०	६.५	२२८.९	१०.१
तलब/ज्यालामा काम गरेर (आफ्नै जिल्लाभित्र)	१२९८.६	५६.६	१४०४.१	६१.७
तलब/ज्यालामा काम गरेर (आफ्नै जिल्लाबाहिर तर देशभित्र)	१६९.४	७.४		
तलब/ज्यालामा काम गरेर (देश बाहिर)	४३९.७	१९.२	४०३.८	१७.८
निवृत्तिभरण बाट	६०.९	२.७	६८.५	३.०
ऋण लिएर	१३४.४	५.९	१२४.१	५.५
अन्य	४३.३	१.९	४४.५	२.०

उल्लेखित विवरण अनुसार आफ्नै गैर कृषि व्यवसायबाट आर्जित आयबाट नपुग खाद्यान्न व्यवस्था गर्नेको संख्या वि.सं.२०६८ मा ६.५ रहेकोमा २०७८ सालमा १०.१ पुगेको छ। त्यस्तै जिल्ला भित्र ज्याला काम गरेर स्रोत जुटाउनेको संख्या ५६.६ बाट ६१.७ प्रतिशत पुगेको छ भने देश बाहिर काम गरेर खानाका लागि स्रोत जुटाउनेको संख्या १९.२ बाट १७.८ मा झरेको छ। वैदेशिक रोजगार विभागको वार्षिक प्रतिवेदन अनुसार पुन:प्रवेश सहित वैदेशिक रोजगारीमा जानेको संख्या २०६८/६९ मा ३ लाख ८४ हजार रहेकोमा २०७९/८० मा ७ लाख ७१ हजार पुगेको देखिन्छ। त्यसैगरी नेपाल राष्ट्र बैङ्कबाट प्राप्त तथ्याङ्क अनुसार आर्थिक वर्ष २०७७/७८ मा ९ खर्ब ६१ अर्ब, २०७८/७९ मा १० खर्ब ७ अर्ब र २०७९/८० मा १२ खर्ब २० अर्ब विप्रेषण आप्रवाह भएको देखिन्छ।

कृषकलाई सुविधा उपलब्ध गराउने सम्बन्धमा ऐनमा भएका प्रावधान लागु नभएकोले ज्याला, मजदुरी र वैदेशिक रोजगारीबाट खाद्यान्न खरिदको लागि आर्थिक स्रोत जुटाउनु पर्ने अवस्था देखिएकोले कृषि पेशालाई सम्मानीत बनाउन ऐनमा भएका व्यवस्था लागु हुनुपर्दछ। साथै वैदेशिक रोजगारीमा जानेको संख्या र विप्रेषण रकम वृद्धि भएकोमा देश बाहिर काम गरेर खानाका लागि स्रोत जुटाउनेको संख्या घटेको देखिनुको कारण समेत अध्ययन हुनुपर्ने देखिन्छ।

१२. **गरिबी-** पन्ध्रौं योजनाले निरपेक्ष गरिबीको रेखामुनी रहेका जनसंख्या १८.७ प्रतिशतबाट ९.५ प्रतिशतमा ल्याउने लक्ष्य लिएकोमा २०८०/८१ को मध्यमकालिन खर्च संरचना अनुसार २०७८/७९ सम्म कुनै सुधार नभएकोमा २०७९/८० केही सुधार भई १५.३ प्रतिशत रहने अनुमान गरेकोले योजनाको लक्ष्य हासिल हुने देखिदैन। त्यस्तै योजना अवधिमा २८.६ प्रतिशत बहुआयामिक गरिबीमा रहेको जनसंख्यालाई ११.६ प्रतिशतमा ल्याउने लक्ष्य रहेकोमा बहुआयामिक गरिबी २०७८/७९ मा १९.५ प्रतिशत रहेको र २०७९/८० मा १७.४ प्रतिशत रहने अनुमान गरिएको छ। बहुआयामिक गरिबी तर्फ केही सुधार आएको भएपनि निरपेक्ष गरिबी तर्फ सुधार भएको देखिएन। गरिबीको कारण खाद्यान्नमा आर्थिक पहुँच हुन नसक्ने अवस्था विश्लेषण गरी गरिबी निवारणका लक्षित नीति तथा कार्यक्रमहरु अवलम्बन गर्नुपर्ने देखिन्छ।

१२.१. नेपालमा हाल सम्म चार पटक जीवन स्तर सर्वेक्षण भएकोमा सोको तुलनात्मक विवरण देहाय बमोजिम छ।

विवरण	२०५२/५३	२०६०/६१	वार्षिक घटी	२०६६/६७	वार्षिक घटी	२०७९/८०	वार्षिक घटी
गरिबीको दर	४१.७६	३०.८५	१.३६	२५.१६	०.९५	२०.२७	०.३८
सहरी क्षेत्र	२१.५५	९.५५	१.५	१५.४६	(०.९८)	१८.३४	०.२२
ग्रामीण क्षेत्र	४३.२७	३४.६२	१.०८	२७.४३	१.१९	२४.६६	०.३१

उल्लेखित विवरण अनुसार आर्थिक वर्ष २०५२/५३ मा भएको पहिलो सर्वेक्षणमा समग्र गरिबी दर ४१.७६ रहेकोमा पछिल्लो सर्वेक्षणमा यो आधाले घटेर २०.२७ प्रतिशतमा झरेको देखिन्छ। तर शहरी क्षेत्रको गरिबीमा आधार वर्षको तुलनामा केही सुधार भएको भए पनि अघिल्लो सर्वेक्षणको तुलनामा २.८८ प्रतिशतले बढेको छ। त्यस्तै ग्रामीण क्षेत्रको गरिबी प्रथम सर्वेक्षण २०५२/५३ को तुलनामा १८.६१ प्रतिशतले घटेको छ भने २०६६/६७ मा भएको सर्वेक्षणको तुलनामा २.७७ प्रतिशतले मात्र कमि आएको छ। प्रत्येक सर्वेक्षणमा गरिबीको दर घट्दो देखिए पनि वर्षगत रुपमा गरिबी घट्ने दरमा समेत कमि आएको छ। दोस्रो सर्वेक्षणमा पहिलो सर्वेक्षणको तुलनामा समग्र गरिबी दर वार्षिक १.३६ प्रतिशतले घटेकोमा तेस्रोमा ०.९५ र चौथोमा वार्षिक ०.३८ प्रतिशतले घटेको छ। त्यस्तै शहरी क्षेत्रको गरिबी दर दोस्रो सर्वेक्षणमा वार्षिक १.५

प्रतिशतले घटेकोमा तेस्रोमा ०.९८ प्रतिशतले वृद्धि भएको र चौथोमा ०.२२ प्रतिशतले घटेको छ। ग्रामीण क्षेत्रको गरिबी दर दोस्रोमा १.०८ प्रतिशत, तेस्रोमा १.१९ प्रतिशत र चौथोमा ०.३१ प्रतिशतले घटेको छ। राज्यको लगानी वार्षिक रुपमा वृद्धि हुँदै गईरहेको भए पनि सोहि अनुरुप गरिबीको दरमा कमी आएको छैन। जीवनस्तर सर्वेक्षण, २०७८ अनुसार प्रदेशगत गरिबीको विवरण देहाय बमोजिम छ।

उ

विश्लेषणात्मक क्षेत्र	गरिबीको दर	गरिबीको विषमता	गरिबीको गहनता	गरिबीको फैलावट	कुल जनसंख्याको वितरण
कोशी प्रदेश शहरी क्षेत्र	१५.९०	३.३९	१.०३	८.३८	१०.६८
कोशी प्रदेश ग्रामीण क्षेत्र	१९.६७	४.७२	१.६६	५.४२	५.६०
मधेश प्रदेश शहरी क्षेत्र	२१.७१	४.३०	१.२१	१८.०२	१६.८४
मधेश प्रदेश ग्रामीण क्षेत्र	२४.९६	५.५४	१.८०	७.०६	५.७४
काठमाडौं उपत्यका शहरी क्षेत्र	७.३८	१.१७	०.३०	३.९२	१०.७६
बागमती प्रदेश शहरी क्षेत्र(काठमाडौं उपत्यका बाहेक)	१४.१५	२.९०	०.९९	४.२६	६.१०
बागमती प्रदेश ग्रामीण क्षेत्र	२५.६१	६.६४	२.४९	४.५२	३.५८
गण्डकी प्रदेश शहरी क्षेत्र	१२.६३	२.६१	०.८५	३.५६	५.७०
गण्डकी प्रदेश ग्रामीण क्षेत्र	१०.२७	१.७२	०.४१	१.३४	२.६४
लुम्बिनी प्रदेश शहरी क्षेत्र	२४.०८	६.३१	२.२७	१३.३६	११.२४
लुम्बिनी प्रदेश ग्रामीण क्षेत्र	२४.७३	५.०६	१.५७	९.४०	७.७०
कर्णाली प्रदेश शहरी क्षेत्र	२३.१६	४.९९	१.६५	३.१६	२.७८
कर्णाली प्रदेश ग्रामीण क्षेत्र	३०.८६	७.७३	२.७६	३.५८	२.३६
सुदुरपश्चिम प्रदेश शहरी क्षेत्र	३०.८६	७.६७	२.५७	८.२०	५.३८
सुदुरपश्चिम प्रदेश ग्रामीण क्षेत्र	४०.२१	९.७७	३.४२	५.८२	२.९४

उपरोक्त तालिकाका आधारमा विश्लेषण गर्दा शहरी तथा ग्रामीण क्षेत्रमा रहेको गरिबीको दर गण्डकी प्रदेशबाहेक अन्य छ वटै प्रदेशमा बढी देखिएको छ। शहरी क्षेत्रको राष्ट्रिय गरिबी दर १८.३४ रहेकोमा मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशको शहरी गरिबी दर राष्ट्रिय औषतभन्दा बढी देखिएको छ। यसैगरी ग्रामीण क्षेत्रको राष्ट्रिय गरिबी दर २४.६६ रहेकोमा मधेश, बागमती, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशको ग्रामीण गरिबी दर राष्ट्रिय औषतभन्दा बढी देखिएको छ। तसर्थ उक्त क्षेत्रहरुमा गरिबी निवारणका लक्षित नीति तथा कार्यक्रमहरु अवलम्बन गर्नुपर्ने देखिन्छ।

१३. **खाद्यान्न उत्पादन स्थिति** – पन्धौं योजनाले समग्र कृषिको उत्पादकत्व ३.१ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आर्थिक वर्ष २०८०/८१ को मध्यमकालीन खर्च संरचना अनुसार २०७९/८० सम्म ३.१ प्रतिशत नै रहने अनुमान गरेको छ। प्रमुख खाद्यान्नको उत्पादकत्व तर्फ आधार वर्ष २०७५/७६ को उत्पादकत्व प्रति हेक्टर मेट्रिक टन धानको ३.७६, गहुँको ३, मकैको २.८, कोदोको १.२० र फापरको १.१ बाट योजनाको अन्त्यमा धानको उत्पादकत्व ४.५, गहुँको ३.५, मकैको ४, कोदोको १.३ र फापरको १.२ पुऱ्याउने लक्ष्य रहेकोमा योजनाको चौथो वर्ष अर्थात आर्थिक वर्ष २०७९/८० को प्रारम्भिक अनुमान अनुसार धानको उत्पादकत्व ३.७९, गहुँको २.९५, मकैको ३.२०, कोदोको १.२९ र फापरको १.२२ मेट्रिक टन प्रति हेक्टर रहेको छ। योजनाको असी प्रतिशत (आ.व. २०७९/८० को प्रारम्भिक अनुमान अनुसार) समय व्यतीत हुँदा देशको खाद्यान्नमा १८.७५ प्रतिशत हिस्सा ओगटेको प्रमुख खाद्यान्न बाली गहुँ र ३.१८ प्रतिशत हिस्सा ओगटेको कोदोको उत्पादकत्व योजनाको आधार वर्षको तुलनामा घटेको छ

भने धान, मकै र फापरको उत्पादकत्वमा सुधार आएको छ। योजनाको आधार वर्ष २०७५।७६ मा १४ लाख ९१ हजार हेक्टर क्षेत्रफलमा धान लगाइएकोमा २०७८।७९ मा १४ लाख ७७ हजार हेक्टरमा मात्र धान लगाइएकोले धान उत्पादनको क्षेत्रफल १४ हजार हेक्टरले घटेको देखिन्छ। आर्थिक वर्ष २०७५।७६ मा ७ लाख ४ हजार हेक्टर क्षेत्रफलमा गहुँ उत्पादन गरिएकोमा २०७८।७९ मा ७ लाख १६ हजार हेक्टरमा गहुँ लगाईएको छ। गहुँ उत्पादनको क्षेत्रफल १२ हजार हेक्टरले बढे तापनि उत्पादकत्व भने ०.०१ मे.ट ले घटेको छ। उपरोक्त तथ्याङ्कको आधारमा प्रमुख बाली लगाइएको क्षेत्रफल, उत्पादन र उत्पादकत्वसम्बन्धी तथ्याङ्कहरु विश्लेषणका लागि अपर्याप्त रहेको देखियो। उदाहरणको लागि जमिनको कित्तानापी, भूउपयोगको अवस्थिति र कृषि तथा गैरकृषि जमिनको वर्गीकरण लागु नभैसकेको अवस्थालाई मध्यनजर गरी भूउपयोगको उचित कार्ययोजना तयार गरी लागु गर्नुपर्ने देखिन्छ।

१३.१. कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन केन्द्रको खाद्यान्न उत्पादन, उपभोग तथा आवश्यकताको अवस्था विश्लेषण प्रतिवेदन, २०७९/८० को बुँदा नं २.४ बमोजिम आधारभूत आवश्यकता पूर्ति गर्नको लागि प्रतिदिन प्रति व्यक्ति २२५० क्यालोरी आवश्यक हुने र उक्त क्यालोरी मध्ये खाद्यान्नबाट ७१.९३ प्रतिशत, दलहनबाट २.७६ प्रतिशत, आलुबाट ७.९२ प्रतिशत, कन्दमूलबाट ४.६८ प्रतिशत र अन्य कृषि उपज दूध, दही पनिर, माछा, मासु, अण्डा, फलफूल लगायतबाट १२.७१ प्रतिशतबाट प्राप्त हुने गरेको छ। कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयको कृषि तथ्याङ्क बमोजिम आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको प्रमुख खाद्य बालीहरुको उत्पादन विवरण देहाय बमोजिम छ।

(क्षेत्रफल हजार हेक्टर तथा उत्पादन हजार मे.टन)

आर्थिक वर्ष	क्षेत्रफल	उत्पादन	क्षेत्रफल वृद्धि (प्रतिशत)	उत्पादन वृद्धि (प्रतिशत)
२०७९/८०	३४७३	१११८६	(०.३८)	३.८४
२०७८/७९	३४८६	१०७७२	०.६०	-३.१३
२०७७/७८	३४६५	१११२०	१.२८	१.६९
२०७६/७७	३४२१	१०९३५	(०.८३)	२.३४
२०७५/७६	३४५०	१०६८५	०.६२	६.७५

उल्लिखित विवरण अनुसार प्रमुख कृषि बालीहरुको उत्पादन वृद्धिदर आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्म क्रमशः ६.७५, २.३४, १.६९, -३.१३ र ३.८४ प्रतिशत रहेको छ भने ५ वर्षको औषत वृद्धि दर २.२८ प्रतिशत रहेको छ।

१४. नेपाल सरकारले धान, मकै, गँहु, कोदो, फापर र जौलाई प्रमुख खाद्यान्न बालीको रुपमा तोकेको छ। मन्त्रालयको कृषि तथ्याङ्क प्रतिवेदन,२०७८/७९ र अनुसार प्रमुख बालीहरु धान, गँहु, मकै, कोदो, फापर, जौ र अन्य खाद्य उपजको आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको उत्पादन स्थिति देहाय बमोजिम छ।

(क) प्रमुख खाद्यान्नबालीहरुः

(उत्पादनहजार मे.टन)

आर्थिक वर्ष	विवरण	प्रमुख खाद्यान्नहरु					
		धान	मकै	गँहु	कोदो	फापर	जौ
२०७९/८०*	परिमाण	५४८६	३१९३	२०९९	३५६	२२	३१
	वृद्धि प्रतिशत	६.९४	२.७९	(२.१५)	४.८०	११.८४	(२.७२)
२०७८/७९	परिमाण	५१३१	३१०६	२१४५	३३९	१९	३२
	वृद्धि प्रतिशत	(८.७५)	३.६२	०.८१	३.९९	२१.१९	९.२५
२०७७/७८	परिमाण	५६२२	२९९८	२१२७	३२६	१६	२९

	वृद्धि प्रतिशत	१.२९	५.७२	(२.६५)	१.७१	३५.७६	(५.५०)
२०७६/७७	परिमाण	५५५१	२८३६	२१८५	३२१	१२	३१
	वृद्धि प्रतिशत	(१.०५)	४.५०	८.९६	२.१४	२.२७	१.९५
२०७५/७६	परिमाण	५६१०	२७१४	२००६	३१४	११	३०
	वृद्धि प्रतिशत	-	-	-	-	-	-

(* प्रारम्भिक अनुमान)

उल्लिखित विवरण अनुसार धानको उत्पादन विगत ४ वर्षमा २.२१ प्रतिशतले घटेको छ भने गँहु, कोदो, मकै, फापर र जौको उत्पादन क्रमश ४.६३, १३.२१, १७.६७, ८८.१८ र २.३९ प्रतिशतले बढेको छ।

***(ख)* अन्य कृषि उपजहरु:**

(उत्पादन हजार मे.टन)

आर्थिक वर्ष	खाद्य उपजहरु						
	विवरण	दलहन	माछा	मासु	फलफुल	तरकारी	आलु
२०७९/८०*	परिमाण	४२३	१०२	३३९	१४४७	४३३२	३४८७
	वृद्धि प्रतिशत	३.५८	(५.५९)	(३३.९५)	२.१४	४.३१	२.२७
२०७८/७९	परिमाण	४०८	१०८	५१३	१४१६	४१५३	३४१०
	वृद्धि प्रतिशत	३.५५	३.५९	(१.५३)	४.११	४.०१	२.५७
२०७७/७८	परिमाण	३९७	१०४	५२१	१३६०	३९९३	३३२४
	वृद्धि प्रतिशत	(२.४४)	५.२१	(५.६९)	८.८९	०.७८	६.१८
२०७६/७७	परिमाण	४०४	९९	५५१	१२४९	३९६२	३१३२
	वृद्धि प्रतिशत	५.८२	८.२७	५४.६३	६.०६	(७.२३)	०.६१
२०७५/७६	परिमाण	३८२	९१	३५६	११७८	४२७१	३११३
	वृद्धि प्रतिशत	-	-	-	-	-	-

(* प्रारम्भिक अनुमान)

उल्लेखित विवरण अनुसार आर्थिक वर्ष २०७५/७६ को तुलनामा दलहनको उत्पादन १०.७३ प्रतिशत, माछा १२.०८ प्रतिशत, मासु -४.७७, फलफूल २२.८३, तरकारी १.४२, र आलुको उत्पादन १२.०१ प्रतिशतले वृद्धि भएको छ। फलफूलको उत्पादन वृद्धि तुलनात्मक रुपमा राम्रो भए पनि तरकारीको उत्पादनमा वृद्धि भएको नदेखिएकोले उत्पादन वृद्धि न्युन देखिएका कृषि उपजको उत्पादन वृद्धि गर्न लक्षित कार्यक्रम सञ्चालन हुनुपर्दछ।

१५. **खाद्यान्न आयात अवस्था–** पन्ध्रौं योजनाले कुल आयातमा अत्यावश्यक वस्तु(कृषि उपज,जीव,जन्तु र खाद्य पदार्थ)को आयात १४.७ प्रतिशतबाट ५ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। भन्सार विभागबाट प्राप्त आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको प्रमुख खाद्यान्न तथा खाद्य उपजको आयात अवस्था देहाय बमोजिम छ।

(आयात हजार मे.टन)

आर्थिक वर्ष	विवरण	प्रमुख खाद्यान्नहरु							
		जम्मा	धान	चामल	मकै	गँहु	कोदो	फापर	जौ
२०७९/८०	परिमाण	१०७४	५५६	२२५	४३५	४६	१८	०.१२	०.६९
	वृद्धिप्रतिशत	(३३.१०)	(१.६९)	(५७.४०)	(१७.०४)	(७५.४१)	(८.५१)	३५४.८६	४४.०७
२०७८/७९	परिमाण	१६०६	५४७	५२८	५२५	१८९	२०	०.०३	०.४८
	वृद्धिप्रतिशत	(१७.३८)	(१६.२६)	(३.३९)	(९.२९)	(५१.०२)	(८.१९)	४०२.३९	४४.९४
२०७७/७८	परिमाण	१९४४	६५३	५४७	५७८	३८७	२१	०.०१	०.३३
	वृद्धिप्रतिशत	४९.२६	८८.५८	३३.१०	३७.४९	६२.१८	४६.५२	(९४.६१)	९४.१३
२०७६/७७	परिमाण	१३०३	३४६	४११	४२१	२३८	१५	०.१०	०.१७

	वृद्धिप्रतिशत	३.०८	४७.१९	(१६.०४)	१.००	२१.९५	५.१४	१२६.१४	(४४.४२)
२०७५/७६	परिमाण	१२६४	२३५	४८९	४१७	१९६	१४	०.०४	०.३०
	वृद्धिप्रतिशत	-	-	-	-	-	-	-	-

आर्थिक वर्ष	खाद्य उपज/ खाद्यपदार्थहरु					
	विवरण	दलहन	माछा/मासु	फलफुल	तरकारी	आलु
२०७९/८०	परिमाण	१४५	३७	२९२	८०	३०६
	वृद्धिप्रतिशत	(३२.५१)	(२९.०७)	(११.९८)	(१३.९६)	(६.४४)
२०७८/७९	परिमाण	२१५	५	३३२	९३	३३
	वृद्धिप्रतिशत	(२४.७९)	(१८.७३)	२१.२९	०.६०	१५.३३
२०७७/७८	परिमाण	२८६	६	२७३	९३	२८४
	वृद्धिप्रतिशत	(१५.८०)	(६.०५)	(२.५२)	१२.७९	१२.६४
२०७६/७७	परिमाण	३४०	६	२८०	८३	२५२
	वृद्धिप्रतिशत	२८.६८	(९२.९६)	(२६.७५)	(९०.७५)	(७.९४)
२०७५/७६	परिमाण	२६४	९४	३८३	८९६	२७४
	वृद्धिप्रतिशत	-	-	-	-	-

उल्लेखित वितरण अनुसार आर्थिक वर्ष २०७५/७६ मा कुल १२ लाख ६४ हजार मेट्रिकटन खाद्यान्न आयात भएकोमा आर्थिक वर्ष २०७९/८० मा १४.९६ प्रतिशतले कमी आएको छ। उल्लेखित अवधिमा धानको आयातमा १३६.३७ प्रतिशतले वृद्धि भएको छ। चामलको आयात ५४.०२ प्रतिशत घटेको छ भने मकैको आयात ४.४८ प्रतिशत र कोदोको आयात २९.३९ प्रतिशतले वृद्धि भएको छ। अन्य खाद्य पदार्थ तर्फ दलहनको आयात ४५.०७ प्रतिशत, माछा मासुको आयात ६० प्रतिशत, फलफूलको आयात २३.७५ प्रतिशतले घटेको देखिन्छ भने आलुको आयात ११.६७ प्रतिशतले वृद्धि भएको छ। पन्ध्रौं योजनाले कुल आयातमा अत्यावश्यक वस्तु(कृषि उपज,जीव,जन्तु र खाद्य पदार्थ) को आयात १४.७ प्रतिशतबाट ५ प्रतिशतमा झार्ने लक्ष्य राखेकोमा आर्थिक वर्ष २०८०/८१ को मध्यमकालीन खर्च संरचना अनुसार आर्थिक वर्ष २०७८/७९ मा १४.७ प्रतिशतबाट वृद्धिभई १९.४ पुगेको छ भने २०७९/८० मा २४.८ प्रतिशत पुग्ने अनुमान गरिएकोले आधार वर्षको तुलनामा खाद्यान्न तथा कृषि उपजको आयातमा वृद्धि भएको अवस्था छ।

देशभित्र खाद्य सुरक्षाको दृष्टिकोणले आवश्यक खाद्यान्न माग, आन्तरिक उत्पादन र आपूर्तिको सही आँकलन गर्नुपर्ने देखिन्छ। आम उपभोक्ताहरुमा देखिएको खाद्य सचेतनाका कारण खाद्यमा विविधीकरण गर्नुपर्ने देखिएकोले स्थानीय सरकारलाई भूगोल तथा सँस्कृति अनुसारको प्रमुख बाली निर्धारण गर्ने जिम्मा दिनुपर्दछ।

१५.१. **खाद्यान्न उपभोग अवस्था–** देशको लागि आवश्यक आधारभूत खाद्यान्न बालीको परिपूर्ति आन्तरिक उत्पादन तथा आयातबाट हुने गरेको छ। कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय तथा भन्सार विभागबाट प्राप्त विवरण अनुसार आन्तरिक उत्पादन तथा आयातबाट आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्म भएको कुल खाद्यान्न उपभोगको अवस्था देहाय बमोजिम छ।

(उत्पादन र आयात हजार मे.टन)

खाद्यान्न	स्रोत	२०७९।८०	२०७८।७९	२०७७।७८	२०७६।७७	२०७५।७६
चामल	उत्पादन	३४४८	२७५४	३०७४	३०३५	३०६७
	आयात	५७४	८७२	९५७	६२८	६३७
	जम्मा उपभोग	४०२२	३६२६	४०३१	३६६४	३७०४
	उत्पादन/आयात (प्रतिशत)	८५.७२/१४.२८	७५.९५/२४.०५	७६.२६/२३.७४	८२.८५/१७.१५	८२.८०/१७.२०
	उपभोग वृद्धि (प्रतिशत)	१०.९४	(१०.०६)	१०.०३	(१.०९)	-
मकै	उत्पादन	२७१४	२३२३	२२९९	२१९६	२०८९
	आयात	४३५	५२५	५७८	४२१	४१७
	जम्मा उपभोग	३१४९	२८४८	२८७७	२६१७	२५०५

	उत्पादन/आयात (प्रतिशत)	८६.१८/१३.८१	८१.५८/१८.४२	७९.९०/२०.१०	८३.९२/१६.०८	८३.३७/१६.६३
	उपभोग वृद्धि (प्रतिशत)	१०.६०	(१.०४)	९.९६	४.४६	-
गहुँ	**उत्पादन**	१७२१	१७३३	१७३८	१७८८	१६३४
	आयात	४६	१८९	३८७	२३८	१९६
	जम्मा उपभोग	१७६७	१९२२	२१२५	२०२६	१८३०
	उत्पादन/आयात (प्रतिशत)	९७.३९/२.६१	९०.१४/९.८६	८१.७९/१८.२१	८८.२३/११.७७	८९.३१/१०.६९
	उपभोग वृद्धि (प्रतिशत)	(८.०७)	(९.५३)	४.८५	१०.७२	-
कोदो	**उत्पादन**	२८५	२७८	२६८	२६४	२५९
	आयात	१८	२०	२१	१५	१४
	जम्मा उपभोग	३०३	२९७	२९०	२७८	२७२
	उत्पादन/आयात (प्रतिशत)	९४.०३/५.९७	९३.३७/६.६३	९२.५९/७.४१	९४.७३/५.२७	९४.८८/५.१२
	उपभोग वृद्धि (प्रतिशत)	१.७३	२.६६	४.०८	२.१९	-
फापर	**उत्पादन**	१७	१४.७०	१३.०७	९.६२	४.४१
	आयात	०.१२	०.०३	०.०१	०.१०	०.०४
	जम्मा उपभोग	१७	१४.७३	१३.०७	९.७२	४.४५
	उत्पादन/आयात (प्रतिशत)	९९.२९/०.७१	९९.८२/०.१८	९९.९६/०.०४	९८.९७/१.०३	९९.०१/०.९९
	उपभोग वृद्धि (प्रतिशत)	१७.९८	१२.७१	३४.४७	११८.४२	-
जौ	**उत्पादन**	७.८२	९.०५	८.२०	८.६८	८.४९
	आयात	०.६९	०.४८	०.३३	०.१७	०.३०
	जम्मा उपभोग	८.५१	९.५२	८.५३	८.८५	८.७९
	उत्पादन/आयात (प्रतिशत)	९१.९४/८.०५	९५.००/५.००	९६.१५/३.८५	९८.०९/१.९१	९६.५४/३.४६
	उपभोग वृद्धि (प्रतिशत)	(१०.६७)	११.६९	(३.७०)	(०.७०)	-
कुल जम्मा	**उत्पादन**	८१९३	७१११	७४०१	७३०१	७०६१
	आयात	१०७४	१६०६	१९४४	१३०३	१२६४
	जम्मा उपभोग	९२६७	८७१७	९३४५	८६०४	८३२५
	उत्पादन/आयात (प्रतिशत)	८८.४१/११.५९	८१.५७/१८.४३	७९.१९/२०.८१	८४.८६/१५.१४	८४.८२/१५.१८
	उपभोग वृद्धि (प्रतिशत)	६.३१	(६.७२)	८.६१	३.३५	-

(आर्थिक वर्ष २०७८/७९ सम्मको तथ्याङ्क खाद्य वासलात विवरणबाट समावेश गरिएको र २०७९।८०को तथ्याङ्क निचोड दर: चामल: ६२.८५%, मकै: ८५%, गहुँ: ८२%, कोदो: ८०%, फापर: ८०% र जौ: ७५% को आधारमा विश्लेषण गरिएको)

(भन्सार विभागबाट प्राप्त आयातको तथ्याङ्कमा समावेश भएको बीउ बीजन प्रयोजनको लागि गरिएको आयातलाई उल्लेखित विवरणमा समावेश गरिएको छैन।)

- **उपभोग प्रवृत्ति-** आर्थिक वर्ष २०७५।७६ को तुलनामा २०७६।७७ मा कुल उपभोग ३.३५ प्रतिशतले र २०७६।७७ को तुलनामा २०७७।७८ मा ८.६१ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक वर्ष २०७८।७९ मा भने उपभोग ६.७२ ले घटेको छ। त्यस्तै आर्थिक वर्ष २०७९।८० मा पुन: ६.३१ प्रतिशतले वृद्धि भएको छ।



- **कुल उपभोगमा खाद्य बालीहरुको हिस्सा (२०७९।८० बमोजिम)** - २०७९।८० को कुल खाद्यान्न उपभोग मध्ये ४३.४१ प्रतिशत चामल, ३३.९८ प्रतिशत मकै, १९.०६ प्रतिशत गहुँ, ३.२७ प्रतिशत कोदो, ०.१९ प्रतिशत फापर र ०.०९ प्रतिशत जौको हिस्सा रहेको छ। उपभोगमा चामलको हिस्सा सवैभन्दा बढी रहेको छ। आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा चैते धान तथा बसन्ते मकै खेतीलाई प्रोत्साहन गरिने उल्लेख छ। कृषि भूमि सीमित रहेको अवस्थामा जनसंख्या वृद्धिहुँदा खाद्यान्नको उपलब्धता घट्दै जाने भएकोले वर्षे धानको साथ साथै चैते, हाइब्रिड, भदौको घैया धान तथा कम पानीमा फलाउन सकिने जातका धानको साथसाथै स्थानीय रैथाने बालीको उत्पादन तथा उपभोगको लागि आवश्यक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।



- **खाद्यान्न उपभोगमा उत्पादन र आयातको हिस्सा-** आर्थिक वर्ष २०७५।७६ मा मुख्य ६ बालीको आन्तरिक उत्पादनको हिस्सा ८४.८२ प्रतिशत र आयातको हिस्सा १५.१८ प्रतिशत, २०७६।७७ मा क्रमश: ८४.८६ प्रतिशत र १५.१४ प्रतिशत रहेकोमा २०७७।७८ मा आन्तरिक उत्पादन घटेर ७९.१९ प्रतिशतमा सीमित रहेको छ भने आयात २०.८१ प्रतिशत पुगेको छ भने आर्थिक वर्ष २०७८।७९ मा आयात १८.४३ प्रतिशत र आन्तरिक उत्पादन ८१.५७ प्रतिशत रहेको छ। त्यस्तै, २०७९।८० मा आन्तरिक उत्पादनको हिस्सा ८८.४१ प्रतिशत र आयात ११.५९ प्रतिशत रहेको छ। उत्पादन र आयातको अनुपातमा वर्षेनी उतारचढाव देखिनुको कारण अध्ययन र विश्लेषण गरी सोही अनुरुप कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।



- **प्रति व्यक्ति खाद्यान्न खपत–** कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन केन्द्रको खाद्यान्न उत्पादन, उपभोग तथा आवश्यकताको अवस्था विश्लेषण प्रतिवेदन, २०७९/८० को बुँदा नं २.४ मा खाद्यान्न उपभोगका आधारमा उच्च पहाडमा १९१ के.जी, मध्य- पहाडमा २०१ के.जी र तराईमा १८१ के.जी प्रति वर्ष प्रति व्यक्ति खाद्यान्न उपभोग हुने अनुमान गरिएको छ। उक्त अनुमान अनुसार नेपालमा १९१ के.जी प्रति वर्ष प्रति व्यक्ति औषत खाद्यान्न उपभोग हुने देखिन्छ। सम्बत् २०७८ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेको छ। २०७८।७९ को आन्तरिक उत्पादन र आयात भएको मुख्य ६ बालीहरुको परिमाण ८ अर्व ७१ करोड ७१ लाख १८ हजार ३१ के.जी ले उक्त जनसंख्यालाई भाग गर्दा प्रतिव्यक्ति प्रतिवर्षको उपभोग २९८.८९ के. जी रहेको पाइयो।

  आवश्यक तथ्याङ्कहरुको अभावमा उपभोग वृद्धि कुन वर्ग, क्षेत्र, लिङ्ग, धर्म र समुदाय तथा उमेरका व्यक्ति तथा समूहहरुको आवश्यकता, माग र पहुँचमा रहेको छ भन्ने अवस्थाको विश्लेषण गर्न सकिएन। यसका लागि स्थानीय सरकारको पहलमा आ-आफ्नो क्षेत्रमा बसोवास गर्ने नागरिकहरुको खाद्य सुरक्षा र खाद्यान्नको विविधीकरणका लागि ठाउँ विशेष अनुसार उत्पादन हुने स्थानीय बालीहरुको उत्पादन तथा उपभोग बढाउनु पर्दछ।

  केन्द्रले तयार गरेको खाद्य वासलातले घरपालुवा पशुचौपाया एवम पशुपन्छीलाई खुवाउन खर्च हुने अन्नको परिमाणको हिसाव नराखेको, विदेशमा बसोवास गरेको नेपालीहरुको विस्तृत विवरण नभएको र नेपालमा ६ महिनाभन्दा बढी बसोबास गर्नेको हकमा नेपाली गणना गर्ने भएता पनि विवरण प्रष्ट नभएकोले उक्त परिमाण समावेश नगरिएको, नेपालमा आउने पर्यटकहरुको बसाई र खानपानको आधारमा उपभोग हुने खाद्यान्नको विवरण समावेश नभएको, हाल गाउँमा भन्दा शहरमा बस्ने जनसंख्या वृद्धि भएकोमा प्रष्ट तथ्याङ्क नभएकोले समावेश नगरिएको तथा हिमाली क्षेत्रमा हुने आलु र अन्य कोदोजन्य बाली जस्तै: चिनो, कागुनोहरु समेत खाद्यान्नको रुपमा प्रयोग भैरहेको तर तथ्याङ्क नभएकोले समावेश गरिएको छैन भनी सीमाहरुमा उल्लेख गरेको छ। आयातको विवरणमा पनि भन्सारले खाद्यान्न आयातको उद्देश्य स्पष्ट गरी विवरण नराखेकोले आन्तरिक उत्पादन र आयातमध्ये के कति हिस्सा पशुपन्क्षीको दानाको लागि हो र के कति मानिसको उपभोगको लागि हो खुल्न सकेन। मन्त्रालय र भन्सार विभाग तथा कार्यालयले उक्त विवरण खुलाई स्पष्ट हुने गरी विवरण राख्नुपर्दछ।

१६. **खाद्य वासलात–** कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्धन केन्दको खाद्यान्न उत्पादन, उपभोग तथा आवश्यकताको अवस्था विश्लेषण प्रतिवेदन, २०७९/८० अनुसार राष्ट्रियस्तरमा धान, मकै, गँहु, कोदो, जौ र फापरको खुद उत्पादनबाट आगामी वर्षका लागि आवश्यक बीउको परिमाण, खाद्यान्न कटानी गर्नुपूर्व हुने क्षतिको परिमाण, भुस चोकर, अन्य जर्ति आदिमा हुने नोक्सानीको परिमाण आदि कटाएपछि बाँकि खाद्यान्नहरु प्रशोधन पछि खानयोग्य हुने विश्लेषणको आधारमा खाद्यान्नको उपलब्धता, उपभोग र बचत तथा न्युनको विवरण तयार गरेको छ। प्रतिवेदन अनुसार प्रतिदिन प्रति व्यक्ति २२५० क्यालोरी आवश्यक पर्ने र उक्त क्यालोरी मध्ये खाद्यान्नबाट पूर्ति हुने ८७.३ प्रतिशत क्यालोरीको लागि वार्षिक उच्च पहाडमा १९१ के.जी., मध्य पहाडमा २०१ के.जी. र तराईमा १८१ के.जी. खाद्यान्न आवश्यक हुने उल्लेख छ। आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्मको खाद्यान्नको उत्पादन, आवश्यकता र बचतको स्थिति देहाय बमोजिम रहेको छ।

(मेट्रिक टनमा)

बालीहरु	आर्थिक वर्ष			
	२०७५/७६	२०७६/७७	२०७७/७८	२०७८/७९
चामल	३०६७१०९	३०३५३५८	३०७४२२९	२७५३८८८
मकै	२०८८५७७	२१९६१३४	२२९९०६१	२३२२८८२
गहुँ	१६३४३८९	१७८७६९७	१७३७७३६	१७३२५६९
कोदो	२५८५११	२६३७५४	२६८२९६	२७७७७२
जौ	८४८७	८६८४	८१९७	९०४६
फापर	४४०६	९६२०	१३०६५	१४७०४
जम्मा उत्पादन	**७०६१४७९**	**७३०१२४७**	**७४००५८४**	**७११०८६१**
आवश्यकता	५३१३८७७	५४२३७३०	५५३७५६४	५४६१३१४
वचत वा न्युन	१७४७६०२	१८७७५१७	१८६३०२०	१६४९५४७

खाद्य वासलात बमोजिम देशमा उत्पादित प्रमुख ६ खाद्यबालीले आन्तरिक आवश्यकता पूर्ति भई आर्थिक वर्ष २०७५/७६ मा १७ लाख ४७ हजार, २०७६/७७ मा १८ लाख ७७ हजार २०७७/७८ मा १८ लाख ६३ हजार र २०७८/७९ मा १६ लाख ४९ हजार मेट्रिकटन खाद्यान्न बचत समेत रहेको देखिएको छ। तर भन्सार विभागको तथ्याङ्क बमोजिम आर्थिक वर्ष २०७५/७६ मा १२ लाख ६४ हजार, २०७६/७७ मा १३ लाख ३ हजार, २०७७/७८ मा १९ लाख ४४ हजार, २०७८/७९ मा १६ लाख ६ हजार र २०७९/८० मा १० लाख ८९ हजार मेट्रिकटन खाद्यान्न आयात भएकोले केन्द्रले तयार गरेको खाद्य वासलातले सहि र यथार्थ चित्रण गरेको छैन।

१६.१. प्रदेशगत रुपमा विश्लेषण गर्दा आर्थिक वर्ष २०७८/७९ मा सबै भन्दा बढी कोशी प्रदेशमा १६ लाख ३३ हजार, मधेशमा १४ लाख ७ हजार र लुम्बिनीमा १३ लाख २८ हजार मे. टन उपभोग्य खाद्यान्न उपलब्ध रहेको छ भने सबै भन्दा घटी कर्णालीमा ४ लाख ४५ हजार, सुदुरपश्चिम प्रदेशमा ६ लाख ५२ हजार, र गण्डकीमा ७ लाख ५५ हजार मे.टन उपभोग्य खाद्यान्न उपलब्ध रहेको छ। कोशी, कर्णाली, र सुदुरपश्चिम प्रदेशमा जनसंख्या कम भएकोले उपलब्ध खाद्यान्न कम भए पनि आवश्यकता पूर्ति भएको देखिन्छ। त्यस्तै बचत तर्फ सबै भन्दा बढी कोशी प्रदेशमा ६ लाख ९९ हजार, लुम्बिनी प्रदेशमा ३ लाख ६९ हजार, र मधेश प्रदेशमा २ लाख ९० हजार मे.टन खाद्यान्न मौज्दात रहेको छ भने बागमतीमा बढी जनसंख्या बसोबास गरेका कारण आवश्यकता भन्दा २ लाख ११ हजार मे.टन खाद्यान्न न्युन रहेको छ। आर्थिक वर्ष २०७८/७९ को प्रदेशगत खाद्यान्न वासलात देहाय बमोजिम छ।

(**खाद्यान्न, मेट्रिक टनमा**)

खाद्यान्न बालीहरु	कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदुरपश्चिम
चामल	६९८	७६०	२२०	२२२	५४५	६	२४०
मकै	७३४	१२७	४८१	३५८	३३८	१९७	८५
गहुँ	१२०	५१८	१२३	८१	४३१	१५२	३०५
कोदो	८१	१	५४	९१	११	२०२	१९
जौ	०.५६०	०.१०८	०.७०७	०.४७५	१.०१५	३.३०	२.८८१
फापर	४.४९८	०	२.८६७	२.५७१	१.४३८	२.७४६	०.५८४
जम्मा उत्पादन	१६३३	१४०७	८८२	७५५	१३२८	४४५	६५२
आवश्यकता	९४१	१११७	१०९४	५००	९६०	३३६	५१३
वचत वा बचत	६९९	२९०	(२११)	२५५	३६९	१०९	१३९

१६.२. मन्त्रालयले तयार गरेको खाद्यान्न वासलात बमोजिम बागमती प्रदेश बाहेक अन्य सबै प्रदेशमा आन्तरिक उत्पादनले सम्बन्धित प्रदेशको खाद्यान्न आवश्यकता पूर्ति भई बचत समेत भएको उल्लेख छ तर खाद्य व्यापार तथा गोदाम व्यवस्था कम्पनीबाट प्राप्त विवरण अनुसार कोशी, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशका विभिन्न जिल्लामा खाद्यान्नको आवश्यकता पूर्ति गर्न कम्पनीले नेपाल सरकारको ढुवानी अनुदानमा चामल आपूर्ति गरेको छ। कम्पनीले आर्थिक वर्ष २०७९/८० मा ढुवानी गरेको चामलको विवरण देहाय बमोजिम छ।

(मेट्रिक टनमा)

प्रदेश	जिल्ला	चामल ढुवानी परिमाण
कोशी	संखुवासभा, सोलुखुम्बु, खोटाङ्ग	४८०
गण्डकी	गोरखा, मनाङ्ग, मुस्ताङ	३५०
लुम्बिनी	रुकुम पूर्व, रोल्पा, गुल्मी	१२५०
कर्णाली	हुम्ला, मुगु, डोल्पा, कालिकोट, दैलेख, जाजरकोट ,रुकुम पश्चिम	१०७७०
सुदुरपश्चिम	बाजुरा, अछाम, बझाङ, दार्चुला, डोटी, डडेलधुरा, बैतडी	४३५०

खाद्यान्न वासलात बमोजिम कोशी प्रदेशमा संखुवासभा, सोलुखुम्बु, खोटाङ्ग, लुम्बिनी प्रदेशमा रुकुम पूर्व, रोल्पा, गुल्मी, गण्डकी प्रदेशमा मनाङ्ग, कर्णाली प्रदेशको दैलेख, जाजरकोट, रुकुम पश्चिम र सुदुरपश्चिम प्रदेशमा अछाम, दार्चुला, डडेलधुरा र बैतडीमा उत्पादित खाद्यान्नले उक्त प्रदेशमा जनताको आवश्यकता पूरा गरेको भए पनि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट ढुवानी अनुदानमा चामल आपूर्ति भएकोले खाद्य वासलातले सही अवस्था चित्रण गरेको देखिएन। खाद्य वासलात तयार गर्दा उक्त जिल्लाको उत्पादन र जिल्लामा बाहिरबाट आपूर्ति हुने खाद्यान्न समेतको विश्लेषण हुनुपर्दछ।

१६.३. समग्र प्रदेशको उत्पादन उक्त प्रदेशको खाद्यान्न आवश्यकता पूर्तीको लागि पर्याप्त भए पनि प्रदेश अन्तर्गतका केही जिल्लामा खाद्यान्न आवश्यकताको तुलनामा उत्पादन न्युन देखिएको छ। आर्थिक वर्ष २०७८/७९ मा आवश्यक परिमाणको तुलनामा आन्तरिक उत्पादन न्युन रहेका जिल्लाको विवरण देहाय बमोजिम छ।

(उत्पादन मे.टन)

प्रदेश	खाद्यान्न बचत/न्युन स्थिति	खाद्यान्न न्युन भएका जिल्ला	उत्पादन परिमाण	आवश्यक परिमाण	न्युन परिमाण
मधेश	२९९८७७	रौतहट	११८५९९	१४७२५७	-२८६५८
बागमती	-१८९६२२	दोलखा	३१७४९	३३३०४	-१५५५
		रसुवा	८३९१	९०००	-६०९
		भक्तपुर	२७६६३	८७६६२	-५९९९९
		ललितपुर	४८९४७	१११९११	-६२९६४
		काठमाडौं	४९३०९	४१४१५५	-३६४८४६
गण्डकी	२५५०४०	मुस्ताङ	८९२	२७८६	-१८९४
		कास्की	९३९३९	१२१७२६	-२७७८७
		नवलपुर	७०७०१	७६६९७	-५९९६
लुम्बिनी	३६८६५३	नवलपरासी	६६०४८	७०६७१	-४६२३
कर्णाली	१०८९७४	डोल्पा	६४४४	८२४५	-१८०१
		मुगु	८३०९	१२४४३	-४१३४
		हुम्ला	३६९२	१०६७८	-६९८६
		जुम्ला	१७०६७	२२८१४	-५७४७
		कालिकोट	१७५२७	२८००७	-१०४८०
सुदुरपश्चिम	१६४९५४७	बाजुरा	२६२५०	२६७०३	-४५३
		बझाङ	३४०५६	३६४४९	-२३९३

१६.४. मधेश, कोशी, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशमा खाद्यान्न बचत देखिएपनि मधेश प्रदेशमा रौतहट, बागमतीमा दोलखा, रसुवा, भक्तपुर, ललितपुर, काठमाडौं, गण्डकीको मुस्ताङ, कास्की, नवलपुर, लुम्बिनीमा नवलपरासी, कर्णालीमा डोल्पा, मुगु, हुम्ला जुम्ला, कालिकोट र सुदूरपश्चिमा बाजुरा र बझाङमा उत्पादन हुने खाद्यान्न उक्त जिल्लाको आवश्यकता पूर्ति गर्न नपुग हुने देखिएको छ।

खाद्यान्न न्युन हुने जिल्ला लक्षित गरी उत्पादन वृद्धि गर्न कार्यक्रम सञ्चालन गर्नु पर्ने र भण्डारणको व्यवस्था गरी स्थानीय स्तरमा बचत हुने खाद्यान्न अन्य छिमेकी गाउँपालिका तथा जिल्लामा वितरणको व्यवस्था गर्न उपयुक्त हुने देखिन्छ।

१६.५. आधारभूत आवश्यकता पूर्तिको लागि आवश्यक सरदर प्रति व्यक्ति प्रतिदिन २२५० क्यालोरीको पूर्ति खाद्यान्नबाट ७१.९३ प्रतिशत, दलहनबाट २.७६ प्रतिशत, आलुबाट ७.९२ प्रतिशत, कन्दमूलबाट ४.६८ प्रतिशत र अन्य कृषि उपज दुध, दहि, पनिर, माछा, मासु, र अण्डा तथा फलफूलबाट १२.७१ प्रतिशत प्राप्त हुने अवस्थामा मन्त्रालयले खाद्यान्न चामल, मकै, गहुँ, कोदो, फापर र जौको मात्र खाद्य वासलात तयार गरेको देखियो। आधारभूत आवश्यकता पूर्तिको लागि आवश्यक हुने सबै खाद्यान्न र खाद्य उपज वासलातमा नसमेटिदा खाद्यान्नको आवश्यकता तथा उपलब्धिको विश्लेषण अधुरो भै खाद्यान्नको आवश्यकतासम्बन्धी नीति, तथा कार्यक्रम तर्जुमा, तथा कार्यान्वयनमा असर पर्ने भएकोले आधारभूत आवश्यकता पूर्तिको लागि आवश्यक सबै खाद्यान्न तथा खाद्य उपज खाद्य वासलातमा समेटिनु पर्दछ।

१६.६. खाद्य वासलातमा चामल, मकै, गहुँ, कोदो, जौ र फापर समेत ६ खाद्यान्न बालीलाई समेटिएको छ। स्थानीय स्तरमा उपभोग गरिने बालीको संरक्षणको लागि स्थानीय स्तरमा परम्परागत रुपमा उपभोग गरी आएका अन्य बाली समेतको अध्ययन गरी खाद्य वासलातमा समेट्नु उपयुक्त हुने देखिन्छ।

१६.७. पशुको दाना उत्पादनमा समेत खाद्यान्नको आवश्यकता हुनेमा उत्पादित खाद्यान्न मानिसले उपभोग गर्ने खाद्यपदार्थमा मात्र सीमित राखी वासलात तयार गरेको र आयातको अवस्था विश्लेषण नगरेकोले खाद्य वासलात यथार्थपरक देखिएन। खाद्य वासलात तयार गर्दा खाद्यान्नको विविध प्रयोगको समेत विश्लेषण हुनु पर्दछ।

१७. **दुध र दुग्धजन्य पदार्थ उत्पादन र आपूर्ती-** राष्ट्रिय दुग्ध विकास नीति, २०७८ बमोजिम आन्तरिक तथा बाह्य बजारको सम्भाव्यताका आधारमा उत्पादन विविधीकरणद्वारा दुग्ध पदार्थहरुको आयात प्रतिस्थापन गरी देशलाई आत्मनिर्भर बनाउने र दूध तथा दूग्ध पदार्थलाई निर्यातयोग्य वस्तुको रुपमा विकास गर्ने नीति रहेको छ। नेपालको राष्ट्रिय मापदण्ड अनुसार दूधमा आत्मनिर्भर हुन प्रतिव्यक्ति वार्षिक ९१ लिटर उत्पादन हुनुपर्दछ। वि. सं. २०७८ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५७८ रहेकोले उक्त जनसंख्या अनुसार दूध तथा दूधजन्य पदार्थको वार्षिक उत्पादन २ अर्व ६५ करोड ३९ लाख ७६ हजार ५ सय ९८ के.जि हुनुपर्ने देखिन्छ। आर्थिक वर्ष २०७८।७९ मा २ अर्ब ५६ करोड ६६ लाख १० हजार लिटर दूध उत्पादन भएको छ। उक्त उत्पादन राष्ट्रिय मापदण्डभन्दा ८ करोड ७३ लाख ६६ हजार ५ सय ९८ लिटर कम हो। आर्थिक वर्ष २०७८।७९ मा २७ लाख ३५ हजार २२३ किलोग्राम दूध तथा दूधजन्य पदार्थ आयात भएको देखिन्छ। स्वदेशी उत्पादनले बजार नपाएको र बक्यौता रकम भुक्तानी नभएकोले किसान आन्दोलन गर्न बाध्य रहेकाले बजार व्यवस्थापनमा समस्या रहेको

भनी सार्वजनिक सञ्चार माध्यममा समाचार आउने गरेको छ। आर्थिक वर्ष २०७७।७८ मा नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अण्डा, मासु, धुलो दूध र दूधजन्य पदार्थ बटरमा आत्मनिर्भर भएको घोषणा गरेको भएपनि दूध तथा दुग्धजन्य पदार्थको आयात भएको अवस्थाले आत्मनिर्भर घोषणा यथार्थपरक देखिएन। नेपालमा दुग्ध क्षेत्रमा माग र आपूर्तिको अवस्थामा समय समयमा असन्तुलन देखा पर्ने गरेकोले मौसम अनुसार दूध उत्पादनको परिमाणमा हुने घटबढले पार्ने समस्या समाधान गर्न धुलो दूधको प्रभावकारी व्यवस्थापन गर्नुपर्ने, ठूलो मात्रामा आयात हुने गरेकोले स्वदेशमै उन्नत पशुवस्तुको अंश वृद्धि गर्ने, निजी तथा सार्वजनिक तथा वैदेशिक लगानी र प्रविधि आयातलाई समेत प्रोत्साहन गर्ने, व्यवसायिक पशुपालनलाई बढावा दिनुपर्ने तथा आयात हुने गरेका दुधजन्य पदार्थको प्रकार र परिमाणबारे अध्ययन गरी देशभित्रै दुग्ध पदार्थहरु उत्पादन गर्न प्रविधि प्रयोग र सीप वृद्धि तथा बजारीकरणमा विशेष प्रोत्साहन गर्नुपर्ने, दूध र दुग्ध जन्य पदार्थहरुको बजारको नियमित अनुगमन तथा अध्ययन गरी मूल्य, माग, आपूर्ति, आयात र निर्यातको सूचना सङ्कलन, विश्लेषण तथा प्रवाह गर्ने व्यवस्था गर्नुपर्ने र समयमा किसानको वक्यौता रकम भुक्तानी दिनुपर्दछ। मुलुकको कुल आन्तरिक माग र आपूर्ति विचको फरक कम गर्न आन्तरिक उत्पादनलाई बढावा दिने नीति तय गर्नुपर्दछ।

१८. **आपतकालिन खाद्यान्न मौज्दात व्यवस्था-** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ७ बमोजिम लक्षित घर परिवारलाई निःशुल्क र सहुलियत मूल्यमा खाद्यान्न उपलब्ध गराउन विपद्ग्रस्त क्षेत्र घोषणा भएकोमा सो क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा परिवारलाई निशुल्क खाद्य सहायता उपलब्ध गराउन, दफा ९ बमोजिम खाद्य सुरक्षा तथा पोषणमा कुनै कारणले पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न तथा आपतकालिन अवस्थामा यथाशिघ्र खाद्य उपलब्ध गराउन र दफा १० बमोजिम भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, आगलागि महामारी भोकमरी जस्ता कारणले कुनै क्षेत्रमा खाद्य सङ्कट उत्पन्न भएमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गर्नु पर्ने र दफा २६ बमोजिम सङ्कटको समयमा खाद्यको आवश्यकता पूरा गर्न तोकिए बमोजिम खाद्य सञ्चितिको व्यवस्था गर्नु पर्ने उल्लेख भएकोमा ऐनमा भएको व्यवस्था बमोजिम खाद्य सञ्चितिको व्यवस्था भएको छैन। यस सम्बन्धमा नियमावली तयार भई लागु हुने चरणमा रहेकोले खाद्य सञ्चितिको व्यवस्था गर्न नसकिएको कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयले जनाएको छ। स्थानीय स्तरमा खाद्य सुरक्षा सम्वद्ध आपतकालीन मौज्दातका लागि स्थानीय खाद्य बैङ्क, बीउ बैङ्क र सामुदायिक भकारीको अवधारणालाई पुनःस्थापित र सञ्चालन गर्नका लागि आवश्यक नीति तर्जुमा गरी लागु गर्नुपर्दछ।

१८.१. आर्थिक वर्ष २०७७/७८ को बजेट वक्तव्यमा सार्क खाद्य सुरक्षा बैंक र राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा नेपालको तर्फबाट गर्नुपर्ने योगदान बढाइने र आपूर्तिसम्बन्धी सार्वजनिक संस्थानको भण्डार क्षमता बढाई खाद्यवस्तुको सहज उपलब्धता र मूल्य नियन्त्रण गरिने उल्लेख छ। त्यस्तै आर्थिक वर्ष २०७९/८०को बजेट वक्तव्यमा धान, गहुँ, मकै र दूध लगायतका कृषि उत्पादनको न्युनतम समर्थन मूल्य तोकिने, उक्त मूल्यमा तोकिएका खाद्यान्न बाली खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड लगायतका संस्थाहरूले खरिद गर्ने व्यवस्था मिलाइने र समर्थन मूल्य र खरिद मूल्यबीच अन्तर हुन गएमा सोधभर्ना उपलब्ध गराउने व्यवस्था मिलाइने उल्लेख छ। देशमा उत्पन्न हुनसक्ने खाद्य संकटको बेला प्रयोग गर्नेगरी खाद्यान्न मौज्दात राख्न खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई सार्क खाद्य सुरक्षा भण्डार अन्तर्गत ८ हजार मेट्रिक टन र राष्ट्रिय खाद्य सुरक्षा भण्डार अन्तर्गत २५ हजार मेट्रिक टन खाद्यान्न मौज्दातको लागि उद्योग, वाणिज्य तथा

आपूर्ति मन्त्रालयबाट अनुदान प्राप्त हुने गरेकोमा लेखापरीक्षणको समयमा सार्क खाद्य भण्डार अन्तर्गत ७ हजार ७८३ मेट्रिक टन चामल मौज्दात रहेको छ भने राष्ट्रिय खाद्य सुरक्षा भण्डारको मौज्दात शून्य रहेको छ। तोकिएको भन्दा न्युन वा शून्य मौज्दात रहेको सम्बन्धमा खाद्यान्न खरिद गर्दा सरकारबाट तोकिएको न्युनतम समर्थन मूल्य भन्दा बजार मूल्य बढी रहेकोले मौज्दातको लागि खाद्यान्न खरिद गर्न नसकिएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले जनाएको छ।

बजेट वक्तव्यमा सुरक्षा भण्डारणमा योगदान बढाईने उल्लेख भए पनि उक्त व्यवस्था कार्यान्वयन भएको देखिएन। त्यस्तै समर्थन मूल्य र खरिद मूल्यबीच अन्तर हुन गएमा सोधभर्ना उपलब्ध गराउने व्यवस्था मिलाइने उल्लेख भए पनि मौज्दातको लागि खाद्यान्न खरिद गरेको देखिएन। आपतकालीन अवस्थाको लागि पर्याप्त खाद्य सञ्चिति नभएमा मानवीय संकट समेत उत्पन्न हुन सक्ने भएकोले आवश्यक नीतिगत, कानुनी र संस्थागत प्रबन्ध गरी सो बमोजिम संघ, प्रदेश र स्थानीय तहले आपसी समन्वयमा आवश्यक खाद्यान्न मौज्दात राख्नु पर्ने र समर्थन मूल्य र बजार मूल्य बीच सामञ्जस्यता कायम राखी बजारबाट खरिदगर्न सकिने व्यवस्था मिलाई खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले तोकिए बमोजिमको खाद्यान्न मौज्दात राख्नु पर्दछ।

१९. **खाद्य वितरण व्यवस्था–** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा ३० मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले तोकिए बमोजिम सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र मार्फत खाद्य वितरणको व्यवस्था गर्नुपर्ने उल्लेख भएकोमा सुपथ मूल्यको पसल वा सार्वजनिक खाद्य वितरण केन्द्र मार्फत खाद्य वितरणको व्यवस्था हुन सकेको छैन। देशका खाद्य अभाव हुने दूर्गम जिल्लामा सरकारी स्वामित्वको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडबाट ढुवानी अनुदानमा चामलको बिक्री वितरण हुने गरेको छ भने अन्य भागमा खाद्यान्नको वितरण निजी क्षेत्रबाट हुने गरेको छ। निजी क्षेत्रबाट देशमा उत्पादित तथा विदेशबाट आयात हुने खाद्यान्नको भण्डारण व्यवस्था, बिक्री वितरण प्रणाली तथा मौज्दातसम्बन्धी विवरण कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयमा रहेको पाइएन। देशको खाद्यान्न आवश्यकता, सोको पूर्तिको स्रोत, बिक्री वितरण प्रणाली र सञ्चित रहनु पर्ने मौज्दात र सञ्चितिको विवरण नभएमा आपत्कालीन अवस्थामा यथाशिध्र खाद्यान्न उपलब्ध गराउन कठिनाई हुने भएकोले केन्द्रीय स्तरमा कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय, प्रदेश स्तरमा प्रदेशको कृषिसँग सम्बन्धित मन्त्रालय र सम्बन्धित स्थानीय तहमा सरकारी, निजी तथा सहकारी क्षेत्रको खाद्यान्न भण्डारण तथा वितरण व्यवस्थाको संयन्त्रको विवरण, सञ्चित खाद्य परिमाण तथा वितरण प्रणालीको विवरण राख्ने व्यवस्था हुनु पर्दछ।

२०. **कृषि उपजको भण्डारण व्यवस्था–** कृषकहरुले उत्पादन गरेको कृषि उपजहरुको भण्डारण गरी उच्च मूल्य प्राप्त गर्ने अवसर प्रदान गर्न कृषि तथा पशुपन्क्षी विकास मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले सहकारी तथा स्थानीय संस्थाको लागत सहभागितामा गोदामघर निर्माण गरिरहेका छन्। गोदामघर निर्माण सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छ।

२०.१. कृषि तथा पशुपन्छी विकास मन्त्रालयले लागत सहभागितामा खाद्य गोदाम घर एवम् अन्य पूर्वाधार स्थापना गर्नेसम्बन्धी मार्गदशन, २०७८ जारी गरी मन्त्रालयले ५० प्रतिशत र गोदामघर निर्माण हुने स्थानीय निकाय र गोदामघर सञ्चालन गर्ने संस्था, समिति, समूह र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले निर्माण गर्न चाहेमा उक्त कम्पनीले ५० प्रतिशत लागत व्यहोर्ने गरी गोदामघर निर्माणको लागि प्रस्ताव आवाह्न गरे बमोजिम हाल १ सय देखि ५ हजार मेट्रिकटन क्षमताका गोदामघर निर्माणाधीन अवस्थामा रहेको विवरण प्राप्त भएको छ। त्यस्तै आधुनिक गोदामको

व्यवस्था गरी त्यसमा किसानका उत्पादनहरुले अपेक्षित मूल्य नपाउदासम्म भाडामा राखिदिने र त्यस्ता गोदाममा राखिएका वस्तु किसानले बिक्री गर्न नसके कम्पनीले खरिद गरिदिने व्यवस्था अन्तर्गत देशभरमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडका १५७ गोदाम रहेको र यस्ता गोदामको कुल क्षमता १ लाख ५९ हजार १२० मेट्रिकटन क्षमता रहेको भए पनि धेरै जसो गोदाम घर पुरानो भई जिर्ण अवस्थामा रहेको र बजेटको अभावमा मर्मत हुन नसकेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको भनाई रहेको छ । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाले तरकारी फलफूल क्षति न्यूनीकरण को लागि २७ चिस्यान घर १० गोदाम घर र ५ रष्टिक हाउस स्थापना गरेको आर्थिक वर्ष २०७७/७८ को प्रगति प्रतिवेदनमा उल्लेख छ।

कृषि उपज भण्डारणको लागि विभिन्न निकायबाट गोदाम घर र शीत भण्डार निर्माण भए पनि स्थानीय उत्पादनको प्रकृति तथा परिमाण, खाद्यान्नको स्थानीय आवश्यकताको परिमाण, बिक्री वितरण प्रणाली आदि सम्बन्धमा अध्ययन भएको देखिएन। त्यस्तै निर्माण भएका गोदाम घर तथा शीत भण्डार समेत तोकिए बमोजिम निर्माण भै सञ्चालनमा रहे नरहेको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिने कार्य भएको छैन। आवश्यकता पहिचान तथा तोकिए बमोजिमको ड्रईङ्ग, डिजाइन तथा अन्य प्राविधिक पक्ष अनुसार गोदाम घर तथा शीत भण्डार निर्माण नहुँदा प्रयोगमा नआई स्रोत साधन खेर जाने र खाद्यान्नमा क्षति समेत पुग्न जाने भएकोले आकस्मिक अवस्थाका लागि खाद्यान्न संचय गर्न निर्माण गरिने गोदाम घर र बजारमा बिक्री नहुँदा सम्मको लागि क्षति न्यूनीकरण गर्न र उच्च मूल्य प्राप्त गर्ने प्रयोजनको लागि निर्माण गरिने शीत भण्डार र गोदाम घरको आवश्यकता पहिचानका आधारमा निर्माण गरी सोको सञ्चालन अवस्थाको समेत अनुगमन गरिनुपर्दछ।

२१. **कृषि भूमि–** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १५ मा कृषि योग्य भूमिको संरक्षण तथा दिगो उपयोगको लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले पारस्परिक समन्वयमा कृषि योग्य भूमिको वैज्ञानिक पहिचान गरी छुट्याउने वा वर्गीकरण गर्ने, विकास निर्माणका कार्य गर्दा खाद्य योजना प्रतिकूल हुन नदिने, कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमिमा मनासिव कारण बिना खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोग कटौती गर्ने सहकारी खेती, कबुलियत खेती वा सामूहिक खेतीलाई प्रवर्द्धन गरी बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोग गर्ने उल्लेख छ। संवैधानिक प्रावधान अनुरुपको वैज्ञानिक भूमिसुधारका लागि पनि कृषि भूमि संरक्षण, उपयोग तथा जग्गा विकास विशेष विषयहरु समेत समेटिनुपर्ने देखिन्छ। कृषि भूमि सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्।

२१.१. कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयको कृषि तथ्याङ्क विवरणमा धान, मकै, गहुँ, कोदो, फापर र जौको खेती गरिएको जमिनको क्षेत्रफल आर्थिक वर्ष २०७५/७६ मा ३४ लाख ५० हजार हेक्टर रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ३४ लाख ८६ हजार हेक्टर रहेको उल्लेख छ। प्रमुख खाद्यान्न बाली धानको खेती गरिएको जमिनको क्षेत्रफल आर्थिक वर्ष २०७५/७६ मा १४ लाख ९१ हजार हेक्टर रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा १४ लाख ७७ हजार हेक्टर रहेको छ। त्यस्तै मकैको खेती गरिएको जमिनको क्षेत्रफल आर्थिक वर्ष २०७५/७६ मा ९ लाख ५६ हजार हेक्टर रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ९ लाख ८५ हजार हेक्टर रहेको छ भने गहुँको खेती गरिएको जमिनको क्षेत्रफल आर्थिक वर्ष २०७५/७६ मा ७ लाख ३ हजार हेक्टर रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ७ लाख १६ हजार हेक्टर रहेको छ।

कृषिगणना २०७८ अनुसार कृषक परिवार अन्तर्गतको २२ लाख १८ हजार हेक्टर जग्गा मध्ये २१ लाख २२ हजार हेक्टर मात्र कृषि कार्यमा प्रयोग भएको र बाँकी ८१ हजार हेक्टर वन

वनेलो लागेको, १३ हजार हेक्टर पोखरी र ३ हजार हेक्टर अन्य प्रकारको जग्गा रहेको छ। कृषि गणना २०७८ अनुसार २०६८ को कृषि गणनाको तुलनामा २०७८ सालमा देशभर अस्थायी बाली लागेको जग्गा ३ लाख ९२ हजार अर्थात १८ प्रतिशत घटेको छ। यो अवधिमा अस्थायी चौरचरन तथा बाँझो जग्गा क्रमशः ४५ र ९५ प्रतिशतले बढेको छ भने फलफूल तथा अन्य स्थायी बाली लागेको जग्गा १४ प्रतिशतले घटेको छ। त्यसै गरी वन बनेलोको क्षेत्रफल ४७ प्रतिशतले बढेको छ भने पोखरीको क्षेत्रफल पनि तीन गुणाले बढेको उल्लेख छ। पहिलो कृषि गणनामा प्रतिपरिवार सरदर १.११ हेक्टर जग्गा पर्ने गरेकोमा २०६८ कृषि गणनामा ०.६८ र २०७८ को कृषिगणनामा ०.५५ हेक्टरमा झरेकोले कृषि भूमिको व्यापक रुपमा खण्डिकरण भएको देखिन्छ। त्यस्तै उर्जा, जलस्रोत तथा सिँचाइ विकास मन्त्रालयको प्रतिवेदन अनुसार २६ लाख ४१ हजार हेक्टर कृषि योग्य भूमि रहेको उल्लेख छ।

भूउपयोग ऐन, २०७६ बमोजिम प्रत्येक स्थानीय तहको भूउपयोग नक्सा तयार गर्ने जिम्मेवारी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको भए बमोजिम नापि विभागले स्थानीय तहको भूउपयोग नक्सा तयार गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गरेको भए पनि एकीकृत गर्ने कार्य सम्पन्न नभएकोले कृषि भूमिको वास्तविक क्षेत्रफल यकिन हुन सकेको छैन। कृषि योग्य भूमि सम्बन्धमा विभिन्न निकायका तथ्याङ्कमा एकरुपता नदेखिएको र कृषि तथा पशुपन्क्षी विकास मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन अनुसार कृषि भूमिमा वृद्धि भैरहेकोमा कृषि गणना अनुसार कृषि भूमि घटेको देखिएकोले मन्त्रालयले यस सम्बन्धमा अध्ययन गरी वास्तविकता यकिन गर्नु पर्ने देखिएको छ। यसका लागि कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र उर्जा, जलस्रोत तथा सिँचाइ विकास मन्त्रालय बीच समन्वय र संयोजनको आवश्यकता देखिन्छ।

२१.२. आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा कृषियोग्य जमिनको चक्लाबन्दी गरी कबुलियती, सामूहिक र करार खेती गर्न प्रोत्साहित गरिने उल्लेख छ। स-साना कित्तामा छरिएर रहेका जग्गालाई चक्लाबन्दी गरी एकल बालीको माध्यमबाट चक्लाबन्दीमा खेती गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत कार्यहरु भैरहेको र आर्थिक वर्ष २०७८/७९ सम्ममा ४ हजार ७८१ हेक्टरमा जमिन चक्लाबन्दी भएपनि ऐनमा व्यवस्था भएको कृषियोग्य भूमिको वैज्ञानिक पहिचान गरी छुट्याउने वा वर्गीकरण गर्ने, विकास निर्माणका कार्य गर्दा खाद्य योजना प्रतिकूल हुन नदिने, कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमिमा मनासिव कारण बिना खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोग कटौती गर्ने, सहकारी खेती, कबुलियत खेती वा सामूहिक खेतीलाई प्रवर्द्धन गरी बाँझो रहेको उत्पादनशील भूमिको अधिकतम उपयोग गर्ने जस्ता व्यवस्था कार्यान्वयन भएको छैन। ऐनमा भएको व्यवस्था कार्यान्वयन नहुँदा खेती योग्य जमिनको खण्डिकरण भई आवासको लागि प्रयोग हुने, खेती योग्य जमिन बाँझो रहने, खेती योग्य जमिनमा भौतिक संरचना निर्माण हुने लगायतका क्रियाकलापले कृषि जमिनको क्षेत्रफल घट्न गई उत्पादन वृद्धिमा असर परेको अवस्था छ।

कृषि क्षेत्रको विकास गरी उत्पादन वृद्धि गर्ने जिम्मेवारी कृषि तथा पशुपन्छी विकास मन्त्रालयको भए पनि भूउपयोग नीति तथा ऐनको कार्यान्वनको जिम्मेवारी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहको रहेको छ। त्यस्तै भूउपयोग ऐन,२०७६ बमोजिम भूमिको भूउपयोग क्षेत्र वर्गीकरण गर्ने अधिकार स्थानीय तहलाई रहेको छ। ऐनमा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले भूउपयोग योजना तयार गर्नु अघि भूमिको

वस्तुस्थिति, भूमिको क्षेत्रफल, जनसङ्ख्या वृद्धिदर, खाद्य तथा आवासको आवश्यकता, आर्थिक विकास तथा पूर्वाधार निर्माणको लागि भूमिको मागमा हुने वृद्धि लगायतका विषयमा अध्ययनगरी दीर्घकालीन भू-उपयोग योजनाको आधारपत्र तयार गर्नुपर्ने, कृषि योग्य भूमिको अधिकतम उपयोग गर्ने किसानलाई प्रोत्साहन गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था भए पनि प्रत्येक स्थानीय तहमा रहेको भूमिमध्ये वैज्ञानिक आधार तोकी वर्गीकरण गर्नुको सट्टा तत्काल बढी राजस्व प्राप्त हुने आशयकासाथ कृषि योग्य भूमिलाई अन्य प्रयोजनमा वर्गीकरण हुने जोखिम रहेको छ। उब्जाउयोग्य भूमि मासिएमा उत्पादनमा असर पर्ने भएकोले यसमा सम्बन्धित निकायले ध्यान दिनु पर्ने देखिन्छ।

२२. **सिँचाइ सुविधा-** उपयुक्त प्रविधि मार्फत थप कृषियोग्य भूमिमा सिँचाइ सेवा विस्तार गर्ने पन्ध्रौं आवधिक योजनाको उद्देश्य बमोजिम कुल सिँचित क्षेत्रफल १४ लाख ७३ हजार हेक्टरबाट १७ लाख ७३ पुऱ्याउने लक्ष्य रहेकोमा उर्जा, जलश्रोत तथा सिँचाइ विकास मन्त्रालयको प्रतिवेदन अनुसार १५ लाख ५५ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विवरण अनुसार ३४ लाख ८६ हजार हेक्टर जमिनमा खाद्यान्नबाली लगाईएको आधारमा ४४.६० प्रतिशत र उर्जा, जलश्रोत तथा सिँचाइ विकास मन्त्रालयका अनुसार २६ लाख ४१ हजार कृषि योग्य भूमि मध्ये ५८.८८ प्रतिशतमा सिँचाइ सुविधा पुगेको छ। योजना अवधिमा ३ लाख हेक्टर जमिनमा थप सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहेकोमा योजनाको चौथो वर्षसम्मको प्रगति २७.३३ प्रतिशतमात्र रहेको छ। कृषि उत्पादन वृद्धि गर्न आवधिक योजनाको लक्ष्य अनुसारको कृषि योग्य जमिनमा सिँचाइ विस्तार हुनु पर्दछ।

२३. **कृषि क्षेत्रको बजेट-** दिगो विकास लक्ष्य (सन् २०१५-२०३०) ले कृषिमा सरकारको खर्च (कुल बजेटको प्रतिशत) ३.३ प्रतिशतबाट ४ प्रतिशत पुऱ्याउने लक्ष्य लिएकोमा आर्थिक वर्ष २०७९/८० मा संघीय सरकारको कुल बजेट मध्ये कृषि क्षेत्रको बजेट ३.३६ प्रतिशत मात्र रहेको छ। संघीय सरकारको आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको कुल बजेट र कृषि क्षेत्रको बजेटको विवरण देहाय बमोजिम छ।

(रकम रु. लाखमा)

आर्थिक वर्ष	कुल बजेट	कृषि मन्त्रालयको बजेट	प्रतिशत	कुल खर्च	कृषि क्षेत्रको खर्च	प्रतिशत
२०७९/८०	१५५६७४४९	५४९९८७	३.५३	११९८२६४२	४५२२१७	३.७७
२०७८/७९	१६३२८२१६	३७७६६०	२.३१	१३०९८७४२	३०३९८७	२.३२
२०७७/७८	१४७४६४५४	२८६२३६	१.९४	११९६७७५९	२३००६८	१.९२

आर्थिक वर्ष २०७७/७८ मा संघीय सरकारको कुल बजेटको १.९४ प्रतिशत कृषि क्षेत्रको लागि विनियोजन भएकोमा आर्थिक वर्ष २०७९/८० मा यो ३.५३ प्रतिशत पुगेको छ। खर्च तर्फ आर्थिक वर्ष २०७७/७८ मा कुल बजेट खर्चमा कृषि बजेटको खर्च १.९२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७९/८० मा यो ३.७७ प्रतिशत रहेकोले बजेट विनियोजन र खर्चमा सुधार आएको देखिए पनि कुल गार्हस्थ्य उत्पादनमा करिब २४.१ प्रतिशत योगदान रहेको, कुल जनसंख्याको ६२ प्रतिशत कृषि पेशामा आश्रित रहेको तथा कृषि क्षेत्रको औद्योगिकिरणबाट कुल गार्हस्थ्य उत्पादन वृद्धि गर्नु पर्ने आवश्यकता रहेको र मानव जीवनयापनको लागि खाद्यान्न अनिवार्य आवश्यकता रहेको सन्दर्भमा कृषि क्षेत्रमा विनियोजन भएको बजेट तुलनात्मक रुपमा न्युन देखिएकोले बजेट वृद्धि तर्फ समेत सरकारले ध्यान दिनु पर्ने देखिएको छ।

२४. **कृषि अनुदान-** आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा विद्यमान कृषि अनुदान प्रणालीलाई पुनरावलोकन गरी कृषक, कृषि उद्यमी, कृषक समुह र सहकारी संघ संस्थालाई उत्पादनमा

आधारित प्रोत्साहन अनुदान प्रदान गरिने उल्लेख छ। आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्म सरकारले उपलब्ध गराएको कृषि अनुदानको विवरण देहाय बमोजिम छ।

(अनुदान रकम रु. करोडमा, खाद्यान्न उत्पादन हजार मे.टन)

आर्थिक वर्ष	अनुदान रकम		खाद्यान्न र खाद्य उपज उत्पादन वृद्धि प्रतिशत		
	रकम	वृद्धि प्रतिशत	खाद्यान्न उत्पादन	फलफूल उत्पादन	तरकारी
२०७९/८०	३६०४	६५	०.०४६	४.३१	२.१९
२०७८/७९	२१८३	११	२	(१.०२५)	४.११
२०७७/७८	१९६८	१७	१.८२	२.६१	२४.०९
२०७६/७७	१६८३	३७	(०.४०)	(४.२६)	(६.९६)
२०७५/७६	१२२९	-	-	-	-

उपर्युक्त विवरण अनुसार अनुदानको मात्रा वर्षेनी बढ्दै गइरहेको भए पनि अनुदान वृद्धि अनुसार खाद्यान्न, फलफूल तथा तरकारीको उत्पादनमा वृद्धि भएको नदेखिएकोले उपलब्ध गराइएको कृषि अनुदानको प्रभावकारीता अध्ययन हुनु पर्ने देखिन्छ।

२५. **मूल्यमा स्थिरता–** नागरिकको खाद्यान्नमा सहज पहुँचको लागि खाद्यान्न तथा खाद्य पदार्थको मूल्यमा स्थिरता हुन जरुरी छ। खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा २९ मा आधारभूत खाद्यको मूल्यमा स्थिरता कायम गर्ने जिम्मेवारी नेपाल सरकारको हुने उल्लेख छ। खाद्य सुरक्षाका ४ आयाममध्ये स्थिरतालाई सुनिश्चित गर्न मूल्य स्थिरताको पनि प्रमुख भूमिका रहन्छ। नेपाल द्विपक्षीय तथा बहुपक्षीय सन्धी संगठनहरुको सदस्य राष्ट्र भएको अवस्थामा मूल्य स्थिरता कायम गर्न राज्यले आवश्यक अध्ययनको आधारमा सहुलियतपूर्ण बजार व्यवस्थापन तथा वितरणको सुनिश्चित गर्नुपर्ने देखिन्छ। नेपाल राष्ट्र बैङ्कले २०७९।८० मा प्रकाशित गरेको उपभोक्ता मूल्य सूचकाङ्क तथा मुद्रास्फीति दरको तथ्याङ्क अध्ययन गर्दा समग्र खाद्य तथा पेयपदार्थको मुद्रास्फीति दर ६.६२ प्रतिशत रहेको छ। त्यसैगरी, खाद्य तथा खाद्यजन्य पदार्थको मुद्रास्फीति दर १०.७० प्रतिशत, दलहनको ४.५१ प्रतिशत, तरकारीको -०.९२, मासु तथा माछाको ३.१० प्रतिशत, दुध र दुधजन्य तथा अण्डाको ९.२३ प्रतिशत र फलफुलको ७.३५ प्रतिशत रहेको छ। हाल विद्यमान आपूर्ति श्रृंखलामा रहेको अवरोधहरू, कृषक र उपभोक्ताको बिचमा रहेको मध्यस्थकर्ताको भूमिका, कृषि उत्पादनमा बढ्दो लागत कम गरी, कृत्रिम अभाव, कालोबजारी, लगायतका विषयहरुमा ध्यान दिई खाद्य पदार्थमा हुने मुल्यवृद्धिलाई सन्तुलित बनाई मुल्यमा स्थिरता कायम गरिनु पर्दछ।





२६. **मलखाद–** कृषि उत्पादनको लागि प्राङ्गारिक मल, रासायनिक मल र जैविक मलहरु आवश्यक पर्दछ। मलखादको प्रयोग सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्।

२६.१. पन्ध्रौं आवधिक योजनाले आर्थिक वर्ष २०८०/८१ सम्म ५ लाख २० हजार मेट्रिकटन रासायनिक तथा जैविक मल आपूर्ति गर्ने लक्ष्य लिएको छ। आर्थिक वर्ष २०७७/७८ र आर्थिक वर्ष २०७८/७९ को बजेट वक्तव्यमा खेतीबाली लगाउने समय अगावै रासायनिक मलको पर्याप्त आपूर्ति सुनिश्चितगर्न रासायनिक मलको अनुदानमा बजेट वृद्धि गर्ने र आर्थिक वर्ष २०७९/८० को बजेट वक्तव्यमा ग्रीन हाइड्रोजन र ग्रीन एमोनिया प्रविधि प्रयोग गरी रासायनिक मल कारखाना स्थापना गर्न लगानी बोर्ड नेपालमार्फत कार्य अगाडि बढाइने उल्लेख छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७५/७६ देखि २०७९/८० सम्मको मूलुकमा उपलब्ध कृषियोग्य जमिनमा खेतीको लागि आवश्यक पर्ने मल (प्राविधिक माग) र किसानहरुवाट माग भएको मल (प्रभावकारी माग) तथा आपूर्तिको स्थिति देहाय बमोजिम छ।

(रासायनिक मल मे. टनमा)

आर्थिक वर्ष	रासायनिक मल	युरिया	डि.ए.पी	पोटास	जम्मा
२०७५।७६	प्राविधिक माग	७२३७५०	३९४६००	११५००	११२९८५०
	प्रभावकारी माग	३१००००	१९००००	२००००	५२००००
	आपूर्ति	२०८२७७	१११८९३	७४९५	३२७६६५
२०७६।७७	प्राविधिक माग	७२३७५०	३९४६००	११५००	११२९८५०
	प्रभावकारी माग	३१००००	१९००००	२००००	५२००००
	आपूर्ति	२१४९६५	१६१०२४	१०१९८	३८६१८६
२०७७।७८	प्राविधिक माग	७२३७५०	३९४६००	११५००	११२९८५०
	प्रभावकारी माग	३१००००	१९००००	२००००	५२००००
	आपूर्ति	२२३३५९	१४०१६७	१३०९७	३७६६२३
२०७८।७९	प्राविधिक माग	७२३७५०	३९४६००	११५००	११२९८५०
	प्रभावकारी माग	३१००००	१९००००	२००००	५२००००
	आपूर्ति	१४३५१८	७७७२०	६६३४	२२७८७२
२०७९।८०	प्राविधिक माग	७२३७५०	३९४६००	११५००	११२९८५०
	प्रभावकारी माग	३१००००	१९००००	२००००	५२००००
	आपूर्ति	२५३९०४	१४६०६६	७३९४	४०७३६४

उल्लिखित विवरणअनुसार कृषियोग्य भूमिको आधारमा मन्त्रालयले ११ लाख २९ हजार मेट्रिकटन रासायनिक मल आवश्यक हुने अनुमान गरेकोमा कृषकहरु को माग ५ लाख २० हजार

मेट्रिकटन अर्थात ४६ प्रतिशत रहेको छ भने आर्थिक वर्ष २०७९/८० को आपूर्ति ४ लाख ७ हजार अर्थात प्राविधिक मागको ३६ र प्रभावकारी मागको ७८.३४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८०मा पन्ध्रौं आवधिक योजनाले लिएको लक्ष्यको ७८.३४ प्रतिशत रासायनिक मल आपूर्ति भएको छ। त्यस्तै आर्थिक वर्ष २०७५/७६ को तुलनामा २०७९/८० मा रासायनिक मलको प्रयोगमा २४.३२ प्रतिशतले वृद्धि भएको छ। कृषकलाई समयमा रासायनिक मल उपलब्ध गराई कृषि उत्पादन वृद्धि देशभित्रै रासायनिक मल कारखाना स्थापना गर्न आवश्यक पहल हुनुपर्दछ।

२६.२. राष्ट्रिय मलनीति, २०५८ ले मलको कुशल एवं सन्तुलित प्रयोग गर्न एकीकृत बाली पोषण व्यवस्थापन प्रणालीलाई प्रवर्द्धन गर्ने उद्देश्य लिएको छ।जस अन्तर्गत प्राङ्गारिक मल तथा जीवाणु युक्त मल प्रयोग गर्न प्रोत्साहन गर्ने उल्लेख छ। त्यस्तै आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रममा अर्गानिक खेती प्रणालीलाई प्रोत्साहन गरिने, गुणस्तरिय प्रङ्गारिक मलमा रासायनिक मलमा दिईदै आएको अनुपातमा अनुदान उपलब्ध गराईने, अर्ग्यानिक खेतीलाई प्रोत्साहन गर्न प्राङ्गगारीक मल र जैविक विषादीको प्रयोगलाई प्रोत्साहन गरिने, अर्ग्यानिक खेतीको पकेटक्षेत्रमा उत्पादित उपजको ब्राण्डिङ, प्रमाणीकरण र बजार प्रवर्द्धन गरिने, जैविक बिषादी कारखाना स्थापना गर्न निजी क्षेत्रलाई ५० प्रतिशत पूँजिगत अनुदान उपलब्ध गराउने व्यवस्था गरिएको उल्लेख छ। देश भित्र निजीक्षेत्रबाट उत्पादन भई किसानले प्रयोग गर्ने मलको अभिलेख राख्ने कार्य प्रदेश सरकार तथा स्थानीय तहको भएकोले केन्द्रीय स्तरमा यसको विवरण रहेको देखिएन। रासायनिक मलको प्रयोग र अन्य विभिन्न कारणबाट अम्लियपना भएको माटोलाई जैविक तथा प्राङ्गारिक मलको प्रयोगबाट सुधार गर्न सकिने भएकोले सरकारले वार्षिक कार्यक्रम मार्फत जैविक तथा प्राङ्गारिक मलको प्रयोगमा वृद्धि गर्न सहुलियत प्रदान गर्ने गरेकोले सन्दर्भमा निजी क्षेत्रबाट उत्पादन भई बिक्री वितरण हुने जैविक तथा प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगको अभिलेख केन्द्रीय स्तरमा समेत हुन आवश्यक देखिएकोले यसमा अन्तर निकाय समन्वय हुन आवश्यक देखिएको छ।

२७. **भोकमरी सूचकाङ्क–** सन् २०३० सम्म भोकमरीको अन्त्य गर्ने दिगो विकास लक्ष्य (लक्ष्य नं २) रहेको छ। विश्वमा भोकमरीको अवस्था र कारणहरुको समीक्षा गरी सुधारको लागि सुझाव दिने उद्देश्यले कन्सर्न वर्ल्डवाइड र वेल्ट हङ्गर हाइलाइफले प्रत्येक वर्ष प्रतिवेदन तयार गरी प्रकाशन गर्दछ। प्रतिवेदन तयार गर्दा चार वटा सूचकहरु अल्पपोषण, पाँच वर्षमुनिका बालबालिकामा हुने ख्याउटेपन, पुडकोपन र बाल मृत्युदरको आधारमा मापन गर्ने गरिन्छ। प्रतिवेदनमा जनाइए अनुसार अल्पपोषणको मापन गर्दा कुल जनसङ्ख्यामध्ये कतिले पर्याप्त क्यालोरी खाना प्राप्त गरेका छन् भनेर हेरिन्छ।त्यस्तै उमेर अनुसार उचाइ नहुने पाँच वर्ष मुनिका बालबालिकाहरूको सङ्ख्या, उचाइअनुसार तौल नभएका बालबालिकाको सङ्ख्या र पाँच वर्षमुनि मृत्यु हुने बालबालिकाको सङ्ख्याका आधारमा सूचकहरूको मापन गरिन्छ। मापनको दर शून्यदेखि १०० बिन्दुसम्मको हुन्छ र शून्य भनेको सम्भावित सबैभन्दा राम्रो अवस्था हो अर्थात् भोकमरी छैन भन्ने अवस्था हो भने १०० अङ्क भनेको सबैभन्दा खराब अवस्था हो। यसमा पाचँवटा स्केल बनाइएको छ। जसमा ९.९ वा सो भन्दा कम स्कोर आएमा न्युन, १०.० देखि १९.९ सम्म मध्यम, २०.० देखि ३४.९ सम्म गम्भीर, ३५.० देखि ४९.९ सम्म भयावह (Alarming) र ५० वा सो भन्दा माथी १०० सम्म अत्यन्तै भयावह (Extremely Alarming) भोकमरीको अवस्था रहन्छ। विश्व भोकमरी सूचकाङ्कमा नेपालको अवस्था देहाय बमोजिम छ।

वर्ष (सन्)	कुल सहभागी देश	नेपालको प्राप्ताङ्क (score)	नेपालको स्थान	अवस्था
२०१९	११७	२०.८	७३	गम्भीर
२०२०	१०७	१९.५	७३	मध्यम
२०२१	११६	१९.१	७६	मध्यम
२०२२	१२१	१९.१	८१	मध्यम
२०२३	१२५	१५	६९	मध्यम

उपरोक्त तालिका अनुसार सन् २०१९ मा नेपाल गम्भीर भोकमरीको सूचीमा रहेकोमा सन् २०२० देखि २०२३ सम्म मध्यम खालको भोकमरीको सूचीमा रहेकोले नेपालको अवस्था सुधारोन्मुख देखिन्छ। तथापी सन् २०२० को प्रतिवेदनलाई आधार मान्दा राष्ट्रिय स्कोरको तुलनामा पुडकोपनको अवस्था मधेश, लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशको अवस्था कमजोर देखिन्छ। यसैगरी भौगोलिक रुपमा हिमाली क्षेत्र तथा तराईमा पनि पुडकोपनको अवस्था बढी रहेको छ। ख्याउटेपनको अवस्था हेर्दा कोशी, मधेश तथा सुदुरपश्चिम प्रदेशमा राष्ट्रिय स्कोरको तुलनामा बढी देखिन्छ। भौगोलिक हिसावले हेर्दा तराई क्षेत्रमा बढी ख्याउटेपन रहेको छ। ५ वर्षमुनिको बाल मृत्युदरको अवस्था हेर्दा राष्ट्रिय स्कोरको तुलनामा मधेश, कर्णाली र सुदुरपश्चिममा बढी रहेको छ।भौगोलिक हिसावले हेर्दा हिमाल र तराईमा बाल मृत्युको दर बढी देखिन्छ। यस प्रतिवेदनको आधारमा नेपालको समग्र अवस्था मध्यम स्तरमा रहेतापनि केही प्रदेश तथा भूगोल अझैपनि जोखिमको अवस्थामा रहेकोले सोही बमोजिमको लक्षित नीति तथा कार्यक्रमहरु तर्जुमा गरी लागु गर्नुपर्ने देखिन्छ।

२८. **पोषण स्थिति–** नेपालको संविधानले खाद्य सुरक्षा, खाद्य अधिकार तथा खाद्य संप्रभुत्ताको सुनिश्चित गरेको छ। यही अनुरुप खाद्य अधिकार तथा खाद्य संप्रभुत्ता ऐन, २०७५ जारी भएको छ। उक्त ऐनको दफा ३.३(घ) मा दिगोरुपमा खाद्यमाथिको पहुँच र पोषण सहायता, दफा ९ बमोजिम आकस्मिक खाद्य सहायता तथा पोषण सुरक्षा, दफा १०.२ बमोजिम खाद्य संकट क्षेत्र घोषणा गर्नुपर्ने अवस्था आएमा खाद्य तथा पोषण सुरक्षाको मापदण्ड तोक्ने, दफा ११ बमोजिम खाद्य तथा पोषण सुरक्षाका लागि स्थानीय खानालाई प्राथमिकता दिने र वितरणको व्यवस्था गर्ने, दफा २१.५ बमोजिम राष्ट्रिय खाद्य योजना निर्माण गर्दा खाद्य तथा पोषण सुरक्षा, खाद्य अधिकार र खाद्य संप्रभुत्तालाई आवधिक योजनामा समेट्ने, दफा २२ बमोजिम स्थानीय सरकारले आवश्यकता अनुरुप प्रत्येक वर्ष खाद्य तथा पोषण सुरक्षा कार्यक्रम सञ्चालन गर्ने, दफा २४ बमोजिम खाद्य तथा पोषण सुरक्षा शिक्षा र जानकारी समय समयमा संप्रेषण गर्ने, दफा २५ बमोजिम तीनै तहका सरकारहरुले खाद्य तथा पोषण सुरक्षा सम्बद्ध अध्ययन, अनुसन्धान तथा प्रविधि विकास गर्ने लगायतका पोषण सुरक्षासँग सम्बन्धित प्रावधानहरु रहेका छन।

२८.१. दीगो विकास लक्ष्यमा भोकमरी अन्त्य गर्ने लक्ष्य अन्तर्गत, ५ वर्ष मुनिका बालबालिकाहरुमा पुड्कोपन १५ प्रतिशतमा राख्ने, ख्याउटेपन ४ प्रतिशत र कम तौल भएका बालबालिकाहरु ९ प्रतिशतमा झान्ने लक्ष्य लिएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार नेपालमा ५ वर्ष मुनिका २५ प्रतिशत बालबालिकाहरुमा पुड्को पनको समस्या रहेको पाइयो। जसमध्ये शहरी क्षेत्रका २२ प्रतिशत र ग्रामीण क्षेत्रमा ३१ प्रतिशत बालबालिकामा त्यस्तो समस्या रहेको छ। भौगोलिक क्षेत्र अनुसार हिमाली, पहाड र तराई क्षेत्रमा क्रमश, ४२, २२ र २५ प्रतिशत बालबालिकाहरुमा पुड्कोपन देखिएको छ। स्वास्थ्य सर्वेक्षण प्रतिवेदन अनुसार ५ वर्ष मुनिका ८ प्रतिशत बालबालिकाहरुमा ख्याउटेन रहेको र १९ प्रतिशत ५ वर्ष मुनिका

बालबालिकाहरु उमेर अनुसार कम तौल भएको देखिन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०१६ को तुलनामा हाल बालबालिकाहरुमा पुड्कोपन ३६ प्रतिशतबाट घटेर २५ प्रतिशतमा, कम तौलका बालबालिकाहरु २७ प्रतिशतबाट १९ प्रतिशत र ख्याउटेपना १० प्रतिशतबाट ८ प्रतिशतमा रहेको देखिन्छ। नेपालमा ६ देखि ५९ महिना उमेर समूहका ४३ प्रतिशत बालबालिकाहरुमा रक्तअल्पता पाईएको छ, जसमध्ये २५ प्रतिशत कम, १८ प्रतिशत मध्यम र १ प्रतिशतमा गम्भीर रक्तअल्पता भएको पाईएको छ। शिक्षा हासिल नगरेका आमाहरुको ५२ प्रतिशत बच्चाहरुमा रक्तअल्पता बढी रहेको छ। साथै भौगोलिक क्षेत्रहरुमा तराईमा ४९ प्रतिशत बालबालिकाहरुमा रक्तअल्पता बढी देखिएको छ।

२८.२. दीगो विकास लक्ष्यमा भोकमरी अन्त्य गर्ने लक्ष्यले नेपालमा प्रजनन् उमेरसमूहका महिलाहरुमा रक्तअल्पता स्थिति १० प्रतिशतमा झान्ने लक्ष्य लिएको छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार १५ देखि ४९ वर्ष उमेर समूहका किशोरीहरु मध्ये २६ प्रतिशत दुब्लोपन र ६ प्रतिशतमा अधिक तौल वा मोटोपना पाईएको छ। साथै २० देखि ४९ वर्ष उमेर समूहका महिलाहरुमध्ये १० प्रतिशत दुब्लो र ३५ प्रतिशतमा अधिक तौल रहेको देखिन्छ। २० देखि ४९ वर्ष उमेर समूहका महिलाहरुमा अधिक तौल वा मोटोपन ग्रामीण क्षेत्रमा २६ प्रतिशत र शहरी क्षेत्रहरुमा ३८ प्रतिशत रहेको पाइयो। समग्रमा ५६ प्रतिशत महिलाहरुले सम्भावित १० खाद्य समूह मध्ये कम्तिमा पाँच खाना न्युनतम आहार विविधता अन्तर्गत खाएको देखिन्छ भने ५४ प्रतिशत महिलाहरुले अस्वस्थकर खानाहरु खाएको पाइयो। १५ देखि ४९ वर्ष उमेर समूहका ३४ प्रतिशत महिलाहरुमा रक्तअल्पता भएको पाईएकोमा तीमध्ये १८ प्रतिशतमा कम, १५ प्रतिशतमा मध्यम र १ प्रतिशतमा गम्भीर रुपमा रक्तअल्पता भएको उल्लेख छ।

२९. **जलवायु परिवर्तन–** जलवायु परिवर्तन र यसको प्रभाव कृषि क्षेत्रमा प्रत्यक्ष रुपमा पर्ने भएकोले खाद्य सुरक्षासँग पनि यसको अन्तरसम्बन्ध रहेको हुन्छ। जलवायु परिवर्तनका कारण हुनसक्ने अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा तापक्रममा हुने घटबढका कारण उत्पादन प्रणालीमा असर पर्दछ। यसका लागि मौसम पूर्वानुमान र यसबाट कृषिमा पर्न सक्ने प्रभावबारे किसानहरुलाई पूर्वजानकारी पुऱ्याउन सकिएको छैन। यसका कारण बालीनाली क्षति हुने जोखिम बढ्दो क्रममा रहेको छ। तर जलवायु परिवर्तन अनुकूलनका लागि आवश्यक बीउबीजन, पशुनश्ल तथा प्रविधिहरुको बारेमा अध्ययन अनुसन्धान तथा शिक्षा प्रणालीमा पर्याप्त सुधार नभएका कारण जलवायु परिवर्तनबाट हुनसक्ने क्षति र खाद्य सुरक्षामा यसको असर व्यापक रुपमा पर्ने देखिन्छ। तसर्थ कृषिको स्थानीयकरणलाई मद्दत पुग्ने गरी आवश्यक बीउबीजन, नश्ल तथा प्रविधि सुधार र सूचनाको पहुँचमा व्यापक सुधार गर्नुपर्ने देखिन्छ। यस्ता खालका विपद तथा आकस्मिक अवस्थामा खाद्य सुरक्षालाई सुनिश्चित गर्न स्थानीय स्तरमा सामुदायिक बीउ तथा खाद्य बैक, रैथाने बाली प्रवर्द्धन तथा बाली र परिकार विविधीकरणमा विशेष लगानी गर्नुपर्ने देखिन्छ।

३०. **कानुन कार्यान्वयन–** नेपालको संविधान बमोजिम प्रदत्त नागरिकको खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुतासम्बन्धी मौलिकहकलाई कार्यान्वयन गर्न र त्यसको लागि उपयुक्त संयन्त्र निर्माण गर्न तथा खाद्यमा नागरिकको पँहुच सुनिश्चित गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न नेपाल सरकारले २०७५ आश्विन २ मा खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ जारी गरेकोमा ऐनमा भएका देहायका व्यहोरा कार्यान्वयन भएको छैन।

- ऐनको दफा ४ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले भोकमरी वा भोकमरीको जोखिममा रहेका व्यक्ति परिवार समुदाय र क्षेत्रको नियमित रुपमा पहिचान गर्ने र

त्यसको अभिलेख राख्ने, भोकमरी वा भोकमरीको जोखिम नियन्त्रणका लागि आवश्यक खाद्य सञ्चितिको व्यवस्था गर्ने, भोकमरी वा भोकमरीको जोखिम नियन्त्रणको लागि खाद्य वितरणको व्यवस्था गर्ने, भोकमरी रोकथाम तथा नियन्त्रणको लागि तत्कालिन, अल्पकालीन तथा दिर्घकालीन उपायहरुको अबलम्बन गर्ने,

- दफा ५ बमोजिम खाद्य असुरक्षाको जोखिममा रहेका लक्षित घर परिवारको तोकिए बमोजम पहिचान गरी स्थानीय तहले अभिलेख राख्ने,
- दफा ६ बमोजिम स्थानीय तहले लक्षित घर परिवारको अद्यावधिक विवरणको आधारमा तोकिएको ढाँचामा खाद्य सहायता परिचय पत्र जारीगर्ने,
- दफा ७ बमोजिम लक्षित घर परिवारलाई सहुलियत मूल्यमा र खास प्रकृतिका लक्षित घर परिवारलाई तोकिएबमोजिम निःशुल्क खाद्य सहायता उपलब्ध गराउने।
- दफा ९ बमोजिम तीन तहको समन्वयमा खाद्य तथा पोषण सुरक्षामा कुनै कारणले पर्न सक्ने प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न तथा आपतकालिन अवस्थामा यथाशिघ्र खाद्य उपलब्ध गराउन आवश्यक उपाय अवलम्बन गर्ने,
- दफा ११ बमोजिम स्थानीय स्तरमा उत्पादन भएको परम्परागत खाद्यलाई प्राथमिकता दिई वितरण गर्ने,
- दफा १३ बमोजिम लागत मूल्यमा आधारित भई सबै कृषि उत्पादनको समर्थन मूल्य तोक्ने,
- दफा १४ बमोजिम नेपाल सरकारले किसानको तोकिए बमोजिम पहिचान गरी वर्गीकरणको आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा प्रचलित कानुन बमोजिम योगदानमा आधारित निवृत्तिभरण उपलब्ध गराउन स्थानिय तहले परिचय पत्र जारी गर्ने।
- दफा १५ मा व्यवस्था भए बमोजिम कृषि योग्य भूमीको वैज्ञानिक पहिचान गरी छुट्याउने वा वर्गीकरण गर्ने, कृषि योग्य भूमीलाई बाँझो राख्न तथा भूमीको उपयोगको सम्बन्धमा प्रचलित कानुन बमोजिम तोकिएको प्रयोजन बाहेक उपयोग गर्न वा गराउन नदिने, कृषियोग्य भूमीको खण्डीकरण गर्न नदिने, कृषि प्रयोजनको लागि वर्गीकरणमा परेको भूमीमा मनासिब कारण बिना खेती नलगाउने जग्गा धनीलाई सरकारले दिने अनुदान सुविधा र सहयोग कटौती गर्ने, सहकारी खेती, कबुलियती खेती, करार खेती वा सामूहीक खेतीलाई प्रवर्धन गरी बाँझो रहेको उत्पादनशिल भूमीको अधिकतम उपयोगको व्यवस्था गर्ने,
- दफा १७ बमोजिम स्थानीय स्तरमा रहेका बाँझो जग्गा तथा अन्य जग्गाको पहिचान गरी भूमीको अभिलेख राख्ने,
- दफा १८ बमोजिम तीन तहले दलित, लोपोन्मुख, आदिवासी, किसान वा भूमिहिन किसानको हकहितको संरक्षणका लागि लक्षित कृषि विकास कार्यक्रम बनाई लागु गर्ने,
- दफा २३ बमोजिम खाद्य अधिकार तथा खाद्य सम्प्रभुताको अधिकारको अनुगमन सूचकाङ्क तयार गर्ने।

ऐनमा भएका व्यवस्था कार्यान्वयन नभएको सम्बन्धमा ऐन अन्तरगतको नियमावली मन्त्रिपरिषदबाट स्वीकृत भई जारी हुने प्रकृयामा रहेको र नियमावली जारी भए पश्चात ऐनका प्रावधान कार्यान्वयन हुने मन्त्रालयको भनाई रहेको छ।

३१. **विषादी व्यवस्थापन–** जीवनाशक विषादी व्यस्थापन ऐन, २०७६ को दफा ३ अनुसार जीवनाशक विषादीको पञ्जीकरण गर्नुपर्ने एवं दफा १८ मा पञ्जीकरण भएका विषादीमात्र आयात गरी प्रयोग गर्न सक्ने व्यवस्था छ। प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्रबाट पञ्जीकरण गरिएका विषादीहरुमा सामान्य नामका आधारमा १६८ र व्यापारिक नामका आधारमा ५ हजार ८०७ विषादी पञ्जीकरण भएका छन्। विगत ५ वर्षको विषादी आयातको अवस्था निम्नानुसार रहेको छ।

आर्थिक वर्ष	विषादी पञ्जीकरण		विषादी आयात परिमाण (के.जी.)
	सामान्य नामका	व्यापारिक नामका	
२०७५/७६	१६५	३०३३	८०९०९३
२०७६/७७	१६५	३८२७	६८१६२७
२०७७/७८	१६५	३०३५	७८३३४३
२०७८/७९	१६५	४७६२	११३५५०४
२०७९/८०	१६८	५८०७	११८३७४१

उल्लेखित विवरण अनुसार २०७५।७६ को तुलनामा विषादी पञ्जीकरण र आयातको परिमाण बढ्दो क्रममा रहेको देखियो। २०७५।७६ को तुलनामा २०७९।८० मा व्यापारिक नामका विषादी पञ्जीकरणमा ९१.४५ प्रतिशतले वृद्धि भएको देखिन्छ। त्यसैगरी विषादी आयात परिमाणमा २०७५।७६ को तुलनामा २०७९।८० मा ४६.३० प्रतिशतले वृद्धि भएको छ। विषादीको बढ्दो प्रयोगले मानवको स्वास्थ्यमा प्रतिकुल प्रभाव पार्नुका साथै माटोको उत्पादनशिलतामा समेत क्रमिक रुपमा कमी आउँदै जाने र उत्पादनशिलतामा कमी आउने भएकोले क्रमिक रुपमा खाद्यान्न आयातमा निर्भरता बढ्दै जाने हुँदा खाद्य सुरक्षाको दृष्टिकोणबाट संवेदनशील देखिन्छ। व्यवसायिक खेती तथा पशुपालनमा हुने बढ्दो विषादीको प्रयोगले माटोको स्वास्थ्य र वातावरणमा मात्र असर पर्ने नभई मानव जीवनमा नै प्रत्यक्ष रुपमा नकारात्मक असर पर्ने भएकोले विषादीको प्रयोग र असरलाई न्यूनीकरण गर्न आन्तरिक रुपमा प्राङ्गारिक मल तथा विषादीको उत्पादन, उपयोग र व्यवस्थापनलाई प्राथमिकतामा राख्नुपर्दछ।

३२. **किसान परिचयपत्र–** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ को दफा १४ मा नेपाल सरकारले तोकिए बमोजिम किसानको पहिचान एवं वर्गीकरण गरी परिचयपत्र जारी गर्ने र सोही आधारमा किसानलाई राज्यबाट प्राप्त हुने सहुलियत, छुट, सुविधा तथा कानुनबमोजिम योगदानमा आधारित निवृत्तिभरण उपलब्ध गराउने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्षसम्म १४ लाख १५० किसान परिवार सूचीकरण भए तापनि परिचयपत्र जारी हुन सकेको छैन।समयमै किसान वर्गीकरण, सूचीकरण एवं परिचयपत्र जारी नहुँदा किसानलाई उपलब्ध गराउनुपर्ने कृषि सम्बद्ध सम्पूर्ण सेवा तथा सहुलियत प्रदान गर्ने, पेन्सन योजना सुरु गर्ने एवं किसान हितकोष स्थापना गर्ने लगायतका कार्य समेत प्रभावित भएको छ। किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गरी सोही आधारमा उत्पादनको स्रोतमाथीको अधिकार जस्तै: भूमि, कृषि उपज विशेष छुट, सहुलियत र अनुदान उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ।

३३. **प्रयोगशाला परीक्षण–** केन्द्रीय कृषि प्रयोगशालाले यो वर्ष माटोको नमूना परीक्षण २२४, प्राङ्गारिक मलका ३९, रासायनिक मलका ४० र कृषि चुनका २ र खाद्यबाली, कोसेबाली, घाँसेबाली एवम तरकारी बालीतर्फका बीउको ७५९ नमूनाको परीक्षण गरेको छ। उल्लिखित नमूना परीक्षणबाट मल एवम कृषि चुनतर्फका ३६ नमूना तोकिएको मापदण्ड भन्दा कम गुणस्तरको देखिएको, विउ विजनतर्फका १६८ नमूनाको उमारशक्ति, चिस्यान र भौतिक शुद्धता परीक्षणबाट स्तरभन्दा कम रहेको छ। प्रयोगशाला मातहतका ७ विषादी अवशेष द्रूत विश्लेषण इकाईबाट विदेशबाट आयात हुने तथा देश भित्र उत्पादन भई थोक बजारसम्म पुगेका तरकारी र फलफूलको नमुना लिई कार्बामाइड र अर्गानोफस्फोरस समूहका कीटनाशक विषादीको परीक्षण गर्ने गरेको छ। यो वर्ष ताजा तरकारी एवं फलफूलका १३ हजार ६६९ नमूनामा विषादीको अवशेष परीक्षण गरेको मध्ये ३४ नमूना क्वारेन्टाईन गर्नुपर्ने र ६९ नमूना उपयोग अयोग्य देखिएकोले नष्ट गर्न लगाएको

उल्लेख गरेको छ। यिनै तथ्याङ्कका आधारमा विश्लेषण गर्दा प्रयोगशालाहरुको संख्या र क्षमता वृद्धि गरी आवश्यक स्थानहरुमा कार्यालय स्थापना गर्नुपर्ने देखिन्छ। यसरी आयात गर्दा कम गुणस्तर देखिएका तथा स्वदेशमा उत्पादित कृषि उपजहरुको गुणस्तरलाई कायम गर्न उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४० अन्तर्गतको प्रावधानमा रही उपभोक्ता अदालतको स्थापना गरी कार्यान्वयनमा ल्याउनुपर्ने देखिन्छ। कृषि उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि गुणस्तरीय मल, माटो र बिउ विजनको सुनिश्चितता गर्न, नमूना सङ्कलन र परीक्षण कार्यमा वृद्धि गर्नुपर्दछ। मानव स्वास्थ्यमा गम्भीर असर पार्ने विषादीको बढ्दो प्रयोगलाई नियमन गर्नुका साथै परीक्षण कार्यलाई थप व्यापक एवम् व्यवस्थित गर्नुपर्दछ।

३४. **गुणस्तर परीक्षण–** खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट आर्थिक वर्ष २०७९।८० मा भएको गुणस्तर परीक्षणसम्बन्धी कार्यको विवरण देहाय बमोजिम छ।

- **बजार अनुगमन–** विभागको प्रयोगशालाले केमिकल र माइक्रोबायोलोजी समूहका १०१ पारामिटरको आधारमा प्रयोगशाला परीक्षण गर्दै आएकोमा यो वर्ष १८५ पारामिटरको थप स्वीकृति प्राप्त गरी हालसम्म २८६ पारामिटरमा क्षेत्र विस्तार गरेको छ। विभागबाट प्राप्त विवरण अनुसार यो वर्ष खाद्य तथा दानाको २ हजार ८८१ नमूना परीक्षण गरेकोमा १९८ नमूना तोकिएको गुणस्तर एवम मापदण्ड पूरा नगरेको उल्लेख छ। प्रतिकूल नमूनामध्ये प्रशोधित पिउने पानीका ४१, दुग्ध तथा दुग्धजन्य पदार्थका २१, गुलियो पदार्थका १४ र फलफूल तथा सागपातका २५ नमूना प्रतिकूल रहेको देखिन्छ। यो वर्ष गुणस्तर एवम मापदण्ड पूरा नगरेका मध्ये १२१ उपर मुद्दा दायर गरेको छ। प्रतिकूल नमूनाको संख्या बढ्दै जाँदा समग्र खाद्य श्रृङ्खला नै प्रभावित हुने हुँदा प्रयोगशालालाई सबलीकरण गर्दै नमूना सङ्कलन एवम विश्लेषण कार्यमा विस्तार गरी खाद्य एवम् दानापदार्थको स्वच्छता कायम गर्न नियमनको दायरा बढाउनु पर्ने देखिन्छ।

- **होटल/रेष्टुरेन्ट स्तरीकरण–** खाद्य स्वच्छताको आधारमा होटल/रेष्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका, २०७४ मा खाद्य स्वच्छताको आधारमा अति उत्तम, उत्तम, सन्तोषजनक र सामान्य गरी चार किसिममा वर्गीकरण गरी स्तरीकरण गर्ने व्यवस्था छ। विभागले २०७९।८० मा ३१९ होटलको स्तरीकरणको आधारमा लोगो वितरण गरेकोमा १९ अति उत्तम, ५२ उत्तम, १२१ सन्तोषजनक, ६३ सामान्य स्तर र ६४ स्तरीकरणमा नपरेको उल्लेख छ। प्रचलित कानुनबमोजिम दर्ता भएका सबै होटल/रेष्टुरेन्टको स्तरीकरण नभएको र यो वर्ष स्तरीकरण भएको मध्ये २०.०६ प्रतिशत स्तरीकरणमा नपरेकोले दर्ता भएका सबै होटल तथा रेष्टुरेन्टहरुले प्रत्येक वर्ष अनिवार्य रुपमा स्तरीकरण गर्नुपर्ने कानुनी व्यवस्था मिलाई स्तरीकरण गर्ने कार्यको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

- **विषादी अवशेष परीक्षण–** विभागले फलफूल तथा तरकारीहरुमा जीवनाशक विषादी अवशेष समूहका अर्गानोक्लोरिन, अर्गानोफस्फोरस लगायत मूख्य ४ र अन्य ११ गरी १५ विषादी अवशेष समूहका पारामिटर परीक्षणको स्वीकृती प्राप्त गरेको छ। यो वर्ष विषादी अवशेष द्रुत विश्लेषण विधिमार्फत १२, खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय एवम् भैरहवा, धनगढी र नेपालगञ्जस्थित ३ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय समेत १५ स्थानबाट नेपाल भित्रिने ताजा तरकारी एवम् फलफूलका नमूना परीक्षण गरेकोमा ५० नमूना प्रतिकूल पाइएकोले आवश्यक कारवाही गरेको उल्लेख छ। विभाग मातहत कार्यालयबाट कार्बामाइड र अर्गानोफस्फोरस बिषादी अवशेषको मात्र परीक्षण हुदैं आएको र थप परीक्षणका लागि विभागमा

रहेको प्रयोगशालामा भर पर्नुपर्ने अवस्था छ। खाद्य स्वच्छता एवम गुणस्तर कायम गर्न मातहत कार्यालयमा समेत प्रयोगशाला सेवा विस्तार गर्नुका साथै थप विषादीका अवशेष समेत परीक्षण हुने व्यवस्था मिलाई गुणस्तर परीक्षणको दायरा विस्तार गर्नुपर्दछ। गुणस्तर नियन्त्रणको दायरालाई उत्पादन, प्रशोधन र पकवान तथा बजारीकरणको प्रकृयामा सम्बद्ध सरोकारवाला तथा निकाय सबैलाई खाद्य स्वच्छतासम्बन्धी सूचनाको अधिकार, पोषणको विश्लेषण तथा जानकारी, कृषि तथा खाद्यको सम्पूर्ण शृङ्खलालाई स्वच्छ राखी समग्रमा व्यवस्थापन गर्नुपर्दछ।

३५. **आयोजना कार्यान्वयन-** जनतालाई आवश्यक मात्रामा खाद्य पदार्थ उपभोगको लागि जनसख्या वृद्धिसँगै खाद्यान्नको उत्पादनमा समेत वृद्धि हुन जरुरी छ। कृषि क्षेत्रको आधुनिकीकरण, विशिष्टीकरण र औद्योगिकीकरण मार्फत समग्र कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्न कृषि क्षेत्रको दिर्घकालीन कृषि विकास रणनीति कार्यान्वयनको लागि सहयोगी परियोजनाको रुपमा रु.१ खर्ब ३० अर्ब ७४ करोड खर्च हुने अनुमान गरी आर्थिक वर्ष २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यान्वयनमा छ। १० वर्ष सम्म सञ्चालन हुने यस परियोजनाको ७ वर्षको वित्तीय प्रगति २३.७४ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७९/८० मा परियोजनाले समेटेको खाद्यान्न बाली तथा खाद्य उपज, क्षेत्रफल, राष्ट्रिय उत्पादनमा हिस्सा, तथा उत्पादकत्वसम्बन्धी विवरण देहाय बमोजिम छ।

खाद्यान्न तथा खाद्य उपज	राष्ट्रिय क्षेत्रफलमा हिस्सा	उत्पादनमा हिस्सा	राष्ट्रिय उत्पादकत्व	परियोजनाको उत्पादकत्व
धान	४.२३	५.२३	३.८१	४.७१
मकै	२.२	३.३	३.०६	४.१०
गँहु	०.६९	०.९१	२.९९	४.०४
दलहन	०.४७	०.४८	१.१८	१.२०
तेलहन	०.८५	१.२६	१.०१	१.६०
तरकारी	६.२७	७.९०	१४.०६	१७.७०
आलु	६.०७	८.१०	१६.७२	२२.३४
स्याउ	५८.०१	४३.३८	३.६१	१२.००
सुन्तलाजात	२१.१३	२३.७९	६.६०	१०.००
केरा	१६.४५	३१.७०	११.७०	३४.१२
आँप	५.८३	३१.०६	१०.६७	८.८०
दुध	०.६१	५.७४	-	-
माछा	४०.८५	४४.११	५.३१	५.७४
मासु	१.१७	४.४६	-	-

कृषि उत्पादनको प्रमुख परियोजनाको रुपमा रहेको यस परियोजनाको स्याउ, सुन्तला केराको क्षेत्रफल, उत्पादन हिस्सा र उत्पादकत्व समेत राम्रो देखिएको भए पनि खाद्य उपभोगमा ४१.५९ प्रतिशत हिस्सा ओगटेको धानको कुल उत्पादनको ५.२३ प्रतिशत, मकैको ३.३० प्रतिशत र गँहुको ०.९१ प्रतिशत मात्र परियोजनाको हिस्सा रहेको उत्पादकत्व समेत नगन्य रुपमा फरक देखियो। त्यस्तै खाद्य वासलातमा रहेको प्रमुख खाद्यान्नहरु मध्येको कोदो बालीलाई परियोजनाले समेटेको पाईएन। परियोजना ७७ जिल्लामा लागु भए पनि कुल राष्ट्रिय उत्पादनमा परियोजनाको हिस्सा न्युन रहेकोले परियोजनाको क्षेत्र विस्तार र उत्पादकत्वमा वृद्धिगरी राष्ट्रिय उत्पादन बढाउनु पर्दछ।

३६. **अन्तर प्रदेश, अन्तर मन्त्रालय र अन्तर निकाय समन्वय–** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५ बमोजिम खाद्य सुरक्षासँग सम्बन्धित खाद्यान्नको उत्पादन, संचय, वितरण तथा बजार व्यवस्थापन लगायतका विषयहरु संघ, प्रदेश र स्थानीय तहको साझा कार्यक्षेत्र अन्तर्गत रहेको छ। यसको साथै नेपालको संविधानको अनुसूची ५ ले संघीय सरकार, अनुसूची ६ ले प्रदेश सरकार र अनुसूची ८ ले स्थानीय तहको एकल अधिकार र अनुसूची ७ ले संघ र प्रदेशको र ९ ले तीन तहको साझा अधिकारको बाडफाँट गरेको छ। यी प्रावधानहरुको कार्यान्वयन गर्नका लागि तीनै तहका संघ, प्रदेश र स्थानीय सरकारबीच तथा अन्तर निकाय समन्वयको लागि केन्द्रीय स्तरमा आवश्यक संयन्त्र निर्माण भएको देखिएन। जसका कारण समग्रमा कृषि क्षेत्रमा लगानीको क्षेत्र निर्धारण, भूमि व्यवस्थापन, प्राविधिकहरुको परिपूर्ति तथा व्यवस्थापन र तथ्याङ्क व्यवस्थापन व्यापक असर परेको छ। यसैगरि कार्यगत स्तरमा समन्वयको लागि संयन्त्र नभएकोले संघीय सरकारबाट प्रदेशलाई उपलब्ध गराएको अनुदान खर्चको प्रभावकारीता, संघीय सरकार. प्रदेश सरकार र स्थानीय तहले कृषि तथा खाद्य सुरक्षामा खर्च गरेको वार्षिक रकमको एकीकृत अभिलेख राखी प्रतिवेदन तयार गर्ने कार्य नभएको, नेपाल राष्ट्र बैंक मार्फत कृषिमा दिईने सहुलियत कर्जाको प्रभावकारीता सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी हुने अवस्था नरहेको, समग्र आपूर्ति र खाद्य प्रणालीको वितरणको संयन्त्र स्थापना नभएको लगायतका कमि कमजोरीहरु देखिएको तथा महिला घरधुरी, साना किसान र मजदुर वर्गमा परेको असरको बारेमा विस्तृत जानकारी उपलब्ध नभएको अवस्था छ। खाद्य सुरक्षासँग सम्बन्धित कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्न र यसको प्रभावकारीताको अनुगमन तथा विश्लेषण गर्न अन्तर प्रदेश तथा अन्तर मन्त्रालय समन्वयको लागि उचित संयन्त्र स्थापना हुनुपर्दछ।

३७. **अनुगमन–** खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन,२०७५ को दफा ३३ मा खाद्यको उपलब्धता, सञ्चिति, आपूर्ति तथा वितरण प्रणालीको सञ्चालनको नियमित रुपमा अनुगमन र सुपरीवेक्षण गर्नका लागि राष्ट्रिय खाद्य परिषद्ले एक उपसमिति गठन गर्ने प्रावधान रहेकोमा परिषद् गठन भएको छैन। मन्त्रालयले मातहतका आयोजना तथा कार्यालयबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी प्रतिवेदन तयार गरेको भए पनि मन्त्रालयबाट प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराएको सशर्त कृषि अनुदान, स्थानीय स्तरमा रहेको खाद्यान्न भण्डारण व्यवस्था, खाद्यान्न मौज्दातको अनुगमन गरेको देखिएन। अनुदानको उपयोगिता, खाद्यान्न भण्डारण तथा मौज्दात, कृषि बजार व्यवस्थापन समेतको अनुगमन गर्नु पर्दछ।

परिच्छेद-४
निष्कर्ष तथा सुझाव

नेपालको संविधानले खाद्य सुरक्षाको प्रत्याभूति गरेको छ। यही संवैधानिक अधिकारमा आधारित रहेर खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन समेत जारी भएको भएको छ। यसैगरी संघीय राज्य व्यवस्था प्रणालीमा तीनै तहका सरकारबीच एकल तथा साझा अधिकार र दायित्वको रुपमा कृषि तथा खाद्य सुरक्षाको जिम्मेवारीलाई बाडफाँट गरेको पाइन्छ । कार्यगत प्रणालीलाई निर्देशिका गर्न पन्चवर्षिय योजना, वार्षिक बजेट वक्तव्य, नीति तथा कार्यक्रमहरुले कृषि तथा खाद्य सुरक्षालाई प्राथमिकतामा राखेको देखिन्छ। यसको साथै केही विशेष परियोजनाहरु पनि सञ्चालनमा रहेका छन, जसको प्रमुख उद्देश्य कृषि उत्पादन ,उत्पादकत्व तथा खाद्य सुरक्षामा योगदान पुऱ्याउनु रहेको छ। यिनै नीतिगत प्रावधान तथा कार्यक्रमहरुलाई कार्यान्वयन, संयोजन तथा सहजीकरण गर्नका लागि तीनै तहमा विभिन्न संरचनाहरुको व्यवस्था भएको छ। यति हुदाँहुदै पनि समग्रमा खाद्य सुरक्षाको स्थिति राष्ट्रिय स्तरको तुलनामा प्रादेशिक, भौगोलिक तथा लैङ्गिक दृष्टिकोणले फरकफरक अवस्थामा रहेको देखिन्छ। प्रमुख खाद्यान्न बालीहरुमा उत्पादन र उत्पादकत्व बढेको देखिएतापनि खाद्य तथा पोषणको दृष्टिकोणबाट विश्लेषण भएको छैन। कृषिमा आश्रित जनसंख्याको अनुपातमा राज्यको लगानी न्युन हुनुका साथै उन्नत तथा जलवायु अनुकूलनमैत्री अनुसन्धान तथा प्रविधि विकास भएको छैन। उत्पादन र उत्पादकत्व बढेको देखिएतापनि प्रमुख खाद्यान्न बालीहरुको आयात बढ्दो क्रममा देखिएको अवस्था छ। तथापी आयातित अन्न खाना, दाना वा अन्य प्रयोजनको लागि उपयोग भएको हो सो को तथ्याङ्क उपलब्ध छैन। कृषिको लागि सबैभन्दा महत्वपूर्ण उत्पादनको श्रोत भूमिको व्यवस्थापनबारे विभिन्न विषयगत मन्त्रालयहरु तथा तीनै तहका सरकारबीच समन्वयको कमीले गर्दा भूउपयोग सही तरिकाले भएको छैन। यसको अलावा आपतकालीन तथा विपदको अवस्थामा खाद्य सुरक्षाको सुनिश्चित गर्न स्थानीय स्तरमा आवश्यक पहल तथा व्यवस्था भएको देखिदैन। विश्वव्यापी रुपमा गरिने भोकमरी तथा खाद्य सुरक्षाको अध्ययनहरुले पनि नेपाल मध्यम स्तरमा रहेको देखाएतापनि आन्तरिक रुपमा खाद्य विषमता रहेको देखिन्छ। संवैधानिक अधिकारको रुपमा स्थापित खाद्य सुरक्षाको समग्र अवस्थाको विश्लेषण गर्दा नागरिकको अधिकारको रुपमा स्थापित भई नसकेको अवस्था देखिन्छ। लेखापरीक्षणको आधारमा खाद्य सुरक्षामा सुधार गर्नुपर्ने देखिएका व्यहोरा देहाय बमोजिम छन:

- आन्तरिक उत्पादनले सम्बन्धित जिल्लाको आवश्यकता पूरा गर्न नसक्ने स्थिति देखिएका जिल्लाको लागि लक्षित नीति तथा कार्यक्रम लागु गर्ने।
- गरिबीको समग्र अवस्थामा सुधार आएको देखिएतापनि लैङ्गिक, भौगोलिक तथा शहरी र ग्रामीण भेगबीच १गण्डकी बाहेक० अन्तर कायम रहेको अवस्थामा गरिबी निवारण सम्बद्ध कार्यक्रमको तर्जुमा गर्दा खाद्य सुरक्षाको अवस्थालाई प्राथमिकतामा राखी कार्यान्वयन गर्ने।
- खाद्यान्न उत्पादनको स्थितिलाई हेर्दा प्रायजसो प्रमुख बालीहरुको उत्पादन र उत्पादकत्व बढेको भएता पनि समग्रमा उक्त बालीहरुले ओगटेको क्षेत्रफल, यस क्षेत्रमा हुने लगानी र खाद्य सुरक्षाको अन्तरसम्बन्ध प्रष्ट्याउने तथ्याङ्कको अभाव देखिएकोले कृषिलाई स्थानीयकरण गरी त्यहाको सँस्कृति र जलवायु अनुरुपको खेती पद्धति विकास गर्न भूउपयोग नीतिको अविलम्ब कार्यान्वयन गर्ने।
- खाद्यान्न तथा खाद्य पदार्थको उपभोगको अवस्था विश्लेषण गर्दा खाद्य सुरक्षामा प्रमुख बालीहरुको अलावा अन्य बालीहरुको योगदानको आँकलन नगरिएको, आयातित खाद्यहरु खाना, दाना वा अन्य

प्रयोजनको लागि उपयोग भएकोबारे जानकारी प्रष्ट नभएकोले सो को बारे आवश्यक अध्ययन र तथ्याङ्क सङ्कलन गरी सोही अनुरुपको खाद्य प्रणालीको विकास गर्ने।

- आपतकालीन मौज्दातको हकमा भविष्यमा पर्न सक्ने अवस्थाको आँकलन गरी स्थानीय तहमा पूर्वतयारी योजना, स्थानीय स्तरमै रैथाने बाली, सामुदायिक बीउ तथा खाद्य बैक जस्ता संरचनाहरुको विकासको लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्ने र आवश्यकता अनुसार खाद्य भण्डारणको व्यवस्था गर्ने।
- कृषि उत्पादन तथा उत्पादकत्व बढाउनका लागि अत्यावश्यक उत्पादन सामग्रीहरु जस्तै भूमि, बीउवीजन तथा पशुनश्ल, मल तथा सिँचाइ सुविधा तथा रोगकिरा नियन्त्रण र सम्बद्ध सेवाहरु जस्तै गुणस्तर नियन्त्रणका लागि प्रयोगशाला, शीत भण्डार, कृषि कर्जा तथा प्रविधि, कृषि उपज सङ्कलन केन्द्र आदिमा किसानहरुको सहज पहुँच तथा लाभ लिन सक्ने वातावरण सिर्जना गर्न उल्लेखित सेवाहरुको उपस्थिति, क्षमता र सेवा विस्तार गर्ने।
- किसानको वर्गीकरण, सूचीकरण र परिचयपत्र जारी गर्ने कार्य समयमै सम्पन्न गरी सोही आधारमा कृषकहरुलाई विशेष छुट, सहुलियत, अनुदान लगायतका सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउनु पर्दछ।
- खाद्य भण्डारणको लागि गोदामघर निर्माण गर्दा आवश्यकता पहिचान, गोदामघरको ड्रइङ्ग डिजाइन आदि सुनिश्चित गरी प्रयोग सम्बन्धमा अनुगमन गर्ने।
- अन्तर प्रदेश, मन्त्रालय, निकाय आदिको समन्वयको लागि उचित संयन्त्र निर्माण गर्ने।
- मन्त्रालयले प्रदेश तथा स्थानीय निकायलाई उपलब्ध गराएको अनुदानको उपयोगिता सम्बन्धमा अनुगमन गर्ने।
- उत्पादन वृद्धि गर्न रासायनिक मल कारखानाको स्थापनाको साथै दिगो रुपमा माटोको उत्पादकत्व कायम राख्न गुणस्तरिय जैविक तथा प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगमा जोड दिई सोको नियमन गर्ने।
- नेपालको संविधान र पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धी संगठनहरुले मान्यता दिएको मानव अधिकारको दायराभित्र खाद्य सुरक्षालाई राखेर कार्यान्वयन, अनुगमन, परिमार्जन गर्नुपर्ने र तसर्थ खाद्य सुरक्षा सम्बद्ध नीति, कार्यक्रम तथा संरचनाहरुको निर्माण गर्दा मानव अधिकारको खाकाभित्र राखेर आवश्यक सूचकहरु समेत तयार गरी लागू गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

वातावरणीय लेखापरीक्षण
विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको कार्यान्वयन
परिच्छेद-१
परिचय

१. **पृष्ठभूमि** - विपद् जोखिम न्यूनीकरणका लागि सन् २०१५ मार्च १४ देखि १८ सम्म जापानको मियागी स्थित सेन्डाइमा आयोजित संयुक्त राष्ट्रसंघीय तेस्रो विश्व सम्मलेनबाट सेन्डाइ कार्यढाँचा अनुमोदन भएको हो ।नेपाल सहित १ सय ८७ देशहरूको सहभागितामा संयुक्त राष्ट्र संघले सन् २०१५ मा जापानको सेन्डाइमा विपद् जोखिम न्यूनीकरणको लागि स्पष्ट लक्ष्य, सूचक र प्राथमिकता प्राप्त कार्य सहित विपद् जोखिम न्यूनीकरणका लागि सेन्डाइ कार्यढाँचा, २०१५—२०३० जारी भएको छ। सेन्डाइ कार्यढाँचा विपद् उत्थानशील समुदाय र राष्ट्रको विकासको सम्बाहकको रूपमा आएको ह्योगो कार्यढाँचा, सन् २००५ को निरन्तरता हो। सेन्डाइ कार्यढाँचाले सम्मुखता तथा सङ्कटासन्नताको आयाम र प्रकोपका विशेषतासहित विपद् जोखिम न्यूनीकरणसम्बन्धी बुझाइमा सुधार, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चसहित विपद् सुशासनको सबलीकरण, विपद् जोखिम व्यवस्थापनका लागि जवाफदेहिता, पहिलेभन्दा अझ बलियो र राम्रो निर्माणका लागि पूर्वतयारी, सरोरकावाला र तिनको भूमिकाको सम्मान, नयाँ जोखिमको उत्पत्ति हुन नदिने गरी विपद् संवेदनशील लगानीको प्रवर्द्धन, स्वास्थ्य संरचना, सांस्कृतिक सम्पदा र कार्यस्थलको उत्थानशीलता, विश्वव्यापी साझेदारी र वित्तीय सहयोग सहितको अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धि, अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट सहुलियतपूर्ण ऋण लगानी, दाताको जोखिम सम्वेदनशील नीतिजस्ता मूलभूत विषयवस्तुलाई आत्मसात गरेको छ। सेन्डाइ कार्यढाँचा २०१५ ले चार वटा प्राथमिकता प्राप्त क्षेत्रहरू तथा सात विश्वव्यापी लक्ष्यहरु निर्धारण गरी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ।

सेन्डाइ कार्यढाँचालाई स्थानीयकरण गर्न तर्जुमा भएको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८—२०३०) ले चारवटा प्राथमिकता क्षेत्र, अठार वटा मुख्य प्राथमिकता प्राप्त कार्यहरु र २७१ रणनीतिक क्रियाकलापहरु उल्लेख गरी विभिन्न गन्तव्य निर्धारण गरेको छ। यो कार्ययोजनाले सन् २०३० सम्मका लागि विभिन्न सूचकहरु तोक्दै अपेक्षित उपलब्धी सम्बन्धमा मार्गनिर्देशित गरेको छ। विपद्जोखिम न्यूनीकरण व्यवस्थापनका कार्यहरु अन्तरक्षेत्र सम्बन्धित भएकोले कार्यहरूले दिगो विकास लक्ष्यहरू २, ३, ६, ९, ११, १३ र १५ हासिल गर्न प्रत्यक्ष रुपले सम्बन्धित छन्। दिगो विकास लक्ष्य १३.२ मा सेन्डाइ कार्यढाँचा अनुरुप राष्ट्रिय विपद जोखिम कम गर्ने रणनीतिहरु लागु गर्ने विषय उल्लेख छ।

२. **कानूनी तथा नीतिगत व्यवस्था**

२.१ नेपालको संविधान २०७२ को धारा ५१ प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने उल्लेख छ । त्यस्तै संघ र प्रदेशको साझा अधिकारसूची अनुसूची ७ को क्रमसंख्या १७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्व तयारी, उद्दार तथा राहत पुनर्लाभ, अनुसूची ८ को क्रमसंख्या २० मा: स्थानीय तहको अधिकार अन्तर्गत विपद् व्यवस्थापन तथा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारसूची अनुसूची ९ को क्रमसंख्या ९ मा विपद् व्यवस्थापनलाई राखेको छ ।

२.२ **विषयसँग सम्बन्धित कानूनी व्यवस्थाहरुको रुपमा देहाय अनुसार रहेका छन्** :

- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, २०७४
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन नियमावली, २०७६
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

२.३ **नीतिगत व्यवस्थाहरुः** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि गरिएका नीतिगत व्यवस्थाहरु देहाय बमोजिम रहेका छन्

(क) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५

- विपद् जोखिम न्यूनीकरण गर्ने विपद् जोखिम शासनको सुदृढीकरण गर्ने,
- विपद जोखिम न्यूनीकरणलाई जलवायू परिवर्तन अनुकुलनका क्रियाकलपासँग एकीकरण गर्दै समग्र विकास प्रक्रिया मूलप्रवाहिकरण गर्ने,
- विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक तथा निजी लगानी वृद्धि गरी उत्थानशीलता अभिवृद्धि गर्ने,
- विपद व्यवस्थापन सूचना प्रणालीको सुदृढीकरण तथा बहुप्रकोप पुर्व सूचना प्रणालीको विकास र विस्तार ।

(ख) विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०

यस रणनीतिक कार्य योजनाले सेन्डाइ कार्यढाँचालाई आत्मसात गर्दै ४ वटा प्राथमिकता क्षेत्रहरु तोकी विपद् व्यवस्थापनमा समाजका सबै तहको सहभागितालाई सुनिश्चित गर्दै विपद् उत्थानशील समुदाय र राष्ट्रको विकास गर्ने लक्ष्य लिएको छ। सो अन्तर्गत विपद् जोखिम बारे बुझाई, संघ, प्रदेश र स्थानीय तहमा विपद् जोखिम शासकीय पद्धतिको सुदृढीकरण, विपद् जोखिम न्यूनीकरण का लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्धन र प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण"का लागि विपद् पूर्वतयारीको सुदृढीकरणका विषय उक्त कार्ययोजनाले समेटेको छ।

३. **संरचनागत शासकीय व्यवस्था** विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा देहायका संरचनागत शासकीय व्यवस्था गरिएको छः

- **राष्ट्रिय परिषद्** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ३ मा प्रधानमन्त्रीको अध्यक्षतामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् रहने व्यवस्था ।
- **कार्यकारी समिति** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा परिषदबाट स्वीकृत नीति तथा योजनाको कार्यान्वयन गर्ने गराउने काम समेतका लागि गृहमन्त्रीको अध्यक्षतामा एक कार्यकारी समितिको व्यवस्था ।
- **विशेषज्ञ समिति** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा ५ सदस्यीय विशेषज्ञ समिति गठन गर्न सक्ने व्यवस्था ।
- **राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १० मा विपद् व्यवस्थापनसम्बन्धी क्रियाकलापको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण रहने व्यवस्था ।

- **प्रदेश विपद् व्यवस्थापन परिषद्** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १३क मा मुख्यमन्त्रीको अध्यक्षतामा प्रदेश विपद् व्यवस्थापन परिषद्को व्यवस्था।
- **प्रदेश विपद् व्यवस्थापन समिति** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा प्रदेश विपद् व्यवस्थापन समितिको व्यवस्था ।
- **जिल्ला विपद् व्यवस्थापन समिति**- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा जिल्ला विपद् व्यवस्थापन समितिको व्यवस्था ।
- **स्थानीय विपद् व्यवस्थापन समिति** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय विपद् व्यवस्थापन समिति ।

४. **कोष परिचालन** - विपद व्यवस्थापनमा कोष परिचालन सम्बन्धमा संविधानले आकस्मिक कोषको व्यवस्था गरेको र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापनका लागि केन्द्रीयस्तरमा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहने र दफा २३ मा अन्य कोषसम्बन्धी व्यवस्था रहेको छ।

५. **विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सरोकारवालाहरु र समन्वयः**

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १८ मा विपद् व्यवस्थापनको काममा आवश्यकता अनुसार सुरक्षा निकाय परिचालित हुनु पर्ने व्यवस्था।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १९ मा कुनै स्थानमा विपद् परेमा वारुणयन्त्र तथा अन्य सेवाप्रदायक निकायले सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिलाई तत्काल सूचना दिनु पर्ने व्यवस्था ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २० मा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्वसम्बन्धी व्यवस्था ।
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २१ मा सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ-संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा सहयोग गर्नु पर्ने उल्लेख छ ।

६. **विषय छनौटको औचित्यः —** सक्रिय भूकम्पीय क्षेत्र , भौगर्भिकरुपमा गतिशिल पर्वतिय श्रृङ्खला , अस्थिर र भिरालो जमिनका कारण नेपाल विश्वमा भूकम्पीय जोखिमको दृष्टिले ११औं तथा बाढी पहिरोको दृष्टिकोणवाट ३०औं अति जोखिम मुलुकको रुपमा रहेको छ। यसका अलावा बढ्दो विकास प्रक्रिया सँगै नेपालले वातावरण प्रदूषण, वन विनाश, बाँध तथा तटबन्ध बिस्फोटन, पुल भत्किने, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना आदि जस्ता गैर प्राकृतिक विपद्हरू समेत भोग्नु परिरहेको छ। नेपालले अन्तर्राष्ट्रिय प्रतिबद्धता, विगतका विपद्हरूको अनुभवहरू समेतका आधारमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयनमा ल्याएको छ। यस ऐनले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका समग्र पक्षहरूलाई समेटेको छ। विपद् व्यवस्थापनका लागि एक विशिष्टीकृत निकायको रूपमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गर्नुका साथै संघ, प्रदेश र स्थानीय तहको कार्य एवं जिम्मेवारीलाई स्पष्ट गरेको छ।

नेपाल सरकारको दीर्घकालीन सोच, दिगो विकास लक्ष्यको मार्गचित्र र पन्ध्रौं योजनाको लक्ष्य हासिल हुने गरी विपद् व्यवस्थापनमा सेन्डाइ फ्रेमवर्कको कार्यान्वयन अवस्थाको वारेमा अध्ययन गर्नु आवश्यक देखिएको छ। नेपाल पक्ष राष्ट्र भई विभिन्न सन्धि, सम्झौतामा हस्ताक्षर गर्ने र सोको कार्यान्वयन गर्ने जिम्मेवारी निर्वाह भए नभएको सम्वन्धमा परीक्षण गर्न समेत यस विषयको लेखापरीक्षणको आवश्यकता रहेको छ।

परिच्छेद - २
लेखापरीक्षणको उद्देश्य, क्षेत्र एवं पद्दती

७. **उद्देश्य —** विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको कार्यान्वयन अवस्था र उक्त फ्रेमवर्क कार्यान्वयनको लागि आवश्यक नीतिगत, कानूनी, संरचनागत र सञ्चालनगत व्यवस्थाहरु भए नभएको सम्बन्धमा परीक्षण गरी सुधारका क्षेत्रहरु समेटिएको लेखापरीक्षण प्रतिवेदन दिनु यस लेखापरीक्षणको प्रमुख उद्देश्य हो । यसका सहायक उद्देश्यहरु निम्नबमोजिम रहेका छन् :

- विपद व्यवस्थापनमा सेन्डाइ कार्यढाँचा कार्यान्वयन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी सञ्चालनगत व्यवस्थाहरु रहे नरहेको परीक्षण गर्नु,
- कार्यान्वयन गर्ने निकायहरुको व्यवस्था र स्रोत व्यवस्थापनको सम्बन्धमा विश्लेषण गर्नु ।

८. **लेखापरीक्षणको क्षेत्र -** यस विषयको लेखापरीक्षणको लागि सेन्डाइ फ्रेमवर्क कार्यान्वयनको लागि तर्जुमा गरिएका कानूनी तथा नीतिगत व्यवस्थाहरु र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनाको कार्यान्वयन अवस्था बारे अध्ययन गरिएको छ। फ्रेमवर्क कार्यान्वयनको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयकारी भूमिकाको समेत अध्ययन विश्लेषण गरिएको छ। यसका साथै सम्बन्धित कानूनी, नीतिगत तथा संरचनागत व्यवस्थाहरुबाट विश्लेषण गर्ने विषय समेत समेटिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रधिकरण लगायत अन्य सम्बन्धित निकायहरुवाट सम्पादन भएका कार्यहरुको अध्ययन तथा विश्लेषण गरिएको छ।

९. **लेखापरीक्षण पद्दती र विधि -** यस विषयको लेखापरीक्षणका लागि प्रक्रियामूलक र नतिजामूलक दुवै पद्दती अवलम्बन गरिएको छ । सेन्डाइ फ्रेमवर्कको कार्यान्वयन नेपाल सरकार र सो मातहतका जिम्मेवार निकाय तथा तहगत संघीय ईकाइहरुवाट तर्जुमा र कार्यान्वयन गरिएका कार्यविधि तथा मापदण्डको आधारमा हुने भएकोले सोही अनुरुप भए नभएको सम्बन्धमा प्रकृयामूलक पद्धती अवलम्बन गरिएको छ । मानवीय तथा आर्थिक क्षतिलाई उल्लेखनीयरुपमा कमी ल्याई सहज जीवनयापनको व्यवस्थापन गर्ने लक्ष्य हासिल गर्नु भएकोले सोही अनुरुपको नतिजा हासिल भए नभएको मूल्याङ्कन गर्न नतिजामूलक पद्दती अवलम्बन गरिएको छ ।

लेखापरीक्षण ऐन, २०७५, सरकारी लेखापरीक्षण मानदण्ड २०७७, कार्यमूलक लेखापरीक्षण मार्गदर्शन, २०७९ र महालेखापरीक्षकको कार्यालयको वार्षिक लेखापरीक्षण योजनाले निर्दिष्ट गरेबमोजिम कार्यमूलक लेखापरीक्षण मानदण्डको आधारमा विषयसँग सम्बन्धित उपलब्ध सूचना तथ्याङ्क तथा प्रगतिको तुलनात्मक अध्ययन मूल्याङ्कन र विश्लेषण गरिएको छ । यसका लागि सम्बन्धित निकाय तथा व्यक्तिबाट प्रश्नावली मार्फत सूचना सङ्कलन गर्ने, सरोकार समूहसँग छलफल गर्ने लगायतका विधिहरुबाट प्राथमिक सूचना सङ्कलन गर्नुका अतिरिक्त विभिन्न निकायका काम कारबाहीसम्बन्धी प्रगति प्रतिवेदन, अध्ययन प्रतिवेदन लगायतका द्वितीय सूचना तथा तथ्याङ्कलाई प्रयोग गरिएको छ ।

सम्वन्धीत कानून, नीति, निर्देशिकाहरुको प्रावधानहरु, अन्तर्राष्ट्रिय असल अभ्यासहरु, सम्झौता गरिएका वातावरणीय सम्झौताका प्रावधान तथा ईन्टोसाईद्वारा जारी विपद् व्यवस्थापनसँग सम्बन्धित मार्गदर्शनहरुको प्रावधानलाई आवश्यकता अनुसार लेखापरीक्षण आधारको रुपमा लिईएको छ । यी आधारबाट सम्बन्धित निकायका पदाधिकारीहरुसँग छलफल भएको छ ।

१०. **लेखापरीक्षणको सीमा**- विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको लेखापरीक्षणको निमित्त उक्त फ्रेमवर्कको कार्यान्वयन स्थितिको विश्लेषण एवं मूल्याङ्कन गरिएको छ। लेखापरीक्षण प्रश्नावली र द्वितीय स्रोतबाट सूचना सङ्कलन गरिएको छ। प्राप्त सूचनाको विश्वसनीयता, सूचना विश्लेषण क्षमता, समयसीमा, संलग्न जनशक्तिको संख्या तथा विषयगत ज्ञान, कार्यालयबाट लेखापरीक्षणमा प्रयोग गरिएको स्रोत साधन आदि लेखापरीक्षणका सीमा हुन्।

परिच्छेद -३
लेखापरीक्षणबाट देखिएका बेहोरा

- **सकारात्मक पक्षहरु** - नेपालले सेन्डाइ फ्रेमवर्कको कार्यान्वयनको निमित्त विभिन्न प्रयास गरेको छ। उक्त प्रयासहरु मध्ये प्रमुख व्यहोरा देहाय बमोजिम रहेका छनः

  - विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रुपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जीउधन र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ तर्जुमा भएको छ ।
  - विभिन्न संस्थागत व्यवस्थाहरु गरिएको। राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले समन्वयकारी भुमिका निर्वाह गर्दै आएको छ ।
  - विपद पोर्टलको व्यवस्था र राष्ट्रिय स्वयंसेवक व्यवस्थापन सूचना प्रणालीको व्यवस्था समेत रहेको छ ।
  - विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० कार्यान्वयनमा रहेको छ।

- **सुधार गर्नुपर्ने विषयहरु** - विपद् व्यवस्थापनमा सेन्डाइ कार्यढाँचाको कार्यान्वयन सम्वन्धमा नेपाल सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम अनुरुप कार्यको थालनी भएपनि समन्वयात्मक रुपमा सबै क्षेत्र समेटेर गर्नु पर्ने कामबाट अपेक्षित नतिजा हासिल गर्न विभिन्न पक्षहरुमा सुधार गर्नुपर्ने देखिन्छ। विपद् जोखिम न्यूनीकरण सम्वन्धी कानूनी तथा नीतिगत व्यवस्थाहरु, रणनीतिक कार्ययोजनामा आधारित प्रश्नावली र सरोकारवालासँग छलफल समेतका आधारमा लेखापरीक्षणबाट देखिएका सुधार गर्नुपर्ने मुख्य मुख्य व्यहोराहरु देहाय बमोजिम उल्लेख गरिएको छ :

११. **सेन्डाइ कार्यढाँचा र नेपालको लक्ष्य** - सेन्डाइ कार्यढाँचाको उद्देश्य र अपेक्षित नतिजा प्राप्तिका लागि विश्वव्यापीरुपमा प्रगतिको लेखाजोखा गर्ने कार्यमा सहयोग गर्न विश्वव्यापीरुपमा सात वटा लक्ष्यहरु तय भएका छन्। सन् २०३० सम्ममा विपदबाट विश्वव्यापी रुपमा हुने मानिसको मृत्युदर दिगो रुपमा घटाउने। सन् २००५ देखि सन् २०१५ सम्मको मृत्युदरको तुलनामा २०२० देखि सन् २०३० सम्मको दशकमा प्रतिवर्ष औसतमा विश्वव्यापी मृत्युदर एक लाखका दरले घटाउने, विपदबाट विश्वव्यापी रुपमा प्रभावित हुने मानिसको संख्या दिगो रुपमा घटाउने। सन् २००५ देखि सन् २०१५ सम्मको अवधिमा विपदबाट प्रभावित भएका मानिसको तुलनामा सन् २०२० देखि सन् २०३० सम्मको दशकमा वार्षिक औषत एक लाखका दरले घटाउने, विश्वव्यापी कूल गार्हस्थ उत्पादनलाई आधार मानेर विपदबाट हुने प्रत्यक्ष आर्थिक क्षति न्युन गर्ने, उत्थानशीलता विकासको माध्यमबाट महत्वपूर्ण तथा संवेदनशील भौतिक पूर्वाधारमा विपदबाट हुने नोक्सानी र स्वास्थ्य तथा शैक्षिक सुविधाजस्ता आधारभूत सेवामा हुनसक्ने अवरोधलाई पूर्ण रुपमा हटाउने, राष्ट्रिय तथा स्थानीय विपद जोखिम न्यूनीकरण रणनीति भएका मुलुकको सङ्ख्या दिगोरुपमा बढाउने, वर्तमान कार्यढाँचाको कार्यान्वयनलाई पूर्णता दिनेगरी विकासोन्मुख मुलुकका लागि दिगो र पर्याप्त अन्तर्राष्ट्रिय सहयोग र साझेदारी अभिवृद्धि गर्ने र विपद जोखिम सूचना तथा लेखाजोखा र बहूप्रकोप पूर्वसूचना प्रणालीको दिगो विकास गरी सबै तहमा सहज रुपमा उपलब्ध गराउने तथा सबै मानिसको पहुँच बढाउने उपर्युक्त विश्वव्यापी लक्ष्यहरु रहेका छन्।

सेन्डाइ कार्यढाँचामा उल्लेखित उपर्युक्त सात लक्ष्यहरु मध्ये नेपालले तयार गरेको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-३० मा विभिन्न ६ विषयमा आधार वर्ष सन् २०१५ र अल्पकालीन (सन् २०२०), मध्यमकालीन (सन् २०२५) र दीर्घकालीन (सन् २०३०) लक्ष्यहरु देहाय अनुसार तोकिएका छनः (*विस्तृत विवरण अनुसुचि १ मा छ*)

(१) राष्ट्रिय स्तरमा विपद् बाट हुने मृत्युदर उल्लेख्य मात्रामा कम गर्ने ।

(२) राष्ट्रिय स्तरमा विपद् बाट प्रभावित हुने व्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम गर्ने।

(३) राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य मात्रामा कम गर्ने।

(४) महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरुमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रुपले कम गर्न उत्थानशील विकास गर्ने।

(५) प्रदेश र स्थानीय तहहरुमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने।

(६) बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य वृद्धि गर्ने।

उपर्युक्त रणनीतिक कार्ययोजनामा उल्लेख भएका लक्ष्यहरु सेन्डाइ कार्य ढाँचा अनुसार नै रहेको देखिएता पनि यस सम्वन्धमा देखिएका थप व्यहोरा देहाय अनुसार छनः

(क) महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरुमा विपद्ले पुऱ्याउने क्षति र अवरोध उल्लेख्य रुपले कम गर्न उत्थानशील विकास गर्ने लक्ष्य अन्तर्गत स्वास्थ्य भवनहरु, विद्यालय भवन र कक्षा कोठा, सार्वजनिक र सरकारी भवन, साँस्कृतिक सम्पदास्थल, विमानस्थल, जलविद्युत उत्पादन गृह तथा बाँधहरु, विद्युत स्टेशनहरु, खानेपानीका संरचनाहरुको मर्मतसंभार तथा प्रबलीकरण गरी उत्थानशीलता विकास गर्ने तथा एकीकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयन गर्ने, उच्च जोखिमयुक्त हिमताल विष्फोटन बाढीको जोखिम न्यूनीकरण, बायो ईञ्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण, जलाधार, ताल, सिमसार तथा पोखरीको संरक्षण र जलवायु स्मार्ट गाउँको विकास तथा जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने सूचकहरु निर्धारण भएका छन। यसरी गरिने उत्थानशीलतावाट पूर्वाधारको क्षति र आधारभूत सेवा अवरोधमा कम गर्न निश्चितरुपमा सहयोग पुग्ने हुन्छ। तर नेपालमा विभिन्न विपद् वाट हुने मृत्यु मध्ये सडक दुर्घटनाबाट हुने मृत्यु सवै भन्दा धेरै रहेको देखिएता पनि सडक पूर्वाधारवारे रणनीतिक कार्य योजनामा कुनै लक्ष्य निर्धारण गरेको देखिदैन। त्यस्तै विपदका कारण शिक्षा, स्वास्थ्य, सार्वजनिक यातायात लगायतका आधारभूत सेवामा भएको अवरोधको अवस्था र सो न्युन गर्ने स्पष्ट लक्ष्यहरु रणनीतिक कार्ययोजनामा उल्लेख भएको देखिदैन।

(ख) अन्तर्राष्ट्रिय विकास सहायता नीति २०७६ लगायत विभिन्न दस्तावेजमा विकास सहायता प्राप्त गर्ने प्राथमिकताहरु उल्लेख भएका छन। तर सेन्डाइ कार्यढाँचाको लक्ष्यमा उल्लेख भए बमोजिमको विकासशील राष्ट्रहरुलाई गरिने अन्तर्राष्ट्रिय सहायता विषयक बैश्विक लक्ष्य सम्वन्धमा नेपालले तयार गरेको रणनीतिक कार्यनीतिमा यस सम्वन्धी स्पष्ट लक्ष्य किटान गरेको देखिएन।

(ग) उपर्युक्त बमोजिम तोकिएका लक्ष्यहरु तोकिएको अवधि र आधार तथा ढाँचामा हासिल भयो भएन भनी एकीकृत प्रगति विवरण तयार गरी सो को समीक्षा गर्ने व्यवस्था गरेको देखिएन। तथापी प्राधिकरणले वार्षिक प्रतिवेदनमा सम्पादित उल्लेख्य कार्यहरु समावेश गर्ने गरेको छ भने डिजास्टर रिस्क रिडक्सन पोर्टलमा विपद्सम्बन्धी सूचनाहरु प्रकाशन गर्ने गरेको

छ। साथै सन् २०२३ को फेब्रुअरीमा सेन्डाइ कार्यढाँचा कार्यान्वयनको राष्ट्रिय स्वैच्छिक मध्यावधि समिक्षा प्रकाशन गरेको छ। सो प्रकाशनमा समेत रणनीतिक कार्ययोजनामा तोकिएको आधार र ढाँचासँग हरफ र कोलमसँग सँगत हुने गरी प्रगति वा कार्यान्वयन अवस्था उल्लेख भएको छैन। सो राष्ट्रिय स्वैच्छिक मध्यावधि समिक्षा प्रकाशनमा उल्लेख भएका तथ्याङ्क देहाय अनुसार रहेको छ।

वर्ष	दुर्घटना संख्या	मृत्यु	घाइते	प्रभावित परिवार	निजी घर क्षति		अनुमानित क्षति (अमेरिकी डलरमा)
					आंशिक	पूर्ण	
२०१५	९७८	९३०४	२२६६१	१०७३९१४	२९९३७८	७७३९३६	७८,७१,५७९*
२०१६	२३७०	४८६	७६४	१३२४१	१२२२	३४२८	२,३४,३६,४९०
२०१७	२४६०	४९०	७३७	१९०७३	१४४२७	१९२७	२,०८,०६,५४५
२०१८	३९१९	४७८	२९०२	८१८०	१८८०	२५०५	३,६१,८२,४३३
२०१९	४५३८	४८९	२४५२	२५२६४	६८७३	४९३९	३,९२,४५,९१९
२०२०	३७७०	५५९	११७५	११३१४	३३३०	१९५९	१,४६,७६,८४१
२०२१	४२१५	५०९	१७७३	६५८३	१५८०	२०४४	२,११,९०,१०३
२०२२	३९३४	४१७	९८३	६७४६	२३६८	१९५२	२,१४,०१,०८९
जम्मा	**२६,१८४**	**१२,७३२**	**३३,४४७**	**११,६४,३१५**	**३,३१,०५८**	**७,९२,६९०**	**१८,४८,१०,९९९**

**सन् २०१५ को भूकम्पवाट भएको आर्थिक क्षति अनुमानित अमेरिकी डलर १४.३ बिलियन (राष्ट्रिय योजना आयोग/पिडिएनए)*

उपर्युक्त बमोजिम वार्षिक प्रतिवेदन, मध्यावधी समीक्षा र विपद् जोखिम पोर्टलमा केही सूचनाहरु उपलब्ध भएता पनि सेन्डाइ कार्यढाँचा बमोजिम रणनीतिक कार्ययोजनाले तोकेका प्रत्येक लक्ष्यहरुको हरफ र कोलमसँग तुलनागर्न मिल्ने गरी कुन हदसम्म प्रगति भएको छ वा हालको अवस्था स्पष्ट देखिने गरी सूचकको अवस्था विश्लेषण गरेर राम्रो नतिजालाई अझ राम्रो गर्ने वा कायम राख्ने र अपेक्षा अनुसार नभएका सूचकहरुमा आवश्यक थप रणनीतिक कार्ययोजना तर्जुमा गरी लक्ष्य हासिल गर्न थप पहल गर्नु पर्ने देखिन्छ।

१२. **सेन्डाइ कार्यढाँचाको प्राथमिकताहरुको कार्यान्वयन** - नेपालले सेन्डाइ कार्यढाँचामा तोकिएका चार प्राथमिकता क्षेत्र र सो अन्तर्गत गरिने प्रमुख १८ रणनीतिक कार्यहरुलाई अल्पकालीन (सन् २०१८-२०), मध्यकालीन (सन् २०१८-२५), दीर्घकालीन (सन् २०१८-३०) र निरन्तर गर्नुपर्ने कार्यको रुपमा तोकी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना तयार गरेको छ । उपर्युक्त बमोजिम प्रत्येक प्राथमिकता प्राप्त क्षेत्र अन्तर्गतका रणनीतिक क्रियाकलाप र सो क्रियाकलाप अन्तर्गतका विस्तृत कार्यहरु तोकी सोवाट प्राप्त हुने अपेक्षित परिणाम, समयावधि, जिम्मेवार निकाय र सहयोगी निकाय निर्धारण गरेको छ। प्राधिकरणले आफूले गरेको कार्यको विवरण वार्षिक प्रतिवेदनमा उल्लेख गरेको तथा सन् २०२३ को फेब्रुअरीमा सेन्डाइ कार्यढाँचा कार्यान्वयनको राष्ट्रिय स्वैच्छिक मध्यावधि समिक्षा प्रकाशन गरेको छ । तर वार्षिक प्रतिवेदन तथा राष्ट्रिय स्वैच्छिक मध्यावधि समिक्षामा प्रत्येक प्राथमिकता अन्तर्गतका रणनीतिक कार्ययोजना र क्रियाकलापका सम्वन्धमा भएको प्रगति स्पष्ट रुपमा खुलाई कार्यान्वयन अवस्था देखिने गरी प्रगति विवरण तयार गरेको देखिंदैन । यस किसिमको स्पष्ट मापनको अभावमा अनुगमन मूल्याङ्कन कमजोर हुन सक्ने र वास्तविक अवस्था ज्ञात नहुने भएकोले यस्तो अवस्थामा सुधार गरिनु पर्दछ । उक्त रणनीतिक कार्ययोजनामा उल्लेख भएका रणनीतिक क्रियाकलापहरु र राष्ट्रिय स्वैच्छिक मध्यावधि समिक्षा प्रतिवेदनमा उल्लेख भए बमोजिम सन् २०२२ को अवस्था देहाय बमोजिम छन्।

प्राथमिकता क्षेत्र	रणनीति तथा क्रियाकलाप	राष्ट्रिय स्वैच्छिक मध्यावधि समिक्षा प्रतिवेदनमा उल्लेख भए बमोजिम सन् २०२२ को अवस्था
प्राथमिकता क्षेत्र १. विपद् जोखिम बारे बुझाई	क) प्रकोप बमोजिम जोखिम आँकलनसम्बन्धी क्रियाकलापहरु ख) बहु प्रकोप जोखिम आकलनको लागि अन्तर निकाय समन्वयसम्बन्धी क्रियाकलापहरु ग) प्रभावकारी विपद् व्यवस्थापन सूचना प्रणालीको विकास तथा सूचना प्रवाहसम्बन्धी क्रियाकलापहरु घ) विपद् जोखिम बारेको बुझाईका लागि क्षमता अभिवृद्धीसम्बन्धी क्रियाकलापहरु	• विपद पोर्टलको रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको डाटाबेसमा केन्द्रिय भण्डारण • अनलाईन डाटाबेस प्रणाली (KoboCollect), पुनर्निर्माण सूचना व्यवस्थापन प्रणाली (RMIS), स्वयंसेवक व्यवस्थापन प्रणाली, स्रोत नक्सांकन प्रणाली, ई लर्निङ्ग प्रणाली आदि • विद्यालय र सार्वजनिक सम्पत्तिको लेखाजोखा • राष्ट्रिय सम्भाव्य भूकम्पीय जोखिम नक्सा परिमार्जन • ७७ जिल्ला मध्ये १४ जिल्लामा पहिरो जोखिम नक्साङ्कन • पहिरो जोखिम क्षेत्र चित्रित ३५ क्षेत्रको भूवैज्ञानिक अध्ययन गरिएको • संघ, प्रदेश र स्थानीय तहको आपतकालिन तयारी र प्रतिकार्य क्षमताको लेखाजोखा • निरन्तर टिभी कार्यक्रम, बुलेटिन र सामाजिक संजाल मार्फत विभिन्न श्रव्य. दृष्यहरु
प्राथमिकता क्षेत्र २. संघ, प्रदेश र स्थानीय तहमा विपद जोखिम शासकीय पद्धतिको सुदृढीकरण	क) संस्थागत संरचनाहरुको स्थापना एवं सुदृढीकरणसम्बन्धी क्रियाकलापहरु ख) कानूनी र नियामक संरचना निर्माणसम्बन्धी क्रियाकलापहरु ग) विपद् जोखिम सुशासनको लागि क्षमता अभिवृद्धि, सहकार्य र साझेदारीसम्बन्धी क्रियाकलापहरु घ) विपद जोखिम न्यूनीकरणमा समावेशिताको सुनिश्चिततासम्बन्धी क्रियाकलापहरु	• राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना तथा प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको संगठन संरचना • राष्ट्रिय विपद जोखिम न्यूनीकरण नीति, २०१८ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८.२०३०) • विपद जोखिम व्यवस्थापनको स्थानीयकरणसम्बन्धी म्यानुअल • स्थानीय प्रकोप र जलवायु लचिलो योजनासम्बन्धी निर्देशिका • स्थानीय विकास योजनासम्बन्धी निर्देशिका • पहिरो जोखिम मुल्यांकनसम्बन्धी निर्देशिका • स्वयंसेवक ब्युरो गठन र परिचालन निर्देशिका • विपद् व्यवस्थापन कोष परिचालन निर्देशिका • मनसुन र आगलागि प्रकोप प्रभावित निजी घर पुनर्निर्माण र पुनर्स्थापना निर्देशिका • पहिरोबाट प्रभावित बस्तीहरुको स्थलगत अनुसन्धान गर्ने प्राविधिक निर्देशिका • ३३ नगरपालिकामा Local Disaster Resilience Framework रहेको • विपद् पीडित उद्धार र राहतसम्बन्धी ९सातौं संशोधन० मापदण्ड, २०७७ • विपद् जोखिम न्यूनीकरणको लागि

		कार्यसञ्चालन निर्देशिकाहरु • आगलागिजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान वितरण कार्यविधि, २०७८ • नागरिक समाज संगठन र स्वयंसेवक परिचालनसम्बन्धी निर्देशिका
प्राथमिकता क्षेत्र ३. विपद् जोखिम न्यूनीकरणका लागि उत्थानशीलता वृद्धि गर्न बृहत्तर जोखिम जानकारीमा आधारित निजी तथा सार्वजनिक लगानी प्रवर्द्धन	क) उत्थानशीलता वृद्धिमा लगानी प्रवर्द्धनसम्बन्धी क्रियाकलापहरु ख) विपद् जोखिम न्यूनीकरणमा सार्वजनिक लगानी वृद्धिसम्बन्धी क्रियाकलापहरु ग) विपद् जोखिम न्यूनीकरणमा निजी लगानी प्रवर्द्धनसम्बन्धी क्रियाकलापहरु घ) जोखिम हिस्सेदारी बीमा तथा सामाजिक सुरक्षा मार्फत विपद् उत्थानशिलता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरु	• विपद् जोखिम वित्त रणनीति • बाली बीमा, घरपालुवा जनावर बीमा, स्वास्थ्य बीमा, सामुहिक जीवन बीमा, कोभिड.१९ आदिको व्यवस्था • क्षेत्रगत बजेट • राष्ट्रिय विपद् व्यवस्थापन कोष र ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहमा विपद् व्यवस्थापन कोषको स्थापना • स्वयंसेवक व्यवस्थापनसम्बन्धी राष्ट्रिय प्रणाली
प्राथमिकता क्षेत्र ४. प्रभावकारी प्रतिकार्य र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणमा "अझ राम्रो र बलियो निर्माण" का लागि विपद् पूर्वतयारीको सुदृढीकरण	क) प्रभावकारी विपद् प्रतिकार्यका लागि विपद् पूर्वतयारी सुदृढीकरणसम्बन्धी क्रियाकलापहरु ख) विपद् पूर्वतयारीको लागि बहु.प्रकोप पूव सूचना प्रणालीको विकाससम्बन्धी क्रियाकलापहरु ग) समुदायमा आधारित विपद जोखिम न्यूनीकरण प्रवर्द्धनसम्बन्धी क्रियाकलापहरु घ) विपद् पूर्वतयारीको लागि संचार तथा प्रसारण प्रणाली सुदृढीकरणसम्बन्धी क्रियाकलापहरु ङ) खोज तथा उद्धारको क्षमता अभिवृद्धिसम्बन्धी क्रियाकलापहरु च) पूनर्लाभ, पूनःस्थापना र पूननिर्माणमा "अझ राम्रो र बलियो निर्माण" अवधारणा प्रवर्द्धनसम्बन्धी क्रियाकलापहरु	• ७,०४,३४१ निजी भवन, ६६४७ स्कुल भवन, ११९७ स्वास्थ्य सुविधा, ९२० सांस्कृतिक सम्पदा क्षेत्र, ४१४ सरकारी भवन, २१६ सुरक्षा निकायको पुनःनिर्माण कार्य सम्पन्न • राष्ट्रिय तहमा ५९८ प्रतिक्रियाकर्ताहरु (responders) तालिम प्रदान गरिएको • भुकम्प प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ • भुकम्पबाट क्षति पुर्याएका सम्पदाहरुको संरक्षण एवं पुनर्निर्माणसम्बन्धी आधारभूत निर्देशिका, २०७२ • जोखिमयुक्त बस्ति स्थानान्तरण र पुनर्स्थापनासम्बन्धी कार्यविधि, २०७३ • विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि राष्ट्रिय स्रोत नक्साङ्कन प्रणाली • एकीकृत बस्ति विकाससम्बन्धी कार्यविधि, २०७५ • द्रुत प्रतिकार्यसम्बन्धी निर्देशिकाहरु • मनसुनको वार्षिक पुर्वतयारी तथा प्रतिकार्य योजना • सामूहिक हताहत एम्बुलेन्स र काठमाण्डौ उपत्यका लगायत ७ प्रदेशमा 'A' ग्रेडको एम्बुलेन्स सेवा • सुरक्षित निर्माण कार्यको लागि मेसन प्रशिक्षण • उद्धार कार्यको लागि गोताखोर प्रशिक्षण

१३. **विपद जोखिम न्यूनीकरण र व्यवस्थापनको स्थानीयकरण** - संविधानको धारा ५१ मा विपद् व्यवस्थापन सबै तहका सरकारको जिम्मेवारी अन्तर्गत राखेको छ। सो बमोजिम अनूचसूची ७ र ९ विपद् व्यवस्थापनलाई साझा सूचीमा उल्लेख गरिएको छ। अनुसूची-८ स्थानीय तहको अधिकार सूचीमा विपद् व्यवस्थापन समावेश छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ ले प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय तहहरुले कानूनी वा नीतिगत वा अन्य कुनै न कुनै

रुपमा विपद् व्यवस्थापनलाई सम्बोधन गर्ने प्रयास गरेका छन। तर राष्ट्रिय स्वैच्छिक मध्यावधि समिक्षा प्रतिवेदनमा उल्लेख भए अनुसार ३३ नगरपालिकाले मात्र स्थानीय विपद् उत्थानशील कार्यढाँचा (Local Disaster Resilience Framework) तयार गरेका छन। ३१९ स्थानीय तहले मात्र स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (Local Disaster and Climate Resilience Plan) बनाएका छन् भने ११६ स्थानीय निकायले मात्र स्थानीय आपतकालिन केन्द्रहरु सञ्चालन गरेका छन् । विपद पूर्व तयारी, प्रतिकार्य, पुन निर्माण लगायत जोखिम न्यूनीकरण र व्यवस्थापनमा स्थानीयकरणको लागि अनुमानित १६ मिलियन अमेरिकी डलरको कोष स्थापना भएको छ। विपद् व्यवस्थापनमा स्थानीय तह र समुदायलाई सबल बनाउन सबै स्थानीय तहले विपद् उत्थानशील कार्यढाँचा तथा योजना तर्जुमा गरी लागु गर्ने, स्थानीय आपतकालिन केन्द्र स्थापना र सञ्चालन गर्ने तथा स्थानीय कोष परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।

१४. **विपद जोखिम वित्त व्यवस्था** - नेपालको संविधानको धारा १२४ मा संघीय आकस्मिक कोषको व्यवस्था गरिएको छ। त्यस्तै धारा २१२ मा प्रत्येक प्रदेशले प्रदेश आकस्मिक कोषको स्थापना गर्न सक्ने व्यवस्था गरिएको छ । त्यसैगरी संघीय आकष्मिक ऐन, २०७४ ले आकस्मिक कार्यमा खर्च गर्नका लागि संघीय आकस्मिक कोषको व्यवस्था गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ मा विपद् व्यवस्थापनका लागि केन्द्रीयस्तरमा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहने र दफा २३ मा प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने व्यवस्था छ। यसरी संविधानमा आकस्मिक कोषको व्यवस्था भएको र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ मा केन्द्र, प्रत्येक प्रदेश, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने व्यवस्था गरेको छ। यसरी विपद्कार्यको लागि छुट्टा छुट्टै कोषहरु स्थापना गरी राहत वितरण तथा उद्धार कार्यमा खर्च गर्ने गरिएको छ। यसरी कानून मै तोकिएका कोषका अतिरक्त पटकेरुपमा अन्य कोषहरु खडा गर्ने समेत देखिएको छ। यसरी विभिन्न तहमा रहेका कोषमा रकम जम्मा गर्ने र खर्च गर्दा खर्चको एकीकृत र छुट्टाछुट्टै विवरण तयार गर्ने सो को विवरण सार्वजनिक गर्ने लगायतका पक्षहरुमा सुधार गरी पारदर्शिता एवं विश्वसनीयतामा अभिवृद्धि गर्नु पर्ने अवस्था छ।

१५. **माटो द्रविकरण (Soil Liquefaction)** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा माटोको द्रविकरण आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गर्ने र सार्वजनिक रुपमा उपलब्ध गराउनु पर्ने उल्लेख छ। प्राधिकरणले २०७२ सालको भूकम्प पश्चात काठमाण्डौं उपत्यकाको भूकम्पीय विपद् जोखिम आँकलन आयोजना मार्फत माटोको द्रविकरण आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गरेको देखिन्छ। त्यसैगरी खानी तथा भुगर्भ विभागबाट सुर्खेत जिल्लाको माटोको द्रविकरण आँकलन, नक्शाङ्कन र प्रकोपक्षेत्र निर्धारण गरेको छ। जोखिमयुक्त जिल्ला र स्थानको पहिचान गरी अन्य जिल्ला तथा स्थानको समेत वस्तुस्थिति यकिन गरी माटोको द्रविकरण गर्नु पर्दछ।

१६. **भूसान्दर्भित सम्मुखता र संकटउन्मुख** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा भुकम्प जोखिमयुक्त पूर्वाधारहरु तथा आश्रयस्थलहरुका लागि भू-सान्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्ने र सोसँग सम्बन्धित तथ्याङ्क सार्वजनिक रुपमा उपलब्ध हुनु पर्ने उल्लेख छ । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणवाट Rapid Visual Screening Survey मार्फत २८,००० सार्वजनिक विद्यालय तथा स्वास्थ्य भवनहरुको बहु प्रकोपको अवस्थामा रहेको जोखिम आकलन

कार्य भएको देखिन्छ। उक्त विवरण सङ्कलन गर्दा भवन उपयोग गर्ने जनसंख्याको विवरण लिङ्ग, उमेर र अपाङ्गताका आधारमा सङ्कलन गरिएको छ। त्यस्तै Bipad portal मा IBF Section मा लिङ्ग, उमेर र अपाङ्गताका आधारमा विवरण सङ्कलन गरि बहु प्रकोपमा भू-सान्दर्भित (Geo-referenced) सम्मुखता र संकटउन्मुखता आँकलन गर्न सकिन्छ भनि नमुनाको रुपमा विकास गरिएको छ ।नमुनाको रुपमा विकास गरिएको प्रविधिको पूर्ण रुपमा कार्यान्वयन गरिनु पर्दछ।

१७. **भू-उपयोग योजना** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा भूकम्प जोखिम संवेदनशील भू-उपयोग योजनाहरुको तर्जुमा गर्ने र यसलाई सार्वजनिक रुपमा उपलब्ध गराउनु पर्ने उल्लेख छ । जोखिम संवेदनशील भूउपयोगसम्बन्धी योजना विभिन्न स्थानीय तहमा तर्जुमा भइरहको छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अगुवाइमा जोखिम संवेदनशील भूउपयोग योजनासम्बन्धी राष्ट्रिय कार्यढाँचाको मस्यौदा निर्माण भएको छ। मस्यौदालाई पूर्ण रुप दिई राष्ट्रिय कार्यढाँचा कार्यान्वयनमा ल्याउनु पर्दछ।

१८. **विपद् जोखिम न्युनीकरणमा समावेशिता** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा विपद् जोखिम व्यवस्थापनका सम्पुर्ण प्रक्रियाहरुमा लैङ्गिक संवेदनशीलता र समावेशी पद्दती लागु गर्नु पर्ने व्यवस्था छ। उक्त व्यवस्था अनुरुप प्रचलित कानुन लैङ्गिक संवेदनशीलता र समावेशी पद्दती लागु भएको र सो कार्यलाई थप प्रभावकारी बनाउनका लागि जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण रणनीतिक कार्ययोजनाको मस्यौदा तयार भएको जानकारी प्राप्त भएको छ। रणनीतिक कार्ययोजनाको अभावमा समावेशी पद्दती व्यवस्थित हुन नसक्ने हुँदा मस्यौदालाई यथाशीघ्र अन्तिम रुप दिई कार्यान्वयनमा ल्याउनु पर्दछ।

१९. **अनुगमन प्रणाली** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा सडक दुर्घटना, महामारी, भुकम्प र पहिरोका सम्भावित क्षेत्रहरुमा अनुगमन प्रणाली स्थापना गर्ने कुरा उल्लेख छ ।जससम्बन्धी व्यहोरा निम्न छनः

१९.१ काठमाण्डौ लगायत मुलुकका अन्य भागहरुको सडक अनुगमन गर्न सिसिटिभि जडान गरि अनुगमन गर्ने गरे तापनि सोको पूर्ण रुपमा प्रभावकारी कार्यान्वयन भएको देखिंदैन । बजेट अभाव र दक्ष प्राविधिक जनशक्तिको अभावका कारण उक्त प्रणाली पूर्ण रुपमा लागु हुन नसकेको अवस्था रहेको छ । तसर्थ उचित बजेट व्यवस्थापन र प्राविधिक कर्मचारीको व्यवस्था गरी अनुगमन प्रणालीको स्थापना गर्नु पर्दछ ।

१९.२ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा महामारीको निरन्तर अनुगमन प्रणाली (Real-Time Outbreak and Diease Surveillance System) स्थापना गर्ने उल्लेख छ । यस सम्बन्धमा स्वस्थ्य मन्त्रालय र मातहतको निकायबाट अनुगमन हुने गरेको भए तापनि के कति समयमा के कति पटक अनुगमन भएको सम्बन्धमा यकिन हुन सकिएन । प्रभावकारी अनुगमनको अभावमा आम जनताको स्वास्थ्यमा नकारात्मक असर पुग्ने हुँदा अनुगमन प्रणाली प्रभावकारी बनाउन सम्बन्धित पक्षले ध्यान पुर्याउनु पर्दछ ।

१९.३ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा भुकम्प मापन प्रणाली (Real-Time Earthquake Monitoring System) को राष्ट्रव्यापी सञ्जालको विस्तार र आधुनिकिकरण गर्ने उल्लेख छ। हालसम्म राष्ट्रव्यापी सञ्जालको विस्तार आधुनिकीकरण भई सकेको अवस्था देखिंदैन। पर्याप्त स्रोत साधनको अभावमा उक्त कार्य हुन नसकेको समस्या विद्यमान रहेको अवस्था

छ। तसर्थ भुकम्प मापन प्रणालीको राष्ट्रव्यापी सञ्जालको विस्तार आधुनिकीकरण गर्ने तर्फ सम्बन्धित पक्षले ध्यान पुर्याउनु पर्दछ।

१९.४ विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा पहिरो अनुगमन प्रणाली (Real-Time Landslide Monitoring System) स्थापना गर्ने र सार्वजनिक रुपमा उपलब्ध गराउने कुरा उल्लेख छ। मुलुकमा पहिरो सम्भाव्य क्षेत्र पहिचान गरी सो को पर्याप्त अनुगमन गर्ने प्रणाली स्थापना गर्ने र सार्वजनिक गर्ने कार्य पर्याप्त मात्रामा भए गरेको पाईएन । यसरी अनुगमन प्रणाली कमजोर हुँदा जनताको जिउधनमा क्षति पुग्ने हुँदा पहिरो सम्भाव्य क्षेत्र पहिचान गरी सो को पर्याप्त अनुगमन गर्ने प्रणालीको विकास गर्नु पर्दछ।

२०. **जोखिम न्यूनीकरण सञ्जाल** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा राष्ट्रिय विपद जोखिम न्यूनीकरण सञ्जाललाई सुदृढ बनाउने र प्रदेश तथा स्थानीय तहमा विस्तार गर्ने कुरा उल्लेख छ। उक्त व्यवस्था बमोजिम विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय कार्यमञ्चलाई सुदृढ बनाउने कार्य भएको र प्रदेश स्तरमा सुदुर पश्चिम प्रदेशमा विस्तार भएको छ। बाँकी प्रदेश र स्थानीय तहहरुमा कार्यान्वयन हुन बाँकी रहेको देखिन्छ। जोखिम न्यूनीकरण सञ्जाललाई सुदृढ गरी सबै प्रदेश र स्थानीय तहमा विस्तार गर्नु पर्दछ।

२१. **खोज तथा उद्धार टोलीको एकीकृत नेतृत्व** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना(२०१८-३०) मा खोज तथा उद्धार टोलीको एकीकृत नेतृत्व स्थापित गरी त्यसलाई अन्तर्राष्ट्रिय खोज तथा उद्धार सल्लाहकार समुहको मापदण्ड बमोजिम विकास गर्नु पर्ने कुरा उल्लेख छ। उक्त कार्य अन्तर्गत नेपाल सरकार गृह मन्त्रालय मार्फत सल्लाहकार समुहको मान्यता प्राप्त गर्नको निमित्त हालसम्म राष्ट्रिय सम्मेलनको Virtual Awareness कार्यक्रम सञ्चालन भएको, सो पश्चात सशस्त्र प्रहरी बल, नेपालबाट १ जना प्रतिनिधिले सोसम्बन्धी Asia-Pacific Regional National Accreditation Process Technical Support Group and Technical Recognition Group Online Workshop Program मा सहभागिता जनाएको र सशस्त्र प्रहरी बल, नेपालमा सल्लाहकार समुहबाट मान्यता प्राप्त Medium Level Team को गठनसम्बन्धी अवधारणाको लागि नेपाल सरकार गृह मन्त्रालयको पहलमा प्रक्रिया अघि बढाउनु पर्नेमा सो कार्य हुन बाँकी देखिन्छ।

२२. **आधारभूत मानवीय मापदण्ड** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा विपदबाट प्रभावित व्यक्ति तथा समुदायलाई मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्ड (Core Humanitarian Standard) को अनुसरण गर्नु पर्ने उल्लेख छ। सो बमोजिम सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्डको अनुसरण गरेको पाइएन। यसरी मापदण्ड कार्यान्वयन नहुनुमा आवश्यक बजेट तथा कार्यक्रमको अभाव र आधारभूत मानवीय मापदण्ड कार्यान्वयनसम्बन्धी बाध्यकारी व्यवस्थाको अभाव जस्ता कारणहरु जिम्मेवार रहेका छन्। तोकिएको मापदण्ड प्रयोग नगर्दा सहायता अर्थपूर्ण नहुने हुँदा मानवीय मापदण्डको अनुसरण गरेर सहायता उपलब्ध गराउने तर्फ ध्यान पुर्याउनु पर्दछ।

२३. **विपद् पश्चातको व्यवस्थापन** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा विपद् पश्चात आपतकालिन रुपमा शिक्षा, स्वास्थ्य, पोषण तथा खानेपानीको प्रबन्ध गर्ने कार्य सुनिश्चित गर्नु पर्ने व्यवस्था रहेको छ। उक्त कार्यको लागि विपद्जन्य घटनाहरुमा पिउने पानीको अभावलाई परिपूर्ति गर्न उपत्यकाको ७ र उपत्यका बाहिर ५ गरि जम्मा १२ स्थानमा सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरुमा डिप ट्युवबेलको व्यवस्था गरिएको भएता पनि शिक्षा, स्वास्थ्य एवं पोषण सम्वन्धमा आवश्यक तयारी रहेको देखिएन। आवश्यक बजेट तथा कार्यक्रमको

अभावमा विपद् पश्चातका सबै क्रियाकलाप व्यवस्थित हुन नसकेको अवस्था देखिन्छ। तसर्थ विपद् पश्चातका क्रियाकलापहरु व्यवस्थित ढंगले सम्पादन नगर्दा मानवीय क्षति व्यहोर्नु पर्ने हुँदा यस सम्बन्धमा आवश्यक बजेट व्यवस्था गरी सम्पूर्ण क्रियाकलापलाई व्यवस्थापन गर्नु पर्दछ।

२४. **संस्थागत संरचना** - विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-३०) मा विद्यमान जोखिमयुक्त सार्वजनिक सेवा, जीविकोपार्जनका साधनहरु तथा भौतिक पूर्वाधारहरु (सार्वजनिक, सरकारी र निजी भवनहरु, हाइड्रोलिक संरचना, शहरी पूर्वाधारहरु, विद्यालय र अस्पताल, रंगशाला, थिएटरहरु, सपिङ्ग मल आदि) को प्रबलीकरणको लागि विशेष कोष र अनुगमन संयन्त्र स्थापना गर्नु पर्ने र स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यातायात व्यवस्था विभाग, ट्राफिक प्रहरी र स्थानीय तहमा सडक सुरक्षा इकाइ गठन गर्नु पर्ने व्यवस्था छ। उपरोक्त व्यवस्था बमोजिम संस्थागत संरचना निर्माण भएको पाइएन। संरचना निर्माण नहुनुमा सम्बन्धित निकायको तदारुकता एवं विपद जोखिम बारेको बुझाईमा कमी जस्ता कारणहरु रहेका छन्। संस्थागत संरचनाको अभावमा विपद जोखिमको अनुगमन असर पुग्ने हुँदा तोकिएका संस्थागत संरचना निर्माण गर्ने तर्फ ध्यान पुर्याउनु पर्दछ।

२५. **विपद् पोर्टलको स्थानीयकरण** - गृह मन्त्रालयद्वारा सुरु गरी गृह मन्त्रालयको संयोजनमा विभिन्न ११ वटा मन्त्रालय र विभागहरुको सहकार्यमा राष्ट्रिय एकीकृत विपद् सूचना व्यवस्थापन प्रणाली अन्तर्गत विपद् पोर्टल विपद् सूचना व्यवस्थापन प्रणालीको विकास गरिएको छ। यो प्रणाली हाल राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्वामित्वमा रहेको छ। विपद्सम्बन्धी घटना, विपद पूर्वसूचना, विपद् पूर्वतयारी सम्बन्धमा विद्यमान पूर्वाधार, विपदबाट भएको क्षतिको विवरण, प्रभावमा आधारित विपद् जोखिम सूचना र नेपालमा विपद् व्यवस्थापन सम्बन्धमा कार्य गर्ने विभिन्न निकायका सूचना प्रणालीहरुसँग अन्तर आबद्धता जस्ता विवरण यस प्रणालीमा एकीकृत रुपमा प्रविष्टि गरिएको छ। यस प्रणालीमा संघ, ७ प्रदेश, ७७ जिल्ला र ७५३ स्थानीय तहहरुको लागि छुट्टा छुट्टै सब-डोमेनको व्यवस्था गरिएको भए तापनि सबै निकायबाट अद्यावधिक तथ्याङ्क प्राप्त भएको सुनिश्चित हुने आधार तयार गर्नुपर्दछ।

२६. **पुननिर्माण सुचना व्यवस्थापन प्रणाली** - मनसुनजन्य विपद्, प्रभावित निजी आवास पुननिर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि अनुसार मनसुनजन्य र आगलागीजन्य विपदबाट निजी आवास क्षतिग्रस्त भएका वा गुमाएका तर अन्यत्र आवास नभएका परिवारको निजी आवास मर्मत प्रबलीकरण, पुननिर्माण र पुनर्स्थापनाका कार्यको लागि विद्युतीय प्रणाली विकास गरिएको छ। उक्त प्रणालीको तथ्याङ्क अभिलेख अद्यावधिक हुनु पर्दछ।

परिच्छेद - ४
निष्कर्ष र सुझाव

२७. **निष्कर्ष र सुझाव** - विपद् व्यवस्थापनमा सेन्डाइ फ्रेमवर्कको कार्यान्वयनको क्रममा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र नियमावली, २०७६ तर्जुमा भई लागु भएको, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-३० कार्यान्वयनमा रहेको, ऐन बमोजिम गठन भएको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद, कार्यकारी समिति, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सांगठनिक व्यवस्था, जिल्ला विपद व्यवस्थापन कोषहरु, जिल्ला एवं स्थानीय आपतकालीन केन्द्रहरु सबल पक्षको रुपमा रहेका छन् । नेपालको संविधानमा विपद व्यवस्थापन तीन वटै सरकारको साझा कार्यसूचीमा परेता पनि यस विषयमा बुझाईको कमीले कम महत्व दिईनु, बजेटको अभाव रहनु, समय सापेक्षरुपमा ऐन, नियमहरु संशोधन हुन नसक्नु आदि चुनौति देखिएका छन। त्यसैगरी पर्याप्त विपदसम्बन्धी तथ्याङ्कहरुको अभावका बाबजुद आकस्मिक कार्यहरु गर्नु पर्ने चुनौतिको रुपमा देखापरेका छन् भने प्रविधिको क्षेत्रमा भएको नविनतम विकासहरुलाई अवसरको रुपमा लिई कार्यक्रमहरु कार्यान्वयन गर्नु पर्ने देखिएको छ। समग्रमा विपद व्यवस्थापनमा सेन्डाइ फ्रेमवर्क कार्यान्वयनको लागि देहायका सुझावहरु प्रस्तुत गरिएको छः

- विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजनामा भएका क्रियाकलापको कार्यान्वयन र सो को अवस्थाको निरन्तर अनुगमन र प्रतिवेदन गर्ने, अनुभव र पृष्ठपोषणको आधारमा थप परिमार्जन गर्दै जाने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तथा नियमावलीलाई समय सापेक्ष रुपमा अद्यावधिक गर्दै लाने,
- विभिन्न संरचनागत व्यवस्थाहरुलाई अझ बढी क्रियाशील बनाई सहकार्य र समन्वय कायम गर्दै एकीकृत तथा छुट्टाछुट्टै वित्त परिचालन, उपयोग गर्ने तथा प्रतिवेदन गर्ने कार्य व्यवस्थित गर्नुपर्ने,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्रदेश तथा स्थानीय तह र समुदायलाई उत्थानशील बनाउन आवश्यक कानूनी, नीतिगत, संरचनागत र सञ्चालनगत व्यवस्थाहरु गर्ने,
- विपद जोखिमसँग सम्बन्धित तथ्यांकहरु सहज रुपमा प्राप्त गर्न आवश्यक कानूनी एवं संस्थागत व्यवस्था गर्ने,
- विपद जोखिम आंकलन र नक्साङ्कनलाई व्यवहारिक एव वस्तुनिष्ठ बनाउदै लाने,
- विपद जोखिम न्यूनीकरण एवं व्यवस्थापनमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको भूमिकालाई प्रभावकारी बनाउन थप स्रोत साधन एवं जनशक्तिको उचित व्यवस्थापन गर्ने,
- विपद पश्चातका कार्यहरुमा एवं मानवीय सहायता उपलब्ध गराउँदा आधारभूत मानवीय मापदण्डको पालना गर्ने गराउने,
- राहत वितरण कार्यलाई व्यवस्थित तुल्याउन राहत वितरणमा एकद्वार प्रणाली लागु गर्नु पर्दछ।

अनुसूची १

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले लिएका लक्ष्यहरु

क्र. सं.	सूचक	आधार रेखा (२०१५ सम्मको औषत)	अल्पकालीन (२०२० सम्म)	मध्यकालीन (२०२५ सम्म)	दीर्घकालीन (२०३० सम्म)
१.	**राष्ट्रिय विपद् बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने**				
१.१	विपद् बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक)	९००	४००	३००	२२५
१.२	सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या	२०००	१७००	१२००	७००
२.	**राष्ट्रिय स्तरमा विपद् बाट प्रभावित व्यक्तिहरुको संख्या उल्लेख्य मात्रामा कम गर्ने**				
२.१	विपद् बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या	१३२०००	११००००	८००००	६५०००
२.२	विपद् बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या	१८००	१६००	११००	९००
२.३	सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या	१३०००	११०००	८०००	५०००
२.४	विपद् बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या	३००००	२५०००	२००००	१५०००
३.	**राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने प्रत्यक्ष आर्थिक क्षतिलाई उल्लेख्य रुपमा कम गर्ने**				
३.१	राष्ट्रिय कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति	२%	०.५%	०.२%	०.१%
४.	**महत्वपूर्ण पूर्वाधार र आधारभूत सेवाहरुमा विपद्ले पुऱ्याउने क्षति अवरोध उल्लेख्यरुपले कम गर्न उत्थानशीलता विकास गर्ने**				
४.१	स्वास्थ्य भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास		७५०	९००	१२००
४.२	कक्षा कोठाहरूको मर्मत संभार र प्रवलीकरण गरी उत्थानशीलता विकास		१९५००	२५०००	३००००
४.३	विद्यालय भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास		७५०	१२५०	१७५०
४.४	विपद् जोखिम न्यूनीकरणका लागि विद्यमान विद्यालयहरूबाट नमूना विद्यालयहरूको विकास		५००	१०००	१५००
४.५	सार्वजनिक र सरकारी भवनहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास		२५००	५०००	७०००
४.६	सांस्कृतिक सम्पदा स्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास		१३०	२००	३००
४.७	विमानस्थलहरूको प्रवलीकरण गरी उत्थानशीलता विकास		७	२१	१४
४.८	विद्यमान जलविद्युत उत्पादन गृहहरु तथा बाँधहरुको प्रवलीकरण गरी उत्थानशीलता विकास		२१	५६	९१
४.९	विद्युत सवस्टेशनहरूको उत्थानशीलता विकास		४२	११२	२८२
४.१०	खानेपानीका संरचनाहरूको मर्मत सम्भार गरी उत्थानशीलता विकास		३०००	४५००	६०००
४.११	एकीकृत जलश्रोत व्यवस्थापनको योजना कार्यान्वयनको प्रतिशत		२५	४०	६०
४.१२	उच्च जोखिमयुक्त हिमताल विस्फोटन बाढीको जोखिम न्यूनीकरण (संख्या)	२	३	५	७
४.१३	बायो ईन्जिनियरिङ्ग प्रविधिद्वारा नदी किनाराको संरक्षण (कि.मी.)	१६७५	४५००	७२२५	१००००
४.१४	जलाधारहरूको संरक्षण (संख्या)	३३४६	३९००	४४४८	५०००
४.१५	ताल, सिमसार तथा पोखरीहरूको संरक्षण (संख्या)	१७२७	२८००	३९०९	५०००
४.१६	जलवायु स्मार्ट गाउँहरूको विकास		५०	११३	१७०
४.१७	जलवायु स्मार्ट कृषि प्रवर्धन गर्ने		१५०	३३३	५००
५.	**प्रदेश र स्थानीय तहहरुमा विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने**				
५.१	विपद् जोखिम न्यूनीकरण रणनीति तथा कार्ययोजना तयार गर्ने प्रदेश र स्थानीय तहहरूको प्रतिशत		१००	१००	१००
५.२	संघ, प्रदेश र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिवृद्धि गर्न संयन्त्र विकास गर्ने (प्रतिशत)		१००	१००	१००
५.३	पुनर्लाभ, पुनःस्थापना तथा पुनर्निर्माणका लागि "अझ राम्रो र बलियो निर्माण" को सिद्धान्तका आधारमा श्रोतहरू व्यवस्थापन र कार्यान्वयन गर्ने सरकारी निकायहरूको प्रतिशत		१००	१००	१००

६.	**बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख वृद्धि गर्ने**				
६.१	देशको कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन भएको क्षेत्रफलको प्रतिशत		५०	७०	१००
६.२	विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत	२०	५०	८०	१००
६.३	विपद् जोखिमयुक्त क्षेत्रहरुमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि तयार भएका स्थानीय तहहरूको प्रतिशत		१००	१००	१००
६.४	स्थानीय स्तरमा उपयोगी विपद् जोखिमसम्बन्धी सूचना तथा जानकारी एवं आंकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको प्रतिशत		२०	५०	१००
६.५	पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत	२५	५०	१००	१००

स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन

परिच्छेद -१

परिचय

१. **पृष्ठभूमि** - सरकारी तथा निजीस्तरमा अस्पताल, नर्सिङहोम लगायतका स्वास्थ्य संस्थाहरुको संख्यात्मक वृद्धि सँगै स्वास्थ्य सेवाजन्य फोहरको परिमाणमा पनि वृद्धि भएको छ। फोहरको वर्गीकरणसँगै व्यवस्थापनको विधि, पद्धति र प्रक्रिया फरक फरक हुने हुँदा यसको व्यवस्थापनमा विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। सामान्यतया: यस्ता फोहरहरु ठोस, तरल र ग्याँसको रुपमा उत्सर्जन हुने गर्दछन्। उपयुक्त विधि एवं पद्धतिको प्रयोग गरी फोहरको समयमै उचित व्यवस्थापन नहुँदा यसले मानव स्वास्थ्य र वातावरणमा समेत नकारात्मक असर पर्न जाने जोखिम रहन्छ। तसर्थ जोखिमहरुको न्यूनीकरण गर्दै फोहर उचित व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित स्वास्थ्य संस्थाको हुन्छ। यसका अतिरिक्त फोहर व्यवस्थापनका लागि सरकारले नीतिगत, कानुनी एवं प्रक्रियागत व्यवस्था समेत गरेको छ।

२. **नीतिगत व्यवस्था** - दिगो विकास लक्ष्य-६ मा सबैका लागि स्वच्छ पानी र सरसफाईको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चिता हुनुपर्ने, तथा लक्ष्य-१५ अन्तर्गत स्थलीय पर्यावरणको संरक्षण, पुन:स्थापना र दिगो उपयोगको प्रबर्द्धन गर्ने, दिगो वन व्यवस्थापन गर्ने, मरुभूमीकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने उल्लेख गरेको छ। त्यस्तै नेपाल सरकारको २०७९।८० को बजेट वक्तव्यको बुँदा नं. १७ (ज) मा वातावरण संरक्षण सरकारको प्राथमिकता क्षेत्र अन्तर्गत परेको छ। नेपाल सरकारको आर्थिक वर्ष २०७९।८० को नीति तथा कार्यक्रमको बुँदा नं. ९५ मा मुख्य शहरहरुमा प्रदुषण नियन्त्रणका लागि क्षेत्रगत मापदण्ड तथा कार्य योजना कार्यान्वयन गरिने व्यवस्था समेत रहेको छ। यी नीतिगत व्यवस्थाहरु स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको लागि पनि उत्तिकै सान्दर्भिक छन्।

३. **कानूनी तथा अन्य व्यवस्था** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको लेखापरीक्षणसँग सम्बन्धित कानुनी व्यवस्थाहरु देहाय बमोजिम छ।

- नेपालको संविधानमा प्रत्येक नेपाली नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हक तथा वातावरणीय प्रदुषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदुषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकसम्बन्धी व्यवस्था गरेको छ।
- राष्ट्रिय स्वास्थ्य नीति, २०७६
- फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९
- फोहरमैला व्यवस्थापन ऐन, २०६८
- वातावरण संरक्षण ऐन, २०७६
- जनस्वास्थ्य ऐन, २०७७
- श्रम ऐन, २०७४
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- फोहरमैला व्यवस्थापन नियमावली, २०७०
- जनस्वास्थ्य नियमावली, २०७७
- स्वास्थ्य संस्था स्थापना, सञ्चालन र स्तरोन्नतिको लागि मार्गदर्शन, २०७१
- स्वास्थ्य संस्थाबाट निस्कने फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ (National Healthcare Waste Management Standards and Operating Procedures, 2020)

- स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन निर्देशिका, २०७७

४. **कार्य प्रक्रिया विश्लेषण** - प्रचलित नीतिगत, कानुनी एवं सञ्चालनगत प्रक्रिया (Operating Procedures) का आधारमा स्वास्थ्य संस्थाहरुले स्वास्थ्य सेवाजन्य फोहरको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। यसका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग र स्थानीय तहहरुले नीतिगत व्यवस्था गर्ने र सम्बन्धित स्वास्थ्य संस्थाले फोहर व्यवस्थापनका लागि सोको कार्यान्वयन गर्नुपर्ने हुन्छ। नीतिगत एवं कानुनी व्यवस्थाको प्रभावकारी कार्यन्वयनका लागि सम्बन्धित तालुक निकायबाट आवधिक अनुगमन तथा निरीक्षण समेत हुने गरेको छ। स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका लागि फोहरको सङ्कलन, वर्गीकरण, प्रशोधन (treatment) र विसर्जन आदि प्रक्रियाहरु पुरा गर्नु पर्दछ। यसको प्रभावकारी व्यवस्थापनका लागि संलग्न निकाय/ संस्थाहरू निम्नानुसार छन्:

- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,
- वन तथा वातावरण मन्त्रालय
- स्वास्थ्य सेवा विभाग
- स्थानीय तहहरु
- फोहर सङ्कलन एवं व्यवस्थापनमा संलग्न निजीक्षेत्रका संघसंस्थाहरु

५. **लेखापरीक्षणको औचित्य** - नेपालमा स्वास्थ्य संस्थाहरुको संख्या दिनानुदिन वढ्दै गएको छ। अन्य फोहरको तुलनामा स्वास्थ्य सेवाजन्य फोहर वढी जोखिमयुक्त हुने भएकोले यसको सङ्कलन, भण्डारण, प्रशोधन तथा अन्तिम विसर्जनमा तोकिएका मापदण्ड, विधि एवं पद्धतिको परिपालना भए नभएको सम्बन्धमा अध्ययन विश्लेषण गर्नुपर्ने भएकोले यसलाई कार्यमूलक लेखापरीक्षणको विषयका रुपमा छनौट गरिएको हो।

परिच्छेद - २
लेखापरीक्षणको उद्धेश्य, क्षेत्र, पद्धति

६. **लेखापरीक्षणको उद्धेश्य** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनसम्बन्धी विद्यमान नीतिगत एवं कानुनी व्यवस्था र सोको कार्यान्वयन अवस्थाको अध्ययन विश्लेषण गरी देखिएका व्यहोराहरु सुधारका लागि उपयुक्त सुझाव सहितको प्रतिवेदन तयार गर्नु लेखापरीक्षणको मुख्य उद्देश्य रहेको छ। लेखापरीक्षण उद्धेश्य अनुरुप परीक्षण गर्न लेखापरीक्षण प्रश्न देहाय बमोजिम निर्धारण गरिएका थिए;

- स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन गर्दा तोकिएको विधि, पद्धति एवं प्रक्रियाहरुको पर्याप्तता र तिनको परिपालना भए नभएको,
- स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन दिगो र प्रभावकारी ढङ्गबाट भए नभएको परीक्षण गर्ने
- स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका लागि आवश्यक पूर्वाधार भए नभएको परीक्षण गर्ने

७. **लेखापरीक्षणको क्षेत्र** - यस लेखापरीक्षणको लागि छनौटको आधारमा उपत्यकामा रहेका शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बीर अस्पताल, परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल र भक्तपुर क्यान्सर अस्पतालको विगत ५ वर्षको तथ्याङ्क एवं विवरणलाई लेखापरीक्षणको क्षेत्रभित्र समावेश गरिएको छ। लेखापरीक्षणका लागि मुलभूत रुपमा २०७५/७६ देखि २०७९/८० सम्मका विवरण एवं तथ्यांकहरु सङ्कलन गरिएको छ। लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि आवश्यकताअनुसार अन्य सम्बन्धित निकायबाट समेत आवश्यक सूचना एवं जानकारी सङ्कलन गरिएको छ।

८. **लेखापरीक्षण पद्धति** - नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७, कार्यमूलक लेखापरीक्षणका सिद्धान्त (इसाई ३००) र लेखापरीक्षणका मानदण्ड (इसाई ३०००) बमोजिम लेखापरीक्षण गरिएको छ। लेखापरीक्षण कार्यमा लेखापरीक्षण समीक्षा पत्र, लेखापरीक्षण योजना र लेखापरीक्षणका मानदण्ड (इसाई ३०००), कार्यमूलक लेखापरीक्षण निर्देशिका, २०७९, छलफल, प्रश्नावली, प्राथमिक तथा दोश्रो स्रोतको तथ्याङ्क विधिको आधारमा लेखापरीक्षण कार्यान्वयन गरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको उद्देश्यका लागि पर्याप्त र उचित प्रमाण सङ्कलन गर्न नियन्त्रणको परीक्षण,विश्लेषणात्मक कार्यविधि र विस्तृत विवरणको परीक्षणविधि अवलम्बन गरिएको छ। लेखापरीक्षणसँग सम्बन्धित निकायको कार्य सम्पादनको वार्षिक प्रतिवेदन, प्रमाण कागजात, तथ्याङ्क, सूचनाको परीक्षण र भिडान, निरीक्षण गणना, सम्बन्धित पक्षसँग सोधपुछ र छलफल, विश्लेषण आदि गरिएको छ।

समग्रमा प्रक्रियामूलक र नतिजामूलक विधि प्रयोग गरी लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण आधारको रुपमा विषयसँग सम्बन्धित नीतिगत तथा कानूनी व्यवस्थामा उल्लेख भएका विषयहरुलाई लिइएको छ। लेखापरीक्षणको दौरानमा र लेखापरीक्षण सम्पन्न भएपश्चात व्यवस्थापनसँग देखिएका व्यहोरा उपर छलफल गरी उहाँहरुको टिप्पणीलाइ विचार गरी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणका विभिन्न चरणमा आवश्यकतानुसार नागरिक समाज तथा संस्थाको संलग्नता गराइएको छ।

९. **लेखापरीक्षण सीमितता** - लेखापरीक्षणका लागि उपलब्ध स्रोत साधन र समयको सीमा, नियन्त्रण जोखिमको मात्रा तथा लागत लाभको दृष्टिकोणबाट सम्पूर्ण क्षेत्रलाई लेखापरीक्षणको दायरामा समेट्न नसकिने र व्यवहारिक पनि नहुने हुँदा लेखापरीक्षण योजना मुताबिक सारभूत विषयको छनौट गरी लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणका लागि निकायबाट लेखापरीक्षणार्थ उपलब्ध भएका विवरण, तथ्याङ्क, सूचनाको आधारमा विश्लेषण गरी लेखापरीक्षण निष्कर्ष निकालिएको छ।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका बेहोराहरु

सकारात्मक पक्ष

नेपाल सरकारले स्वास्थ्य सेवाजन्य फोहरको न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनका लागि फोहर व्यवस्थापनसम्बन्धी नीतिगत व्यवस्था, निर्देशिका, मार्गदर्शन, मापदण्ड तयार गरी लागु गरेको छ। साथै सम्बन्धित अस्पतालले समेत फोहरको सङ्कलन, पृथकीकरण, भण्डारण, विसर्जन एवं व्यवस्थापनका लागि विभिन्न उपायहरु अवलम्वन गर्दै आएको छ। फोहरको उचित व्यवस्थापनका लागि सरकारले नीतिगत, कानुनी एवं प्रक्रियागत व्यवस्था समेत गरेको छ।

सुधार गर्नुपर्ने बेहोरा

यसको सुव्यवस्थापन र प्रभावकारीता अभिवृद्धि गर्न सुधार गर्नुपर्ने देखिएका व्यहोराहरु देहाय बमोजिम रहेका छन्:

१०. **फोहरको अभिलेख एवं लेखाजोखा** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं.५.२.२ मा अस्पतालबाट प्रतिदिन उत्पादन हुने फोहरको परिमाण एवं प्रकारको अभिलेख राखी सोको लेखाजोखा हुनुपर्ने व्यवस्था छ। अस्पतालहरुबाट प्राप्त विवरण अनुसार फोहरको अभिलेख व्यवस्थापन देहायअनुसार गरेको पाइयोः

अस्पतालको नाम	देखिएका बेहोराहरु
शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	अस्पतालबाट दैनिक रुपमा उत्पादन हुने फोहरको प्रकार, परिमाण एवं प्रकृति अनुसार दैनिक रुपमा अभिलेख राख्ने गरेको पाइएन।
वीर अस्पताल	आर्थिक वर्ष २०७९।८० को पौष महिनामा विश्लेषणका आधारमा अभिलेख राख्न सुरु गरेको जनाएकोमा दैनिक रुपमा राखेको पाइएन। जोखिम रहित फोहर १५८५३३ किलोग्राम र जोखिमयुक्त १४४३६२ किलोग्राम उत्पादन हुने गरेको जनाएतापनि Cytotoxic waste, Chemical waste, Radioactive waste र तरल फोहरको लेखाजोखा गरेको पाइएन। जनशक्ति व्यवस्थापन गरी अभिलेख व्यवस्थित गर्नु पर्दछ।
परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	आर्थिक वर्ष २०७७।७८, २०७८।७९ र २०७९।८० मा जोखिमरहित फोहरको परिमाण गणना गर्ने गरेको भएता पनि जोखिमयुक्त र तरल फोहरको अभिलेख राख्ने गरेको पाइएन।
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	आर्थिक वर्ष २०७७।७८ मा प्रतिदन कुल जोखिम रहित फोहर ११६ किलोग्राम र जोखिमयुक्त फोहर ९५९ किलोग्राम उत्पादन हुने विवरण प्राप्त हुन आएकोमा अन्य वर्षहरुको विवरण प्राप्त भएन। साथै प्रत्येक वार्डरशाखाबाट निष्कने फोहरको दैनिक अभिलेख राखेको पाइएन।
भक्तपुर क्यान्सर अस्पताल	आर्थिक वर्ष २०७९।८० मा जोखिम रहित फोहर ४८७६९।७ किलोग्राम र जोखिमयुक्त फोहर १४९६६।९ किलोग्राम उत्पादन भएको विवरण पेश हुन आएकोमा तरल फोहरको लेखाजोखा गरेको पाइएन। साथै दैनिक रुपमा फोहरको अभिलेख व्यवस्थित गरेको पाइएन।
निजामती कर्मचारी अस्पताल	हालसम्म स्वास्थ्य सेवाजन्य फोहरको व्यवस्थित अभिलेख नराखिएको अस्पतालले जनाएको छ।

उपर्युक्त विवरण अनुसार शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बीर अस्पताल, प्रसूती गृह, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, निजामती अस्पताल र भक्तपुर क्यान्सर अस्पताल समेत ६ वटै अस्पतालले प्रतिदिन उत्पादन हुने फोहरको पुर्ण, विस्तृत एवं व्यवस्थित अभिलेख राखेको पाइएन। फोहरको प्रकृति अनुरुप व्यवस्थित अभिलेख नहुँदा कुन वार्ड/शाखाबाट कस्ता प्रकृतिका फोहर प्रतिदिन कति परिमाणमा उत्पादन हुने गरेको छ, सोको जानकारी हुदैन। यस्ता प्रारम्भिक एवं महत्वपूर्ण तथ्यांकहरु स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन योजना तर्जुमाका लागि आधारस्तम्भ हुने गर्दछन्। यसको अभावमा समग्र फोहर व्यवस्थापन प्रणाली दिगो एवं प्रभावकारी नहुने जोखिम हुन्छ। तसर्थ फोहरको व्यवस्थित अभिलेख राखि यसका माध्यमबाट यथार्थपरक योजना तर्जुमा र फोहरको दिगो व्यवस्थापन गर्नेतर्फ अस्पतालहरुको ध्यान जानु पर्दछ।

११. **फोहर व्यवस्थापन समिति गठन** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ५.२.१ मा स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन समिति गठन गर्नुपर्ने र उक्त समितिको संयोजक फोहर व्यवस्थापनका सबै विषयमा जवाफदेही हुनुपर्ने व्यवस्था छ। उक्त समिति अस्पताल प्रमुखको संयोजकत्वमा रहने गरी सबै विभागीय प्रमुख, नर्सिङ प्रमुख,फोहर व्यवस्थापन अधिकृत, हाउस किपिङ्ग शाखाको प्रमुख, सरसफाइमा संलग्न कर्मचारीको प्रतिनिधि सदस्यका रुपमा रहने उल्लेख छ। अस्पतालहरुबाट प्राप्त विवरण अनुसार फोहर व्यवस्थापनका लागि निम्नानुसार समिति गठन भएको पाइयो:

अस्पतालको नाम	समितिको गठन
शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	कार्यकारी निर्देशक, प्रशासन प्रमुख, मेट्रोन (नर्सिङ प्रमुख), इन्चार्ज (waste management officer), हाउस किपिङ्ग प्रशासन, अटोक्लेव मेसिन अपरेटर र ३ जना फोहर व्यवस्थापनमा संलग्न कर्मचारी सहित ९ सदस्यीय समिति गठन भएको।
बीर अस्पताल	निर्देशक, नर्सिङ डाइरेक्टर, फोहर व्यवस्थापनको फोकल व्यक्ति, प्रशासकीय प्रमुख, लेखाशाखा प्रमुख र H.N.I (medical ward) सहितको ६ सदस्यीय समिति गठन भएको ।
परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	समिति गठन नभएको तर नर्सिङ प्रमुखलाई नै यस कार्यको जिम्मेवारी तोकिएको पाइयो।
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	समिति गठन नभएको तर Infection Prevention and Control (IPC) समितिलाई नै यस कार्यको जिम्मेवारी दिइएको। उक्त समितिमा वरिष्ठ नर्सिङ अधिकृत, नर्सिङ अधिकृत र हाउस किपिङ्ग शाखाका ३ जना कर्मचारी समावेश भएको पाइयो।
भक्तपुर क्यान्सर अस्पताल	प्रमुख (प्रशासन विभाग), नर्सिङ सुपरभाइजर, ल्याव टेक्निसियन, सुपरभाइजर र सिनियर हेल्पर सहित ५ सदस्यीय समिति गठन भएको पाइयो।
निजामती कर्मचारी अस्पताल	मापदण्डले तोके बमोजिमको स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन समिति गठन नभएको अस्पतालले जनाएको छ।

तालिकाअनुसार शहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र र बीर अस्पतालमा विभागीय प्रमुखहरुलाई समितिमा समावेश गरिएको देखिएन। परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल र पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा समिति नै गठन नभएको र उक्त कार्यको जिम्मेवारी नर्सिङ प्रमुखलाई दिएको पाइयो। त्यसैगरी भक्तपुर क्यान्सर अस्पतालमा प्रशासन शाखाको प्रमुखलाई यस कार्यको जिम्मेवारी दिइएको पाइयो। तोकिएको मापदण्ड तथा सञ्चालन प्रक्रियामा भएको व्यवस्था बमोजिम समितिहरु गठन एवं सदस्यहरु छनौट भएको पाइएन। अस्पतालका विभिन्न विभागबाट सेवाको प्रकृति अनुसार फरक

फरक प्रकृतिका फोहरहरु निष्कासन हुने र यिनको व्यवस्थापनमा समेत फरक विधि एवं पद्धति अपनाउनुपर्ने हुन्छ। तसर्थ समितिमा सबै विभागीय प्रमुख एवं तोकिएका पदाधिकारीहरुको संलग्नता नहुँदा फोहर व्यवस्थापनको विधि एवं पद्धतिको विकास गर्दा विभागीय समस्याहरु उजागर नहुन सक्ने, निर्णय कार्यान्वयनमा एकरुपता र अपनत्व नहुने सम्भावना समेत हुन जान्छ। यसले समग्र फोहर व्यवस्थापन प्रणाली नै प्रभावकारी नहुने जोखिम समेत हुन्छ। तसर्थ तोकिएका पदाधिकारी समावेश गरी समिति गठन गर्नेतर्फ अस्पतालहरुको ध्यान जानु पर्दछ।

१२. **फोहर व्यवस्थापन योजना तर्जुमा** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ५.२.३ मा अस्पताललले फोहरको सुरक्षित, दिगो र प्रभावकारी व्यवस्थापनको लागि विस्तृत योजना तर्जुमा गरी लागू गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणका लागि नमुनाको रुपमा छनौट गरिएका ६ वटै अस्पतालहरुले स्वास्थ्य सेवाजन्य फोहरको सुरक्षित, दिगो र प्रभावकारी व्यवस्थापनको लागि विस्तृत योजना तयार गरि लागु गरेको पाइएन। विस्तृत योजना नहुँदा फोहर व्यवस्थापनको पूर्वाधार विकास, निकायगत समन्वय एवं सहकार्य, सङ्कलन, भण्डारण, आधुनिक प्रविधियुक्त पूर्वाधारको स्तरोन्नति, दक्ष जनशक्ति पहिचान एवं प्रशिक्षण लगायत फोहर निष्कासन पहिले, फोहर सङ्कलन, भण्डारण, प्रशोधन र विसर्जनका प्रक्रियाहरु विधि, पद्धति र मापदण्डले तोके अनुरुप सञ्चालन नहुन सक्ने सम्भावित जोखिम हुन्छ। साथै फोहर व्यवस्थापन दिगो र प्रभावकारी हुँदैन। तर्सथ सबै अस्पतालले तोकिए बमोजिमको योजना तयार गर्ने र नियामक निकायहरुले समेत यसको नियमित अनुगमन गरी मापदण्ड कार्यान्वयनबाट सुनिश्चित हुने व्यवस्था गर्नुपर्दछ।

१३. **स्थानीय तहको भूमिका** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया,२०७७ को बुँदा नं.५.१.३ मा स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनमा स्थानीय तहको भूमिका उल्लेख गरेको छ। यस अनुसार स्थानीय तहमा स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन समिति गठन गर्नुपर्ने, नीति तथा रणनीतिक योजनामा स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको विषय समावेश गर्नुपर्ने, स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका लागि फोहरको विद्यमान स्थितिको लेखाजोखा एवं अध्ययन गर्नुपर्ने, स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको रणनीतिक योजना तयार गर्नुपर्ने, स्वास्थ्य सेवाजन्य फोहरको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्र तयार गर्नुपर्ने, स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन सूचना प्रणाली तयार गर्नुपर्ने र स्वास्थ्य सेवाजन्य फोहरको अनुगमन गर्नुपर्ने व्यवस्था छ। नमुना छनौट गरिएका ६ वटा अस्पताल रहेका काठमाण्डौं महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाले तोकिए बमोजिमको फोहर व्यवस्थापन समिति गठन, स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका लागि फोहरको विद्यमान स्थितिको लेखाजोखा एवं अध्ययन गरेको, स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको रणनीतिक योजना तयार गर्नुपर्ने, स्वास्थ्य सेवाजन्य फोहरको नियमित अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्र तयार गरे नगरेको सम्बन्धमा जानकारी लिन स्थानीय तहमा पत्राचार गरेकोमा काठमाण्डौं महानगरपालिकाले स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन समिति गठन नगरेको, स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका लागि विद्यमान स्थितिको लेखाजोखा भइरहेको, रणनीतिक योजना तयार भइरहेको, फोहर व्यवस्थापन सूचना प्रणाली तयार नभएको, आर्थिक वर्ष २०७८।७९ र २०८०।८१ मा क्रमशः ३१ र ५० वटा अस्पतालमा फोहर व्यवस्थापनको अनुगमन गरेकोमा सो क्रममा देखिएका कमी कमजोरी सुधार भए नभएको सम्बन्धमा पूनः अनुगमन गरे नगरेको स्थिति खुलाएको पाइएन। ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाबाट विवरण एवं जानकारी प्राप्त भएको छैन। तर्सथ स्थानीय तहहरुले स्वास्थ्य सेवाजन्य

फोहर व्यवस्थापनका लागि तोकिए बमोजिमको कार्य योजना बनाई लागू गरी नियमित अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनु पर्दछ।

१४. **फोहर व्यवस्थापन प्रणालीको अनुगमन** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड तथा सञ्चालन प्रक्रिया,२०७७ मा अस्पतालले हाल सञ्चालनमा ल्याएको फोहर व्यवस्थापन प्रणालीको आधारभूत अनुगमन (Baseline monitoring), अनुपालनसम्बन्धी अनुगमन (Compliance monitoring) र प्रभाव अनुगमन (Impact monitoring) गर्नुपर्ने व्यवस्था छ। आधारभूत र अनुपालनसम्बन्धी अनुगमन विद्यमान फोहर व्यवस्थापन समितिद्वारा तोकिएको व्यक्तिले र प्रभाव अनुगमन तथा मूल्याङ्कन तेस्रो पक्षबाट अर्थात् बाह्य रूपमा गरिनुपर्ने व्यवस्था छ। अस्पतालहरुबाट प्राप्त विवरण अनुसार शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रले आर्थिक वर्ष २०७५।७६ र २०७६।७७ मा गरी २ पटक कार्यकारी निर्देशक, प्रशासन प्रमुख र नर्सिङ निर्देशक समेत रहेको टोलीबाट वेसलाईन अनुगमन गरेको जानकारी प्राप्त भएता पनि परिपालना र प्रभावको अनुगमन तथा मूल्याङ्कन हालसम्म गरेको देखिएन । बीर अस्पतालले फोहर व्यवस्थापनको नियमित अनुगमन गर्ने गरेको जनाएतापनि सोको व्यवस्थित अभिलेख राखेको छैन। त्यसैगरी परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पतालले हालसम्म कुनैपनि अनुगमन तथा मूल्याङ्कन गरेको पाइएन। तोकिएको व्यवस्था अनुसार अनुगमन तथा मूल्याङ्कन नहुँदा फोहर व्यवस्थापनसँग सम्बन्धित प्रचलित मापदण्डको परिपालना गरि फोहर व्यवस्थापन भए/नभएको सुनिश्चत हुने आधार छैन। साथै अस्पतालको विद्यमान फोहर व्यवस्थापन प्रणाली प्रभावकारी भए/नभएको समेत यकिन गर्न सकिएन।

१५. **तालिम एवं क्षमता अभिवृद्धि कार्यक्रम** - फोहरमैला व्यवस्थापन राष्ट्रिय नीति, २०७९ अन्तर्गत रणनीतिको बुँदा नं.९.८ मा फोहरमैला व्यवस्थापनमा संलग्न निकाय तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने व्यवस्था रहेको छ। साथै श्रम ऐन, २०७४ को दफा ६९ (१) (ग) मा श्रमिकलाई आवश्यकतानुसार नियमित तालिम दिनुपर्ने व्यवस्था समेत छ। नमुनाको रुपमा छनौट भएका अस्पतालहरुमा फोहर सङ्कलन एवं व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरु/श्रमिकहरुलाई तालिम र सोको प्रभावकारिता अध्ययनको स्थिति देहायअनुसार रहेको छ:

अस्पतालको नाम	समितिको गठन
शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	यस अस्पतालले आर्थिक वर्ष २०७५।७६, २०७६।७७ मा नर्सिङ र फोहर व्यवस्थापनमा संलग्न कर्मचारीलाई फोहर व्यवस्थापनसम्बन्धी तालिम दिएको, आर्थिक वर्ष २०७७।७८, २०७८।७९ र २०७९।८० अभिमुखीकरण तालिम दिएतापनि फोहर व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरेको पाइएन। तालिमको व्यवस्थित अभिलेख र तालिमको प्रभावकारीता मूल्याङ्कन समेत गरेको छैन। यसबाट सिकाइ कति प्रभावकारी भयो सोको मूल्याङ्कन र आगामी दिनमा के कस्ता तालिमको आवश्यकता पर्दछ, सोको आवश्यकता पहिचान विश्लेषण (training need assessment) समेत गरेको पाइएन।
बीर अस्पताल	आर्थिक वर्ष २०७५।७६, २०७६।७७ र २०७७।७८ मा तालिम सञ्चालन भएको जनाएतापनि सोको व्यवस्थित अभिलेख राखेको छैन। त्यसैगरी आर्थिक वर्ष २०७८।७९ मा अस्पताल आफैले तालिम सञ्चालन गरी १६८ जना सरसफाइकर्मीलाई तालिम दिएको र २०७९।८० मा हिक्याफ, GIZ, व्यवस्थापन ईकाईबाट ३ जना नर्सिङ कर्मचारी र सरसफाइकर्मीलाई तालिम दिएको जनाएको छ।
परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल	२०७२ सालमा सामान्य रुपमा तालिम दिइएपश्चात हालसम्म कुनै औपचारिक तालिम सञ्चालन नभएको अस्पतालले जनाएको छ ।

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	आर्थिक वर्ष २०७९।८० मा हिकेफले २ दिवसीय नर्सिङ र हाउसकिपिङ्ग का कर्मचारी Orientation on health care management system र Health care waste managementसम्बन्धी तालिम दिएको भएता पनि नियमित नभएको जनाएको छ। यस अघि कुनैपनि तालिम सञ्चालन नभएको अस्पतालले जनाएको छ।
भक्तपुर क्यान्सर अस्पताल	आर्थिक वर्ष २०७९।८० मा स्वास्थ्य सेवा विभागबाट सञ्चालित तालिममा अस्पतालका एक जना कर्मचारीलाई फोहर व्यवस्थापनसम्बन्धी तालिम दिएको जनाएको छ।
निजामती कर्मचारी अस्पताल	हाल सम्म औपचारिक ढंगबाट कुनैपनि तालिम कार्यक्रम सञ्चालन नभएको अस्पतालले जनाएको छ।

उल्लेखित अस्पतालहरुमा क्यालेण्डर तयार गरि नियमित रुपमा तालिम कार्यक्रम सञ्चालन हुन नसकेको र तालिमको प्रभावकारीता मूल्याङ्कन समेत हुने गरेको पाइएन। त्यसैगरी फोहर ढुवानी एवं अन्तिम व्यवस्थापनका लागि ढुवानीमा खटिने स्थानीय तह (महानगर/उपमहानगर) का कर्मचारीलाई पनि कुनै तालिम दिएको पाइएन। नियमित तालिम नहुँदा संलग्न कर्मचारीलाई फोहर व्यवस्थापनका विधि, पद्धति तथा मापदण्डका बारेमा जानकारी नहुन सक्ने र यसबाट फोहरको दिगो एवं भरपर्दो व्यवस्थापन नहुने जोखिम कायमै रहन्छ। नियमित तालिमका माध्यमबाट फोहर व्यवस्थापनमा संलग्न श्रमिक एवं कर्मचारीलाई सम्भावित जोखिमको बारेमा जानकारी गराउने र सोको प्रभावकारीता समेत मूल्याङ्कन गर्नु पर्दछ।

१६. रणनीतिको बुँदा नं.९.८.७ मा फोहरमैला व्यवस्थापनमा प्रत्यक्ष रुपमा संलग्न कर्मचारी तथा कामदारको पेशागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने उल्लेख छ। लेखापरीक्षणका लागि छनौट गरिएका ६ अस्पतालमध्ये कुनैपनि अस्पतालले कर्मचारी तथा कामदारको पेशागत सुरक्षा तथा स्वास्थ्यसम्बन्धी मापदण्ड तयार गरी लागू गरेको पाइएन। उपयुक्त मापदण्ड नहुँदा फोहर व्यवस्थापनमा संलग्न कर्मचारीको व्यक्तिगत सुरक्षा, सेवाको निरन्तरता एवं सुरक्षा नहुन सक्ने, फोहर व्यवस्थापन जस्तो जोखिमयुक्त काम गर्दा अपनाउनु न्युनतम मापदण्डको परिपालना नहुन सक्ने र स्वास्थ्यमा प्रतिकुल असर पर्ने दीर्घकालीन रोग लाग्न सक्ने जोखिम समेत हुने भएकोले यसलाई व्यवस्थित गर्न उपयुक्त मापदण्ड तयार गरी लागू गर्नेतर्फ सम्बद्ध मन्त्रालय, विभाग र अस्पतालको ध्यान जानु पर्दछ।

१७. **फोहर उत्पादनमा न्यूनीकरण** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं. ६.१ मा अस्पतालबाट निष्काशन हुन फोहरको उचित व्यवस्थापनका लागि यसको श्रोतमै उत्पादन न्यूनीकरण (waste minimization) गर्नुपर्ने र यसका लागि पुनः प्रयोग गर्न सकिने उपकरण एवं मालसामानको प्रयोगमा जोड, खरिद प्रक्रियामा सुधार, कागजको न्युन प्रयोग, मालसामानको मौज्दातमा नियन्त्रण (inventory control), कम विषाक्त वस्तुको प्रयोग, प्रतिस्थापन पद्धतिको प्रयोग, प्रक्रियागत सुधार गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणका लागि छनौट भएका अस्पतालहरुले उत्पादित फोहरमध्ये बिक्री बितरण, र कतिपय फोहरबाट कम्पोष्ट मल तयार गर्ने गरेको भएता पनि फोहर उत्पादनमा कमी ल्याउन वैकल्पिक विधि, पद्धति एवं कार्य प्रक्रियाको अवलम्बन गरेको पाइएन। फोहर उत्पादनमै कमी नआउँदा यसको व्यवस्थापन समेत दिगो नहुने भएकोले श्रोतमै न्युन उत्पादन गर्ने विधि, पद्धति एवं कार्य प्रक्रिया उपनाउनेतर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्दछ ।

१८. **फोहरको वर्गीकरण** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७८ को ६.२.२ मा जोखिमरहित (बायोडिग्रेडिवल र ननबायोडिग्रडिल) र जोखिमयुक्त फोहरको

सङ्कलनका लागि फरक फरक लेभल सहितको भाँडोको प्रयोग गर्नुपर्ने र यस्तो भाँडोहरु खुलाहुन नहुने समेत व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

अस्पतालको नाम	फोहर सङ्कलनका लागि प्रयोग गर्नुपर्ने भाँडोको प्रकार र रंग	देखिएको बेहोरा
शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	जोखिमरहित फोहर (बायोडिग्रीडिवलका लागि हरियो रंग र नन् बायोडग्रिडिवलका लागि निलो भाँडो)	• बायोडिग्रीडिवलका लागि कालो रंगको भाँडो प्रयोगमा ल्याएको पाइयो • ननबायोडग्रिडिवल फोहर सङ्कलनका लागि निलो र पँहेलो रंगको भाँडो प्रयोगमा ल्याएको पाइयो • भाँडोमा फोहरको संकेत र चिन्ह टाँस नगरिएको • साथै कलरकोड अनुसारको रंग भएको भाँडोको प्रयोग भएको देखिएन।
	जोखिमयुक्त फोहर • प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स र साइटोटक्सिक - अलग अलग रातो भाँडो • रसायनजन्य फोहर.पहेँलो • रेडियोएक्टिभ फोहर. कालो	• एम्पुल भाएल, सिरिन्ज, आईभि सेट, गज, ग्लोब्स, लगायतका लागि रातो भाँडो • रसायनजन्य फोहरका लागि पँहेलो भाँडोको प्रयोगमा ल्याएको पाइयो। • नफुटेका सिसा र बोतल सङ्कलनका लागि सेतो भाँडो प्रयोगमा ल्याएको • रेडियोएक्टिभ फोहरका लागि कालो भाँडो प्रयोगमा ल्याएको देखिएन। • कलरकोड अनुसारको रंग भएको भाँडोको प्रयोग भएको देखिएन। • ढुवानीका लागि फरक बाटोको प्रयोग हुन नसकेको
वीर अस्पताल	जोखिमरहित फोहर (बायोडिग्रीडिवलका लागि हरियो रंग र नन बायोडिग्रिडिवलका लागि निलो रंगको भाँडो)	• बायोडिग्रीडिवलका लागि हरियो रंगको भाँडो प्रयोगमा ल्याएको। • ननबायोडिग्रिडिवल फोहर सङ्कलनका लागि निलो रंगको भाँडो प्रयोगमा ल्याएको।
	जोखिमयुक्त फोहर • प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स र साइटोटक्सिक - अलग अलग रातो भाँडो • रसायनजन्य फोहर.पहेँलो • रेडियोएक्टिभ फोहर. कालो	• प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स र साइटोटक्सिक फोहरका लागि रातो भाँडो प्रयोगमा ल्याएको। • रसायनजन्य फोहरका लागि पहेँलो भाँडो प्रयोगमा ल्याएको । • रेडियोएक्टिभ फोहरलाई क्याबिनेटमा ३ महिना सम्म राखि पूर्ण रुपमा डिकेई भएपश्चात सामान्य फोहर सरह व्यवस्थापन गर्ने गरिएको स्थलगत अवलोकनका क्रममा अस्पतालले जनाएको छ। • ढुवानीका लागि फरक बाटोको प्रयोग हुन नसकेको भाँडोमा सङ्कलन गरिने फोहरको लेवल लगाएको भएता पनि फोहरको संकेत र चिन्ह टाँस नगरिएको।
परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल	जोखिमरहित फोहर (बायोडिग्रीडिवलका लागि हरियो रंग र नन बायोडिग्रिडिवलका लागि निलो रंगको भाँडो)	• बायोडिग्रीडिवलका लागि कालो र हरियो रंगको भाँडो प्रयोगमा ल्याएको। • ननबायोडिग्रिडिवल फोहर सङ्कलनका लागि निलो रंगको भाँडो प्रयोगमा ल्याएको। • फोहरको चिन्ह एवं संकेत सम्बन्धित भाँडोमा टाँसिएको। • स्थलगत अवलोकनका क्रममा बायोडिग्रीडिवल फोहरका लागि कलरकोड अनुसारको रंग भएको भाँडोको प्रयोग भएको नदेखिएको साथै कतिपय स्थानमा भाँडोमा बिर्को लगाएको पाइएन।
	जोखिमयुक्त फोहर • प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स र साइटोटक्सिक – अलग अलग	• प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स फोहरका लागि रातो भाँडो प्रयोगमा ल्याएको पाइयो। • रसायनजन्य फोहरका लागि पँहेलो भाँडोको प्रयोगमा ल्याएको पाइयो।

	रातो भाँडो • रसायनजन्य फोहर.पहेँलो • रेडियोएक्टिभ फोहर. कालो	• ढुवानीका लागि फरक बाटोको प्रयोग हुन नसकेको जानकारी प्राप्त भयो।
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	जोखिमरहित फोहर (बायोडिग्रीडिवलका लागि हरियो रंग र नन बायोडिग्रिडिवलका लागि निलो रंगको भाँडो)	• बायोडिग्रीडिवल फोहरका लागि हरियो रंगको भाँडो प्रयोगमा ल्याएको। • ननबायोडिग्रिडिवल फोहर सङ्कलनका लागि निलो रंगको भाँडो प्रयोगमा ल्याएको। भाँडोमा फोहरको नाम उल्लेख गरेको भएता पनि चिन्ह एवं संकेत सम्बन्धित भाँडोमा नटाँसिएको।
	जोखिमयुक्त फोहर • प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स र साइटोटक्सिक - अलग अलग रातो भाँडो • रसायनजन्य फोहर.पहेँलो • रेडियोएक्टिभ फोहर. कालो	• एम्पुल भाएल, सिरिन्ज, आईभि सेट, गज, ग्लोब्स, लगायतका लागि रातो भाँडो प्रयोगमा ल्याएको देखिएतापनि अन्य फोहरका लागि पहेलो र कालो भाँडो प्रयोगमा ल्याएको देखिएन। • ढुवानीका लागि फरक बाटोको प्रयोग हुन नसकेको कलरकोड अनुसारको रंग भएको भाँडोको पूर्ण रुपमा प्रयोग भएको नदेखिएको र भाँडोमा फोहरको नाम उल्लेख गरेको भएता पनि चिन्ह एवं संकेत आंशिक रुपमा टाँसिएको पाइयो।
भक्तपुर क्यान्सर अस्पताल	जोखिमरहित फोहर (बायोडिग्रीडिवलका लागि हरियो रंग र नन बायोडिग्रिडिवलका लागि निलो रंगको भाँडो)	• बायोडिग्रीडिवल फोहरका लागि हरियो र ननबायोडिग्रिडिवलका लागि रातो रंगको भाँडो प्रयोगमा ल्याएको। • पूर्ण रुपमा बिर्को नलगाएको र अधिकांश स्थानमा बिर्को नै नभएको बाल्टिनको प्रयोग भएको पाइयो। सबै बाल्टिनहरुमा सङ्कलन गरिने फोहरको नाम, संकेत चिन्ह समेत टाँस नगरि आंशिक रुपमा उल्लेख गरेको।
	जोखिमयुक्त फोहर • प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स र साइटोटक्सिक – अलग अलग रातो भाँडो • रसायनजन्य फोहर.पहेँलो • रेडियोएक्टिभ फोहर. कालो	• आंशिक रुपमा मात्रै तोकिएको रंग सहितको भाँडो प्रयोगमा ल्याइएको। • ढुवानीका लागि फरक बाटोको प्रयोग हुन नसकेको कलरकोड अनुसारको रंग भएको भाँडोको पूर्ण रुपमा प्रयोग भएको नदेखिएको र भाँडोमा फोहरको नाम उल्लेख गरेको भएता पनि चिन्ह एवं संकेत नटाँसिएको।
निजामती कर्मचारी अस्पताल	जोखिमरहित फोहर (बायोडिग्रीडिवलका लागि कालो रंग र नन बायोडिग्रिडिवलका लागि निलो रंगको भाँडो)	• बायोडिग्रीडिवल र नन.बायोडिग्रिडिवल फोहरका लागि कालो रंगको भाँडो प्रयोगमा ल्याएको। • कतिपय स्थानमा पूर्ण रुपमा बिर्को नलगाएको बाल्टिनको प्रयोग भएको पाइयो। स्थलगत अवलोकनका क्रममा बाल्टिनहरुमा सङ्कलन गरिने फोहरको नाम, संकेत चिन्हसमेत टाँस नगरी आंशिक रुपमा उल्लेख गरेको।
	जोखिमयुक्त फोहर • प्याथोलोजिकल फोहर, धारिला, संक्रमणयुक्त, फर्मासियुटिकल्स र साइटोटक्सिक – अलग अलग रातो भाँडो • रसायनजन्य फोहर.पहेँलो • रेडियोएक्टिभ फोहर. कालो रंगको भाँडो	• प्याथोलोजिकल फोहरका लागि रातो रंग भाँडो प्रयोगमा ल्याइएको। • धारिला, संक्रमणयुक्त फोहरका लागि पँहेलो रंग भाँडो प्रयोगमा ल्याइएको। • साइटोटक्सिक फोहरका लागि बैजनी रंगको भाँडो प्रयोगमा ल्याइएको। • ढुवानीका लागि फरक बाटोको प्रयोग हुन नसकेको कलरकोड अनुसारको रंग भएको भाँडोको पूर्ण रुपमा प्रयोग भएको नदेखिएको र भाँडोमा फोहरको नाम उल्लेख गरेको भएता पनि चिन्ह एवं संकेत आंशिक रुपमा टाँसिएको।

मापदण्ड बमोजिम तोकिएको भाँडोमा फोहर सङ्कलन गर्ने र जोखिमयुक्त फोहरको ढुवानीका लागि छुट्टै बाटो प्रयोग गर्नेतर्फ अस्पतालहरुको ध्यान जानु पर्दछ।

१९. **फोहर व्यवस्थापनमा संलग्न कर्मचारीको सुरक्षा** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को ६.२.४.२ मा फोहर सङ्कलन तथा भण्डारणमा संलग्न कर्मचारीको शरिर ढाक्ने एप्रोन, मास्क, टोपी, पन्जा, बुट र आँखाको सुरक्षा गर्नेगरी पूर्ण पिपिई सहित कामदारको स्वास्थ्यको सुनिश्चितता हुनु पर्ने व्यवस्था छ। साथै व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग बिधी र सोको महत्वका बारेमा समेत जानकारी हुनु पर्दछ। स्थलगत अवलोकनका क्रममा केही अस्पतालहरुमा फोहर व्यवस्थापनमा संलग्न कर्मचारीहरु मास्क, ग्लोब्स, आँखाको सुरक्षा लगायतका पूर्ण सेट पिपिई नै नलगाई काम गरि रहेको पाइयो। पूर्ण सेट पिपिई नलगाइ काममा खटिँदा कामदारको स्वास्थ्यमा प्रतिकुल असर पर्नगई स्वास्थ्यसम्बन्धी समस्या आउन सक्ने जोखिम समेत हुन्छ। फोहर व्यवस्थापनमा संलग्न कर्मचारीलाई पूर्ण पिपिइ लागाइ काममा संलग्न गराउने, नियमित अनुगमन गर्ने र कर्मचारीको स्वास्थ्यप्रति सम्बद्ध निकाय संवेदनशील हुनुपर्ने देखिन्छ। लेखापरीक्षणका क्रममा गरिएको स्थलगत अवलोकनका क्रममा देखिएका दृश्यहरु देहाय बमोजिम छन्:



निजामती अस्पतालमा ग्लोब्स, बुट र पिपिइ नलगाइ फोहर व्यवस्थापनमा संलग्न एकजना कर्मचारी



भक्तपुर क्यान्सर अस्पतालमा प्रर्याप्त पिपिइ नलगाई फोहर व्यवस्थापनमा संलग्न अस्पतालका कर्मचारीहरु





पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रर्याप्त पिपिइ नलगाई फोहर व्यवस्थापनमा संलग्न अस्पतालका कर्मचारीहरु

२०. **फोहर पानीको नमूना सङ्कलन तथा परीक्षण** - वातावरण संरक्षण नियमावली, २०७७ को नियम १५ अनुसार वन तथा वातावरण मन्त्रालयले २०७६।४।२० (खण्ड ६९, संख्या २० र भाग ५) मा नेपाल राजपत्रमा सूचना जारी गरि अस्पतालबाट निष्काशन हुने फोहर पानीको परीक्षणका लागि देहायअनुसार नमूना सङ्कलनको मापदण्ड र तोकेको छ।

नमुना सङ्कलनको विधि	ISO standard number
Guidance of the design of sampling programs	5667 (1)
Guidance on sampling techniques	5667 (2)
Guidance on the preservation and handling of samples	5667 (3)
Guidance on sampling of wastewater	5667 (4)

लेखापरीक्षणका लागि छनौट भएका ६ वटै अस्पतालले तोकिएबमोजिमको विधि एवं मापदण्डको परिपालना गरी फोहर पानीको नमूना सङ्कलन तथा परीक्षण गरेको पाइएन। तोकिएको मापदण्डबमोजिम नमूना सङ्कलन एवं प्रयोगशाला परीक्षण गर्नेतर्फ सम्बद्ध पक्षको ध्यान जानुपर्दछ।

२१. **फोहर पानीको व्यवस्थापन** - वातावरण संरक्षण नियमावली, २०७७ को नियम १५ अनुसार वन तथा वातावरण मन्त्रालयले २०७६।४।२० (खण्ड ६९, संख्या २० र भाग ५) मा नेपाल राजपत्रमा सूचना जारी गरी अस्पतालबाट निष्कासन हुने फोहर पानीको मापदण्ड जारी गरेको छ। उक्त

मापदण्डअनुसार अस्पतालबाट निष्काशन हुने फोहर पानीमा PH ५.५-९, सस्पेण्डेड सोलिड प्रतिलिटर १०० मिलिग्रामभन्दा कम, BOD 5 प्रतिलिटर १०० मिलिग्राम भन्दा कम, COD प्रति लिटर २५० मिलिग्रामभन्दा कम, तेल र ग्रिज प्रतिलिटर १० मिलिग्रामभन्दा कम, फिनोलिक कम्पाउन्ड प्रतिलिटर १ मिलिग्रामभन्दा कम, total residual chlorine प्रतिलिटर १ मिलिग्रामभन्दा कम, पारो प्रतिलिटर ०.०१ मिलिग्रामभन्दा कम, साइनाइड प्रतिलिटर ०.२ मिलिग्रामभन्दा कम, काडमियम प्रतिलिटर २ मिलिग्रामभन्दा कम, Lead (pb) प्रतिलिटर ०.१ मिलिग्रामभन्दा कम र Fecal Coliform MPN 100 प्रतिमिलिलिटर ४०० भन्दा कम हुनुपर्ने व्यवस्था छ। साथै अस्पतालबाट निष्कासित फोहरपानी प्रशोधन नगरी भूमिगत पानीको स्रोतलाई प्रदूषित गराउने गरी जमिनभित्र पठउन नपाइने व्यवस्था छ। अस्पतालबाट प्राप्त विवरण एवं स्थलगत अवलोकनका क्रममा देहायअनुसार फोहर पानीको व्यवस्थापन गरेको पाइयो:

अस्पतालको नाम	फोहर पानी व्यवस्थापनको स्थिति
शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र	केन्द्रले फोहर पानीलाई sewage-sullage or liquid waste treatment plant का माध्यमबाट प्रशोधन गरी वगैंचा एवं सरसफाईका लागि प्रयोगमा ल्याएको स्थलगत अवलोकनका क्रममा अस्पतालले जनाएको छ। तर प्रशोधन गरेको पानी प्रयोगशाला परीक्षण नगरेकोले तोकिएको मापदण्ड बमोजिम मै रहेको र संक्रमणमुक्त भएको यकिन गर्ने आधार छैन।
बीर अस्पताल	अस्पतालका विभिन्न स्थानबाट निष्कने फोहर पानी, अपरेशन थिएटरबाट निष्कने रगत र अन्य तरल फोहरहरु प्रशोधन नगरी ढलमा मिसाउने गरेको अस्पतालले जनाएको छ।
परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल	अस्पतालका विभिन्न स्थानबाट निष्कने फोहर पानी, अपरेशन थिएटरबाट रगत र अन्य तरल फोहरहरु प्रशोधन नगरी ढलमा मिसाउने गरेको अस्पतालले जनाएको छ।
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	अस्पतालका विभिन्न स्थानबाट निष्कने फोहर पानी, रगत र अन्य तरल फोहरहरु प्रशोधन नगरी ढलमा मिसाउने गरेको अस्पतालले जनाएको छ।
भक्तपुर क्यान्सर अस्पताल	अस्पतालका विभिन्न स्थानबाट निष्कने फोहर पानी, अपरेशन थिएटरबाट रगत र अन्य तरल फोहरहरु प्रशोधन नगरी ढलमा मिसाउने गरेको अस्पतालले जनाएको छ।
निजामती अस्पताल	अस्पतालका विभिन्न स्थानबाट निष्कने फोहर पानी, अपरेशन थिएटरबाट रगत र अन्य तरल फोहरहरु प्रशोधन नगरी ढलमा मिसाउने गरेको स्थलगत अवलोकनका क्रममा अस्पतालले जनाएको छ।

अस्पतालको अपरेशन वार्ड लगायत अन्य वार्डबाट निष्कने फोहर संक्रमणयुक्त हुने र उपयुक्त विधिबाट प्रशोधन नगरी सोझै सार्वजनिक ढलमा मिसाउँदा संक्रमणका कारण महामारी फैलिन सक्ने, जलचर प्राणीहरुमा प्रतिकुल प्रभाव पर्नगई लोप हुन सक्ने र वातावरणमा समेत दुर्गन्धित हुने जोखिम हुन्छ। तसर्थ प्रशोधन एवं प्रयोगशाला परीक्षण पश्चात तोकिएको मापदण्ड पुरा भएको सुनिश्चित गरी उचित व्यवस्थापन गर्नु पर्दछ। फोहर पानीको मापदण्ड तोकिए बमोजिम भए नभएको सम्बन्धमा सम्बन्धित नियामक निकायबाट समेत यस सम्बन्धमा नियमित अनुगमन हुनु पर्दछ।

२२. **फोहरमैला प्रशोधनको अनुमति** - फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ६ (२) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलाको निर्मलीकरण, प्रशोधन र व्यवस्थापन गर्दा अपनाइने विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा स्थानीय निकायबाट स्वीकृति लिनु पर्ने र स्थानीय निकायले यसरी स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि, प्रविधि र व्यवस्थापन स्थल

नेपाल सरकारले तोकेको मापदण्ड अनुकूल भए नभएको यकिन गरी स्वीकृति दिनुपर्ने व्यवस्था छ। नमुनाको छनौट गरिएका ६ वटा अस्पतालले स्वास्थ्य सेवाजन्य हानिकारक फोहरमैलाको निर्मलीकरण, प्रशोधन र व्यवस्थापन गर्दा अपनाइने विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा स्थानीय निकायबाट स्वीकृति लिएको सम्बन्धमा कुनै अभिलेख राखेको पाइएन। नियमावलीको व्यवस्था अनुसार स्वीकृति लिएर मात्रै फोहरमैलाको निर्मलीकरण, प्रशोधन र व्यवस्थापन गर्दा अपनाइने विधि, प्रविधि र व्यवस्थापन स्थलको उपयोग गर्नेतर्फ सम्बन्धित अस्पतालको ध्यान जानु पर्दछ।

२३. **फोहर प्रशोधन/निर्मलीकरण** - फोहरमैला व्यवस्थापन नियमावली, २०७० को नियम ६(५) स्वास्थ्य संस्थाबाट उत्पादन तथा निष्काशन हुने सामान्य प्रकृतिका फोहरमैला तथा स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलालाई प्रशोधन तथा निर्मलीकरण गरे पश्चात् उक्त फोहरमैलालाई स्थानीय निकायले सम्बन्धित स्वास्थ्य संस्थासँग सेवा शुल्क लिई विसर्जन गर्ने व्यवस्था मिलाउन सक्ने साथै उपनियम (६) मा स्वास्थ्य संस्थाजन्य संक्रमित फोहर पूर्णरुपमा निर्मलीकरण भए नभएको सम्बन्धमा मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराई प्रमाणित गराउनु पर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः

शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र	Chlorine solution, अटोक्लेभ र Shredding का माध्यमबाट जोखिमयुक्त फोहरको प्रशोधन गरि जोखिमरहित बनाउने गरेको अस्पतालले जनाएपनि फोहर पूर्ण रुपमा जोखिमरहित भएको जनाइने इण्डिकेटर अटोक्लेभ मेसिनले नदेखाउने र यसका लागि टेपको प्रयोग गर्ने गरिएको पाइयो। उक्त सेतो टेपको रङ परिवर्तन भई कालो भएपश्चात फोहरहरु जोखिमरहित भएको मानिने अस्पतालले जनाएको छ।
वीर अस्पताल	अटोक्लेभ र Shredding का माध्यमबाट जोखिमयुक्त फोहरको प्रशोधन गरी जोखिमरहित बनाउने गरेकोमा अटोक्लेभले इण्डिकेटर नदेखाउने र यसका लागि बायोलोजिकल इण्डिकेटर, केमिकल इण्डिकेटर र टेपको प्रयोग गर्ने गरिएको अस्पतालले जनाएको छ। उक्त सेतो टेपको रङ परिवर्तन भई कालो भएपश्चात फोहरहरु जोखिमरहित भएको मानिने अस्पतालले जनाएको छ।
परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	यस प्रसुती गृहमा प्रर्याप्त मात्रामा उपकरण नभएको र अटोक्लेभका माध्यमबाट जोखिमयुक्त फोहरको प्रशोधन गरि जोखिमरहित बनाउने गरेकोमा फोहर पूर्ण रुपमा जोखिमरहित भएको जनाइने इण्डिकेटर अटोक्लेभले नदेखाउने र यसका लागि टेपको प्रयोग गर्ने गरिएको अस्पतालको भनाइ रहेको छ। उक्त सेतो टेपको रङ परिवर्तन भई कालो भएपश्चात फोहरहरु जोखिमरहित भएको मानिने अस्पतालले जनाएको छ।
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	अटोक्लेभका माध्यमबाट जोखिमयुक्त फोहरको प्रशोधन गरी जोखिमरहित बनाउने गरेकोमा फोहर पूर्णरुपमा जोखिमरहित भएको जनाइने इण्डिकेटर अटोक्लेभले नदेखाउने र यसका लागि टेपको प्रयोग गर्ने गरिएको अस्पतालको भनाइरहेको छ। उक्त सेतो टेपको रङ परिवर्तन भई कालो भएपश्चात फोहरहरु जोखिमरहित भएको मानिने अस्पतालले जनाएको छ।
भक्तपुर क्यान्सर अस्पताल	अटोक्लेभका माध्यमबाट जोखिमयुक्त फोहरको प्रशोधन गरि जोखिमरहित बनाउने गरेकोमा फोहर पूर्ण रुपमा जोखिमरहित भएको जनाइने इण्डिकेटर अटोक्लेभले नदेखाउने र यसका लागि टेपको प्रयोग गर्ने गरिएको अस्पतालको भनाइ रहेको छ।
निजामती कर्मचारी अस्पताल	जोखिमयुक्त फोहरमध्ये आइभि सेट, सर्जिकल ग्लोव्स लगायतलाई अटोक्लेभमा १२१ डिग्री तापक्रममा प्रशोधन गरी जोखिमरहित भएपश्चात बिक्री गर्ने एवं नगरपालिकाको फोहरमा मिसाउने गरेको। कपास, गज, प्लासिन्टा, निडिल, भायल, ल्याव परीक्षण का लागि झिकिएका नमुना लगायतका फोहरलाई बायोमेडिकल फोहर प्रशोधन प्रणालीमार्फत् १५० डिग्री तापक्रममा निर्मलीकरण गर्ने गरेको अस्पतालले जनाएको छ।

प्राय: सबैजसो अस्पतालले जोखिमयुक्त फोहरलाई अटोक्लेभका माध्यमबाट प्रशोधन गरी जोखिमरहित बनाउने गरेको पाइयो। नमुना छनौट गरिएका सबै अस्पतालहरुमा प्रयोगमा ल्याएको अटोक्लेभमा इण्डिकेटर नदेखाउने र यसका लागि टेपको प्रयोग गर्ने गरेको अस्पताहरुले जनाएका छन्। यसरी प्रशोधन गरिएको गज एवं आइभि सेटमा रहेको रगतको रङ कतिपय अवस्थामा रातो नै रहने गरेको स्थलगत अवलोकनका क्रममा जानकारी प्राप्त भयो।





अटोक्लेभले अटो इण्डिकेटर नदेखाउने र यसका लागि प्रयोग गरिने टेप, प्रयोग गर्नु अघि र प्रयोग भएपछिको अवस्था

अटोक्लेभले इण्डिक्टर नदेखाउने र उपयुक्त मापदण्डको अभावमा टेपलाई इण्डिकेटरको रुपमा लिँदा जोखिमयुक्त फोहर पूर्णरुपमा निर्मलीकरण भई जोखिमरहित फोहरमा परिणत भएको सम्बन्धमा आश्वस्त हुन सकिने स्थिति हुँदैन। अत: उपयुक्त पद्धतिका माध्यमबाट अटोक्लेभबाट प्रशोधित फोहर पूर्ण रुपमा निर्मलीकरण भएको आश्वस्त हुने व्यवस्था गर्नुपर्दछ।

२४. **फोहर भण्डारण** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७७ को बुँदा नं.६.२.६ मा फोहरको उपयुक्त भण्डार हुनुपर्ने व्यवस्था छ। जोखिमरहित र जोखिमयुक्त फोहर छुट्टै स्थानमा भण्डारणको व्यवस्था हुनुपर्ने, क्रस भोन्टिलेशन भएको, भण्डारमा रहेको फोहरको उपयुक्त अभिलेख राख्नुपर्ने, यस्तो स्थान बिरामी वार्ड, प्रयोगशाला तथा सार्वजनिक पहुँच भन्दा टाढा हुनुपर्ने, ताल्चा लगाइ सुरक्षित राख्न सकिने, घाम पानी हावाहुरीबाट सुरक्षित हुनुपर्ने, बिज्ञको सुझाव अनुसार तोकिएको स्थानमा हुनुपर्ने, पानी तथा बिजुलीको उचित प्रवन्ध हुनुपर्ने र फोहर सङ्कलन गर्ने साधनको सहज पहुँच भएको हुनुपर्ने व्यवस्था छ। अस्पतालहरुको स्थलगत अवलोकनका क्रममा भण्डारण स्थल प्रर्याप्त नभएको, फोहर भण्डारण स्थल मापदण्ड बमोजिम नरहेको, भण्डारमा रहेको फोहरको उपयुक्त अभिलेख नराखेको पाइयो। अत: तोकिएको मापदण्ड कायम गरी फोहर भण्डारण गर्नेतर्फ अस्पतालहरुको ध्यान जानुपर्दछ।



भक्तपुरको क्यान्सर अस्पतालमा पूर्ण रुपमा पर्खाल नलगाएको /वन्द नगरिएको भण्डारण स्थल र पार्किङ्ग स्थलमा समेत फोहर भण्डारण गर्ने गरेको पाइयो।



पाटन अस्पतालमा पूर्ण रुपमा पर्खाल नलगाएको /वन्द नगरिएको भण्डारण स्थल





प्रसुती गृह थापाथलीमा पूर्ण रुपमा पर्खाल नलगाएको /वन्द नगरिएको भण्डारण स्थल

२५. **फोहरको अन्तिम व्यवस्थापन** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७८ को बुँदा नं.६.५ मा फोहरको उपयुक्त भण्डार एवं अन्तिम विसर्जन हुनुपर्ने व्यवस्था छ। यसरी भण्डारण गर्दा जोखिमयुक्त फोहर र जोखिमरहित फोहरलाई छुट्टै स्थानमा भण्डारण गर्नुपर्ने, जलाउने कार्यलाई न्यूनीकरण गर्ने र अन्तिम विसर्जन गर्दा समेत सुरक्षित ढङ्गबाट गर्नुपर्ने उल्लेख छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्:

अस्पतालको नाम	देखिएका बेहोराहरु
शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र	• यस अस्पतालले जोखिमरहित कुहिने फोहरलाई खाल्डोमा जम्मा गरी सोबाट कम्पोष्टमल तयार गरी अस्पताल परिसरमा रहेको बगैंचामा प्रयोग गर्ने गरेको देखियो। कुहिने क्रममा समुदायमा एवं अस्पताल परिसर दुर्गन्धित हुने गरेको अस्पतालले जनाएको छ। यसको उचित व्यवस्थापनका लागि प्रविधि सहितको विन्ड्रो एरोबिक कम्पोस्टिङ प्रविधि (हट कम्पोस्टिङ) (हाल कतिपय स्थानीय तहले समेत प्रयोग गर्दै आएको) लगायतका अन्य सम्भावित उपयुक्त विधिबाट कुहिने फोहरको दीर्घकालीन समाधान गर्नेतर्फ सम्बन्धित अस्तपालले ध्यान दिनु पर्दछ। जोखिम रहित नकुहिने फोहरलाई क्लोरिन पानीले सफा गरे पश्चात ल्याण्डफिल साइटमा व्यवस्थापन गर्ने गरेको अस्पतालको भनाइ रहेको छ। • एम्पुल भाएलहरु अस्पताल परिसरमै रहेको सिमेन्टले ढलान गरिएको पिटमा खसाली बिर्को वन्द गर्ने गरेको छ। एम्पुल भाएलहरु नकुहिने प्रकृतिको फोहर भएकोले पिटमा जम्मा गर्नु वैज्ञानिक र दिगो व्यवस्थापन नभएकोले यसका वैज्ञानिक र दीर्घकालीन समाधानका लागि अस्पतालको ध्यान जानु पर्दछ। • स्थलगत अवलोकनका क्रममा वार्डबाट संकलित फोहरमा पूर्ण रुपमा लेवल नलगाएको पाइयो। • सिरिन्ज, आईभि सेट, गज, ग्लोब्स, अपरेसन थिएटरमा प्रयोग हुने डिस्पोजेवल गाउन लगायतका जोखिमयुक्त फोहरलाई अटोक्लेभमा प्रसोधन गरे पश्चात निजी कम्पनीलाई हस्तान्तरण गर्ने गरिएकोमा उक्त फोहरको अन्तिम व्यवस्थापन कहाँ गर्ने गरिएको छ, सो सम्बन्धमा अस्पतालले अनुगमन गर्ने गरेको छैन। साथै यस्ता धारिला फोहरको वसार पसार गर्दा घोच्ने, चोटपटक लाग्ने (stick injury) जस्ता जोखिमहरु कायमै रहेको छ।
वीर अस्पताल	• यस अस्पतालले जोखिमरहित कुहिने फोहरलाई हातेमालो नामक प्राइभेट कम्पनी मार्फत ल्याण्डफिल साइटमा फाल्ने गरेको र जोखिम रहित नकुहिने फोहरहरु, जस्तैः सिसा र प्लाष्टिकका बोतलहरु बिक्री गर्ने गरेको अस्पतालले जनाएको छ। • जोखिमयुक्त फोहरमध्ये प्याथोलोजिकल फोहरहरु व्यवस्थापन प्लासिन्टा पिटमा गर्ने गरेको भएता पनि अस्पताल वा आफ्नै पिट भने नरहेको र यसको व्यवस्थापनका लागि

	ट्रमा सेन्टरको पिट प्रयोग गरिएको अस्पतालले जनाएको छ। धारिला वस्तु, संक्रमणयुक्त फोहर, लाई अटोक्लेभमा प्रशोधन गरे पश्चात बिक्री गर्ने र बिक्री नहुने फोहरलाई भण्डारण गर्ने गरेको जनाएको छ। अटोक्लेभले indicator नदेखाउने र टेप टाँस गरी उक्त टेप कालो भए पश्चात पूर्ण रुपमा निर्मलिकरण हुने अस्पतालको भनाइ रहेको छ। • डायपर, डिष्पोजेवल गाउन जस्ता फोहर हातेमालो नामक प्राइभेट कम्पनीले फोहरसँगै उठाउने गरेको छ। • सथलगत अवलोकनका क्रममा वार्डबाट संकलित फोहरमा पूर्ण रुपमा लेवल लगाएको देखिएन।
परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल	• प्लासिन्टा पिट अस्पताल भवन नजिकै भएका कारण अस्पताल परिसर र समुदायमा दुर्गन्ध फैलिने जोखिम रहेको छ। • प्रयोगशाला परीक्षणका लागि सङ्कलन गरिएका नमुनाहरु परीक्षण पश्चात जंगलमा खाडल खनेर पुर्ने गरेको अस्पतालले जनाएको छ। • संक्रमण नहुने (बोतल, कागज, प्लाष्टिक) फोहरहरु बिक्री गर्ने गरेको पाइयो। • डायपर, डिष्पोजेवल गाउनलाई निर्मलीकरण गरे पश्चात महानगरपालिकाको फोहरसँगै पठाउने गरेको छ। • स्थान अभावका कारण फोहर भण्डारण तथा फोहर छुट्याउने कार्यमा समस्या हुने गरेको अस्पतालले जनाएको छ। • सथलगत अवलोकनका क्रममा वार्डबाट सङ्कलित फोहरमा पूर्णरुपमा लेवल लगाएको देखिएन।
पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान	• स्थान अभावका कारण फोहर भण्डारण तथा फोहर छुट्याउने कार्यमा समस्या हुने गरेको • निजी कम्पनीलाई फोहर व्यवस्थापनमा संलग्न गराइएको जानकारी प्राप्त भयो। • संक्रमण नहुने (बोतल, कागज, प्लाष्टिक) फोहरहरु बिक्री गर्ने गरेको। • एउटा अटोक्लेभ बिग्रेका कारण फोहर प्रशोधनमा समस्या हुने गरेको। • फोहर भण्डारण तथा व्यवस्थापनका लागि सुरक्षित भवन तथा अन्य पूर्वाधारको अभाव रहेको अस्पतालको भनाइ रहेको छ। • प्लासिन्टा पिट अस्पताल भवन नजिकै भएका कारण दुर्गन्ध फैलिने गरेको। • स्थलगत अवलोकनका क्रममा वार्डबाट संकलित फोहरमा पूर्ण रुपमा लेवल लगाएको देखिएन।
भक्तपुर क्यान्सर अस्पताल	• निजी फर्म मार्फत फोहर व्यवस्थापन गर्ने गरिएको अस्पतालले जनाएको छ। • फोहर सङ्कलन गर्ने भाँडो ३०४ भरिदा सङ्कलन गरि सक्नुपर्नेमा कतिपय भाँडोहरुको फोहर ३०४ भरिदा समेत सङ्कलन नगरेको स्थलगत अवलोकनका क्रममा देखियो। • फोहर भण्डारणका लागि स्थान अभावका कारण अस्पतालको पार्किङ्ग स्थल समेत फोहर भण्डारण गरेको स्थलगत अवलोकनका क्रममा देखियो। • फोहर ढुवानीका लागि छुट्टै बाटो नहुँदा बिरामी हिड्ने बाटोबाटै ओसार पसार गर्ने गरेको। • भण्डारण स्थलबाट अलग गरिएका फोहर र प्रयोगशाला परीक्षणका लागि संकलित नमुनाहरु निजी व्यवस्थापन कम्पनीले इन्सिनेटरमा जलाउने गरेको अस्पतालले जनाएको छ। • कुहिने सामान नगरपालिकाले लिएर जाने र अन्य फोहरजन्य पदार्थहरु सम्झौता अनुसार एन. एण्ड एन. कम्पनीबाट गरिने गरेको अस्पतालको भनाइ रहेको छ।

	• सथलगत अवलोकनका क्रममा वार्डबाट संकलित फोहरमा पूर्ण रुपमा लेवल लगाएको पाइएन।
निजामती कर्मचारी अस्पताल	• फोहर छुट्याउने स्थानको अभाव रहेकोले एउटै घर भित्र फरक फरक स्थान भण्डार गरेको स्थलगत अवलोकनका क्रममा जानकारी प्राप्त भयो। • कपास, गज, प्लासिन्टा, निडिल, भायल, ल्याव परीक्षणका लागि झिकिएका नमुना लगायतका फोहरलाई बायोमेडिकल फोहर प्रशोधन प्रणाली मार्फत १५० डिग्री तापक्रममा निर्मलीकरण गर्ने गरे पश्चात निस्कने पदार्थ भण्डारण स्थलको अभाव रहेको जानकारी स्थलगत अवलोकनका क्रममा प्राप्त भयो। • सथलगत अवलोकनका क्रममा वार्डबाट सङ्कलित फोहरमा पूर्ण रुपमा लेवल लगाएको पाइएन। • नगरपालिकाबाट नियमित रुपमा फोहर सङ्कलन नहुने गरेको अस्पतालले जनाएको छ। • निर्मलीकरण गरे पश्चात निस्कने पदार्थ अस्पताल परिसर भित्रै खुला ठाउँमा भण्डारण गर्दा अस्पताल परिसर र समुदायमा दुर्गन्ध फैलिने गरेको जनाएको छ। • निर्मलीकरण पश्चात प्लाष्टिकजन्य फोहरहरु बिक्री गर्ने गरेको जनाएको छ। • अन्य फोहरहरु नगरपालिका मार्फत ल्याण्डफिल साइटमा खसाल्ने गरेको।



भक्तपुर क्यान्सर अस्पतालले निजीक्षेत्रको एन एण्ड एन कम्पनी मार्फत स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन गरिरहेको र उक्त कम्पनीले फोहर जलाउन बस्तीको बिचमा इन्सिनेटर सञ्चालनमा ल्याएको पाइयो।

फोहर भण्डारण तथा छुट्याउनका लागि उपयुक्त स्थलको व्यवस्थापन गर्ने, फोहर जलाउने कार्यलाई पुर्णतया निरुत्साहित गर्नुपर्ने, जोखिमरहित र जोखिमयुक्त फोहरलाई फरक फरक स्थानमा भण्डारण गर्नुपर्ने, इन्सिनेटरको प्रयोग गर्न नहुने, फोहरको सुरक्षित ढुवानीको व्यवस्था गर्नुपर्ने लगायतका वैज्ञानिक, दिगो एवं सुरक्षित तवरबाट फोहर व्यवस्थापन गर्नेतर्फ सम्बन्धित अस्पतालको ध्यान जानुपर्दछ।

२६. **खोपको व्यवस्थापन** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७८ को बुँदा नं.८ मा फोहर व्यवस्थापनमा संलग्न श्रमिक एवं कर्मचारीलाई सम्भावित जोखिमको बारेमा जानकारी भएको सुनिश्चिन हुनुपर्ने, भाइरल हेपाटाइटिस बी र टिटानस लगायतका आवश्यक खोप नलगाई फोहर व्यवस्थापनमा संलग्न हुन नहुने व्यवस्था छ। प्राप्त विवरण अनुसार शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रले आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्म ५ वर्षमा जम्मा ८४८ जनालाई हेपाटाइटिस-बी र टिटि खोप लगाएको, बीर अस्पतालले आर्थिक वर्ष २०७९।८० मा १३ जनालाई हेपाटाइटिस—बी र टिटि खोप लगाएकोमा अन्य वर्षमा कति जनालाई उक्त खोप लगाएको हो सो संख्या खुलाएको छैन। त्यसैगरी परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालबाट खोप

लगाएको विवरण प्राप्त हुन आएन। स्थलगत अवलोकनका क्रममा यस सम्बन्धमा जिज्ञासा राख्दा गत विगतमा लगाएको र हाल लगाउनु नपर्ने जानकारी प्राप्त भयो। कुन कुन कर्मचारीले खोप लगाएका थिए सोको अभिलेख व्यवस्थित राखेको देखिएन। पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट आर्थिक वर्ष २०७९।८० मा १६८ जनालाई हेपाटाईटिस-बी को खोप लगाएको विवरण प्राप्त भएता पनि अन्य वर्षको विवरण पेश गरेको छैन। त्यसैगरी भक्तपुर क्यान्सर अस्पतालले आर्थिक वर्ष २०७६।७७ र २०७७।७८ मा हेपाटाईटिस-बी को खोप ३२ जनालाई ३ डोज लगाएकोमा अन्य वर्षमा लगाएको विवरण पेश हुन आएन। निजामती कर्मचारी अस्पतालले आर्थिक वर्ष २०७५।७६ देखि २०७९।८० सम्म २१ जनालाई हेपाटाईटिस-बी र टिटि खोप लगाएको जनाएतापनि सोको अभिलेख व्यवस्थित गरेको छैन। फोहर व्यवस्थापनमा संलग्न कर्मचारीलाई निःशुल्क उपचारको आवश्यक प्रबन्ध हुनुपर्ने निजामती कर्मचारी अस्पतालले जनाएको छ। अतः कर्मचारी संख्या, खोपको डोज र प्रकार सहितको अभिलेख व्यवस्थित गरि खोप लगाएको सुनिश्चित हुनु पर्दछ।

२७. **फोहर व्यवस्थापनका लागि नागरिक शिक्षा** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७८ को बुँदा नं. ११ मा स्वास्थ्य सेवाजन्य फोहरको उचित ओसारपसार एवं विसर्जन, यसबाट उत्पन्न हुनसक्ने जोखिम, स्वास्थ्यसम्बन्धी महामारी, अस्पतालले फोहर व्यवस्थापनका सम्बन्धमा अवलम्बन गर्दै आएको कार्य प्रणालीका सम्बन्धमा सर्वसाधारण, बिरामी र आगन्तुकहरुलाई जनचेतना अभिवृद्धिका लागि अस्पतालले नियमित सार्वजनिक शिक्षा समेत प्रदान गर्नुपर्ने उल्लेख छ। अस्पतालहरुबाट प्राप्त विवरण अनुसार शहिद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्रले बिरामी एवं आगन्तुकहरुलाई नर्सिङ कर्मचारीहरुले फोहरको प्रारम्भिक व्यवस्थापनका बारेमा बताउने गरेको भएता पनि औपचारिक ढङ्गबाट यस्ता कार्यक्रम सञ्चालन नगरेको जनाएको छ। त्यसैगरी परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, बीर अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पतालले उपचारका लागि आउने बिरामीहरू र अस्पतालमा आउने आगन्तुकहरुलाई सरसफाइ, स्वास्थ्य संस्थाबाट निष्कने फोहर र यसको सम्भावित जोखिम, फोहर राख्ने भाँडोको प्रकार र फोहर व्यवस्थापनको बारेमा सामान्य जानकारी गराउने गरेको भएता पनि समुदाय स्तरमा जनचेतनाका औपचारिक कार्यक्रमहरु नगरिएको जनाएका छन्। अस्पतालहरुले आफ्नो परिसरले समेटेको क्षेत्र तथा समुदाय र बिद्यालयस्तरमा यस्ता कार्यक्रमहरु सञ्चालन गरी जनचेतना अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२८. **फोहर व्यवस्थापन सूचना प्रणालीको विकास** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७८ को बुँदा नं. ५.१.४ मा आधारभूत तथ्याङ्कसहित स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन सूचना प्रणालीको विकास गरी उक्त प्रणालीमा तालिम सञ्चालन, फोहरको उत्पादन देखि प्रशोधन र अन्तिम विसर्जनसम्मका फोहर व्यवस्थापनका सम्पूर्ण चरण/प्रक्रियाहरु समावेश हुनुपर्ने व्यवस्था छ। लेखापरीक्षणका लागि छनौट भएका अस्पतालहरुले तोकिएबमोजिमको फोहर व्यवस्थापन प्रणाली तयार गरेको पाइएन। यसबाट फोहर व्यवस्थापनमा तोकिएको मापदण्ड एवं प्रक्रिया अवलम्बन गरिएको यकिन गर्न सकिने आधार छैन। अतः आधारभूत तथ्याङ्क सहित स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन सूचना प्रणाली विकास र लागु गरी स्वास्थ्य सेवाजन्य फोहरलाई व्यवस्थित गर्नुपर्दछ।

२९. **फोहर व्यवस्थापन पद्धतिको अनुगमन** - स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनको राष्ट्रिय मापदण्ड र सञ्चालन प्रक्रिया, २०७८ को बुँदा नं.६.६ मा स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन समितिले

नियमित रुपमा फोहर व्यवस्थापन योजना कार्यन्वयन स्थिति, विद्यमान फोहर व्यवस्थापन कार्य पद्धति एवं प्रक्रियाको नियमित रुपमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। प्राप्त विवरण अनुसार बीर अस्पतालमा महानगरको टोलीबाट २०८० साल फाल्गुणमा अनुगमन भएको जनाएको छ। त्यसैगरी पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानले अनुगमनका लागि चेकलिष्ट तयार गरेको भएता पनि जनशक्तिको अभावले गर्दा अनुगमन गर्न नसकिएको जनाएको छ। भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पतालबाट यस सम्बन्धमा कुनै विवरण प्राप्त भएको छैन। फोहर व्यवस्थापनको नियमित रुपमा अनुगमन गर्ने, सोको अभिलेख राख्ने र देखिएका व्यहोराहरु कार्यान्वयन गर्नेतर्फ सम्बन्धित अस्पतालको ध्यान जानु पर्दछ।

परिच्छेद - ४

निष्कर्ष तथा सुझाव

नेपाल सरकारले स्वास्थ्य सेवाजन्य फोहरको सुरक्षित एवं दिगो व्यवस्थापनका लागि विभिन्न संस्थागत, नीतिगत, कानुनी एवं प्रक्रियागत व्यवस्था गरेको छ। फोहर व्यवस्थापनको कार्य विशेष गरी स्थानीय तहको कार्यक्षेत्र अन्तर्गत पर्ने भएकोले यसको दिगो व्यवस्थापन र नियमित अनुगमन तथा मूल्याङ्कनमा स्थानीय तहको महत्वपूर्ण भूमिका समेत रहेको छ। हाल आएर फोहरलाई श्रोतमै व्यवस्थापन गरिनुपर्ने अवधारणाको विकास हुँदै गइरहेको परिप्रेक्षमा स्वास्थ्य सेवाजन्य फोहरबाट कम्पोष्ट मल बनाउने, पुन: प्रयोग गर्ने, बिक्री वितरण गर्ने र आपूर्तकलाई नै फिर्ता गर्ने जस्ता नयाँ कार्यको सुरुवात समेत भएको पाईन्छ।

स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापनका क्षेत्रमा सरकारको नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था हुँदाहुँदै पनि फोहर व्यवस्थापनका लागि प्रर्याप्त पूर्वाधारको अभाव, निकायगत समन्वय, आधुनिक प्रविधिको प्रयोग हुन नसक्नु, जनचेतनाको कमी, अव्यवस्थित शहरीकरण जस्ता आन्तरिक तथा बाह्य कारणले स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन कार्य अपेक्षित प्रभावकारी भने हुनसकेको देखिँदैन।

तसर्थ फोहरको प्रभावकारी व्यवस्थापनका लागि फोहर व्यवस्थापन योजना, विद्यमान नीतिगत तथा कानुनी व्यवस्थाको परिपालना, फोहर उत्सर्जनमा न्यूनीकरण, उपयुक्त ढङ्गबाट सङ्कलन, वर्गीकरण, भण्डारण, प्रशोधन एवं निर्मलीकरण, अन्तिम विसर्जन, नियमित अनुगमन तथा मूल्याङ्कन, पृष्ठपोषण र सोको कार्यन्वयन जस्ता विषयमा ध्यान दिनुपर्दछ । यस्ता व्यवस्थालाई व्यवहारमा अनुभूति हुने गरी कार्यान्वयन गर्न उचित स्रोतसाधनसहित समयवद्ध कार्ययोजना र स्पष्ट कार्यसम्पादन सूचकको विकास गरी अनिवार्य लागु गर्नुपर्दछ।

स्वास्थ्य सेवाजन्य फोहरको दिगो र भरपर्दो व्यवस्थापनका लागि देहायका सुझावहरु प्रस्तुत गरिएको छ;

- फोहर व्यवस्थापन योजना तयारीका लागि फोहरको अभिलेख एवं व्यवस्थित लेखाजोखा गरिनुपर्ने,
- फोहर व्यवस्थापन प्रणालीको नियमित अनुगमन तथा मूल्यांकनलाई प्रभावकारी बनाउनु पर्ने,
- फोहर व्यवस्थापनमा संलग्न कर्मचारीहरुलाई नियमित तालिमका माध्यमबाट क्षमता विकास गर्नुपर्ने,
- फोहर सङ्कलनका लागि तोकिएको रंग अनुसारका फोहर सङ्कलन गर्ने भाँडोको पूर्ण रुपमा व्यवस्थापन गरिनुपर्दछ,
- फोहर प्रशोधन तथा निर्मलीकरणका लागि प्रर्याप्त पूर्वाधार एवं उपकरणको व्यवस्था गर्नुपर्ने,
- फोहर पानीको उपयुक्त व्यवस्थापनका लागि आवश्यक पूर्वाधारको व्यवस्था गरिनुपर्ने,
- फोहरको भण्डारण, ढुवानी तथा अन्तिम विसर्जनका लागि सुरक्षित स्थानको व्यवस्थापन हुनुपर्ने,
- अन्तर निकाय समन्वयलाई प्रभावकारी बनाउनुपर्ने,
- फोहरको उत्पादनमा न्यूनीकरण ल्याउने, पून: प्रयोग गर्ने र आपुर्तिकर्तालाई नै फिर्ता गर्ने कार्यलाई प्राथमिकता दिने,
- कर्मचारीलाई सुसुचित गर्ने, आवश्यक खोपका माध्यमबाट सुरक्षित तुल्याउने र खोपको व्यवस्थित अभिलेख राख्ने, र
- फोहर व्यवस्थापन प्रक्रिया, विधि एवं पद्धतिको नियमित अनुगमन गर्ने र पृष्ठपोषणका माध्यमबाट निरन्तर सुधार गर्दै जानुपर्दछ ।

सूचना प्रविधि लेखापरीक्षण

नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window)

परिच्छेद - १

परिचय

१. **पृष्ठभूमि** - व्यापार सहजीकरण (Ease of Doing Business) अन्तर्गत आयात हुने मालसामान कलकत्ता बन्दरगाहबाट भन्सारसम्म, भन्सारबाट मालसामान जाँचपास गर्न तथा जाँचपास भएका मालसामान व्यापारीको गोदामसम्म आउन तथा निकासी हुने मालसामान व्यापारीको गोदामदेखि भन्सारसम्म पुग्न, भन्सार जाँचपास हुने तथा जाँचपास भएका सामान गन्तव्यसम्म पुग्न लाग्ने समय, लागत र विभिन्न समस्याहरुलाई न्यूनीकरण गर्ने उदेश्यले आयात निर्यात व्यापार सहजीकरण (Ease of Doing Business related import and export) गर्ने गराउने र सोसँग सम्बन्धित अन्य क्रियाकलापहरु सरल सहज रुपमा एक विन्दुवाटै विद्युतीय रुपमा कार्यसम्पादन गर्ने उद्देश्यका साथ नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window System) को स्थापना गरिएको हो।

यस प्रणालीमा वैदेशिक व्यापारमा संलग्न सबै सरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधा विद्युतीय प्रणाली मार्फत एउटै साझा प्लेटफर्मका रुपमा पाउन सक्ने व्यवस्था गरिएको छ ।

भूपरिवेष्ठित मुलुक भएकोले नेपालको वैदेशिक व्यापारको लागत अन्य देशको तुलनामा उच्च रहने भएकोले गैर महसुल अवरोध (Non- tariff trade barriers) हटाई व्यापार सहजीकरण गर्न एकद्वार प्रणाली एक सशक्त प्रणालीको रुपमा विकसित गर्ने उद्देश्य रहेको छ । विश्वका धेरै मुलुकहरुको भन्सार प्रशासनमा यस प्रणालीको प्रयोग गरी व्यापारलाई सहजीकरण गर्ने तथा अवैध व्यापारलाई नियन्त्रण गर्न समेत यसको प्रयोगलाई व्यापक बनाउदै लगिएको छ ।

भन्सार विभागवाट संचालित यस प्रणाली अन्तर्गत अन्तर्राष्ट्रिय व्यापारको लागि आवश्यक पर्ने कागजात तथा जानकारीहरु विद्युतीय माध्यमबाट एक निकायमा एकपटक मात्र बुझाए हुने गरी व्यवस्था गरिएको छ। यस्ता जानकारी तथा कागजातहरुमा आयात/निर्यात तथा पारवहनसम्बन्धी अनुमतिपत्र, इजाजतपत्र, सिफारिसपत्र क्वारेण्टाइन प्रमाणपत्रसम्बन्धी निवेदनहरु, उत्पत्तिको प्रमाणपत्र, बैंकिङ कागजात लगायतका कागजातहरु पर्दछन।

भन्सार विभागमा रहेको यस प्रणालीसँग सम्बन्धित विभिन्न ४८ वटा सरोकारवाला निकायहरुको प्रयोजनार्थ केही निकायहरुका लागि प्रणाली निर्माण गर्ने र केही निकायहरुमा साविकमा सञ्चालनमा रहेका प्रणालीहरु यस प्रणालीसँग आबद्धता गर्ने नेपाल राष्ट्रिय एकद्वार प्रणालीको उद्देश्य रहेको छ। यस प्रणालीका देहायका विशेषताहरु रहेका छन्।

- **मोड्युल विकास**: विभिन्न २८ सरोकारवाला निकायहरु प्रणाली निर्माणसम्बन्धी कार्य सम्पन्न भई प्रणाली सञ्चालनमा रहेको।
- **प्रणाली अन्तरआवद्दता**: विभिन्न ८ सरोकारवाला निकायहरुबाट सञ्चालनमा रहेका प्रणालीहरु यस एकद्वार प्रणालीसँग आवद्ध गरिएको।

- **मोड्युल विकास तथा प्रणाली अन्तरआवद्दता** : विभिन्न ५ सरोकारवाला निकायहरुको प्रणाली निर्माणसम्बन्धी कार्य सम्पन्न गरी उक्त निकायहरुमा सञ्चालनमा रहेका प्रणालीहरु यस एकद्वार प्रणालीसँग आबद्धता समेत गरिएको।
- **रिपोर्टिङ्ग सरकारी निकायहरु**: विभिन्न ७ सरोकारवाला निकायहरुका लागि यस प्रणाली मार्फत लाईसेन्स, परमिट र सर्टिफिकेट (License, Permit Certificate and Others) को रिपोर्टीङ मोड्युल बनाउने कार्य गरिएको।
- विरुवा तथा विरुवाजन्य, पशु तथा पशुजन्य र खाद्यवस्तुको आयात तथा निर्यात अनुमति जारी गर्न प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, पशु सेवा विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट लाईसेन्स, परमिट र सर्टिफिकेट (LPCO Module) सञ्चालन भईरहेको र तत् तत् निकाय अन्तर्गतका जिल्लास्थित ४० भन्दा वढी क्वारेन्टाइन कार्यालयहरु तथा चेकपोष्टहरुबाट इन्सपेक्सन प्रणाली (Inspection Module) समेत सञ्चालन भईरहेको।
- कीट्नाशक आयात सिफारिससम्बन्धी लाईसेन्स, परमिट र सर्टिफिकेट (LPCO Module) प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रबाट सञ्चालन भईरहेको।
- नेपाल गुणस्तर तथा नापतौल विभागबाट जारी गरिने विभिन्न प्रकारका गुणस्तर प्रमाणपत्रहरु एकद्वार प्रणालीमा प्रणालीमा प्रविष्ट गर्न ईन्टरफेस (Interface) विकास गरिएको र नापतौल उपकरण आयातसम्बन्धी लाईसेन्स परमिट र सर्टिफिकेट (LPCO Module) समेत सञ्चालन भईरहेको।
- नेपाल सरकारद्वारा तोकिएको माल वस्तु निकासी वा पैठारी गर्न प्रदान गरिने इजाजतपत्रसम्बन्धी लाईसेन्स परमिट र सर्टिफिकेट (LPCO Module) वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट सञ्चालन भईरहेको।
- आर्थिक ऐन बमोजिम प्रदान गरिने महशुल छुट मोड्युल (Exemption Module) १४ वटा निकायहरुबाट सञ्चालनको तयारी भईरहेको।
- नेपाल राष्ट्रिय एकद्वार प्रणाली मार्फत जारी गरिएको विद्युतीय लाईसेन्स परमिट र सर्टिफिकेट (LPCO) लाई विद्यूतीय स्वरुपमा प्रज्ञापनपत्रमा प्रयोग तथा जाँचपास गर्न भन्सार विभाग को नेपाल भन्सार प्रशासन प्रणाली (Nepal Customs Administration System) सँग आवद्दता गरिएको।
- **महालेखा नियन्त्रक कार्यालय**: आवश्यक विद्युतीय भुक्तानी (E-payment) विकास गर्नका लागि महालेखा नियन्त्रक कार्यालयको रिम्स (Revenue Management Information System) सँग आवद्दता गरिएको ।
- **आन्तरिक राजस्व विभाग**: निकासी/पैठारीकर्ता यस एकद्वार प्रणालीमा सूचीकृत हुन आन्तरिक राजस्व विभागबाट जारी गरिएको स्थायी लेखा नम्वर (Personal Account Number) आन्तरिक राजस्व विभागको एकीकृत कर प्रणाली (Integrated Tax System) सँग आवद्दता गरिएको।
- **प्रमाणीकरण नियन्त्रकको कार्यालय**: आवश्यक विद्यूतीय हस्ताक्षर (Digital Signature) विकास गर्नका लागि प्रमाणीकरण नियन्त्रकको कार्यालय अन्तर्गत रहेको सर्भरसँग आवद्दता गरिएको।
- **नेपाल राष्ट्र बैंक**: नेपाल राष्ट्र बैंकबाट प्रकाशित गरिने विदेशी मुद्रा विनिमय दर र विभिन्न बैंक तथा वित्तीय संस्थाको कोड विद्युतीय रुपमा प्राप्त गर्न नेपाल राष्ट्र बैंकको पोर्टलसँग एपिआई (API) मार्फत आवद्दता गरिएको।

- **औषधि व्यवस्था विभाग**: औषधि आयात सिफारिसका लागि औषधि व्यवस्था विभागबाट सञ्चालन भईरहेको औषधि प्रशासन व्यवस्थापन प्रणाली (Drugs Administration Management System) प्रणालीसँग एपिआई (API) मार्फत आवद्दताको कार्य भइरहेको।
- **कन्सुलर सेवा विभाग**: कूटनीतिज्ञ तथा नियोगहरुलाई प्रदान गरिने महशुल छुटका लागि कन्सुलर सेवा विभागबाट सञ्चालन भइरहेको प्रणालीसँग एपिआई (API) मार्फत आवद्दता आवद्दताको कार्य भइरहेको।

२. **कानूनी व्यवस्था/नीति कानूनहरुः**

नेपाल राष्ट्रिय एकद्वार प्रणाली व्यवस्थापन सूचना प्रणाली सम्बन्धमा भएका नीतिगत तथा कानूनी व्यवस्थाहरु देहाय बमोजिम रहेका छनः

२.१ **पन्ध्रौं योजनाः**

योजनाले सञ्चार तथा सूचना प्रविधि अन्तर्गत सूचना प्रविधियुक्त राष्ट्र वनाउने सोच राखेको छ। सूचनामा सवै नागरिकको पहुँच तथा उपयोग सुनिश्चित गर्न आवश्यक नीतिगत तथा संस्थागत व्यवस्था गरिने उल्लेख गरिएको छ ।

डिजिटाइजेसन मार्फत सामाजिक,आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्न डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गर्ने, सार्वजनिक तथा निजी सेवाहरु क्रमश अनलाइन मार्फत प्रदान गरिने सरकारी विद्युतीय प्रणालीलाई एकीकृत तथा अन्तर आवद्ध गरिने उल्लेख गरिएको छ ।

२.२ **आर्थिक ऐन**

आर्थिक ऐन, २०७८ बाट भन्सार ऐन २०६४ को दफा "८९ङ" मा र भन्सार नियमावली, २०६४ को नियम "६६च" मा नेपाल राष्ट्रिय एकद्वार प्रणाली सञ्चालनसम्बन्धी दफा र नियम समावेश भएको र सोहि बमोजिम भन्सार विभागको मिति २०७८/०९/३० को निर्णयानुसार नेपाल राष्ट्रिय एकद्वार प्रणाली सञ्चालनसम्बन्धी निर्देशिका जारी गरिएको।

३. **प्रणालीको उद्देश्यः**

- अन्तर्राष्ट्रिय व्यापारमा लाग्ने समय र खर्च घटाई प्रक्रियालाई सहजीकरण गर्ने ।
- भन्सार प्रक्रियालाई सरलीकृत गर्ने ।
- एकल घोषणा हुने (Single Entry and Single Submission);
- कागजी कार्य नहुने (Paperless);
- कर्मचारीहरुसँग प्रत्यक्ष भेट नहुने (Faceless & Contactless);
- विभाग तथा कार्यालयहरुको कार्यकुशलता)Efficiency) बढ्ने;
- पारदर्शी (Transparency) हुने;
- स्तरीकृत अभिलेख र डाटा;
- सूचनाको सरल आदान प्रदान (Simplified information dissemination);
- विभिन्न निकायहरु बीच समन्वय हुने (Coordination of agencies and stakeholders);
- विश्लेषणात्मक क्षमताको अभिवृद्धि (Enhancement of Analytical capability);
- विद्युतीय भुक्तानी (Electronic payment of duties and other charges);
- विद्युतीय हस्ताक्षर (Digital Signature for Electronic Documents)

४. **स्वीकृत दरबन्दी र पदपूर्ति विवरण** - यो प्रणाली विभिन्न ४८ निकायहरुसँग सम्बन्धित छ। प्रणालीसँग सम्बन्धित आयोजनाको सञ्चालन भन्सार विभाग अन्तर्गत सूचना प्रविधि पूर्वाधार शाखावाट हुँदै आएको छ। उक्त शाखामा देहाय बमोजिम जनशक्ति रहेको देखिन्छ।

- उपसचिव (रा) -१
- उपसचिव (सू.प्र) -२
- कम्प्युटर इन्जिनियर-७
- कम्प्युटर अधिकृत-२

५. **कार्यक्रम र प्रगतिः**

नेपाल राष्ट्रिय एकद्वार प्रणाली आयोजना अन्तर्गतका ४८ वटा सरोकारवाला निकायहरुको प्रयोजनार्थ केही निकायहरुका लागि प्रणाली निर्माण गर्ने र केही निकायहरुबाट सञ्चालनमा रहेका प्रणालीहरु यस एकद्वार प्रणालीसँग आबद्धता गर्ने आयोजनाको उद्देश्य रहेकोमाः

- **मोड्युल विकासः** विभिन्न ३३ वटा सरोकारवाला निकायहरु को प्रणाली निर्माणसम्बन्धी कार्य सम्पन्न भई प्रणाली सञ्चालनमा रहेको ।
- **प्रणाली अन्तरआबद्धताः** विभिन्न १३ वटा सरोकारवाला निकायहरुबाट सञ्चालनमा रहेका प्रणालीहरु यस एकद्वार प्रणालीसँग आबद्धता गरिएको ।
- **रिपोर्टिङ्ग सरकारी निकायहरुः** विभिन्न ७ वटा सरोकारवाला निकायहरुका लागि यस प्रणाली मार्फत LPCO (License, Permit Certificate and Others) को रिपोर्टीङ मोड्युल बनाउने कार्य सम्पन्न गरिएको ।

नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW) को कार्यान्वयन गर्ने/गराउने सन्दर्भमा आयात तथा निर्यात गर्न विभिन्न सरोकारवाला निकायहरुबाट जारी गरिने लाईसेन्स परमिट र सर्टिफिकेट (License, Permit, Certificate and Other)सम्बन्धी सेवाहरुलाई विद्युतीय माध्यमबाट व्यवस्थापन गर्न यस एकद्वार प्रणालीमा विकास गरिएको LPCO Module को प्रभावकारी सञ्चालनको लागि भन्सार विभाग र सरोकारवाला निकायहरु (२३ वटा) सँग आपसी समझदारी पत्र (MoU) हस्ताक्षर गरिएको।

नेपाल राष्ट्रिय एकद्वार प्रणाली आयोजना कार्यान्वयन इकाईबाट यस आयोजनासँग सम्बन्धित निकायहरु (१७ वटा विभाग र ४४ वटा कार्यालय) बाट प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कम्प्युटर सेट, प्रिन्टर, यु.पि.एस., टेबल तथा कुर्सी जस्ता सपोर्टिङ उपकरणहरू प्रदान गरी जडान तथा हस्तान्तरण गरिएको ।

६. **सूचना प्रविधि लेखापरीक्षणको औचित्यता** - लेखापरीक्षण ऐन, २०७५ को दफा ५ मा महालेखापरीक्षकले सूचना प्रविधि लेखापरीक्षण गर्नसक्ने व्यवस्था गरेको छ। मुलुकभरका आयात निर्यातमा संलग्न सरोकारवाला निकायहरुमा सूचना प्रविधिको प्रयोग भइरहेको अवस्थामा सूचनाको विश्वसनीयता, एप्लिकेशन प्रणालीको उपयुक्तता तथा सुरक्षा, प्रविधिको उपयोग, सूचना प्रविधि पूर्वाधार, जनशक्ति व्यवस्थापन, सफ्टवेयरको प्रभावकारिता लगायत डाटा, सूचना प्रणालीको गोप्यता, सूचनाको निष्पक्षता आदि विषयहरुमा स्वतन्त्र परीक्षण गर्न सान्दर्भिक रहेकोले यो लेखापरीक्षण गरिएको थियो।

परिच्छेदः २

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

७. **लेखापरीक्षणको उद्देश्य** - भन्सार विभाग, लगायत मोड्युल विकास गरिएका तथा प्रणाली आबद्धता गरिएका निकायवाट प्रयोग भएको सूचना प्रविधि प्रणाली (NNSW) को पूर्वाधार, सफ्टवेयरको उपयुक्तता, पर्याप्तता, सुरक्षा जोखिम, नियन्त्रण व्यवस्था, सूचना तथा तथ्याङ्कको विश्वसनीयता लगायतका समग्र पक्षको विस्तृत परीक्षण एवं मूल्याङ्कन गरी सम्भावित जोखिम पहिचान गर्ने र सोको न्यूनीकरणका लागि आवश्यक उपायहरु सुझाउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको थियो।

८. **लेखापरीक्षणको क्षेत्र** - लेखापरीक्षणको उद्देश्य प्राप्तिका लागि भन्सार विभाग तथा सरोकारवाला निकायहरुमा कार्यान्वयनमा ल्याईएको नेपाल राष्ट्रिय एकद्वार प्रणाली सूचना प्रणालीको देहायका क्षेत्रलाई लेखापरीक्षणमा समेटिएको थियो:

- सञ्चालन भएको प्रणालीवाट लागत न्यूनीकरण, समय न्यूनीकरण र व्यापार सहजीकरणको अवस्था विश्लेषण,
- एप्लिकेशन प्रणालीको उपयुक्तता (Appropriateness of System),
- प्रविधिको प्रयोग (Use of Technology),
- सूचना प्रविधि पूर्वाधार (IT Infrastructure),
- जनशक्ति व्यवस्थापन (Human Resource Management),
- सूचना प्रणालीको गोप्यता (Confidentiality of Information System),
- सफ्टवेयरको प्रभावकारिता (Effectiveness of Software),
- उपयोग प्रणालीको दक्षता (Efficiency of Utilized System)

लेखापरीक्षणमा बिशेष गरी प्रणाली विकास भए देखि लेखापरीक्षण अवधि सम्मका सूचना र तथ्याङ्कहरु समेटिएको छ।

९. **लेखापरीक्षण पद्धति** - यो लेखापरीक्षणमा सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (ईन्टोसाई) ले जारी गरेको मानदण्ड एवंम निर्देशिका र कार्यालयले जारी गरेको सरकारी लेखापरीक्षण मानदण्ड र सम्बन्धित लेखापरीक्षण मार्गदर्शनमा उल्लिखित विधि र पद्धति अनुरुप सूचना प्रविधि लेखापरीक्षण सञ्चालन गरिएको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ५(१) मा महालेखापरीक्षकले छनौटको आधारमा लेखापरीक्षण गर्न सक्ने व्यवस्था रहे बमोजिम सोही दफामा उल्लेख भए बमोजिम कार्यालयवाट जारी नीति निर्देशिका बमोजिम यस सूचना प्रविधि लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा विषयसँग सम्बन्धित रहेर नतिजामूलक तथा प्रक्रियामूलक पद्धति अवलम्बन गरी सम्बन्धित सफ्टवेयर र प्रणाली परीक्षण गर्ने, व्यवस्थापनसँग छलफल, प्रश्नावली तथा अन्तर्वार्ता, सरोकारवालासँग छलफल गरी आवश्यक सूचना, विवरण तथा जानकारी प्राप्त गरिएको छ। यसरी प्राप्त तथ्याङ्क तथा सूचना प्रणालीको प्रमुख कार्य सम्पादन सूचकहरुको सेरोफेरोमा कार्य सम्पादनमा देखिएका समस्या तथा चुनौतीको विश्लेषण एवंम मूल्यांकन गरी सोही आधारमा सुधारको क्षेत्रहरु पहिल्याउन, मूल्यांकन गरेका विषयमा सुधार ल्याउन गर्नुपर्ने कामका सम्बन्धमा सुझाव प्रस्तुत गरिएको छ।

भन्सार विभाग र सरोकारवाला निकायका ४८ वटा निकायहरुमा प्रणाली लागु गरिएको छ। लेखापरीक्षणका क्रममा भन्सार विभाग तथा सरोकारवाला निकाय अन्तर्गत उपत्यका भित्रका खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग अन्तर्गत क्वारेण्टाइन महाशाखा प्लाण्ट क्वारेण्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, बिरगंज भन्सार कार्यालय र बिरगंज स्थित सीमानामा रहेका खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, प्लाण्ट क्वारेण्टाइन तथा विषादी व्यवस्थापन कार्यालयमा स्थलगत निरीक्षण गरी प्रणाली कार्यान्वयनको अवस्था बारे परीक्षण एवं अवलोकन गरिएको थियो। लेखापरीक्षण समापन गर्नु अगाडि परीक्षणबाट देखिएका प्रमुख व्यहोरा उपर व्यवस्थापनसँग बहिर्गमन बैठक गरिएको थियो।

यो लेखापरीक्षण सञ्चालन गर्न लेखापरीक्षण टोलीमा निर्देशक श्री जगदिश रौनियार (सूचना प्रविधि) र कम्प्युटर अधिकृत श्री दिपक पौडेलको संलग्नता रहेको थियो।

१०. **लेखापरीक्षणका सीमाहरु** - लेखापरीक्षणका अन्तरनिहीत जोखिम, नमुना छनौट, कारोबार र प्रणालीको जटिलता, समयको कमी, समयमै सूचना प्राप्त नहुने लगायतका विषयहरु लेखापरीक्षणका सीमाका रुपमा रहेका छन्।

परिच्छेद - ३

लेखापरीक्षणबाट देखिएका बेहोराहरु

नेपाल सरकारले वैदेशिक व्यापारको कारोबार लागत समय र व्यापार सहजीकरण गर्ने महत्वपूर्ण माध्यमका रुपमा एकद्वार प्रणाली (Single Window) प्रदान गरिने सेवा सुविधालाई सूचना प्रविधिको माध्यमबाट प्रदान गर्न केन्द्रिकृत तथा वेबमा आधारित नेपाल राष्ट्रिय एकद्वार प्रणाली) **Nepal National Single Window)** सञ्चालनमा ल्याएको छ। ईन्टरनेट मार्फत वैदेशिक व्यापारमा संलग्न सरोकारवाला निकाय र सेवाग्राहीलाई अनलाईन सेवा प्रदान गर्ने उद्देश्यका साथ यो प्रणाली हालसम्म २८ वटा निकायहरुमा प्रयोग भईरहेको छ।

११. **प्रणालीमा देखिएका सकारात्मक पक्षहरुः**

- वैदेशिक व्यापारको कारोबार लागत समय र व्यापार सहजीकरण गर्ने महत्वपूर्ण माध्यमका रुपमा एकद्वार प्रणाली (Single Window) वाट प्रदान गरिने सेवा सुविधालाई सूचना प्रविधिको माध्यमबाट प्रदान गर्न केन्द्रिकृत तथा वेबमा आधारित नेपाल राष्ट्रिय एकद्वार प्रणाली **(Nepal National Single Window)** सञ्चालनमा ल्याएको छ। आम नागरिकको वैदेशिक व्यापारसँग सम्बन्धित आयात तथा निर्यातलाई आधुनिक सूचना तथा सञ्चार प्रविधिको माध्यमवाट सरल , सहज र प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गरी देशभरका सबै भन्सार कार्यालयमा लागु गरिएको छ। हाल प्रणाली भन्दा बाहिरबाट औपचारिक रुपमा कुनै पनि आयात निर्यात हुने गरेको छैन।
- यस प्रणालीलाई वैदेशिक व्यापारको कारोबार लागतलाई व्यापार सहजीकरण गर्न विश्व बैंकको ७.६ मिलियन यु.एस. डलरको अनुदानमा विकास गरिएको जसका लागि आ.व. २०७९/८० सम्म वेवफोनटेनलाई विश्व बैंकको अनुदान मार्फत् ३१९३१३७.७३ यु.एस. डलर र नेपाल सरकारबाट ७१८१२४.०४ यु.एस. डलर भुक्तानी भैसकेको छ भने नेपाल सरकारबाट ३६९६८१५.७९ यु.एस. डलर भुक्तानी गर्न वाकी रहेको छ।
- वैदेशिक व्यापारसँग सम्बन्धित भन्सार प्रक्रियालाई सरलीकृत गर्ने एकल घोषणा हुने (Single Entry and Single Submission) Paper Work नहुने (Paperless) बनाउन तथा परीक्षण गर्न यस प्रणालीले सहज बनाएको छ।

१२. **प्रणालीमा थप सुधार गर्नुपर्ने पक्षहरुको सम्बन्धमा देखिएका बेहोराहरुः**

- **रणनीति लगायत आवश्यक पूर्व कार्यहरुः** ईकोनोमिक कमिसन फर युरोप तथा व्यापार सहजीकरण तथा विद्युतीय व्यवसायका लागि संयुक्त राष्ट्र संघीय केन्द्र (Economic Commission for Europe and United Nations Centre for Trade Facilitation and Electronic Business-UN/CEFACT) वाट एकद्वार प्रणाली स्थापना गर्ने सम्बन्धमा गरिएको सुझाव तथा मार्गदर्शन (२००५) नं. ३३ डिजिटल नेपाल फ्रेमवर्क राष्टिय एकद्वार प्रणाली अनुसार प्रणालीमा सुधार गर्दै लाग्नु पर्दछ । आयात-निर्यातमा लाग्ने लागत, समय र सहजीकरणलाई प्रणालीको क्षेत्रमा राखेको भएता पनि देहायका विषयहरु स्पष्टरुपमा खुलाएको देखिएन।
- गोपनीयताको कानुनको अवस्था, साइवर सुरक्षा, इन्टर-अपेराबिलिटि र डाटा एक्सचेनज गर्ने विधिवारे स्पष्ट नगरिएको ।

१३. **व्यवसाय सहजता इन्डेक्स (Ease of Doing Business)** - यो प्रणालीको आवश्यकता महसुस गरी पूर्व अवधारणा तयार गरिएको वर्ष सन् २०१३ मा व्यवसाय सहजता इन्डेक्स (Ease of Doing Business) १०८ रहेको थियो । सो पश्चात वर्षानुक्रम अनुसार हेर्दा यो इन्डेक्स देहाय बमोजिम रहेको देखिन्छ :

वर्ष	व्यवसाय सहजता इन्डेक्स (Ease of Doing Business Index)
२०१३	१०८
२०१४	९४
२०१५	१००
२०१६	१०७
२०१७	१०५
२०१८	११०
२०१९	९४
२०२०	९४

- उपरोक्त तालिकावाट यो प्रणाली लागु गर्ने प्रारम्भिक चरणका वर्षहरुको तुलनामा पछिल्ला वर्षहरुमा व्यवसाय सहजता ईण्डेक्समा केहि सुधार देखिएता पनि उल्लेख्य सुधार भएको देखिदैन । बेसलाईन सर्भे बमोजिम आयात निर्यात र ट्रान्जिट क्रियाकलापमा लाग्ने नियामकीय समय (Regulatory time) १४ दिनमा झार्ने, यो परियोजना लागु भएको छैटौं वर्षमा सो समय ७ दिनमा झार्ने, रक्सौल-बिरगञ्ज बोर्डर पोष्टमा क्रसिङ्ग समय २.३ दिन रहेकोमा सोलाई छैटौं वर्षमा १.५ दिनमा झार्ने, कोलकता बन्दरगाह देखि बिरगञ्जसम्म मालसामान रेलमार्ग र सडकमार्गवाट पुऱ्याउने र वीरगञ्जवाट काठमाण्डौं पुग्ने समय सडकमार्गवाट १० दिन र रेलमार्गवाट २२ दिन रहेकोमा सोलाई छैटौं वर्षमा सडकमार्गवाट ८ दिन र रेलमार्गवाट १७.६ दिनमा झार्ने लक्ष्य रहेकोमा सो लक्ष्यहरु हासिल भए नभएको वारे कुनै ठोस अध्ययन भएको देखिदैन।
- यस प्रणाली कार्यान्वयनवाट व्यापार सहजीकरण, लागत तथा समयमा आएको कमी लगायतका पक्षमा भएको प्रभाव मूल्याङ्कन गरी यस प्रणालीको मूल्य सार्थकता प्राप्त गर्न थप कार्य गर्न आवश्यक देखिन्छ ।

१४. **आयात निर्यात व्यापारको लागत र समय** - आयात निर्यात व्यापार गर्दा पालना गर्नुपर्ने प्रक्रिया तथा पेश गर्नुपर्ने कागजात र अन्य परिपालनाका विषयहरु समेटी गरिने ट्रेडिङ्ग एक्रस बोर्डर रेङ्किङ्गमा सन् २०२३ मा नेपालको स्थान ६० रहेको र यसमा एकद्वार प्रणालीले पारेको सकारात्मक प्रभावको अध्ययन मूल्यांकन गरी थप सुधारात्मक कार्य गर्नुपर्ने देखिन्छ।

१५. **सूचना प्रविधि व्यवस्थापन** - वैदेशिक व्यापारको कारोबार लागत समय र व्यापार सहजीकरण गर्ने गरी महत्वपूर्ण माध्यमका रुपमा एकद्वार प्रणाली (Single Window) लाई वैदेशिक व्यापारमा संलग्न सबै सरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधा विद्युतीय प्रणाली एउटै साझा प्लेटफर्मका रुपमा सुव्यवस्थित रुपमा सञ्चालन गर्नुपर्दछ। यस प्रणालीलाई सुरक्षित र प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नको लागि विभाग र सरोकारवाला निकायहरुमा सूचना प्रविधिसँग सम्बन्धित नवीनतम सुधारका आवश्यकताहरुको पहिचान गर्न स्पष्ट विधि र प्रक्रिया, सूचना प्रविधि रणनीतिक योजना, प्रविधिको माध्यमबाट सम्पादन गरिने कार्यहरु परिभाषित गर्ने, सूचना प्रविधि नीति तथा कार्यविधिहरु लागु गर्ने तथा वर्तमान र भविष्यका आवश्यकतालाई सम्बोधन गर्ने जनशक्ति विकास योजना (Human Resource Development Plan) र समय समयमा जोखिम विश्लेषण

गर्ने कार्य हुन बाँकी रहेको छ। तर एकद्वार प्रणाली (Single Window) लाई व्यवस्थित रुपमा सञ्चालन गर्न भन्सार विभाग र सरोकारवाला निकायहरुले उपरोक्त बमोजिमका व्यवस्था गर्न सकेको देखिँदैन। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्।

(क) **कानुनी र रेगुलेटरी व्यवस्था सम्बन्धमा**: यस प्रणालीसँग सम्बन्धित कानूनी व्यवस्थाको रुपमा भन्सार ऐन २०६४ र नियमावली २०६४ रहेका छन। त्यस्तै एकद्वार प्रणालीको लागि Single Window Directive,2078 को व्यवस्था छ। उक्त Single Window Directive मा हुनु पर्ने एकद्वार प्रणालीको स्थापना, गभर्नेन्स, व्यस्थापन, सञ्चालन, बिजनेस कन्टिन्युटि प्लान, स्टैण्डर्ड र अन्तर-आबद्धता, परिवर्तन अवलम्वन, इन्फ्रास्ट्रक्चर, साइवर सेक्युरिटि लगायतका सरोकारवालाहरुलाई प्रदान गर्ने सेवाहरु जस्ता महत्वपुर्ण विषयहरु समावेश भएको देखिदैन।

(ख) प्रणालीलाई सुधार गर्न सूचना प्रविधिसम्बन्धी अल्पकालिन तथा दीर्घकालिन रणनीतिक योजना तयार गर्नुका साथै सूचना प्रविधि पूर्वाधारमा लगानी गर्न वा आवश्यक पर्ने उपकरण, सफ्टवेयर, डाटावेश, नेटवर्क, सूचना प्रविधि जनशक्ति आदिको आवश्यकता पहिचान गरी सुधारसँग सम्बन्धित सबै विषयहरु प्राथमिकीकरण गर्न भन्सार सुधार तथा आधुनिकीकरण योजना(आ.व. २०७८/७९-२०८२/८३) रहेको भएता पनि उक्त प्रणालीलाई व्यवस्थित गर्न गभर्नेन्स संरचना, लगानी, डिजिटल पूर्वाधार, स्टैन्डर्ड अन्तरआवद्धता र सेक्टरल इन्टरप्राइजेज आर्किटेक्चर र डिजिटल सेवाहरु तथा जनचेतना, क्षमता अभिवृद्धि, साक्षरता, मानवस्रोत साधन लगायतका परिवर्तन अवलम्बन विषयहरु समावेश हुने गरी अलग्गै सूचना प्रविधि रणनीतिक योजना तयार गरेको पाईएन। विभागसँग स्वीकृत नीति, रणनीतिक योजना तथा कार्यविधिहरु नहुँदा सूचना प्रविधि प्रणालीसँग सम्बन्धित हार्डवेयर, सफ्टवेयर, नेटवर्क, डाटा सेन्टर, जनशक्ति व्यवस्थापन लगायतका पूर्वाधारहरुको प्रभावकारी रुपमा व्यवस्थापन एवं सञ्चालन गर्ने सम्बन्धमा स्पष्ट कार्यदिशाको अभावले यस प्रणालीको नीति, योजना र उद्देश्य बीच सामन्जस्यताको कमी हुने र दिगो विकास कायम गर्न कठिन हुने देखिन्छ। विभागको व्यवसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविष्यका आवश्यकताहरु सम्बोधन गर्ने सूचना प्रविधि जनशक्ति व्यवस्थापन योजना तयार गर्ने काम हुन बाँकी रहेको छ। सूचना प्रविधि जनशक्तिको दरबन्दीअनुसार पदपूर्ति सुनिश्चित गर्न जनशक्ति व्यवस्थापन योजना तर्जुमा गरिएको पाइएन। यद्यपि सूचना प्रविधि पूर्वाधारमा लगानी तथा पूर्वाधार सुधारका लागि भन्सार सुधार तथा आधुनिकीकरण योजनामा आशिंक रुपमा उल्लेख गरिएको छ।

(ग) इन्सेप्सन रिपोर्टमा गभर्नेन्सलाई महत्वपुर्ण जोखिमको क्षेत्रको रुपमा राखी त्यस बमोजिम गभर्नेन्स संरचना प्रस्ताव गरिएको र सो संरचनासँग मिल्ने गरी गभर्नेन्स संरचना विश्व बैंकको सहयोग रहेसम्म रहेता पनि सो सहयोगको समाप्ति पश्चात गभर्नेन्स संरचना नरहेको वा निष्क्रय रहेको देखिन्छ ।

१५.१ विभागको २०७८।९।३० को निर्णयानुसार स्वीकृत राष्ट्रिय एकद्वार प्रणाली निर्देशिका, २०७८ अनुसार अन्तराष्ट्रिय व्यापार र भन्सार जाँचपाससँग सम्बन्धित सेवाहरु एउटै विद्युतीय प्रणालीवाट उपलब्ध गराउने र भन्सार जाँचपाससम्बन्धी सेवा प्रदान गर्ने सरोकारवाला एकद्वार प्रणालीमार्फत् कार्य गर्नुपर्ने व्यवस्था गरिएको छ। तर विभागद्वारा प्रणालीको Main System Administrator, Local System Administrator, Assistant System Administrator आदि प्रयोगकर्ता सम्बन्धमा नीति तयार गरिएका छैनन्। संगठनको कार्य प्रकृति, सांगठनिक संरचना, पदको प्रकृति अनुसार स्पष्ट रुपमा

किटान गरी कार्य विभाजन गरेर सोही अनुसार कार्य विवरण समेत तयार गर्ने कार्य बाँकी रहेको छ। सूचना प्रविधि कर्मचारी नियुक्ति गरिँदा नै कार्य विभाजन अनुसार विषय विज्ञताको व्यवस्था गर्नुपर्नेमा सो बमोजिम स्पष्ट रुपमा कामको बाडफाँट समेत भएको पाइएन। उदाहरणको लागि विभागमा सूचना प्रविधि निर्देशक-२ कम्प्युटर इन्जिनियर-७ र कम्प्यूटर अधिकृत-२ गरी जम्मा दरबन्दी ११ रहेकोमा System Administrator, Data Center Expert, Network Administrator, Database Administrator जस्ता उच्च प्राविधिक विषयहरुमा कुन इन्जिनियर वा अधिकृत जिम्मेवार हुने भनी किटान गरिएको छैन। साथै, कुनै एक कर्मचारीले नै नेटवर्क, सेक्युरिटि, डाटावेश, एप्लिकेशन लगायतका कार्यहरु समेत गरेको पाइयो। यसरी स्पष्ट कार्य विभाजन नहुँदा धेरै प्रकृतिको काम गर्नुपर्दा न्युन विषय विज्ञताको कारणले अभिलेखको सुरक्षा चुनौती बढ्ने, पहुँचमा नियन्त्रण नहुने जस्ता जोखिम रहन सक्दछन्।

विभागले सूचना प्रविधिमा नवीनतम सुधारका आवश्यकताहरूलाई पूरा गर्न र सूचना प्रविधि प्रणालीसँग सम्बन्धित सबै किसिमका साधन श्रोतहरूको सुरक्षित प्रयोगको लागि सूचना प्रविधिसम्बन्धी छुट्टै रणनीतिक योजना तर्जुमा गरी आवश्यकताको पहिचान गर्नुपर्दछ। विभागको व्यवसायिक आवश्यकता पूर्ति गर्नको लागि वर्तमान र भविश्यमा प्रणाली विकासकर्ताबाट प्रणाली हस्तान्तरण पछिका आवश्यकताहरु सम्बोधन गर्ने सूचना प्रविधि जनशक्ति व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१६. **प्रणाली सञ्चालन गर्ने जनशक्ति** - सूचना प्रविधिमा दक्षता हाँसिल गरेका जनशक्ति अन्यत्र सरुवा भई गएमा वा अवकाश भएमा निजको कार्यभार सम्हाल्ने गरी जनशक्ति तयार (Succession Plan) गर्ने तथा कार्यालयबाट अन्यत्र सरुवा भई जाने अनुपात (Employee Turnover Ratio) कम गर्न र कार्यालयमा जनशक्ति टिकाई राख्र (Employee Retention) समेत कुनै संयन्त्र तयार गरी लागु गरेको पाइएन। विभागमा कार्यरत प्राविधिक कर्मचारीहरुलाई सामान्य ओरिएन्टेसन गरिएको तर प्रणाली सञ्चालनसम्बन्धी विशेषज्ञ तालिम प्रदान गरेको पाइएन ।प्रणालीको सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन जिम्मेवारी पूर्णरुपमा तेश्रो पक्षसँग रहेको पाइयो। विभागको कार्यक्षेत्र तथा कार्य प्रकृति प्राविधिक किसिमको भएकोले प्राविधिक तर्फ आवश्यक पर्ने सूचना प्रविधिको दरबन्दी अध्यावधिक गर्न, दरबन्दीअनुसारको पदपूर्ति सुनिश्चित गर्न तथा जनशक्ति टिकाईराख्र (Manpower Retention) विभागले जनशक्ति व्यवस्थापन योजना तर्जुमा गरी लागु गर्नुपर्दछ।

यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्:

१६.१ विभागले सञ्चालनमा ल्याएको यस प्रणाली कोर डाटामा पहुँच (Core Data Access) सहितको सञ्चालन, व्यवस्थापन, अद्यावधिक र प्रतिवेदन प्रशोधन गर्ने लगायतका सम्पूर्ण अधिकार सम्झौता मार्फत नै दिएको देखिन्छ। प्रणालीमा आईपर्ने साधारणदेखि जटिल समस्या समाधानको लागि विभाग उक्त प्रणाली विकासकर्तामा पूर्णरुपमा निर्भर रहनुपर्ने देखियो।

१६.२ विभागको स्वीकृत सूचना प्रविधि दरबन्दीमा रहेका जनशक्तिलाई प्रणालीको सञ्चालन तथा व्यवस्थापनमा लगाउन आवश्यक पर्ने क्षमता अभिवृद्धि लगायतका अन्य कार्यहरु गर्न विभागले उचित पहल गरेको पाईएन। विभागका सूचना प्रविधि कर्मचारी र परामर्शदाता एकै टोली (Team) मा रहेर काम गर्ने गरेको समेत पाईएन। दक्ष जनशक्तिको सरुवा/बढुवा जस्ता कारणले हाल भएका र नयाँ आएका जनशक्तिलाई प्रणालीको सञ्चालन तथा अद्यावधिक गर्ने विषयमा तालिम सहित जिम्मेवार तथा उत्तरदायी बनाउनुपर्दछ। प्रणालीको सम्पूर्ण सञ्चालन तथा व्यवस्थापन कार्य

परामर्श टोलीले नै गर्ने गरेकोले विभागको दरबन्दीमा रहेका जनशक्तिलाई ज्ञान हस्तान्तरण (Technology Transfer) गर्नेसम्बन्धी कुनै कार्यक्रम रहेको पाईएन।

१६.३ विभागको उद्देश्य तथा कार्य प्रकृति, चाप, आवश्यकताका आधारमा विषयगत दक्ष सूचना प्रविधि जनशक्ति कम रहेको पाइयो । परामर्शदाताबाट हुने सम्पूर्ण काम विभागले आफ्नै सूचना प्रविधि जनशक्तिबाट सञ्चालन हुने गरी कार्यादेश बमोजिम जनशक्तिलाई जिम्मेवार बनाउनुपर्दछ।

तेस्रो पक्षको अत्यधिक परनिर्भरताले कुनैपनि बखत आइपर्ने दुर्घटनाबाट प्रणाली निरन्तरतामा बाधा पुग्ने जोखिम रहन्छ। विभागमा नियुक्त विज्ञ जनशक्तिबाट सीप हस्तान्तरण (Technology Transfer) गराई आफ्नै दक्ष जनशक्ति तयार गर्नुपर्दछ। विभागले लामो समयदेखि सञ्चालनमा ल्याएको प्रणालीलाई आफ्नै जनशक्तिबाट सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने गरी कामको थालनी गर्नुपर्दछ।

१७. **जोखिम विश्लेषण र न्यूनीकरण** - सरकारी निकायले सूचना प्रविधिको माध्यमबाट सेवा प्रवाह गर्दा आफ्नो व्यवसायसँग सम्बन्धित सबै किसिमका कानून, नीति, नियम एवं विधि प्रक्रियाहरुको पूर्णरुपमा पालना भएको छ भन्ने सम्बन्धमा विश्वस्त हुनका लागि उपयुक्त संयन्त्रहरु मार्फत परीक्षण गर्नु पर्दछ। तर सूचना प्रविधिसम्बन्धी जोखिमहरुको स्वतन्त्ररुपमा विश्लेषण र मूल्यांकन गरी सोको प्रतिवेदन व्यवस्थापन समक्ष पेश गर्ने गरेको पाइएन। सूचना प्रविधिसम्बन्धी कानून, नीति, नियमको अनुपालना भए/नभएको सम्बन्धमा गुणस्तर परामर्शदाता **Societe General De Surveillance (SGS), Switzerland** ले परीक्षण गरेको भए पनि सो को सुझावहरु कार्यान्वयन गरेको देखिएन । यसले गर्दा सूचना प्रविधि प्रणालीका विभिन्न किसिमका सम्भावित जोखिमहरुको सामना गर्नुपर्ने अवस्था देहाय बमोजिम रहेको छ:

१७.१ विभागले प्रणालीको भिएपिटि (VAPT) जि ई ए परीक्षण सूचना प्रविधि विभागबाट गरेको तर उक्त परीक्षणबाट प्राप्त रिपोर्टको सम्बन्धमा जोखिम विश्लेषण तथा न्यूनीकरणसम्बन्धी प्रणाली सुधारका लागि विकासकर्तालाई पठाएता पनि सो अनुसार प्रणाली सुधार भएको पाईएन।

विभागले प्रणाली सञ्चालनको जोखिमहरु पहिचान र न्यूनीकरणको लागि नियमित रुपमा दक्ष प्राविधिकबाट समग्र सूचना प्रणालीको सिष्टम, सुरक्षण, गुणस्तर आश्वस्तता प्राविधिक जाँच गराउने, समग्र प्रणालीको सिस्टम अडिट समेत गराउनु पर्दछ।

१८. **पहुँच नियन्त्रण** - नेपाल राष्ट्रिय एकद्वार प्रणालीको सञ्चालन र व्यवस्थापन गर्ने भन्सार विभागले कार्यान्वयन गर्ने प्रणाली र अभिलेखको उच्चतम साईबर सुरक्षा र सोसम्बन्धी भौतिक पूर्वाधार तथा पहुँचमा समेत उच्चतम नियन्त्रण हुनुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिमका रहेका छन् :

१८.१ विभागले सि.सि.टि.भि.भिडियो (सिसिटिभी फुटेज) महानिर्देशक कक्ष र उप महानिर्देशकको कार्यकक्षबाटै हेर्न सकिने व्यवस्था गरेको पाइयो। सि.सि.टी.भी.(Closed Circuit TV) जडान तथा सञ्चालनसम्बन्धी कार्यविधि, २०७२ (संशोधनसहित) को दफा ३क.को बुँदा नं.३ र ५ मा व्यवस्था भएअनुसार कम्तिमा ९० दिनसम्म भण्डारण गर्नुपर्नेमा जडान भएको उपकरणको क्षमता अनुसार कम समय मात्रै भण्डारण गरेको पाइयो।

विभागमा वहु-आयामिक प्रमाणीकरण (Multi Factor Authentication) युक्त विद्युतीय प्रणालीको अवलम्बन गर्नुका साथै आगन्तुकहरूको लगलाई व्यवस्थित गर्न आवश्यकताअनुसार

पहुँच नियन्त्रणसम्बन्धी स्पष्ट नीति एवं कार्यविधि बनाई सोही बमोजिम समग्र प्रणालीको भौतिक सुरक्षा तथा नियन्त्रण गर्नुपर्दछ।

१९. **प्रणाली विकास र अद्यावधिक अभिलेख व्यवस्थापन** - सरकारी निकायहरुमा आम नागरिकलाई प्रदान गर्ने सेवा सुविधालाई छिटो, छरितो र व्यवस्थित बनाउन पछिल्ला दिनहरुमा सूचना प्रविधिको प्रयोग बढ्दो रुपमा रहेको छ। विश्वव्यापी रुपमा भईरहेको नवीनतम प्रविधिको विकास तथा विस्तार अनुरुप विभिन्न निकायहरुले सञ्चालन गरेको सूचना प्रविधि प्रणालीलाई समय-सापेक्षरुपमा आत्मसात गर्दै जानुपर्दछ। विश्व बैंङ्कको सहयोगमा कार्यक्रम अन्तर्गत प्रणालीको सञ्चालन, व्यवस्थापन तथा विकास र विस्तार भैरहेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् :

१९.१ प्रणाली विकास पूर्वका महत्वपूर्ण प्रतिवेदनहरु Business Continuity Plan (BCP) आदि) GEA बमोजिम म्यानडेटोरी फ्याक्ट बमोजिम लिखित तथा प्रमाणित रुपमा तयार गरेको पाईएन।

१९.२ प्रणाली विकास गरी सुरु गरिएको अवस्था देखि हालसम्म प्रणालीको विकास क्रममा आईपुग्दा भएको प्रणालीको परिवर्तन, प्रणाली विकासक्रम अनुसार सोर्स कोडको व्यवस्थापन (Source Code) विकासकर्तासँग प्राप्त गरेको पाईएन।

१९.३ प्रणालीको अन्य निकायसँगको प्रणाली-प्रणाली बीच कायम हुने आबद्धतालाई के कसरी र कुन माध्यम (Gateway Interface, API etc.) बाट Connect/Integrate गर्न सकिन्छ सो सम्बन्धमा अध्ययन गरी तयार गरेको लिखित तथा प्रमाणित कागजात रहेको पाईएन।

प्रणाली सञ्चालनमा आउनु पूर्व आवश्यक पर्ने डकुमेन्ट, प्रतिवेदन आदि लिखित तथा प्रमाणित रुपमा नराखिएमा भविष्यमा आईपर्ने कुनै पनि दुर्घटनाबाट हुने जोखिम उच्च रहने र प्रणाली सञ्चालनमा समेत बाधा पुग्न सक्ने देखिन्छ। साथै प्रणालीको प्राविधिक रुपमा गर्नुपर्ने व्यवस्थापन, सञ्चालन तथा अद्यावधिकसम्बन्धी कार्य निकै जटील हुन जाने भएकोले निश्चित व्यक्ति वा कम्पनी/फर्मसँग सँस्था पूर्णरुपमा निर्भर हुनुपर्दछ। प्रणाली सञ्चालन पश्चात हुनसक्ने जोखिमको पहिचान गरी सोको न्यूनीकरण गर्न उपरोक्त बमोजिमका प्रतिवेदनहरु तयार गरी व्यवस्थित रुपमा राख्नुपर्दछ।

२०. **प्रणाली तथा तथ्याङ्कको सुरक्षा** - विभाग तथा मातहतका निकायहरुमा सञ्चालनमा रहेको सूचना प्रविधि प्रणालीलाई भाइरस, ह्याकिङ्ग, पाईरेसी, फिसिङ्ग, मालवेयर जस्ता बाह्य तत्वबाट हुने आक्रमणको जोखिमलाई पहिचान गरी न्यूनीकरण गर्न र सुरक्षा प्रदान गर्न उपयुक्त एन्टि-मालवेयर,एन्टि-भाइरस, इन्टरनेट सेक्युरिटी, नेटवर्क सेक्युरिटी, फायरवाल, साइबर सेक्युरिटी जस्ता हार्डवेयर, सफ्टवेयर एवं अन्य सावधानीहरुको उचित प्रयोग गर्नुपर्दछ। साथै अनधिकृत व्यक्ति तथा प्रयोगकर्ताबाट हुनसक्ने डाटाको प्रयोग, फेरबदल, मेटाउने जस्ता जोखिमलाई न्यूनीकरण गर्न पहुँच नियन्त्रणको प्रभावकारी व्यवस्थाको साथै प्रणाली सुरक्षालाई मजबुद बनाउन बहु-आयामिक प्रमाणिकरणको लागि बायोमेट्रिक, लगबुक, आदिको व्यवस्था हुनसकेको छैन। विभागमा Kaspersky Security for virtualization प्रयोग गरेको पाइयो।

२१. **पासवर्ड** - निकायद्वारा सञ्चालित प्रणालीलाई प्रयोगकर्ताको तह र पहुँचअनुसार सिस्टम एड्मिनिस्ट्रेटर, एड्मिनिस्ट्रेटर, तथा सामान्य प्रयोगकर्ता अनुसारका सुरक्षित पासवर्ड उपलब्ध गराएर सो अनुसारको कार्य विभाजन तथा प्रणाली लग-इनको अधिकार प्रदान गर्नुपर्दछ। प्रणालीमा भएको बहुआयामिक प्रमाणिकरण (Multi-Factor Authentication) लागू गर्नसकेको पाइएन। सूचना प्रविधि प्रणालीलाई अधिकार प्राप्त प्रयोगकर्ताको मात्र पहुँच हुने गरी बहुआयामिक प्रमाणीकरण (Multi-Factor Authentication) सहितको सुरक्षित पासवर्ड नियन्त्रण नीति बनाई लागू गर्नुपर्दछ।

२२. **प्राविधिक जनशक्तिको क्षमता अभिवृद्धि** - हाल प्रयोगमा रहेका सफ्टवेयर एप्लिकेशन्स तथा हार्डवेयर उपकरणहरु सञ्चालनसम्बन्धी दक्षता अभिवृद्धि गरी सूचना प्रविधिको क्षेत्रमा भएका नविनतम विकासहरुमा समेत अभ्यस्त गराउन क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्नुपर्दछ। विभाग र सरोकारवाला निकायहरुमा कार्यरत कर्जेट कार्यक्रम अनुसार विभागले तालिम सञ्चालन गरेता पनि प्रणालीमा प्रत्यक्षरुपमा संलग्न कर्मचारीले अवसर पाउने गरी क्षमता विकासलाई प्राथमिकता दिएको पाइएन। सञ्चालन गरिएका क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम समेत उद्देश्य बमोजिम प्रभावकारी हुन नसकेको तथा तालिमको अवसर प्राप्त गरेका कर्मचारी पनि तालिम पश्चात अन्यत्र सरुवा भई जाने गरेको पाइयो। कर्मचारीहरुको क्षमता विकासका लागि डाटावेश, सिष्टम, नेटवर्क एडमिनिष्ट्रेसन तथा डाटा सेन्टरसम्बन्धी तालिम एवं सर्टिफिकेसन कोर्सहरुमा सहभागी गराई क्षमता अभिवृद्धिका कार्यक्रमहरु (भर्चुअल समेत) सञ्चालन गरेर नविनतम प्रविधिसँग अभ्यस्त र अद्यावधिक गराउनुपर्दछ। कर्मचारीहरुको क्षमता विकासका लागि निरन्तर रुपमा तालिमको व्यवस्था नगर्दा सूचना प्रविधिको क्षेत्रमा भएका नविनतम विषयहरुको जानकारी नहुनाले सेवा प्रवाहसमेत प्रभावकारी हुन सक्दैन।

प्रणाली सञ्चालन गर्ने निकायहरुमा कर्मचारी परिवर्तन बढी हुने र संस्थागत संस्मरण तथा दक्ष जनशक्ति नरहेको सरोकारवाला निकायको भनाइ रहेको छ ।

विभागले नयाँ तथा कार्यरत प्राविधिक जनशक्तिको सीप विकासको लागि अल्पकालिन तथा दीर्घकालिन योजना तयार गरी क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। प्रणाली सञ्चालन गर्ने कर्मचारी सरुवा गर्ने नीतिलाई समेत परिमार्जन गरी प्रणाली सुचारु भई प्रभावकारी रुपमा कार्यान्वयन हुने कुरा सुनिश्चित गर्नुपर्दछ।

२३. **सूचना प्रविधि सुरक्षा परीक्षण** - सरकारी निकायले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणाली एवं डाटालाई सुरक्षित, विश्वसनीय बनाई एक आपसमा अन्तर-आबद्ध हुने गरी सञ्चालन तथा व्यवस्थापन गर्न उपयुक्त र भरपर्दो परीक्षण संयन्त्रको कार्यान्वयन गर्नुपर्दछ। सार्वजनिक निकायमा सञ्चालनमा रहेका प्रणालीको सुरक्षा परीक्षण गरी सम्भावित जोखिमबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्दै लग्नुपर्दछ। मान्यता प्राप्त स्वतन्त्र संस्थाबाट (Independent Third Party, जस्तैः सूचना प्रविधि विभाग वा यससम्बन्धी कार्य गर्ने संघ सँस्था) प्रणालीको सेक्युरिटी अडिट, सिष्टम अडिट, भिएपिटि (VAPT) लगायतका परीक्षण गर्नुपर्दछ र परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरी र सुरक्षा चुनौती (Gaps, Issues and Challenges) लाई समयमै पहिचान गरी समाधानका उपायहरु अवलम्बन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिमका रहेका छन्:

२३.१ विभागले आफ्नो सूचना प्रविधि प्रणाली, यसको लागि जडान गरिएका यन्त्र उपकरण लगायतका पूर्वाधार तथा प्रणालीसँग सम्बन्धित ऐन, नियम, नीति, निर्देशिका, कार्यविधिको सूचना प्रविधि विभागसँग VAPT र GEA Audit गराएको र परामर्शदातालाई पठाएको तर सो बमोजिम प्रणाली सुधार हुन बाँकी रहेको ।

२४. **प्रणालीको सञ्चालन तथा सम्भार** - सार्वजनिक निकायले सञ्चालनमा ल्याएका सूचना प्रविधि प्रणालीलाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न एक व्यवस्थापकीय संयन्त्र निर्माण गरी लागू गर्नुपर्दछ। सम्बन्धित निकायलाई प्रणालीमा आवश्यकता अनुरुप थपघट गर्ने, परिमार्जन गर्ने तथा गुणस्तरीय र प्रभावकारी बनाई सञ्चालन, व्यवस्थापन तथा मर्मत संभार गर्ने पूर्ण स्वतन्त्रता हुनुपर्दछ।

हाल विकास क्रममा नै रहेकाले सोर्स कोड (Source Code) विकासकर्तासँग नै रहेको तथा विकास कार्य सम्पन्न पश्चात सोर्स कोड प्राप्त गर्ने गरी कार्य अघि बढिरहेको देखिन्छ । प्रणाली सञ्चालन सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छनः

- आयात हुने कृषिजन्य वस्तुमा कृषि मन्त्रालय मार्फत वस्तुहरुको एच एस कोडसहितको स्वीकृत गर्ने निकायको नामसहितको विवरण नपठाएकोले अन्तर्गत विभागहरुमा कार्यक्षेत्र सम्बन्धमा विवाद भएको जस्तै क्लिंकर प्लाइउड आदिको भन्सार प्रज्ञापनपत्रको लागि Approval no अनिवार्य नहुनु।
- भन्सार एजेण्टलाई प्राप्त तालिम पर्याप्त नभएकाले प्रणाली सञ्चालन प्रभावकारी हुन नसकेको ।
- स-सानो परिमाणमा सामान लिएर आउनेहरुको सिष्टममा भर्न पाउने व्यवस्था नभएको जस्तै प्याज, चामल यसले गर्दा स-सानो परिमाणवाट राजस्व सङ्कलन हुन नसकेको Bio security मा चुनौति वढेको।
- गौर तथा सर्लाही भन्सार कार्यालयहरुले भारतीय सवारी साधनहरुको नियमन गर्न नसकेको हुँदा अवैध रुपमा भारतीय सवारी साधनहरुको प्रयोग भै राजस्व चुहावट भएको देखिएको ।
- भन्सार कार्यालयमा सम्बन्धित कार्यालयहरुको डेस्क नभएको। सरोकारवाला निकायहरुको कार्यालय भएको जिल्लामा पनि सरोकारवाला निकायले भन्सार कार्यालयमा आयात/निर्यातको सुविधाको प्रणालीमा नरहेको (उदाहरणका लागि जनकपुरमा खाद्य कृषि पशुको कार्यालय रहेका तर परीक्षणका लागि जलेश्वर पठाउनुपर्ने)।
- कृषि मन्त्रालय मातहतका प्रणाली सञ्चालन गर्ने निकायहरुमा क्षेत्राधिकारमा आवश्यक कार्यविधि तयार नहुँदा समस्या ।
- प्रणाली अनलाईन प्रणाली आबद्धतामा समस्या भई सरोकारवाला निकायहरुको प्रणालीमा pending payment रहने ।
- कार्यालयको कार्यक्षेत्र वाहिरवाट समेत सिफारिसको अनुरोध आउने गरेको ।

परिच्छेद - ४

निष्कर्ष तथा सुझावहरु

वैदेशिक व्यापारको कारोबार लागतलाई व्यापार सहजीकरण गर्न एकद्वार प्रणाली (Single Window) लाई वैदेशिक व्यापारमा संलग्न सबै सरकारी निकायहरुबाट प्रदान गरिने सेवा सुविधा विद्युतीय प्रणाली एउटै साझा प्लेटफर्मका रुपमा विकास गर्ने उद्देश्य लिइएको छ । यसका लागि नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Single Window) बाट मोड्युल विकास प्रणाली आबद्धता गरिएका रिपोर्टिङ् मोड्युल लाइसेन्स मोड्युल इन्सपेक्सन मोड्युल सिओओ मोड्युल एग्जेम्सन मोड्युल एग्जीम मोड्युल र वण्डेड वेयरहाउस मोड्युलको सरोकारवाला निकायहरुबीच प्रभाकारी रुपमा अन्तरआबद्धता गरी व्यापारमा संलग्न निकायले उपयोगमा ल्याउनुपर्ने देखिन्छ। सरोकारवाला निकायहरुले प्रणाली विकासका लागि सहमति दिने तर प्रणाली सञ्चालनमा ल्याउन भन्सार विभागसँग समन्वय नगर्ने प्रवृत्ति मन्त्रालय तथा निकायहरुवाट रहेको पाइयो।

सरकारी निकायबीच हुने समन्वयको समस्या समाधान गर्न भन्सार नियमावलीको ६६ङ मा भन्सार विभागका महानिर्देशकको संयोजकत्वमा अन्य निकायका महानिर्देशक र प्रतिनिधि रहेको समन्वय समिति रहेको छ। तर नेपाल राष्ट्रिय एकद्वार प्रणालीका सरोकारवाला निकायहरु मन्त्रालयहरुसमेत रहेकाले मन्त्रालयको सचिवको संयोजकत्वमा समितिवाट समन्वयको समस्या समाधान हुनसक्ने देखिन्छ।

भन्सार कार्यालय र खाद्य पशु तथा क्वारेण्टाइन लगायतका कार्यालयका इकाई सबै भन्सार कार्यालयसँग आवद्ध हुने गरी पुर्नसंरचना गर्नुपर्ने देखिन्छ। प्रणाली सञ्चालनका जोखिम पहिचान तथा न्यूनीकरणका उपाय, सूचना तथा तथ्याङ्कको सुरक्षित भण्डारण, गोपनियता, पहुँच नियन्त्रका उपाय, उपकरणहरुको सुरक्षा, ईन्टरनेट कनेक्टिभिटि, नेटवर्किङ, प्राविधिक जनशक्ति व्यवस्थापन तथा प्रणालीसँग सम्बन्धित अन्य विषयहरुमा सुधार गर्नुपर्ने देखिएको छ।

प्रणालीलाई व्यवस्थित गर्न गभर्नेन्स संरचना, कार्यान्वयन लगानी योजना, डिजिटल पूर्वाधार, स्टैन्डर्ड अन्तरआवद्धता र डिजिटल आयात-निर्यात व्यापार सहजीकरण सेक्टरल इन्टरप्राइजेज आर्किटेक्चर र डिजिटल सेवाहरु तथा जनचेतना, क्षमता अभिवृद्धि, साक्षरता, मानवस्रोत साधन लगायतका परिवर्तन अवलम्बन विषयहरु समावेश हुने गरी अलग्गै सूचना प्रविधि रणनीतिक योजना तयार गर्नु पर्ने देखिन्छ।

डिजिटल आयात-निर्यात व्यापार सहजीकरण रणनीति तथा कार्यान्वयन योजना (Digital Strategy on Ease of doing Business related to import-export Implementation Roadmap) तयार गर्नुपर्ने देखिन्छ।

रणनीति र कार्यान्वयन योजना तथा टेक्नोलोजी इनेबलर अन्तर्गतका कार्यहरु समेटिने गरी आवश्यक कानून निर्देशिका लगायतको निर्माण र संशोधन आवश्यक देखिन्छ।

डिजिटल आयात-निर्यातको व्यवसाय सहजता तथा दिगो विकास (Sustainable Development)को लागि अल्पकालीन तथा दीर्घकालीन लगानी योजना निर्माण गर्नुपर्छ।

अन्य सहभागी संस्थाहरुले प्रयोग गर्ने एप्लिकेसनको अन्तर-आवद्धता लगायत टेक्नोलोजि इनेबलरको सम्पूर्ण कागजात डिजाइन र जानकारी रहने गरी एक एप्लिकेसन रजिष्टरको निर्माण गरी अन्तर आवद्धता लाई दीर्घकालीन रुपमा सुनिश्चित गर्नुपर्दछ।

प्रणाली प्रयोगमा आईपर्ने समस्या समाधानका लागि सम्बन्धित निकायले आफ्नो वेवसाइटमा जिम्मेवार कर्मचारीको व्यवस्था वेवसाइट मार्फत सार्वजनिक गरिनुपर्ने देखिन्छ।

भन्सार प्रणालीको सञ्चालनको प्रभावकारी सञ्चालनका लागि एजेण्टहरुलाई तालिम अद्यावधिक रुपमा निरन्तर रुपमा प्रदान गर्नुपर्ने देखिन्छ।

फिल्ड तहमा अन्तर निकाय समन्वय प्रभावकारी वनाउनुपर्ने जसका लागि चौमासिक / वार्षिक रुपमा आवश्यकता अनुसार भन्सार कार्यालयले सरोकारवाला निकाय बीच अन्तरक्रियाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

सरोकारवाला निकायहरुले सबै भन्सार कार्यालयबाट प्रणालीमा कार्यसम्पादन गर्न सक्ने गरी सरोकारवाला निकायहरुको जिल्ला स्थित निकायहरुको पुनःसंरचना हुनुपर्ने देखिन्छ।

(खण्ड (क) सँग सम्बन्धित)

अनुसूची - १

कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएका विषयहरुको विवरण

सि.नं.	कार्यमूलक लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
१.	राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यान्वयनको अवस्था	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
२.	सुनसरी मोरङ्ग सिंचाई आयोजनाको कार्यान्वयन अवस्था	सुनसरी मोरङ्ग सिंचाई आयोजना	उर्जा, जलश्रोत तथा सिँचाई मन्त्रालय
३.	उत्तर दक्षिण लोकमार्गको कार्यसम्पादन अवस्था (कालीगण्डकी करिडोर)	उत्तर दक्षिण लोकमार्ग निर्देशनालय	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
४.	स्वास्थ्य बीमा कार्यक्रमको कार्यन्वयन स्थिति	स्वास्थ्य बीमा बोर्ड	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
५.	वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति (मलेशिया, साउदी अरेबिया र संयुक्त अरब इमिरेटस)	नेपाली नियोग (मलेशिया, साउदी अरेबिया र संयुक्त अरब इमिरेटस)	परराष्ट्र मन्त्रालय
६.	तराई-मधेश समृद्धि कार्यक्रम कार्यान्वयन	तराई-मधेश समृद्धि कार्यक्रम, केन्द्रीय समन्वय इकाई	संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
७.	कारागार पूर्वाधार व्यवस्थापन	कारागार विभाग	गृह मन्त्राल
८.	विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था	विशेष भवन निर्माण आयोजना समन्वय कार्यालय	शहरी बिकास मन्त्रालय
९.	नेपालको खाद्य सुरक्षा स्थिति	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय	कृषि तथा पशुपन्छी बिकास मन्त्रालय
	वातावरणीय लेखापरीक्षण		
१०.	विपद व्यवस्थापनमा सेन्डाई कार्यढाँचाको कार्यान्वयन अवस्था	राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण	गृह मन्त्रालय
११.	स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन	शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, चिकित्सा विज्ञान राष्टिय प्रतिष्ठान(बीर अस्पताल), परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, भक्तपुर क्यान्सर अस्पताल र निजामती कर्मचारी अस्पताल	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
	सूचना प्रविधि लेखापरीक्षण		
१२.	नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था	भन्सार विभाग	अर्थ मन्त्रालय

(खण्ड (क) सँग सम्बन्धित)

अनुसूची- २

कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएका विषयहरु र जनशक्तिको विवरण

क्र.सं.	टोली प्रमूख	टोली सदस्य	कार्यमूलक लेखापरीक्षणको विषय	सुपरिवेक्षक
१	निर्देशक, श्री कृष्ण प्रसाद ज्ञवाली	लेखापरीक्षण अधिकारीहरु, श्री निरु काफ्ले, श्री दिवस शंकर अधिकारी लेखापरीक्षण निरीक्षक, श्री हिमांशु जोशी	नेपालको खाद्य सुरक्षा स्थिति	नायब महालेखापरीक्षक, श्री चन्द्रकान्त भण्डारी
			वैदेशिक रोजगारीमा जाने श्रमिकको सेवा प्रवाहको स्थिति(मलेशिया, साउदी अरेबिया र सयुक्त अरब इमिरेट्स)	
			कारागार पूर्वाधार व्यवस्थापन	
२	निर्देशक, श्री उमेश सुवेदी	लेखापरीक्षण अधिकारी, श्री बुद्धिमान घिमिरे	सुनसरी मोरङ्ग सिंचाई आयोजनाको कार्यान्वयन अवस्था	
३	निर्देशक, श्री रामचन्द ओझा	लेखापरीक्षण अधिकारी, श्री घनश्याम बसेल	तराई-मधेश समृद्धि कार्यक्रम कार्यान्वयन	
४	निर्देशक, श्री कमलराज अर्याल	लेखापरीक्षण अधिकारी, श्री अनिल झा	स्वास्थ्य बीमा कार्यक्रमको कार्यन्वयन स्थिति	
			विशेष भवन निर्माण आयोजनाको कार्यान्वयन अवस्था	
५	निर्देशक, श्री सिर्जना रिमाल	लेखापरीक्षण अधिकारी, श्री सिर्जना भण्डारी	राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यान्वयनको अवस्था	
			उत्तर दक्षिण लोकमार्गको कार्यसम्पादन अवस्था(कालीगण्डकी करिडोर)	
वातावरणीय लेखापरीक्षण				
६	निर्देशक, श्री उमेश सुवेदी	लेखापरीक्षण अधिकारी, श्री बुद्धिमान घिमिरे	विपद व्यवस्थापनमा सेन्डाई कार्यढाँचाको कार्यान्वयन अवस्था	
७	निर्देशक, श्री रामचन्द ओझा	लेखापरीक्षण अधिकारी, श्री घनश्याम बस्याल	स्वास्थ्य सेवाजन्य फोहर व्यवस्थापन	
सूचना प्रविधि लेखापरीक्षण				
८	निर्देशक, श्री उमेश सुवेदी, सूचना प्रविधि निर्देशक, श्री जगदिश रौनियार	कम्प्युटर अधिकृत, श्री दिपक पौडेल	नेपाल राष्ट्रिय एकद्वार प्रणाली कार्यान्वयन अवस्था	